**कर्णाली प्रदेश सभा**

**तेस्रो अधिवेशन**

**कार्यवाहीको सम्पूर्ण विवरण**

**२०७५ फागुन १५ गते**

**आइतबार**

**(बैठक संख्या-१)**

<u>राष्ट्रिय धुन,</u>

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश प्रदेश सभाको हिउँदे अधिवेशनको पहिलो बैठकको कार्यवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू माननीय प्रदेश प्रमुखको कार्यालयबाट प्रदेश सभाको हिउँदे अधिवेशनसम्बन्धी अधिवेशन आह्वानसम्बन्धी पत्र प्राप्त हुन आएको छ । सो पत्रको व्यहोरा वाचन गरेर सुनाउँछु ।

मितिः २०७५।१०।२५

**विषय : प्रदेश सभाको हिउँदेअधिवेशन आह्वान सम्बन्धमा ।**

श्री प्रदेश सभा सचिवालय कर्णाली प्रदेश वीरेन्द्रनगर सुर्खेत,

कर्णाली प्रदेश वीरेन्द्रनगर सुर्खेत,

कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुख श्री दुर्गाकिशर खनाल ज्यूबाट मिति २०७५/१०/२५ मा भएको आदेशानुसार नेपालको संविधानको धारा १८३ को उपधारा १ बमोजिम प्रदेश सभाको हिउँदेअधिवेशन मिति २०७५ फागुन १५ गते बुधबार अपरान्ह १ बजे प्रदेशसभा भवन सुर्खेतमा बस्ने गरी आह्वान भएको ब्यहोरा अनुरोध गर्दछु।

आज्ञाले

(देवी प्रसाद पौड्याल)

निमित्त सचिव

मितिः २०७५/१०/२५

**माननीय सभामुखः** माननीय सदस्यहरू प्रदेश सभाको हिउँदेअधिवेशन शुभारम्भको पहिलो बैठकमा दलको तर्फबाट धारणा राख्नको लागि समय व्यवस्था गरेको छु । सर्वप्रथम माननीय श्री जीवनबहादुर शाही ।

**माननीय श्री जीवनबहादुरशाहीः** माननीय सभामुख महोदय,सभामुख महोदय मार्फत् सिङ्गो सदनलाई पनि हिउँदेअधिवेशनको उपलक्षमा अभिवादन टक्र्याउन चाहन्छु । प्रकृति साच्चै साथ दिनेनै छ । आज फागुन १५ गते भयो सायद नेपालगञ्ज गर्मीले पसिना तरतर चहिने बेला हो तर जाडोले लगलग काम्ने अवस्था छ । सबै माननीयज्यूलाई हेर्दा पनि एकदम भुत्ले-भुत्ले टोपी लगाएर आएको देखि रहेको छु । यसमानेमा प्रकृतिले के मानेमा साथ दियो भने कतै यो बर्खेअधिवेशन पो हुन्थ्यो कि हिउँदेनै हो भनेर प्रकृतिले साथ दिएकै छ, चिसो छ । त्यस्तै प्रतिपक्षले पनि १ वर्षसम्म सरकार यो हाम्रो पहिलो

वचन हो । जुन वचनमा हामीले भनेका थियौं यो प्रदेशको कर्णाली प्रदेशको प्रतिपक्ष भनेको रोग,अशिक्षा,गरिबी भन्ने कुरा हामीले बिर्सेका छैनौं र त्यो गरेको पनि एक वर्षनाघिसकेको छ,हामीअगाडिबढीरहेका छौं । अहिले आएर हर्दै जाँदा देश एउटा भयानक डरलाग्दोपरिस्थितिमा पुगेको भन्ने मलाई लाग्दछ । यो प्रदेश सरकार हो होइन, प्रदेश संसद हो होइन, प्रदेश सभा हो होइन भन्ने कुराहरू देखिरहेको छ । ती कुराहरू अहिले कर्मचारी समायोजनको कुराले पनि देखाउँछ । एउटा उपसचिवस्तरको मानिस पनि प्रदेशमा आउन चाहिरहेका छैनन् । केन्द्रीकृत सरकारको मनस्थितिले पनि प्रदेशलाई अपनत्व ठानेको छैन, हाम्रो व्यवहार पनि त्यस्तै नै भैरहेका छन् । त्यसकारणले पनि एउटा चिन्ताको विषय कतै हामीइतिहासको पानामा पहिलो संविधान प्रदेश सभाका सदस्य हुने र अन्तिम पनि हामीनै हुने त होइनौंभन्ने पनि डरलाग्दो परिस्थिति पुगेको छ तर मलाई जहाँसम्म लाग्थ्यो हाम्रो यो प्रदेश हाम्रो यो प्रदेश सरकारले राम्रो काम गरेको भए हामी अरुलाई पनि केही पाठ सिकाउने थियौं कि भन्ने कुरा छ । केन्द्रले एकातिर अधिकार खोस्न खोजेकै छ तर हामी जो प्रदेशमा छौं, जो सरकारमा छौं जो सरकार छ र पनि हामीले राम्रो काम गर्न सकेनौं । एक वर्षभरिमा पुजिंगत खर्च हेर्नेहो भने Hardly चार प्रतिशत हामीले गरेका छौं। हामीले विभिन्न नाममा विभिन्न युनिटहरू खोलेका छौं तर युनिटको कामहरूअगाडिबढीरहेका छैनन् । यसले गर्दाखेरि सिरिप हामी केही थोरै मान्छेहरू जो हामी निर्वाचित भएर आएका छौं,विभिन्नप्रक्रियाबाट हामी यहाँचाहि एउटा जागिरेको रूपमा मात्रै हो की? जनताको भावनालाईहामीले बुझ्न नसकेको जस्तो देखिन्छ । मलाईविश्वास थियो अहिलेको सरकार जुन सरकार पक्कै पनि हरेक कुराहरूको नमुना देखाउने छ भन्ने हाम्रो विश्वास थियो। विश्वासिलो कामको लागि पनि सरकार वाहा-वाहा देशभरि भएको थियो। जुनबेला हामीले पहिलो प्रदेशको नामकरण गर्न सक्यौं । प्रदेशको राजधानी चाहिँ हामीले बनाउन सक्यौं तर हामीले त्यो पनि बिर्सन हुदैन । पहिलो प्रदेश पनि यही हो । सरकारमा भएकाले नै नामकरणमा विरोध गरेको पनि प्रदेश यो पनि हो, यो पनि हाम्रो इतिहासमा लेखिनु पर्ने कुरा चाहिँ हो । त्यति हुँदाहुँदै पनि सबैले वाहा-वाहागरिरहेकोमा अहिलेको मूल्याङ्कनमा हेर्दाखेरि सबैभन्दा कमजोर प्रदेश हाम्रो प्रदेशलाई भन्न थालिएको रहेछ । सरकारका काम कारबाहीहरू, सत्ता पक्षमा आजका मितिसम्म पनि सचेतक, मुख्यसचेतक,भनौं या के भनौं मुख्य नै भनिन्छ क्या हो सत्ता पक्षलाई, त्यो पनि बनाउन सकिरहेका छैनौं । जेष्ठ सदस्यलाई आजसम्म हामीले समितिका अध्यक्षहरू बनाएका छौं। त्यो भन्दा यताउता हलचल गर्न सकिरहेका छैनौं । यो स्थितिले हाम्रो कामको मूल्याङ्कन गर्दछ र योजनाहरू त भयो, योजनाहरू त गए तर मलाई लाग्छ । यस्तो बौद्धिक सर्कलका मन्त्रीज्यूहरू हुनुहुन्छ, उहाँहरूले पक्कै पनि अब हाम्रो विकासको लागि कर्णालीको पहिलो प्राथमिकता के हो ? बारम्बार हामीले भन्ने गरेका थियौं कनेक्टिभिटि, कनेक्टिभिटी, कनेक्टिभिटी कर्णाली प्रदेश किन पछि पर्‍यो? कर्णाली प्रदेश किन गरीब भयो ? कर्णाली प्रदेश किन अशिक्षित भयोभने कनेक्टिभीटीका कारणले हो

हिजो यो साम्राज्य चलाएको प्रदेश हो । जुन प्रदेश सबैभन्दा बलियो थियो, त्यो बलियो प्रदेश आज किन कमजोर भयो भन्दाखेरि अरु प्रदेशमा गाडी गुड्न थाले हाम्रो प्रदेशमा आजसम्म पनि खच्चरमात्र गुडिरहेका छन् । चार खुट्टामा गुडिरहेको खच्चरहरू मात्रै छन्। त्यसकारणले पनि हामी पछि पर्‍यौं, यस कारणले यसको काम अगाडि बढाउनै पर्छ भन्ने पनि हामीले त्यो हेक्का गर्दागर्दै पनि आज पनि आए म तीन महिनापछि आज सुर्खेत आइपुगेकोछु। अगाडिको जुन बाटो बनेको छ, माटोसम्म भरिएछ पिच बन्न सकेको रहेनछ । अनि हामी कुन परिस्थितिमा छौं । सपना हामीले ठूलठूला देख्ने भयौ सपना हामीले देख्नुपर्छ । सपना नदेख्ने भनेन तर काल्पनिक सपना मात्र देखेर हुदैन । हामी कहिले भनिदिन्छौ सरकारका मानिसहरूले हामीले भनिदिन्छौ कि संसारको हामी नमुना प्रदेश बनाउँछौं । कतिखेर भनिदिन्छौ हामी अब यो रोगबाट कोहिँ मर्नै पर्दैन । कतिखेर हामी के भन्दिन्छौ, के भन्दिन्छौ तर कमसेकम व्यवहारिक कुरामा हामी जानु पर्‍योव्यवहारिक कुराहरूहामीले गर्नु पर्‍यो हैन ।हामीले भन्छौ जहिले पनि प्रतिपक्ष यसकुरामा तपाईंहरूसँग चाहि हामी साथमा छौं तर आज आइपुग्दा हामीले यो परिवर्तन के कयौ साथीहरू यहाँ युद्ध लडेर आउनु भएको छ । कयौं आफ्नो घरबार त्यागेर आउनु भएको छ । कयौंले आफ्नो जग्गा जमिन बेचेर राजनीतिमा लागेर समाजको सेवागर्नलाई आउनु भएको छ तर आज त्यो कुराहरू देखिएन गाउँमा सुनिन्छ । योजनाहरू गैरहेका छन् । योजनाहरू धेरै पैसाहरूचाहिँ अबन्डामा थिएँ, आज फेरि ५ लाखका तोक लगाउँने, ४ लाखका तोक लगाउँने, को यहाँ बसेका छन्, कसलाईनजीकका चाहिँ उपभोक्ता बनाउने,त्यो ढङ्गले जनता हामीसँग कति खुसी भए या भएनन् भन्ने कुरालाईहामीले सोच्नु पर्‍यो नी ।यसरी नै गर्ने हो भने हाम्रो प्रदेश अगाडि बढ्न सक्दैन किनकि सबै भन्दा ठूलोभूगोल भएको आज झण्डै-झण्डै २४ प्रतिशत भूगोल ओगटेको यो ठाँउ र सबै भन्दा विकटता तर सम्भावनाको खानी,सम्भावनाको खानी मुखले भाषण गरेर हुन सक्दैन । आज हामीले देखिरहेका छौं कि आफ्ना व्यक्तिगत स्वार्थका लागि पनि हामीले के गर्न थाल्यौं भने भएको बजेट घटाएर अर्कोलाई आफ्नो नजीकलाई दिने यो तपाईंहरूको सरकारको, अहिलेको सरकारकोइतिहास निर्माण गर्ने चाहिँ बेला हो । यो सरकारले गरेको अहिलेको यो प्रदेशले गरेको हामीले राम्रो ऐन कानूनहरू बनाउन सक्यौं भने, राम्रो बाटो देखाउन सक्यौं भने,त्यहीं बाटो अगाडि बढ्न सकिन्छ भन्ने कुरा तपाईंहामीले सोच्नु पर्ने हो । हुनत हामीले पढेका छौं,केहि लेखेका छौं, इतिहासका कुराहरूहामी गर्छौं, कहिले लिक्वानको कुराहरू गर्छौं, कहिले म मोहमद महाथिरका कुराहरू कुरा गर्छौं, कहिले देन साओ पिङ्गको गर्छौं तर उहाँहरूले कसरी गर्नुभयो ? भन्ने कुरा हामी परिकल्पना गर्दैनौ । कुनैपनि कुराहरूहामीहचुवाको तालमा गर्छौं, जुनकुरा हामी सजेसन दियौं, रारा महोत्सवमा हामीले २०७५ भित्रमा ५ लाख मानिस पुर्‍याउन सकिदैन। एउटा यथार्थ विवरण दिउ ५० हजार भनौं एकलाख भनौं, डेढ लाख भनौं, यतिसम्म पुर्‍याउने हाम्रो लक्ष्य छ भनेर भनौं भनेर भन्दा सपना नदेख्नेहरू

प्रति हामी गरेर देखाउँछौं। आज रेकर्ड हेर्नुस त ५० हजार पनि पुगेको रहेनछ । त्यसले गर्दाखेरि एउटा सरकारको मन्त्रीलाई म दोष दिन चाहन्न, म एउटा सिंगो सरकारलाई दोष दिन चाहन्न । मलाई लाज लाग्छ, सरम लाग्छ किनकि म पनि यो प्रदेशको मान्छे हुँ । आज कुन मान्छे कहाँको भन्ने होइन मैले बारम्बार भन्ने गरेको छु । यदि हामी मुलुक छोडेर जाने हो भने, जति धनी होस जति विद्वान होस,नेपाली पासपोर्ट देख्नेबित्तिकै यो गरीब देशको, संसारको सबैभन्दा गरीब देशको, सबभन्दा भ्रष्ट मुलुकको, सबैभन्दा बुद्धिनभएको मुलुकको भनेर जसरी हेर्छन आज यो देश भित्र हामीलाईत्यहीं नै छ । कर्णालीका मान्छे भन्ने बित्तिकैगरीब, निमुखा, खान नपाएका यिनको त केही छैन भनेर अन्य राज्यले हेरिरहेको अवस्थामा हामी एकजुट भएर जानु पर्छ भन्दा तर हाम्रो सोचाइ पनि त्यहीं नै भए । एउटा मिटिङ बस्छ हामी सबै दौडादौड त्यहीं जान चाहन्छौ, एउटा महोत्सव हुन्छ,हामीत्यहीं खर्च गरेर सबै दौडादौड जान चाहन्छौं तर परिवर्तन त एक वर्षभित्रमा हामीले गनुपर्ने कुराहरूहामीले गर्न सकेनौं । यसमा हामीले आत्मआलोचित हुनुपर्ने हो कि होइन ? र भाषण नै गरेर, कुरै गरेर जाने हो भने मैले म आज पनि दोहोऱ्याउनचाहन्छु, पहिलो बजेट आउँदा मैले विनम्र आग्रह गरेको थिएँ कि हामीले प्रदेशको राजधानी हामी बनाऔं । यो राजधानी सडक निर्माण गरौं, ढल निर्माण गरौं, नभएका अरु संरचना छन् भने पनि बनाउ अनि अरु यो प्रदेशलाई पनि देखाउन सकिन्छ भन्ने मेरो आज पनि कुरा त्यहीं नै हो । त्यो पनि गर्न सकेनौं धुलो उडेकै छ, परिस्थिति उस्तै छ,परिवर्तन भएको छैन, मानिसको जीवनमा १ वर्ष भनेको धेरै लामो समय हो, ठूलो समय हो हामी भन्छौ, कल्पना गर्छौं, डिजिटाइज सिटिको परिकल्पना गर्छौं, डिजिटाइज कसरी बन्न सक्छ ? स्मार्ट सिटीकसरी बन्न सक्छ ? स्मार्टसिटिका परिभाषाहरू के-के हुन् ? त्यसका न्यूनतम पूर्वाधारहरू के-के हुन सक्छन्? भन्ने हामीले परिकल्पना गर्न सकेनौं । शान्ति सुरक्षाका कुरा गर्ने हो भने आज ब्यापारीहरूले भनि रहेका छन् । विशेषगरी दुइटा जिल्लामा डरलाग्दो अवस्था छ । जाजरकोट र डोल्पामा अहिले फेरि हिजोको माओवादी जस्तो एउटा शक्तिले सबैलाई कर लगाउँन सुरु गरी सकेको छ, राज्य सञ्चालन गरीसकेको छ । कुनैपनि मान्छेले पैसा नतिरेर अगाडि बढ्न सक्ने अवस्था छैन, ज्यानको खतरा छ, त्यसमा पनि हामीले केही गर्न सकिरहेका छैनौं । दुईओटा जिल्लामा त प्रत्यक्ष देखिसकेको छ । अरु जिल्लामा पनि अब बीचमा बसेर कालिकोटले चाहिँ त्यलाई मोबिलाईज गरी रहेको छ यि कुरालाई पनि हामीले न शान्ति सुरक्षा दिन सक्यौं न गाउँमा गएर खानेपानीका धारा पुऱ्याउन सक्यौं न सिंचाई बनाउन सक्यौं न स्कुलका संरचना राम्रा बनाउन सक्यौं तर भाषण मात्र गरेउ त्यसले गर्दाखेरि जुन एउटा केन्द्रीकृत मानसिकता भएको सरकारले प्रदेशलाई गुमराहमा राख्न खोजिरहेकोमा त्यो चाँहि हामी सरकारले पनि मलजल दिइरहेका छौं । गजब गजबको कुराहरू सुनिरहेका छन् रुकुममा त सहकारी त सुनेकै थियौं, श्रमिक सहकारी भनेर फेरि अर्को चाहिँ गठन भएको छ, भन्ने पनि हामीले सुन्छौं । हो एउटा

धङधडीहुन सक्छ, हिजोको लडाईको धङधडी रहन सक्छ। हिजो हामीयसरी आयौं भन्न सक्छौंतर विकास गर्नको लागि आर्थिक समृद्धि नभएर हुदैन, यहाँहरू नै विज्ञ हुनुहुन्छ । मैले त त्यो मार्क्सवादी द्वन्द्वात्मक भौतिकवाद मैले धेरै पढेको छैन तर चीनले प्रगति कुन दिन गर्‍यो ? चीनको प्रगति कसरी भयोजब देन साओ पिङ्गले खुल्ला अर्थनीति ल्याइसकेपछि बल्ल त्यहाँको विकास भयो भन्ने तपाईं हामी सबैले पढेकै छौं, जानेको छौं, बुझेकै छौं । त्यो गर्ने देन साओ पिङ्गलाई कयौं पटक कहिले नजरबन्द, कहिले जेलमा हालेको इतिहास त तपाईंहरूले पढ्नु भएकै छ नि त्यसैले खुल्ला अर्थनीतिमा नजाँदासम्म लिवर्टिका कुरा नगर्दासम्म जान सक्दैनन् । ५२ वर्षको देन साओ पिङ्ग मर्ने बेला भन्ने बेला भन्नु भएको थियो । अब म खुसी-खुसी भएर मर्ने छु किनकि एक गरीब देशको नागरिक मर्ने छैन । अब देन साओ पिङ्ग मर्दाखेरि एउटा धनी देशको नागरिक भएर म मर्नेछु भनेर उहाँले मर्नेबेला भन्नु भएको थियो यो कुरा त यहाँहरूले थाहाँ छ नि हामी त्यहीँचाहन्छौं । कर्णाली प्रदेशलाई समृद्ध प्रदेश बनाउन चाहन्छौं । कर्णाली प्रदेशबाट मर्दाखेरि पनि हामी एउटा धनी नेपालका सबैभन्दा धनी प्रदेशका चाहिँ नागरिक भएर मरेका छौं भन्न चाहान्थ्यौं तर अहिले त पिर लाग्न थाल्यो हामीधनीनागरिक भएर मर्ने होइनकिगरीब भन्दा गरीब नागरिक भएर मर्ने परिस्थिति आएको छ । आज गाउँले योजनाहरूलाई हेर्दा खेरि हामी अझैपनि त्यहीँमनस्थितिमा जुन सोचेका थियौं, हिजोको केन्द्रमा भएको मन्त्री जस्तो होइन आज मन्त्रीहरू त आफ्ना हातमा किनकि कर्मचारीहरू अगिनै मैले सुरुमा भने कर्मचारीहरू आउन नसकेको कारण के भन्छन् भने हामी त जबरजस्ती बलजबरजस्तीले चाहिँ नियम कानूनले नपुग्ने कुरा पनि गराउन लगाएको हुनाले हामी त्यस्तो ठाउँमा गएर हामी फस्न चाहदैनौं किनकि यो देश यस्तो देश हो यो देशको मुलुक निर्माण गर्नेहरू यस्ता पनि हुन्की साधुलाईशूली, चोरलाई चौतारी गर्ने ठाउँ हो । त्यसकारण चाहिँ हामी त्यो शूलीमा चढ्न चाहदैनौ भन्ने कुरो आइसकेपछि त्यसको मूल्याङ्कनहुन पर्थ्यो कि पर्दैनथ्यो । प्लानीङ्गका कुराहरूहामीले धेरै गरिरहेका छौं। आज हामीले सुन्ने गरेका छौं कार्यालय कार्यालयमा जाँदाखेरि पनि हामी सत्तापक्षका हुन् कि प्रतिपक्षका हुन् ।हामीले त्यो हिजो प्रतिज्ञा भन्ने गरेका थियौं, यहाँ सत्तापक्ष हुने छैन, प्रतिपक्ष हुनेछैन, सक्षम कर्मचारीलाईजिम्मेवारी दिईने छ भनेका थियौं तर आज प्रतिशोध साध्नका लागि फलानो नजीकको यसको यस्तो आस्था भएको भनेर उसलाई चाहिँ एउटा गुमराहमा राख्ने काम गर्‍यौं भने हाम्रो प्रदेशको विकासकसरीहुन सक्ला यो कुरालाईतपाईंहामी सबैले महसुस गर्नुपर्ने कुरा हो । हो ठीक छ यो ५ वर्षमा सरकारमा बस्यौं, यही मोज मस्ति गरेर जान्छौ, यही नै मेरो जिन्दगी हो भन्ने मैले भन्नु केही छैन होइन भने हामी सरकारलाई अनुरोध गर्न चाहान्छौं कि तपाईंहरू सल्लाह लिनुहोस् सरकारलाई एकदम मजबुत भएको हेर्न चाहन्छौं । हामी सरकार ढलेको हेर्न चाहदैनौ,हामी सरकार परिवर्तन भएको हेर्न चाहदैनौ,हामी के हेर्न चाहन्छौं त भन्छौ भने यहाँको विकास भएको, यहाँका ती धुलाम्य सडकहरू हिलैहिलो भएका सडकहरू कालो

टिलिक्क टल्कीने भएको हामी हेर्नचाहन्छौं । हामी त्यसको लागि साथ दिन चाहन्छौंतर ति कुराहरू नगरेर यहाँ बस्ने तर आजसम्म पनि यहाँ केही पनि नगर्ने र जनतालाई निराशामा जाने हो भने मैले अगि पनि भने फेरि पनि म जोडदिएर दोहोऱ्याउनचाहन्छु । हामीहरू नै पहिलो सांसद र अन्तिम सांसद हुनेछौं किनभने हाम्रा कारणले पनि हुन्सक्ला भन्ने कुराहरूआइरहेकाछन् । हरेक कुराहरूमा अहिले अपारदर्शिता पनि हदको कुराहरूछन् । बिहान खोरमा बाख्रा थिएँ रे बेलुका आउँदा खेरि खोर खाली छ भन्ने पनि कुरा आइरहेका छन् । जब ति कुराहरू आइसकेपछि यसको लागि त्यो सत्य नै होला भनेर हामी भन्दैनौ । त्यसको लागि अनुसन्धान गर्नु पऱ्यो, हेर्नु पऱ्यो, बुझ्नु पऱ्यो । यो आइसकेपछि सदनलाई जानकारी दिनुपऱ्योकिनकि हाम्रो हुँदै नभएको कुरालाई पनि भयो भन्ने मुलुक हो लेखिन्छ तर ती कुरालाई यथार्थ ढंगले हामीले चाहिँ सदनमा आएर भन्नु पर्छ र मैले भने तपाईंहरू सदनमा आएर तपाईंलाई म आग्रह गर्न चाहन्छु कि मन्त्रालयमापनि विभागमा पनि मेरो र तेरो गऱ्यौं भने हाम्रो प्रदेश अगाडि बढ्न सक्दैन । मलाई अस्तिपनि एक दिन एउटा कार्यक्रममा हामी पुगेका थियौं सभामुखले यहाँबाट फोन गर्नु भयो विधायन समितिको रहेछ र अध्यक्षज्यु जान नसक्ने नेपालगंजबाट म जान सक्दिन भन्नु भयो । म पनि सहभागी भएको थिएँ माननीय धर्म पनि सहभागी हुनु भएको थियो। हामीले हेर्यौं हामीले सबै सांसदलाई हेर्दा खेरि सबैभन्दा टिठलाग्दो प्रदेश कर्णाली प्रदेश कर्णाल प्रदेशले अगाडि त केहि गर्ला भन्ने थियो अहिले त गफको थलो गफ सिक्न जानपर्छ हावाका गफ,हावामा उडाउने गफ हो भने कर्णालीमा जानु पर्छ भन्ने हाम्रो चित्त दुख्यो । हो यो सरकार यस्तै छ भनेनौ हामीले त्यो बेला भन्यौंतपाईंहरूको भन्दा गाह्रो छ काम गर्नको लागि तपाईंहरूले हिजो ति सडकहरूतपाईंहरूका गाउँ गाउँमा पुगिसकेका छन्तपाईंहरूलाई धुलाम्य सडकहरूबाट अहिले चाहिँ पिच बनाउने ठाउँमा पुग्नु भएको छ, प्लेन उडाउने ठाउँमा पुग्नु भएको छ । आज हामी त्यस्ता प्रदेशका हुँ हामी हाम्रो त जिल्लामा पनि सडक पुगेको छैन भनेर हामी दुई भाइले त्यहाँ डिफेन्स गरेर आयौं किनकि हामीलाई लाज लाग्थ्यो कि हाम्रो ठाउँको इज्जत राख्नु पर्छ तर यो भित्र बोल्ने हाम्रो अधिकार हो । हाम्रो अधिकारलाई तपाईंहरूले सहि तरिकाले अगाडि बढाउन सक्नुभयो भने अगाडि बढ्न सक्छ । होइन भने कुनै पनि ठाउँमा स्कुलमा हेऱ्यो त्यस्तै अवस्था छ, स्वास्थ्यमा हेऱ्यो त्यस्तै छ,खेलकूदमा हेर्यो त्यस्तै छ । कृषिमा हेऱ्यो त्यस्तै छ । अनुहार हेर्दाखेरि त भयानकैछन् झुटो कुरोमा पनि अगाडि आइरहेकाछन्। अहिले छ्याप छ्यासी आएको छ । जुन हिजोका अनिमियतता भएका कुरा छ्याप छ्यासी आएको छ तर हामीचाहन्छौं कसैलाई विना प्रमाण विना ढंग कतिपय कामहरूविनाढंग पुगेर भएका होलान्त्यहीं पनि हामी यो सदन यो सरकारका मानिसहरूलाई बचाउन चाहन्छौं,अगाडि बढाउनचाहन्छौं कि त्यसले आफ्नो गल्तिबाट पाठ सिकोस् भन्ने यहाँ चाहिँ सदन केही पनि होइन सरकार नै हो सरकारले जे पनि गरे हुन्छ सरकार यति मजबुत छ । जसलाई जहाँ पायो त्यहीं फाले पनि हुन्छ भन्दै जाने हो भने यले हाम्रो चाहिँ

भविष्यअगाडि बढाउन सक्दैनअब हामीले अरु क्रान्तिका कुरा गर्नु पर्ने छैन। शान्ति सुरक्षा कस्तो शान्ति सुरक्षा हो यहाँ मुख्यमन्त्री बसिरहेको कार्यक्रममा ढुङ्गा हान्दाखेरि सिङ्गो डि.आई.जि.लाई ढुङ्गा लाग्छ तर अपराधी पक्रन हामी सक्दैनौं। हामीकसरी सुरक्षित हुनसक्छौं, कुनचाहिँ सांसद सुरक्षित हुन सक्छ ? कुन चाहिँ मन्त्री सुरक्षित हुन सक्छ ? यसको विषयमा हामीले गहन अध्ययन गरेर सुशासनको विषयमा हामीले अध्ययन गर्नु पर्छ कि पर्दैन ? यी कुराहरूलाई चाहिँ हामीले ख्याल गर्नुपर्ने कुराहरू चाहिँ यहाँ आए त्यसकारणले हामीले भन्नु पर्छ हुन त हामीले भन्यौं,हामीले नामकरण गर्दाखेरि हामी फस्ट डिभिजनमा पास भएका छौं भनेर पनि अन्तरवार्ताहरू आएका छन् । डिस्टिक्सन हैन १०० मा भन्नलाई त के भयो १०० फुल मार्कमा कर्णाली प्रदेशले २०० फुलमार्क ल्यायो भनेर भन्नुस्हामीलाईकेही पनि छैन तर यथार्थ के हो?वास्तविकता के हो ?हामी कुन धरातलमा छौं?हामीकसरी जन्मेका छौं? त्यो कुरालाई पनि होला सायद उहाँहरू डिस्टिक्सनमाव्यक्तिगत जीवनमा धेरै परिवर्तन भएका छन् भने मलाई थाहा छैन, होइन भने आम नेपाली जनताको कर्णालीवासीहरूको हामीले सुरुमै भन्यौ अब यो कर्णाली प्रदेश भनेको अर्गानकि प्रदेश भनेर भन्यौं अर्गानीकको अ मात्र बाँकी रहेको छ अरु केही पनि बाँकी रहेको छैन । बजारमा हेर्‍योत्यहीँ रूपडिहाको कुहिएको तरकारी बाहेक अरु केही पाइदैन, अनि भन्दिन्छौं हामी अर्गानिक प्रदेश भयो, डिजिटल प्रदेश भयो,यसरी चल्दैन त्यसैले तपाईंहरूले चाहिँ यसलाईविरोधको रूपमा होइन विरोध गरे भन्ने रूपमा होइन । यलाई चाहिँसुझावको रूपमा लिनुस,हामी सबै मिलेर नै यो प्रदेश बन्न सक्छ । आज देशको अवस्था देखिरहनु भएको छ । देश अगाडि बढ्न सकिरहेको छैन । हामीलाई कतै पिर लाग्छ कतै हाम्रो मुलुक पनि भेनेजुएला हुने त होइन, भेनेजुएला हाम्रो जस्तो गरीब मुलुक होइन संसारमा एउटा धनी मध्ये धनी मुलुक थियो । पेट्रोलियम पदार्थ त्यत्रो भएको थियो, देशको आज हालत के भइरहेको छ । आज त्यहाँका जनताहरूले खान नपाएर विदेशबाट गएको एक पनि त्यहाँ जान सकेको छैन । अब त्यो सिभिलवार सुरु भैसकेको छ । त्यस्तै परिस्थिति यहाँ आउनु हुदैन । त्यसको लागि सरकारमा बस्नुभएका साथीहरूले जो प्लानिङ्गमा बस्नु भएको छ, जो इतिहासमा यस्तो नाम सुनौला अक्षरमा नाम लेखाउनुहोस् सक्ने अवस्थामा तपाईंहरू हुनुहुन्छ किनकि भोलि त सरकार आउदैगर्छन्, परिवर्तन हुदै जान्छन्, तर यो वर्ष जुन पहिलो चोटि हुनु भएको सरकार इतिहासमा नाम कोरिने,जसरी भीमसेन थापाले नाम कोरेका थिएँजसरी जंगबहादुरले नाम कोरेका थिएँ। भलै हामीलाई मन नपर्ला तर इतिहासमा नाम कोरेका हुन् । त्यस्तै तपाईंहरू पनि नाम कोर्ने अवस्थामा तपाईंहरू हुनुहुन्छ तर यो ढंगले हिजोका गाउँपालिकाका वडा सदस्यहरूले बजेट बाड्ने जस्तो तपाईंहरूको नियत त्यहीं नै हुने हो भने ढिलो चाँडो कसैको पनि भलो छैन । यसमा हामी सोचौं, अब अहिले आएर यो जडीबुटीको कुराहरू धेरै आइरहेको छ। वन चाहिँ प्रदेश सरकारअन्तर्गत आयो भन्छन् । अहिले आएर जुन खेतीपातीमा जुन जडीबुटीहरू छन् । त्यो कस्तो हो भने जंगलबाट

मासेको जडीबुटीहरू होइनन् । खेतीबाट, बारीबाट ल्याएका तिनलाई पनि रोकिएको छ । के कति कारणले हो ? किनकि सबैको आयस्रोत भएको थियो । व्यापारीको मात्र होइन जनताको पनि आयस्रोत बढेको थियो । त्यो हाम्रो गाउँघरतिर हिजो जोत्दाखेरि निस्कने यो के खिरौला कि के भन्छन् त्यो कुराहरूपनि अहिले रोकिएको रहेछ । डोल्पाबाट पहिले निकासी भयो डोल्पालाई रोक्यो । जाजरकोटबाट निकासी भयो जाजरकोटलाई रोक्यो,केही न केही कुराहरू चाहिँ आईरहेको भए पनि सरकार निदाएकै छ । सायद म अहिले भर्खरै पनि हाम्रो माननीय मुख्यमन्त्रीज्युसँग हासो गर्दै थिएँ कुर्चि एकदम लठ्ठ निन्द्रा लाग्ने खालले राखुभएको छ, त्यसको लागि धन्यवाद छ भनेर कतै सरकार त्यसैमा निदाएको त होइन भनेर मलाई पिर लागेको छ । त्यसरी निदाई दिन चाहिँ भएन,त्यसरी निदाई दिन भएन र नियन्त्रित ढंगले पनि नचलेको जस्तो मन्त्रीको एउटा छ, सरकार प्रमुखको अर्को कुरा छ । यी कुराले कसरीजान सक्ला, यो कुरामा हामीले ख्याल गर्नुपर्ने हो कि होइन? र अहिले अर्को कुरा आईरहेको छ । ५ लाखका लागि पनि डिपिआर भन्ने शब्द छ रे, १० लाखका लागि पनि डिपिआर नै भन्ने छ रे, डिपिआर पनि कुन एमाउन्टको हुने हो ? त्यसपछि त्यलाई डिपिआरको सेलेक्सन गर्नलाई टेन्डरहरू गर्नपर्ने हो कि होइन ?किनजीकनजीकका चिनेजानेका भए भने लौन भाइ मैले मन्त्री भएको बेला केही दिन सकिनँ एउटा यहि डिपिआर भनेर दाइजो दिने पो हो कि, कृषिको पनि कृषि सडक भनेर हामीले सोच्या थियौं। त्यो बेला त के भन्थे भने कृषि सडक १५ लाख, ५ लाख, ६ लाखका यिनीहरूलाई चाहिँ हामीले कसरी बनाउने भनेर उपभोक्ता समिति त्यहीं बस्तीकोले बनाउने भन्ने हो, अहिले त्यहाँ पनि फेरि अर्को डिपिआर आएछ । ती डिपिआरमा चाहिँ जसले जसले जहाँको पनि हुन सक्ने, काठमाण्डौकौ पनिहुन्सक्ने । नेपालगञ्जको पनिहुन सक्नेहामी त्यो भूगोलमा जन्मिएका हौं भन्ने कुरा हेक्का रहेनकि भन्ने मलाई लाग्न थाल्यो । मन्त्रीज्यूहरू हेलिकप्टर चढेर ठाउँ-ठाउँ गाउँगाउँ त जानै भएको थियो । एउटै वडामा एउटा बस्तीबाट अर्को बस्ती जान २ दिन लाग्ने ठाउँ छन् हाम्रा अनि अर्को ठाउँको मानिस मेरै जिल्ला हुम्लाको उदाहरण दिन चाहन्छु सिमिकोटको मान्छेले डि.पि.आर. बनाउने जिम्मा लिएर माथि लिमिको चालामा गएर त्यसले भोलि चाहिँ निर्माण गर्न सक्छ कि सक्दैन । उसले त डिपिआर भन्दिन्छ, एउटा नक्सा बनाइदिन्छ, दिदिन्छ बने बनाउ उसले पैसा खल्तीमा हाल्छ हिड्छ। यस्ता कुरामा हामीले सोच्नु पर्छ कि पर्दैन ? के हाम्रो भूगोल अब सम्मो भै सक्यो ? के यो सिङ्गापुर जस्तो भैसक्यो, हेर्नुस त हामी सबै सिंगापुरको कुरा गर्दछौं । सिंगापुर जम्मा कति रहेछ ७२३ वर्ग किलोमिटर जबकि हाम्रो डोल्पा ७८८९ वर्गकिलोमिटर छ, कति वटा देश छ डोल्पामा । लिडरसिप, त्यसैले सम्माननीय सभामुख महोदय, म सम्माननीय सभामुख महोदय मार्फत् सरकारका प्रमुखलाई म भन्न चाहन्छु । यो अवसर गुम्यो भने गुम्यो, बन्दुकको गोली, बन्दुक भिरेर पनि जीवन बिताएको यहाँहरूलाई अनुभव छ, सरकारका प्रमुखलाई त सभामुख महोदय, गोली गैसकेपछि

फर्किंदैन भने पनि हेक्का छ । त्यसैले यो सत्ता पनि त्यहीं हो, गइसकेपछि भोलि रोएर कराएर कठ्ठै मैले सकिनँ भन्ने कुरो होइन । एउटा महान नेताले, कमिटमेन्ट भएको नेताले के गर्छ भने अगाडि बढेपछि बढ्छ । कता-कता मलाई त सरकार प्रमुख नै रुन्चे भएको हो कि भन्ने पिर लाग्छ मन्त्रीले मानेनन् । हिजो पनि मैले अन्तरवार्ता हेरिराखेको थिएँ । बजेट त टुक्रे बजेटमा गयो, प्रमुख नै रुन थाले पछि त हामीले भन्नु पर्ने कुरा केही पनि छैन । लिडरसिप त्यसको लागि हो,Manager and Leader भन्छ, म्यानेजरले मेनेजमेन्ट गर्छ, लिडरले भिजन र निर्देशन दिन्छ । त्यसरी अगाडि बढ्नुपर्छ, अनि जुन मान्छेले आफ्ना कमी र कमजोरीलाई औंल्याउछ,अगाडि बढाउँछ, त्यसलाई मित्रता मान्ने हाम्रो देशको हो आज यो प्रचलन हो तर आज त्यो प्रचलन परिवर्तन भएको छ । जसले चाकडी गर्छ, नाङ्गै हिडे पनि कस्तो राम्रो सुटबुटमा हिड्नु भएको भन्यो भनेखुसी हुने परम्पराले हाम्रो विकासहुन सक्दैन । त्यसकारण दुइटा कुरामा चाहिँ यो ठाउँको विकास गर्न लिडर र मेनेजरको, मेनेजर हामीले राम्रो पाउन सकिरहेका छैनौं । किनकि यो प्रदेशको लिडसिपमा, प्रदेशको सरकारमा मान्छे आउन नमान्ने । यतै आएका कहिले गण्डकी प्रदेश जाने, कहिले १ नम्बर प्रदेश जाने, कैले ३ नम्बर प्रदेश जाने कहिले, ५ नम्बर प्रदेश जाने। त्यसमा हाम्रो कमजोरी कहाँ रह्यो, ती कुराहरूलाई पनि हामीले अगाडि बढाउनु पर्छ जस्तो मलाई लाग्छ र मैले सभामुख महोदय, भर्खरै मात्रै देखेको थिएँ। अहिले सामाजिक मन्त्रालयले भोलेन्टियरहरूको लागि भर्ना गर्ने भनेर निकालेको रहेछ, राम्रो कुरा हो तर मैले हुन त मैले सभामुख महोदय, मन्त्रीज्यूसँग पनि भनेको थिएँ यो एलजिसिडिपिका हिजोदेखि काम गरिरहेका मान्छेहरू छन् तीमानिसहरूलाई केही स्थानीय निकायहरूले, स्थानीय तहहरूले आफूलाई चाहना नभएर हटाइदिएका छन् । कसैको जागिर छोडेर राम्रो पाएका होला तर त्यो ट्रेन भएका मानिसलाई राख्नु पर्छ भन्ने कुरामा जानुपर्थ्यो र यो गर्नुपर्छ भनेर मैले माननीय मन्त्रीलाई पनि भनेको थिएँ तर आज यदि हामीले फेरि भोलेन्टियर फेरि नियुक्त गर्नैपर्ने हो भने ती तालिमप्राप्त एलजिसिडिपिका एक किसिमले भोलेन्टियर नै हुन् । ति सोसियल मोबिलाइजरहरूले धेरै पैसा पनि पाउँदैनन् । तिनलाई गरे हुन्थ्यो नि तर कता-कता आज पनि हामी यो मनस्थितिमा मेरै पार्टीको, मेरै मान्छे हो भन्ने मनस्थितिमा गयौं भने देशको विकासहुन सक्दैन । आज म एउटा खुसीकासाथ यो सरकारलाई चाहिँ खुशिको खबर म सुनाउन चाहन्छु । सभामुख महोदय, नेपालमा पहिलो चोटि सबैको चिन्ता थियो, सबैको पिर थियो, प्रधानमन्त्री रोजगार कार्यक्रमको संयोजकहरू अब कसका-कसका के-के चाहनाले बन्ने हुन् भन्ने पिर थियो, कस्ता मान्छे जालान् तर नेपालको इतिहासमा पहिलो चोटि अनलाइन परीक्षा भयो,अनलाइन परीक्षा यस्तो भयो तुरुन्त उसले जाँच दिने वित्तिकै उसको नम्बर प्राप्त भयो । त्यसकारण यहाँहरूलाई थाहा छ, चाहेको संख्यामा पासहुन सकेनन् । कोही मेरो भएन,कोही तेरो भएन, फेल भएर बाहिर जाने पनि हासेर गयो । यस्तो पो जाँच भनेको त, त्यसमा प्रेसर थियो, लोकसेवाबाट लिखित जाँच दिनुपर्छ । यो

मेसिनको काम ठीक हुदैन भन्ने थियो तर आज सुन्नुस सबैले अब कसैले पनि प्रधानमन्त्री केपी ओलीले यस्तो गर्नुभयो भनेर कसैले हिम्मत छैन, कसैको तागत छैन त्यो कुरा ल्याउनुस् न, कति जनाले चाहिँ रोजगारी दिने होला,हामी यहाँ धेरै मन्त्रीज्यूहरू, धेरै सोसियल सेक्टरमा काम गर्नु भएको छ। हिजो तपाईंहरूलाई अनुभव छ, ती कयौंलाई जागिर दिनुभयो, जागिर दिइसकेपछि जागिर छुटेको अर्कोदिन अथवा नपाएको दिनमा कहिल्यै जस पाउनुभयो ? पाउनु हुदैन ? र आज जागिर दिउँला र मेरो मान्छे होला भन्ने कल्पना नगर्नुहोस्, यस्तो निष्पक्षतामा त्यो प्रविधि त्यहाँ आईसकेपछि, यहाँ पनि सकिन्छ भने प्रयासगरौंन । केन्द्रीय सरकारले गरेकोमा सबभन्दा पहिला प्रदेश सरकार, कर्णाली प्रदेश सरकारले गऱ्यो भन्ने हामी त्यसमा जाउँ न । आज पनि यहाँहरूलाई मैले हेरिरहेको छु, मैले बुझिरहेको छु, गाउँमा जाँदा खेरि पनि  मैले फलानो पार्टी र फलाना पार्टीको, देशै रहेन भने के-को पार्टीरहनेछ,पार्टी रहेन भने तपाईंहरू के हामी रहने छौं तर सरकार भनेको पार्टीभन्दा माथि हो । सरकार भनेको सबैको ढोका खट्ट खोलेर, त्यो फलानो पार्टी त्यसलाई जान दिउ मैले यो अबन्डाको शीर्षकबाट पैसा दिउला भनेर त्यसरी जानुभएन अर्को बाँकी एकदम लाजमर्दो भनौं अथवा के भनौं यो शब्द भन्न पनि अप्ठ्यारो छ । यी अबन्डामा पैसा राखिसकेपछि रातो किताबमा आएका भन्दा परिवर्तितरूपले बजेटहरू निर्माण हुनुपर्ने हो कि होइन?एउटा पालिकाको वडामा छुट्याईसकेका बजेटहरू फेरि त्यलाई यहाँबाट परिपत्रको आधारमा जाने हो भने यदि रुलअफ लमा  हामी गएनौ रुल बाइ ल गर्ने हो भने भोलि आउनेले पनि त्यस्तो गर्छ । त्यो वातावरण सिर्जना नहुन दिनको लागि सरकार सचेत भैदिनु पऱ्यो भन्ने मेरो अनुरोध हो । सभामुख महोदय, हुन त मञ्चमा आउँछन्, बोल्छन्, जान्छन् भन्ने कुरा होला तर सही आवाज एउटाले बोलेको भए पनि त्यो आवाज भोलिसम्मको लागि असर पर्छ । त्यो कुरालाई सरकारले विशेषगरेर, सरकारले हेक्का गर्नका लागि म अनुरोध गर्न चाहन्छु। मान्छेको कमिटमेन्ट हो हामी यस्ता प्रदेशका मान्छे खोलामा शुद्धपानीबगिरहेको छ तर हाम्रा गाउँका दिदिबहिनीहरू, आमाहरू,भाइहरू दुई घन्टा टाढा गएर पानीबोकेर ल्याउनु पर्ने बाध्यता छ । सल्यानको कति वर्षसम्मको आज सम्मको पानी चाहिँ पाईरहेका छैनन् कति कयौंवर्ष भयो त्यो योजनाले चाहिँ आज पनि मूर्तरूप लिन सकिरहेको छैन भन्ने रहेको छ आजसम्म पनि तपाईंहरू म भन्दा धेरै विद्वान हुनुहुन्छ, पढेलेखेको हुनुहुन्छ । लिक्वानले जब यहाँहरूलाई थाहा छ सिंगापुर कहिले बन्यो भन्ने थाहा छ १९६३ मा मलेसिया बेलायतको उपनिवेसबाट चाहिँ हटेको थियो, स्वतन्त्र भएको थियो र १९६५ मा सिंगापुर मलेसियाबाट छुट्टियो । सिंगापुरको पिउने पानी मलेसियबाट आउँथ्यो, अनि मलेसियाले के भन्यो सिंगापुरले हामीले भनेको मान्दैन भने पानीको मुहान थुन्दिन्छौं । पाइपलाइनबाट पानी ल्याउन दिँदैनौं त्यसपछि त्यहाँका विद्वानहरू,त्यहाँका नेताहरू,त्यहाँको सदन सबै बसे अब के गर्ने ? नम्बर १मलेसियाले जे-जे भन्छ त्यहीं गर्ने, नम्बर २ त्यसको विकल्प खोज्ने, त्यसका विकल्पमा हामी जाने, भन्दाखेरि सबैले के

भने भने हामीविकल्पमा जाने।अब कसरी जाने ?त्यहाँ छैन, भन्दा न हाईड्रो निकाल्ने ठाउँ छ सिंगापुरमा न शुद्धपानी छ । सिंगापुरले त्यहीँ समुन्द्र किनकि त्यो त टापु हो ।तेहि समुन्द्रको पानीलाईdesalinationअथवा नुनलाई छुट्याएर पानी बनायो ।पानीलाई प्युरिफाइ गरेर, पिउने पानी बनाएर आज संसारभरि सिंगापुरको पानी जान्छ तर हामीलाई दुर्भाग्य । हाम्रा तीझरना बगिरहेका छन्, भाषण ठोकिरहेका छौँ । मैले त लागेको थियो यो ४ महिनामा सरकारले केही नभए पनि हाम्रै कर्णाली प्रदेशको बोतलका पानी पनी निकाले कि भन्ने ठानेको थिएँ बोतलको पानीत अझै तलतिरकै कता-कताको रहेछ । कुनचाहिँ चिजमा हामीले परिवर्तन गर्‍यौं । त्यसलाई सोच्नुहोस, त्यलाई विचार गर्नुहोस, कि फेरि अर्को चुनाव जिल्लको लागि मैले चाहिँ यो हुँदा नहुँदाका कहिले चाहिँ श्रमिक सहकारी, कहिले क्रमिक सहकारी भनेर नगर्नुहोस यसले भलो हामी कसैलाई पनि गर्दैन । यो कुरा लाई सोच्नु भयो भने पक्कै पनि हाम्रो भविष्य राम्रो हुन सक्छ । यो एक वर्ष सारै निरासाजनक रहन गयो र हामीले सोचेका थियौं आज तकेही न केहीविधेययकहरूपनि थुप्रै आएका होलान चाङका चाङ होलान अब त घुडाँ धसेर बस्नु पर्ने भयो भनेर बसेको थियो म बोल्दै गर्दा अब दुईजनाले बोल्नु होला, त्यसपछि फेरि कति दिनको लागि घरमा गएर सुत्नुपर्ने होला यो परिस्थिति जुन सिर्जना भैरहेको छ । सभामुख महोदय हामी सबै लज्जित र हीनताबोध हुने परिथिती नआओस् यो ढंगले हामी जानु हुदैन यहि मेरो शुभकामना छ सरकारलाई अबका दिन गति लिएर जानुहोस् कि पार्टीमा नअल्झिनुहोस् मेरो यो मेरो त्यो भनेर नअल्झिनुहोस् । योत मन्त्रीज्यूहरू बस्ने फलानो यो फलानोको नजीक पर्छ त्यसकारणले यसलाई चाहिँ फलानो ठाउँमा सरुवा गरिदिनुपर्छ । यो फलानो-फलानो नजीक बस्ने भएको हुनाले यसलाई कुनामा थन्क्याइदिनु पर्छ । यो यस्तो भयो भने परिवर्तनहुन सक्दैन । अझै पनि हाम्रो तिमीहरूलाई साथ छ, सहयोग छ होइन भने यस्तै हो, तिमीहरूकेही पनि होइनौं,हामी जे पनि तह लाएर जान्छौ । यो चाहिँ दुई तिहाइको झापड तिम्रो टाउकोमा पर्‍यो भने, तिम्रो हालत के होला भन्ने सोच्नु हुन्छ भने मेरो भन्नु केही पनि छैन, किनकि विकास नभएपनि, दुई तिहाइको सरकार भए पनि विकास नहुने पनि दुई तिहाई कहिल्यै भएको छ । आज एउटा ख्याल गर्नुहोस संसारमा स्टक मार्केट झर्ने बित्तिकैदेशको अर्थतन्त्र तल झर्छ । नेपालमा ७०० अरबको जुन स्टक मार्केट छ। ७०० अरब भने ७ खर्ब तलको रहेको छ । आज व्यापारीहरू रोइरहेका छन् । यस्तै हो भने हाम्रो हालत के हुन्छ ख्याल गर्न र भएका योजनाहरू अब हामीलाई समय छैन । आजका दिनसम्म लेकमा हिउँ परि रहेको छ, यहाँ औलमा पानी परि रहेको छ,हामीले काम गर्ने कहिले हो ? कि अब त्यहींहुन्त त्यो पैसा बाड्नलाई गाह्रो छैन २-२ लाखका चाहिँ सिफारिस गरे त पर्सि नै सिद्धिन्छ तर एउटा नमुना तपाईंले भन्दिनुस हामीले यो-यो काम गर्‍यौं । देखाउनको लागि भएपनि गर्दिनुस भन्ने कुरा गर्दै, साच्चै साथ दिएको छ हिउँदेअधिवेशन सफल होस् ।यसरीहामीले आएर, यो पनि भएन, त्योपनि भएन, भन्नु नपरोस् कि आउँदा खेरि मलाई

भन्न त मन थिएँन प्रतिपक्ष हो, मैले गालि गर्नु पर्ने तर यो पनि भएछ कि यो पनि भएछ तपाईंलाई धन्यवाद भन्ने परिस्थिति सिर्जना गरिदिनको लागि सरकारलाई सरकारका प्रतिनिधित्व गर्ने व्यक्तित्वहरूलाई र सिंगो सदनलाई पनि म हार्दिक अनुरोध गर्न चाहन्छु । म फेरि पनि अन्तमा, म के भन्न चाहन्छु भने हामी सब एक घरका परिवार हौं र यो हाम्रो पहिलाको जुन पहिलो अधिवेशनमा माननीय त्यो बेलाका सबै बोल्ने माननीय ज्यूहरूले पनि भन्नु भएको थियो । मैले पनि भनेको थिएँहामी सत्ता पक्ष र प्रतिपक्षमा होइन एक भएर अहिले हाम्रो लागि चाहिँ केन्द्र प्रतिपक्ष भएको छ । हाम्रा लागि र केन्द्रले हामीलाई दबाउन खोजेको छ, विशेष गरेर कर्णालीलाई किनकि हामी हिजोदेखि क्षतिपूर्ति मागिरहेका छौं । त्यो मात्र होइन सही कुरामा अहिले पाउनुपर्ने प्राप्त गर्नुपर्ने रकम पनि हामीले प्राप्त गर्न सकेका छैनौं र अर्थ मन्त्रीज्युसँग मेरो भेटहुने चान्स भयो, संयोगले भेट भएको हो र उहाँको कुरा सुन्दा केन्द्र प्रदेशलाई अधिकार दिने पक्षमा छैन किनकि उहाँको चिनजान भनेको उहाँ पहिले हुम्लाको दार्मामा बस्नु भएको थियो । त्यसैले उहाँले भन्नु भयो हेर्नुस न माननीयज्यू कसैलाई उहाँले परिचय दिदै हुनुहुन्थ्यो । अब समय परिवेशले चाहिँ ठीकै छ अहिले प्रतिपक्षमा हुनुहुन्छ । विकासको धारणा यसरी राख्ने मान्छे हो,यसरी हो, त्यहाँ अहिले जो मान्छेहरू यहाँ बसेर जुनबेला संविधानबनाउँदाखेरि प्रदेशलाई अधिकार दिनु हुदैन भन्नेहरू सबभन्दा बढी कराउनेहरू आज उहाँहरू गएर मुख्यमन्त्री हुनु भएको छ । ठाउँठाउँमा अलिकति यो डाइरेक्ट चाहिँ यतातिर पश्चिमतिर होइन पूर्वतिरै थियो गएछन् अब उनीहरूलाई अधिकार चाहिँएका छन् । पाउछन्,यिनीहरूले मज्जाले पाउछन् भनेपछि मैले मज्जाले कुरो बुझें कि अब प्रदेशको हामीले राम्रो काम राम्रो देखाउन सकेनौं भने लड्ने बाटो छैन । त्यसै मुखले लडौला, आए भने ढुङ्गा हानौंला भनेर अगाडि बढ्दैन । बौद्धिकताले, ईमान्दारिताले साच्चै हृदयबाट सोचेर अगाडि बढौं यहिँ शुभकामना दिँदै मेरा दुई चार वटा शुभकामनाका शब्दहरूयहि टुङग्याउँछु धन्यवाद । जय नेपाल।

**माननीय सभामुखः** माननीय श्री यामलाल कडेल

**माननीय श्री यामलाल कडेलः** माननीय सभामुख महोदय, सर्वप्रथम हिउँदे अधिवेशनका अवसरमा माननीय सभामुख मार्फत् नेपाल कम्न्युष्ट पार्टि नेकपाका तर्फबाट र मेरा व्यक्तिगत तर्फबाट म सबैमा शुभकामनाव्यक्त गर्न चाहन्छु । संवैधानिकव्यवस्था अनुसार कर्णाली प्रदेश सरकारको हिउँदेअधिवेशन आजदेखि प्रारम्भ हुन गइरहेको छ । संसदको पनि एक वर्षे अनुभव र सरकारको पनि एक वर्षे अनुभवको हामी सबैको एक वर्षे अनुभव प्राप्त यो हिउँदेअधिवेशनमा उपस्थित छौं । समयले मात्र अनुभव हो कि मेरो कामना छ । व्यवहारले अनुभवसिद्ध संसद,अनुभवसिद्ध व्यवहार र परिणाम दिन सकियो भने मलाई लाग्छ जनताले हामी प्रति जुन विश्वास भरोसा गरिरहेका छन् । त्यो कायम रहने छ,हामीले जे जिम्मेवारी निर्वाह गर्ने भनेर वचनबद्धता निर्वाह गरेका थियौं, त्यो कर्तव्यहामीले पूरा गर्ने छौं । अब हाम्रो हामी सबैको सबैले हिसाबकिताब खोज्ने बेलामा

उपस्थित भएका छौं । हामी सबैको सबैले हिसाबकिताब खोज्ने क्रममा उपस्थित छौं त्यस मध्ये पनि सबै मिलेर सरकारको हिसाबकिताब खोज्ने अल्लि दिन बितिसकेपछि सरकारलाई पनि बिर्सिएर नेकपाको हिसाबकिताब खोज्ने परिस्थितिनिर्माण हुनेअवस्था होला कि भन्ने लाग्छ । यद्यपी यो संसदको बैठक भित्र हेर्दा संसदको परिसर भित्र हेर्दा मैले त्यस्तो वातावरण देखिरहेको छैन हामीसंवैधानिकव्यवस्थाले सत्ता पक्ष, प्रतिपक्ष, सरकार, सांसद र भैरहेको भए पनि सबैको साझा उद्देश्यका आधारबाट हामीअगाडिबढीरहेका छौं तर दिन बित्दै जाँदा जनता प्रति उत्तरदायी संस्था भएकै कारणले गर्दा हामीले गरेका काम कारवाहीको बारेमा लेखाजोखा हुनु,मूल्याङ्कन हुनु त्यो स्वभाविक कुरा हो । त्यो कसीमाहामी उत्रिनै पर्छ भन्ने मलाई लाग्छ । कर्णाली प्रदेशका बारेमा धेरै विवेचनागरीरहनु पर्दैन हामी सबै आ-आफ्ना ठाउँमा त्यो कर्णाली प्रदेशको अनुहारलाई बदल्ने प्रतिबद्धतासहित जनताबाट निर्वाचित प्रतिनिधिहरूको सार्वभौम सत्ता सम्पन्न संसदको बैठकमा उपस्थित छौं । यद्यपि यो पहिलोचोटि बनिरहेको हुनाले यो संसदलाई यो सरकारलाई यो ढाचाँलाई शाखाको रूपमा निकायका रूपमा हेर्ने पनि यत्रतत्र बुझाइ रहेको पाइन्छ। त्यहीं संस्था मार्फत् रहने त्यहीं अधिकार प्रयोग गर्ने तर आफूले प्राप्त गरेको अधिकार आफैंले नबुझेर आफूलाई शाखाका रूपमा निकायका रूपमा अंगका रूपमा बुझ्ने भएकै कारणले पनि कतिपय समस्याहरू उत्पन्न भएको हो कि भन्ने मलाई त्यस्तो लाग्छ तर म तपाईंहरूसँग के अनुरोध र आग्रह गर्न चाहन्छु भने मैले अगि नै भनिसके हामीहरू दलीय व्यवस्थामा छौं। हामीले गरेका कामका आधारबाट आवधिक निर्वाचनलाई हामीले स्विकार गरेका छौं । यतिबेला आजका हिसाबकिताब त्यो दिन नजिकिँदै जाँदा हिसाबकिताबका खाताहरू खोल्ने क्रम सुरु हुन्छ । यसचोटि जनताले जे-जे कारणले भएपनि देशैभरि त्यसमध्येपनि कर्णाली प्रदेशमा नेकपाका जनप्रतिनिधिहरूलाई यो थलोसम्म पुऱ्याएकै कारणले गर्दा सबै माननीय सदस्यहरूको उत्तिकै भूमिका हुँदाहुँदै पनि त्यो नेकपाबाट निर्वाचित भएका माननीय सांसदहरूको त्यसबाट बनेको सरकारको बढीदायित्व र जिम्मेवारी रहेको कुरालाईहामीले बुझिरहेका छौं । अझ बुझ्न जरुरी छ । प्राप्त गरेका सुझावहरू र आलोचना र टिप्पणीका आधारबाट अगाडि बढ्ने हामीले अधिकतम कोसिस गरेर अगाडि जान पर्ने हुन्छ भन्ने मलाई लाग्छ । म धेरै अहिले चर्चा गर्न चाहन्न, मैले फेरि पनि विगतमा पनि द्वन्द्वको हिसाबले धेरै प्रभावित प्रदेश हो । राज्यको हिसाबबाट विगतमै पनि जति ध्यान दिनु पर्ने हो नदिएको प्रदेश हो । यो अहिले पनि हामीले तथ्य तथ्याङ्कका आधारबाट जति प्राथमिकताका साथ अगाडि बढ्न पर्ने हो । त्यस अनुसारको व्यवहारनपाइएको एउटा यस्तो अवस्था हो तर हामीले स्विकार गरेका छौंकि गच्छे अनुसारको प्रतिस्पर्धात्मक प्रदेशको रूपमा अगाडि बढ्ने सोच र दृष्टिकोणका आधारबाट हामी कर्णाली प्रदेशका जनप्रतिनिधि भएका छौं । सार्वभौम संसदको बैठकमा सामेल भएको छौं यस्तो अवस्थामा यसका समस्याहरूका बारेमा चर्चा हुनु स्वाभाविक छ। त्यसको निम्ति सरकारप्रति कतिपय टीकाटिप्पणी हुनु स्वाभाविक छ तर पनि हामी

आग्रह गर्न चाहन्छौं कि परिस्थितिलाई मैले समान ढंगले बुझेअनुसार अगाडि बढ्नका निम्ति जसरीहामीले विगतमा कतिपय मुद्दा, कतिपय विषयहरूमा साझा सहमतिका प्रयासबाट अरु प्रदेशलाई पनि अनुकरणीय हुने ढंगले अगाडि बढेजस्तै, आगामी दिनहरू म पनि विकास र निर्माण जब हाम्रो साझा उद्देश्य हो । सत्तापक्ष र प्रतिपक्ष प्रमुख होइन हाम्रो ठाउँलाई समुन्नत र समृद्ध गराउने प्रमुख कुरा हो भन्ने मलाई लाग्छ । खुल्ला, खुलस्त ढंगले छलफल र कुराकानी गरेर अगाडिबढिरहेका छौं । बढेर नयाँ ढंगले अगाडि बढ्नपर्ने अवस्था रहन्छ । एउटा संस्था चलिसकेपछि म पनि विनम्रतापूर्वक अनुरोध र आग्रह गर्न चाहन्छु । आज कतिपय हाम्रा कामहरू संघीय सरकारले नगरीदिँदा, उसले बेलामा निर्णय नगर्दा त्यसको सजाय हामीले ब्यहोर्नु पर्ने अवस्था छ ।संघीय सरकारभन्दा प्रदेश सरकारलाई नजीकबाट चिनिरहेका छन् । त्यसकारणले जनताप्रति जवाफदेहीहामी बन्नु पर्ने छ तर रोक्ने सरकार अल्लिहामी भन्दा टाढा छ । जनताले यो बुझ्दैनन् । जनताले हामीबाट उत्तर खोजिरहेका छन् त्यसको उत्तर कसरी दिने होला ? एकचोटि सबैले छलफलको विषय बनाऔं । जनताको नजीकको सरकार हामीसंविधानले त्यो अधिकार दिएको हुनाले तर संघीय सरकारको तहबाटगरिनुपर्ने कतिपय कामका कारबाहीहरू, कतिपय निर्णयहरू,तदनुकूल ढंगले हुँदा कतिपय प्रश्नहरू हामीले ब्यहोर्नु पर्ने जुन परिस्थिति छ । त्यसको पैरवी गर्ने काम, मलाई लाग्छ संसदकै हिसाबले यही सभामार्फत् हामीले बनाएको सरकारको ध्यान आर्कषण गर्नु हाम्रो कर्तव्य र दायित्व हो । त्यस अनुसारको भूमिका खेल्नका निम्ति, त्यस अनुसारको भूमिका निर्माण गर्नका निम्ति, कति प्रयत्न गर्नु भयो ? कति प्रयत्नगरी रहनु भएको छ ? यो संसदलाईविश्वास दिलाउने गरीआफूले गरेका काम कारबाहीहरूप्रस्तुत गर्नुपर्ने दायित्व सरकारको नै हो तर पनि म फेरि पनि अनुरोध र आग्रह गर्न चाहन्छु । संघीय र प्रदेश सरकारका बीचमा देखा परेका समस्याहरूको बीचमा छलफल गर्ने,तदनुकूलको निर्णय गराउने दायित्व र जिम्मेवारी सरकारको हो । त्यो सरकारलाई यथोचित सल्लाह,सुझाव,निर्देशन र ध्यानार्कषण गराउने दायित्व र जिम्मेवारी संसदको हो । संसदको यस्तो बैठकबाट हुन्छ जस्तो मलाई लाग्छ। त्यसमा प्राप्त एउटा छलफल चलिरहेको एउटा अवस्था छ । सरकार सञ्चालनका निम्ति स्वाभाविकरूपले हामीले संसदबाट सरकार बनाएका छौं । त्यो सरकार सञ्चालनका निम्ति सहयोग गर्नका निम्ति जिम्मेवारीनिर्वाह गर्नका निम्ति सरकार सोच र दृष्टिकोणलाई नियम र कानूनअनुसार लिपिबद्ध र निर्णयको प्रक्रिया अगाडि बढाउनका निम्ति कर्मचारीसाथीहरू हुनुहुन्छ । रहिरहनु भएको छ सरकार संसद आफैंमा सार्वभौम छ । सरकार यसैबाट निर्माण भएको छ तर असजिलो कुरा भनौं म त्यसलाई अर्को शब्द भन्न चाहन्न । असजिलो कुरा के छ भने कानूनको सही गर्नेहरू, यो को प्रति उत्तरदायी भन्दा अन्तै उत्तरदायी हुने जुन विद्यमानअवस्था छ । यो कसरी बदल्ने होला ?संविधानले यसैलाईनै चिन्दछ कानूनले यसैलाई चिन्नु पर्ने हुन्छ । कानून बनाएपछि बनाउने क्रममा छौं तर त्यसको प्रमुख

मान्छे चिनेपनि यलाई नचिनेजस्तै अन्तै चिन्ने जुन परिस्थिति छ । यो नबदलिने हो भने जनताको अपेक्षाअनुसार हाम्रो भूमिका नभएको ठहरिने ।हामीले भूमिका नगरेको ठहरदिँदा हिसाबकिताब खोज्नेहरूको संख्या बढ्दै गयो भने नेपालीको बानि आफैं देखिने भन्दा अर्कालाई देखाइदिने चलन छ । त्यस्तो अवस्था आइदियो भने के होला ?किनभने हिसाबकिताब खोज्ने क्रम अब सुरु हुन्छ । सुरु हुनु स्वाभाविक छ हिसाबकिताब खोज्दा मैले भने सबै मिलेर सरकारप्रति त्यसप्रति पनि सकिएन भने एक समय पछि उतापट्टिआवधिक निर्वाचन हुने दिन नजिकिँदैजाँदा सरकार पनि बिर्सिएर नेकपाप्रति हिसाबकिताब खोज्ने परिस्थिति निर्माण गर्दा के गर्ने होला ? म अहिले नेकपाको बारेमा धेरै चिन्ता गर्न चाहन्न । हामी सबै मिलेर हाम्रो कर्णाली प्रदेशको हामीले जे चाहेको अनुसार विकासकसरी गर्ने होला भन्ने कुरा सोच्दा जनप्रतिनिधि र नीति निर्माणका निम्ति जनताको भावनाको प्रतिनिधित्व गर्नका निम्ति संसद सदस्यहरूमध्येबाट सरकारमा जाने जो साथीहरू हुनुहुन्छ उहाँहरूको महत्वपूर्णभूमिका हुन्छ तर कार्यान्वयनका निम्ति यो सदनमा प्रस्तुत हुने सबै मस्यौदा र विधेयकका निम्ति उहाँहरूको पनि सही र सहभागिता र निर्णय हुँदाहुँदै पनि मस्यौदा र प्रस्तावका निम्ति महत्वपूर्णभूमिकाकर्मचारीसाथीहरूको हुने गर्छ। हाम्रो प्रदेश यस्तो प्रदेश परेछ रोज्नु पर्दा बाहिरकालाई त रोजेनन् रोजेनन् यहाँकाले पनि यो प्रदेश नरोज्ने प्रदेश रहेछ । नागरिकतामा कर्णाली प्रदेश छ, अन्तकालाई त मैले भनिरहेको थिएँन धन्न ३ नम्बर प्रदेश भएका दुई जनाले रोज्नु भएछ यहाँ अहिले मैले यति मात्रै भने तर यहीं प्रदेशकाले पनि नरोज्ने प्रदेश कर्णाली प्रदेश छ । उहाँहरूविनाहामीले गरिएका निर्णयहरूअगाडि बढाउन नसक्ने अवस्था, प्रक्रियालाई अगाडि बढाउन नसक्ने अवस्था तर हाम्रो पाँचै वर्षमा एकै वर्षमा आ-आफ्नो कार्यकालमा अरु प्रदेश भन्दा राम्रो प्रदेश बनाउने गरीकसरी अगाडि बढ्ने होला ?हामीले गम्भीरतापूर्वक छलफल चलाऔं भन्ने हो । जति आइरहनु भएको छ मैले अस्तिपनि एउटा कार्यक्रममा धन्यवाद दियाथिएँ । आजपनि धन्यवाद दिन चाहन्छु तर उहाँहरूको पनि दिन बिताउने मात्रै कुरा रहेछ । जति आउनु भएको छ उहाँलाईधन्यवाद दिन चाहन्छुतर आइरहेकोलाई पनि दिन बिताउने गरी र म सरकारको यहींमार्फत् ध्यान आर्कषण गर्न चाहन्छु । के त्यस्तो तरिका छ ? आफ्नो समीक्षा गर्नुहोस्, म अनुरोध गर्न चाहन्छु आइसकेका साथीहरू पनि के भन्न थाल्नुभएछ भने बरु प्रमोसन त होइनहोइन डिमोसन नै भएर पनि जान तयार हुनुहुन्छ भन्ने सन्देश जुन सम्प्रेषित भएको छ, जुन सरकारमा जो साथी हुनुहुन्छ । सरकारमा भएका साथीहरूले गम्भिरतापूर्वक आफ्नो आत्मसमीक्षा गर्न जरुरी छ । के रह्यो त त्यस्तो, जो आइहनु भएको छ उहाँहरूको पनि त्यो तहको अनुभूति भयो भने मलाई लाग्छ हाम्रो भावानाले,हाम्रो कुराले मात्रै यसलाई अगाडि बढाउन सकिने एउटा अवस्था रहदैन । यसलाईहामीले छलफल गर्नुपर्ने, निर्णय गर्नुपर्ने कुरा हो म राख्न चाहन्छु । धेरै कुरा गर्ने कुरा गरौंला तर म सरकारको पनि र म सबै माननीय सदस्यको र संसदको पनि ध्यान

आर्कषण गर्न चाहन्छु। हामीले जे पास गरेका छौं । हामी सबैको मूल्याङ्कनको कसीत्यहीँपास गरेको दस्तावेज नै हो भने कर्मचारी छैन, समायोजन छैन, आवश्यक जनशक्ति छैन तर त्यसका बाबजुत पनि जम्मा अब ४ महिना ५ महिना बाँकी छ । हामी सबैको ध्यान हामीले पारित गरेको बजेट कार्यान्वयनमा लान जरुरी छ तर दुःखको कुरा के छ भने त्यसलाई मैले अहिले दुःखकैकुराभने म विगत ४ महिना ५ महिनादेखि दुई वटा प्रोजेक्टको पछाडि लागेको छु । त्यो म यहाँ चर्चा गर्नु अरुका निम्ति पनि सान्दर्भिक होला भनेर मैले त्यो चर्चा गर्न खोजेको हो । एउटा काँक्रिविहार, एउटा बुलबुले ६ महिना जब बजेट पास भयो बजेट पास भएको बजेटमा रकमको व्यवस्था भयो। त्यसपछि त्यसमा म पनि संलग्न भएको हो । सबै व्यवस्था भएपछि पनि त्यो काम अगाडि बढ्दैन,लुकामारी जस्तो त्यसैबीचमा भयो भने त्यस्तो अवस्था भयो भने डोल्पाको के होला ? हुम्लाको के होला ?कालिकोटको के होला ?जाजरकोटको के होला ? मुगुको के होला ? म आफैंले यसो कल्पना गरिराछु । म यस कारणले म यो कुरा उठाई रहेको छु कि प्रतिकूलताका बाबजुत जो यहाँ आउनु भएको छ । सरकार र सरकारको सचिव हुनुभाछ तर उहाँलाईसचिवभन्ने बुझ्नु नै भा छैन, उहाँले आफूलाई डाईरेक्टर बुझ्नु हुन्छ । सचिव हुनु भाछ उहाँले आफूलाई उपसचिव मात्रै ठान्नु हुन्छ । यो कुरालाईहामीले कसरी बुझाउने होला ? त्यसपछि हामीले विकासलाई नै पेसा बनाउने, अलि-अलि प्रचलन छ त्यसलाई रोक्ने कसरी होला ? अन्तमा केही नभए पछि त जे-जे समितिबाट बन्छन्, बनेर त्यताबाट पनि जानु पर्ने होला त्यसो भयो भने कसरीविकास र निर्माणका कुरालाईअगाडि गर्ने होला वा हामीले पारित गरेको बजेट कार्यान्वयन गर्ने कुरा कसरी गर्ने होला ?भोलि बजेट कसरी बनाउने योजना कसरी छान्ने आज सम्मको अनुभवका आधारबाट फेरि छलफल चलाउला तर म सबै सरकारको त गएकै छ तर म संसदको पनि संसदको बैठक बसिराछ ।हामी सबै मिलेर स्वीकृत बजेटलाई उपलब्धि प्राप्त गर्ने गरी कार्यान्वयन गर्ने बाटोमा हाम्रो ध्यान केन्द्रित गर्न सकियो भने हाम्रो बजेट कार्यान्वयनको सकारात्मक भोलुम अगाडि बढ्यो भने सरकारको, संसदको र प्रदेशको साँचो उपादेयता हुने छ । अन्यथा हामीमाथि प्रश्न उठ्ने छ । म अहिले नै हामी नै पहिलो र हामी नै अन्तिम त भन्ने निस्कर्षमा पुगिसकेको त छैन तर हाम्रो तहको संस्थाको बारेमा प्रश्न उठाउनेहरूको संख्या चाहिँ बडेको बढेइ छ, उत्तर दिने ४० जना मात्रै हो । उत्तर दिने ४० जना हो, प्रश्न खडागर्नेहरू पहिला थोरै थिएँ अहिले बढेको बढ्यै छन् । बढ्नेक्रम जारी तिनलाई कुराले होइन कामले नै जवाफ दिन पर्ने हुन्छ । ४० को स्वर एउटै बनाउन पर्ने हुन्छ । त्यतातिर ध्यान दिइएन भने हामी ४० जना मध्ये ७ जना साथीहरू मन्त्री, मुख्यमन्त्री हुनुहुन्छ । उहाँहरूले मात्र भनेर उत्तर सुन्नेहरूले सन्तुष्ट गर्लान्, मलाई त्यस्तो लाग्दैन । त्यसकारण मलाई त्यो संसद यो सार्वभौम आफैंमा सार्वभौम हो भने अरुलाईविश्वास दिलाउने भन्दा यसैलाई नै विश्वास दिलाउने अरुको पनि केही सर-सहयोग लिनु पर्छ लिउँ, कतिको ज्ञानगुण सिक्नु पर्छ

सिकौं तरयसैको विश्वास जित्ने गरीहामी अगि बढ्नुपर्दछ । यसको विश्वास जित्ने कुरा भएन, यसलाईविश्वासमा लिने कुरा भएन, यसले नै प्रश्न उठाउन थाल्यो, यसले नै हिसाबकिताब खोज्न था ल्यो, यसले नै विषय खोज्न जाने हो भने बाहिर हिसाबकिताब खोज्नेहरूलाई चाहेर पनि नचाहेर पनि सहयोग गरेको ठहरिने छ । त्यतिबेला हामीले सम्हाल्न सक्छौं । मलाई त्यस्तो लाग्दैन,हिसाबकिताब खोज्नेहरू अधिकार प्राप्त गरेकाले मात्र होइनहिसाबकिताब खोज्नेहरू छैनन् ।अब उसलाई पैसा बुझाए हिसाबकिताब नखोज्ने, उसलाई पैसा बुझाइएन भने हिसाबकिताब खोज्ने शक्ति पनि तयार भएको जस्तो देखिन्छ । मिडियामा सुन्दा, छलफल चल्दा त्यस कारणले म सबैको ध्यान त्यतातिर ध्यानाकर्षण गर्न चाहन्छु कि हामीले छोटो समयमा त्यो दिशाका आधारबाट अगाडि बढ्नुपर्ने एउटा परिस्थिति रहिआएको एउटा अवस्था छ । त्यसकारणले म सभामुखमार्फत् बरु हामी सांसदहरूले पनि के सहयोग गर्नुपर्छ, त्यस्तो केही छ, त्यस्तो त मलाई लाग्दैन । यदि छ भने पनि हाम्रो ठाउँकोविकासर निर्माणलाई गतिका साथ अगाडि बढाउनका निम्ति हामीले अल्लि गम्भीरतापूर्वक सोच्नुपर्ने, छलफल गर्नुपर्ने परिस्थिति देख्छु । अर्को खाली ध्यानार्कषण र सजग होउ भन्ने हो मैले त्यसलाई गम्भीरतापूर्वक लिई रहेको अवस्था त छैन । हाम्रो भूबनावट नै प्रतिकूल छ, बजेट न्यून छ तर जहाँ खर्च गर्न सकिन्छ, त्यहाँ ध्यान छैन, महत्व छैन, जहाँ खर्च गर्न सकिदै सकिन्न त्यहाँ ध्यान दिएर के गर्ने होला ? जहाँगरे पनि हाम्रो विकास बजेटको रेसियोमाथि बढ्ने हो ।त्यसो भन्दा धेरै यहाँ गर्नुपर्ने होला, त्यो गर्ने कुरा पैरवीगऱ्यो भने ए नेता पनि हुने आफ्नै क्षेत्रको कुरा पनि गऱ्यो भन्ने तपाईंहरूलाई पर्न सक्छ तर म अनुरोध र आग्रह गर्न चाहन्छुहामीले समान्य समस्याका बाबजुत नाम तोक्यौ । त्यसको सकारात्मक अर्थ रह्यो,राजधानी तोक्यौ, त्यसको तोक्नुको अर्थ होला नि त राजधानी तोक्नुको केहि अर्थ हुनुपर्ने हो त किनकि त्यस अनुसारको संरचना त्यसमा बन्छन्।त्यो तहको संरचना बनाउने भन्दा गाउँतहको क्षेत्रगत संरचना बनाउने कुरा प्राथमिकता हुने प्रादेशिक संरचना बनाउने कुरा हाम्रा तपसिलका विषय बन्ने जस्तो गरी सोँच र दृष्टिकोण बनाउँदाहामीकसरी अगाडि बढ्न सकिएला त्यसकारणले योजना निर्माण र सोचमा पनि हामीले छलफल गर्नुपर्ने एउटा परिस्थिति म त्यस्तो देख्छु । यस आधारबाट अगाडि बढ्दा फेरि पनि म अनुरोध र आग्रह गर्न चाहन्छु । यो हामी जो ४० सदस्यीय बनावटको छ । कति छलफल गर्नु पर्छ, छलफल गरौं तर यो भन्दा बाहिर यसको मतलब प्रतिपक्षको भूमिका नै नहोस् भन्न खोजिरहेको होइन म किनभने उहाँहरूको त्यसको स्प्रिट पनि छैन । म आज पनि म पहिलो सदनमा उद्घाटित गरेको जे विषय थियो त्यलाई मैले राम्रोसँग स्मरण गरिरहेको छु । त्यतिबेला म एमाले कै थिएँ तर आज म नेकपाको एउटा नेता, कार्यकर्ताका हिसाबले म तपाईंहरूका बीचमा रहँदा त्यो पुरानै हामी सबैको कुरा हो कि हामीसंवैधानिक हिसाबले, कानूनी हिसाबले सत्तापक्ष र प्रतिपक्ष भए पनि कर्णालीको अनुहार परिवर्तन गर्ने हामी सबैको एउटै उद्देश्य हो, भन्ने कुरा जुन थियो, जुन कुरा

प्रमुख प्रतिपक्ष दलको नेताले म भन्दा अगाडि बोल्दाखेरि पनि फेरि स्मरण गराउनु भएको छ । त्यसअनुसार नै हामीले अगाडि बढ्नपर्ने एउटा अवस्था रहन्छ । केही कुरा उहाँले उठाएका कुराहरूलाई मलाई लाग्छ । सरकारले उपयुक्त समयमा, पहिला आफैंले नै त्यसको बारेमा आफ्ना धारणाहरूसार्वजनिक  गर्छ । मैले अहिले त्यसमा धेरै कुरा बताई रहनुपर्ने, बोलिरहनु पर्ने म त्यति जरुरी र आवश्यकतादेख्दिन तर फेरि पनि म के भन्न चाहन्छु भने यहीं भित्र छलफल गरौं तर यहाँ भित्रको हिसाबकिताब खोज्दै यहाँभन्दा बाहिर गइयो भने परिस्थिति,हाम्रो प्रदेश खासगरी अरु प्रदेशको तुलनामा राजनीतिक प्रतिकूलताको दिशामा अगाडि बढ्ने प्रबल सम्भावना र परिदृश्य म देख्छु । त्यसो भयोभने यसलाई सामना गर्न अल्लि गारो, अल्लि अप्ठ्यारो हुन सक्ने एउटा अवस्था रहन्छ।यस आधारबाट म तपाईंहरूसँग केअनुरोध र आग्रह गर्न चाहन्छु भने संघीय सरकार र प्रदेश सरकारका बीचमा यहाँका सबै समस्याका पैरवी र अनुभूति गराउने दायित्व र जिम्मेवारी त्यो सरकार मै रहेका साथीहरूको हो । उहाँहरूले प्रत्यक्ष फिल गर्नु भा कै पनि होला तर जनताले अनुभूति हुने गरी यो संसदले विश्वास गर्ने गरीभूमिका खेल्ने कुरामा तपाईंहरूको ध्यान जान जरुरी रहन्छ । जाँदा, फेरि पनि उहाँ सरकारलाई म अनुरोध गर्न चाहन्छु । हिसाबकिताबदेखाउँदा, देखाउनै पर्दा आफूलाई नदेखाइकन अरुलाई देखाउने तरिकाको जुन तरिका म देख्दै छु । त्यसमा चाहिँ तपाईंहरूलेपनि अल्लि जानेर गम्भीरतापूर्वक सोच्न जरुरी छ । संघीय सरकारले नगर्दा कति नगरेको हो त्यो एक ठाउँमा छ तर हाम्रो ल्याकतले गर्न सक्ने कामबाट पनि यिनले गरे है भन्ने विस्वास दिलाउने कुरामा अझ पनि ध्यान दिइएन भने मलाई लाग्छ आम जनताले हामीप्रति जे भरोसा गरिरहेका छन् । त्यो भरोसा पूरा गर्नका निम्ति गाह्रो पर्ने, जुन परिधि परिदृष्य मैले देखिरहेको छु । त्यसलाई चाहिँ अगाडि बढ्नु पर्ने अवस्था रहन्छ । जहाँसम्म योजना कार्यान्वयनका सन्दर्भमा विगतमा पनि संसदमा सबै माननीय सदस्यहरूले गम्भीरतापूर्वक नै कुरा उठाउनु भएको छ, म त्यसलाई दोहोराउनचाहन्न र आज शुभारम्भको बैठक भा हुनाले म धेरै प्रवेश गर्न पनि चाहन्न । त्यो समयक्रममा माननीय सदस्यज्यूहरूले पनि मलाई लाग्छ आफ्ना विचारहरू राख्दा तपाईंहरूका बीचमा भन्नु नै हुने छ तर म यत्ति अनुरोध गर्न चाहन्छु कि जो सरकारमा रहनु हुने साथीहरू हुनुहुन्छ।पास गर्दा गर्दै पनि कार्यान्वयनमा लाग्दा लाग्दै पनि संसदमा र बाहिर उठिसकेपछि बाहिर यीविषयमा गम्भीरतापूर्वक आत्मसमीक्षा गरेर त्यसलाई कुनै प्रतिष्ठाको विषय नबनाईकन त्यसलाई सुधारका निम्ति अगाडि बढ्ने कोसिस गर्दा कहीं तल परिन्छ । मलाई त्यस्तो लाग्दैन प्रश्न उठिरहेका छन्तपाईंहरू लागि रहनु भएको छ तर त्यसका लागि पनि केही प्रश्न उठिरहेको एउटा स्थिति छ भने त्यो आधारबाट अगाडि बढ्ने कुरामा ध्यान दिनुपर्ने हुन्छ । प्रक्रिया नबदल्दासम्म, नियम नबल्दासम्म,कानून नबदल्दासम्म जे प्रक्रिया छ, जे नियम छ, जे कानून अनुसार छ, त्यसरी नै अगाडि बढ्ने कोसिस गर्नु भयो भने न्युनतम रूपमा कर्मचारीसाथीहरूले पनि सहयोग गर्नुहुन्छ,

त्योबाटोबाट हिँड्नु हुन्छ जस्तो लाग्छ तर प्रक्रिया एउटा हुने, नियम एउटा हुने कानून, एउटा हुने काम एउटा भयो भने मलाई लाग्छ जनप्रतिनिधि र सरकार,कर्मचारीका बीचमा खाडल पर्‍यो भने,अवरुद्धताको स्थितिआउँछ, त्यस्तो मलाई लाग्छ । म अहिले नै ठ्याक्कै फलानो ठाउँमा यस्तो त भयो भन्दिन तर म सुझाव दिन चाहन्छु । काम गरेर प्रक्रिया खोज्ने कुरा जानु भयोभने समस्यामा परिन्छ है । तपाईंलाई जतिसुकै मन नपरेपनि जतिसुकै छुट्टै हिड्न चाहे पनि कानून बनाउनु भएन, प्रक्रिया बनाउनु भएन, नियम बनाउनु भएन तर हिड्न छिटो खोज्नु भयो भने खाडल पर्छ। बाहिर आउँदासमस्यामा परिन्छ, यो कुरालाई तपाईंहरूले,हामी सबैले हेक्का राख्नु पर्ने हुन्छ ।म यहि सभामुख मार्फत् अनुरोध गर्नचाहन्छु । हामी सबै जनप्रतिनिधि, सरकार,कर्मचारीसाथीहरू मिलेर कर्णाली प्रदेशको अनुहार परिवर्तन गर्न बढीरहेका हौं भने सिर्जनशील भएर, मिल्न सक्नेसम्म कुरा, गर्न मिल्ने कुरा, दिन नबिताउने गरी, समय नकटाउने गरी, काम गर्ने कुरामा जति कर्मचारीसाथीहरू हुनुहुन्छ । जति जनशक्ति हुनुहुन्छ, उत्प्रेरणाका साथ काम गर्दिनु भयो भने हामीले जति थोरै पैसा प्राप्त गरेका छौं जति बजेट छ त्यसबाट हामीले देखिने केही काम गर्न सकिने परिस्थिति निर्माण हुन्छ तर म यसमा कही न कही असजिलो र अप्ठ्यारो देखि राछु । त्यसकारणले अब भन्ने भन्दा गरेर विश्वास दिलाउनु पर्ने बाटोमा हामी हिड्न पर्ने अवस्था रहन्छ । जोसँग साधन र स्रोत थोरै हुन्छ, जो गर्ने ठाउँमा हुन्छ, उसले बच्ने उपाय मेरो अनुभवका आधारबाट भनेको कुरा के हो भने थोरै बोल्ने हो तर म के देख्छु भन्दा बरु माननीयहरू अनुरोध गर्न जानेहरूले थोरैबोल्ने, सरकारमा रहनेहरूले चाहिँ केभन्दाखेरि सबलाई भरिपूर्ण हुने गरेरपठाउने जुन प्रचलन अहिलेपनि देखिराको छ, म जो नहुनुपर्ने हो त्यहीं सुधारगर्ने कुरा व्यक्तिगत भने पनि हुन्थ्यो यहि सभामार्फत् म अपिल गर्न चाहन्छु। त्यो बाटो सच्याँउ जस्तो लाग्छ यसकारणले कि गर्न सकिने कुरा थोरै छ खुसी बनाएर अगाडि बढ्ने कुरा पहिलो चोटि सकिन्न तर कामले खुसी बनाउने कुरा गरियोभने आज चाहिँ बेखुसी हुने मानिस पनि अगाडि बढ्न सकिने अवस्था रहन्छ । केही पैसा खर्चैनहुने,केही पैसा खर्च भयोभने त्यहीं खर्च गरेको पैसाले उठ्नै नसकिने गरी कतिपय ठाउँमा काम भा छन्, त्यलाई ख्याल गर्नुस ।केही पैसा खर्चनै नहुने, भए टेण्डर नहुने के नहुने भन्दा धेरै जान्दिन म प्राविधिक मान्छे पनि होइन । जीवनजीले त डिपिआरसम्म जान्नु भयो म त त्योपनि जान्दिन मत किन उहाँ त प्राविधिक पाटोमा पढेको साथी हो तर केही पैसा खर्चै नहुने, केही पैसा खर्च भयो त्यहीं खर्च भएको पैसाले देखिनै नसकिने। यो दुईओटै कुराहरूबाट कसरी बच्नु हुन्छ होला माननीय भएर आइएको छ । चुनाव १ वर्ष बितिसक्यो४ वर्ष पछि चुनाव हुन्छ आफूले नपाए पनि टिकट नपाए पनि पार्टीको सिटमा अब प्रचार गर्न जानै पर्ने हुन्छ । अन्त पनि भन्या थिएँ बरु कांग्रेसलाई दुईतिहाइ दियो यिनले केही गरेनन् । अब हाम्रै हो भन्ने ठाउँ छ हामी नेकपालाई त त्यो ठाउँ पनि छैन । त्यो सीमामा हामी भासिएका छौं । हामीले यो चारवर्षका बीचमा जनताका विश्वास दिलाउने गरी काम गर्नै

पर्ने भाछ । काम गर्नका निम्ति जो प्रतिनिधिपात्र साथीहरूहामीमध्यबाट जानु भाछ । ठीक गर्या छन्, जति गरेका छन्, राम्रो गरेका छन् भन्ने गरी काम गरीदिनु भयो भने मलाई लाग्छ तपाईंहरूको पक्षमा पैरवी गर्ने परिस्थिति निर्माण हुन्छ । त्यसको निम्ति हामी ४० जना मध्येको जो सरकारमा रहनुहुन्छ । सबैको दिनचर्या हामी सबैका अगाडि देखा परेको जस्तो एउटा अवस्था छ । म आज पनि फेरि भन्न चाहन्छु । यद्यपी त्यो आरोप छ । मलाई केही अरु भन्दा पृथक ढंगले चल्ने कुरा के होला ? अरु प्रदेश भन्दा पृथक ढंगले जनप्रतिनिधि र सरकार चल्ने कसरी होला ?अनुकरणीय हुने कुरा के होला ?हामी सबैले पनि खोजौं तर अनुकरणीय हुने बाटोमा सरकारमा रहेको साथीभाइहरूले अल्लिबढीघोत्लीन जरुरी छ । अनुकरणीयका नाममा अहिले के छ भने हाम्रो समाजमा नराम्रो कुरामा सर्वदलीयसहमति हुन्छ, सर्वदलीय सर्वपक्षीय सहमति हुन्छ ।राम्रा कुरामा विवाद हुन्छ राजीनितिमा पनि प्रदूषण सजिलैसँग आउन सक्छ । त्यसबाट कसरी जोगिने होला ?यस कारणले म तपाईंहरूसँग यो अनुरोध गर्न चाहन्छु कि अन्तकोभन्दा केही संरचना भएको प्रदेश हो यो हिजो क्षेत्रीय सदरमुकाम भएको नाताले यस्तो अवस्थामा रहँदाहामीकसरी अगाडि बढ्नेहोला ?त्योचाहिँ हामीले ख्याल गर्नु पर्ने अवस्था रहन्छ । अर्को चाहिँ हाम्रो निकायमा नआए पनि म अनुरोध गर्न चाहन्छुसाथीहरूलाई म अस्तिको घटनादेखि आजसम्म आइपुग्दा माथि जसरीगतिविधि अगाडि बढिरहेको छ । अब त्यसबाट हाम्रो प्रदेश पनि अछुतो रहला मलाई त्यस्तो लाग्दैन । एनसेलको घटनापछि आजसम्मकोमितिमा आई पुग्दा त्यो घटनालाई लिएर सरकारका सरकारले गरेको त्यसप्रति दृष्टिकोण आफ्नो अपनत्व अपनाई रहेको जुन तरिका छ । त्यसका आधारबाट परिस्थितिअल्लि गम्भिरताको दिशामा जाने देखिन्छ तर हामीसँग त्यो निकायकोकुनै सम्बन्ध र सम्पर्क नै छैन त्यसो हो भने अनौपचारिक रूपले भए पनि म सरकारको खास गरीमुख्यमन्त्रीज्यू यहि हुनुहुन्छ आन्तरिक मामिला मन्त्री यही हुनुहुन्छ। हाम्रो निकायमा नआएको भए पनि जनतासँग प्रत्यक्ष जोडिने सरकार भएको नाताले तपाईंहरूले उहाँहरूसँग सम्पर्क र छलफल गरेरअल्लि त्योविषयलाई आफ्नो ठाउँमा त्यो प्रभावकारी ढंगले हाम्रो भावना अनुसार काम गर्ने कुरामा ध्यान दिनु भएन भने हाम्रो सुरक्षा निकायकोतरिका के छ भने कुनै घटना मा घट्यो भने जाहेरी गर्नका निम्ति दोबाटोमा जो भेटिन्छ त्यसलाई पकडेर हजुर तामेल गरेको छु भनेर रिपोर्ट गर्ने तरिका छ।घटना कहाँ घट्छ, घटाउनेमानिस कहाँ पुग्छ, थाहाँ छैन । विश्राम गरेर घरबसेको मान्छेलाई कुनबेलाको रूपमा लगेर हिरासतमा राख्छ अनि माथि रिपोर्ट जाहेर गर्छ ।त्यहीँ कुरागऱ्यो भने सत्ताधारी पार्टीको माननीयले, नेतालेए यस्तो पो कुरागऱ्यो भन्ने पनि कतिपय सुरक्षा निकायका साथीहरूलाई लाग्न सक्छ म अनुरोध रआग्रह गर्न चाहन्छु । अपराधिक क्रियाकलापमा सामेल भएका वास्तविक मान्छेहरूलाई कारबाही गर्ने कुरा गरौं गर्न पर्ने हुन्छ तर त्यसका नाममा त्यो अभियानलाईसहयोग पुऱ्याउनेगरी समर्थक बटुल्ने गरी समर्थन बढाउने गरी काम गर्ने तरिकाबाट हामी बच्न सकेनौं भने त्यो समस्याले

हामीलाई विकराल समस्यामा रूपान्तरित गरिने छ । अनि हाम्रो विकास र निर्माणको मुद्दा गौण बन्ने छ राजनीतिमुद्दा प्रमुख बन्ने छ, राजनीतिक मुद्दाप्रमुख बन्यो भनेसंसदभित्र कुरा एउटै स्वरले नआउन सक्छ । त्यसैले आज विकास र निर्माणको कुरा प्रमुख हुँदा प्रमुख प्रतिपक्ष के, सत्तापक्ष के, एउटै छ राजनीतिक मुद्दा प्रमुख बन्यो भने हाम्राआ-आफ्ना कुरा भयो भने हाम्रो विकास र निर्माणको कुरा पछाडि पर्ने छ ।हामी फेरि पछाडि धकेलिने छौं । अरु अगाडि बढ्ने छन्, त्यसकारणले राजनीतिक मुद्दालाई प्रमुख बनाउने गरीहोइन ।विकास र निर्माणको मुद्दालाई प्रमुख बनाउने गरी जुन वातावरण रहिरहेको अवस्था छ । यसलाई कायम राख्नका निम्ति सबैसाथीहरूको ध्यान जाने छ । सरोकारवालाहरूले यथोचित भूमिकानिर्वाह गर्नुहुनेछ भन्ने मैले अनुरोध र आग्रह गर्दै फेरि पनि म फागुन लाग्यो चैत, बैसाख, जेठ तीन महिना हामीसँगबाँकी छ । तीन महिनासम्म विनियोजन भएको शीर्षक जहाँ-जहाँ कार्यान्वयन हुन सक्छ त्यो कार्यान्वयन गर्ने कुरामा हामी सबै संसद सरकारर कर्मचारीसाथीहरूको एकताबद्ध भएर अगाडि बढ्यौ भने कर्णाली प्रदेशले पनि स्विकृत बजेटको कार्यान्वयनको पाटो असार आइपुग्दाअसार १ गते आइपुग्दा राम्रै गरेछ भन्ने नतिजा हामी निकाल्न सकियो भने त्यसले कर्णालीमा केही हुने छ । अन्तलाई सकारात्मक सन्देश दिने छ त्यस दिशातर्फ हामी सबैको ध्यान र दृष्टिकोण पुगोस् भन्ने अनुरोध र आग्रह गर्दै फेरि सभामुख मार्फत् सबैमा यो हिउँदेअधिवेशनको सफलताको शुभकामनाव्यक्त गर्दै बिदा हुनचाहन्छु,धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री शोसिला साही

**माननीय शोसिला शाही :** माननीय सभामुख महोदय, यस कर्णाली प्रदेश बर्षे अधिवेशन अन्त्य भएको चारमहिनापछि बल्ल आज हामी कर्णाली प्रदेश पहिलो अधिवेशनहिउँदेअधिवेशन को पहिलो बैठकमा उपस्थित भएका छौंस्वाभाविक रूपमा संघीयता देशको एउटा नयाँ अभ्यास भएका कारणले गर्दा थुप्रैऐन कानूनहरू निर्माण गर्नु पर्ने सबै नयाँ व्यवस्था गर्नु पर्ने अवस्था छ तर पनि समयमै धेरै ऐन कानूनहरू निर्माण भैसक्दा पनि तर पनि बजेट कार्यान्वयनको अवस्था हेर्दा कर्णाली प्रदेश सरकार कछुवाको गतिमा हिडिरहेको जस्तो देखिन्छ । यहि गतिमा हिड्ने हो भने जनताको दिलमा होइन डिलमा पुग्ने अवस्था नआउला भन्न सकिदैन । सभामुख महोदय, अरुको काँध माथि टेकेरसधैभरि अग्लो भईदैन । स्थायी उचाई आफ्नो खुट्टाले मात्र हुन्छ जस्तो कतै पनि प्रशंसनीय योग्य कुरा भएको छैन। यो दुईतिहाईको सरकारको मनस्थिति जे भए पनि मनसाय कमजोर भएको त होइन सभामुख महोदय, स्थानीय तह प्रदेश हुदै केन्द्रसम्म हेर्ने हो भने सर्वसाधारण जनतालाई ऋणको भारि बोकाई, काँधमा टेकेर प्रर्याप्त भ्रस्ट्राचार मौलाइरहेको छ साथमा आफूर आफ्ना आसेपासे पेट भर्ने काम मात्र भैरहेको अवस्था देखिन्छ । सभामुख महोदय, कहीं कतै सत्ता र शक्तिको दुरूपयोग भएको होकि सभामुख महोदय, क्रमिक रूपमा यही गतिमा बढ्दै जाने हो भने चाँडै नै संघीयता माथि प्रश्न चिन्ह खडाहुन सक्छ । सभामुख महोदय, अहिलेसम्मको काम कारबाही कर्णाली प्रदेश

सरकारले उपलब्धीमूलक प्रतिवेदन तयारगरे पनि जनता माझ देखाउने र सुनाउने कुनै उपलब्धीमूलक काम भएको देखिदैन । यदि मुहान ठीक छैन भने धारा सुनकै जोडेपनि पानी त फोहोर नै आउँछ । यहि कर्णाली प्रदेशसरकारको अवस्थात्यहीँ भएको छ । हामीले कानून मात्र निर्माण गर्ने तर त्यसको कार्यान्वयन पक्षलाई ध्यान दिएनौं भने यसको कुनै अर्थ लाग्नेवाला छैन । त्यहीँ भएर हरेक कुरा निर्माणसँगै कार्यान्वयन पक्षलाई जोड दिन आवश्यक छ । यस कर्णाली प्रदेश सरकारले यस आबको बजेट कार्यान्वयनमा समयमै सफलता प्राप्त गरोस् साथै यस हिउँदेअधिवेशनको सफलताको सुझाव दिन चाहन्छु हरेक रचनात्मक कामको लागि म र मेरो दलको सहयोग रसमर्थन रहने छ तर गुण र दोषका आधारमाहामी निर्णय लिने छौं ।

थोरैमौखिक भन्न चाहें,

सभामुख महोदय, म कर्णाली प्रदेशको माननीय हुँदै गरेको अवस्था रयहाँहरूसम्पूर्णलाई म हृदय देखि धन्यवाद दिन चाहन्छुर सर्वप्रथम मैले धेरै ठूलो योजनाहरू त मागेको थिएँन तरपनि धेरै थोरै भएपनि ठीकै छ, दिनुपर्छ भनेर सरकार पक्षलाई मैले मागेकोथिएँ ।त्यहीँ नै कैहिले पार्टी भनेर भनिन्छ, कहिले कुन पार्टीको आयो, कुन पार्टीको आएन यो पार्टीलाई दिनुपर्छ, उ पार्टीलाई दिनुहुदैन भनेर त्यस्तो समीक्षा गरेर यहाँ जुन कुराहरूगरिदै छ । यो एकदम नराम्रोपक्ष हो हजुरले यो जानुहुनेछ भन्ने आशा छ र अर्को कुरा नारीदिवसको अवसरमापनि मैले यहाँबाट नारीदिवसको अवसरमा मन्त्रीज्युले यहाँबाट जानुपर्छ भनेर सबैले कुरा त गर्नु भएको थियो तर किनभने त्यहाँ जाँदाखेरि नारीदिवसकै अवसरमा के गरियो? कसो गरियो? त्यो यथार्थ बुझ्न पाइएन तर किनभने बुझ्न आवश्यक छ त्यहाँकै कालिकोट कै हुनुहुन्छ । संसद अब तपाईं त्यहाँ जानुस्तपाईं त्यहाँ गए पछि प्रमुख तपाईं हुनुहुन्छ भनेर सामाजिक मन्त्रालयबाट मलाई भनिएको थियो त्यहाँ गएर मैले त्यो मैले त्यो अवसरमैले त्यहाँ पनि पाउन सकिनँ अर्को कुरा कोही धेरै जानेको हुनुहुन्छ होला कोही नजानेको हुनुहुन्छ होला तर किनभने धेरै बुझेकोलेपनि त्यहीँ कुरा गर्ने हो थोरै बुझेकोले पनि त्यहीँ कुरा गर्ने हो किनभने पछि यहाँहरूले माननीय जान्दै जान्दैन तर उसका भनेका कुराहरू बेवास्ता गर्नुपर्छ भनेर यहाँहरूले पनि सोच्नु हुने छैन भन्ने आशा राखेको छु । हजुरहरूले गर्भैबाट सिकेर आउनु भएको छैन । किनभने हामीहरू पनि बोल्दा बोल्दै हजुरहरू भन्दा बढी बोल्ने हुनसक्छौं । बढी जान्ने हुनसक्छौं। त्यसो भएको हुनाले हामीले अहिले सिमित मात्रामा देखाउन चाहन्छौ त्यो भन्दा बढी बोल्न चाहदैनौं यहि भन्न चाहन्छु हवस् तधन्यवाद । जय राष्ट्रवाद ।

**माननीय सभामुखः** माननीयस सदस्यहरू, अब म प्रदेश सभा नियमावली २०७४ को नियम १०५ मा भएको व्यवस्था अनुसार कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई कर्णाली प्रदेश सार्वजनिक प्रसारणको सम्बन्धमा कानूनी व्यवस्था गर्न बनेको विधेयक, २०७५ सभा समक्ष टेबुल गर्न समय दिन्छु ।

**माननीय आन्तरिक मामिला तथा कानून मन्त्री नरेश भण्डारी** : माननीय सभामुख महोदय, सभामुखज्यूको अनुमतिले नेपालको संविधानको धारा १९ मा रहेको सञ्चारको हकसम्बन्धी व्यवस्थालाई मूर्तरूपदिन तथा समाचार सूचना र मनोरञ्जनको पहुँचलाई जनता समक्ष सञ्चालन नविकरण र नियमनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले कर्णाली प्रदेश सार्वजनिक प्रसारणका सम्बन्धमा कानूनि व्यवस्था गर्न बनेको विधेययक, २०७५ प्रदेश सभा नियमावलि २०७४ को नियम १०५ बमोजिम सभा समक्ष टेबुल गर्दछु,धन्यवाद ।

**माननीय सभामुख** : माननीयसदस्यहरू अब म प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ मा भएको व्यवस्था अनुसार कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई कर्णाली प्रदेशमा सुशासन प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेययक, २०७५ सभासमक्ष टेबुल गर्न समय दिन्छु ।

**माननीय आन्तरिक मामिला तथा कानून मन्त्री नरेश भण्डारी** : माननीय सभामुख ज्यु, सभामुखज्युको अनुमतिले राज्यबाट प्राप्तहुने सेवा सुविधामा जनताको समान पहुँच सुनिश्चित गर्न साथै सेवा प्रवाहलाईप्रभावकारी तुल्याउन सर्वसाधारण जनतालाई प्रवाह गर्नुपर्ने सेवा छिटो छरितो, मितव्ययी तथा सर्वसुलभ बनाउन प्रशासन यन्त्रलाईसेवामुलक जनउत्तरदायी र कार्यमुलक तुल्याइ सुशासन कायम राख्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले कर्णाली प्रदेशमा सुशासन प्रत्याभूत गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७५ प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ बमोजिम सभा समक्ष टेबुल गर्दछु, धन्यवाद ।

**माननीय सभामुख** : माननीय सदस्यहरू, अब यो बैठक २०७५ साल फागुन १८ गते शनिबार दिनको १ बजे सम्मको लागि स्थगित हुन्छ ।

कर्णाली प्रदेश सभा
तेस्रो अधिवेशन
कार्यवाहीको सम्पूर्ण विवरण
२०७५ फागुन १८ गते
शनिबार
(बैठक संख्या-२)

राष्ट्रिय धुन,

**माननीय सभामुखः** माननीय सदस्यहरू कर्णाली प्रदेश प्रदेश सभाको हिउँदे अधिवेशनको दोस्रो बैठकको कार्यवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू अब म प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ मा भएको व्यवस्था अनुसार कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था, कृर्षि तथा सहकारी मन्त्री माननीय श्री विमला केसीलाई प्राङ्गगारि कृर्षिसम्बन्धीव्यवस्था गर्न बनेको विधेयक, २०७५ सभा समक्ष टेबुल गर्न समय दिन्छु ।

**भूमि व्यवस्था, कृर्षि तथा सहकारी मन्त्रीमाननीय श्री विमला के.सी.:** माननीय सभामुख महोदय, नेपालको संविधानको धारा ४४ मा रहेको उपभोक्ता हकलाई मैलिक हकको रूपमा व्यवस्था गरे अनुरूप यसलाई मूर्तरूप दिन साथै प्रङ्गारिक कृर्षि बस्तुको उत्पादन, विविधिकरण बजारीकरण लगायतका कार्यहरू व्यवस्थित ढङ्गले सञ्चालनगरी गैर प्राङ्गारिक उत्पादनलाई निरुत्साहित गर्दै विषादि मुक्त एवम् गैर प्राङ्गारिक उपभोग्य बस्तुको बिक्रि वितरणमा नियन्त्रण एवम् नियमन गर्न आवश्यक रहेकोले प्राङ्गारिक कृषि सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५ प्रदेशसभा नियमावली, २०७४ को नियम १०५ बमोजिम सभा समक्ष टेबुल गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू अब म प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ मा भएको व्यवस्था अनुसार कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई कर्णाली प्रदेश सार्वजनिक प्रसारण सम्बन्धमा कानूनीव्यवस्थागर्न बनेको विधेयक, २०७५ माथि सैद्धान्तिक छलफलका लागि सभा समक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले नेपालको संविधानको धारा १९ मा रहेको सञ्चारको हकसम्बन्धीव्यवस्थालाई मूर्तरूप दिन साथै समाचार,सूचना र मनोरञ्जनको पहुँचलाई जनता समक्ष विस्तार गर्न रेडियो,एफएम तथा टेलिभिजनको अनुमति,सञ्चालन,नविकरण र नियमनका लागि आवश्यक कानूनीव्यवस्था गर्न वाञ्छनीय भएकोले कर्णाली प्रदेश सार्वजनिक प्रसारण सम्बन्धमा कानूनीव्यवस्था गर्न बनेको विधेयक, २०७५ कर्णाली

प्रदेश सभा नियमावलि २०७४ को नियम १०६ बमोजिम सैद्धान्तिक छलफल गरियोस् भनि सभा समक्ष प्रस्ताव गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू कर्णाली प्रदेश सार्वजनिक प्रसारण सम्बन्धमा कानूनीव्यवस्था गर्न बनेको विधेयक, २०७५ माथिको सैद्दान्तिक छलफलमा भाग लिनुहुने माननीय सदस्यहरूका लागि समय निधारण गरेको छु । सर्वप्रथम माननीय श्री यज्ञ बहादुर वि.सी. । समय ७ मिनेट

**माननीय श्री यज्ञ बहादुर वि.सी.:** माननीय सभामुख महोदय, कर्णाली प्रदेश सार्वजनिक प्रसारण सम्बन्धमा कानूनीव्यवस्था गर्न बनेको विधेयक, २०७५ को सैद्धान्तिक छलफलमा भाग लिने एउटा अवसर जुन प्रदान गर्नु भो म सभामुख महोदय ज्यूलाई हार्दिक धन्यवाद दिन चाहन्छु र सभामुख महोदय, कर्णाली प्रदेशको सार्वजनिक प्रसारण सम्बन्धमा कानूनी व्यवस्था गर्न बनेको विधेयक, २०७५ अझै यो मैले भन्नुपर्दा सभामुख महोदय,वास्तविक कर्णाली प्रदेशका जनताहरूलाई सूचनाको हकसम्बन्धी कायम गर्नका लागि मनोरञ्जन देखि यावद सहि कुरामा सूचनाको हकसम्बन्धीसूसुचित पार्नका लागि कर्णाली प्रदेश सरकारले जुन यो विधेयक ढिलै ल्याए पनि म कर्णाली प्रदेश सरकारलाई माननीय सभामुख महोदय मार्फत् स्वागत गर्न चाहन्छु । विषेश गरिकन यो सार्वजनिक प्रसारण सम्बन्धमा बनेको जुन विधेयक छ । यो एक देखि २१ सम्मको भागमा व्यवस्था गरिएको छ र यसको प्रस्तावना र संक्षिप्त नाम र प्रारम्भ देखि नियम, निर्देशिका, कार्यविधि, मापदण्ड बनाउने अधिकारसम्म व्यवस्थागरिएको छ । सभामुख महोदय कर्णाली प्रदेश सरकारले जुन यो २१ बुदाँमा कर्णाली प्रदेश प्रसारणसम्बन्धीकानूनीव्यवस्था गर्न बनेको विधेयक, २०७५ छ । यसले कर्णाली प्रदेशका सम्पूर्ण प्रसारणसम्बन्धी जुन प्रसारकहरूले सम्पूर्ण कर्णाली प्रदेशवासीहरूलाई सूसुचित गर्ने जुन व्यवस्थामा दर्ता देखि लिएर नियमन सम्मका, इजाजत देखि लिएर खारेजीसम्मका जुन व्यवस्था गरेको छ । यो विधेयकमा, यो चाहिँ कर्णाली प्रदेश सरकारले जुन यो प्रारम्भ देखिनै यसको कानूनी उपचार कर्णाली प्रदेशलाई अगाडि बढाउने जुन जमर्को छ । यो जमर्को चाहिँ निश्चित रूपमा सफल हुने कुरा पनि सभामुख महोदय मार्फत् म यो सदनमा राख्न चाहन्छु । सभामुख महोदय, यस बारेमा जेजति कर्णाली प्रदेश सरकारले जुन यो विधेयक ल्याएको छ यस विधेयक माथि धेरै कुराहरू राख्नु पर्ने मैले देखेको छैन। जुन २१ बुँदा भित्र कर्णाली प्रदेशका जनताहरूसूचनाको हकसम्बन्धी जे-जति सूसिचित हुने छन् । यस विधेयकले सेवा पुर्‍याउने कुरा सभामुख महोदय मार्फत् म कर्णाली प्रदेश सरकारलाई अनुरोध गर्न चाहन्छु । हामीले विधेयक त ल्याउँछौं र विधेयक हामीले चाहिँ ल्याईसकेपछि अवलम्वनरूपमा, छिटो छरितो रूपमा, यो कर्णाली प्रदेश सरकारले यसलाई लागु गर्नु पर्छ भन्ने कुरा सभामुख महोदय मार्फत् म राख्न चाहन्छु। हस्त धन्यवाद, जय नेपाल ।

**माननीय सभामुख** : माननीय सदस्यहरू कर्णाली प्रदेश सार्वजनिक प्रसारण सम्बन्धमा कानूनीव्यवस्था गर्न बनेको विधेयक, २०७५ माथिको सैद्धान्तिक छलफल आजै समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहानु हुने माननीय सदस्यहरूले रोस्टमको बाँया तर्फ रहेका सचिवालयका कर्मचारीलाई नाम टिपाउनु होला । अब माननीय श्री सीता कुमारी नेपाली।

**माननीय श्री सीता कुमारी नेपालीः** माननीय सभामुख महोदय,हिउँदे अधिवेशनको दोस्रो बैठकमा कर्णाली प्रदेश सार्वजनिक प्रसारण सम्बन्धमा कानूनीव्यवस्थागर्न बनेको विधेयक, २०७५ को सैद्धान्तिक छलफल गरिरहेका छौं । कर्णाली प्रदेश सरकारले सार्वजनिक प्रसारणसम्बन्धीकानूनीव्यवस्था गर्नका लागि जुन विधेयक ल्याएको छ त्यसका निम्ति कर्णाली प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रीज्यूलाई धन्यवाद दिन चाहन्छु। सञ्चार र प्रविधिका कारण विश्व अहिले एउटा गाउँ जस्तो बनेको छ । यो अवस्था सञ्चारबाट सञ्चार सुविधाबाट जनताहरूले सहजै हिसाबले सूचनाहरू प्राप्त गर्ने समाचारहरू प्राप्त गर्ने त्यति मात्रै नभएर मनोरञ्जन पनि लिने कुरा छ त्यसलाई मध्यनजर गर्दै जो यो विधेयक आएको छ हामी आज यसको सैद्धान्तिक छलफल मात्रै गरेका छौं र यसको दफावार छलफलको क्रममा यो विधेयक भित्रका प्रसारण अनुमतिका कुराहरूसञ्चालन प्रसारणका कुराहरू यसको रेखदेखको कुरा नियमनको कुराहरू र त्यहाँ भित्र रहेर अधिकार क्षेत्रका कुराहरू, दण्ड सजायका कुराहरूका विषयमा हामी अवश्य पनि छलफल गर्न छौं र नेपालको संविधानको मैलिक अधिकार भित्र सञ्चारको हकको जुन व्यवस्थागरिएको छ त्यो सञ्चारको हक भित्र रहेर जुन प्रसारणसम्बन्धीव्यवस्था गर्न जुन विधेयक ल्याईएको छ । मैले यो विधेयकको विषयमा सैद्धान्तिक हिसाबले राख्दै गर्दा खेरि यो विधेयक आवश्यक थियो आएको छ र हुँदा हुँदै पनि प्रसारण सँगसँगै प्रकाशनको विषय छुटेको जस्तो मलाई अनुभूति भएको छ । मैलिक हक भित्र सञ्चारको हक जो भनिएको छ सञ्चारको हकमा प्रसारणको कुरा मात्रै छैन त्यहाँ प्रकाशनको कुरा पनि छ । प्रकाशन र प्रसारण एउटै क्याटोगोरी भित्र पनि पर्छन् । त्यले गर्दा प्रकाशनसँगसम्बन्धित अर्को छुट्टै विधेयक ल्याउने सरकारको योजना छ भने हामी त्यो विषय हामीलाई जानकारीको विषय भएन त्यो हुँदा हुँदै पनि प्रकाशन र प्रसारणसम्बन्धी विधेयक एउटै बनाएर ल्याउँदा खेरि त्यो राम्रै हुन्थ्यो जस्तो मलाई लागेको छ । अवश्य पनि सञ्चारको कुरा गर्दा खेरि सञ्चार जुन नेपालको सार्वसत्ता भौगोलिक अखण्डता र राष्ट्रियता माथि आँच नआउने गरिकन विभिन्न जातजाति, धर्म, समुदायहरूलाई असर नपर्ने गरिकन समाचारहरू संप्रेशण गर्ने कुरा छदै छ । श्रव्य-दृश्यको माध्यमबाट मात्रै हैन प्रकाशन गरेर पनि हामीले समाचारहरूसूचनाहरू पाउनेनै छौं र त्यसलाई नियमन गर्न पर्ने आवश्यकता पनि छ त्यो आवश्यकतालाई मध्यनजर गर्दै कर्णाली प्रदेश सरकारले यो कानूनल्याएको हो भन्ने मलाई लाग्दछ र हामीले देखेका छौं आज सञ्चार प्रविधिको प्रयोग गर्न क्रममा सामाजिक संजालहरूलाई सहि ढंङ्गबाट सदुपयोग गर्न भन्दा पनि दुरूपयोग

गर्न पनि हामीले देखिरहेका छौं । अनलाइनहरू फेसबुक, ट्वीटरहरू जो सञ्चालन गर्न गरिन्छ । त्यहाँबाट सामाजिक सद्भाव भत्कने, व्यक्तिगत हिसाबले टिकाटिप्पणी गर्ने खालको स्थिति पनि हामीले देखेका छौं । त्यले गर्दा खेरि अनलाइनहरूलाई पनि व्यवस्थापन गर्नु पर्ने आवश्यता छ र त्यो आवश्यकतासँगैयो विद्युतीय जुन प्रसारणका कुराहरू प्रचारका कुराहरू छन्, छापाखानाका कुराहरू छन् । यी सबैलाई चाहिँ नियमन गर्नका निम्ति संविधानले व्यवस्था गरेको छ र संविधानले गरेको व्यवस्थाअनुसार कर्णाली प्रदेशले प्रसारणसम्बन्धी, प्रकाशनसम्बन्धी एउटै विधेयक बनाएर ल्याउँदा खेरि अत्यन्तै उत्कृष्ट हुन्थ्यो भन्ने मलाई लाग्दछ । अवश्य पनि हामीले देखेका छौं । सञ्चार माध्यमहरूबाट आउने समाचारहरूसूचनाहरू र मनोरञ्जनका कार्यक्रमहरूहेर्दैगर्दा खेरि कतिपय कार्यक्रमहरू परिवारका सदस्यहरूले सँगै बसेर हेर्न पनि नसकिने प्रकारका कार्यक्रमहरू पनि हामीले देख्ने गर्छौं । परिवारका सदस्यहरूसँगै बसेर कार्यक्रम हेर्न पाउने खालको स्थिति एकातिर हुनुपर्छ, अर्कोतिर महिलाहरूलाई विज्ञापनको रूपमा धेरै केरे विज्ञापनहरूमा महिलाहरूको विज्ञापन गर्न हामीले देखेका छौं । विभिन्न बस्तुहरूमा महिलाहरूको फोटा राखेर विज्ञापनहरू गर्नेगरिन्छ र यसले आधा हिस्सा ओगटेको महिला समुदायलाई पनि एउटा उपभोग्य वस्तुको रूपमा विज्ञापन भएको हामीलाई लाग्दछ । त्यसले गर्दा महिलाहरू जुन विज्ञापनका साधनको रूपमा जुन प्रयोग गर्न गरिन्छ । यी छापाहरूमा प्रसारण गर्ने क्रममा प्रकाशनहरूजो पत्रप्रत्रिकाहरू प्रकाशन हुने गर्छन्, प्रसारणहरू हुने गर्छन् त्यसमा ती विज्ञापनहरू पनि गर्न गरिएको छ । त्यस्ता प्रकारका विज्ञापनहरूलाई पनि नियमन गर्न जरुरी छ र सञ्चार माध्यममा जुन प्रकारका विसंगति, विकृतिहरूछन् ती विकृति विसङ्गतिहरूलाई नियमन गर्दै त्यसको सहि ढङ्गबाट सदुपयोग गर्न पर्ने, सहि ढङ्गबाट प्रयोग गर्न पर्ने आवश्यकताका हिसाबले पनि यो विधेयक आएको हो ।भन्ने मैले महशुस गरेको छु र सैद्धान्तिक हिसाबले राख्दै गर्दा यो प्रसारणसम्बन्धी विधेयक अति आवश्यक थियो आएको छ र सँगसँगै मेरो सुझाव यसलाई प्रसारण सँगै प्रकाशनको विषयलाई पनि जोडेर ल्याईदिनका निम्ति म अनुरोध गर्न चाहन्छु । अरु विषयहरू दफावार हिसाबले अगाडि बढने क्रममा सैद्धान्तिक संशोधनको प्रक्रिया पनि छ। हाम्रो त्यो संशोधनको प्रक्रियामा यो विधेयक भित्र दफाहरूमा राख्न पर्ने विषयहरूमा फेरि आफ्नो ठाउँबाट संशोधनको क्रममा छलफल गर्नेगरी अहिले मेरा भनाइहरू यहि राख्छु धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री अम्मर बहादुर थापा समय ७ मिनेट

**माननीय श्री अम्मर बहादुर थापाः** माननीय सभामुख महोदय कर्णाली प्रदेश सार्वजनिक प्रसारण सम्बन्धमा कानूनीव्यवस्था गर्न बनेको विधेयक, २०७५ टेबुल भएको छ र यसको सैद्धान्तिक कुरामा केही कुराहरू छुटेका छन् अरु वास्तवमा अहिलेको दुनियामा सञ्चारको माध्यम हिजो हामीलाई नेपालगंज सुर्खेत आउनु पर्दा हुलाकद्वारा चिठी पठाउनु पर्थ्यो भने आज हामी अमेरिकाबाट १ मिनेटैमै यहि सबैसँग भेटघाट हुन्छ । त्यसैले

सञ्चारमा सञ्चारले धेरै विकास गरेको छ । आज संसारलाई एउटा एक ठाउँमा, सबै संसारका जति राष्ट्रहरूछन् ती राष्ट्रहरूको गुगलबाट हामीले बेलुका २ मिनेटैमै गुगलबाट हामीलले २ मिनेटमै हेर्न पाउछौं । त्यसो भाको हुनाले हामी अहिले पनि नेपाली नेपालको हकमा हामी अलि अझै यसलाई व्यापकरूपले जान सकिरहेको अवस्था छैन । यसलाई जुन कर्णाली प्रदेशले यो विधेयक ल्याएको छ । यो स्वागत योग्य छ र यसमा विधेयक आयो यो विधेयक पुरै उहाँले तयार गरेको भए अलि हामीलाई सजिलो हुन्थ्यो र केहीथपघट गर्नु पर्ने अवस्था छ । त्यसैले मैले यसमा सैद्धान्तिक छलफल गरीरहँदायसले के भनेको छ भन्दा रेडियो एफएम र टेलिभिजनलाई मात्रै प्रथामिकता दिएको छ । अघि पूर्ववक्ता माननीयले भने जस्तै वास्तवमै यो सञ्चार क्षेत्र मलाई लाग्छ । यो सार्वजनिक प्रसारण भन्दा पनि यसलाई सूचनासञ्चारको सञ्चार विधि एक भनेको भए पनि हुन्थ्यो कि यसले कर्णाली प्रदेशभित्र रहेका सबै सञ्चारका माध्यमहरूलाई कसरी प्रसारण र यसलाई नियमन गर्न सक्ने अधिकार यो प्रदेशको सूचनामा मन्त्रालय र यो सरकारलाई छ । त्यसो भएको हुनाले पत्रपत्रिका,अनलाइन खबर र अन्य अनलाइनहरू पनि यस भित्र पर्छन् । अहिले जुन किसिमको मैले अघि भने जस्तै मात्र भएको छैन विकृति पनि छ । सञ्चारको माध्यमबाट धेरै विकृतिहरू पनि हाम्रा बीचमा आएका छन् यी विकृतिहरूलाई रोक्नका लागि पनि कानूनको आवश्यकता हुन्छ । त्यसैले यो कानूनबनाउँदा अझै पूर्णता बनाएर हामीले कर्णाली प्रदेशको सञ्चार माध्यमलाई व्यवस्थित गरेर अगाडि बढाउन जरुरी छ । त्यसैले यो कानून बनाई रहँदा मैले यो विधेयक पढ्य कानूनबनाउँदा यो गरिने छ यो गरिने छ भन्याछ । यसको अन्तिम कानूनले कानूनको अर्थ के हुन्छ भने गरिने छ भनेको त एउटा मन्त्रालयले प्रस्ताव गरेर यसो यसो गरिने छ भनेर सूचना जाहेरी गरे जस्तो भो। यो कानूनको कार्यान्वयन नगर्दा के हुन्छ भन्ने कुरा अहिले बोल्यो,कानूनको सिद्दान्त,कानूनको निमार्ण भनेको कुनै पनि ऐनकानून बनाईसकेपछि कानूनलाई पालना नगर्नेहरूलाई के गर्न पर्छ भन्ने कुराको यसले पुस्टयाई गरेको छैन । मैले संविधानमा छैन भन्ने कता-कता सुने, संविधानमा मैले हेरे, त्यसलाई कुनै किसिमको बाधाअड्चन गरिने छैन भनेर संविधानको धारा १९ मै लेख्याछ । धारा १९ मा त्यो लेख भाग तीनको धारा १९मा त्यो कुरा लेखिसकेपछि अरु तपसिलका कुराले संविधानको मूल भावनालाई हामीले ग्रहण गर्दै अगाडि बढ्ने हो । त्यस कारण यसलाई अझै पूर्णता दिएर अझै यसलाई व्यवस्थित गरेर हामीले यो विधेयकलाई अगाडि बढाउनका निमित्त हामी प्रदेश सभाका सासंदहरू यो प्रदेश सभाले अझै व्यवस्थित गरेर अगाडि बढाउन सक्ने छ अझै केही कुरा थप्न छ भने मन्त्री ज्यूले फेरि पनि यसलाई व्यवस्थित गरेर ल्याउनु पर्छ । त्यसकारण यसका धेरै कुराहरू व्याख्या गर्न छन्आज कर्णाली प्रदेशले कर्णाली प्रदेशलाई डिजिटल प्रदेशको रूपमा लैजाने पनि घोषणा गरेको छ । टेलिभिजन र एफएमलाई सञ्चालन गरेर डिजिटल हुदैन त्यो डिजिटलाइज गर्नका लागि के-के समस्या छन् के-कसरी कानून निमार्णमा पर्छ र के सजिलो पर्छ हाम्रो सञ्चार

मन्त्रीज्यूलाई अथवा यो प्रदेशका जनतालाई हामीले त्यो काम पनि अहिल्यै गर्न पर्छ । यो विधेयक बनाउँदाकेही दिनका लागि बनाउने होइन।कानून निमार्ण गर्दा केही समयको लागि कानून निमार्ण गर्ने हैन,कानून निमार्ण गर्दा त यसले दीर्घकालिन रूपमा यसलाई परिर्वतन नगर्नेगरी बनाउनु पर्छ । परिवर्तन गर्न पनि निमार्ण भईसकेको कानूनपरिवर्तन गर्न गाह्रो हुन्छ । तपाईं हामीलाई थाहा छ २०२० को मुलुकी ऐन बल्ल अहिले खारेज भएको छ । धेरै संविधान बने तर पनि २०२० को मुलुकी ऐन भन्ने कुरा अस्ति भर्दा सम्म हामीले भन्नै पर्थ्यो । आज मात्रै त्यो मुलुकी ऐनको नाम २०२० रहेको छैन । त्यसकारण कानून निमार्ण गर्दा धेरै गम्भिरता, धेरै सरसल्लाह, धेरै विज्ञता यो जरुरी चाहिँ छ । दीर्घकालिन योजना नै यो कानून भएको हुनाले यसरी अगाडि बढ्नु पर्छ र यसलाई अझै व्यवस्थित गरेर अगाडि जान जरुरी छ र वास्तवमै कर्णाली प्रदेशलाई डिजिटाइज गर्ने हो भने अझै त्यो मुखले भाषणै गर्याहो भनेत मलाई थाहा छैन

**माननीय सभामुखः** समयलाई ध्यान दिउ

साँच्चिकै डिजिटाइज गर्न हो यो कानूनीव्यवस्थाबाटै सुरुवात हुन्छ । यो त्यत्तिकै कुनै व्यक्तिले भनेको भरमा हुदैन, त्यसैले म सञ्चार मन्त्रीज्यूलाई यो सरकार यसलाई व्यवस्थित गरेर ल्याउन र व्यवस्था अगाडि बढाउन अनुरोध गर्न चाहन्छु र अरु बाँकी कुरा कानून ल्याउनु भाछ, यसलाई यो कानून रद्दी भो भन्ने हैन असल छ, सुन्दर छ, यसलाई अझै दीर्घकालिन रूपले बनाएर अगाडि बढाउन म आग्रह गर्दै मेरा भनाई यहि अन्त गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः** अब माननीय श्री पदमा खड्का यसपछि माननीय श्री देवि ओली तयार रहनु होला समय सात मिनेट

**माननीय श्री पदमा खड्काः** सभामुख महोदय कर्णाली प्रदेश सार्वजनिक प्रसारण सम्बन्धमा कानूनीव्यवस्था गर्न बनेको विधेयक, २०७५ जुन सैद्धान्तिक रूपमा छलफलको प्रक्रियामा अगाडि बढिरहेको छ । सर्वप्रथम यो कर्णाली प्रदेश सार्वजनिक प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, यो कर्णाली प्रदेशका लागि असाध्यै आवश्यक थियो । र यो संविधानत जुन संविधानको धारा १९ मा सञ्चारको हक सम्बन्धी जुन व्यवस्था छ । त्यो व्यवस्थालाई मध्यनजर गर्दै ढिलै भए पनि यो विधेयक चाहिँ यहाँ टेबुल भएको छ र यो छलफलमा हामी भाग लिईरहेका छौं । सर्वप्रथम मैले आन्तरिक मामिला तथा कानून मन्त्रीज्यूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । वास्तकमा आज यो कर्णाली प्रदेशमा जुन सार्वजनिक प्रसारण सम्बन्धी विधेयक छलफल भईरहँदा यो भित्र बनेका जुन विभिन्न दर्ता नियमन गर्न बनेका जुन विषय बस्तुहरू छन् ती विषय बस्तुहरूलाई हामीले छलफलमा भाग लिईरहँदा मैले यहाँ देखिरहेको छु । जस्तै व्याख्यात्मक टिप्पणीमा हेरिरहँदा दफा ५ मा चाहिँ मैलेकेही विषय यहाँ अलिकति अस्पष्टता भएको देखिरहेको छु । त्यो ठाँउमा हामीले त्यो शब्दलाई सच्चाउनु पर्ने भन्ने छ मैले राखेको छु । तोकिएको भन्ने शब्दचाहिँ त्यहाँ छुटेको, यसै गरी यस विधेयकको

दफा १३ को (ख) मा प्रदेशस्तर रहेका, प्रदेश स्तरमा रहेको विभिन्न कृर्षि,शिक्षा, उद्योग, वाणिज्य,विज्ञान प्रविधि जस्ता महत्वपूर्ण विषयहरू स्वास्थ्य जस्तो महत्वपूर्ण विषय समटिएको छ जुन सूचना र सञ्चारको प्रविधिले आम नागरिकमा पूर्याउने महत्वपूर्ण विषय छ । त्यो विषय सँगसँगै एउटा विषय जुन हामीले १७ ओटा दिगो विकासका लक्ष्यसँगसम्बन्धितछैटौ बुदाँको खाने पानी पनि विषय यहाँ छुटेको छ किन भने यो असाध्यै महत्वपूर्ण विषय जसले मान्छेको जीवनसँगमानवजीवनसँग सम्बन्धी विषय छ यो विषयलाई पनि मैले छुटेको महशुस गरेको छु र जुन विषयहरू सैद्धान्तिक छलफलमा हामीले यहाँ राखिरहँदा यसलाई हुनत हामीले संशोधनको प्रक्रियामार्फत् पनि हामीले यलाई व्यवस्थित र पूर्णरूप दिन सक्छौं तर पनि हामीले बनाईरहेका कर्णाली प्रदेशको भौगोलिकअवस्थालाई हेरेर जुन बनि रहेको विधेयक र हाम्रा कर्णालीका आम दुरदराजका नागरिकका लागि सूसुचित हुन्छ कि हुदैन र त्यहाँका पहूँच पुग्न सक्छ कि सक्दैन भन्ने कुरा महत्वपूर्ण छ । त्यस कारणले गर्दा यो विधेयक माथि थुप्रै यस्ता विषय वस्तुहरू हामीले छुटेको अनुभूतिगरिरहेका छौं । अ त्यो विषयमा हामीले संशोधन मार्फत् पनि हामी छलफललाई यो विधेयकलाई पूर्णरूप दिने छौं र मैले के भन्छु भन्दा भने सूचनाको जुन एउटा असाध्यै महत्वपूर्ण विषय छ । जसले सूचनाको माध्यमबाट हरेक नागरिकले सामाजिक न्यायका कुराहरूलाई सामाजिक उत्तरदायित्वको कुराहरूलाई असाध्यै व्यवस्थित गर्दै र सूचनाको पहुँचमा आम नागरिकको भूमिकालाई जुन हेर्ने महत्व विधेयक छ । यो आफैंमा असाध्यै सुन्दर छ तर यलाई अझै सुन्दर बनाउन हामी सबैको छलफल, हामी सबैको सुझाव आवश्यकता पर्दछ । त्यस कारणले गर्दा यो कर्णाली भित्र रहेका जतिपनि रेडियो एफएमहरू र सञ्चार माध्यमका माध्यमबाट अहिलेसम्म जसरी प्रसारण भईरहेका छन् तिनलाई व्यवस्थित गर्न र राम्रोसँगव्यवस्थित भएर चलिरहेका जुन रेडियो एफएमहरूलाई प्रोत्साहनका कुराहरू जसले आफ्नो उद्देश्य अनुरूप चल्न सकिरहेका छैनन्।उद्देश्य अनुरूप अगाडि बढ्न सकिरहेका छैन्न । त्यस्ता रेडियो प्रसारणहरूलाई नियमन गर्न जुन व्यवस्थितरूपले यो विधेयक आएको छ यलाई अझै महत्वका साथ हामीले छलफलमा भाग लिएर सुझावसल्लाहहरू दिंदै अझ यसलाई अगाडि बढाउनेको कुरा छदैछ तर पनि यो सूचनाको जुन हामीले विधेयक माथि अध्ययन गरीरहँदा आम सञ्चार माध्यमहरूको अहिलेको यो परिस्थितिमा हामीले देखिरहेका छौं । कुनै पनि सकारात्मक कुराहरूलाई र सकारात्मक भूमिकाका साथ सूचना आम नागरिककहाँपुऱ्याउने महान जुन कर्तव्य छ त्यो कर्तव्य पूरा गर्न सकेका छन् कि छैन र त्यो कर्तव्य अनुसार अगाडि चल्न सकेका छन् कि छैन भन्ने कुरा असाध्यै महत्वपूर्ण छ । त्यो महत्वपूर्ण विषय सँगसँगै कहि यो सञ्चारका माध्यमबाट सूचनाका माध्यमबाट पत्रप्रतिका माध्यमबाट जुन भईरहेका गतिविधिहरूछन् हरेक विषयसँग जोडिएको विकास निमार्णदेखि लिएर हरेक विषयसँगसूचना जोडिएको छ त्यसकारणले गर्दा पनि यो विधेयक लाई असाध्यै महत्वपूर्णका साथ हेरिएको छ र यो असाध्यै महत्व छ र महत्वका साथ

यलाई हामीले अझै संशोधन मार्फत् यसलाई व्यवस्थित गरेर यो विधेयकको पूर्णरूप दिने छौं भन्ने कुरा राख्दै मेरा भनाई यहीं अन्त्य गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री देवि ओली

**माननीय श्री देवि ओलीः** सभामुख महोदय आज यो कर्णाली प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालयको यो जुन सार्वजनिक प्रसारण सम्बन्धमा कानूनी व्यवस्था गर्न बनेको विधेयकको विषयमा मलाई पनि के लाग्यको छ भने पूर्ववक्ता माननीय ज्यूहरूले भने जस्तै प्रसारण सँगै प्रकाशनलाई पनि ल्याउन मिल्ने हो भने ल्याउँदा यो अलि सबै हिसाबले सहज र मितव्यी हुन्थ्यो भन्ने पहिलो कुरा राख्न चाहन्छु र दोस्रो कुरा जसरी यहाँ टेलिभिजन र रेडियोको मात्रै अलिकति स्थापना गर्न अथवा व्यवस्थित गर्न सञ्चालन गर्न कुराको परिकल्पना गरिएको छ यो विधेयकले विषेश गरेर ती टेलिभिजन र रेडियोबाट प्रसारण हुने कुराहरू मानवमैत्री, लैङ्गिक मैत्रीको परिकल्पना गरेको छ । अवश्य पनि सरकारले ईजाजत दिएर सञ्चालनमा आएका जुन सञ्चार माध्यमहरूछन् । तीसञ्चार माध्यमले सरकार प्रति भन्दा पनि जनता प्रति नै उत्तरदायी भएर काम गरेको अहिले संम्मको यो सञ्चारका माध्यमहरूको ऐतिहासिक कुराहरूलाई हामीले स्मरण गर्दा खेरी मलाई त्यस्तो लाग्छ सरकारले जसरी मैले यहाँ एउटा स्मरण के गराउन चाहान्छु त भने कहिलै पनि यो मिडियाहरू अथवा सञ्चार माध्यमहरू भनेको जनताको अधिकार जनताको हकसँग नै जोडिएको हुन्छ । यो कुनै पनि विभेदहरू हुने खालका त्यस्ता प्रसारणहरू गर्न नमिल्ने भनिएको छ यस कुरामा विशेष गरेर अब कानून बनाउने भन्दा खेरी पनि यसको कार्यान्वयनको पाटोमा हामीले विशेष ध्यान दिनु पर्छ र यो विधेयक कानून निमार्ण गर्ने जुन सरकारले यहाँ प्रस्तुत गरेको छ यहाँ सभाले यी यसलाई कानूनको रूपमा निमार्ण गर्छ र अन्तिम भईसकेपछि यो जनताको एउटा सबैभन्दा ठूलो र महत्वपूर्ण हतियारको रूपमा रहन सक्छ । यो प्रसारण गर्ने शिलशिलामा अहिले सम्म हामीले देखेको, भोगेको, सुनेको के छ भने यो विभेद हुने खालका एउटा सानो केही केहीमा अहिले हाम्रो प्रदेश सरकारबाट सञ्चालन भएका गतिविधिहरूमा त्यसो छैन यो विधेयकले अब यो भन्दा पहिला स्थापना भईसकेका टेलिभिजन, रेडियोहरूलाई पनि यहि कानूनमा मार्फत्इजाजत लिएर सञ्चालन भएको मानिने छ भनेर त्यो कल्पना पनि गरिएको छ भोलि त्यो दायरा भित्र आउँदा खेरी त्यो ढङ्गको एउटा व्यवस्थितसञ्चालनहुन सक्ने होला तर अहिले स्थानीय स्तरहरूमा, जिल्लाहरूमा स्थापना भएका उसले अलिकति समानताको सन्देश दिन नसकेको मैले अनुभूति गरेको छु । विशेष गरी यो खेलकूदको क्षेत्रहरूमा विज्ञापनहरू दिदा खेरि जहिले पनि महिला र पुरुषको भैलिबल अथवा अरु खेलहरूमा त्यो त्यहाँको आयोजकले ल्याएको जुन महिलाहरूको गतिविधिमा महिला खेलाडिहरू अथवा सहभागीहरूको उसमा पुरस्कारको एउटा विभेद खालको थोरै कम थोरै सय रूपया, हजार रूपया भए पनि कम गरेर ल्याएकोलाई पनि प्रसारण गरेको हामीले सुनेका छौं । त्यसमा पनि आयोजकले जस्तो ल्याए त्यस्तै भन्दा पनि यसको पनि केही

दायित्व हुनु पर्छ ति कुराहरू पनि हामीले कहि न कहि कानूनमा जोडेर लैजानु पर्छ भन्ने कुरा मैले यहाँ राख्न चाहन्छुर विशेष गरेर यो ढिलै भए पनि हाम्रा प्रदेशभित्र व्यवस्थित गर्नको निम्ति सञ्चार माध्यमलाई अथवा टेलिभिजन रेडियोलाई व्यवस्थित गर्नको निम्ति जुन यो कानून ल्याइएको छ यो कानूनले संख्यामा भन्दा पनि गुणस्तरमा बढी हामीले जोड दिन पर्छ । अहिले जिल्लामा जुन खालका रेडियोहरू स्थापना भएका छन् अत्यन्तै दुखदायीअवस्थामा र समस्याग्रस्त अवस्थामा गुज्रिनु परेको अवस्था छ र प्रदेशमै पनि केहीसञ्चालन भएका त्यस्ता टेलिभिजन रेडियोको अवस्था, स्थिति हेरेका छौं । हामीले उनीहरूको पनि एकदमै समस्याग्रस्त अवस्थामा सञ्चालन गर्न पर्ने अवस्था, स्थितिलाई पनि मध्येनजर गरेर यो कानूनले हाम्रो कर्णाली प्रदेशको जनजीवनलाई झल्किने खालका, त्यस्ता खालका हामीले बाहिर जस्तो हाम्रो आजको यो कानूनले के एउटा उसलाई भुल्नु हुदैन भन्ने हामी हिजो जुन धरातालबाट आएका छौं पश्चिमा छाडा संकृतिले हाम्रो आफ्नो मैलिकतालाई ह्रास बनायो आफ्नो मौलिकतालाई ओझेलमा पार्‍यो भन्ने कुरा छ । त्यो कुरालाई पनि यो कानूनले व्यवस्थित गरेर लैजानु पर्छ र हाम्रो यो मैलिक संस्कृतलाई प्रवर्धन गर्नको निम्ति र त्यसलाई बढावा दिनको निम्ति त्यस्तै किसिमका सामाग्री उत्पादन गरेर प्रसारण गर्ने खालको यो कानूनीव्यवस्था हुनु पर्छ र यसको दफावार छलफल र संशोधनमा जाँदा खेरि ति कुराहरूलाई कहाँनिर, कसरी अटाउने भन्ने कुरामा हामी अझै थप छलफल गर्ने छौं र यसको सैद्धान्तिक पक्षमा मैले यति मात्र भन्न चाहन्छु कि हामीले स्थापना गर्ने रेडियो र टेलिभिजनहरूले सबैभन्दा तल निम्नस्तरको वर्ग र विभेदमा परेको वर्गलाई नै बढी भन्दा बढी प्रथामिकता दिने गरेर मानवमैत्री सामाग्रीहरू उत्पादन, प्रसारणमा हामीले विशेष ध्यान दिन पर्छ भन्ने कुरा राख्दै आफ्नो भनाई अन्त्य गर्छु, धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री विन्दमान विष्ट

**माननीय श्री विन्दमान विष्टः** माननीय सभामुख महोदय, हामी कर्णाली प्रदेश सार्वजनिक प्रसारण सम्बन्धमा कानूनीव्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि सैद्धान्तिक छलफलमा सहभागी भैराखेका छौं । अब राम्रो संविधानले नागरिकको सूचनाको हकलाई ग्यारेन्टी गरेको छ र प्रेस स्वतन्त्रलाई पनि ग्यारेन्टी गरेको छ । यीदुइटा विषयलाई व्यवस्थित गर्नको लागि नागरिकको सूचनाको हक, आम नागरिकमा सूचना पर्‍याउने कुराको ग्यारेन्टी गर्नुपर्ने पनि छ प्रेस स्वतन्त्रताको मूल्य र मान्यतालाई कोही पनि मर्न नदिने गरी त्यो कुराको ग्यारेन्टी पनि गर्नुपर्ने छ र त्यो सँगसँगैप्रेसलाई मर्यादित बनाउनको लागि व्यवस्थित गर्नको लागि र यसलाई सहज बनाउनको लागि जनताको सूचना पाउने अधिकारलाई सुलभ पनि बनाउनको लागि यसलाई व्यवस्थित गराउनु पर्ने दायित्व छ । त्यहीँदायित्वलाई बोध गरेर प्रदेश सरकारले यो विधेयक यो सम्मानित सदनमा प्रस्तुत गरेको छ । योसँगसम्बन्धित रहेर आफ्ना विषयहरू राख्दा खेरि अब सामान्यतया यो अगाडि पनि माननीय ज्यूहरूले उठाउनु भएको छ । यो प्रसारण

सम्बन्धमा प्रसारणसम्बन्धी यो विधेयक आएको छ यो सँगसँगै प्रकाशन पनि जोड्दाखेरि उपयूक्त हुन्थ्यो कि भन्ने प्रश्न पनि उठेको छ तर प्रदेशको एकल अधिकार सूचीमा सायद यो प्रसारण सम्बन्धित रेडियो, एफएम र टेलिभिजन भएको कारणले गर्दा खेरि यसो गर्न खोजियो होला जस्तो मलाई लाग्छ फेरि पनि हामीले रेडियो, एफएम र टेलिभिजनलाई एकल अधिकारको भनेर यो बनाउदै गर्दा खेरि एफएम फेरि स्थानीय सरकारको स्थानीय तहको एकल सुचिमा पर्दो रहेछ । छापा,श्रव्य-दृश्य, विद्युतीय यि सबै कुरालाई फेरि संघीय, संघ त्यस पछि प्रदेश र स्थानीयको संयूक्त सुचिमा परेको र यो क्षेत्राधिकार भित्र परेको विषय रहेछ । यो विषयलाई अहिले हामीले सबैलाई एकै चोटि ल्याएर पछि बाजिने तहसम्म हट्ने कुरा त छदै छ तर प्रकाशन र प्रसारणलाई सबै एकै चोटि यो विधेयकको रूपमा हामीले प्रस्तुत गरेर ऐन बनाउँदा खेरि हामी अलि छरितो हुने माननीय ज्यूहरूले भने जस्तै अलि केरे छिटो हुने हुन्थ्यो । त्यो कुरालाई अलिकती समेट्न नसकेको होकि, यसलाई पनि समेटेर जानु पर्छ कि भन्ने कुरा म तपाईंहरूको बीचमा राख्न चाहन्छु र दोस्रो कुरा अब यो प्रसारणको कुरा गर्दै गर्दा खेरि यो विधेयकसँगसम्बन्धित कुरा गर्दै गर्दा खेरि अब विभिन्न विषयहरू जस्तो राष्ट्रियता, सार्वभौमसत्ता लगायतका अब जातीय, क्षेत्रीय, लैंगिक विभेदहरू त्यस्तो कुराहरू भयो भने पछि तत्काल रोक्न सकिने छ भन्ने ऐनले व्यवस्था गरेको छ । विधेयकले व्यवस्था गरेको छ तर त्यो नियमन गर्न निकायको परिकल्पना यसमा गरिएन, नियमन गर्ने निकाय मन्त्रालयलाई भनिएको छ । अब मन्त्रालयका काम कार्यवाहीहरू कति व्यवस्थितहुन सक्छन् अ टेलिभिजनले एउटा कुनै कार्यक्रम सञ्चालनगरीराखेको छ । त्यलाई सेन्सर गर्नु पर्ने होकि त्यो सम्बन्धी एउटा कुनै निकायको परिकल्पना गर्नु पर्ने होकि मलाई लाग्छ नियमन गर्न स्वतन्त्रतालाई ग्यारेन्टी गर्न सूचनाको हकलाई ग्यारेन्टी गर्न र यसलाई मर्यादित बनाउनको लागि नियमन गर्नुपर्ने ठाउँमा हामी आई पुग्दा खेरि यो विधेयकले नियमनकारी भूमिकाको पनि परिकल्पना गरेको कारणले गर्दा खेरि नियमनकारी निकाय मन्त्रालयभन्दा अलि फरक ढङ्गको नियमनकारी निकायको परिकल्पना गर्न हो कि भन्ने कुरा म तपाईंहरूको बीचमा केरे यो विधेयकमा टिप्पणी गर्दा खेरि सैद्धान्तिक छलफलमा सहभागि हुँदा खेरि त्यसको पनि परिकल्पना गर्ने कि भन्ने मेरो कुरा छ । त्यस पछि तेस्रो कुरा अब यो प्रशारणसँगसम्बन्धित र हामीले मर्यादित ढङ्गले र त्यसपछि गएर जनताको साँच्चिकै वास्तविक सूचनाको हकलाई ग्यारेन्टी गर्न विषयसँगजाँदा खेरि यो प्रसारणसँग सम्बन्धित अरु प्रकाशनसँगसम्बन्धित पनि लाई व्यवस्थित र अलिकति गुणस्तरीय बनाउनको लागि सञ्चार जगतलाई गुणस्तरीय बनाउनको लागि केरे उसको प्रत्रकारहरूको क्षमता अभिबृद्धिको कुरालाई पनि खास गरी यो ऐनले बोल्नु पर्नेआवश्यकता छ । छुस्स एक ठाउँमा अलिकति तालीमको व्यवस्थागरिने छ भन्ने कुरा गरिएको छ तर हामीले प्रसारणसम्बन्धी अनुमति दिने बेलामा खास गरी प्रत्रकारहरूको अवस्था त्यसमा काम गर्ने कर्मचारीहरूको अवस्थाको बारेमा

पनि अलिकति यद्यपि नियम पछि बनाउदै जाने त्यसको परिकल्पना गर्ला तर यो कुरालाई पनि समेटेर जाँदा खेरि उपयूक्त हुन्छ भन्ने मेरो कुरा छ र त्यसपछि हाम्रो प्रदेश, कर्णाली प्रदेश जहाँ हामी अत्यन्तै दुर्गम ठाउँमा छौं। धेरै अधिकांस जनताहरू अहिले पनि सूचनाको हकभन्दा बाहिर हुनुहुन्छ। यसो हुँदा खेरि यसको सञ्चार प्रसारणसम्बन्धी निकायहरूलाई अनुमति दिदा खेरि अब यसको केरे अनुमति दिने बेलामा यसको शुल्कको कुरा गरिएको छ । शुल्कको अब पछि निधारर्ण गरिने छ भनेर भनिएको छ । यसो गर्दा खेरि हामीले अति दुर्गम ठाउँहरूमा प्रसारणसम्बन्धी रेडियोको होला, एफएमको होला अब टेलिभिजन त कति सम्भावना रहन्छ पछि सम्भावना हुदै जाला त्यो सम्म हामीले कुरा गर्दा खेरि अलिकति यो शुल्कको बारेमा पनि हामीले नयाँ ढङ्गले सोच्नु पर्ने आवश्यकताको ठाउँमा हामी छौं जस्तो लाग्छ । यद्यपि यो नियम बनाउँदा खेरिको कुरा होला त्यलाई पनि हामीले व्यवस्थित गर्नु पर्ने आवश्यकतामा छौं। त्यसो हुँदा खेरि अब जस्तो हामीले कानूनले बर्जित गरेका कुराहरू कुनै प्रसारण संस्थाले प्रसारण गर्ने निकायले, संस्थाले प्रसारण गरीदियो भने त्यो सम्बन्धी दण्ड जरिवानाको कुरा के हो ? यसमा बन्द गर्न सक्ने छ त्यो कार्यक्रम भन्ने सम्मको व्यवस्था मन्त्रालयले गर्ने छ भनेर उल्लेख गरिएको छ । हैन र त्यसपछि गएर हाम्रो संविधानको व्यवस्था हेर्दा खेरि प्रसारण गरेको आधारमा कुनै पनि सञ्चार माध्यमलाई हामीले बन्द गर्न सक्दैनौं, खारेज गर्न सक्दैनौं भन्ने संवैधानिक व्यवस्था छ । यो कुरालाई अलिकति कानूनमा कानून बनाउन केरे कानून बनाएर कार्यवाही गर्न सकिने व्यवस्था संविधानले खोलिदिएको छ । यसमा केही अस्पष्टताहरूछन्कानूनले ऐन त प्रष्टरूपमा बोल्नु पर्छ सामान्यतया एउटा सामान्य भन्दा सामान्य मान्छेले ऐन हेरेपछि मैले यो काम गर्दा खेरि यो सम्मको सजाय हुन सक्छ । मैले यो काम गर्दा खेरि यो सम्मको दण्ड हुन सक्छ । मैले यो काम गर्दा खेरि यो सम्मको जरिवाना हुन सक्दछ र मैले यो काम गर्दा खेरि यति सम्म म पुरुकृस्त हुन सक्दछु अथवा मैले यो देशको लागि समाजको लागि ठीक काम गरेको छु भन्ने कुराको अनुभूति एउटा सामान्यभन्दा सामान्य मान्छेले हेर्दा खेरि ऐन बुझिने खालको हुनु पर्छ । त्यो कुरामा अलिकति कहिन कहि यो विधेयक जो छ यो विधेयकमा केहीन केही हामीले छलफल गर्नुपर्ने, बहस गर्नुपर्ने त्यस पछि यलाई सबैले बुझ्ने गरी र त्यस पछि गएर राम्रो कामलाई प्रोत्साहित गर्ने र नराम्रा कामलाई निरुत्साहित गर्ने गरी प्रस्ट व्यवस्थागरी यो विधेयकलाई अगाडि बढाउनु पर्ने आवश्यकता देख्दछु मैले यति भन्छु, धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले सभामा प्रस्तुत गर्नु भएको कर्णाली प्रदेश सार्वजनिक प्रसारण सम्बन्धमा कानूनी व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथिको सैद्धान्तिक छलफल समाप्त भएको जानकारी छु । माननीय सदस्यहरू कर्णाली प्रदेश सभा नियमावली, २०७४ को परिच्छेद-१५ व्यवस्थापन कार्यविधिको नियम १०९ को

उपनियम १ अनुसार कर्णाली प्रदेश सार्वजनिक प्रसारण सम्बन्धमा कानूनी व्यवस्था गर्न बनेको विधेयक, २०७५ मा संशोधनको सूचना पेश गर्न चाहनु हुने माननीय सदस्यहरूलाई ७२ घण्टाको समय सीमा प्रारम्भ भएको व्यहोरा जानकारी गराउँदछु । माननीय सदस्यहरू अब यो बैठक २०७५ साल फागुन २२ गते बुधवार दिनको १ बजे सम्मका लागि स्थगित हुन्छ ।

कर्णाली प्रदेश सभा
तेस्रो अधिवेशन
कार्यवाहीको सम्पूर्ण विवरण
२०७५ फागुन २२ गते
बुधबार
(बैठक संख्या-३)

राष्ट्रिय धुन,

**माननीय सभामुखः**(माननीय सदस्यहरू कर्णाली प्रदेश प्रदेश सभाको हिउँदे अधिवेशनको तेस्रो वैठकको कार्यवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू प्रदेश सरकार र प्रदेश सरकारमार्फत् सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउनु पर्ने विषयहरूमा आफ्ना भनाई राख्न विशेष समयको व्यवस्था गरेको छु । सर्वप्रथम मानीय श्री वदमी क्वारी बोहरा (समय पाँच मिनेट)

**माननीय श्री वदमी क्वारी बोहराः** कर्णाली प्रदेश,प्रदेश सभाको हिउँदे अधिवेशनको तेस्रो बैठकमा म केही आफ्नो जिल्लाको कुराहरू राख्न जादै छु ।सभामुख महोदय जलवायू परिवर्तनका कारण डोल्पा जिल्ला लगायत विभिन्न देशै भरीका हिमाली जिल्लाहरूमा हिमपातको कारणले जनजीवन अस्तव्यस्त भएको र धैरै ठाउँहरूमा मानवीय क्षतीसहित त्यहाँको सम्पत्तिहरू नष्ट भएको छ । यसै अन्तर्गत डोल्पा जिल्लाको उपल्लो डोल्पा, उपल्लो भेग हाम्रो उपल्लो डोल्पामा छार्गाताङसुङ,डोल्पाबुद्ध र शे-फोक्सुण्डो गाउँपालीकामा लगायत जगदुल्ला गाउँपालीकाको केही क्षेत्रमा डोल्पाकै दुर्गम गाउँमा एउटा व्यबसायीक रूपमा चौरी पालन गर्ने चौरी पालक किसानहरूको ठूलो क्षती भएको म यहाँहरूलाई यहाँ हाम्रो कर्णली प्रदेश सरकारमार्फत्, सभामुख मार्फत् कर्णाली प्रदेश सरकारलाई ध्यानाकर्षण गराउँछु ।डेढ दुई सय चौरी मरेर ठूलो क्षती भएको छ। एउटा याकको ८०,००० देखी १,००,००० सम्म पर्छ । त्यो कारणले गर्दा खेरी डेढ दुई सय चौरीको जुन हिउँ पहिरोको कारणले गर्दा खेरी हिउँ पहिरोले तोपेको छ । त्यहाँ धेरै क्षती भएको छ । जनजीवन अस्तव्यस्त छ, अझै पनि उपल्लो डोल्पाका केही क्षेत्रहरूसँग सम्म यहाँ कर्णाली प्रदेश सरकारको प्रकृतिसँग लडाई गर्ने क्षमता कोसँग हुन्छ र प्राकृतिक प्रकोप परेको ठाउँमा कर्णाली प्रदेश सरकारको ध्यान जाओस् भन्न म सभामुख मार्फत् यहाँ कर्णाली प्रदेश सरकारलाई सम्बन्धित निकायलाई ध्यानाकर्षण गराउँछु र अर्को एउटा कुरा मैले भन्न खोजेको कुरा हिउँदे अधिवेशनको पहिलो अधिवेशन मै १५ गते जुन प्रतिपक्ष दलको नेताले भन्नु भा जस्तै डोल्पा जिल्लामा यो विप्लप समूहको विकराल शब्दले चाई अलिकति जिल्लाको सुरक्षा निकायले केही गुनासो गरेको छ । यो उहाँले जुन पहिलो अधिवेशनको दिनमा भन्नु भाथ्यो विकराल यो विप्लपको विकराल शब्द हुनत देशै भरीमा यसो हेर्दा खेरी उहाँले बोल्यादेखी पछाडि कुनै ठाउँ कुनै क्षेत्रमा त्यो विकराल सुरु भको छ, त्यो हामीले पनि थापाएका छौं तर मेरो जिल्लाको हिसाबमा म

भर्खरै पार्टी कमिटिमा एक डेढ महिना म त्यहीँ जिल्लामा रहेर म भर्खर प्रदेश सदनको सुरु हुँदा झर्दै छु र यो निश्चित नै गलत कुरा हो । विप्लपको ब पनि हामीले नभेटेर एक महिना, डेढ महिनाको पार्टीको कार्यक्रम सकेर आइम, होलान् छुटफुट कतैसम्म हिजोको दश बर्षे जनयुद्धबाट पिडित समुह हुँ भन्नेहरू दुई चार जना विरलै कतै काई भेटिन्छन् तर विकराल नभएको यहाँ सदनलाई सभामुख मार्फत् प्रदेश सरकारलाई जानकारी गराउन चाहन्छु, मेरो भनाई यही टुङग्याउँछु धन्यवाद ।

**माननीय सभामुख:- माननीय श्री मिनासिंह रखाल ।**

**माननीय श्री मिनासिंह रखाल:** माननीय सभामुखज्यू, मैले यहाँ यो राख्न गईरहेको कुरा यहाँ मैले राख्नु पर्छ या पर्दैन म आफैंलाई पनि थाहा छैन तर पनि मैले राख्न कोसिस गरिरहेको छु र नेपालको संविधान,२०७२ ले हामीलाई विभिन्न किसिमको अधिकार पनि दिएको छ र अधिकारको नाममा दुरूपयोग भएपछि कानूनी सजाय पनि तोकिएको छ तर नेपालको संविधान,२०७२ भाग ४, दफा ५१(ग) सामाजिक र साँस्कृतिक रूपान्तरणसम्बन्धी नीति ५ मा लेखिएको छ, नीतिमा लेखेको छ, समाजमा विद्यमान धर्म,प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता,शोषण,अन्यायको अन्त्य गर्ने भनेर संविधानमा उल्लेख भएको छ । तर हामीले कताकता देख्न, सुन्न के पाईरहेका छौं भने धर्मको नाममा विकृतीभइरहेको छ । संस्कृतीको नाममा विकृतीभइरहेको छ। यही फागुन २० गते पशुपतिमा जुन लागेको मेलामा धर्मको नाममा नाङ्गा जोगीहरू आएर त्यहाँ विकृती फैलाई रहेको हामीले देख्न र सुन्न पायौं र यसले के गर्छ त भने पछि हाम्रा संस्कृतिलाई विखण्डन पार्छ र हाम्रो धर्मलाई धरापमा पार्छ । मैले यो बोलिरहँदा म पनि एउटा हिन्दु नारीको हिन्दु धर्म मान्ने मान्छे हुँ तर आज हाम्रो हिन्दु धर्म मान्ने हरेक धर्मलाई यसले Chalange दिईरहेको छ, अरु धर्मको अगाडि हामीले शिर निहुराउनु परेको छ, तसर्थ म के भन्न चाहन्छु भने धर्मको नाममा यस्ता विकृती, विसङ्गती कुनै पनि ठाउँमा हुनुहुँदैन भन्दै यहाँ सभामुख महोदयसँग म अनुरोध के गर्न चाहन्छु भने सरकारका कार्यपालिका,केन्द्रका, प्रदेशका सबै सरकारहरूलाई यहाँहरूले ध्यान आकर्षण गरी दिनु पर्‍यो यदि यस्तो विकृती हुन्छ, भने फेरी हामीले अर्को आन्दोलन गर्नु पर्ने हुन्छ म आफ्ना कुरा यही राख्छु। हस्त धन्यवाद ।

**माननीय सभामुख : माननीय श्री अम्मर बहादुर थापा ।**

**माननीय श्री अम्मर बहादुर थापा:** माननीय सभामुख महोदय, अहिले कर्णाली प्रदेशको विकास निर्माणको क्रममा तेस्रो चौमासिक सुरु भैसक्यो । विकासको सम्झौतादेखि लिएर विकासका कामहरू भएका छैनन् हामी निर्वाचित भै सकेपछि गत आर्थिक वर्षको बजेटमा पनि त्यस्तै तरिकाले रोकियो र यो वर्ष पनि कुनै किसिमका हामीले संसदमा पास गर्‍यौं, निर्णय भएका छन्, योजना छानिएका छन् तर ती योजनाहरूको कार्यान्वयनको क्षेत्रमा गएको छैन। त्यसैले यदि जनताले योजना पारेका छन् भनेका भरमै जनता आशामूखी

भए अहिले गाउँ वस्तीमा जाँदा के हुने हो ? सरकार जस्ले प्रदेश सरकारले गरेका कामहरू कहाँ जान्छन् ? के हुन्छ ? भनेर जनताले प्रश्न गरी रहेका छन् । त्यसो भको हुनाले कर्णाली प्रदेशको सरकारले गतिका साथ अगाडि बढाउने वातावरण एउटा कुरा सिर्जना भएको छैन र यो वर्षको बजेट पनि चालु बजेट खर्च भैसक्ने,पुँजीगत बजेट खर्च भएन भने यो देशको विकास के हुन सक्छ । हामीले चालु बजेट धेरै ठूलो भोलममा हाम्रो खर्च हुने एक त यो प्रक्रियै छ । यो देशमा चालु बजेट करीव ६३-६४ प्रतिशत केन्द्रकै बजेट छ र पुँजीगत बजेट ३१ प्रतिशत भन्दा वढी छैन । त्यो ३१ प्रतिशत बजेट त्यो देश निर्माणमा लाग्ने बजेट हो । त्यो देश निर्माणमा हुने बजेट अहिले सम्म तेस्रो चौमासिक आउँदा पनि खर्चको शुरुवाती भएको छैन । अनि यो देशको विकास यो देशको निर्माण यो देशका जनताको समृद्धि कसरी हुन सक्ला त्यसैले सभामुख मार्फत् सरकारको ध्यानाकर्षण गराउँन चाहन्छु। दोस्रो कुरा अहिले पनि हामी संघीय लोकतान्त्रिक गणतन्त्रको संघीय गणतान्त्रिक व्यवस्था शुरु गऱ्यौं तर नाममा मात्रै रह्यो वास्तवमा मैले अघि वर्णन पनि गरे तर कमेन्ट गर्दा सरकारले केही चिज भएनन् भनेर पनि भएकै स्रोतलाई परिचालन गरेर अगाडि बढ्न जरुरी छ तर पनि केन्द्रीय संघीय सरकारबाट कर्मचारी समायोजन भएका छन् ममा अस्ती मात्रै काठमाँडौ संघीय मन्त्रालयमा प्रवेश गरे त्यहाँ गएर सोध्दा खेरी भएका कर्मचारीहरूलाई अन्यत्र सरुवा गरिएको छ तर यहाँ यो प्रदेश कर्णाली प्रदेशका कर्मचारीहरू अन्यत्र सरुवा गरी यहाँ खाली राखिएको छ । यो किन भएको छ भनेर मैले त्यहाँ पनि आवाज उठाए अव पदपूर्ती गरेर पठाउँने भन्ने पदपूर्ती गर्न कहिलेसम्म गरिने हो । त्यस कारणले कर्णाली प्रदेशको सरकार र संघीय सरकारसँगको संघीय सरकारसँग त्यो आवाज उठ्यो कि उठेन यो क्याविनेटले त्यतातिर ध्यान दियो कि दिएन हाम्रो यो प्रदेशभित्र रहेका कर्मचारीहरूलाई कलाई कसरी रोक्न सकिन्छ र के-कसरी नयाँ व्यवस्था गर्न सकिन्छ यतातिर ध्यानाकर्षित प्रदेशबाट पनि भएको छैन माथिबाट त जे-जे छ हामी के गर्ने ? जहाँ रोज्यो त्यहीं पठाउने हो भन्ने एउटा मानसिकताले मात्रै देश निर्माण हुन सक्तैन । आवश्यकता अनुसारको कर्मचारी नभएर विकास निर्माण कसरी हुनसक्छ ? त्यसैले यो सभामुख मार्फत् कर्णाली प्रदेशको सरकारले र संघीय सरकारको पनि ध्यानाकर्षण गराएर कर्मचारी समायोजनमा यो कर्णाली प्रदेशमा तल्लो तहका अलिअलि कर्मचारी छन् । माथिल्लो तहका कुनै कर्मचारीहरू छैनन् ।

अर्को कुरा शान्ति सुरक्षाका विषयमा अहिले मैले धेरै उद्योगपतिहरूलाई सोधे उहाँहरूले भन्नु भएको छ र स्थानीय तहका सरकारहरूले भनीराछन् । विप्लपको चन्दा आतङ्कले अव हामी के गर्ने हो ? तत्काल यो समस्या समाधान भएन भने संकटमा हामी परि सकिउ भनेर कतिपय गाउँपालिकामा त पैसा पनि गैसक्यो नदिए अर्कै किसिमको धम्की आइरहेको छ। त्सस कारणले हामीलाई अव स्थानीय सरकार चलाउने हो भने हामीलाई यसबाट मुक्त कसरी हुन सक्छ भनेर खोजी गरी रहेका छन् । उद्योग

व्यापारीहरूले पनि यो चन्दा आतंक फेरी सुरु भयो अव हाम्रो औद्योगिक क्षेत्र अथवा हामीले व्यावसायिक क्षेत्रलाई कसरी अगाडिबढाउने हो । त्यस कारणले हामीलाई समस्या छ भनेका छन्। त्यसो भाको हुनाले यो सभामुखमार्फत् प्रदेश सरकारलाई प्रदेशभित्र रहेको शान्ति सुरक्षालाई कसरी व्यवस्थापन गर्न सकिने हो र कसरी यिनी कुराहरूलाई स्वतन्त्र रूपले व्यापारगर्ने मान्छे,उद्योग चलाउने मान्छे र स्थानीय तहका सरकारहरू गाउँ-गाउँ वस्तीमा छन् र गाउँ वस्तीमा शान्ति सुरक्षाको व्यवस्था कम भएको छ। त्यसो भएको हुनाले यसलाई कसरी शान्ति सुरक्षाको व्यवस्था गर्न सकिन्छ त्यता तिर सरकारको ध्यान जाओस् भन्न चाहन्छु, धन्यवाद ।

**माननीय सभामुख:** माननीय श्री जीवन बहादुर शाही । रोष्टम प्रयोग गर्न सक्नुहुन्छ ।

**माननीय श्री जीवन बहादुर शाही:**सम्माननीय सभामुख महोदय, सम्माननीय सभामुख महोदय मार्फत् म आज यो विशेष समयमा केही कुराहरू राख्न चाहन्छु र हाम्रो सदनको नै स्वीकृतिमा निर्वाचन आयोगसम्बन्धीकानूनहरूको संशोधन गर्नुपर्ने निर्माणको कार्य भएको हुनाले आउँदा आउँदै ढिलो भएको हो । त्यसको लागि म पहिला बोल्ने माननीयज्यूहरूले के बोल्नु भयो मैले सुन्न पाईन । त्यसको लागि क्षमा माग्छु ।सभामुख महोदय, आज मैले अलिकति राख्न खोजेको विषय भनेको यो जुन सरकारले एउटा निर्णय गरेको छ । माथेमाले जुन प्लानिङ गरेको छ ।त्यो प्लानिङको विषयमा सदनलाई कुनै जानकारी नै नदिएर, छलफलै नभएर हामीले एउटा खाली जग्गा बेच्ने वित्तिकै त्यहीँ एउटा भवन बनाईहाल्ने अर्को बनाईहाल्ने भन्ने खालको जुन खालको एउटा निर्णय भएर गएको देखियो । त्यो कति उपयुक्त हो हामीले एउटा प्लानिङ गर्नको लागि सारा महत्वपूर्ण कुराहरू हुन्छ। हिजोको त्यो एउटा मास्टर प्लानलाई हामीले परिवर्तन गर्दा पनि क्याविनेटले गरेको सहि कुरो होला तर सदनमा ल्याएर अथवा हामीले छलफल गरेर कम्तिमा पनि समितिमा भए पनि छलफल गरेर त्यलाई अगाडि वढाउँदा राम्रो हुन्छ कि भन्ने मलाई लाग्दछ र अहिले कुरा आएको छ । हामीले मन्त्रालयका भवनहरू निर्माण गर्ने कुराहरू भईरहेका छन् । खाली जग्गा देखेउ बनाई हालीउ त्यो भोली यो ठाउँमा एउटा ठूलो भूकम्प आयो भने त्यस्तै दैवी विपत्तीपऱ्यो भने पाथ चाहिने कि नचाहिने ? आज केही संरचनाहरू हामीलाई नचाहिने संरचनाहरू बनेका हुन सक्छनर मैले कैलेकैले यो बाटोमा हिड्दा हिड्दै देख्छु। दंगा प्रहरी कार्यालय भनेर राखेको हुन्छ हामी अव अलिकतीबीचमा सबै शान्त नै मान्छे भएका हुनाले त्यो दंगा परिरहन्छ जस्तो मलाई लाग्दैन। यसलाई हामीले एक छेउमा सारेर त्यो ठाउँमा हामीले मन्त्रालयका अथवा विभागका भवनहरू बनाउने हो कि जसले गर्दाखेरी यसको जुन एउटा मास्टर प्लान भएको छ त्यो प्लान चाँही नविग्रीयोस् भन्न चाँही म अनुरोध गर्न चाहन्छु। पत्राचार भएका कुराहरू हामीले सुन्न पायौं । कतै अहिले पनि हाम्रो सदन हामी यहाँका सभासद अथवा सांसदहरूले हाम्रो सरकारले गरेका निर्णयहरू, हाम्रो सरकारले गरेका कुराहरू पत्रपत्रिकाबाट थाहा पाउनुपर्ने अवस्था आयो भने के हुन्छ भने सरकार र सदनको

बीचमा ठूलो Gap छ भन्ने कुराहरू जनाउँछ । त्यसकारण म चै के आग्रह गर्न चाहन्छु भने माथेमाले गरेका कैयौं कुराहरूबिग्रेका होलान यहाँका प्रभुत्व व्यक्तित्वहरू हुनुहुन्छ । सुर्खेतबाट निर्वाचित भएका आदरणीय सांसदज्यूहरू हुनुहुन्छ, छेउँछाउँका सांसदज्यूहरू हुनुहुन्छ, त्यसलाई विग्रेको भत्केकोलाई सुधार्नु पर्ने ठाउँमा हामीले पनि जथाभावी गर्दै गइयो भने यसले राम्रो गर्ला भन्ने मलाई लाग्दैन अर्को कुरो सार्वजनिक लेखा समितिले एउटा रिपोर्ट ल्यायो असाध्यै अनुसन्धान गरेर अध्ययन गरेर पाँच महिना लाग्यो भन्छन् तर या त पन्ध्र दिनमै टेक्निकल विषयका कुराहरू पनि पन्ध्र दिनमा चाँही सार्वजनिक लेखाले बाहिर रिपोर्ट ल्याउने देशमा पाँच महिना लगाएर यो रिपोर्ट आयो भन्ने कुरा अहिले त्यो कुराहरू पनि  हामीले बाहिर चर्चाको विषय भएको छ। अस्ति मात्रै सार्वजनिक लेखाले उपसमिति बनायो त्यसले चाई लेखा समितिलाई बुझायो त्यसलाई चाई सरकारलाई जुन बुझाएको छ, यो के कस्तो भएको ? म कुनै कुरामा यो अनियमिता भएको हो भने पनि सुधार्ने पक्षमा हामी जानुपर्छ भन्ने मलाई लाग्दछ,यदि होइन भने यहाँ के देखियो एकातिर मैले पत्रपत्रिका हेर्दा हचुवाको भरमा लेखा समितिले यो निर्णयहरू गरेको छ,भन्ने कुराहरू आईरहेको छ । लेखा समितिले लेखा समितिमा हेर्दाखेरी प्रभुत्वशाली व्यक्तित्वहरूबसेर पाँच महिना मानिसको जीवनमा त्यो धेरै ठूलो समय हो त्यसको पूरा अध्ययन अध्यापन गरेर नै आएको भन्ने कुरा छ तर हामीले सदनले थाहा पाउने के हो भने सदनले सुन्ने भन्ने कुरा के हो भने सदनमा जुन कुराहरू बताईयो त्यो वेला सभामुख महोदय त्यो वेलाको मन्त्री त्यो वेलाको अवस्थामा जुन राराको कुरा हामीले गर्दाखेरी जुन मन्त्री ज्यूले यहाँ हामीलाई भन्नु भो हामीले सुन्ने कुरा त्यहीं नै हो त्यसमा केही तलमाथी हुनसक्छ, भेरिफिकेशनका कुराहरू पनि आउलान् तर प्लानिङ चै भएको हुनुपर्छ। जसले गर्दा यो कर्णाली प्रदेशको ईमेजलाई अलिकति खराब पार्छ कि भन्ने मेरो चिन्ता हो । त्यसले गर्दा खेरी हामी त हुन्छौ कहिले खुसी हुन्छौ होला एउटाले यो भयो कि उ भयो कि त्यस्ता प्रक्रियाहरूमा आयो त्यति खेरकै घटना हो एउटा सचिवले कुटाई खानु पर्ने भो फलानो ठाउँको विल हामीले जुन विलमा राख्ननुनपर्ने चिजहरूलाई पनि राखीयो भन्ने पनि आयो त्यो सुन्नमा आयो सत्य कति हो असत्य कति हो त्यो म भन्न सक्दिन । त्यसकारण यो आएको हुनाले अरुलाई यो सरकारको र सदनको गरीमामयलाई चै अपचलन नहुनकोलागि पनि सरकारले यसलाई राम्रो गरोस् र त्यो अन्यथा अरुहरू हावी हुन नपरोस् भन्ने चै म एउटा सुझाव पनि दिन चाहन्छु व्यक्तिगत ढंगले हेर्ने हो भने के भाको र कसरी भएको भन्ने त्यो म समितिको सदस्यपनि होइन तर एउटा प्रतिपक्ष दलको नेताको हैसियतले यहाँ आईसकेपछि यस यी कुराको समयमा नै हामीले चै भन्नुपर्छ भन्ने मलाई लाग्दछ अब विकासका बारेमा धैरै कुराहरू भए फागुन दुई दिन तीन दिन पछि सिध्दिदै छ । चैत्र,वैशाख, जेठ,असार डोल्पामा, हुम्लामा, मुगुका उत्तरी वेल्टमा विकास नहुनु स्वभाविक होला सुर्खेतको विकास हुन्लाई के ले रोक्यो?के हिउँले रोकेको हो ?कतै १ नम्बर क्षेत्र २ नम्बर क्षेत्रमा पनि हिमपात

भयो की, गुराँसेसम्म भयो भन्ने त हामीले पनि सुनेउँ, फोटो खिचेको पनि देखिउँ, गुराँसमाथी सेतो, रातो गुराँसमाथी सेतो अर्को हिमालबाट आउने हिउँ पनि फुलेको देखिउ, तर अरु ठाउँमा त त्यस्तो भएको देखेको थिईन म संयोगले त्यसको पुर्वतिर पश्चिमतिर जाने सौभाग्य पाए म एउटा करालो भिरमा बस्ने मान्छे त्यता जाँदा त जतातत‍ै चौरचौरै जता हेऱ्यो उतै चौर जता हेऱ्यो उतै फाँट अनि विजुलीका खम्बाहरू पनि देखे जोडा जोडा राखेका छन्, कुनै ठाउँमा सिंगल राखेको छ ।बाङगेसिमल उता गई सकेपछि त्यो सायद बढी छैन होला ५/६ किलो मिटर बाटो छ । भताभुङ्ग छ, बड्डीचौर गई सकेपछि अलिकति ठीक छ बाटो त्यस पछि फेरी पश्चिम तिर गयो भने बाटो बनेको छ, सडक पिच हुन सकेकोछैन। सायद हामीले त्यहाँको क्षेत्रको त्यो पैसा त्यो सडकमा राखेको भए त्यो ठाउँ पनि केही बन्थ्यो होला भन्ने हो किनकि हामी त्यती अप्ठेरो ठाउँको भएको हुनाले त्यो अप्ठ्यारोमा तपाईंहरूले काम गर्न सक्नु भएन हामी दोष दिन चाहदैनौ सभामुख महोदय मार्फत् माननीय मन्त्रीज्यूहरूलाई भन्न चाहन्छु त्यस्तो ठाउँमा पनि नहुनु केले अल्झीयो आज विहान मात्रै सभामुख महोदय हाम्रो सम्माननीय मुख्यमन्त्रीज्यूले भन्दै हुनुहुन्थ्यो ।कानूनबनाएन भन्छन् कर्णाली प्रदेशमा कानून बनाएन भन्छन् के दालभात खाने पनि कानून बनाउने होर चाहिने कानून त बनाई सक्यौं भनेर भन्दा मेरो छाती गर्वले गदगद् भएको छ । बाटोमा आउँदा आउँदै सोचे कानून त बनेछ त्यो बाटो किन बन्दैन कुन कानूनले रोक्यो, बाटो नबनाउँने कानून कुन हो, विजुली नआउँने कानून कुन हो, सिँचाई नआउँने कानून कुन हो, केले किन कसरी रोक्यो हाम्रो ल्याकिङ कहाँनेर छ । यसलाई हामीले सोच्नु पर्छ अव शब्दले मात्र गरेर बन्दैन । हामी चाहन्छौ सरकारले यो उर्जाशील सरकारले केही राम्रो काम गरेको देख्न पाउँ भन्ने कुरा हो । सायद मेरो धर्म प्रतिपक्षको धर्म हो भन्ने एउटा प्रचलन छ मेरो धर्म त तपाईंको बाटो नबनेको, विजुली नबलेको, टावरमा चाई टेलिफोन टावरमा काम नगरेको भयो भने अनि त्यसको खिस्सी उडाउने मेरो धर्म हो।तर म त्यो धर्मको विपरित छु मलाई किन भने म हारौला यहाँका जनताहरू हार्नु हुदैन यो प्रदेशले हार्नु हुदैन । त्यस कारणले सरकारले समयमा काम गर्नु पर्छ, उसले आफूले नजानेका कुराहरूको सल्लाह लिनुपर्छ भन्ने हाम्रो मनसाय हो बुलबुले ताल यही नजीक छ, काक्रेविहार त्यहीँनजीक छ, काक्रेविहारको डिपिआर बनाउनमा केही मेरो पनि केही योगदान छ, किनकि यो भन्दा अगाडि म चाई पर्यटन मन्त्री थिएँ तर अहिले हामीले हाम्रो टुरिजमको विकासको लागि भनेर अरु भन्दा अलि विशेष हामीले पैसा पनि राखीउँ शुन्नमा आयो यसको डिपिआर पनि भैसकेको छ, एकदम प्रदेशका मन्त्रालयका मन्त्रीज्यूहरूले, सचिवज्यूहरूले दस्तखत गर्नलाई डर मान्दा खेरी अरुले दस्तखत पनि गरीदिएका छन् । तर काम शुरु भएको छैन अनि यहि काम नगरेको कारण ले हामी के पहिलो हुने हौं यो कुरालाई सरकारको ध्यान जाओस् भन्ने कुरा हामी चाहन्छौ यो सारै अवत आजबाट त गर्मी पनि यति चढिसकेको छ कि भोली फेरी के हुनेछ । एक महिना पछि पानी परिसकेपछि फेरी हामीले काम गर्न सक्दैनौ ।

हामी यस्तो ठाउँका यस्तो भूगोलका जनता छौं। हिउँदमा हिउँ पर्छ, बर्खामा पानी पर्छ,कुन वेला हामीले काम गर्नु यस्को लागि सरकारका मन्त्रीज्यूहरू एकदम सेन्सेटिभ हुन पर्छ भन्ने मलाई लाग्छ । म लगाम भन्ने ठाउँमा पुगे मेरो हुम्लाको दुर्गमतालाई पनि विर्स्याई दियो सबै भन्दा टाढा भनेको लिमी त्यो ठाउँबाट सम्पर्क हुन सक्दैन सिमिकोटबाट ४ दिन लाग्छ, तर त्यो ठाउँमा पनि टेलिफोन व्यवस्था छन्, टेलिफोन गर्न सक्नुहुन्छ ।पटक्कै नभए पनि चीनसँगका फोनबाट पनि हामी Contact मा रहन्छौ । लगाममा गए पछि साच्चै लगाम लगाइएको रहेछ तर हाम्रा आदरणीय माननीयज्यूहरूको क्षेत्र होला,सबैहरूको लगाम भनेको तपाईंहरूलाई थाहा छ घोडालाई लगाउँने लगाम हुन्छ। त्यो खिचिरहने उतातिर हेरे एउटा टेलिफोनको टावर छ तर त्यो LLMB नजोडेको कारणले हो या हिल स्टेशनले काम नगरेको कारणले हो उभिरहेको छ टेलिफोन लाग्दैन यी कुराहरू त हामी प्रदेश सरकारबाट गर्न सक्थिउँ नि हाम्रो ठूलो परिकल्पनाहरू छन् । यी भएकालाई हामीले गर्न सक्थिउँ त्यहीँ ठाउँमा एउटा विजुली बन्दै रहिछ १० किलो वाटको विजुली सामुदायिक जनताबाट, वडाबाट त्यहाँ हामीले पनि पैसा हालेको भए १० किलो वाट विजुली बल्दो रहिछ जवकि हाम्रो यो प्रदेशको डेटामा के छ भने ३.८ मेगाबाट मात्रै विजुली छ । ती १० किलो वाटबनिसकेको छ, तारको लागि पैसाको पुगेको छैन मैले देखेको छु। हामीले हेर्दा खेरी हाम्रो सरकारको मुख्यमन्त्री ज्यूको Planing भित्र विद्युतको लागि पैसा छुट्याइयो १५/२० लाख रूपैयाँ त दिईदिने हो भने यहाँ त विजुली बल्छ होलानी । हामी, म भन्न चाहन्छु, सभामुख महोदय मेरो मात्र प्रदेश बनाउ,मेरो मात्र गाउँ बनाउ होइन जहाँजहाँबन्न सक्छ ।बनिरहेका राम्रा गर्नेलाई हामी अगााडी वढौ भन्ने म हार्दिक अनुरोध गर्न चाहन्छु । सभामुख महोदय हामीले कल्पना गर्‍यौंEducation के हो त अहिलेको Educationहुन सक्दैन Technical Educationचाहिन्छ, Technical Educationहरू दिनुपर्छ, भन्ने कुरा पनि सुनेउ त्यहीं क्षेत्रमा जाँदा मैले सुर्खेत जिल्लाको मात्र कुरा गर्दैछौं। त्यहीं क्षेत्रमा जाँदा के भेटियो भने १० विघा, ११ विघा, १२ विघा आफ्नो स्वामित्वमा भएका माविहरू देखियो त्यस्तो ठाउँमा सभामुख महोदय, हामीले अर्गानिक प्रदेशको परिकल्पना गरिरहेको ठाउँमा त्यस्ता हाई स्कुलहरूलाई हामीले अनुदान दिएर भेटनरी शिक्षा पढाउँने व्यवस्था गरीदिएर ती १०/११विघा जग्गामा उत्पादनमुखी त्यहाँबाट ट्रेन प्राप्त गरेको भए कति राम्रो हुँदो हो । सायद सरकारको प्लानिङ भित्र यी कुरा छैनन् भन्ने मेरो बुझाई होइन । कुरा सुन्नमा आयो बजेट त हामी ल्याईदिन्छौ केही मानिसले भनेका कुरा सभामुख महोदय वजेट त हामी ल्याईदिन्छौ सेटिङ जान्नु पर्‍यो नी मैले त कुरा वुझ्न सकिनँ। सेटिङ पनि एउटाएप्स सहित मोवाईलमा हुन्छ सेट गर भन्ने यो वजेटले के सेटिङ चाई कस्तो हो कस्तो कस्तो सेटिङ गर्नुपर्ने ? मन्त्रालयमा अफिस टाईम भन्दा पछि गएर सेटिङ मिलाउनु पर्ने हो या मन्त्रालय त्यो शुरु हुनुभन्दा अगाडिको हो यो सत्य हो तथ्य हो के हो ? यो आरोप सभामुख महोदय हाम्रो प्रदेश सरकारलाई ठूलो आरोप छ। यो आरोप कहिनिर सत्यको

कुरामा लागेको छैन तर विकासको प्रक्रिया हेर्दा ती देखिन्छ। अहिले समपुरक पैसाहरूआइरहेका छन्। हामीले कुनै पनि गाउँपालिकाहरूलाई Ladder Up Systemमा गएनौ भने अव हाम्रो सिष्टम लागु होला जस्तो मलाई लाग्दैन तीन तह हामीले के भनेका छौं । स्वतन्त्र भनेका छौं एकल अधिकारको कुरा गरेका छौं । तर मलाई के लाग्छ भने यो १ वर्षको अनुभवमा स्थानीय सरकारलाई हामीमाथी उत्तरदायी बनाउ, हामी केन्द्रीय सरकारप्रति उत्तरदायी बनौ भन्ने चाई मेरो सोचाई हो गलत हुन सक्छ तर अव अहिले हामीले फेरी अर्को खालको चाई हिजोको यो विकास क्षेत्रका कार्यालय जस्तै क्षेत्रीय कार्यालय जस्तै हाम्रा कार्यालयहरू जाने कुनै ठाउँमा ज्ञान केन्द्र राख्ने, कुनै ठाउँमा ध्यान केन्द्र राख्ने यो ज्ञान र ध्यानले गर्ने के हो हामीले जुन बजेट हो त्यहाँका Local llected हरूलाई हामीले हाल्दिउ भने होला अहिले त तपाईंहरूले फेरी चिन्ता गर्नुपर्ने पनि कुरा छैनन् २ तिहाईको सरकार छ, गाउँमा २ तिहाईको छ, प्रदेशमा २ तिहाईको छ, यहाँ त ४ तिहाई भने पनि भो ५ तिहाई भने पनि भो केन्द्रमा छ । त्यसमा अरु मिश्रित होला भन्ने पनि हैन तर सिष्टमको कुरालाई वसालिउ भने यो काम छिटो हुन्थ्योकी स्थानीय तहमा ईञ्जिनिएर छ, स्थानीय तहमा ओभरसियर छ, सव ओभरसियर छ, मलाई लाग्छ सभामुख महोदय मैले भन्नै पर्ने होला भौतिक पूर्वाधार मन्त्रीलाई २/४ चोटी अगाडि सचिव विहिन भएका चाई ईञ्जिनिएर वस्न मान्दैन प्रोग्राम कसरी गर्ने त्यो हो भने वरु हामीले प्लानिङ कमिसन पनि हाम्रो नीति तथा प्लानिङ कमिसन पनि हाम्रो भैसकेको छ । उनका प्लानिङ अनुसार हामीले मोनिटरीङ गर्ने मन्त्रीज्यू गएर हामीले हालेको पैसा चाई सहि सदुपयोग भयो कि भएन या त्यो क्षेत्रको माननीयज्यू गएर सहि सदुपयोग भयो कि भएन भन्ने कुरामा लागेउँ भने सायद यो सात वटा प्रदेश भरीमा हाम्रो पनि एउटा नमूना काम हुन्थ्योकी । हामी स्थानीयलाई तह बनाउन, वलियो बनाउनसक्छौं भन्ने कुरा हुन्थ्यो होला मैले भन्ने गरेको छु स्थानीय सरकार भनेको चुलोको सरकार हो। हामी भनेको देखिने नै सरकार हो। अनि केन्द्र भनेको सुनिने सरकार हो। त्यस कारण सबभन्दा महत्वपूर्ण चुलोको सरकारको हुन सक्छ सभामुख महोदय त्यसको लागि पनि ध्यान दिनोस्, हामी सभामुख महोदय सरकालाईबलियो बनाउन चाहन्छौ तर कतै पनि गति शुन्यता छ। गति अगाडिबढेको देखिएन, त्यो मेरो भनाई होइन यही माननीय संसदज्यूहरूको भनाईहरू छन्  र खर्चका प्रक्रियाहरूमा हामीलाई निकै वाधा अड्चनहरू भए ती वाधा अड्चनको लागि पनि हामी वस्न सक्ने पनि परिस्थिति होला र वस्नु पनि पर्ला मैले अस्ति पनि भने आज पनि दोहोर्‍याउन के चाहन्छु भने अधिकांस कर्मचारीहरू या नबस्नुको कारण हामीलाई राजनैतीक प्रेसर भयो, अना आवश्यक प्रेसर भयो, भन्ने कुरा छ। यदि त्यो हो भने पनि हामी छलफल गरौं यस्तो कुरामा केही माननीय सांसदज्यूहरू,सरकारका मन्त्रीज्यूहरू, मन्त्रालयका सचिवज्यूहरूबसेर कोर्डिनेशन गरेर कसरी यसलाई अगाडिबढाउन सकिन्छ भन्ने कुरामा जानु हाम्रो लागि उपयुक्त हुन सक्छ भन्ने लाग्छ। खर्चको प्रक्रियाहरू होला हामीलाई केही संघीय कानूनहरूले पनि अप्ठेरो

पारेको छ त्यो कुरा हामीले पनि महशुस गरेका छौं, तर त्यसको निकास गर्नलाई अप्ठेरो नपारेका कुराहरूलाई हामी अगाडि वढ्न सक्छौं नि । यो कुरालाई चाई सरकारले ध्यान दिनुपर्छ भन्ने मलाई लाग्छ र अर्को विडम्वनाको कुरा रातो किताबमा निस्किएका रकमहरू पनि, यो सम्मानित संसदले पास गरेका रकमहरूपनि, व्यक्तिको पहुँचको रूपमा परिवर्तन गर्न सकिन्छ कि सकिन्न फलानो यति नम्बर वडामा भनेर कार्यक्रम पर्‍यो अनि पावर भएको मान्छेले या हुदैन भनेरे अर्को ठाउँमा गयो। त्यसका विषयमा मुद्दापर्‍यो अव मुद्दा पारिरहने या हामीले प्रष्ट रूपमा सरकारको प्रमुखले हिजो रातो किताबमा जहाँ-जहाँ जे-जे योजनाहरू परेका छन्, तिनलाई अगाडिबढाउने भनेर निर्देशन दिने यो कुरालाई पनि ख्याल गर्नु पर्छ, होइन भने हामी आर्थिक अनुशासनमा रहेनौ भने त्यो हामी अगाडि वढ्न सक्छौं भन्ने मलाई लाग्दैन र कर्मचारीको विषय अभाव छ हो भएकाबाट हामीले काम लिन सकिउ कि सकिनँउ म आफैं पनि विधायन समितिको सदस्य छु, अहिले आज हामी बैठक राखौं भन्छौ आज त अस्तिको हामीले बैठक राख्ने कुरा पनि भएको थियो तर राट्रिय शोक भएको कारणले अर्को दिनमा हाम्रो मन्त्रीज्यूको देहावासन भएकोले राष्ट्रिय शोक मनाईरहेको दिनमा हामीले यो नगरौं होला यहि दिनमा चाई छलफलको विषय त्यति राम्रो होइन कि भनेर मैले सभामुख महोदय विधायन समितिका अध्यक्षज्यूलाई रिक्वेष्ट मैले नै गरेको थिएँ। अर्को दिन राखौ भनीउ अर्को दिन पार्टीको विहान मिटिङ भयो अर्को दिन त्यो पार्टीको मिटिङ सिद्धिएको छैनभन्ने भो यसले गर्दा खेरी हामीले संसदको एउटा मर्यादित सचिवको जुन हामी प्रमुख सचिव सरह बनाउने हाम्रो सपना त गञ्जागोल हुने होइन यसले गर्दा खेरी कतै हाम्रो संसदीय व्यवस्था हाम्रो यो पार्लियामेन्ट सिष्टम जसले पार्लियामेन्टलाई वलियो बनाउछ, त्यो कुरालाई त अगाडि वढनलाई आधार होकि होइन आज म देख्छु, कैयौ कमिकमजोरी भएका छन्, सभामुख महोदय हामीले यो कमीकमजोरी हाम्रो यो सिक्ने अवस्थामा भएको हुनाले हामी के गर्छौ भने ठीकै छ भन्छौ नत्र अस्तिको दिनमा यहाँ सैद्धान्तिक छलफल भयो । सैद्धान्तिक छलफल भैसके पछि सम्बन्धित विभागीय मन्त्रीले जवाफ दिनु पर्नेमा प्राय जस्तो सभामुख झुक्किने परिवेश कहाँ हुन्छ भने सचिवालयले लेखीदिएको कागजमा भर पर्छ पछि हामी भन्थिउ नि त यो त अलि भएन सायद यी कुरालाई निउ खोज्नको लागि त्यही पनि काफी छ निउ खोज्नको लागि म के भन्छु भने संसदीय व्यवस्थामा अत पार्लिमेन्ट सिष्टममा अनुभवको कमी हो। यसलाई हामीले तर त्यस्तो अनुभवी व्यक्ति हामीले छिट्टै नै ल्याउन सकिउ भने सायद हाम्रो पनि गरीमा बढ्नेछ, अगाडिबढ्छौं भन्ने कुरामा म चाई अनुरोध गर्न चाहन्छु । शान्ति सुरक्षाको कुरा आईरहेको छ अघिनै सभामुख महोदय माननीयज्यूले भनी सक्नु भएको छ मैले केई सुनेका कुरा हुन भन्दा एकदम आत्तीएको अवस्था छ । सबैलाई चन्दा दिने सायद कैयौं माननीयज्यूहरूलाई पनि पत्र आईसकेको छहोला, यो अवस्थामा गाउँपालीका,नगरपालीकालाई त संस्थागत र व्यक्तिगत यसमा सरकारको कमि हो म भन्दिन सरकारलाई पनि वाध्यता छन् तर विचार गर्ने वेला भयो कि भएन ? समाचार

साँचो या झुटो मलाई थाहा छैन । किनकि समाचारहरू आउदैमा, अनलाइनमा आउदैमा सबै कुराहरू विश्वसनिय छन्भन्ने कुरै यो मुलुकमा छैन तर एकजना सुदुरपश्चिमको माननीयको अपहरण भयो भन्ने कुरा आईरहेको छ, कति सत्य हो ? कति तर एउटा प्रेश विज्ञप्ती आएको छ हाम्रै समूहमा भएको उहाँको दाईलाई भेटन जानु भएको भन्ने कुरो पनि आईरहेको छ। त्यो पनि कुरा आईरहेको छ सत्य के हो थाहा छैन । के सरकारको दायित्व एउटा पोर्टफोलियोमा भएका मान्छेहरूलाई निगरानी गर्नु आवश्यकता हो कि होइन भोली बिक्रिसके पछि यस्तो भयो भन्नु भन्दा पहिला सचेतनाका कुराहरूतपाईंहरूलाई वाध्यता छहामीले वुझेका छौं यद्यपी त्यो अधिकार प्राप्त गर्नुगर्ने प्रदेश सरकारले हो त्यो हुन नसकेतापनि संघीय सरकारका कुराहरूलाई यहाँहरूले भनेको नमान्ने भन्ने कुरो त हुन सक्दैन होला त्यलाई पनि हामीले ध्यान दिनुपर्ने कुरा एकदम महत्वपूर्ण हो भन्ने मलाई लाग्छ त्यस कारण २/४वटा कुराहरू आजै हुने कुरा भोलीनै हुने कुरा कमसेकमत गर्नुस् र यो अति नै वदनामी हुने कुराबाट सरकार जोगियोस यसले आज यो काम गरेको छ हेर्दाखेरी यस्तो देखिन्छ कि बाहिरबाटयो सरकारलाई त २ सेकेण्ड पनि फुर्सद छैन । भयानक काम गरीरहेको हेर्दा काईपनि दिउँसै टर्च लाएर हेर्दा पनि नभेटिने जस्तो जुन अवस्था भएको छ । त्यलाई हामीले ख्याल गरौं अहिले पनि म चै सभामुख महोदय मार्फत् के भन्न चाहन्छु भने जुन रकमहरू छन् । जुन-जुन ठाउँमा काम छ त्यो त अगाडिबढाऔ सायद केही छैन आज सुर्खेतमा हुन्छ सुर्खेतलाई गर्नुस दैलेखमा हुन्छ दैलेखलाई गर्नुस् । यो पल्ट यिनीयिनी ठाउँहरूबन्यो भने अर्को ठाउँमा हामी अर्को चोटीको बजेटले वनाउला बजेट फ्रिज जाने गएर हाम्रो सञ्चयकोषमा आईहाल्छ भन्ने, कामको प्रगती नदेखिने र अन्तिममा गएर फेरी तोकका भरमा, म धेरै जस्तो मन्त्रालयमा जान्न सभामुख महोदय बोलाको ठाउँमा जान्छु । शिक्षा मन्त्रालयमा, सामाजिक मन्त्रालयमा माननीय मन्त्रीले १ पटक बोलाउनु भो म त्यहाँ पुगे आर्थिक मामिलाले बोलाउनु भो म त्यहाँ पुगे, कृषिले बोलाउनु भो त्यहाँ पुगे, भौतिकले पनि १/२ चोटी बोलाउनु भको थियो उहाँले वोलाको वेला आफू नहुने आफू भा वेला उहाँ नहुने । आन्तरिक मामिलाको पहिला कानून विषय पढ्न गयौं । अव एउटा कुरो केहो भने मर्यादा तसबैको हुन्छ अव गएर चाई धाउदै जाने कुरा पनि भएन केही सुझावको आवश्यकता सम्झिनु भो भने वोलायो भने जा पनि जाने तर देखियो के भने अहिले सुर्खेतमा मानिसहरूको ग्रुप यति धेरै देखिन थाल्यो कि, बुझ्दै जाँदा चाई ८/१० जनाको ग्रुप हुने यहाँबाट काठमाँडौ जाने काठमाँडौबाट यहाँ फर्किने अथवा यहाँबाट नैनी ताल जाने नैनी ताल बाट यहाँ आउने यहाँ आएर एउटा यस्तो जना त्यो बाटो खर्च उठाउने रूपले जाने, अनि माननीय मन्त्रीज्यूहरूलाई पनि यत्ति भएन भने म तिमिलाई भोट हालेको के काम ? यसैमा हामी गएउ भने यो अगाडि नवढ्न सक्ला मैले आज भन्नै पर्छ मुख्यमन्त्रीको हकमा के कुराहरू देखिएनन सभामुख महोदय ति कुराहरू देखिएनन् तर मुख्यमन्त्रिको भिजन के हो ? कहाँ तिर जान आज पनि भन्न चाहन्छु कि उहाँ भनेको

हामी सबैको लिडर हो सदन भित्र वास्तवमा भन्ने हो भने पोर्टफोलियो भनेको ३ जना मान्छेको यो सदन बनेको हो । सभामुख,मुख्यमन्त्री र  प्रतिपक्ष दलको नेतालाई नै अफिस होल्डर भनेर भनिन्छ अन्तराष्ट्रिय भाषामा पनि हाम्रोमा पनि भनिन्छ । हाम्रो दायित्व भनेकै सरकारलाई सदनलाई सहि वाटेमा सहि ट्रयाकमा लगेर यलाई उन्नत बनाउने भन्ने कुरा चाई हो तर Vision नै देखिएन म क्षमा चाहन्छु सभामुख महोदय यसले मैले कसैको मान मर्दन गर्न खोजेको होइन प्रमुख भैसके पछि मेरो सपना नै छैन। मैले केही गर्न सकिनँ भन्न मिल्दैन सभामुख महोदय सभामुख महोदय मार्फत् म मुख्यमन्त्रीज्यूलाई भन्न चाहन्छु । जुन विषयको लागि उहाँ आउनु भएको छ, जुन विषयको लागि कुर्षिमा बस्नु भएको छ, त्यसलाई निरन्तर जे सकिन्छ, त्यसको लागिअगाडि वढ्नको लागि पनि म सभामुख महोदयमार्फत् म अनुरोध गर्न चाहन्छु, मैले किन भनीरहेको छु भने हिमालयन टेलिभिजन हेरे । टफटकमा हाम्रो मुख्यमन्त्रीज्यू,सभामुख महोदय भद्र हुनुहुन्छ एकदम हासीहासी दिनु भो तर अव केही पनि हुदैन नी देशमा केही पनि हुदैन। उहाँको मनसाय मैले वुझेको थिएँ संघले हामीलाई चाई केही गर्न दिएको छैन, भन्ने मनशायले भन्नु भएको थियो तर संघले गर्ने कुरा रोकलाई यहाँ भएका कुरालाई यियि मैले गरे यियि ठाउँमा म पुगे भन्ने वातावरण जानुपर्छ किनकि सरकारको मुख्य मान्छे नै निराशावादी भयो भने मन्त्रीहरूले आशा ल्याउलान् भन्ने देखिदैन मन्त्रीहरू पनि आशा मरे भने सांसदहरूको आशा कसरी जोगाउँन सक्छ। यि कुरालाई म यलाई रचनात्मक भनु सहयोगात्मक भन्नोस या Critical भन्नोस या जीवनले विरोधका लागि विरोध गरे भन्नोस जे भन्नु हुन्छ भन्नोस तर मेरो भनाई यहीनै हो सबैले गर्दा यो प्रदेशलाई समृद्ध बनाउन सक्छ अवका ३ महिनामा हामीले रात दिन नभनेर काम गर्नु छ, अगाडिबढ्नु छ, यहीं पूरा होस् यहाँ भएका मैले भने सिचाईले एउटा डेढ करोड रुपैया हाल्दिने विक्तिकै यहाँ दशौ हजार विघा अथवा सयौं विघा यहाँको जमिन उत्पादनशील हुन्छ, उत्पादन वृद्धि गर्न सक्छभने पहाडका हिमाली जिल्लामा चामल खाद्य पदार्थ प्राप्त हुन सक्दैन । हामीलाई धनगढीको कुहिएको चामल होइन, नेपालगञ्जको कुहिएको चामल होइन, हाम्रै यो सुर्खेतमा, हाम्रै यो रुकुममा जहाँ धान उत्पादन हुन्छ र माथिका उत्तरी तिरका मान्छेहरू भाते बानीमा फसि सकेका छन् ।त्यहीं यहाँको विकास हुने त्यहाँकाले खान पाउने व्यवस्थाको लागि पनि तपाईंहरूलागि दिनको लागिअगाडि वढी दिनको लागि म यही कुरा राख्नको लागि मैले सम्माननीय सभामुखज्यूलाई मैले विशेष समय मागेको थिएँ मलाई समय दिईदिनु भएकोमा हार्दिक धन्यवाद दिदै यहाँहरूबाट विदा हुन्छु धन्यवाद ।जय नेपाल ।

**माननीय सभामुख : माननीय कृष्णा शाह ।**

**माननीय श्री कृष्णा शाह:** सभामुख महोदय, पहिलो कुरा त मैले आज यहाँ वोल्ने विषयको बारेमा अब स्पष्ट भईन भन्नु पर्छ। मैले मेरो विषय आज सैद्धान्तिक विषय भनेर राखेको थिएँ । यहाँ विशेष समयको बारेमा रहेछ अब सभामुख महोदय, मैले आफ्ना कुरा

छोटोमा राख्दा खेरी जाजरकोट जिल्लामा विशेष गरी त हामीले सधैं उठाउँदै आएको कुरा के हो भने हाम्रो जाजरकोटको नलगाड नगरपाँलिकामा वाढीले गर्दा खेरी त्यहाँको धेरै धनको क्षती भई राखेको छ।त्यहाँ धेरै पुलहरू भत्किएका छन्,बगेका छन् र घर खेतहरू वाढीले बगाएको छ । हामीले धेरै पटक यहाँ सरकारको ध्यान आकर्षण पनि गराएका छौं र बैठकमा पनि हामीले राखेका छौं, सरकारसँग पनि राखेका छौं तर आज सम्म त्यो विषयमा कुनै सुनुवाई भएको छैन त्यसको कुनै पनि यहाँ स्पष्टिकरण दिने काम भको छैन। त्यो का के भैराखेको छ यो विषयमा म जवाफ सुन्न चाहन्छु र मैले आफना विषयमा यही राख्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख :** सर्वप्रथम माननीय श्री धर्मराज रेग्मी विशेष समयको लागि ।

**माननीय श्री धर्मराज रेग्मी:** सभामुख महोदय,मैले संविधानको एउटा व्यवस्था र नियमावलीको एउटा व्यवस्थाकालीनमा मध्ये केवल दुइटा व्यवस्था माथि आफ्नो कुरा राख्न उभिएको छु ।संविधानको धारा २३५ छ, सभामुख महोदय, संविधानको धारा २३५ ले खासगरी संविधानको भाग २० संघ,प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्धमा केन्द्रित छ, सभामुख महोदय संविधानको धारा २३५ ले संघ,प्रदेश र स्थानीय तहबीचको समन्वयको प्रोभिजन छ, त्यसमा संघ,प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्न संघीय संसदले आवश्यक कानूनबनाउने छ,भन्ने २३५ को १ को व्यवस्था हो सभामुख महोदय म २३५ को २को व्यवस्थामा यहाँ सम्मानीत सदनमा मेरो Concern चाई त्यो हो । २ मा के व्यवस्था छ भने २३५ को चाई २ मा प्रदेश, गाउँपालिका वा नगरपालिकाकाबीच समन्वय कायम गर्न र कुनै राजनीतिक विवाद उत्पन्न भएमा प्रदेश सभाले सम्बन्धित गाउँपालिका, नगरपालिका, जिल्ला समन्वय समितिसँग समन्वय गरी त्यस्तो विवादको समाधान गर्न सक्ने छ, भन्ने प्रोभिजन छ सभामसख महोदय २३५ को २ नम्बरमा अर्थात मैले के भन्दै छु भने मैले आज हामी जुन सभामा बसेर हामी छलफल गर्दै छौं प्रदेश सभाले १ वर्ष पूरा गरेको छ । प्रदेश प्रणालीले १ वर्ष पूरा गरिरहेको छ । संविधानको २३५ को २ को भावना के हो भने स्थानीय सरकारहरूका बीचमा खासगरी हामीले स्थानीय तहका बीचमा प्रदेश,गाउँपालिका,नगरपालिकाका बीचमा यदि विवादहरू उत्पन्न भए भने त्यसको समाधानको मध्यस्थता चाई समाधानको मध्यस्थता कल्ले गर्ने हो त्यसको समाधानको ईनिसेसन कल्ले लिने हो भने प्रदेश सभाले लिने हो सभामुख महोदय अहिलेसम्म हाम्रो बुझाई अहिलेसम्म हाम्रो प्राक्टिस के छ भने प्रदेश सरकारले चाई विवादको समाधान गर्ने हो कि भन्ने प्राक्टिस छ र हामीले चई प्रदेश सभाले यो विवादको चाई समाधान गर्छ यसले ईनिसेसन लिन्छ भन्ने कुरा हामीले चाई १ वर्षको डौडानमा यसको अभ्यास गर्या छैनौं सभामुख महोदय । स्थानीय तहको सेन्टरको बारेमा विवादहरूछन्, स्थानीय तहकै बीचमा चई विवादहरूछन्, स्थानीय प्रदेशहरूका बीचमा केई विसङ्गती सावित छन्, यसको समाधानको चाई प्रदेश सभाले लिनुपर्ने चई जुन ईनिसेसन छ, त्यो हामीले लिएनौं सभामुख महोदय त्यसको लागि आर्टिकल हामीले चाई यो २३५

को ३ मा जानु पर्छ, सभामुख महोदय ३मा चाई यदि २ बमोजिम विवाद समाधान गर्ने प्रक्रिया र कार्यविधि प्रदेश कानून बमोजिम हुन्छ, सभामुख महोदय, प्रदेश कानूनप्रदेश सभाले पारित गर्छ मैले अहिले चाँही सरकारको प्रदेश सरकारको खासगरी चाई आन्तरिक मामिला कानून मन्त्रालयको प्रदेश सरकारको मैले के ध्यान आकर्षण गराउन खोजेको भने २३५ को ३ बमोजिमको प्रदेश सभाको अगुवाइमा विवादको समाधान गर्ने जुन माध्यम छ, त्यसको त्यसको लागि २३५ को ३ बमोजिम चई विवाद समाधान गर्ने प्रक्रिया र कार्यविधिसम्बन्धी प्रदेश कानूनको जुन व्यवस्था गरिनु पर्ने छ २३५ को ३,२ लाई चाई एक्टिभ गर्न २३५ को जुन उपधारा ३ छ, त्यो उपधारा ३ बमोजिमको चई विवाद समाधान गर्ने प्रक्रिया प्रसिजोरल यसको चई प्रसिजोरल एउटा ल हामीलाई चाहियो त्यो भएन भने के भो भने प्रदेश सभाको हाम्रो अवधि चई ५ वर्षको छ हामी ५ वर्षको लागि निर्वाचित भएर आएका छौं १ वर्ष प्रदेश सभाले वितायो र १ वर्षको दौडानमा प्रदेश सभाको स्थानीय र प्रदेशको बीचको अथवा स्थानीय स्थानीय बीचको विवाद समाधानका लागि प्रदेश सभाको संवैधानिक भूमिका छ भन्ने कुरा प्रदेश सभामा उठेर यसको हामीलाई चाई जानकारी भएन त्यसो हँदा खेरी म माननीय सभामुख मार्फत् सरकारलाई चाई  रुलिङ गर्न २३५ को २ को व्यवस्था सक्रिय बनाउन २३५ को ३ बमोजिमको कानून प्रदेश सभामा पेश गर्न र त्यो प्रक्रिया अगाडिबढाउन म बैठकबाट रुलिङको माग गर्दछु। सभामुख महोदय, मेरो पहिलो कुरा मेरो दोस्रो कुरा प्रदेश सभा नियमावली २०७४ को चई नियम ३९,४० सँग सम्बन्धी विषय छ ३९,४०,४१ को प्रोभिजनमा हामीले प्रदेश सरकारका मन्त्री प्रदेश सरकारका प्रतिनिधिहरूले प्रश्न उत्तरको सेसन छ । म हाउसमा अव देखिका बैठकहरूमा सरकारले गरेका कामकारवाहीका बारेमा माननीय सदस्यहरूलाई सामेल गराएर प्रश्न उत्तर चई सेसन चलाउन खार गरी म चाई ३९,४०,४१ को प्रोभिजन जुन छ नियमावलीको म त्यो नियमावलीको प्रोभिजनलाई प्रदेश सभामा अव चई अव उपरान्तका बैठकहरूमा चाई आवश्यकतानुसार त्यलाई लागु गर्न प्रश्न उत्तरको व्यवस्था लागु गर्न गरिरहेका कामकारवाहीहरूको बारेमा सरकारको पर्फमेन्सको बारेमा सरकारले आफना भूमिकाका बारेका अथवा माननीय सदस्यज्यूहरूलाई मन्त्रालय खासगरी पार्लियामेन्टरी सिष्टममा के हो भन्दा खेरी कुनै मन्त्रीसँग माननीयको चित्त बुझेन भने मन्त्रालयमा गएर सोध्ने होइन या सोध्ने हो सभामुख महोदय किनभने यो जनता कहाँ जान्छ, यो जनता कहाँ चाई प्रसारण हुन्छ, यो जनता कहाँ पुग्छ र प्रदेश भरीका करीव १७ लाख मान्छेहरू हामीतिर हेरीरहेका छन्। १ वर्ष देखी हामीतिर हेरीरहेका छन् । प्रदेश सभा प्रदेश प्रणाली यो १७ लाख मान्छेहरूको भरोसाको केन्द्र हो सभामुख महोदय यसलाई हामीले यसको गरीमा बढाउन के गर्नु पर्छ भने यसका सबै प्रोभिजनहरूलागु हुनुपर्छ ।यही दुइटा कुरा मैले राख्नलाई अ म विशेष समय लिए यी दुइटा कुरामा चाई आज बैठकबाट म चाँही रुलिङ गर्न सरकारलाई मेरो तर्फबाट निवेदन गर्छु, धन्यवाद।

**माननीय सभामुख :** माननीय सदस्यहरू अव म प्रदेश सभा नियमावली २०७४ को नियम १०५ मा भएको व्यवस्था अनुसार कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री दल रावललाई प्रदेशमा खेलकूदको विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ सभा समक्ष टेवुल गर्न समय दिन्छु ।

**सामाजिक विकास मन्त्री माननीय श्री दल रावल:** माननीय सभामुखज्यू,खेलकूदको माध्यमबाट सामुहिक भावनाको विकास गरी कर्णाली प्रदेशका नागरिकलाई स्वस्थ,अनुशासित,मर्यादित र गतिशिल बनाउन प्रदेशमा खेलकूदको विकास गर्न कानून व्यवस्था गर्न वाञ्छनीय भएकोले प्रदेशमा खेलकूदको विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ सम्मानित प्रदेश सभा नियमावली २०७४ को नियम १०५ बमोजिम सभा समक्ष टेवुल गर्दछु । धन्यवाद

**माननीय सभामुख :**टेबुल पश्चात माननीय सदस्यहरू अब म प्रदेश सभा नियमावली २०७४ को नियम १०६ मा भएको व्यवस्था अनुसार कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई कर्णाली प्रदेशमा सुशासन प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि सैद्धान्तिक छलफलको लागि सभा समक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**माननीय श्री नरेश भण्डारी:** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान पहुँच सुनिश्चित गर्न साथै सेवा प्रवाहलाई प्रभावकारी तुल्याउन सर्वसाधारण जनतालाई प्रवाह गरिनुपर्ने सेवा छिटो, छरितो, मितव्ययी तथा सर्वसुलभ बनाउन प्रशासन संयन्त्रलाई सेवामूलक, उत्तरदायी र कार्यमुलक तुल्याई सुशासन कायम राख्न सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले कर्णाली प्रदेशमा सुशासन प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १०६ बमोजिम सैद्धान्तिक छलफल गरियोस् भनी सभा समक्ष प्रस्ताव गर्दछु, धन्यवाद

**माननीय सभामुख :** मन्त्रीको प्रस्ताव राखी सकेपछि माननीय सदस्यहरू कर्णाली प्रदेशमा सुशासन प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथिको सैद्धान्तिक छलफलमा भाग लिनु हुने माननीय सदस्यहरूको लागि समय निर्धारण गरेको छु । सर्वप्रथम माननीय श्री कुर्मराज शाही (समय ७ मिनेट)

**माननीय श्री कुर्मराज शाही:**माननीय सभामुख महोदय, हिउँदे अधिवेशनको तेस्रो अधिवेशनमा आज एउटा महत्वपूर्ण विधेयकमा सैद्धान्तिकरूपले हामी छलफल गर्न गईरहेका छौं र यो विधेयक अत्यन्तै महत्वपूर्ण विधेयक हो । अझ भन्दा यो सिङ्गो शरीरलाई सञ्चालन गर्नका निम्ति मैले त यो विधेयकलाई आत्मा भनेको छु र यो विधेयकलाई मैले मुटु भनेको छु । मुटु विना, आत्मा विना सिङ्गो शरीर निष्क्रिय हुन्छ, मृत अवस्थामा हुन्छ । त्यो भएको हुनाले सिङ्गो यो सञ्चालन प्रक्रियालाई सायद सामाजिक सञ्चालनको प्रक्रिया होला सिङ्गो यो देशलाई सञ्चालनको प्रक्रियामा होला यसको

अत्यन्तै महत्वको भूमिका रोल रहन्छ । आज हामी त्यहीँ विधेयक माथि सैद्धान्तिकरूपमा हामी छलफल गर्न गईरहेका छौँ । त्यसै गरी कर्णाली प्रदेश सुशासन प्रत्याभूति गर्न सम्बन्ध व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि म सैद्धान्तिक रूपमा छलफल गर्नका निम्ति म यहाँ उपस्थित भएको छु र यसमा चाई ४० वटा दफा छन्,४० वटा दफामा सायद यो मन्त्री र मन्त्रीको टिमले आफ्नो विज्ञता यहाँ प्रकट गरेको मैले पाएको छु । हुनुपर्ने चिजहरू, हुनुपर्ने कानूनहरूसबै यसमा व्यवस्थापन गरिएका छन् र अव केही शब्द र केही बुँदाहरूमा उथलपुथल भएको होला र त्यलाई फेरी छलफल गर्ने प्रक्रियामै हामी छौँ र छलफल गर्दा खेरी अव यहाँ उठेका केही असमतका विषहरू विषयगत रूपमा विषय समितिमा गएर चाई छलफल पेश गरेर यलाई चाई मलाई लाग्छ मूर्तरूप लेला र यसमा म भन्न के चाहन्छु भन्दा खेरी अव अहिले सम्म बिग्रेकै व्यवस्था हेरी छिटो भएन, छरितो भएन, मितव्ययी भएन,आर्थिक भष्ट्राचार भो,कर्मचारीहरू समयमै अफिसमा उपस्थित भएनन,जनमुखी भएनन,जनउत्तरदायी भएनन्। यहि नै समस्या हो यो । यो यहि जुन समस्या पनि यो समस्याको समाधान गर्न सक्यो भने मलाई लाग्छ शरीरलाई जीवन्त पारे जसरी मुटु भनेको त्यसरी यो समाजलाई सञ्चालन गर्नका निम्ति यसले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । यसका निम्ति म थोरै एउटा कुरा भनु आज हामी देश विदेशका धैरै उदाहरण दिने गर्छौं, चीनमा जव क्रान्ति भैसकेपछि माओले के भन्नु भको थियो भन्दाखेरी आफ्ना मान्छेहरूलाई आफ्ना नेताहरूलाई बोलाएर उहाँले एउटा Schooling दिनु भाथ्यो ई सुशासन सम्बन्धी दिनुभाथ्यो सवभन्दा पहिला कुरा ता गभर्नमेन्ट नेताहरू अथवा गभर्नमेन्ट सरकारका मन्त्रीहरू यूनिफाईड हुनुस् भन्नु भाछ। उहाँले सुशासन प्रत्याभूति दिनका लागि एकतावद्ध हुनुस एकतावद्ध मात्र भएर हुदैन तपाईँ स्ट्रीट हुनुस, वलियो हुनुस, पावरफुल हुनुस त्यसपछि आएर तपाईँहरू अनि मलाई के लाग्छ भने क्वालिफाईड हुनुस यो तीनटा चिजले मात्रै सुशासनको प्रत्याभूति हुन सक्छ र त्यो त्यसरी सुशासन प्रत्याभूति देश समृदि दिशातिर अगाडि जान्छ भनेर उहाँले Schooling गर्नु भाथ्यो, प्राथना गर्नु भाथ्यो। यत्ति कुराको मात्रै व्यवस्थापन गर्न सकियो भने आर्थिक समृदिको दिशातिर अगाडि वढ्न सक्छ र अर्को कुरा उहाँले के भन्नु भाछ भन्दाखेरी अहिले त हामी आर्थिक समृद्धिको यात्रामा अगाडि वढिरहेका छौं। भर्खर संघीय लोकतान्त्रिक गणतन्त्रमा हामी आएका छौं। यो संघीय लोकतान्त्रिक गणतन्त्रको व्यवस्थापन गर्न ईच्छातिर हामी छौँ यो व्यवस्थापन गर्नका निम्ति धेरै कानूनहरूबनाउनु पर्ने आवश्यकता छ । धेरै कानूनहरूबने मात्रै मलाई के लाग्छ, सुशासनको व्यवस्थापन गर्न सकिन्छ र संघीय लोकतान्त्रिक गणतन्त्रको व्यवस्थापन गर्न सक्छौँ र अनि वल्ल समाजवादमा आएका अवतरण गर्न सक्छौँ अहिले नेपालमा प्रदेशमा यही अवस्था हो त्यो भएको हुनाले उहाँले के भन्नु भको छ भने चाई आज म मन्त्रालय मात्रलाई दोष दिने,सरकारलाई मात्र दोष दिने, प्रतिपक्षले सरकारलाई दोष दिने, सत्ता पक्षकै सांसदहरूले चाई तपाईँलाई लाग्छ सरकारलाई दोष दिने,जनताले

सरकारलाई दोष दिने,आज सबैले दोष दिने ठाउँमा मात्र हामी उपस्थित भएका छौं दोष दिँदा मात्रै आफूलाई गौरवको भूमिका हामीले निर्वाह गरेको प्रस्तुत हामीले अगाडि प्रस्तुत गरिरहेका छौं। त्यो महसुस हामीले गरिरहेकाछौं तर त्यो होइन होला जस्तो लाग्छ मलाई सुशासन दिने क्रममा उहाँले के भन्नु भएको छ भन्दै हामी कोही पनि आज म पनि प्रत्येक नेपाली नागरिकहरू यदि म वीक भए भने, मेरो सोच्ने दिमाग वीक भयो भने, संघीय लोकतान्त्रिक गणतन्त्रमा सामान्य एउटा नागरिक सार्वजनिक पद धारण गरेको व्यक्ति मात्रै होइनसामान्य एउटा नागरिक मात्रै कमजोर भयो भने,वीक भयो भने,उ लेजी भयो, भने, अल्छी भयो भने,उ ल्याप्स भयो भने, उ लम्पट भयो भने, के हुन्छ भन्दा खेरी सारा जो परिकल्पना गरिएको हुन्छ । नेपालमा परिकल्पना गरिएको आर्थिक समृदिको दिशातिर हामी अगाडि वढ्न सक्दैनौ । आज सबै जना मलाई के लाग्छ भने स्थीर हुन आवश्यकता छ, यूनिफाईड हुन आवश्यकता छ, र क्वालिफाईड हुन आवश्यक छ, यि तीन वटा चिजले मात्रै सुशासन प्रत्याभूति दिन सक्नु भन्ने कुरा सायद कार्यालयमा चाई मलाई सेवा प्रदायक संस्थाहरू मत्रै हैनन, कार्यालयबाट काम गर्ने कर्मचारी मात्रै किन नहोस, मन्त्री किन नहोस, जो पनि व्यक्तिहरू मलाई के लाग्छ भने हामी ल्याप्स भएनौ भने, मलाई लाग्छ वीक भएनौ भने, हामी लेजी भएनौ भने, यो आर्थिक समृदिको जो हामीले यात्रा छ त्यो यात्रा अगाडिबढाउनसक्छौं यसका निम्ति म के भन्न चाहन्छु भन्दा खेरी अलिकति यहाँ नेर भनिरहँदा खेरी सामन्तवादको अन्त्य त हामीले गरेकै छौं । स्वीकार्नु पर्छ तर एउटा रैछ के भन्दा खेरी शासन चलाउनका निम्ति शासकीय स्वरूपलाई व्यवस्थापन गर्नका निम्ति शासकीय स्वरूपलाई व्यवस्थापन गर्न सकेनौं संघीयता हुनसकिनँ भनि मैले भनि सक्याछु । शासकीय स्वरूपलाई परिवर्तन गर्न सामन्तवादी प्रथा जारी राख्नुपर्ने आवश्यकता मैले महसुस गरेको छु अहिले यहानीर सामन्तवादी प्रथा संस्कार होइन । यो अन्यथा नहोस सामन्तवादी प्रथा जारी राख्नु पर्छ । सामन्तवादी प्रथा हिजो शासन व्यवस्थालाई मलाई के लाग्छ भन्दा खेरी आज मुख्य सचिवले खटाएपछि सचिव जानैपर्छ क्या त्यो प्रथा लोकतन्त्रमा के हुन्छ, भने लोकतन्त्र आएको छ, गणतन्त्र आएको छ, मुख्य सचिवले खटाउदा पनि म कहिलै हुन्न भन्ने खालको त्यो भावना हामीले विकास भको त्यले गर्दाखेरी हाम्रो गति पछि परिरहेको छ। यसको महसुस हामीले गर्न जरुरी छ आदरणीय यलाई सुधार्नुपर्ने जरुरी छ मत त्यसका निम्ति आज मुख्यसचिवले खटाएको सचिव नमान्ने,मन्त्रीले खटाए पछि सचिव नमान्ने, यसैगरी मलाई लाग्छ कानूनबनेको छ कानूनहरू नचल्ने, अहिले सम्मन कर्मचारी नआउन, अहिले पनि कर्णाली प्रदेश नरोज्ने, यले गर्दाखेरी मलाई के लाग्छ भन्दा खेरी सुशासन प्रत्याभूति दिन हामी सक्दैनै त्यो भको हुनाले मलाई के लाग्छ भन्दा खेरी सामन्तवादी आज हामीले के महसुस गर्न आवश्यकता छ भन्दाखेरी जनतालाई सुशासन साँच्चिकै दिनुपर्ने यदि हो भने मलाई के लाग्छ भने सामन्त भएर होइन, मलाई लाग्छ हामीले भावना केको विकास गर्नुपर्छ भन्दाखेरी सामन्तवादको भावना होइन। हामीले भावना के को विकास गर्नुपर्छ

भन्दा खेरी श्रमिकको भावना विकास गर्न सकिउ भने सुशासन प्रत्याभूति हुनसक्छ । हामी सबै पुजीवादी होइन पुजिवादको सोच र चिन्तनबाट चाई आज हामी जो पनि सेवा प्रदायिक संस्थाहरू विकास हुन सक्दैन । आज मैले श्रमिक सर्वहारा वर्गको चिन्तन मैले वोके भने सुशासन प्रत्याभूति दिन सकिन्छ। पुरानो चिन्तन होइन, वुर्जुवा चिन्तन होइन, प्रगतिशिल चिन्तनहरू विकास गर्न सक्यो भने सुशासन दिन सक्छौं। त्यो भको हुनाले यस्तै थुप्रै कुराहरू छन् । पुराना कुरा त्यागेर नयाँ कुराको जग प्रतिपादन हामी आफैंबाट सुरु गर्न सक्दैनौ मैले आफैंबाट आत्मबाट क्रान्ति गरेर अगाडि वढन सकेन भने म भन्छु सरकारलाई मात्र आलोचना गर्ने परिपाटी वढी विकास भाछ । सरकारको मात्रै आलोचना होइन म जहाँ उभिएको छु, म जुन ठाउँमा छु, मैले साँच्चिकै मैले आफनो कर्तव्यलाई वोध गर्न सक्यो भने कर्तव्यलाई मैले उतार्न सक्यो भने अनि जनतालाई सुशासन दिन सकिन्छ । त्यो भको हुनाले म के भन्न चाहन्छु भन्दाखेरी यि विषयलाई अगाडि वढन सक्यो भने मात्रै सुशासन प्रत्याभूति दिन सक्छौं सुशासन दिनका निम्ति कानून त वल्ल १७ वटा बनाका छौं हामीले अव धेरै कुराहरू गर्न बाँकी छ, अझै अझ धेरै हामीले समितिहरूबनाउनबाँकी छ, मत के छ भन्दाखेरी तत्काल केन्द्रले अहिले पनि छेकवार गरिरहेको छ ।यो लोकसेवा प्रदेश लोकसेवा आयोग बनाउनका निम्ति जब प्रदेश लोकसेवा आयोग बनाउन सकेनौं भने हामी सेवा प्रदायिक संस्थालाई सक्रिय पार्न सक्दैनौ र जनताले सुशासन अनुभूति दिन सक्दैनन् त्यो भको हुनाले प्रदेश लोकसेवा आयोग बनाउनका निम्ति त्यसका निम्ति सरकार लागि पर्नु पर्‍यो भन्ने मेरो भनाई छ । यदि प्रदेश लोकसेवा आयोगबाट कर्मचारी परिपुर्ति गर्न सकेनौं भने जनतालाई समयमै सुशासनको प्रत्याभूति दिन सक्दैनौ। त्यो भको हुनाले यो प्रदेश लोकसेवा आयोग बनाउनका निम्ति अरु केके आयोगहरूबनाउनु पर्छ। संवैधानिक व्यवस्था के छ, त्यो व्यवस्था अनुसार आयोग बनाउनका निम्ति सरकार लागि परोस् अनि वल्ल जनताले सुशासन प्रत्याभूतिको अनुभुत जनताले गर्ने छन् र हामीले भनेको संघीय लोकतान्त्रिक गणतन्त्रको व्यवस्थापन सकेर यो यात्रा समाजवादमा अवतरण हामी गराउन सक्छौं यदि होइन भने संविधानमा लेखेर मात्रै संविधान वन्न सक्छ । त्यो भको हुनाले आज मैले हेरीरहेको छु कर्मचारीहरूबाहिर घुमिरहेका छन्, अवस्थामा छन् तर कर्मचारी यही आका छन्, तर घुमिरहेका छन् समयमा उनले ठेक्का गर्न सकिरहेका छैनन् यो कागज रोकिएको छ, समयमा सेवा दिन सकिरहेका छैनन् यसका निम्ति मलाई अस्तु त्यो कर्मचारी प्रशासन यन्त्रलाई सक्रिय पार्नका निम्ति पारदर्शी बनाउनका निम्ति सरकार अवरात्र लागि परोस्, कडा भन्दा कडा नीति लिएर अगाडि वढोस्, अनि मात्रै हामीले भनेको बाटो वन्न सक्ला, अनि मात्रै हामीले भनेको सिँचाई वन्न सक्छ।अनि मात्रै खानेपानी वन्न सक्छ, यदि कडा भन्दा कडा निर्देशन जारी हुन सकेन भने मलाई लाग्छ भने यो ३ वर्षको अवधि हामी केई पनि गर्न सक्दैनौ जनताले सुशासनको अनुभूति गर्न सक्दैनन् यसका निम्ति अगाडि

वढोस भन्ने चाहँदै मेरो आफ्नो चाई यो सैद्धान्तिक छलफल अन्त्य भएको जानकारी गराउन चाहन्छु ।

धन्यवाद

**माननीय सभामुखः** माननीय सदस्यहरू कर्णाली प्रदेशमा सुशासन प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथिको सैद्धान्तिक छलफल आजै समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूले रोष्टमको बायाँ तर्फ रहेका सचिवालयका कर्मचारीलाई नाम टिपाउनुहोला ।माननीय सदस्यहरू अव म माननीय श्री कौशिलावती खत्री । (समय ५ मिनेट )

**माननीय श्री कौशिलावती खत्री:** माननीय सभामुख महोदय, आज हामी कर्णाली प्रदेशमा सुशासन प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ को सैद्धान्तिक छलफलको क्रममा छौं । लोकतन्त्र खुला चौर वा मैदान हो भने सुशासन त्यो चौर भित्र खेलिने खेलको नियम हो, यदि नियममा रहेर, अनुशासनमा रहेर र आत्म मूल्यांकनमा रहेर खेलाडीले खेल खेल्न सकेन भने पक्कै पनि त्यो खेलमा खेलाडी सफल हुन सक्दैन र उ आफनो लक्ष्यमा पुग्न सक्दैन, माननीय सभामुख महोदय, सुशासनले कानूनी राज्यको परिकल्पना गर्छ । त्यसैले कानूनी राज्यको परिकल्पना गरी रहँदा त्यहाँ जुन आवाज विहिन वर्ग समुदायका मान्छेका आवाजहरूबलन्द भए कि भएनन् उनीहरूले सुशासनको प्रत्याभूति गरे कि गरेनन् भन्ने कुरा महत्वपूर्ण रहन्छ किन भने नेपालमा कानून लिखतरूपमा कुनै पनि कानूनको कमी छैन, यसलाई कार्यान्वयन गर्ने तहमा विभिन्न वाधा अड्चन र कार्यान्वयन नगरेको अवस्था पाइन्छ र यी हाम्रा सोच,शैली र व्यवहारहरू परिवर्तन गर्न आवश्यक देखिन्छ । त्यसैले म यही रोष्टमबाट प्रश्न सोधन चाहन्छु । यदि हामी सरकार र सदनमा रहेका माननीय सदस्यहरू आफना कार्यशैली र सोचहरू परिवर्तन गर्ने तर्खरमा हाम्रा कार्यहरू गर्ने हाम्रा कार्य सञ्चालन गर्ने तरिकाहरू परिवर्तन गर्न सक्छौं कि सक्दैनौ त्यसैले पनि हामी कत्तिको कर्णाली वासीलाई हामीले सुशासन दिन सक्छौं भन्ने कुरा महत्वपूर्ण रहन्छ । सुशासन प्रत्याभूति गर्ने जो टाठावाठाहरू जो जानेका जो समाजमा वाठाटाठाले मात्र सुशासनको प्रत्याभूति गरेर मात्र हुदैन मेरो गाउँमा रहेको पानकली जो गरीव महिला जो शिक्षाबाट वञ्चित छन्, जो महिला अधिकारबाट वञ्चित छन्, जो कानूनी व्यवस्थाबाट वञ्चित छन् उनले प्रत्यक्ष रूपमा आफनो राज्यबाट व्यवस्था भएका सेवा सुविधा पाउन सक्छन कि सक्दैनन । त्यो हामीले कार्यान्वयन गर्न सक्छौं कि सक्दैनौ भन्ने कुरा यो विधेयकले समेटेको छ कि छैन यसको हेक्का राख्नपर्ने हुन्छ र समेटे पनि हामीले कत्तिको व्यवहारमा यलाई तलसम्म कार्यान्वयन गर्न सक्छौं त्यो कुरा जानकारी राख्नुपर्ने हुन्छ । माननीय सभामुख महोदय, सर्वप्रथम त म यो कर्णाली प्रदेश सरकारको आन्तरिक मामिला तथा कानूनमाननीय मन्त्रीज्यूलाई मेरो व्यक्तिगत तर्फबाट धन्यवाद व्यक्त गर्न चाहन्छु किन भने आफनो महत्वपूर्ण समयलाई ध्यानमा राखेर असाध्यै समेट्नु पर्ने बुँदाहरू समेटेर ल्याउनु भएको छ । तै पनि मेरो

व्यक्तिगत सुझावका रूपमा केहीबुँदाहरू रहेका छन् । यिनलाई पनि समेटिदिन म सभामुख मार्फत् अनुरोध गर्न चाहन्छु । जातीय, धार्मिक, लैङ्गिक, भौगौलिक,निजि र गैर सरकारी क्षेत्रमा गरिने भेदभाव, असमानता उन्मुलनका लागि यो विधेयक प्रष्ट रूपमा वोलिनु पर्छ। यो नीतिलाई त्यहाँ समावेश गरिनुपर्छ । दोस्रो सरकारले सम्पादन गर्ने काम र सेवा प्रवाहमा लक्षित वर्ग जो सेवाबाट वञ्चितीकरणमा परेका हुन्छन अलि उनीहरूलाई अधिकतम रूपमा समावेश हुने र समावेश गराउने र सुशासनको अनुभूति हुने वातावरणको निम्ति यो विधेयक नीति प्रष्ट हुनुपर्छ । तेस्रो सरकारले गर्ने काम,काम र सेवा प्रवाहलाई प्रभावकारी बनाउनको लागि निगरानीको प्रदृश्य तेस्रो पक्ष र सो मुल्यांकनको सो मुल्यांकन नीतिलाई प्रष्टरूपमा समावेश गरिनु पर्छ यो भनेको के हो भने हामीले मुल्यांकन गर्ने कस्तो किसिमको नीति वनाएका छौं त्यो नीति प्रष्ट हुनुपर्छ जो प्रदेश सरकारले गरेका काम प्रदेशका माननीय सदस्यहरूले गरेको कामलाई मुल्यांकन गर्ने मुल्यांकन गर्ने नीति तेस्रो पक्षलाई पनि त्यो नीति समावेश गर्नुपर्छ र त्यो तेस्रो पक्षको सुझाव अनुसार हामी आफैंले पनि प्रदेश सरकार संसदले सो मुल्यांकनको नीति त्यसमा समावेश हुन आवश्यक छ माननीय सभामुख महोदय यसरी सुशासन विना दुरदराजमा बस्नेबसेका महिलाको जो वहुपति प्रथाबाट पीडित छन्, जो आफनो काममा एउटै आफनो जिउमा घासको भारी घासमाथि बच्चा र त्यसैमा पानीको गाग्रो वोकेर हिडने महिला जो भोकभोकै आफनो जीवन निर्वाह गरेकी हुन्छन जो आफनो शरीरमा फाटेको चिसो चाय वर्खा होस चाय अनकन्टार गर्मी होस त्यसमा फाटेको लुगा लगाएर खाली खुट्टा हिडेकी हुन्छिन् ती महिलाको निम्ति जो दलित समुदाय फलाम कुटेर आफनो उचित ज्याला पाएका हौं धर्मकै नाममा भेदभाव गरिन्छत्यहाँ सुशासनको प्रत्याभूति गराउन आवश्यक छ, त्यसमा हाम्रा सोच व्यवहार हाम्रो नैतिकतालाई ध्यानमा राखेर आफ्ना कार्यशैलीहरू परिवर्तन गर्न जरुरी छ भन्ने मेरो विश्लेषण छ । अन्त्यमा सभामुख माननीय सभामुख महोदयमार्फत् कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्रीज्यूलाई माथि उल्लेखित मेरा केही धायाहरू यो विधेयकमा समावेश गरीदिनु हुन विनम्र अनुरोध गर्दै मेरो भनाई यही विट मार्ने अनुमति चाहन्छु । धन्यवाद

**माननीय सभामुख :** माननीय श्री गोपाल शर्मा । (समय ७ मिनेट)

**माननीय श्री गोपाल शर्मा:** माननीय सभामुख महोदय, हामी कर्णाली प्रदेशमा सुशासन प्रत्याभूति गर्न गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको विषयमा छलफल गरिरहेका छौं । सभामुख महोदय हामी कहाँ कानून र विधिको अभावमा हामी यहाँसम्म पुगेका छैनौं। सुशासनसम्बन्धीकानून संघीय सरकारले १० वर्ष अघि देखि नै लागु गरी राख्या छ तर हामी यो भोक्दै छौं कि आज जनताले प्रतिक्रियाको रूपमा प्रत्येक टेवुल, टेवुलमा शासन छ भनी राखेका छन् र त्यो शासनबाट पर्ताडित भएको प्रतिक्रिया दिई राख्या छन्। हामी कर्णाली प्रदेशमा सुशासन गर्ने व्यवस्थाको विषयमा त्यो ऐनको विषयमा या छलफल गरी राखेका छौं मैले सान्दर्भिक पनि छ म यसको निम्ति

सरकारलाई धन्यवाद दिन चाहन्छु। यो विधेयक प्रस्तुतको निम्ति खासगरी यलाई हामीले प्रत्येक कार्यकारी अधिकारलाई गाइड गर्ने खासगरी त्यलाई ड्राईभ गर्ने एउटा मार्ग दर्शनको रूपमा बुझ्छौ यो ऐनलाई तर हामी म यो ऐन सँगसँगै मलाई अनुभूति छ यो ऐनले हामी कहाँ विद्यमान हाम्रो प्रदेश भित्र भईराखेका सिडियोलाई चिन्छ कि चिन्दैन, त्योसँग यसको सम्बन्ध छ कि छैन, यलाई त्यो प्रशासनको खास जिम्मा लिई राखेको प्रशासकलाई यो ऐनले परिचालन गर्न सक्छ कि सक्दैन आज संघीय सरकारले हामी कहाँ एउटा अधिकारलाई संघीय सरकारले कुण्ठित गरी राखेको अवस्थामा यो ऐनले हामी त्यसलाई कसरी सम्वोधन गर्न सक्छ एउटा समस्या हामी कहाँ छदै छ तर हामी कहाँ केही समस्याहरू छन् । खासगरी अहिले छलफलमा हामी आउदै गर्दा कतिपय राजनैतिक नेतृत्वहरू कर्मचारीसँग निरही भएको वा निरुत्साहीत भएको अवस्था देखि नै राखेको छ कर्मचारीतन्त्र नै हावी भएको जसले गर्दा राजनैतिक नेतृत्व जनताबाट जनता प्रति उत्तरदायी हुनुपर्ने जिम्मेवारी जनप्रतिनिधिहरूमा मात्रै केन्द्रित भएको र टेवुल टेवुलमा शासन गर्ने अधिकारीहरूले जनताका जिम्मेवार प्रतिनिधिलाई नचिन्ने वा नसुन्ने अवस्था बनिराखेको छ, त्यसले गर्दा खेरी यो ऐनले मलाई लाग्छ त्यो कुरालाई खासगरी राजनीतिक नेतृत्वलाई उचित स्थानमा सम्वोधन गर्नेछ गर्ने अपेक्षा पनि राखेको छ भन्ने अपेक्षा राख्न चाहन्छु र खासगरी आज कर्मचारीतन्त्रबाट समग्र रूपले यो सुशासन अन्तत प्रशासन संयन्त्र सँगनै वढी जोड दिन्छ जसले समग्र प्रक्रियालाई सम्वोधन गर्छ, जनताका सबै कुराहरूलाई एउटा प्रक्रियामा लिएर सामाधान गर्नुपर्ने हुन्छ र जनतालाई उचित वेला समयमै जनताको अधिकारलाई व्यक्त गर्न आज यस्तो भन्न पनि सकिन्छ लोतन्त्रलाई प्रवाह गर्ने हो संस्थाको रूपमा कर्मचारीतन्त्रलाई वुझन जरुरी छ र यो ऐनमा त्यसरी सम्वोधन हुन जरुरी पनि छ र खासगरी आज कर्मचारीतन्त्र परम्परागत ऐन निर्देशन र कार्यशैली बाट त्यो प्रक्रियाबाट चलि नै राखेको छ, त्यो स्थितिमा खासगरी लोकतन्त्रलाई प्रवाह गर्ने संस्थाको रूपमा त्यलाई रूपन्तरीत गर्ने जनताप्रति जिम्मेवार र जिम्मेदार बनाउने सार्वजनिक सेवालाई सरल र सहज बनाउने यो प्रक्रियालाई हामीले कसरी जोड्नसक्छौं त्यो मानै सुशासन प्रत्याभूति हुन सक्छ ।सुशासन कुरा गरी राख्दा खेरी हामीले राज्य केन्द्रित सुशासनको विकल्प आधुनिक लोकतान्त्रिक सुशासन खोजेका हौं हामी अहिले सम्म राज्य केन्द्रित लोकतन्त्रको अभ्यासमा खासगरी राज्य केन्द्रित सुशासनको अभ्यासमा केन्द्रित भई राखेका छौं अव हामीले लोकतान्त्रिक सुशासनको जनताप्रति जो वहादुरी जो जनताप्रति जवाफदेही हुन्छ त्यो आधुनिक लोकतान्त्रिक सुशासनको अपेक्षा हामीले गरी राखेका छौं र यो ऐन त्यसरी अभिव्यक्ति हुनुपर्छ भन्ने कुरा म यहाँ राख्न चाहन्छु खासगरी सुशासन संविधान लोकतान्त्रिक मूल्य र नागरिक प्रति उत्तरदायी हुने कर्मचारीतन्त्रको निर्माण र त्यसको परिचालन गर्ने सन्दर्भमा नै वढी जोड वढी जोड दिइन्छ र त्यसैमा यो कुराहरू व्यक्त हुनुपर्छ भन्ने ठान्दछु र आज खासगरी यलाई एक खालको चाहनाको सूचि पनि भन्ने गरिन्छ यो वाध्यकारी हुदैन कतिपय

सन्दर्भमा प्रचलित ऐन,कानूनहरू ज्ति वाध्यकारी हुन्छन यो चाहनाको सूचि वीस लिस्टको रूपमा पनि भन्ने गरिन्छ तर खासगरी यो अलि वढी आफैंलाई आफैंले उत्तरदायी ठान्ने आफैंले आफैंलाई अनुशासनमा वदल्ने कुरा नै वढी जिम्मेवार छ, त्यस कारण सुशासन प्रत्याभूति गर्ने सन्दर्भमा बनेको व्यवस्था गर्न बनेको विधेयकले आज सम्म हामीले व्यवहार त भोगेका कुरालाई समाधान गर्ने एउटा विकल्पको रूपमा यो प्रस्तुती हुनेछ भन्ने यो छलफल विषयमा राख्न चाहन्छु र विधेयक प्रस्तुतीका सन्दर्भमा कतिपय हाम्रा परम्परागत कपिपेष्ट हुने गरेका छन्, विधेयकलाई सरल बनाउने,सहज बनाउने र संक्षिप्तकरण गर्ने स्थितिहरू हामी यदाकदा अलिकति अप्ठेरोमा परि राखेका छौं। खासगरी संघीय ऐनहरू कतिपय पुराना ऐनहरूलाई कपि गर्ने र त्यसलाई सामान्य हेरफेर गर्ने प्रक्रियाबाट प्रस्तुत गर्ने सन्दर्भले, कतिपय सन्दर्भ विधेयकहरू अलि लामा वन्ने,दोहोरीने वा त्यसलाई सहज वन्न नसक्ने अवस्थाहरू हुन्छन यसलाई हामी दफावार छलफलमा यसलाई संक्षेपीकरण गर्ने र आवश्यकीकरण गर्ने कुरामा हामी जोड दिने छौं खासगरी समयको लागि म धन्यवाद दिन चाहन्छु धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री ठम्मर बहादुर विष्ट । यसपछि माननीय श्री गणेश प्रसाद सिंह तयार हुनुहोला । (समय ७ मिनेट)

**माननीय श्री ठम्मर बहादुर विष्ट:**माननीय सभामुख महोदय हामी अत्यन्तै महत्वपूर्ण विधेयक उपर सैद्धान्तिक छलफलमा छौं । यो यस कारणले पनि महत्वपूर्ण छ कि नेपालमा हामीले विकासको सुचाङ्कहरूलाई हेऱ्यो भने अहिले वास्तवमा भ्रष्ट्राचारसँग त्यसलाई तुलना गरेर हेर्दा एउटा डर लाग्दो स्थिति छ । सुशासनको प्रत्याभूति कसरी गर्ने भन्ने अहिले नेपालको मुल चुनौती यो हो जस्तो लाग्छ । यो गएको केही समय अगाडि माघको महिना तिर अख्तियार प्रमुखले एउटा आयुक्त प्रमुखले एउटा संश्लेषण रिपोर्ट गर्नु भोकि अव मैले यो सुशासनमा तान्दै जाने हो भने कुनै पनि कर्मचारी नवच्ने जस्तो देख्छु। त्यस कारण यो कति सम्म मैले बढाउने भन्ने उहाँले एउटा चाई त्यहाँ विषय राख्नु भो सार्वजनिक रूपमा प्रधानमन्त्रीले सार्वजनिक रूपमा कति ठाउँमा यो भ्रष्ट्राचारले अचटेको अचटै छ भन्ने कुरा पनि धेरै ठाउँ सार्वजनिक रूपमै भन्नु भाछ यो कुनै लुकाउनु पर्नेकुरो होइन नेपालको लागिसामान्यतया सुशासनमा विश्व भरीमा १०० माक्समा ४० नम्बरलाई पास मान्दो रहेछ नेपाल अहिले ३१ औंनम्बरमा गएर अडकेको छ । त्यो भनेको अत्यन्तै डर लाग्दो स्थिति भ्रष्ट्राचारमा हुन्त शुन्य सहनशीलताका कुराहरू, सुशासनका कुराहरूआइरहेकाछन् तर यो लाजमर्दो,डरलाग्दो र हामी सबैको मुख छोपिने खालको कालो पोतोले विश्वमा छोपिएको अवस्था छ यो ओपन सेक्रेट जस्तो कुरा छ त्यस कारण यो खालको एउटा कन्डिसनमा यो अवस्थामा कसरी हामीले कर्णाली प्रदेशलाई सुशासनयुक्त बनाउने भन्ने आधारबाट त्यो विषयहरू आएको छ, यो अत्यन्तै स्वागतयोग्य छ माननीय आन्तरिक मन्त्रीलाई मैले धन्यवाद पनि दिन चाहन्छु । अव हामी कहाँ खासगरी सरकार भनेको सरकार भयो स्थायी सरकार भनेको कर्मचारी राज्यले

चिन्ने र गैर सरकारी संस्थाहरू एनजीओ र आई एनजीओहरू यी सबैमा हेर्‍यो भने पनि अहिले पनि कैयौ आईजिपिहरू जेलमा भको अवस्था, तारिख बोकी राख्या अवस्था छ, भुपु मन्त्रीहरू वहालवाला मन्त्री नै जेलमा भको अवस्था छ र यो खालको एउटा अव अख्तियारको प्रमुख हिजो लोकमान देखी अहिले अस्ति भर्खरै आयुक्तसँग जोड्दा खेरी अलि देशै केले चलिरहेको छ । त्यस कारण एउटा डर लाग्दो स्थिति विकास मात्रै होइन कि दिगो विकास र संस्थागत विकास कसरी गर्ने भन्नेमा एउटा चुनौती छ । त्यसो भको हुनाले यो सन्दर्भमा मैले या भन्न खोजेको कुरा जसरी यहाँ आएको छ यो ठीक छ तर यसका केही पाटा पक्षहरूलाई अलि हामी गम्भिर भएर हेर्न जरुरी छ। कसरी हामीले दिगो र संस्थागत विकास गर्न सक्छौं भन्ने कुरामा हामी बदलिन जरुरी छ र राज्य मेसिनरीको कुरा गर्दा खेरी खासगरी यहाँ त्यस्तो प्रोभिजनहरू ल्याइएको छ राखिएको छ प्रमुख सचिवहरू, सचिवहरूको कुराहरूमा तर त्यसमा त्यो सबै कन्डिसनमा उनीहरूलाई पुरस्कार सम्मको व्यवस्थाको कुरा त लेखिएको छ त्यो कुराले हुदैन,कुनै पनि काम गर्ने अधिकारी चाहे सरकारमा रहेको या चाई उसले कन्टेक्टमा दिएको या कुनै पनि तहको निर्माण व्यवसायी जो पनि होला हुनत नेपालमा अव मृत्युदण्डको व्यवस्था छैन अव गौतम बुद्धको देशमा मृत्युदण्ड भन्न थाल्यो भने त्यो अलि वढी पनि होला तर कुनै अवस्थामा त्यो आवश्यक पनि वन्ला आखिरि चाईनामा डेढ अरव मान्छेलाई तह लगाउँने एउटा माध्यम त्यो पनि भको छ नि भ्रष्ट्राचार गर्ना वित्तिकै रुद्रघण्टी च्यात्यो भनेत तह लाग्दो रहिछ नि मान्छे । त्यस कारण हामी कहाँ एउटा यो पनि वेथिति जे गरे पनि हुने, जसरी बिल मिलायर खाए पनि हुने, एउटा बिलै मिलाउन नसकेर मान्छे जेलमा कुर्नु पर्ने स्थिति, अर्को बिल मिलाएर देशै खाएर चाई तपाईंको सकेर ढाक्दिएर पल्टिएर सुनी राछौं नि त हामी कस्ता कस्ता चाई तपाईंको वाईड बडी देखी सुन काण्ड देखी फल्याट वडी, घ्याम्पे भुडी,साना भुडी,ठूला भुडि हुदै यहा कति भुडी फुटिसके कति तपाईंको ढर्रेका ढर्रेई छन् देश त सर्लक्कै खाईसके तर यसरी मिलाएका छन् कि ती अत्यन्तै क्रान्तिकारी भइरहेका पनि छन् यो कुनै अहिलेको मात्रै सन्दर्भ हैन । निरन्तर एउटा चाई सन्दर्भमा हामी यसबाटै यो उम्किन सक्छौं कि सक्दैनौ भन्ने प्रश्न छ त्यस कारणले गर्दा खेरी यसमा मैले माननीय मुख्य मन्त्रीज्युको ध्यान आकर्षण गर्न चाहन्छु कि यलाई कडा रूपले राज्य मेसिनरीको हकमा चाहे त्यो कुनै पनि चाई तपाईंको सचिव या मुख्य सचिव या अन्य कुनै तहमा या कुनै निर्माण व्यवसायीको तहमा आफनो काममा सक्षम नहुने त्या भष्ट्रचार गर्ने अनियमितता गर्ने केहो त्यसको एउटा करा त्या कदम ल्याइनु पर्छ सँगसँगै एउटा अव व्यवस्था नेपालमा के नहुन सक्ने देख्छु भने मैले वेलायत,जापानतिर सुरुमा एउटा यस्तै भ्रष्ट्राचारको कुराहरू धेरै भई सकेपछि त्या एउटा सिष्टम ल्याईएछ मान्छेसँग भेटै नहुने, ग्राहकसँग भेटै नहुने, फरवार्ड सिष्टम एण्ड कम्पिलिटेट सिष्टम फरवार्ड गर्ने डकुमेन्ट प्रत्येक विण्डोहरूमा जाने आफैं चाई तपाईंले सिष्टम छ भने रन भएर जाने नभए त्यो फायल फेरी आफैं पेष्ट हुन्छ फेरी फिर्ता

हुन्छ फेरी जान्छ हामी कहाँ के डेण्जर भो भने मान्छे भेट्यो कि भ्रष्ट्राचार भै हाल्ने यहाँतसबै भ्रष्ट्राचारी जस्तो चाई भै सक्यो । यात त १०/५ प्रसेन्ट त भ्रष्ट्राचार पनि होला राम्रै नभएता यो देशै डुवि हाल्थ्यो होला ५/१० प्रसेन्ट त होला भन्ने यदि मानौ हामी द्वन्द वादी विद्यार्थी भा हुनाले तर यो किसिमले हेर्दा खेरी अव भ्रष्ट्राचार त त्यो खालको एउटा चाई तपाईंको स्थिति देखिन्छ तेसो भा हुनाले अव यलाई यो आकँडालाई हामीले हेर्दा अव कामहरूलाई कसरी व्यवस्थित गर्ने पहिले पनि आई राख्या छ कुराहरू गृह मन्त्रालयले वायो डाटाहरू मागी राख्या छ त्यो कुरालाई कसरी व्यवस्थित गर्ने त्यसलाई मैले या जोड दिन खोजेको कुरा के हो भने एउटा अनलाइन सिष्टमको हामीले व्यवस्था गरिनु पर्छ अहिले मालमा जानुस भर्खरै भ्रष्ट्राचार भै राछ, भन्सारमा जानुस् भ्रष्ट्राचार भै राछ यहि पनि प्रत्येक ठाउँ जाउ भ्रष्ट्राचार भै राछ, अन द स्पोर्ट भ्रष्ट्राचारभै राछ, सायद मन्त्रीले पनि तिरेर आको छ होला त्यो पैसा माननीयले तिर्छ नै पत्रकार, मानव अधिकार सबैले तिर्छ किनकि पैसा नतिरी काम हुदैन । त्यो ओपन सेक्रेट हो सबैले १०० प्रसेन्ट नतिर्‍या होला त्यस कारण अव यो खालको एउटा अनलाइन सिष्टमको व्यवस्था गरिनु पर्छ यो नभए सम्म हुदै हुदैन यो सुशासनको कुरा गर्नु वाहिहात कुरा हो हुदैन धेरै प्रयोग भै सके धेरै त्यस्ता एमनेष्टि ईन्टरनेशनल देखी कैयौ कुराहरू हामीले रेकर्ड गरी हेरी सकिउ त्यस्तै अव निर्माण तहमा जो नेपालको फ्याक्टर अहिले त्यो कलंकी देखी भक्तपुर जाने त्यो तेस्रो नम्बरको सडक हो भन्ने मैले सुने त्यहाँ कति राम्रो छ त्यहाँ त्यो बनाएको जापानमा कलंकी देखी तपाईंको कोटेश्वर सम्मको त्यो दोस्रो नम्बरको हो रे त्यो केरे फोर्थ नम्बरको हो रे त्यो कति राम्रो छ सिमेन्टेट गरेको हामीका कति नम्बरको सिमेन्टेट हुन्छ। हामी कहाँ कति नम्बरको पिच हुन्छ । अव यो ठेक्का टेण्डर देखी सारा जो भ्रष्ट्राचार जो मिलेमतो हुने मन्त्री मिल्ने, त्यस पछि सचिव मिल्ने, त्यस पछि ती सबै मिल्ने, कर्मचारी मिल्ने र हातहातै खाने सब मिलाएर यो छ नि सिष्टम यो कुनै मैले अहिले मात्र अहिले यो हाम्रो सरकार यो कर्णाली सरकारलाई मैले लक्षित गर्‍या कुरा होइन। यो सिष्टम अहिले पनि छ विद्यमान सिष्टम भो भने यो लुकोल त भई हाल्छनी त्यस कारण यो सिष्टमलाई पनि टेकेर माननीय मन्त्रीजीले ल्याउनु पर्‍यो अव यो सचिव सम्मको या कानून रहेछ मैले हेरे सबै सरकारलाई पनि वाध्ने ल्याउनु पर्‍यो यसमा आवश्यक परे सरकारलाई पनि त्यसले घेरावन्दी गरोस् त्यो किसिमले तपाईंले यो कार्यक्रममा ल्याउनु पर्‍यो गर्न खोज्या होर गर्ने छाट हो भने होइन अव विरालो वाधेर सराद गर्ने हो भने ठीकै छ अव जागीर सबैले खानेई हो आफ्नो कार्यकाल पूरा गरेउ धन्यवाद।

**माननीय सभामुख :** माननीय श्री गणेश प्रसाद सिंह। यसपछि माननीय कृष्णा शाह तयार हुनुहोला (समय ७ मिनेट)

**माननीय श्री गणेश प्रसाद सिंह:** माननीय सभामुखज्यू सुशासनको विधेयकको बारेमा केही कुराहरू मैले यो हाम्रो राजधानी प्रदेश भित्रको सवाललाई लिएर मैले जोड्न खोज्या छु

। हामी सुशासनको विधेयकको बारेमा चर्चा गरिरहेकाछौं अव जनतालाई सेवा दिने नियम कानून विधेयक बनाउने हामी चर्चा गरीराखेका छौं तर अव यो विषयमा मैले आ.व. २०७५/७६ को वजेट कार्यान्वयनको सन्दर्भ र जनसेवा सँग केही सवालहरूलाई जोडेर मैले माननीय सभामसख मार्फत्  केन्द्र सरकारलाई र हाम्रो यो सदनबाट केही कुरा निर्णयार्थ म चाई आग्रह गर्न चाहन्छु । सुशासनको कुरा गर्दा २००० यो अहिले ७५/७६ को वजेट कार्यान्वयनको अनज चाई हामी ९ महिनाको संघारमा छौं आ यसको परिणामका कुरा र जन सेवाका कुरा कार्यान्वयनका कुरा आ.व. ७४/७५ को कुरा आ.व. ७५/७६ को कुरालाई जोडेर हेर्दा यसको परिणाम जन सेवामा कति पुग्यो भन्ने विषयलाई लिदा जनताको सेवा गर्ने जनतालाई चाई लाभ दिने जनता सँग चाई प्रशासनिक चाईने कार्य छिटो, छरितो पुऱ्याउने कुरा गर्दै गर्दा यो सुशासनमा नीति र विधिमा मतलव हामीले ठोस गरेर जानु खोज्दा  हामँ चाईने ढिलाढाला जन सेवामा जटिलता भई रहेको, गरिरहेको हामीले चाई त्यो किसिमको हामीले मतलव दरूपयो गर्नु त्यो पनि एउटा चाईने भष्ट्राचार हो अघि प्रवक्ता माननीयले बोल्नु भो भ्रष्ट्राचार भनेको पैसा भ्रष्ट्राचार गर्नु क्यासमा भ्रष्ट्राचार गर्नु एउटा पक्ष हो भने छुट्याईएको वजेटलाई कार्यान्वयन नगर्नु पनि दुरूपयोग हो जनतालाई सेवा ढिला दिनु पनि दुरूपयोग हो यो सन्दर्भलाई लिएर केन्द्र सरकारले हाम्रो प्रदेशमा विभिन्न जन सेवामुलक कार्यालयहरू, पशु भेटनरी, कृषि, भौतिक पूर्वाधार विकास निर्माण लगायतका कार्यालयहरूलाई डिभिजनको नाममा जे भन्दा अहिले जन सेवामूलक कार्यालय स्थापना गरिएको छ तल व्यापक असन्तुष्टी छ प्रत्येक जिल्लामा समन्वय ईकाई हुनु पर्छ भन्ने छ यो सम्माननीय सभामुख मार्फत् सच्याउन यो सदनले आज मतलव आग्रह गरेर हामीले केही निर्णय लिउ झन दुख्ख भई राख्या छ, जटिलता भई राख्या छ, जनता जन सरोकार जनसेवासँग सम्बन्धित, कृषिसँग सम्बन्धित, न्यायसँग सम्बन्धित, विकास निर्माणसँग सम्बन्धितका कार्यालयहरू डोल्पाको मान्छे चौरजहारी आउनु पर्ने, कालिकोटको मान्छे जुम्ला जानु पर्ने यो के पूरा हुन सक्छ यो गणतन्त्रमा यस्तो हुन्छ त यो हो सुशासन यो हुन सक्दैन यसलाई सच्याउन माननीय सभामुख मार्फत् म आग्रह गर्दछु । यहाँ एउटा आन्तरिक मामिला मन्त्रीज्युको नेतृत्वमा एउटा समिति पनि बन्या छ । सच्याइयोस केन्द्रले चाई यलाई चाईने केन्द्रको सरकारले खारेज गरोस हामीले सच्याउन आग्रह गर्छौं जनता वहुसंख्यक जनताले यो मतलव पीडा व्यक्त गरी राख्या छन् यो सँगै हामीले ९ महिना भो आज विनियोजित वजेट कार्यान्वयन गर्नल  सकि राख्या छैन त्यसो हुँदा यो पनि सदुपयोग भएन दुरूपयोग भयो सुशासनलाई जोडेर हेर्दा खेरी दुरूपयोग गर्नु के जनप्रतिनिधिहरूको दायित्व हो त त्यो हो हाम्रो डिउटी किन ढिला भो यो राष्ट्रिय पत्रमा जारीलाई जनप्रतिनिधिले परिचालन गर्ने कि केन्द्रले परिचालन गर्ने कि कले गर्ने स्थानीय तहका पदाधिकारी स्थानीय तहका जनप्रतिनिधिहरूले परिचालन गर्न पाउनु पर्छ प्रदेशको मातहतमा स्थानीय कर्मचारी रहनु पर्छ त्यस कारण प्रदेश सरकारले प्रदेशको मुख्य सचिव

लगायत सम्पूर्ण कर्मचारी मातहतमा परिचालन गर्न पाउनु पर्छ स्थानीय तहलाई पनि मातहतमा परिचालन गर्न पाउनु पर्छ कसरी केन्द्रले परिचालन गर्ने हामीले कसरी चाईने कार्य सञ्चालन गर्ने यो पनि हुनै सक्दैननीत यो त अन्तरविरोध पैदा हुन्छ । त्यस कारणले केन्द्र सरकारले आर्थिक अधिकार दिन मानी राख्या छैन आर्थिक दिन अधिकार दिन नमान्दा राष्ट्रसेवक कर्मचारीहरू परिचालनको अधिकार पनि दिन मानी राख्या छैन । हामी कसरी परिचालन गर्ने यसरी सुशासन हुन सक्दैन त्यस कारण कर्मचारी परिचालनको कर्मचारी विधेयक ऐन केन्द्रले बनाउँदै छ यो पनि सच्याएर कर्मचारी परिचालनको अधिकार प्रदेश सरकारलाई दिईयोस मातहतका स्यानीय सरकार कर्मचारी परिचालन गर्ने अधिकार पनि दिईयोस् अनि मात्रै सुशासन कायम गर्न सकिन्छ होइन भने अन्तरविरोधको सिर्जना हुन सक्छ । यो तरिकाले संघीयता असफलतातिर पनि जान सक्छ । संघीयतालाई सफल तुल्याउनका निम्ति हामीले फुल प्रणरूपमा हामीले परिचालन र पूर्णरूपमा हामीले चाईने गतिविधि गर्न पाउनु पऱ्यो । यो देशको विकास निर्माण जन सेवाका कामहरूमा सुशासन कायम गर्ने सन्दर्भमा त्यो गर्न पाउनु पऱ्यो त्यसो भएन त्यसो भएको हुँदा तत्काल यो २ वटा सन्दर्भलाई लिएर यो सदनले केही न केई काम गरोस हामीले यो वजेट कार्यान्वयन भएन भएन भएन कार्यविधिका कुरा गरी राख्या छौं चैत, वैशाख, जेठ तीन महिना मात्रै बाँकी छ कसरी कार्यान्वयन हुन्छ एकातिर दुरूपयोगका कुरा पनि छन्, भ्रष्ट्राचारका कुरा पनि छन् पारदर्शिताका कुरा २ वटै कुरा हो एयटा कामको चाईने परिणामको प्रगती अर्कोतिर चाईने प्रशासनिक पारदर्शीता पनि हो २ वटै कुरा समग्र नीति विधिमा पनि टेक्ने हो अर्का तिर चाईने कामको एउटा प्रगतिलाई पनि जोडने हो त्यसो हुँदा खेरी वल्व चाई त्यो सुशासन, पारदर्शीता र जन सेवा त्यो सबै कुरा जोडदा खेरी सुशासनको परिणाम त्या देखिन्छ यो देखक्को लागि तत्काल हाम्रो फिल्डमा हाम्रो प्रदेशमा देखिएका समस्याहरूलाई समाधान गर्न यति वेलाका यीदुइटा कुरालाई यो प्रदेशले ध्यान देओस म सभामुख मार्फत् यो आग्रह गदै अ हाम्रो जिल्लामा हिमपातले धेरै चाईने मतलव वालीनाली नोक्सान भएको छ यो कुरा पनि ध्यान दिईयोस् । अव वाढीका कुरा पुर्वमाननीयले उठाई सक्नु भो वाढीका कुराहरू धेरै पटक हामीले विशेष समय वोलिउ डेलिकेशन गरीउ सुनुवाई भएन, सरकारले हेरेन कार्यदलले गएर हेरेन । के हो त जनताप्रति उत्ततरदायी हामी नभएको हो त त्यो फिल भईराख्या छ अहिले फेरी हिमपातले चाईने गौ, जौ, वालीनाली सबै नोक्सान गरेको छ हाम्रो जिल्लामा फागुनको पहिलो हप्तामा एउटा गाडी पल्टिएको छ यो तेस्रो गाडीको क्षति हो त्यो बाटो अहिले मात्रै त्यो पनि केन्द्र सरकारको थोरै वजेट ५/६ करोडको त्यो चाईने स्तरोन्नती खाली चाईने मतलव यो के भन्छ त्यलाई चाईने डवल कटिङ र चाईने मतलव ग्रावील गर्ने मात्रै भन्या छ त्यो पनि ८/१० किलो मिटर होला त्या त पिच हुनु पऱ्यो नी भेग कन्ट्रोल हो नि त त्यो केन्द्र सरकार प्रदेश सरकारले त्यो चाईने लविङ गर्नु परेन प्रेसर गर्नु परेन त्या पल्टि राख्या छन् गाडी फेरी पनि पल्टिन सक्छ । हामीले चिन्ता गर्दागर्दै

त्यस कारणले यो महत्वपूर्णकुरा हो जनतासँग दिनदिनै समस्यासँग जोडिएको कुरा हो जनजीवनको त्या चाइने मतलव क्षतीसँग जोडिने कुरा हो । जनजीवनको चाईने मतलव दैनिक आवतजावतसँग जोडिने कुरा हो त्यो कुरालाई विशेष ख्याल गर्न, ध्यान दिन सभामुख मार्फत् म आग्रह गर्दछु हामी धेरै पटक आग्रह गरी सकेका छौं धेरै चोटि अनुरोध गरी सक्या छौं । केही कुराको त्या ध्यान आकर्षित भा छैन यो एक वर्षको दुरी भित्र र त्यहाँ एक खालको पीडा व्यक्त भई राख्या छ भन्दै म विदा हुन्छु, हवस्त धन्यवाद ।

**माननीय सभामुख : माननीय श्री कृष्णा शाह ।**

**माननीय श्री कृष्णा शाह:** सभामुख महोदय, यति वेला नेपालमा सुशासन निकै नै खस्किएको भन्ने चासो र चिन्ता व्याप्तरूपमा भई राखेको वेला यहि सन्दर्भमा कर्णाली प्रदेशमा सुशासन प्रत्याभूति सम्बन्धमा हामीले छलफल गर्दै छौं यो अत्यन्त महत्वपूर्ण विषय छ । यो एउटा देशकै लागि पनि र हाम्रो कर्णाली प्रदेशको लागि पनि यो एउटा महत्वपूर्ण यो विषय हो र यसमा हामी छलफल गर्दै छौं यति वेला सुशासन र भ्रष्ट्राचारको विषयमा अध्ययन अनुसन्धान गर्दै आएको अन्तराष्ट्रिय संस्था ईन्टरनेशनल ट्रान्सपरेन्सीले सार्वजनिक गरे अनुसार नेपाल अहिले २०१८ मा सुशासनको क्षेत्रमा झनै खस्किएको भन्ने कुरा पुष्टि गरेको छ दक्षिण एसियामा नेपाल भ्रष्ट्राचार र सुशासनको क्षेत्रमा तेस्रो स्थानमा भ्रष्ट्राचार व्याप्त हुने र सुशासन कायम नहुने जुन उच्च जोखिमको हिसावले तेस्रो राष्ट्रमा परेको कुरा पनि जुन ईन्टरनेशनल ट्रान्सपरेन्सीले गरेको छ । यो हामीले व्यवहारबाट पनि अनुभूति गर्न सक्छौं । हाम्रो जीवन व्यवहारबाट, हाम्रो राष्ट्रमा हाम्रो प्रशासनिक क्षेत्रमा हाम्रो काम गर्ने जुन सरकारको जवाफदेहीता, हाम्रो प्रशासनिक क्षेत्र, सुशासनको क्षेत्रलाई हेर्दा खेरी यो स्पष्ट हुन्छ । त्यसै गरेर हामीले या सुशासनको कुरा गर्दै गर्दा खेरी किन सुशासन आवश्यक पऱ्यो त हामीले यसको विषयमा किन छलफल गरी राखेका छौं। यो विधेयक किन ल्याई राखेका छौं, हामीले भनीउ कर्णाली प्रदेशको भौगोलिक हिसावले एकदमै विकटताको हिसावले विकास हुन सकेन परिवर्तन गर्न सकेन यो कुरा सहायक कुरा हो मुख्य कुरा त या सुशासन छ कि छैन परिवर्तनको क्षेत्रसँग विकासका क्षेत्रसँग सुशासनको अत्यन्त महत्वपूर्णसम्बन्ध छ जवसम्म हामीले सुशासनलाई कायम गर्न सक्दैनौ । सुशासन हामीले जनताले प्रत्याभूति गर्ने हिसावले हामीले अगाडिबढाउन सक्दैनौ । सायद विकासका कुरा समृद्धिका कुरा सुखि नेपाली समृद्ध नेपालको कुरा हाम्रो कल्पना वाहेक अरु केई पनि हुने वाला छैन । त्यसैले गर्दा खेरी हामीले आज यो विषयलाई अत्यन्त महत्वपूर्ण ढङ्गले हामीले छलफल गरी राखेका छौं र हामीलाई लाग्छ सुशासन नभैकन देशको उन्नति, प्रगती हुन सक्दैन र यो सन्दर्भमा कर्णाली प्रदेश सरकारले हाम्रो आन्तरिक मामिला मन्त्रीले जुन सुशासन प्रत्याभूति सम्बन्धमा बनेको विधेयक या प्रस्तुत गर्नु भएको छ । हामीले छलफल गरी राखेका छौं यो अत्यन्त महत्वपूर्ण विषय छ यसमा सैद्धान्तिक हिसावले हेर्दा खेरी के कुरा स्पष्ट हुन्छ

भने हामीले परिमार्जन गर्नु पर्ने हामीले थपघट गर्नु पर्ने कुनै विषयहरूछैनन् यसलाई हामीले भरपुर ढङ्गले प्रयोग गर्न सकिउ कार्यान्वयन गर्न सकिउ भने साँच्चिकै कर्णाली प्रदेश सुशासनको क्षेत्रमा अव्वल सावित हुनेछ यसरी अरु प्रदेशहरूलाई र हाम्रो सिङ्गो राष्ट्रलाई पनि यसले शिक्षा त्यो पाठ सिकाउनेछ र हामीले मुख्य कुरा त विधेयक बनाउने मात्र होइन त्यसलाई हामी कति प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न सक्छौं कसरी लागु गर्न सक्छौं र भन्ने कुरा नै महत्वपूर्ण हुन्छ त्यस कुरा यो विषयमा हामी सबै जिम्मेवार भएर लागौं र सबैले यो विषयलाई अगाडि वढाउ पहिलो कुरा त हामी प्रत्येकबाट सुशासनको कुरा प्रत्येकले पालना गर्न सकिउ भने स्वतः यो देशमा सुशासन प्रत्याभूति आफैंहुन सक्छ जव मेरो दिमागमा सुशासन सम्बन्धी सुशासन भनेको पनि अनुशासन हो त्यलाई हामी पालना गर्न सक्दैनौ । मेरो दिमागमा सुशासनको कुरा आउदैन तव सम्म हामी सुशासनलाई जति सुकै यहाँ जुनसुकै गोष्टि, सेमिनार हाम्रो सदन जुनसुकै ठाउँमा हामीले यसलाई भाषण गरे पनि, छलफल गरे पनि हामी त्यसलाई कायम गर्न सक्दैनौ र प्रभावकारी ढङ्गले अगाडि वढन सक्दैनौ सबै ईमान्दारीता पूर्वक लागौं हामीले अरुअरु क्षेत्र कर्मचारीतन्त्र अरु राष्ट्रका अन्यत्र क्षेत्रलाई हामीले भन्नु भन्दा पनि पहिलो कुरा त त्यो मुख्य कुरा के हो भने हाम्रो राष्ट्रको लिडरहरूले सत्ताको प्रमुखहरूले यसलाई ईमान्दारीतापूर्वक लिनु पर्छ यसलाई प्रभावकारी ढङ्गले कसरी लागु गर्ने भन्ने विषयमा हामीले जुन लिडरले सोचे भने अरु विषयमा अरु क्षेत्र सायद हुनेछन् भन्ने कुरा राख्दै मैले आफनो भनाई यही अन्त्य गरे, धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरू अव म कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई कर्णाली प्रदेशमा सुशासन प्रत्याभूति गर्न सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५माथि सैद्धान्तिक छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवं जिज्ञासाका सम्बन्धमा जवाफ दिने समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारी:** माननीय सभामुखज्यू,सभामुखज्यूको अनुमतिले सुशासन प्रत्याभूति दिलाउने सम्बन्धमा कानूनी व्यवस्था गर्न बनेको विधेयक उपर सैद्धान्तिक छलफलमा माननीय सदस्यज्यूहरूले आफ्ना महत्वपूर्ण धारणाहरूआफ्ना मतहरू, सुझवहरू रायहरू प्रकट गर्नु भएको छ, कर्णाली प्रदेश सरकार समृदि र विकासलाई सरकारले मात्रै होइन यो प्रदेशले समृदि र विकासलाई सिङ्गो प्रदेशले एउटा अर्जुन दृष्टि वनाएको छ समृदि र विकासको त्यो मञ्जिल सुन्नको लागि त्यो उच्च मञ्जिलमा पुग्नका लागि समृद्धिको सुशासनको बाटो भएर गुर्जिन पर्दछ । सुशासन विना हामीले संकल्प गरेको हामीले प्रतिवद्धता जाहेर गरेको समृदि र विकसित आधुनिक कर्णाली प्रदेश असम्भव छ । त्यसो भको हुनाले सुशासनको प्रत्याभूति दिलाउनका निम्ति यो विधेयक सरकारका तर्फबाट यो सम्मानीत सदनमा प्रस्तुत भएको छ यो सरकारले समृदिकरणको अपेक्षा गरेको छ, माननीय सांसदज्यूहरूले जसरी आफ्ना

मुल्यवान आफना सुझवहरू प्रस्तुत गर्नु भएको छ उहाँहरूले यो विधेयकलाई सुक्ष्म ढंगले अध्ययन गर्नु हुनेछ हरेक दफामा यहाँहरूले आफ्ना सम्भव भए सम्म आफना रचनात्मक सुझावहरू प्रस्तुत गर्नु हुनेछ र सुशासन प्रत्याभूति दिलाउनको लागि सुशासन सुनिश्चित गर्नको लागि प्रशासन संयन्त्रलाई जन उत्तरदायी, सेवामुलक र यलाई चाई कार्यमुलक बनाउन जरुरी छ, त्यसको लागि त्यो संयन्त्रमा त्यो संयन्त्रको नेतृत्व गरी रहेका पदाधिकारीहरू, कर्मचारीहरूको जिम्मेवारी यी बाट जनताले सेवालाई प्रदेश सरकारले प्रवाह गर्नु पर्ने सेवालाई छिटो, छरितो, सर्वसुलभ ढङ्गले प्रवाह गर्नु पर्ने हुन्छ त्यसका लागि यो संयन्त्रमा क्रियाशील अथवा संयन्त्रको नेतृत्व गरिरहेका पदाधिकारी र कर्मचारीहरू पनि सक्षम हुन जरुरी छ जन उत्तरदायी हुन जरुरी छ र दन्डरत पुरस्कारको पनि व्यवस्था गर्न जरुरी हुन्छ । त्यसको लागि माननीय सदस्यज्यूहरूले कुरा उठाउनु भाछ कि आफूलाई प्राप्त अख्तियारी,आफूलाई प्राप्त जिम्मेवारी, यो ऐन मार्फत् प्राप्त जिम्मेवारीलाई यथोचित समयमा निर्धारित समयमा कार्यान्वयन नगर्ने पदाधिकारी कर्मचारी उपर कारवाही हुने कि नहुने भन्ने प्रश्न पनि यानेर चाई जिज्ञासा पनि यानेर प्रकट भको छ । काम गरेर मतलव बिल मिलाएर कारवाहीबाट उन्मुक्त हुने बिल नमिलाएर कारवाही पर्ने भन्ने सवालहरू पनि या चाई तपाईंको प्रस्तुत भएका छन् त्यसो हुँदा खेरी निकै महत्वपूर्ण एक प्रकारले भन्ने हो भने कर्णालीको समृदि र विकासका निम्ति यो मेरुदण्ड नै हो यो चई विधेयक हामीले यसलाई अधिकतम व्यवहारीक अधिकतम परिपक्क र अधिकतम परिष्कृत हामीले बनाउनसक्छौं त्यसको लागि यो समितिले सरोकारवालाहरूसँग छलफल गर्न जरुरी छ, विज्ञहरूसँग सरोकारवाला जनता सँग सेवाग्राहीहरूसँग र यो संयन्त्रमा क्रियाशील हुने अथवा जिम्मेवारी अख्तियारी प्राप्त चाई पदाधिकारीहरू सँग जो यो कानून निर्माणमा सहभागी हुदैनन उनीहरूसँग र समाजका विभिन्न चाई तपाईंको मतलव तह र तत्काका व्यक्तित्वहरूसँग छलफल ईन्टरनेशनल प्राक्टिसहरू हाम्रो माननीय सदस्यले कुरा उठाउनु भाथ्यो कि सेवा प्रदायक र सेवा ग्राहीबीचको चाई तपाईंको भौतिक भेटघाट नहुने खालको चाई तपाईंको मतलव ई-गर्भरनेन्सको कुरा पनि हुन्छ । हामी त्यो ई-गभर्नेन्सको व्यवस्था पनि हामी गर्न सक्छौं कि सक्दैनौ सेवाग्राही र सेवा प्रदायक बीचको प्रत्यक्ष चई सम्पर्क सम्बन्ध नभईकन उसको चई सेवा सर्भिस डेलिभरी हुने राज्यबाट प्रवाह हुने सेवा शासनको प्रत्याभूति उसले चाई तपाईंको गर्ने खालको स्थिति चाई तपाईंको वन्नु पर्दछ हामीले यसमा खासगरी विद्युतीय क्षेत्र सुशासन त्यो कन्सेप्टलाई पनि हामीले चाई यसका प्रोभिजनहरूमा हामीले चाई ईम्प्रुभ गरेका छौं विद्युतीय सुशासनका माध्यमबाट पनि हामीले वास्तवमा यो मतलव सुशासनको प्रत्याभूति दिलाउन पर्दछ विगतमा जस्तो सूचना पाटीमा चाई सूचना टास्ने सुझावपेटिकामा चाई रैचन फर्ममा सुझावहरू चाई तपाईंको जव गर्ने त्यस्तो खालको प्रोभिजनहरू विगतका सुशासन प्रत्याभूति दिलाउने संघको कानूनमा पनि त्यो व्यवस्था छ । तर हामीले त्यसलाई अलि मोडिफाई गरेका छौं सुझाव प्रस्तुतीको एउटा माध्यम चाई

तपाईंको त्यो सुझावपेटिका मात्रै हुन सक्दैन अरु विद्युतीय माध्यमहरूपनिछन् अत सूचना पाटीमा टाँस गरेर मात्रै सुचित गर्ने विगतको परम्परा भन्दा अलि फरक चाई यो विज्ञान प्रविधिको चमत्कारी विकासलाई पनि वास्तवमा हामीले यसमा चाई कसरी रिफ्लेक्ट गर्ने यो विषमा पनि हामीले तपाईंको यसमा प्रोभिजनहरू हामीले चाई राखेका छौं यहाँहरूले मेरो पर्याप्त छलफल गर्नु हुनेछ हामी यसलाई हतार हतारमै पास गरी हाल्नु पछर, यलाई पारित गरी हाल्नु पर्छ, भन्ने होइन त्यसो भको हुनाले यो जनताहरू पनि यसमा ईन्भल्व हुने खालको यो सुशासनमा केवल सुशासन भनेको हिजो जस्तो राजा महाराजाहरूको त्यो चाई तपाईंको आफ्नो चाई केवल उनीहरूको व्यक्तिगत सरोकार विषय मात्रै होइन विगत जस्तो शासन भनेको एउटा वर्ग एउटा समुदाय राजामहाराजाहरूको विषय मात्रै हो । यिनीहरू चाई यो आम जनताको सरोकारको विषय हो । यो विधेयकमा उनीहरूका भावनाहरू पनि प्रतिविम्वित हुनु पर्दछ भन्ने चाई मलाई लाग्दछ अव यो सैद्धान्तिक छलफलमा चाई माननीय कुर्मराज शाही, माननीय कौशिलावती खत्री, माननीय गोपाल शर्मा, माननीय ठम्मर विष्ट, त्यसै गरेर माननीय गणेश सिंह र माननीय कृष्णा शाह यसमा सहभागी हुनु भो उहाँले महत्वपूर्ण सुझाव सैद्धान्तिक सुझावहरूउहाँले प्रस्तुत गर्नु भको छ त्सका लागि सरकार मन्त्रालय खासगरी यहाँहरूलाई धन्यवाद दिन चाहन्छु र आभार प्रकट गर्न चाहन्छु म आफ्नो भनाई स्पष्टिकरण यही टुङ्ग्याउन चाहन्छु हस्त धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले सभामा प्रस्तुत गर्नु भएको कर्णाली प्रदेशमा सुशासन प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथिको सैद्धान्तिक छलफल समाप्त भएको जानकारी गराउँछु । माननीय सदस्यहरू कर्णाली प्रदेश सभा नियमावली २०७५ को परिच्छेद-१५ व्यवस्थापन,कार्यविधिको नियम १०९ को उपनियम १ अनुसार कर्णाली प्रदेशमा सुशासन प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ मा संशोधनको सूचना पेश गर्न चाहनु हुने माननीय सदस्यहरूलाई ७२ घण्टाको समय सीमा प्रारम्भ भएको व्यहोरा जानकारी गराउँदछु । माननीय सदस्यहरू कर्णाली प्रदेश सार्वजनिक प्रसारण सम्बन्धमा कानूनी व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि सैद्धान्तिक छलफल समाप्त भई सो विधेयक माथि संशोधनको सूचना प्राप्त भएकाले कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

**माननीय श्री नरेश भण्डारी:** माननीय सभामुखज्यू,सभामुखज्यूको अनुमतिले नेपालको संविधानको धारा १९ मा रहेको सञ्चारको हक सम्बन्धी व्यवस्थालाई मूर्तरूप दिन साथै समाचार सूचना र मनोरञ्जनको पहुँचलाई जनता समक्ष विस्तार गर्न रेडियो,एफएम तथा टेलिभिजनको अनुमति सञ्चालन, नवीकरण र नियमनका लागि आवश्यक कानून व्यवस्था

गर्न वाञ्छनीय भएकाले सम्मान सभामा प्रदेश सरकार तर्फबाट उत्कृष्ट रहेको कर्णाली प्रदेश सार्वजनिक प्रसारण सम्बन्धमा कानूनी व्यवस्था गर्न बनेको विधेयक २०७५ विधेयक माथि माननीय सदस्यहरूको संशोधन सूचना प्राप्त भएकोले उक्त विधेयक छलफलका लागि कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १०७ को उपनियम १ को ख बमोजिम विधायन तथा प्रदेश मामिला समितिमा पठाउन सभा समक्ष प्रस्ताव गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरू कर्णाली प्रदेश सार्वजनिक प्रसारण सम्बन्धमा कानूनी व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि थप छलफल गर्न आवश्यक भएकाले विधायन तथा प्रदेश मामिला समितिमा पठाउन उपयुक्त छ भनी प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले राखु भएको प्रस्ताव निणयार्थ प्रस्तुत गर्दछु। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला यो प्रतावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला

हुन्न भन्ने आवाज सुनिएन तसर्थ कर्णाली प्रदेश सार्वजनिक प्रसारण सम्बन्धमा कानूनी व्यवस्था गर्नबनेको विधेयक, २०७५ मा थप छलफल गर्न आवश्यक भएकाले विधायन तथा प्रदेश मामिला समितिमा पठाउनु उपयुक्त छ भनी कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले राखु भएको प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु । माननीय सदस्यहरू अब यो वैठक २०७५ साल फागुन २७ गते सोमवार दिनको १ बजे सम्मको लागि स्थगित हुन्छ ।

# कर्णाली प्रदेश सभा
## तेस्रो अधिवेशन
## कार्यवाहीको सम्पूर्ण विवरण
## २०७५ फागुन २७ गते
## सोमवार
## (बैठक संख्या - ४)

राष्ट्रिय धुन,

**माननीय सभामुखः** माननीय सदस्यहरू कर्णाली प्रदेश,प्रदेश सभाको हिउँदे अधिवेशनको चौथो बैठकको कार्यवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू प्रदेश सरकार र प्रदेश सरकार मार्फत् सरोकारवाला निकायहरूको ध्यान आकर्षण गराउनुपर्ने विषयहरूमा आफ्ना भनाई राख्न विशेष समयको व्यवस्था गरेको छु सर्वप्रथम माननीय श्री मिनासिंह रखाल (समय ५ मिनेट)

**माननीय श्री मिनासिंह रखाल:** माननीय सभामुख महोदय विकासको चरम उन्नति तिर लागिरहँदा केई विकासका मुलधारहरू अलिकित ओझेलमा परेको मैले देखि रहेको छु र विशेष गरेर दैलेख देखि सुर्खेत, सुर्खेत देखि दैलेख तिर ओरोदोरो जाने क्रममा ति सडकहरूका खाल्टाखुल्टी र पिचहरू उत्रिएर गाडी नै ढल्किने जस्तो अवस्थामा देखि रहेको छ र हामी त सार्वजनिक गाडी नै ओरोदोरो गर्ने भई रहेको हुनाले र हामी सँग प्रत्यक्ष जनताको सम्पर्क पनि भईरहने हुनाले हिन्दा हामीले धेरै कुराहरू सुन्ने अवस्था आईरहेको छ । सुर्खेत देखि रातानाग्ला सम्म सुर्खेत जिल्लाको अधिकार, रातानाग्लाबाट दैलेखसम्म जाँदा दैलेखको अधिकार तर ती बाटाहरू कोसको अधिकारमा पर्छ र त्यसको मर्मत कसले गर्ने हो भन्ने कुरा अन्योलमा छ, विगत धेरै वर्ष अगाडि पिच भएको बाटाहरू ती सडकहरू अहिले हिन्नै नसक्ने खाल्टा र खुल्टी भएर गाडीको पैया पनि धकलिने त्यस्तो अवस्थामा जनताहरूले हामीसँग प्रश्न गरी रहनु भएको छ, यो प्रदेश सरकार यो स्थानीय सरकार यो संघीय सरकार यि सडकहरू कुन र कसका मातहतमा छन् र यि कसले गर्ने हुन भनीरहेर प्रश्न औंलाउदा जाँदाआफूलाई त्यसको जवाफ चाई नभएको जस्तो महसुस गरिरहेको छु र त्यसै गरी दैलेख जिल्लामा विभिन्न सडकहरूको निर्माण मर्मतका कार्यक्रम परेता पनि हाल सम्म ती सडकहरूको सुरुवात देखिदैन र कतैकतै उपभोक्ता समितिबाटगरिने सडकहरू पनि डोजरहरू लगाएर पहेरा काल्ला भत्किएर अवको यो वर्खामा झन दुर्गति हुने जस्तो पनि अवस्था देखि रहेको छ ।त्यसैले म सभामुखद्वारा सरकार प्रदेश सरकार संघीय सरकारको ध्यान आकर्षण गर्न के चाहन्छु भने अव यो तीन महिना भित्र हामीले गर्नुपर्ने निर्माण, मर्मत कामलाई छिटो भन्दा छिटो सुरुवात गर्नु पर्‍योहोइन भने असार मसान्त सम्म हामीले ती कामहरू सई गरेनौ भने ती मर्मतहरू गर्न खाजेनौं भने फेरी उस्तै दुर्गति हुने छ र कसको ज्यान का जाने हो कसरी धरापमा पर्ने हो कसले जिम्मा लिने हो र यो चाई असाध्यै मर्माहित कुराहरूछन् र बाटो

घाटो हिन्दा खेरी हामीले सुन्नमा आउँदा खेरी हामी आफैंपनि लज्जावोध गरिरहेका छौं छिटो भन्दा छिटो दैलेख सुर्खेत हुने यो मूल सडक अथवा हाम्रो मोटर बाटोलाई पिच र खाल्टा खुल्टि पुर्न म अनुरोध गर्छु हस्त धन्यवाद ।

**माननीय सभामुखः**माननीय श्री अमृता शाही ।

**माननीय श्री अमृता शाही:** सभामुख महोदय आज यस सदनमा म यो नयाँ सदन आएदेखि आज पहिलो चोटी बोल्दै छु । जस्तै अहिले माननीयज्यूले भन्या जस्तै हाम्रो पनि यो बबई,बबई देखि बोटेचौर-छिन्चु-जाजरकोट सडकको त्यो टु लाइन सडक बनाउने भनेर अलि पहिलै देखि हो भनेको त्यो बाटो चाई अहिलेसम्म नि कले हेर्ने प्रदेशले अथवा संघीय सरकारले अथवा अरु कसैले हेर्ने हो त्यो सम्बन्धित निकाय गएर त्यहाँको जनताहरूलाई त्यो आफ्ना वारीका छेउछाउका रुखहरू ढाल्न पठाएका छन् । त्यो पठाएको चाई धैरै भई सक्यो तर त्यो बाटोको कसरी हो के गरिने हो किन हो त्यो चाई वनाएकै छैनन् कोई मान्छे जादै गा छैनन् या कोई छन् कि केरे यो प्रदेश सरकारले हेर्नु पर्ने हो कि संघीय सरकारले हेर्नु पर्ने हो कि एउटा त्यो छ अर्को चाई यो रामघाट भेरीगंगाको रामघाट दशरथ जोडने पुल त्यो सिलन्यास भएको २ वर्ष भई सक्यो अहिले सम्मन न संघीय सरकारले हेरेको छ न यो प्रदेश सरकारले त्यो त्यस्तै अलपत्र छ त्याको जनतालाई मेहलकुनाबाट पुल तरेर आउनु पर्छ । एकदमै त्यो चाई कार्यान्वयन होस सभामुख महोदयमार्फत् भन्न चाहन्छु र अर्को यो हाम्रो यो यताबाट जानेवेला सत्तरी सत्तरीको शनिवोट निर छ त्यो कालपानी गाविसलाई जोडने सडक पुल त्यो पनि त्यस्तै छ त्यो पनि कसैले वास्ता गरेको छैनन् त्यो पुलको अध्ययन पनि भई सकेको छ त्या जोडने भनेर ठाउ पनि तोकि सकेको छ त्यो पुल तर संघीय सरकारले पनि हेरेको छैन या प्रदेश सरकारको पनि कतै नजर लागेको छैन त्यसमा पनि तुरुन्तै हुनु पर्‍यो त्यो काम र जस्तै जरे बजार देखि माथि लेउ झिक्नि सडक त्यो सडक पनि पहिला त्यो बाटो अलिकति डोजर मात्र लगाएर वनाएको छ अहिले त्यो बाटो त्यस्तै लथालिङ्ग बनेको छ त्यो चाई प्रदेश सरकारले तुरुन्तै कार्यान्वयन गरेर त्याको जनतालाई सेवा सुविधा दिनुपर्ने देओस भन्न चाहन्छु र जस्तै बाटोको कुरा गर्दा यो हामी अन्त टाढाको कुरै किन गर्ने यो हामी आउने बाटो यो अहिले सदनमा आउने बाटो कस्तो छ त्यो बाटोतपाईंहरू जस्तै यो प्रदेश सरकारका मन्त्रीज्यूहरू झण्डा हल्लाउदै हिडने त्यो बाटोमा हामीले मोटर साईकलमा आउने वेला कच्ची रोड भन्दा पनि आझ वर्ता गरेर आउनु पर्छ त्यो बाटो त्यो बाटोमा नजर किन गएन किनकि यो कर्णाली प्रदेशको राजधानी सुर्खेत हो भने पछि यो राजधानीलाई कसले वनाई दिने केन्द्र सरकार आएर वनाई दिने पनि होइन होला सायद प्रदेशको सरकारको आखो लाग्नु पर्छ त्यसमा उहाँहरू अव गाडीमा आउनु हुन्छ उहाँहरूलाई दुख्ख छैन होला हामीहरूलाई मोटर साईकलमा आउछौं कहिले अटो रिक्सामा पनि आउनुपर्छ भने पछि हामीलाई त्या जोखिम छ क्या हामीलाई पनि यो राजधानीमा त्यो बाटो चाई अथवा सम्बन्धित निकायले गर्ने कि प्रदेश सरकारले भन्नु

पऱ्यो के गर्ने मन्त्रीज्यू गएर कहिले काई अव त्या सफासुगर त गराउनु हुन्छ त्यो त्यो सफासुगरले खाल्डा पुरिदो रहिन्छ जस्ताको तस्तै छ त्यो खाल्डा त्यसलाई सम्बन्धितनिकायले तुरुन्तै ध्यान दिएर त्यो यो सदनतिर आउने बाटो अथाव यो सुर्खेतका कति वाटाहरूछन् ती खाल्डाखुल्डीसबै पुरिने होकि अथवा पिच हुने होकि ग्राविल हुने होकि के हुने हो त्यो चाई तुरुन्त हुनुपर्छ भन्ने कुरा राख्दै मेरो भनाई यही अन्त्य गर्छु हस्त धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री कौशिलावती खत्री ।

**माननीय श्री कौशिलावती खत्री:** माननीय सभामुख महोदय नेपालको संविधानको भाग ३ धारा ३५ को उपधारा ३ मा मौलिक हकमा प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक भनेर लेखिएको छ तर मैनावारीलाई स्राव र बच्चा जन्माउनलाई स्वास्थ्य चौकिमा गएर बच्चा जन्माउन लाज मान्ने हाम्रो समाज महिलाले बच्चा जन्माउदा त्यहाँ जन्माएपछि जीवनयापन गर्नु अथवा आफ्नो जीवनलाई समाप्त गर्नुलाई र पाठेघरमा हुने संक्रमणलाई सामान्य सम्झन्छ । सभामुख महोदय, आज यस्तै घटना कर्णाली प्रदेश सरकारको आडैको सरकारले राज्य सञ्चालन गर्ने राजधानी नजिकै आडैको जिल्ला कुपिण्डे दह नगरपालिका वडा नं. ८ ज्यामीरे कि २६ वर्षीय प्रेमकला थापाको अत्याधिक रक्त स्रावका कारण ज्यान गएको छ । यसरी कर्णाली प्रदेशका महिलाहरूले घरिघरि बच्चा जन्माउदा होस बच्चा जन्माए पछि रक्त स्रावको पीडामा परेर आफ्नो ज्यान गुमाउने अवस्था यिनी प्रतिनिधि पात्र मात्र हुन्। त्यसैले कर्णाली प्रदेश सरकारले अव सुरक्षित मातृत्वको लागि तथा सहजै रगत चढाउने व्यवस्था सञ्चालन गर्ने कि नगर्ने भन्ने कुरामा ध्यान दिनको लागि म सभामुख मार्फत् कर्णाली प्रदेश सरकारको ध्यान आकर्षण गराउन चाहन्छु विशेष गरी सामाजिक मन्त्रालयको ध्यान म यथाशीघ्र जाओस् भनेर म जोडदार माग राख्न चाहन्छु धन्यवाद ।

**माननीय सभामुखः**माननीय श्री दानसिंह परियार ।

**माननीय श्री दानसिंह परियारः** सभामुख महोदय आज हामी सदनमा उपस्थित भएका छौं र विशेष गरेर अघिल्ला १/२ वर्ष हामीले केई पनि काम नगरेर अघिल्लो आर्थिक वर्ष सम्पन्न भएको छ र अहिले दास्रो आर्थिक वर्षको पनि करिव अन्तिम चौमासिक समयावधि सम्म पनि सरकारका कुनै पनि गतिविधिहरूअगाडि वढि राख्या छैनन् र अहिले कर्णाली प्रदेशका जनताहरूले कर्णाली प्रदेश सरकार र कर्णालीको संसदप्रति १७ लाख कर्णाली वासी जनताले जुन अपेक्षा गरीराख्या थिय त्यो अपेक्षा अहिले आएर करिव शुन्यताको अवस्थामा हामी अगाडि वढि राख्या छौं सभामुख महोदय म यो ध्यान आकर्षण गर्न चाहन्छु कि वास्तवमा हामीले खोजेको "खुसीनेपालीसमृद्धनेपाल"नेपालसरकारकोनीतिरकार्यक्रमहामीलेकर्णालीप्रदेशसरकारबाटचाईय सलाईकार्यान्वयनगर्नसक्छौंकिसक्दैनौंअहिलेहरेकवस्तीमाहरेकटोलटोलमाहरेकचाईयुवाहरूको कारणलेयो कुरा उठि राख्या छ । त्यसो भकोले यदि यो वर्षको नीति कार्यक्रम फेरि

हामीले असफल वनाइउ भने हामी केही समय सरकारमा त बसौंला तर हामी फर्केर हाम्रो निर्वाचन क्षेत्रमा जुन जसरी हामीले जनताको जन अपेक्षा अनुसार जनमतबाट हामी यो सदनमा उपस्थित भयौं र हजारौ जनताहरूको चाई समृद्धिको सपनाको नेतृत्व हामीले गर्छौं भनेर सदनमा आयौं तर अहिले सरकारको गतिविधि हेर्दा करिब आम जनताको चाई अपेक्षा चाई शुन्यताको अवस्था छ । यसको सन्दर्भमा सरकारले गरेका नीति कार्यक्रमको बारेमा बजेट कार्यान्वयनको सन्दर्भमा सन्तोषसँग सरकार चाई मन्त्रीहरूले प्रत्यक्ष संवाद हुने कुरा रहन्छ कि रहन्न । यो मेरो पहिलो प्रश्न रहेको छ सभामुख महोदय, त्यसो भएकोले यदि सरकार संसदप्रति जवाफदेही हुने हैन भने अत सार्वभौम संसदमाथि सरकारले गरेका गतिविधिहरूको बारेमा जानकारी नगराइने हो भने संसदमात्र हैन कर्णाली प्रदेशका करिव १७ लाख जनताहरूको चाई जीवन र भविष्य माथि या खेलवाड भै राख्या म जानकारी गराउन चाहन्छु त्यसो भकोले पहिलो कुरा यो आर्थिक वर्षको करिव अन्तिम चरणमा हामी छौं र यो वजेट किन कार्यान्वयन भयो भएन भन्ने सन्दर्भमा कर्णाली प्रदेश सरकारका मुख्यमन्त्रीलाई संसद आएर यसको बारेमा कुरा राख्नु पर्ने कुरा मैले देखि राख्या छु । पहिलो मेरो प्रश्न यो रहेको छ र दोस्रो कुरा म अहिले बाटोमा आइरहँदा अहिले पनि संसद भवनको बाहिर पट्टि करिव ८/१० जना अपांग साथीहरू यहाँ आउनु भएको छ कर्णाली प्रदेशको सरकारको चई संसद भवन जनताको भाग्य र भविष्य लेख्ने ठाउँमा हामी संसद भवनमा कर्णाली प्रदेशको संसद भवन अपांगमैत्री छैन भनेर चई कुरा उठि राख्या छ यदि अपांगको पक्षमा यदि संसदले सोच्दैन भने सरकारको नीति कार्यक्रमले कसरी सोच्छ त्यसो भकोले अवको संसद भनेको अपांगमैत्री संसद हुनुपर्छ हरेक जनताले चाई सजिलै तरिकाले संसदमा आएर आफ्नो कुरा चाई सुन्न पाउने र राख्न पाउने स्थिति चाई निर्माण गरिनुपर्छ भन्ने कुरा म राख्न चाहन्छु । त्यस्तै अर्को कुरा मेरो निर्वाचन क्षेत्रमा सभामुख महोदय, करिव २ महिना भयो नाग्मा-गमगढी सडक अहिले हिमपातको कारणले गर्दा करिव २ महिना भयो अहिले पनि हिम पहिरोको कारणले गर्दा सडक अवरुद्ध भई राख्या छ । जिल्लामा अहिले पनि कैयौं दैनिक उपभोग्य वस्तुहरू उपभोग गर्न पाई राख्या छैनन् । त्यसको बारेमा तत्काल हामीले कर्णाली प्रदेश सरकारबाट यसको व्यवस्था गर्न सक्छौं कि सक्दैनौ । त्यसको बारेमा चाई सभामुख मार्फत् चाई सरकारको चाई ध्यानाकर्षण गर्न चाहन्छु । त्यस्तै गरेर मुगु जिल्लामा रहेको एक मात्र ताल्चा विमानस्थल अहिले पनि जोखिम वाढी पहिरोको कारणले गर्दा जोखिम अवस्थामा रहेको छ त्यो एयरपोर्टको पानीका कारणले गर्दा तल तिरका करिव ५/६ वटा गाउँहरू अहिले पनि जोखिममा छन् र यदि यसलाई समयमा चाई वाढी पहिरो नियन्त्रण गरीयन भने ताल्चा एयरपोर्ट मात्र हैन भविष्यमा रारा ताल पनि जोखिममा परेर भोलि राराको समग्र स्वतन्त्र राराको चाई सौन्दर्य माथि पनि प्रश्न चिन्ह खडा भएको कारणले गर्दा यसको बारेमा चाई सभामुख मार्फत् सरकारले चाई तत्काल ध्यान दिओस भन्ने कुरा राख्न चाहन्छु र अर्को कुरा अहिले हामीले राराको बारेमा

जति कुरा उठाई राख्या छौं। रारालाई राष्ट्रिय अन्तराष्ट्रिय स्तरमा जसरी चिनाउने भनेर हामीले गरी राख्या छौं त्यसैको कारणले गर्दा मलाई लाग्छ रारामा राराको मध्यवर्ती क्षेत्रको भित्रको एरिया भन्दा बाहिर सायद आर्थिक पर्यटनसँग जोडने उद्देश्यका साथ अथवा खेल पर्यटनलाई जोड्ने उद्देश्यका साथ कर्णाली प्रदेशको एउटा प्रदेश स्तरको चाई खेल मैदान रारा तालसँगको जोडिएको नजिकैको ठाउँमा झ्यारीएको चाई माथिल्लोगाउँको माथि पट्टि एउटा खेल पर्यटनसँग जोड्न किसिमको चाई कर्णाली प्रदेश स्तरको चाई खोलमैदान चाई निर्माण गरियोस् र वास्तवमा खेलबाटैसमृदि र खेलबाटै स्वास्थ्यको कुरालाई सरकारले ध्यान देओस् भन्ने कुरा राख्दै र अन्त म फेरी पनि के कुरा जोड्न चाहन्छु भने अहिले पनि आम जनतालाई हामीले हामीलाई प्रश्न गरी राख्या छन् आम जनताले हामीलाई सोधि राख्या छन् कि अहिले यो वर्षको आर्थिक वर्षको वजेट किन कार्यान्वयन भई राख्या छैन यसको बारेमा चाई संसदमै कर्णाली प्रदेशका चाई मुख्यमन्त्री नै आएर यसको सम्वोधन गरियोस् भन्ने माग राख्दै मेरो भनाई यही टुङग्याउछु धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री कृष्णा शाह ।

**माननीय श्री कृष्णा शाहः** सभामुख महोदय, गुणस्तरीय खाद्य उपभोग गर्ने आम नागरिकको नैसर्गिक अधिकार हो यो हाम्रो संविधानमा संविधानको धारा ४४ मा पनि मौलिक हकको रूपमा व्यवस्था गरिएको छ र त्यई संविधानको मर्म र भावना अनुसार कर्णाली प्रदेशले गुणस्तरीय खाद्य उपभोगको व्यवस्था वातावरण उत्पादनको व्यवस्था गर्नको लागि त्यो मर्म र भावनालाई संविधानको मर्म र भावनालाई पूर्ती गर्नको लागि र सरकारले आफ्नो दायित्व पूरा गर्नको लागि अर्गानिक कृषि प्रदेशको जुन लक्ष्य उद्देश्य राखेको छ र त्यो अनुसारको त्यसको विधेयक पनि सदनमा प्रस्तुत भई सकेको छ, त्यो बारेमा आज यहा सैद्धान्तिक छलफल पनि हुँदै छ तर आज हामीले बजारमा हेरीउ भने छ्यापछ्यापती मिति गुज्रिएका, मिति नराखिएका खाद्य वस्तुहरू जनताहरूले खान वाध्य भएका छन् र हामीलाई लाग्छ हामीले गरीब प्रदेशमा हाम्रो कर्णाली प्रदेशमा मान्छेहरू भोकभोकै मर्ने स्थिति छ भनेर भनि राखेको बेला खान नपाएर भन्दा पनि त्यस्तो वस्तुहरू खाएर गुणस्तर विहिन वस्तु, खाद्य वस्तुहरू उपभोग गरेर कर्णालीवासीहरूको आयु झनै केरे घट्ला भन्ने हामीमा चिन्ता उब्जिएको छ त्यसैले गर्दा खेरी यसको समस्या कसरी समाधान गर्ने । यसको नियन्त्रण अनुगमन कसरी गर्ने, यस्ता वस्तुहरूलाई कसरी रोक्ने भन्ने कुरामा सरकारको चिन्ता र चासो के कति छ मैले प्रश्न गर्न चाहे र अर्को कुरा हामीले छिटो छरितो गुणस्तरीयता, गुणस्तरीय सेवा प्रदान गर्ने जुन कुरा गरी राखेका छौं यो पनि जनताको एउटा नैसर्गिक अधिकार हो । आज हामीले यहीं सुर्खेतको वीरेन्द्र नगरपालिकाका हाम्रा कार्यालयहरूमा हेरीउ भने हामीले हेर्छौं मालपोत कार्यालयहरूमा त्या जनताको लाइन हुन्छ । जसले सक्छ जसले २/४ हजार बुझाउन सक्छ, कर्मचारीहरूलाई जसले सेटिङ मिलाउन सक्छ, उसको काम अगाडि भईराखेको छ

लाइनमा बसेका ईमान्दार, सोझासाझा जनताहरूमहिनौ दिनसम्म त्यहाँ कुर्ने स्थिति बनिराखेको छ । हामीले हस्पिटलमा हेर्छौं डक्टरहरूलाइन, विरामिको लाइनबसिराखेको हुन्छ डक्टर १० बजे आउँछ र फेरी उ २ बजे निस्केर आफ्नो क्लिनिकमा जान्छ त्यो डक्टरलाई कसले अनुशासित बनाउने हो उसलाई कसले त्यो निर्देशन गर्ने हो त्यो कुरामा हाम्रो सरकारको ध्यान गको छ कि छैन । मैले सभामुख मार्फत् सरकारको ध्यान आकर्षण गर्न चाहे त्यसै गरेर हामीले हेरीउ भने सबै कार्यालयहरूमा अदालतमा हाम्रो एउटा न्यायपालिका जनतालाई न्याय दिने सबभन्दा हाम्रो सरकारको एउटा अंग हामीले भनेका छौं र संविधानमा पनि त्यो छ, त्यसमा हामीले हेरीउ भने एउटा कामको लागिनागरिक गयो भने एउटा कोठाबाट अर्को कोठा जाँदा खेरी त्यो कामको लागि त्यो काम अगाडिबढाउनको लागि कर्मचारीहरूले त्या घुस माग्ने स्थिति बनिराखेको छ जसले धेरै घुस दिन सक्छ उसको कामहरू फाईनल भएका छन् अर्थात उसले काम सकेर आउँछ। जसले घुस दिन सक्दैन त्याँ उसले त्यो व्यवस्था मिलाउन सक्दैन, अज्ञान हुन्छ, उसले आफ्नो काम गर्न सकेको छैन । त्यसैले गर्दा खेरी ती समस्याहरूको यस्तै यी यावत समस्याहरूको समाधान हामीले कसरी गर्न सक्छौं। हाम्रो कर्णाली प्रदेशले कसरी लिएको छ मैले ध्यान आकर्षण गराए सभामुख मार्फत् या सरकारको त्यसै गरी अघि हाम्रो माननीय दानसिंह पयिरले पनि कुरा उठाउनु भो अपांगताको बारेमा बाहिर पनि आउनु भको छ अपांग भएका साथीहरू वास्तवमा अपांगता हुनु एउटा नियतिको कुरा होइन र हामीले अपांगता मैत्री सांसद भवन या रहीन्छ भनेर उहाँहरूबाट हामीसँग गुनासा पोख्ने काम भयो। हामीले अलिकती या व्यवस्था गर्दा खेरी अझै पनि केई विग्रेको छैन हामीले अपांगमैत्री भवन अर्थात सदन यो कसरी बनाउनसक्छौं या अपांगमैत्री ट्वाईलेटहरू चर्पीहरू हामी कसरी बनाउनसक्छौं त्या पनि अलिकति ध्यान जानेछ भन्ने मैले यहा ध्यान आकर्षण गराए त्यसै गरी हाम्रा वीरेन्द्रनगरका रोडहरूछन्,बाटोहरूछन् हाम्रा बाटोहरू सपांगमैत्री पनि छैनन् आउँदा दिनहरूमा ती सपांगमैत्री सँगै अपांगमैत्री पनि हुनेछन् भन्ने कुरा राख्दै मैले आफ्नो भनाई उही अन्त्य गरे धन्यवाद ।

**माननीय सभामुखः माननीय श्री बदमी क्वारी बोहरा ।**

**माननीय श्री बदमी क्वारी बोहराः** माननीय सभामुख महोदय डोल्पा जिल्लाको थुप्रै पर्यटकीय क्षेत्र मध्ये एक मात्रै अलि प्रभावकारी अलि धेरै पर्यटन जाने क्षेत्र शे-फोक्सुण्डो जाने पदमार्ग हिमपातको कारणले थुप्रै ठाउँमा पहिरो गएर बाटो अवरुद्ध भएको धेरै दिन देखि त्यहाँबाट सम्पर्कमा हुने साथीहरूसँग कुरा सुन्दा खेरी पर्यटकहरू शे-फोक्सुण्डो ताल हेर्न जाने पर्यटकहरूबीचबाटोबाट फर्केको कुरा जानकारी भएको छ । सभामुख महोदय, डोल्पा जिल्लाको थुप्रै पर्यटकीय क्षेत्र मध्ये एउटा आकर्षण भएको पर्यटकीय क्षेत्र शे-फोक्सुण्डो तालको बाटो तुरुन्तै सभामुख महोदयमार्फत् प्रदेश सरकारका पर्यटन मन्त्रालयको ध्यान आकर्षण गराउन चाहन्छु त्यसै गरी विभिन्न डोल्पा जिल्लाको सबैभन्दा ठूलो क्षेत्रफल भएको राष्ट्रिय निकुञ्ज भित्र रहेका वफरजोन एरीया भित्र रहेका थुप्रै

पाटनहरूमा अवको केही महिनामा अवको एक डेढ महिनामा यार्सागुम्वा संकलन गर्ने थुप्रै बाहिरबाट मान्छेहरू डोल्पा तिर जान्छन् कर्णाली प्रदेश भित्रका छदैछन् त्यो भन्दा बाहिर काठमाँडौ,भक्तपुर तिरबाट पनि मान्छेहरू यार्सागुम्वा संकलनको लागि डोल्पातिर जाने गर्छन् । यसमा थुप्रै चोरी,डकैतिहरू हुन्छ, सभामुख महोदय, प्रदेश सरकार सभामुख महोदयमार्फत् प्रदेश सरकारको त्यहाँ वभर्जन एरिया भित्र रहेका राष्ट्रिय निकुञ्जमा बस्ने नेपाली सेनाको त्यहाँ केई अझै त्या वस्नुपर्ने त्या ड्यूटी गर्नुपर्ने क्षेत्र छ, जुन धेरै ठाउँमा त्या टोकरीहरू बसेको छ त्यसमा अझै पनि त्यहाँ अरु धेरै क्षेत्रहरूछन् त्यहाँ सुरक्षाको लागि सुरक्षाको क्याम्पहरू राख्न म सभामुख महोदयमार्फत् प्रदेश सरकारलाई अनुरोध गर्न चाहन्छु, र अर्को गत सालको वर्खे अधिवेशनमा पनि मैले वोलेको थिएँ। कर्णाली प्रदेशको आय स्रोतको एउटा स्रोत मुख्य स्रोत जरिवुटी हो यसलाई छिटो कानूनबनाएर कार्यान्वयनमा लैजानुस् । कर्णाली प्रदेशको विकासमा केही सपोर्ट हुन्छ कि भन्ने गत सालको वर्खे अधिवेशनमा पनि यो भन्दा अगाडि मैले वोलेको थिएँ सदनमा र कताकता कार्यान्वयन नभएको जस्तो लाग्छ । कर्णाली प्रदेश जरिवुटीको खानी होभन्ने हामी सबै जानकार छौं र खानी हो भन्दाभन्दै जडीवुटीहरूसबै केही जडीवुटीहरू अलि सस्तो खालको जडीवुटीहरूकेही संकलन गरेर सकि सकेको छ र यार्सागुम्वा पनि पहिलेको भन्दा अहिले धेरै उत्पादन घटेको छ । जिल्लामा यसै गरी कर्णाली प्रदेशको अर्को एउटा आय स्रोतको क्षेत्र भनेको नाका हो जुन चाईनासँग जोडिएको हिल्सा नाका र डोल्पाको क्याटो यसमा चाई अव हिल्साको त मलाई त्यति जानकारी भएन। मैले यार्सागुम्वा यो लैजाने क्रममा यो डोल्पाको शे-फोक्सुण्डो हुदै धोतिङ्जे हुदै जाने जुन माथिक्याटो नाका छ यसमा चाई नेपाली सेना,नेपाल प्रहरी प्रदेश सरकार, माननीय सभामुख मार्फत् प्रदेश सरकारलाई राख्न र डोल्पा कर्णाली प्रदेशको जनताको आय स्रोतमा वृद्धि हुने यहाँ जानकारी गराउँछु र यो कुनै नाकासँग नजोडिएको यो कर्णाली प्रदेश न सामान्य डालो न टेक्ने अखेट्टो भन्या जस्तै न कुनै बाहिर नाकाहरू तुरुन्तै आय स्रोत वराउने नाका छ न कुनै यो जरिवुटी निकासा गर्ने नजीकको नाका जस्तै डोल्पाको जति वर्षमा ५/६ कुन्टल यार्सागुम्वा उत्पादन हुन्छ डोल्पामा र लैजाँदा खेरी केही मात्रा मात्रै प्रदेश सरकारलाईर, संघको सरकारलाई र स्थानीय सरकारलाई कर तिरेर यता बाट अलि प्रक्रिया पुऱ्याएर लैजान्छन् भने धेरै जस्तो यार्सागुम्वा चोरी निकासी र त्या बस्ने सुरक्षा टोलीले पनि ट्याक्स मात्रै उठाएर राज्यलाई दिने ट्याक्स नउठाएर आफ्नो व्यक्तिगत ट्याक्स उठाएर चाईना लैजान्छन् । यसको ध्यान आकर्षण सभामुख महोदयमार्फत् प्रदेशको सम्बन्धित मन्त्रालयको प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छु मेरो भनाई यही राख्छु धन्यवाद ।

**माननीय सभामुखः**माननीय श्री पद्मा खड्का ।

**माननीय श्री पद्मा खड्का:** सभामुख महोदय, यो हिउँदे अधिवेशनको चौथौ बैठकमा केही महत्वपूर्ण आफ्नो जिल्लाका सार्वजनिक विषयहरू मैले यहा राख्न गईरहेको छु ।

सर्वप्रथम मैले सुर्खेत जिल्लाको भेरी नदिमा चौध वर्ष देखि निर्माणाधिन पुलको मैले या कुरा उठाईरहेको छु । जो भेरी पारी वराहताल गाउँपालिका वारीमा वीरेन्द्रनगर नगरपालिका जसको स्थल रानिघाट भन्छ, त्यलाई त्यहाँ अहिले १६/१७ वर्ष देखि जुन त्यो काम प्रक्रिया छभेरीको नदिमा गएर रोकिएको छ र त्यहाँ पारी रहेका जुन जनताहरू,नागरिकहरू अहिले पनि सडक सञ्जालले नजोडिने र त्यहाँका विभिन्न समस्याहरूलाई सहजै रूपमा विभिन्न सेवा प्रदायक संस्थाहरूसँग आउन नसकिने जुन समस्या छ, त्यो समस्याले गर्दा त्यस्ता काम गर्ने जुन जिम्मा लिएका ठेकदारहरूलाई यो प्रदेश सरकारले पनि आफ्नो कार्य क्षेत्र भित्र नपरे पनि निर्देशन दिने र छिटो भन्दा छिटो कारवाहीका लागि पनि सिफारिस गर्नुपर्छ भन्ने मैले यहाँ अ एकदमै महत्वपूर्ण विषय राख्न चाहन्छु, त्यस्तै गरी अर्को विषय छ, सोही भेरी नदिमा सुर्खेत जिल्लाको राजधानी सँगै जोडिएको नजिकै राजमार्ग सँग जोडिएको छिन्चु खोलाको नजीक भेरी नदिमा जुन अहिले वालुवा,गिट्टी, ढुङगा स्थानीय तहलाई जिम्मा दिएको छ, कार्य क्षेत्र अधिकार भित्र तर पनि त्यहाँ अहिले हामीले मैले आफैं पनि त्यहाँ गएर हेर्दा आज भेरी नदि थुनिएको अवस्था भेरी नदि सबै नदि कहाँ छ, भन्ने अवस्था त्यहाँ सिर्जना भएको छ, २/३ दिन मात्रै भो हामीले त्यो हेरेको र यो यसो हेर्दा नदि उत्खनन् र जुन जथाभावी हामीले ढुङ्गा,गिट्टि, वालुवा उठाउन दिदा फेरी आउने वर्खे भेल वर्खे पानीले त्या नजिकै रहेका आसपासमा रहेका वस्तीहरू त्यसमा पनि अझै उत्पीडितमा रहेका वर्गहरू जहाँ खोला नदि छेउमा वसि रहेका छन् । त्यो सँगसँगै हाम्रो यो झुप्राको वादी वस्ती जहाँ २०० घर वादीहरू वस्ती रहेको त्यो वस्ती छ, त्यो वस्ती भोलि खतरामा गर्ने स्थिति देखिन सक्छ । यसको लागि पनि विशेष निर्देशन प्रदेश सरकारले स्थानीय तहलाई सम्बन्धित स्थानीय तह त्यो अहिले भेरी गंगाले सञ्चालन गरिरहेको छ, भन्ने मैले सुनिरहेको छु दिन पर्छ होला भन्ने मैले सुझाव राख्न चाहन्छुर यस्तै गरी विभिन्न माननीय सदस्यहरूले कुरा उठाइरहनु भाको छ राजधानीलाई व्यवस्थित बनाउने, सुन्दर बनाउने र विकास निर्माणका प्रक्रियालाई अन्य जिल्लामा जति असहज परिस्थिति छ, सुर्खेतमा सहज परिस्थिति हुँदाहुँदै पनि किन ढिला भइरहेको छ, भन्ने प्रश्न दिनानुदिन उठिरहँदा आम नागरिकले पनि प्रश्न उठाईरहँदा सुर्खेतको धुलियाविट देखि वाङ्गेसिमल सम्मको जुन बाटोको अवस्था छर त्यो सँगै जोडिएको बजार व्यवस्थापनको जुन ढल निकासको कुरा छ, वारम्वार हामीले या वोलिरहँदा यतातिर पनि हाम्रो प्रदेश सरकारको ध्यान नपुगेको प्रदेश सरकारले पनि समन्वय गर्न नसकेको कुरा या देखिन्छ, त्यस कारण यथाशीघ्र यो यो जुन यो अन्तिम चौमासिकमा काम गर्ने जिम्मा लिएका विभिन्न कम्पनीहरूलाई यो काम यथाशीघ्र सक्नका लागि हाम्रो प्रदेश सरकारले पनि महत्वपूर्ण भूमिका खेल्ने छभन्ने कुरा म यहाँ राख्न चाहन्छु र अन्तिममा अर्को विषय जहाँ हामी शिक्षा मानव विकासको चरणमा र समाज विकासलाई अझ तिव्र गतीमा अगाडिबढाउनका लागि पनि जो शिक्षाको ज्योतिलाई हामीले जोडेर जानपर्छ । त्यसको एउटा विषय कर्णाली प्रदेशमा जहाँ हामी कणाली प्रदेशका

आम नागरिकले पढ्न ईच्छुक हुँदाहुँदै पनि र हाम्रो प्रदेशमा त्यो विषय छैन वन विज्ञान क्याम्पस त्यसका लागि हामी अन्य प्रदेशमा हिजो देखि पढ्दै आइरहेका विधार्थीहरूको भावना अव हाम्रो प्रदेशमा नै कर्णाली प्रदेशमा नै वन विज्ञान क्याम्पस सञ्चालन हुदै छ भन्ने एउटा उत्सुकता पैदा हुँदाहुँदै पनि विभिन्न प्रक्रियाले आज त्या प्रयाप्त जमिन हुँदाहुँदै त्या पर्याप्त अध्ययन अनुसन्धान गर्ने विभिन्न स्रोत र साधन हुँदाहुँदै पनि ती काम गर्ने झन्झटिला प्रक्रिया र प्रदेश सरकारले पनि यलाई खासै महत्व नदिएको जस्तो त्यो क्याम्पस सिर्जना गर्नका लागि पनि जुन भूमिका निर्वाह गरेको छ विजौरा मावि तोस्राले त्यसको लागि पनि यथाशीघ्र पहल गरेर यहाँका जनताको सबैसुलभ रूपमा आफूले चाहेको विषयवस्तु पढ्न पाउने अधिकारलाई सुनिश्चित गर्नका लागि प्रदेश सरकारको ध्यान आकर्षण गर्न चाहन्छु ।धन्यवाद ।

**माननीय सभामुखः**माननीय श्री ठम्मर बहादुर विष्ट ।

**माननीय श्री ठम्मर बहादुर विष्टः** माननीय सभामुख महोदय, मैले एउटा मात्रै तर धेरै सार्वजनिक महत्वको बुँदा यहाँउठाउँदै छु त्यो भनेको झण्डै ५ वर्ष वित्दै छ यो वाढी पीडित सुर्खेत लगायत अन्य जिल्लाको पनि समस्या छ र विशेष गरी सुर्खेतमा गएको वाढी पीडितको अवस्थाले अव अहिले सम्म  हामीले त्यहाँआउँदा खेरी धेरै मान्छेहरू त्यहाँ पालमै वितेको, विरामि परेको, सर्पले टोकेको, दशै तिहार जस्ता पर्वहरू पनि त्यस्ता पर्वहरूआउँदा त्यहाँ टिभिहरूमा पनि राष्ट्रिय प्रसारणहरूमा लथालिङ्ग भताभुङ्गको एउटा अवस्था एउटा मानवीय संकट पैदा भएको विगतमा संघीय सरकारले त त्यो भन्दा अगाडि पनि उनीहरूलाई वसोवास गर्ने भन्ने अथवा चाई के हो उनीहरूको चाई व्यवस्थापन गर्ने विषयमा चाई सरकारले निर्णय गरेको तर त्यो कुनै पनि हुन नसक्दा एउटा मानवीय संकटको हिसावले हामीले प्रदेशमा शपथ खाएसँगै पल्लो संसद भवनमा पनि हामीले थुप्रै चोटि त्यो कुराहरूउठायौं, थुप्रै चोटि या पनि उठायौं, अव म या प्रश्न गर्न चाहन्छु सभामुख महोदय त्यसको उत्तर पनि मैले चाहन्छु माननीय आन्तरिक तथा कानून मन्त्रीको संयोजकत्वमा त्यो कमिटि गठन भको छ त्या के कति मान्छे मरे, के कति विरामी भएका छन्, के कति अवस्था छ, त्यो सबै मानविय संकटको विवरण तत्काल चाईयो एक, दोस्रो कुरा त्यसको लागि अहिले सम्म के कति प्रगति विवरणहरू भयो दास्रो त्यसको उत्तर तत्काल चाईयो, चौविस घण्टाभित्र त्यसको जवाफ चाईयो, तेस्रो कुरा भनेको उहाँहरूले के गदै हुनुहुन्छ त्यो व्यवस्थापनको लागि र मानवीय संकटको लागि सँगसँगै झण्डै ६ महिना भै सक्यो त्यो समिति गठन भको अव त्यो सायद फेज आवट हुनेवेला पनि भो अव उहाँहरूले सक्नुहुन्न भने तत्कालै त्यो समिति डिजल्व गरेर एउटा संकटकालीन Issue घोषणा गरेर एउटा संकटकालीन कोष चाई बनाएर तत्काल त्यो वाढी पीडितहरूको उद्धार गर्ने वातावरण सभामुख महोदयमार्फत् तयार गरियोस् धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरू अव म  प्रदेश सभा नियमावली २०७४ को नियम १०६मा भएको व्यवस्था अनुसार कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री विमला के.सी.लाई प्राङ्गारिक कृर्षि सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि सैद्धान्तिक छलफलका लागि सभा समक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रीमाननीय श्री विमला के.सी.:** माननीय सभामुख महोदय नेपालको संविधानको धारा ४४ मा रहेको उपभोक्ताको हकलाई मौलिक हकको रूपका व्यवस्था गरीए अनुरूप त्यसलाई मूर्तरूप दिन साथै प्राङ्गारिक कृषि वस्तुको उत्पादन विविधिकरण, बजारीकरण लगायतका कार्यहरू व्यवस्थित ढङ्गले सञ्चालन गरी गैर प्राङ्गारिक उत्पादनलाई निरुत्साहित गर्दै विषादियुक्त एवं गैर प्राङ्गारिक उपभोग्य वस्तुको विक्रि वितरणमा नियन्त्रण एवं नियमण गर्ने गर्न आवश्यक रहेकोले प्राङ्गारिक कृषि सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५ कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १०६ बमोजिम सैद्धान्तिक छलफल गरियोस् भनी सभा समक्ष प्रस्ताव गर्दछु धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरूप्राङ्गारिक कृषि सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथिको सैद्धान्तिक छलफलमा भाग लिनुहुने माननीय सदस्यहरूको लागि समय निर्धारण गरेको छु सर्वप्रथम माननीय श्री गोपाल शर्मा ।(समय ७ मिनेट)

**माननीय श्री गोपाल शर्माः** माननीय सभामुखज्यू, कर्णाली प्रदेश सरकारले प्राङ्गारिक कृषि सम्बन्धी व्यवस्था गर्न विधेयक प्रस्तुत गरेको सन्दर्भमा छलफलमा भाग लिदै छु र सैद्धान्तिक यसको सैद्धान्तिक छलफल गर्दा माननीय सभामुखज्यू खासगरी धेरै गर्वको अनुभूति हाम्रो प्रदेशले गर्न जरुरी छ किनकि हाम्रो प्रदेशले पहिलो चोटी नागरिकले गुणस्तरीय वस्तु र सेवा उपभोग गर्न पाउने संवैधानिक हक पहिलो चोटी ऐनमा कार्यान्वयन गर्ने प्रदेश स्तरीय विधेयक हाम्रो प्रदेशमा छलफलमा छ र मलाई लाग्छ। यो एउटा कार्यान्वयनको प्रक्रियामा ऐन बनि सकेपछि कार्यान्वयनको प्रक्रियामा पनि जानेछ । त्यस हिसावले हामी नागरिकको स्वास्थ्यप्रति, जीवनप्रति वढी संवेदनशील छौं र हाम्रो सरकार त्यसप्रति संवेदनशील छ, भन्ने कुराको प्रमाण या स्पष्ट हुन्छ तर खासगरी यसले २/३ वटा कुरा हामीले अनुभूति गर्न सक्छौं खासगरी कर्णाली प्रदेश सरकारले प्राङ्गारिक कृषि प्रदेश बनाउने जो लक्ष्य राखेको छ त्यो लक्ष्यमा यो ऐनले धेरै महत्वपूर्ण सघाउ पुर्‍याउँछ, स्वस्थ नागरिक तयार गर्ने र पर्यावरणीय सन्तुलन कायम गर्ने कुरामा पनि यसले आधारभूत रूपले सपोर्ट पु¥याउछ भन्ने कुरा स्वत सिद्ध छ, तर सभामुख महोदय खासगरी यसका केही चुनौतीहरू हाम्रा अगाडिछन्, ती चुनौतीहरू ऐन मात्रै ठूलो कुरा होइन खासगरी धारा ३४ मा एउटा व्यवस्था छ । संविधानको धारा ३४ मा श्रमिकहरूको हक छ । श्रमिकहरूले उचित पारिश्रमिक सुविधा तथा योगदानमा आधारित सार्वजनिक सुरक्षाको हक,सामाजिक सुरक्षाको हक श्रमिकहरूको सन्दर्भमा त्यो

हक मौलिक हकको रूपमा उल्लेख छ । यो विधेयक लागु गर्दै गर्दा खेरी मलाई के थाहा छ भने हामी यस्तो प्रतिस्पर्धामा छौँ कृषि उत्पादनको क्षेत्रमा हाम्रो क्षेत्र प्रर्याप्त खाना भएर वा विषादियुक्त खाना खाएर मरेको क्षेत्र भन्दा कम उत्पादन भएर वा खान नपाएर मृत्युदर बढेको क्षेत्र हो हाम्रो हाम्रो क्षेत्रको सन्दर्भ त्यस्तो छ । हामी प्राङ्गारिक क्षेत्रमा गर्वका साथ जान चाहन्छौ र यो ऐन पनि लागु गर्न चाहन्छौ तर हाम्रो समस्याहरू के हामी यो क्षेत्रलाई प्राङ्गारिकबनाउँदा खेरी हामीले श्रमिकहरूले जति श्रम लगानी गर्छन् वा कृषि क्षेत्रका किसानहरूले उत्पादन गरेको उत्पादित वस्तुलाई उचित मुल्य दिन सक्छौं कि सक्दैनौ त्यसको बजारलाई सुनिश्चितता गर्न सक्छौं कि सक्दैनौ वा त्यसलाई हामीले विश्व बजारमा स्थापित गर्न सक्छौं कि सक्दैनौ त्यो चुनौती हाम्रो अगाडि छ र मुख्य कुरा हामीले श्रमिकहरूलाई, किसानहरूलाई उचित मुल्य दिन नसक्दा खेरी यो ऐन लागु हुने कुरामा लागु भए पनि, जारी भए पनि, ऐन जारी भई सके पछि पनि, ऐन लागु गर्ने कुरामा हाम्रा अगाडि धेरै चुनौतीपूर्ण छ । यो कुरालाई खासगरी हाम्रो क्षेत्रमा श्रमिकहरूको क्रय शक्ति एकदम कमजोर छ । उपभोक्ताहरूको क्रय शक्ति हामी जुन वेला बढाउनसक्छौं त्यो वेला ऐन सहज ढंगले कार्यान्वयन हुन सक्छ र आज प्रतिस्पर्धाको सन्दर्भमा उत्पादनको सन्दर्भमा भन्दा खेरी प्राङ्गारिक कृषि उत्पादन एकदमै न्यून उत्पादन हुने अवस्था छ अहिले त्यलाई हामीले कसरी बढाउनसक्छौं उत्पादन कृषिजन्य उत्पादन सामाग्रीहरू कसरी बढाउनसक्छौं त्यो कुरा नै हाम्रो अहिलेको च्यालेञ्ज हो त्यो च्यालेञ्जलाई हामीले कसरी व्यवस्थापन गर्न सक्छौं। मुख्य कुरा उत्पादनमा वृद्धि कसरी गर्न सक्छौं उत्पादनको उचित मुल्य कसरी सिर्जना गर्न सक्छौं र त्यो बजारमा व्यवस्थितरूपले उपभोक्ताले समेत किनेर खान सक्ने कसरी बनाउनसक्छौं। सरकारले त्यसलाई कसरी प्रोत्साहनका कार्यक्रमहरू लिन सक्छ । सरकारले आफ्नो कार्यक्रममा कसरी यसलाई संरक्षण र प्रोत्साहनको कार्यक्रम अगाडिबढाउन सक्छ । त्यसमा यो ऐन लागु हुने कुरामा वढी सान्दर्भिक हुन सक्छ । त्यस आधारमा यो व्यवहार र ऐन नीतिको बीचमा केई अन्तरविरोधहरूछन् त्यो अन्तरविरोधलाई सामाधान गरेर हामी यो ऐनलाई कार्यान्वयनको दिशामा लग्ने छौं धन्यवाद ।

**सभामुखः**माननीय सदस्यहरूप्राङ्गारिक कृषि सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथिको सैद्धान्तिक छलफल आजै समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहनुहुने महानुभावहरूले माननीय समस्यहरूले रोष्टमको वायातर्फ रहेका सचिवालयका कर्मचारीहरूलाई नाम टिपाउनु होला अव माननीय श्री यज्ञ बहादुर वि.सी. ।

**माननीय श्री यज्ञ बहादुर वि.सी.**: सभामुख महोदयहिउँदे अधिवेशनको चौथो बैठकमा प्राङ्गारिक कृषि सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि सैद्धान्तिक छलफलमा भाग लिन उपस्थित भएको छु र प्राङ्गारिक कृषि सम्बन्धी विधेयक, २०७५ जुन कर्णाली प्रदेशको सरकारले जुन ल्यायो र कर्णाली प्रदेश सरकारले कर्णाली प्रदेशलाई धेरै नै अगाडि अर्गानिक प्रदेश भनेर घोषणा गरी सकेको थियो । त्यसको फलस्वरूप

हामी आज यस सम्बन्धी विधेयकमा सैद्धान्तिक छलफल गरिरहेकाछौं र उपभोक्ता हक सम्बन्धी जुन संविधानमा संविधानको धारा २२ मा उपभोक्ता हक सम्बन्धी जो व्यवस्था गरेको छ त्यसैलाई मध्यनजर गरेर कर्णाली प्रदेश सरकारले भनौं भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले यो जुन विधेयक ल्यायो र म यो मन्त्रालयका माननीय मन्त्रीज्यूलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु किन भन्दा हामीले अव कर्णाली प्रदेशलाई समृदिबनाउनका निमित्त र कर्णाली प्रदेशका जनतालाई सुखि वानउनका लागि पहिलो पाटो भनेको हाम्रो कर्णाली प्रदेशको सरकारको दायित्व र यो गरिमामय सदनको दायित्व कृषि नै हो जस्तो मलाई लाग्छर कृषि कै माध्यमद्वाराप्राङ्गारिक कृषि उपजकै माध्यमद्वारा कर्णालीवासीहरूलाई मानव स्वास्थ्य तथा पर्यावरणीय सन्तुलन गर्नका लागि यो विधेयक आएको छ र यो विधेयकलाई अव कर्णाली प्रदेशको सरकारले लागु गर्नका लागिकानूनबनाएर र निर्देशिका र कार्यविधि बनाएर कार्यान्वयन गर्नेमा सफल हुने कुरा पनि सभामुख महोदयमार्फत् म प्रदेश सरकारलाई अनुरोध गर्न चाहन्छु र विशेष यस विधेयकमा परिच्छेद ७ र दफा १देखि ३० सम्म व्यवस्था गरेको छ र यो विधेयकले मुलत कर्णाली वासी जनताहरूका लागि अवका आउने दिनहरूमा जुन रसायनिक तत्वबाट कृषि उपज वस्तुहरू उत्पादन भएका वस्तुहरूलाई उपभोग गर्नबाट टाढा रहेर प्राङ्गारिक कृषि उपज उत्पादन वस्तुहरू उपभोग गर्ने गराउने यो सरकारले जुन यो ऐन ल्याएको छ यो विधेया ल्याएको छ यसबाट अव यो कर्णाली प्रदेशका जनताहरू लाभान्वित हुने कुरा म यहाँ राख्न चाहन्छु । सभामुख महोदय अव यतिले मात्रै हुदैन अव यलाई सफल पार्नका लागि कार्यान्वयन पक्ष जो छ ईमान्दारीका साथ मन र वचन कर्मले हामी कर्णाली प्रदेशका सरकारका हाम्रो प्रदेशको सरकार र कर्णाली प्रदेश सभाका सम्पूर्ण सदनका माननीयज्यू लगायत कर्णाली प्रदेशका सम्पूर्ण कर्मचारी वन्धुहरूले ईमान्दारीता गरीउ भने कर्णाली प्रदेश अर्गानिक प्रदेश हुने कुरा पनि सभामुख महोदयमार्फत् म यहाँ राख्न चाहन्छु । अव विशेष गरिकन जुन कसूर दण्ड सजायका कुराहरू पनि यहाँ उल्लेख भएका छन् जव उपभोक्ताको हक भन्ने विक्तिकै उपदफा १ मा गुणस्तरीय सेवाको हक हुनेछ, २ मा उपदफा २ मा संविधानमा व्यवस्था गरिएको छ । धारा २२ को उपधारा २ मा उपभोक्ता हकसम्बन्धी जुन स्तरीय हुन सेवाबाट व्यक्तिहरूलाई क्षती हुन गएमा क्षती पुर्तिको हक पनि व्यवस्था गरेको छ त्यई अनुरूप त्यही अनुरूप दण्ड सजाएको व्यवस्थाका साथै म सभामुख महोदयमार्फत् के भन्न चाहन्छु । के सरकारको ध्यान आकर्षण गराउन चाहन्छु भने प्राङ्गारिक कृषि उपज वस्तु जुन कृषकले राम्रोसँग चाई सेवा दिन सक्छन त्यसतो कृषकलाई पुरस्कृतको पनि यो सरकारले व्यवस्था गरोस भन्ने कुरा राख्दै मेरो भनाई यही अन्त्य गर्दछु, हस्त धन्यवाद, जय नेपाल।

**माननीय सभामुखः**माननीय श्री ठम्मर बहादुर विष्ट।यसपछि माननीय देवी ओली तयार हुनुहोला ।

**माननीय श्री ठम्मर बहादुर विष्टः** माननीय सभामुख महोदय, हामी यो महत्वपूर्णप्राङ्गारिक विधेयक सम्बन्धमा छलफल गर्दै छौं । यो धेरै स्वागत योग्य पनि छ मन्त्रीजीले जसरी टेवुल गर्नु भको छ । सँगसँगै यहाँ मैले देखेको एउटा यसको पृष्ठभूमि हेर्दाखेरी थुप्रै चुनौतीहरू र समस्याहरू छ, युलाई लागु गर्ने सवालमा किनकि त्यसको लागि हामी एउटै सेन्टेन्स हेऱ्यो भने पुग्छ होला नेपाल कृषि प्रधान देश हो कि कुर्षि प्रधान देश हो भन्नेमा बहस छ । अहिले कुर्षि प्रधान हो कि कृषि प्रधान हो । अव ८०-८५ प्रसेन्ट हामी किसान छौं भन्छौ  ८०-८५ प्रसेन्ट झण्डै हाम्रो युवाहरू विदेश छन् । त्यस कारण अव हामीले टिक लाउदा सबै चाई किसान भन्छौ तर चाई भूतिभाङ्गको तपाईंको कुखुराले खाने दाना छैन । घरमा यो सबै उता चाई ईण्डिया तिरबाट आउने स्थिति हाम्रो छ । त्यस कारण यो कथा जस्तो भको छ हाम्रो उपन्यास टाइपको भको छ अव यो स्थितिको बीचबाट यसको एउटा चाई तपाईंले ठूलो आट यो चाई आया उँट पहाड के निचे भन्छ यस्तै चाई ठूलो आट गरेर तपाईंले ल्याउनु भा छ अव यत्रो कुराको यो सिङ्गै नेपालले जवाफदिन सक्या छैन भने अव यी समस्या ता कर्णाली प्रदेशमा पनि विद्यमान छदैछन् भने कसरी कृषिलाई समग्र कृषिलाई व्यवस्थित गर्ने छदैछ । केही भको केमिकल र केही भको अहिलेको स्थितिबाट यलाई कृषिलाई कसरी व्यवस्थित गर्ने छ भन्ने अव यो अर्गानिक भनेको त झन योत साच्चे चाई तपाईंको आधाउदि स्वर्गै जानु वरावरको हो जस्तो मलाई लाग्छ है अहिलेको अवस्थामा बाट इभन अव असम्भावना भन्ने कुरा मुखको डायरीमा मात्रै हुन्छ भन्ने भनिन्छ अव तपाईंले आट गर्नु भाछ साँच्चिकै त्यसको लागि पनि  धन्यवाद म दिन चाहन्छु अव सँगसँगै अर्को के छ भने यसमा अघि पनि कुरा उठ्यो हामी कहाँ जस्तो एउटा अर्को प्रश्न के छ भने यले समेट्नुपर्ने प्रश्न मैले भन्दै छु हामी कहाँ अहिले अव जस्तो यहाँ एउटा बुँदा पनि छ जस्तो मानौ प्रतिबन्धित वस्तु अथवा प्रतिबन्धित गर्ने भन्ने कुरा छ यसमा यो सँगसँगै एउटा या के कुरा हामीले जवाफ दिन जरुरी छ भने अहिले हामी कुन अवस्थाबाट गुज्रिरहेका छौं जस्तो अहिले समग्र चिज हामी मल विउ देखीपनि बाहिरबाटै सारा चाई विउ पनि बाहिरबाटै अनि हुँदाहुँदा अस्ति तपाईंले सुनिहाल्नु भो चाईनाबाट पनि अव गाई ल्याउने कुरामा अव अगाडि वढि राख्या छ । सम्भवत अव यो हामीले लोकल कुखुरा र हाम्रो साँच्चिकै गाई र भैसी हेर्नलाई ८-१० वर्ष पछि संग्रहालयमा गए भेटिन्छ कि अव यस्तो अवस्था सबै जर्सि गाई कि वयर, अयर, वोका, ठूलाठूला घोडाचर्ने जस्ता वोका अव क्यामिकल हाल्दा खेरी ३ महिनामा धान फलिहाल्ने, ३ महिनामा वोका घोडा चढ्ला जत्रा हुने, अनि तपाईं चाई लोकल कुखुरा र तपाईंको चाई ६ महिना वर्ष दिन चाई त्यई चाई तपाईंको त्यो जरण धान र कालो धान खोज्दै हिन्नु भो भने यो लागु हुनेत कताछकता मन्त्रीको ज्यान जोगाउँन धौउ होला किनभने मान्छेलाई त छिटै उत्पादन चाहियो, छिटै पैसा चाहियो,गरीवी अवस्था छ, एक त हाम्रो चाई कृषि अवस्था कमजोर छ, एक त चाई त्यसैलाई दाना विउलाई कसरी व्यवस्थित गर्ने भन्ने चाई एक यसको जवाफ यहाँ

चाहिन्छ । यसै समेट्नु पर्छ दोस्रो कुरा अव यो यति चाई तपाईंको दवाव छ कि बाहिरबाट आउने मलको विउ देखी लिएर सारा कुराको यो फेरी हामी संघीयतामा छौं यो अरु प्रदेशसँग पनि यो सँग जोडिन्छ नेपालको सिङ्गै पोलिसि के हुने त्यो सँग पनि जोडिन्छ यो कुरा जस्तो अहिले के रहेछ भनेर मैले प्रारम्भिक कुरा गर्दैगर्दा मैले अन्तराट्रिय यसो फेनामेना हेर्दा खेरी मुस्किलले एकदम लामो स्ट्रगलबाट ५० देशहरू मात्रै अहिले फुल्ली चाई तपाईंको यसमा कम्पीलि एकदमै चाई ईम्पिलिमेन्टमा रहिछ त्यसमा जस्तो यूएसए,चाईना तपाईंको चाई प्राय यूरोपका केही देशहरू लगायत चाई ५० देशहरू मुस्किलले उनीहरूलाई त्यो लिष्टमा हाल्या छ र त्यस मध्येमा आधाउदि चाई अझ चाई एक्सपोर्टमा मात्रै चाई तपाईंको चाई अर्गानिक भकोमा तपाईंको जस्तो ईण्डीया,न्यूजिल्याण्ड, अष्ट्रेलिया लगायतको देशहरू रहिछन् र नट फुल्ली कम्पीलिकेटेटमा कमजोर आधाउदि अलिअलि गर्न खोज्या जस्तोमा यो वङ्गलादेश, तपाईंको चाई भुटान,घाना यो टाईपको पेरु लगायतका देशहरू रहेछन् । यसमा ११ देशहरू रहेछन् त्यस्तै ३/४ ओटा देशहरू यो एक्सपोर्टमा मात्रै ईण्डियालाई पनि त्यो खालको हम्यहम्य परिराख्या छ । उसले पनि एक्सपोर्टलाई मात्र रेगुलेशन गर्न खोजिराछ भने अव हामीले एउटामा मात्रै प्रदेशको अर्गानिक प्रदेश लागु गर्ने भन्ने कुरा अव  यो फेरी अझ अर्को फेरी उपन्यास तयार हुने अर्को कथा तयार हुने होकि यो लागु हुन्लाई हो त्यस कारण यो समेटिनु पऱ्यो यो केवल एउटा चाई तपाईंको ८/१० पन्नाको उमा यलाई केवल कागजीको रूपमा नभएर एउटा कार्यक्रमको रूपमा अलि वृहत रूपमा तपाईंले यलाई समेटेर ल्याउने साच्चै गर्ने छाट हो भने हैन मैले यो कुरा या हरूलाई सुझावको रूपमा राख्न चाहन्छु अव यो सँगसँगै या भनेको छ नेपालको संविधानको धारा ४४ हजुरले कोट गरेर ल्याउनु भाछ किनिकि जनतालाई स्वस्थ ख्वाउनु एकदमै चाई धेरै बनाउनु जापान र चाई अव केवल क्यानडा र चाई तपाईंको अमेरिकाका जस्तै हामी पनि ५०/९० वर्षसम्म राता गाला भई राखुन हैनहुनत त्यो गलतै भएपनि त्यहाँता ८०/९० वर्ष ब्या गर्ने चलन हुन्छ । अव हामी कहाँ ३५/४० मै चाउरी परीजान्छ ब्या गर्ने त के मसानघाट तिर हिन्ने जस्तो हुन्छ त्यसो भा हुनाले तर सँगसँगै पहिले यो अर्को जवाफ दिनु पर्ने कुरा के छ भने धारा ४४ को चाई उपभोक्ताको हक त ल्याउनु भो तर त्यो रासायनिक भोली त्यसको विकल्प नदिंदा त्यसको विकल्प के हो त ? अव हामीले त्यसको लागि अर्गानिक मलहरू विउहरू सारा कुराहरू अनि बजारसँग कम्पिटिसन गर्ने कुराहरू किसानलाई चाई ज्ञान सिप र चाई प्रशिक्षण दिने कुराहरू होला त्यस पछि लिएर त्यो जस्तो इण्डियाको तरकारी खाने वासी हो केरे लाक्षी हो इण्डियाको तरकारी वासी हो त्यो खाने लाक्षी हो भन्ने नारात देखियो तर त्यई क्यामिकल हाल्दा पनि ईण्डियाको तरकारीसँग किनकि त्यात सब्सीडी दिएको हुन्छ सरकारले कम्पिटिसन गर्न नसकेर आज तरकारी र दुधहरू हाईवेमा ल्याएर फालिराछन् भने अव त्यो अर्नानिकबाट झन कति महङ्गो हुन्छ । त्यो अनि अवस्था कथा व्यथा कहाँ जान्छ र त्यो किसान चाई ढोका वन्द गरेर सबै चई तपाईंको आम्महत्या

गर्नु पर्ने स्थिति हुन्छ यसको पनि चाईयो या जवाफ किन यले समेट्दैन । यो कागजको रूपमा त्यो आएको छ यो अलिकति कार्यक्रमिक रूपमा या छैन त्यस कारण मौलिक हकको कुरा गर्दा अनि मान्छे चई अर्को तिर मर्ने स्थिति भो भने त्यो कुन संविधानले जवाफ दिन्छ त्यो यसको चई जवाफ या छैन त्यस्तै अव यो अव यस कारण अव यसमा मलाई के लाग्छ भने मैले यसमा सुझावको रूपमा राख्दा खेरी अव यसमा तीन प्रकारको करिव अर्गानिक हुँदो रहिछ विश्व भरीमा एउटा अर्गानिक यो तपाईंको एग्रिकल्चर वाई नेचर, अर्गानिक एग्रिकल्चर वाई कन्भर्सन, अर्गानिक एग्रिकल्चर भन्ने मात्रै हुदो रहिछ तपाईंले लागु गर्दाखेरी यसको चरणवद्ध रूपमा जान पर्‍यो । एकै चोटि सबै क्षेत्रको अर्गानिकमा तपाईं हात हालेर सक्नु हुँदैन त्यस कारण एउटा कन्भर्सन त्यसैलाई रूपन्तरण गरेर कसरी गर्न सकिन्छ अर्को चाई तपाईंको प्राकृतिक खालको अर्गानिक के हो त्यसमा जोड दिने कुराहरू होला अर्को साँच्चिकै अर्गानिक खेतीपातीलाई व्यवस्थित गर्ने कुरा त्यलाई चाई तपाईंको वालीनालीलाई चाई तपाईंको व्यवस्थित गर्ने कुराहरू के होला यसको एउटा चरणवद्ध रूपमा जान खोज्नु भोर केई प्रसेन्ट गर्न सक्नु भो भने तपाईं सफल हुनुहुन्छ । यो सबै गर्न थाल्नु भो भने कासी जानु कुदिको बाटो समाउनु जस्तो हुन्छ जस्तो मलाई लाग्छ त्यस कारण यो लगायत अर्को के छ भने सँगसँगै या सुकुम्वासीको समस्या छ वाढी पीडितको त अगाडि मैले राखी नै हाले हामीसँग झण्डै सुर्खेत लगायत अरु जिल्लामा पनि होला सुर्खेतमा झण्डै तपाईंको ७५ प्रसेन्ट मान्छेहरू आज सुकुम्वासी छन् । वाह्र ओटा आयोग भो हल भा छैन, अव्यवस्थित वसोवास छ, अनि ती मान्छेले चाई लालपुर्जा राख्न पाउँदैनन् । तिनले मलविउ पाउँदैनन् भने कसरी अर्गानिक खेतीको व्यवस्थित तपाईंले गर्न सक्नु हुन्छ पहिला लालपुर्जा दिनेबाट सुरु गर्नुस तेह्रौ आयोग बनाउनुस्तपाईंले लालपुर्जा दिएर पहिला त्यसको चाई गिनिज वुकमा या चाई कर्णाली प्रदेशको गिनिज वुकमा नाम लेखाउनुस् अनि वल्ल त्यसको  कईनकई ढोका खुल्छ यो एकै चोटी हात्तिलाई अङ्गालो हालेपछि कच्याककुचुक आफैं थचक्क हुने खालको खतरा यहाँ मैले देख्छु हैन त्यसो भा हुनाले यो किसिमले चाई हामी जाऔ अर्को कुरा अव यो प्रदेश सरकार सँग अरु प्रदेश सँग पनि डिल गर्ने हो संघीयता भनेको कोअपरेटिभ फेडरालिज्म कोअर्डिनेटिभ फेडरालिज्म हैन अव यो खालको यो हामीले भनेका छौं अरु प्रदेशमा सँग तपाईंको के छ संघीय सरकारले अव संघीय सरकारले अर्कोसँग एउटा पोलिसि गर्ने र बाहिरबाट एउटा ईम्पोर्ट गर्ने अनि कर्णालीले मात्रै गर्न खोजेर हुन्छ त त्यस कारण यो सँग पनि कोर्डिनेशन गर्नुस अनि मात्रै सम्भव छ धन्यवाद ।

**माननीय सभामुखः**माननीय श्री देवी ओली ।

**माननीय श्री देवी ओलीः**सभामुख महोदयप्राङ्गारिक कृषि सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५ भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय मार्फत् मन्त्रीज्यूले सरकारले पहिलो दिनमै सरकार बनेको पहिलो दिनमै पहिलो बुँदामा राखेर घोषणा गरेको

अर्गानिक प्रदेश बनाउने जुन कार्यक्रम १ वर्ष पछि भए पनि यो विधेयक या ल्याउन शाहस गर्नु भएको छ त्यसको लागि म हार्दिक आभार प्रकट गर्न चाहन्छु धन्यवाद दिन चाहन्छु मन्त्रीज्यूलाई र यो विधेयकले विशेष गरेर मेरो भनाई कानेर छ भने सभामुख महोदय ४ वटा जति सांगठनिक संरचनाहरूको परिकल्पना गरेको छ । पूर्ववक्ता माननीयज्यूले भनि सक्नु भाको छ कतै यो विधेयक अहिले यो आर्थिक वर्षमा सरकारले मन्त्रालयको तर्फबाटप्राङ्गारिक कृषि उपजको लागि उत्पादनको लागि विनियोजन गरिएको विधेयक बजेट खर्चसँग मात्रै सम्बन्धित त छैन भन्ने मलाई लागि रहेको छ यो विधेयकमा विधायिकाहरूले पनि केई जनताले कानूनबनिसके पछि स्वतः सेवा पाउने गरी त्यहाँ स्पष्ट रूपमा झल्किन पाउनु पर्छ र विधायकको मनशाय त्यहाँ आउनुपर्छ यो विधेयकले अलि मन्त्रालय र मन्त्री केन्द्रित कुराहरू वढी फोकस अथवा त्यतातिर केन्द्रित भएको जस्तो मैले महशुस गरेको छु सभामुख महोदय एउटा उदाहरण या नियमावली नियमहरूबनाएर जाने भन्ने कुरा उल्लेख गर्नु भाको छ यस्ता नियम र कार्यविधिहरू मन्त्रालयको हेर्दाखेरी मैले एउटा मात्रै उदाहरण दिन स्मरण गराउन चाहन्छु । यो जो व्यावसायिक कृषकहरूलाई प्रोत्साहन गर्ने भन्ने कार्यक्रम छ त्यो कार्यविधि बनाउनु भाछ त्यो कार्यविधिले फेरी त्यई हुने खानेहरूलाई इंगित गरेको मैले पाएन एउटा मात्रै उदाहरण जले कुखुरा पालेर २०० भन्दा वढी अण्डा उत्पादन गरेर विक्रि गर्न सक्छ त्यलाई प्रति १० ओटा अण्डा वरावर ३ रुपिया दिने भन्नु भाछ त्यो हिसावले दिदा खेरी उले जति धेरै उत्पादन गर्छ त्यति उले प्रोत्साहन पाउनुपर्ने हो कानूनी व्यवस्था अनुसार तर उहाँहरूको त्यो कार्यविधिले कम्तिमा पनि ५०,००० भन्नु भाछ ५०,००० भन्दा वढी अनुदान पाउने गरी उले उत्पादन गऱ्यो भने त्यो उले नपाउने त्यो कार्यविधिले व्यवस्था गरेको बाटो मैले यो विधेयक प्रति के आशंका व्यक्त गर्न चाहे त भने खेरी यो विधेयकले पनि सांगठनिक संरचनाहरू ४ वटा परिकल्पना गरेको उसबाट पनि अहिलेको बजेट खर्च गर्नको निम्ति यो ऐन पारित गरेर यो संसदबाट पारित गरेर त्यो बजेट मात्रै खर्च गर्ने र संरचनामा मात्रै खडा गर्ने तिर यो लक्षित छ कि भन्ने मलाई लागि रहेको छ त्यस कारण यी संरचनाहरू प्नि कसरी वन्ने र के गर्ने भन्ने कुरा अलिकति यो विधेयकले समेट्नु पर्छ र विशेष गरेर यो प्राङ्गारिक कृषि उत्पादनको त हामी सबैले भोगेर आएका छौं आखिरी अहिले जुन खालको रसायनहरू प्रयोग गर्दा खेरी पनि त्यो उत्पादनबाट कृषि उपज अथवा हाम्रो यहाँको कर्णाली प्रदेशको उत्पादनले कर्णालीका जनताहरूलाई खाद्यान्न अपुगता भएकै छ नि खेतीयोग्य जमिनहरू पनि त्यति छैन हामी सँग त्यई भएको जमिनमा पनि सिचाई छैन त्यस कारण यो झनै प्राङ्गारिकतिर जाँदा खेरी अलिकति हामीले हिजो भोगेको लगाएको खेती एकातिर मुसा, चरा देखि लिएर स्याल, वादरले समेत खाईदिने अवस्था हुन्छ त्यसमा हामीले जोले अव यो एउटा प्रोत्साहन गर्ने त्यतातिर अनुदान दिने भन्ने कुरा छ पशुतिर हेर्दाखेरी उहाँहरूको अहिलेको यो आर्थिक वर्षको अनुदान प्रोत्साहन के मा आधारित छ भने संख्यामा आधारित छ विरुवाको वुटाको संख्या त्यसपछि भेडा,

च्याङग्रा, वाखा, भैसीको संख्या गाईको संख्यामा आधारित रहेर प्रोत्साहन वितरण गर्ने कुरा छ त्यो संख्या चाई किसानहरूले हामीले भोगेकै छौं हाम्रो समाजमा छिमेकीका गाई भैसीहरू वटुलेर संख्या पुऱ्याउने त्यसपछि भोलिपल्ट देखी आफ्नो भकारोमा एउटा गाई नहुने अवस्थाको सिर्जना त्योलाई टेवा दिई रहेको मैले त्यहाँ देखेको हुनाले यो विधेयक पनि त्यतातिर कतै लक्षित छ कि भन्ने मैले आशंका राखे । त्यस कारण यो विधेयकमा अलिकति प्रष्टरूपमा अर्गानिक गर्दाखेरी हामीले प्राङ्गारिक कृषि उत्पादनका निम्ति यो विधेयकले कहाँनेर लक्षित गर्न खोजेको हो निम्न स्तरका जो भूमि अघि पनि कुरा आए भूमि नहुने मान्छेले कहाँबाट उत्पादन गर्न सक्छन त्यस कारण पहिला भूमि व्यवस्था अथवा भू-उपयोग नीति भूमिसम्बन्धी विधेयक आउनु पर्ने हो तर यो आयो तर अगाडिपछाडिको केही कुरा छैन त्यो पनि ल्याउने चरणमा ता हुनुहुन्छ होला मन्त्रीज्यू आओस त्यस कारण यो भूमिसँग पनि सम्बन्धित छ भन्न चाहन्छु त्यसपछि अहिले यो दण्ड सजायको व्यवस्थाको जुन कुरा यहाँ उल्लेख गरिएको छ यो एउटा अधिकारीलाई जिम्मा दिने त्यो एउटा छ त्या निरिक्षक भन्ने उहाँहरूले राख्नु भा छ उले ३५ दिनपछि अदालतमा लग्ने कुरा गर्नु भाछ त्यो विषयलाई जसले रसायन प्रयोग गर्छ त्यसलाई मुद्दा परेपछि त्यस पछि त्या लगी सके पछि त अदालतले न्यायाधीशको मनसाय के हुन्छ अथवा कानूनी व्यवस्था के छ त्यो अनुसार गर्नेलाई प्रचलित कानून भन्नु भा छ फेरी यस्ता कुराहरू जो अलि सामान्य हाम्रो जनताको लेवलमा बाट यो ऐन वन्दाखेरी वास्तविक भूमिमा काम गर्ने कृषकहरूले के लाभ पाए भन्ने कुरा प्रष्टसँग देखिन सकेको छैन । यसले त्यतापट्टि अलिकति लक्षित गर्न सकेको छैन भन्ने कुरा मैले राख्न चाहे त्यसपछि अर्को यो कृषक प्रोत्साहनको कुरा र यो के छ भने हुनेखानेहरूलाई मात्रै यले अलिकति पक्षपोषण गरेको मैले पाएको छु । हुँदाखानेहरू जहिले पनि आज कृषि प्राङ्गारिक कृषि उत्पादनको कुरा अर्गानिकको कुरा गरौं हामी या वसीरहँदा खेरी कसरी हामी सामान्य भन्दा सामान्य एउटा रोडमा गिट्टी कुटने जनताले त्यो चिजको उपभोग गरेर स्वस्थ रहन सक्छ भन्ने कुरालाई ध्यान दिनुपर्छ कि मन्त्रीज्यूहरू हामी सांसदहरू अथवा कर्मचारी अधिकृतहरूले मात्रै त्यसको प्रयाग गर्ने हैन आज हामीले जुम्लाको चामल किनिउ भने २०० रुप्पे किलो पर्छ सिमि दाल किन्दा त्यस्तै महँगो पर्छ तर अरु चामल किन्दा ५०-६० रूपैंया किलो पर्छ भने त्यो रोडमा गिट्टी कुट्ने मान्छेले २०० मात्रै आज १ दिनको ज्याला पाउछ भने उले १ किलो चामल किनेर उसको छाक कसरी टर्न सक्छ । त्यस कारण यसको उत्पादन र सौलियत रूपमा त्यहाँपुऱ्याउन सक्छ कि सक्दैन यसका चुनौतीहरू धेरै छन्। आज विश्वव्यापीकरणको अवस्थामा ठूलाठूला देशहरूले जुन खालको कार्वन उत्सर्जन गरेको कुरा त नेपाल त्यसमा कुनै पनि दोषि छैन त्यस्ता ठूला उद्योगधन्दाहरू पनि नेपाल सँग छैन विदेशबाट भएका ती यो जलवायू परिवर्तनमा आएका विकृतीहरूको मारमा हामी परिरहेको अवस्थामा हाम्रो प्रदेशले यो प्राङ्गारिक कृषि उपजलाई कसरी व्यवस्थित गर्न सक्छ त्यस कारण हामी हतारमा

निर्णय गरेर फुर्सदमा पछुताउनु भन्दा अलिकति व्यापक रूपमा तल जनताको घर दैलोसम्म वास्तविक त्या एउटा आफूले आफ्ना जीविका उपार्जन गरेर त्या आफूले केई अरुलाई पनि निर्वाह गर्न सक्ने खालको उत्पादन गर्नु । कृषकसँगको भावना के छ त उले गाईगोरु गोठको मल हालेर आफूलाई खान पुग्न सक्ने त्याको वाली उत्पादन गर्न सक्छ कि सक्दैन त्यो भावनालाई समेटेर यो ऐन वन्नु पर्छ त्यो ढंगले अगाडि जानु पर्छ भन्ने कुरा राख्दै आफ्नो भनाई अन्त्य गर्न चाहन्छु, धन्यवाद।

**माननीय सभामुखः** माननीय श्री गणेश प्रसाद सिंह ।यसपछि माननीय श्री पद्मा खड्का तयार रहनुहोला ।

**माननीय गणेश प्रसाद सिंह:** माननीय सभामुखज्यू प्राङ्गारिक कृषि सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि मेरा आफ्ना धारणा मैले राख्दै गर्दा कर्णाली प्रदेश विभिन्न सम्भावनायुक्त प्रदेश हो र यस कारण प्रदेश सरकारले यो प्राङ्गारिक प्रदेश घोषणा गरेको छ यो आफैंमा गौरवको कुरा हो साथै यो चुनौतीपूर्ण पनि छ र विधेयकमा धेरै कुराहरू आएका छन् र अव हामी हाम्रो देश कृषि प्रधान देश कृषि क्रान्तिका हामी पक्षपाती र अव हाम्रा नागरिक अथवा हाम्रा कर्णाली वासी जनता अभाव र गरीबिसँग लडिरहेको अवस्था कृषिबाट हामीले समृद्ध गर्ने ठूलो अभिष्ट राखेका छौं र यो प्राङ्गारिकअर्गानिक विधेयक बनाउँदै गर्दा या अव धेरै कुराहरू अलिकति अपूर्ण जस्तो लाग्छ र यसको व्यापक छलफल बहस अलि गरेर हामीले कार्यान्वयन गर्न सकिने कति हो यसलाई आर्थिक क्रान्ति वहुसंख्यक जनता कृषि क्रान्तिमा कृषिमा आधारित आश्रित भएको अवस्थामा अव कृषिबाट कसरी समृद्ध गर्न सकिन्छ त अव यो नागरिकहरूको लाई कृषि उत्पादन सफा स्वच्छ वस्तु आहार विहार गर्न पाउने कृषि उपज प्रदान गर्ने उद्देश्यका साथ यो प्राङ्गारिक प्रदेश अर्गानिक प्रदेश घोषणा गरेर यो विधेयकमार्फत् गैर प्राङ्गारिक वस्तुलाई नियन्त्रण र नियमन गरेर प्राङ्गारिकअर्गानिक वस्तु मतलव दैनिक आहार विहार गर्न र त्यसबाटजीवनस्तर माथि बनाउनेका साथसाथै अव नागरिकलाई स्वच्छ बनाउनेउद्देश्यका साथ यो विधेयक आएको छ तर चुनौति छ र अहिले अव या २-३ वटा विकल्प हामीले दिन सक्छौं कि सक्दैनौ त यो आर्थिक वर्षको बजेटमा कार्यान्वयनमा हामीले सुरु गरीउ कि गरिनउत या विधेयकमा त आको छ गर्न सकिने भनेर ल्याउनु भाछ । राम्रो अव यो कुरा ता राख्नु भाछ तर या बजारमा प्राङ्गारिक मल, प्राङ्गारिक विउ, विषादीको कुरा आई सक्यो हामीले अव क्यामिकल रासायनिक प्रत्येक वर्ष राज्यले यो भन्दा अगाडि दिने व्यवस्था गरिएको थियो अनुदान त्यलाई नियन्त्रण गर्ने रोक्ने रोकि सकियो भने त्यसको विकल्प के त प्राङ्गारिक मलको व्यवस्था अथवा चाईने विषादी जैविक विषादीको कुरा एन्टिवाईटिक विषादी किटनाशक त्यो त माग गरी सक्यो नि संसदले यतातिर उत्पादन वृद्धि गरेर बजारमा हामीले कमिसन अथवा आयामा प्रतिस्पर्धा गर्नु छ उपदान दिने कुरा छ बजार लिदाखेरी यसको परिणाम र मुल्य पनि हामीले प्रतिस्पर्धा गर्न सक्नु पर्ने हुन्छ हो स्वच्छताता हो हुँदाहुँदै पनि आज हामीले हाम्रो

नागरिकलाई हामीले हामीले पनि खाई राख्या छौं विष हामीले खान भनि राख्या छौं हाम्रो वस्तुगत अवस्थाले हाम्रो सामर्थले त्यो दिन्छ अव ल्याउन त ल्याईउ हामीले यो आर्थिक वर्षमा यो नाकामा उता कपुरकोट यता ववईमा क्वारेनटाइन राख्ने भन्या थियौं खै सुरु भएको । सुरु गर्न त हामीले सक्या छैनौं, सुरु गर्न पर्थ्यो नि त विषादीको चेकिङ त्यो के हो त्या चाई मतलव दिनदिनै चेकिङ हुनु पर्थ्यो ।बाहिरबाट आई राछ, खाई राछ यता अव हामीले मलको काउन्टरमा के दिने त अव दिनु पर्ने भाछ दिए पछि अव यो अर्गानिकप्राङ्गारिक मलको पनि प्रयोग गर्दै जाने र अर्का पट्टिबाट यसको चाईने परिणाम पनि लिएर जाने त्यो त किसानले त यसको मतलव आय स्रोत हेर्छ, प्रतिस्पर्धा हेर्छ, कमिसन हेर्छ, स्वच्छता हो हुँदाहहुदै पनि क्या गर्ने पुर्व माननीयज्यूले भनी सक्नुभो २० रुप्पे ३० रुप्पे किलो पर्दो रहेछ जुम्लाको रातो चामल अहिले पनि यही बजारमा छ याता हेर्दाखेरी तपाईंको ८५ रुपिया ७५ रुपिया किलोको यो बाहिरको अहिलेको चाई हामी भन्दा जेठो चामल खाई राख्या छौं हामीले किन्ने मजदुरी आर्थिक फाईनानसियल हिसावले मान्छे थोरै चाईने सस्तो किनेर खाने भो यो हिसावले अव एउटा कुरा यो अर्को चाई या के आएको छ भन्दाखेरी प्राङ्गारिक मलमा २ वटा कुरा आको छ यलाई लागु गर्नुपर्ने हुन्छ प्राङ्गारिक कृषि प्रवर्धन यो ठीकै छ लागु गर्ने कुरा समस्यालाई कसरी समाधान गर्ने अव अर्को कुरा यो भूमि भू उपयोगको नीतिमा अव जग्गा निजमा लिने व्यवस्था र सुकुम्वासीको जग्गा छैन उलाई का बाट चाईने मतलव पूरा गर्ने जग्गा लिने व्यवस्था अव यो सिचाईलाई पनि भिर, पाखा,पखेरा छ, असिंचित जग्गा छ सिचाईलाई पनि यो कृषिमा जोडेर जानु पर्छ यदि जल भएन भने मलले मात्रै हुन सक्दैन। प्राङ्गारिक मल हामीले दियौ, विषादी दियौ, तर जल सिचाईको व्यवस्था भएन त्यो अर्को मन्त्रालय सँग छ त्यो कृषिमा ल्याउनु पर्नेहुन्छ यो सिचाई जल पहिलो प्राथमिकता दास्रो चाई प्राङ्गारिक मल अथवा चाईने मलको व्यवस्था, विषादीको व्यवस्था, उन्नत खालको विउको व्यवस्था, औजारको व्यवस्था, यो सँगसँगै धेरै कुराहरू अव या विविधिकरण, वजारीकरण धेरै कुराहरू ल्याउनु भाछ प्रयोगशालाको कुरा ल्याउनु भाछ प्रोसेसिङ, प्याकेजिङ, लोगो अव अहिले पनि यो थुप्रै वजेटहरू गई राख्या छन् पकेट क्षेत्र त्यो अर्गानिक क्षेत्र यो धेरै गारो छ यल्लाई अहिले भर्खर जस्तो हामीले भटमासको पकेट क्षेत्र भन्या छौं जिल्लाजिल्लामा निर्वाचन क्षेत्रमा थुप्रो पैमानामा भटमास उत्पादन भो यसको सहि गुन यसको ल्याव टेस्ट गर्ने प्रयोगसाला खोई त यो त हामीले दिनुपऱ्यो काउन्टरमा चुनौति छ हाम्रो अगाडि चुनौति छ राम्रो त हो राम्रो मान्दामान्दै के गर्ने मजदुरी, मजदुरीले हामीले खानु पर्ने, सेवन गर्नुपर्ने, प्रयोग गर्नु पर्ने, त्यसले यो कृषि उन्मुख देश हो कृषि प्रधान देश होइन भन्ने कुरा अघि माननीयज्यूले भन्नुभो माननीय ठम्मरजीले मलाई पनि त्यस्तो लाग्छ यो कृषि उन्मुखै देश हो कृषि उन्मुख देशमा यो के भन्छ सानो सामर्थ्यले हामी ठूलो भारी वोकिउ कैले सम्भावना कति कति सफल गर्न सकिन्छ कि सकिदैन कि यो अवश्याम्भावी हुन्छ कि कहिल्यै यो हिसावले अव हामीले यो प्राङ्गारिक तत्काल गर्नुपर्ने प्राङ्गारिक मल,

प्राङ्गारिक विउ, प्राङ्गारिक चाई विषादी यो व्यवस्था तत्काल गर्नुपर्छ र जनताको आयस्तर बजारमा चाई प्रतिस्पर्धा गर्न सकोस् । त्यसो भयो भने पछि त्यो सँगसँगै जग्गाको व्यवस्था, जग्गा बाँझो नराख्ने व्यवस्था केन्द्रको कृषि मन्त्रालयले ल्याएको छ साझा नियम हुन सक्छ या पनि जग्गामा वाझो नराख्ने व्यवस्था भू-उपयोग नीति ल्याउनु पर्‍यो यो विधेयकमा यो राख्दा राम्रो होला जस्तो लाग्छ हस्त धन्यवाद ।

**माननीय सभामुखः माननीय श्री पद्मा खड्का ।**

**माननीय श्री पद्मा खड्का:**सभामुख महोदयप्राङ्गारिक कृषि सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५ हिउँदे अधिवेशनको यो चौथो बैठकमा आज सैद्धान्तिक छलफलमा छलफल गरिरहेकाछौं। यो छलफलमा मैले पनि आफ्ना केही महत्वपूर्ण यो छलफलमा भाग लिनका लागि या उपस्थित भै रहेको छु । सर्वप्रथम यो वदलिदो व्यवस्था, वदलिदो परिस्थिति र यो समाजलाई कृषिसँग जसरी जोड्ने एउटा यो ऐन आएको छ त्यो ऐन सर्वप्रथम असाध्यै ढिलो भए पनि मन्त्रालयबाट जुन आज टेवुल भए पश्चात या हामी छलफल गरी रहँदा पक्कै पनि यो ऐनले कर्णालीका आम कृषकहरूलाई समेट्ने कुरा जसरी या ल्याईएको छ त्यो असाध्यै महत्वपूर्ण छ यसका लागि म धन्यवाद दिन चाहन्छु हामीले धेरै कुरा गरिरहेकाछौं प्रदेश सरकारको स्थापना पछि यो कर्णाली प्रदेशलाई अर्गानिक प्रदेश बनाउने जुन परिकल्पना गरेर कर्णाली प्रदेश सरकारले निर्णय गरेको थियो र कताकता कसरी अर्गानिक प्रदेश वन्छहोला भन्ने विभिन्न जन गुनासाहरूसबैलाई लागि रहेको थियो र ढिलै भएपनि अहिले यो विधेयक आईरहेको छ र यो विधेयक पनि आफैंमा महत्वपूर्ण छ तर महत्वपूर्णहुँदाहुँदै पनि यसका विभिन्न पक्षहरू र जो किसान एकदमै तलतल निम्न स्तरका किसानहरूसँग पुग्न सक्छ कि सक्दैन । यो विधेयकले छुन सक्छ कि सक्दैन भन्ने कुरा महत्वपूर्ण छ र संविधानले जुन व्यवस्था गरेअनुसार संविधानको भाग ३ धारा ३६ मा पनि प्रत्येक नागरिकलाई खाद्य सुरक्षाको हक छ भनेपछि ४४ मा उपभोक्ताको जुन गुणस्तर वस्तु उसले उपभोग गर्न पाउनु र उसले सर्वसुलभ रूपमा सेवा लिनु । उसको एउटा संविधानले व्यवस्था गरेको जुन आम नागरिकलाई हक छ त्यो हकले पनि आज हामीले हामीले बनाइरहेको ऐन यो ऐनले अझ पनि तल्लो वर्गलाई समेट्न सक्यो कि सकेन भन्ने कुरा असाध्यै महत्वपूर्ण छ र यसमा मलाई लाग्छ, हामीले प्राङ्गारिक अर्गानिक मलका कुरा अर्गानिक कृषिका कुरा गरी रहँदा अहिले भै रहेका परम्परागत वाली, परम्परागत प्रक्रिया, त्यसलाई हामीले कसरी विस्थापन गर्ने अथवा त्यसलाई कसरी प्रोत्साहन गर्ने अथवा अहिलेको प्राङ्गारिक कृषिलाई हामीले कसरी अगाडिबढाउने भन्ने कुरा महत्वपूर्ण छ र हामीले ल्याइ रहँदा,प्राङ्गारिक कृषिको जुन अवधारणा ल्याइ रहँदा, यो विधेयकले समेटी रहँदा, हामीले अहिले पनि उत्पादन गरिरहेका,तपाईंलाई मैले यहाँ भन्न चाहन्छु सभामुख महोदय, यो कर्णाली प्रदेशमा हिजो यो हाम्रो नेपालको जुन नाकावन्दीको समस्यामा हामीले कर्णालीका जनताले भोगेको समस्या म उदाहरणका लागिया भन्न चाहन्छु २ महिना मात्र यहाँ नाकावन्दी हुँदा

कर्णालीका आम कृषक, यहाँका कर्णालीका सम्पूर्ण नागरिकहरूले जेनतेन गरेर अव कृषिमा उत्पादनमा कृषि खेती विभिन्न खेतीहरू गर्न अव हाम्रो ध्यान दिन पर्छ र हामीले यहीको उत्पादनले यहाका नागरिकहरूलाई पुऱ्याउनु पर्छ भन्ने एउटा आत्मवल बढेको थियो । त्यस्तै खालको यो विधेयकले पनि आम सानासाना किसानहरूलाई, ठूला व्यवसायीलाई मात्रै हैन साना किसानहरूलाई समेट्ने खालको चाई हुनु पर्छ भन्ने मलाई लाग्छ र थोरै उत्पादन गरेर थोरै सानो परिवारमा उसले आफ्नो व्यवस्थित कृषि गर्न सक्यो भने पक्कै पनि उसले परिवार र समाजलाई र यो प्रदेश भरी भोली कृषिका उत्पादनहरूलाई पुऱ्याउन सक्ने एउटा उले अवसर पाउन सक्छ भन्ने लाग्छ र यस्तै हामीले उत्पादन गरिरहेका विषय जुन वस्तुहरूछन् । अहिले पनि एकदमै समस्या छ र कानूनमा हामीले कुरा गरी रहन्छौं । ऐनमा कुरा गरी रहन्छौं, ऐन अव हामीले ठूलाठूला बनाउने र धेरैधेरै बनाउने तर त्यो कार्यान्वयनको पाटो कुन हो,अनुगमनको बाटो कुन हो यसलाई महत्वपूर्णका साथ हेर्नपर्ने र यो विधेयकले समेट्न पर्ने देखिन्छ र हामीले उत्पादन गरेका विषयवस्तुहरूलाई वजारीकरणको ग्यारेन्टी के हो त हामीले धेरै भन्दा धेरै उत्पादन गर्छौं। हाम्रा किसानहरू उत्पादन गरिरहेकाछन् त्यसको वजारीकरणको ग्यारेन्टी के हो आज ईण्डियामा किन आज नजिकै हाम्रो छिमेकी रहेको देश भारत कृषि खेतीमा अगाडि वढीरहेको छ उले किसानहरूलाई अनुदान दिदा ढुवानीमा अनुदान दिएको छ । उसको लागत ईस्टमेटमा अनुदान दिएको छ र उले उत्पादन गरेको वस्तुलाई विक्रिवितरण बजारमा पुऱ्याउन सकेन भने उले वजारीकरण गर्दिएको छ त्यस कारणले आज नजिकै रहेको छिमेकी राष्ट्रले तरकारी कृषि उत्पादनमा धेरै फड्को मारेको छ र हामीले पनि भारतबाट ल्याईने र हाम्रो प्रदेशमा आउने विभिन्न मालवाहक ट्रकहरूमा हामी आउँदा भरी आउने यो प्रदेशमा आउँदा भरी आउने जाँदा ती मालवाहक ट्रकहरू खाली जान्छन् हाम्रा उत्पादन गरेका चिजहरूले भरीभराउ गरेर पठाउने खालको वजारीकरणको यले कल्पना गरेको छ कि छैन त्यो कल्पना हामीले गर्न सकिउ भने यहाँका कर्णालीका जनता कर्णालीका नागरिक कृषि उत्पादनमा एकदमै लाग्ने कुरामा प्रेरित हुने र कृषि उत्पादनमा एकदमै मेहनत गर्ने र यही किसानहरू जहाँ यहाँका नागरिकहरू वहिर जाने कुरालाई पनि रोक्ने रोजगारिका कुरालाई पनि यले वढुवा दिनेछ त्यस कारणले यो विधेयकलाई अझै व्यवस्थित गराउनका लागि पनि हामी छलफल हुँदाहुँदै पनि विभिन्न यसका माध्यम छन् यी माध्यमबाट यलाई अझै व्यवस्थित गराउने छम भन्ने कुरा राख्छु। धन्यवाद ।

**माननीय सभामुख : माननीय श्री अम्मर बहादुर थापा ।(समय ७ मिनेट)**

**माननीय श्री अम्मर बहादुर थापा:** माननीय सभामुख महोदय हामी करिव ६७ प्रसेन्ट कृषि किसान भएको देशमा आज हामीलाई खाना पुगिराछैन । त्यसैले अहिले जुन किसिमको कर्णाली प्रदेशको सरकारले प्राङ्गारिक विधेयक पेश गरेको छ प्राङ्गारिक भन्दा पनि यसलाई अर्गानिक प्राङ्गारिक भने पछि मान्छेले अलि कम वुझन सक्छन अर्गानिक भन्यो

भने कुरा वढि वुझ्छन त्यसैले यो विधेयक वास्तवमै असल छ नागरिकलाई स्वच्छ सुन्दर बनाउनका निमित्त अथवा नागरिकहरूको जीवनलाई एउटा स्वस्थ बनाउने हामी हिजो वुढा पुरानाहरूअर्गानिकथिएँअर्गानिक नै थिएँ तर म पनि अलिअलि त्यो छेउछाउमा थिएँ म पनि अलि वुढै छु त्यसोभा हुनाले ती मान्छेहरू दुरुस्त थिएँ त्यसैले अहिलेको यो अवस्थामा यो विधेयक जो आको छ स्वागत योग्य छ तर यसको कार्यान्वयन हुन सक्छ कि सक्दैन । यसको महत्वपूर्ण कुरा त्यहाँ छ,कानून निर्माण गरी सकेपछि त्यो कानून कार्यान्वयन हुने भएन भने त्यो कार्यान्वयन नहुने कानूनले नेपाली जनता अथवा यो प्रदेशका जनताले त्यो प्रयोग गर्न पाएनन् लागु हुन सकेन भने त्यो कानून दुरूपयोग भयो भने हामीले बनाको हामी बनाउनेहरू पनि त्यसका भागी हुन्छौ त्यसो भाको हुनाले अघि पूर्ववक्ता माननीयज्यूहरूले चाई धेरै कुराहरू भन्नु भो र यसलाई त्यो प्राङ्गारिकरूपमा लैजानका लागि पहिला हाम्रा आधारभुत कुराहरू के हुन् र आधारभुत कुराहरू तयार गर्‍या छौं कि छैनौं। हामीले रासायनिकबाट जैविक तिर जादै छौं त्यो जैविक रासायनिक व्यवस्थाको हामीले सुरुवात गर्न सक्या छौं कि छैनौं अघि माननीज्यूहरूले भन्या जस्तै उत्पादन त वृदि प गर्नु छ हटाउने कुरा गरेर त अगाडिबढ्दैन उत्पादनलाई वृद्धि जवसम्म हुदैन किसानको जीवनस्तर माथि उठन सक्दैन । एउटा कुरा त्यसैले हामीले प्राङ्गारिकरूपमा अगाडि वढनु पर्दा हामीले यसको उत्पादनलाई अझ अहिले भएको उत्पादनबाट पनि वृदि गर्न सक्छौं कि सक्दैनौ र त्यो गर्न सक्ने कुरा भनेको त पहिला कुरा प्राङ्गारिकरूपले अगाडि वढनु पर्ने अवस्था सिर्जना हुन्छ हुदैहुदैन भन्ने होइन छदैछैन भन्ने होइन तर त्यसको बाटोमा जानका निमित्त पहिला सरकार अगाडिबढ्न पर्‍यो र पहिलो कुरा त पशुपालनकोमा ध्यान जान पर्‍यो पशुपालनको ध्यान गएन भने र चाईने जैविक रसायनिक तिर हाम्रो ध्यान भएन भने हाम्रो प्राङ्गारिक मल प्राङ्गारिक कृषि हामीले बनाउन सकेनउ भने हामी सफल हुन सक्दैनौ त्यसैले वास्तवमा यो विश्व बजारमा विश्वमै प्राङ्गारिक अवस्थाको अवस्था अहिले राम्रो छैन माननीय ठम्मरज्यूले भन्या जस्तै हामीलाई त्यो चुनौती हाम्रा सामुन्नेमा छ । त्यस कारणले हामी यदि बनाउन खोज्ने हो भने यो ऐनले भन्दा पनि एउटा कार्यविधि वनाए पनि चल्छ भन्ने लाग्छ । कार्यविधि बनाएर निश्चित पकेट एरिया ऐनले पनि त्यो सोच वनाएको छ निश्चित पकेट एरिया व्यवसायिक रूपले कसरी जान सक्छौं हामी विश्व बजार अथवा चाईने राष्ट्रिय बजारलाई साच्चैनै कर्णाली प्रदेशको यो वस्तु आज हामीलाई हाम्रा सामुन्नेमा छ । ती के भन्छ त्यो चामल रातो चामल ए के भन्छन् त्यलाई हामी अमार्से भन्छौ त्यलाई अहिले मार्से चामलको भात भन्या वेला पहिला हामी ए यो त खानु हुदैन भन्थिउ । अहिले त्यो रातो मार्से चामल देख्या वेला नखाए पनि खाउखाउ जस्तो लाग्ने त्यस्तो भात त्यो त्यस्तो किसिमको आकर्षण दिन पर्‍यो एउटा कुरा यो त्यो आकर्षण दिने चिज हामी व्यापक लगानी गर्न सक्दैनौ भने निश्चित पकेट एरियाबाट त्यो प्रदेशलाई पहिचान गर्ने विधिबाटअगाडि वढनु पर्छ भन्ने मलाई लाग्छ । दोस्रो कुरा यो ऐन वनाईरहँदा मैले धेरै पटक भने अस्तिको

एक पटक सैद्धान्तिक छलफल गर्दा राख्या थे अव यो कृषि सम्बन्धी दण्डनीय व्यवस्था संघीय कानूनमा पनि छ जस्तो मलाई लाग्दैन अव यदि त्यो जुन कुराको हामीले ठहर गर्छौं त्यो कुरामा दण्डनीय यदि रसायनिक प्रवेश गरायो अथवा त्यसले अर्गानिक भनेर चाईने रसायनिक चिजलाई चाईने वदमासी कसैले गऱ्यो भने त्यसको विषयमा अदालत सम्म जानेत भन्या छ अदालतले फैसला गर्दाखेरी क्या ऐन कानूनमा व्यवस्था काई छैन फैसला कसरी गर्ने अदालतलाई त दफा यतिले यसो भन्छ योयो गर्छ यस कारणले यो दण्डनीय छ भन्ने कुराहरू राख्न जरुरी छ त्यसैले संघीय कानूनमा छैन भने छ भने संघीय कानून अनुसार हुनेछ भन्नु पऱ्यो अव छैन भने हामीले त्यो विषयमा त्यस्ता मान्छेमाथि कारवाही गर्ने दण्डनीय जरिवाना हामी गर्न सकौला तर के हो त्यो जरिवानामा कति गर्न पर्ने भए कसरी गर्ने हो र मान्छेको जिनवनै वर्वाद गर्ने तरिकाले अगाडि वढी सक्यो भने त त्यलाई चाई त्यति मात्रै पुग्दैन होला जरिवानाले मात्रै पुग्दैन होला त्यस कारणले यस्तो विषयतिर हाम्रो ध्यान आकर्षित भएको छ जस्तो मलाई लागि राछैन त्यसैले वास्तवमै हामीले त्यस्तो कुरा गर्न सकेनौं भने ऐनको मनसाय के हो ऐन बनाउने मनसाय के हो कानून के लागिबनाउने भन्दा गलत काम गर्न नदिने असल काममा प्रोत्साहित गर्ने गलत गर्नेलाई दण्डनीय व्यवस्थाको चाईने गरेनौ भने पछि गलत गरे पनि उस्तै हो असल गरे पनि उस्तै हो भन्ने भए पछि त्यो कानून प्रयोगमा आउँछ र यात अर्को कानून आउने हो कि दण्ड जरिवानाको कानून छुट्टै आउने हो कि अव कि त्यो फेरी अर्को आउने छ भन्न पऱ्यो यसलाई त जसरी नि चाईने व्यवस्थापन मात्रै गर्ने हो भन्ने कुरा गर्नु पऱ्यो त्यस कारणले यतातिर ध्यान जान जरुरी छ र हामीले कुनै कानूनबनाउँदा खेरी दीर्घकालिन योजना बनाएरअगाडिबढ्ने हो तत्काल देखिएका कुरालाई मात्रै हेर्नेहोइन भोलिका दिनमा के हुन सक्छ भोलि हाम्रो २/३ पुस्तासम्म जानका निमित्त पनि योकानूनले सही बाटो सही दृष्टिकोण लिन्छ कि लिदैन कार्यान्वयन हुन्छ कि हुदैन त्यस्ता कुराहरूमा ध्यान जाओस् र पुर्व माननीयसदस्यहरूले धेरै कुरा राखु भाछ अव च्यापच्याप पार्न लाग्नु भो सभामुखजीले म पनि विदा हुन्छु । धन्यवाद ।

**सम्माननीय सभामुख:**माननीय श्री पदम बहादुर रोकाया ।(समय ७ मिनेट) ।

**माननीय श्री पदम बहादुर रोकाया:**सभामुख महोदय, हामी २/३ जनाले त नयाँ सभामुख पनि पाईउ भाग्यमानि त्यसै कारणले नेपाल कृषि प्रधान देश कर्णाली प्रदेश प्राङ्गारिक अर्गानिक प्रदेश हामीले घोषणा गरी सकिउ त्यसै कारणले कागजमा मात्रै लेखेर हुदैन ऐन कानून मात्रै लेखेर हुदैन हामीले कार्यान्वयन गर्नु पर्छलागु गर्नु पर्दछ, सम्भव हुन्छ, धेरै माननीयज्यूले भन्नु भयो म त सम्भव देख्छु, मानिसले चाहे असम्भव के छ हामी पनि तपाईं हामी अहिले याँ माननीय भएर वोल्दै छौं । हामी माननीय मन्त्री हुन सोचेका थिईउ कि थिएनौं। आज सम्म भएन त्यसै कारणले असम्भव भए दुनियामा केही हुदैन केही दिन अगाडि हामी गाउँमा कुरा गर्थिउ जुम्ला, हुम्ला मोटर बाटो पुग्छत हाम्रो छोरा नातीसम्म पुग्दैन भन्थिए आज हुम्ला, डोल्पा पुग्यो कि पुगेन हुम्ला, डोल्पा ३/४ वर्ष

लाग्छ मान्थिउ आज डोल्पा पुगि सक्यो हुम्लामा अव थोरै छ वाकि असम्भव भन्ने दुनियामा केही छैन सम्भव हुन्छ एउटै दुखको कुरा के छ भने आज जमिनहरू वाझो रहेको छ जुम्ला, हुम्लाको कर्णाली प्रदेशको जमिन मात्र होइन तराईका ठूलाठूला विघाहरू वाझा रहेका छन् । पहिला चौधरीहरूले एउटा परिवारले १०/८ विघा कमाउथ्यो आज चौधरीहरू पनि ईण्डियातिर गएर कमाएर ल्याउछन् ५०/६० हजार ल्याय भने ती२५/३० कट्टा चामल आउँछ अनि दुखःगऱ्यो भने धान त्यति फल्दैन उनीहरू फाईदामा छन्, जमिन वाझो रहेको छ अहिले सरकारी नीति वाझो जमिन राख्नेलाई जरिवाना दण्डित गर्ने भन्ने अहिले सरकारले लिएको छ । त्यो कार्यान्वयन हुनुपर्छ ।त्यसै कारणले प्राङ्गारिक अर्गानिक कृषि भन्नाले रसायनमा आधारित विषादी, हर्मोन, नगल्ने पलाष्टिकका सामानहरू औषधि प्रयोग नगरी प्राङगिक अर्गानिक भनिन्छ, त्यसमा प्राङगिक अर्गानिक भनेको माननीयले सबै वुझेका छन् तर गाउँका जनताले वुझेका छैनन् कृषि मन्त्रालयले धेरै बजेट छुट्याएको छ, अहिले यो विषयमा यो कार्यक्रममा यति यो कार्यक्रममा यति धेरै हामी त्यो रेड वुकमा टिप्दछौं त्यो गाउँको लागिगाउँगाउँमा जानु पऱ्यो हामीले माननीयहरूले प्रशिक्षण दिन सक्ने अनि क्षमतावानले गाउँगाउँमा गएर यो विषयमा हामीले छलफल गर्न पऱ्यो। हामीले विषादी औषधि प्रयोग गर्नु हुदैन, हामीले ईन्डियाको चामल विदेशी चामल खानु हुदैन, हामीले आफ्नै गाउँठाउँमा, आफ्नै प्रदेशमा, आफ्नै जमिनमा उव्जेको खानुपर्छभन्नु पऱ्यो, उनलाई सम्झाउनु-वुझाउनु पऱ्यो, प्रशिक्षण दिनु पऱ्यो अनि अर्गानिक प्रदेश हुन्छ । प्राङ्गारिक मलको लागि गाईवस्तु गाई, भैसि पाल्न छोडिसके भेडा, वाख्रा पाल्न छोडिसके वरु बोयलर कुखुरा पाल्छन् । बोयलर कुखुराको मल कत्तिको लाग्छ त्यईको मल मात्रै देखिन्छ । अरु छोडिसके यो विषयमा पनि प्राङ्गारिक मलको लागि कारखाना हुनु पऱ्यो पलाष्टिकलाई जति वर्ष माटोमा राखे पनि प्लाष्टिक गल्दैन । त्यलाई गलाउने विलाउने त्यस्ता साधन स्रोत औषधिहरू प्रयोग गर्नु पऱ्यो कच्चा पदार्थबाट, झारपातबाट मलहरू उत्पादन गर्नु पऱ्यो अनि प्राङ्गारिकमल हुन्छ ।त्यसै कारणले अहिले केही दिन अगाडि हाम्रा ठूलावडाहरूले रोटी खादैन थिएँ, भात खान्थे, जो भात खान्छ त्यो ठूलो वडो थ्यो साहु महाजन थिएँ, अहिले ती ठूलावडाहरू रोटी खान मन पराउछन्, भात खादैनन्, भात त अहिले भर कमजोर मात्रै खान्छ अलि सानो मान्छेले हामी ईन्डियामा जाँदाखेरी म दिल्लीमा गया थिएँ त्यो दिन होटलमा जाँदाखेरी होटल साउले के भन्यो बहादुर चावर वहुत खाओ पेट भरके खाओ त्यले हामीलाई गिज्याएर भनेको नेपालीहरू भात वढि खान्छन् भनेर हो पेट भर्खे खाओ बहादर खाओ वढि खाओ उले हामीलाई अलि गिज्याएर भनेको हो भने अहिले भात खाने मान्छे अलि अलि सानो मान्छे भन्छन् रोटी खाने मान्छे ठूलो भन्छन् अरे गाउँमा पनि रोटी वढि खान्छन अहिले अनि गहँका रोटी, मकैका रोटी, कोदोको रोटी, फापरको रोटी, अहिले चामलको भन्दा वढी मुल्य छ त्यो पनि खान चाहन्छन मान्छे अघि कुरा आयो मार्सि भातको चामल केही दिन अगाडि रातो चामल विक्रि हुदैन थियो

धान किन्ने मान्छे चामल किन्ने मान्छे थिएँनन् अहिले त त्यो चामल पुराना राजारजौटाहरू खान्थे भनेर अहिले तपाईं हामी पनि चामल त्यई चामल मगाउँछौं अहिले त पैसावाला मान्छेले भने त्यो चामललाई ढाई तिन सय रुपैया के.जि मा विक्रि हुन्छ भने अहिले गाउँको मान्छेहरू पनि फापरहरू, गहुँ, कोदो, चियू, कागुनोहरू खेती गर्न उनीहरूलागि सक्या अहिले अनि तिनी लागेर अर्गानिक हुदैन हामीले केही दिन पछि हामीले जनसंख्याको अभावले हामीले विदेशी चामल खानु पर्ला नत्र भने हामी आफ्नै ठाउहरूको त्यो अर्गानिक वक्कुर खान पाउछौं त्यसै कारणले वक्कि बनि सके जस्तो लाग्छ यहात कृपया पढनै पाईन अव हामीले यो प्रदेशलाई कर्णाली प्रदेशलाई अर्गानिक प्रदेश प्राङ्गारिक प्रदेश वन्नको लागि २०७५ घोषणा गरीसकेको छ २०७५/१०/२३ गते घोषणा भईसकेको छ, त्यसै कारणले सभामुख महोदय मैले भनी सके हामीले गाउँठाउँमा गएर हामीले यसको व्यापक प्रचारप्रसार गर्नुपर्ने मिडियाको जमाना छ अहिले अहिले यहा फोन गऱ्यो अमेरीका सुनिन्छ त्यहाँबाट जापान वेलायत सुनिन्छ भने आफ्नो खेत बनाउन हामीले किन हामी वाली उत्पादन गर्न सक्दैनौ सक्छौं हामी तर अहिले कर्णाली प्रदेशले पनि यो कृषि मन्त्रालयले पनि किसानहरूलाई पोष्ठित गर्नुपर्ने पुरस्कारको पनि व्यवस्था गर्नु पऱ्यो विषदी औषधि प्रयोग गर्नलाई पनि दण्ड रहित र दण्ड सहित जरिवाना गर्नु पऱ्यो अनि मात्रै हामी सफल हुन्छौ हामी त्यसै कारणले यो हामी माननीयहरूले सबैले हाफ्नो आफ्नो जिल्लामा, आफ्नो आफ्नो क्षेत्रमा, गएर हामीले व्यापक प्रचारप्रसार गरिनु पर्छ अनि अर्गानिक प्रदेश अर्गानिक कर्णाली प्रदेश हुन्छ असम्भव छैन विल्कुल सम्भव छ भन्दै मेरो आफ्ना भनाई यही अन्त्य गर्छु । धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरू अव म कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री माननीय श्री विमला केसीलाई प्राङ्गारिक कृषि सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि सैद्धान्तिक छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवं जिज्ञासाका सम्बन्धमा जवाफ दिन समय दिन्छु ।

**भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री माननीय श्री विमला के.सी.:**माननीय सभामुख महोदय, हामी आज प्राङ्गारिक कृषि सम्बन्धी व्यवस्था गर्न बनेको विधेयकमा सैद्धान्तिक छलफल चलाई रहँदा खेरी सैद्धान्तिक छलफलमा सहभागी हुने माननीयज्यूहरूले असाध्यै महत्वपूर्ण यसको सैद्धान्तिक यसको व्यवहारिक यसको कार्यान्वयनको जटिलता चुनौती र अरु कतिपय यस सँग जोडिएका अन्तरसन्बन्धित विषहरू जो आज विधेयकमा नभए पनि कार्यविधिहरू अघिल्लो बजेटसँग जोडिएका विषयहरू पनि यसमा ल्याउनु भएको छ। म माननीयज्यूहरू आसन्न माननीयज्यूहरूले आफ्ना विषयहरू राख्नु भाछ असाध्यै महत्वपूर्ण विषय छन् ग्रहणयोग्य विषय छन् । यस्तै खालको चलोस् भन्ने पनि चाहेका थियौं। हामीले त्यो खालको छलफल चलेको छ अझ धेरै छलफल चलन जरुरी पनि छ । त्यो हिसावले म माननीयज्यूहरू प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । एउटा सपना

नेपालीहरूले देखेको सपना हो प्राङ्गारिक कृषि उत्पादनको कुरा कर्णाली प्रदेशले मात्रै होइन सिङ्गो नेपालले यो पनि प्रधानमन्त्रीको सपना हो एउटा घोषणापत्रको स्प्रिट हो र हामी कर्णाली प्रदेशलाई सबैभन्दा वढी सम्भावनायुक्त प्रदेशका रूपमा देखिउ प्रदेश सरकारले र त्यस कारण हामीले यो चुनौतीपूर्ण कार्यको सुरु गरेका छौं हरेक नयाँ कार्य चुनौतीपूर्ण हुन्छ अप्ठ्यारो हुन्छन् र जहाँ वढी सबैभन्दा वढी चुनौती हुन्छ त्याँ नै वढी सम्भावना पनि हुन्छन यो द्धोन्दात्मक भौतिकवादको नियम हो त्यो हिसावले हेर्दा यो कुरा हामीले गरी रहँदा खेरी जत्तिकै चुनौती छन् त्यो चुनौतीलाई हामीले पहिलो कुरा त एउटा यो संकल्प पनि हो अर्गानिक प्रदेश बनाउने कुरा प्राङ्गारिक प्रदेश बनाउने कुरा संकल्प पनि हो एउटा नयाँ विचार पनि हो त्यो हिसावले त्यो खालको संकल्प सहित हामी अगाडि वढन सकिउ भने असम्भव भन्ने अगाडि माननीयज्यूहरूले भने जस्तै असम्भव भन्ने चिज केई पनि छैन ईभन यसलाई कार्यान्वयन गर्ने कुराहरूमा विस्तारै चरणवद्ध माननीयज्यूहरूले भने जस्तै चरणवद्ध रूपमा जान सकिन्छ, एकैचोटि हामीले सबैगरीहाल्छौ भन्ने लक्ष्य राखिउ भने त्यो सम्भव पनि छैन त्यो हिसावले हामीले चरणवद्ध पहिले अहिले पनि हामीले प्रदेश सरकारको कार्य योजना कार्यक्रम एउटा जिल्लामा एउटा नमूनापालिका बनाउने अर्गानिक नमूनापालिका बनाउने र हरेक बजेटको अनुदान बजेटलाई पनि अर्गानिकमा केन्द्रित गरेका छौं ईभन त्यो सफलताको असफलताको कुरा हाम्रो हातमै छ कति प्रभावकारी बनाउनेसक्छौं हामी सबैको साझा दायित्व पनि हो त्यो हिसावले स्थानीय तहलाई वढिभन्दा वढि उत्तरदायी बनाएर त्यो कार्यलाई सम्पन्न गर्ने हिसावले हामी सुरु गरेका छौंयहाँ उठाईएका कुराहरूमा खासगरी उत्पादन एकातिर अर्गानिक बनाउने कुरा गरी रहँदा खेरी अर्कोतिर खाद्य संकट भएको प्रदेश सबैभन्दा वढि खाद्य संकट भएको प्रदेशमा अर्गानिक उत्पादनको कुरा गर्नु भनेको अझ खाद्य संकट थप्नु हो भन्ने कोईसन जर्वजस्ती उठिरहेको छ यहाँ पनि यो विषय उठ्यो एकदम जरुरी विषय उठेको छ हामीले अहिले पनि कर्णाली प्रदेश खाद्यमा खाद्य संकटमा हुँदा कसरी खाद्यबाट हामीले झन आत्मनिर्भर बनाउने भन्ने प्रश्नलाई हामी कसरी हल गर्न सक्छौं जस्तो लाग्छ हामीलाई के विश्वास छ भन्नुहोला भने यो अर्गानिकमा लिन जस्तो विषदी प्रयोग भएको रसायनिक प्रयोग भएको जमिन ३ वर्ष पछि ३ वर्षको प्रक्रिया पछि अर्गानिकमा लिन सकिदो रहिछ । मतलव अहिले प्राविधिक पक्षबाट हेर्दाखेरी त्यसो हो भने हामीले हिजो हाम्रा वाजे वराजुको पालामा उत्पादन गरिने चिजहरू के कम थिएँ त उत्पादन कम हुन्थ्यो भन्दाताथिएँन हिजो झन निर्यात गरिन्थ्यो र अहिले केरे विज्ञानले के पुष्टि गरेको देखिन्छ प्रविधिले के पुष्टि गरेको देखिन्छ भने अर्गानिक उत्पादन भनेको खाद्य संकट गर्ने होइन कि त्यले अझ वढवा दिने माटाको उर्वर शक्ति बढाउँछ र त्यले उत्पादन बढाउँछ वरु त्यसको जिरो बजेटबाट पनि हामीले उत्पादन गर्न सक्छौं भन्ने पुष्ट्याई हामले मतलव गर्न सक्ने सकिदो रहिछ त्यो खालको मतलव एउटा छलफल अनुभवको आधारमा हामीले यो विभिन्न खालका छलफलबाट त्यो निष्कर्षमा पुग्न

सकिन्छ त्यसो हुँदा हामीले उत्पादनमा अव जस्तो कर्णाली प्रदेशमा अहिले त यस्तो खालको माहोल बनिसक्यो कर्णालीमा मात्रै होइनबाहिर पनि नेपाल भरी झन् प्रधानमन्त्री सम्माननीय प्रधानमन्त्री केपि ओली र केपि ओली र पूर्व प्रधानमन्त्री प्रचण्डका कारणले अहिले मार्सि चामलको बजार यति धेरै छ यति धेरै बजार छ त्योको बजार नै दिन नसकिने अवस्था छ म या एउटा १-२ वटा पसलहरूचलिरहेका छन् । त्यो पसलमा सामानहरू हामी कसरी ल्याउने सकिनै नसकिने भो भन्ने खालको रिपोर्ट पनि आईराखेको छ त्यसो हुँदा अव त हामीले प्राङ्गारिक उत्पादन जस्तो हाम्रो यहाँको रैथाने वाली जो अहिले पनि उत्पादन गरिरहेकाछौं त्यलाई प्रवद्र्धन गर्न वित्तिकै जस्तो कालो मार्सी जुम्लामा फल्ने कालो मार्सि त्याको मतलव ओखर त्याको सिमि माथि हिमाली वेल्टको सबै पाँचवटा जिल्ला कै कर्णालीका साविक कर्णालीका जिल्लाको उत्पादित वस्तुहरूलाई हाम्ले प्रवर्धन मात्रै गरेउ भने त्यलाई वजारीकरण गर्न सकिउ । त्यलाई प्रमाणीकरण गरेर व्राण्ड दिएर हामीले विक्री मात्रै गर्न सकिउ भने त्योबाट आत्मनिर्भर बनाउने एउटा सपना हाम्ले देखेका छौं। त्यो सपना पूरा गर्न सक्छौं जस्तो मलाई लाग्छ त्यो स्प्रिटका साथ हामीले यो विधेयक ल्याएका छौं यसमा माननीयज्यूहरू हामी सबै एउटा अभियानमा अभियानत हिसावले नलागेर हुन्छ जस्तो मलाई लाग्दैन त्यसैले अभियानका रूपमा हामी अगाडि वढौ भयो चिजलाई प्रवर्धन गरौंउ नभएको कुरालाई विस्तार गरौं अव क्रमसः चरणवद्ध रूपमा यहाहरूले भने जस्तै चरणवद्ध रूपमा जाऔ त्यो कानून पनि अहिले कानून पास गरीसकेको पछि कुन-कुन ठाउँमा सुरुमा लागु गर्ने जा हामीले अर्गानिक भनेर घोषणा गर्छौं त्यो ठाउ बाट सुरु गर्छौं त्या विषदि पस्न दिदैनौ त्या रसायन पस्न दिदैनौ यहाहरूले भने जस्तै रसायनको विकल्प पनि दिन्छौ जैविक विषदि जैविक विषदि र जैविक मल कसरी उत्पादन गर्ने अहिले पनि कार्यक्रम छ अलिकति ढिला हुन गईराछ विभिन्न कारणले कार्यान्वयनमा उद्योग मन्त्रालयबाटप्राङ्गारिक मलको निम्ति छ र हाम्रो मन्त्रालयबाट पनि त्योलाई किन्नेले त्यसमा वदल्न पर्छ भनेर हामी लागिरहेका छौं मल किन्ने होइन मल उत्पादनमा जानुपर्छ आफैंले भन्ने भैसके पछि हामी सँग पनि त्यो बजेट ४ करोड बजेट छ त्यसलाई हामीले मल र विषदि उत्पादन जैविक मल र जैविक विषदि उत्पादनमा लगाउँने गरी हामी कार्ययोजना वनाई काममा अगाडि वढि रहेका छौं त्यसबाट हामीले विकल्प दिन सक्छौं र अहिले पनि नमूना गाउँमा गोठ भकारो सुधारको देखि लिएर त्यो उत्पादन मल उत्पादन र मल केरे विषदि उत्पादनलाई जैविक विषदि उत्पादनलाई जोड गरेका छौं त्यसो गर्दाखेरी हामी यो अहिलेको सुरुको चरणमा अगाडि वढन सकिन्छ भन्ने हामलाई विश्वास छ यो विधेयकका सन्दर्भमा याँ आएका कुराहरू पर्याप्त छन् म भन्दैन नितान्त नयाँ नेपालमा नयाँ यो नै पहिलो विधेयक हो यो प्राङ्गारिक विधेयक भनेको नेपालकै इतिहासमा पहिलो विधेयक हो हामी कोई पनि अर्गानिक विशेषज्ञ कोई पनि छैनौं। मन्त्रालय पनि त्यस्तो खालको जनशक्ति छैन हामी म त झन हुने कुरै भएन । ती हिसावले हाम्रो स्प्रिट मात्रै यसमा छ यो स्प्रिटलाई कसरी कार्यान्वयनमा

मतलव विधेयकले अझ कसरी परिमार्जन गर्दा राम्रो हुन्छ भन्ने कुरा यहाहरूको छलफलबाट यलाई अगाडिबढाउन सकिन्छ त्यसमा कोई पनि समस्या हुदैन विगतका दिनहरूमा हामीसँग संविधान सभाका सदस्य हुँदा विधेयकमा छलफल चलाउने संशोधन हाल्ने तर संशोधनमा हात उठाएर फिर्ता लिने वाहेक अरु विकल्प हुदैनथ्यो त्यो खालको संस्कार थियो विगतका दिनहरूमा पछेल्लो चरणमा यी संस्कारहरू वदलिने समितिहरूमा छलफल चल्ने समितिले परिमार्जन गर्ने खालको संस्कार बनिरहेको छ त्यो हिसावले मलाई आशा छ मलाई विश्वास छ समितिमा व्यापक छलफल चल्ने छ वरु विज्ञ ल्याउ समितिमा विज्ञ ल्याउ जनताको राय सल्लाह सुझाव लिउ त्यसो गर्दा कसरी अझै यलाई परिमार्जन गर्न सकिन्छ र ह्याको कर्णालीको आवश्यकताको प्राङ्गारिक विधेयक बनाउन सकिन्छ यसमा हामी सबैले मेहनत गरीउ भने यले यो बाट धेरै परिमार्जित हुनेछ परिस्कृत हुने छ भन्ने अपेक्षा मैले राखेको छु लालपुर्जाको कुरा आएको छ लालपुर्जा वितरणको स्प्रिट हो ईच्छा हो शक्ति हो सपना हो तर योमा सपना तुईएको छ मैले यो भन्नै पर्छ सभामुख मार्फत् यो जानकारी सम्मानित सभामा मैले जानकारी गराउनै पर्छ प्रदेश सरकारलाई आज प्रदेश सरकार सरकारी भवन सरकारी जमिनमै सरकारी जमिनमै एउटा भवन हाल्न पर्दाखेरी त्यो केन्द्रीय सरकारले हस्तान्तरणको निर्णय नगरिकन आफ्नो कार्यालय भवन बनाउन नसक्ने खालको सामथ्र्येको स्थितिमा हामी प्रदेश सरकारले लालपुर्जा वितरण गर्छौं भनेर सपना देखेका थिउ त्यो अनर्थ जस्तो भइरहेको छ त्यो सपना वढि देखिए जस्तो भईराछ त्यसैले यो अधिकारको एउटा संघर्ष जस्तो पनि बनिरहेको छ मलाई आशा छ केन्द्रीय सरकारले यी अधिकारलाई समयमै स्थानीय तहलाई पनि त्यो अधिकार प्राप्त नभएको स्थिति छ र प्रदेश सरकारलाई पनि अधिकार प्राप्त संविधानमा लेखेको अधिकारहरू प्राप्त नहुँदा खेरी हामी अन्यौलताका स्थितिमा छौं अकर्मन्यताका स्थितिमा छौं जनताको आकांक्षा पूरा गर्न नसकेको अवस्था सरकारको अवस्था हो त्यसैले आज चाहेर पनि यी पूरा गर्न नसक्ने स्थितिलाई कसरी सामाधान गर्ने आशा गरौं फानुण अन्तिमसम्म एउटा कानून वनाउछौं र त्यो कानूनबाटतपाईंहरूलाई हिनाल्न सजिलो हुन्छ भनेर केन्द्रीय सरकारले आशा देखाएको छ त्यो आशा पूरा हुनेछ र अर्को याँ कुरा कस्तो आयो भने मन्त्रालय केन्द्रित र मन्त्री केन्द्रित भन्ने खालका संरचना वने भन्ने खालका पनि आयो त्यो कुरालाई मैले कस्तो या कस्तो भो भने अहिले हामी हरेक आयोगहरू वनाउछौं समितिहरू वनाउछौं त्यो समितिहरूबनाउँदा खेरी हामीलाई अप्ठेरो के भईराछ भने पैसो चाईन्छ हरेक समितिहरूबनाउँदा खेरी जस्तो अहिले पनि कानून आयोग गठनादेसबाट त्याँ स्वीकृत भयो केरे क्याविनेटबाट त्यो त्यत्तिकै छ भूमि सम्बन्धी एउटा समिति भो त्यत्तिकै छ अहिले कसरी वच कसरी पाल्ने सँगठनात्मक संरचनालाई वडो गाह्रो छ हामी सँग रकम छैन हामी सँग राजस्व एकदमै स्रोत कम छ भन्नेबाट छलफल चलिरहेकै स्थिति छ एकदमै गाह्रो भईरा अवस्थामा धेरै संरचना बाहिरबाटबनाउँदा खेरी गाह्रो हुन्छ भन्ने कोणबाट विधेयक पनि त्यो छाप यता

त्यसमा देखिन्छ माननीयज्यूहरूले त्यस अर्थमा राखेको कुरालाई मैले स्वागत गर्छु त्यसो हो भने हामी छलफल चलाऔ कसरी ह्या किसानहरूको सम्वोधन गर्न सकिन्छ उत्पादकहरू कसरी सम्वोधन गर्न सकिन्छ त्यसका निम्ति छलफल चलाऔ तर यसमा मन्त्रालय र मन्त्री मन्त्रालय र त्यहाँका कर्मचारीहरूको संरचनालाई मात्रै यसमा जोडिएको छ एउटा निर्देशक समितिमा मात्रै २ वटा कृषक र २ वटा विज्ञहरू मात्रै यसमा राखेको छ बाहिरबाट राखेको संरचना त्यो छ छलफल चलाऔ राम्रो गर्न हामी सक्छौं त्यसपछि यो अलिकति कुरा कस्तो आयो भने प्रोत्साहन अनुदानको कुरा प्रोत्साहन अनुदान यसमा केई पनि जोडिएको छैन यदि त्यस सँग सम्बन्धित नभए पनि उठिहाल्यो उठिसकेको सन्दर्भमा मैले के भनु भने हाम्रो अस्तिको बजेटमा प्रोत्साहन अनुदान उत्पादनमा उत्पादनमा आधारित प्रोत्साहन अनुदानको पाँच करोड कार्यक्रम थियो पाँच करोडको कार्यक्रम थ्यो भने गरीव लक्षित कार्यक्रम पाँच करोडको थ्यो त्यो कार्यक्रमलाई हामीले अलि उत्पादनमा उले कति हेक्टर जमिनमा कति तरकारी फलायो कति हेक्टर जमिनमा कति मतलव फलफूल फलायो कति भैसि पाले,कति गाई पाले, कति अण्डा उत्पादन गरे त्यलाई आधार बनाएर त्यलाई भेरिफिकेशन गरेर कसरी दिएको रिपोर्ट दिएको आधारमा भन्दा फिल्ड भेरिफिकेशन गरेर मात्रै प्रोत्साहन गर्नु पर्छ, भन्ने एउटा कार्यविधि वनाएका छौं त्यो कार्यविधि प्रोत्साहनले व्यवसायिक कृषकहरूलाई मात्रै प्रोत्साहन गर्ने त्यो कुरा सत्य हो व्यवसायिक अहिले व्यवसायिक नवनी रहेको सन्दर्भमा व्यवसायिक कृषकहरू उत्पादन गर्ने कार्यक्रम नै प्रोत्साहन अनुदान हो त्यो भने गरीव अति गरीव लक्षित कृषकहरूका निम्ति पनि किसान सरकार हातेमालो कार्यक्रम हाम्ले अगाडि सँगसँगै वढाएका छौं त्यो समस्या आउँछ भनेर त्यो कार्यक्रम अघि वढाएका छौं त्यो गरीव गरीव गाउँहरूमा केन्द्रित गरेका छौं त्यो सँगसँगै त्यो कार्यक्रम भएको पनि म अवगत गराउन चाहन्छु भन्छु र अर्को यो हामीले महत्वपूर्ण विषयहरू राखेका छौं खासगरी यो केरे दण्ड सजाएको कुरा अहिले केन्द्रीय सरकार र संविधान र अझ पछिल्लो २९ वुदे निर्देशनमा हामीले दण्ड सजायको व्यवस्था प्रदेश सरकारले गर्न नसकिने कानून त बनाउने तर दण्ड सजाय गर्न नसकिने अवस्था छ त्यस कारण हाम्ले गर्न सकिने भनेको जरिवाना जरिवानाको कुरा छ र अहिले एउटा यो सँगसँगै हामीले एउटा खाद्य सम्बन्धी माथि कानून आएको छ त्यो खाद्य सम्बन्धी खाद्य गुणस्तर सम्बन्धीको त्यो त्यलाई नियन्त्रण गर्ने सम्बन्धीको कानून आएको छ त्यलाई हामी आधार बनाएर प्रचलित कानून अनुसार अगाडि वढन सकियो भने रसायन र विषदिलाई यसमा जोड्न सक्केला कि भन्ने अपेक्षाले प्रचलित कानून वाहेक अगाडि वढन हामी नसक्ने सीमा र वाध्यता मैले यहाँहरूको अगाडि राख्न चाहन्छु र हामीले यहाँहरूले राखेका कुराहरूलाई महत्वपूर्ण कुराहरूलाई महत्वप्रर्ण ढंगले ग्रहण गर्दै यो चुनौतीलाई कार्य हो अप्ठेरो कार्य हो तर सुरुवात गरेपछि सम्भव छ हामीले कर्णाली प्रदेशबाटैसकेनौं भने अन्यत्र कई पनि सम्भव छैन माहोल हाम्रो बनेको छ यो माहोललाई कसरी हामीले

जनतासम्म पुऱ्याएर अगाडिबढाउनसक्छौं। त्यो विषयमा लाग्न सकियो भने अगाडि वढन सकिन्छ भन्ने लाग्छ र अर्को व्यवसायिक कृषकको कुरा गर्दैगर्दा खेरी मैले एउटा इतिहासमूलक एउटा हेरेको थिएँ अनुभव हेरेको थिएँ गजरातमा व्यवसायिक खेतीतिर मात्रै जाँदाखेरी कृषकहरू आत्महत्या गर्ने संख्या वढ्यो त्यो किन भन्दा सबै व्यवसायिकहरूले नै सबै जमिन अगटे कृषकहरू जस्ले फेल्ली फार्मिङ गरेरअगाडिबढेको थ्यो त्यो कृषकहरूबीच रोजगार विहिन भो त्यसपछि त्यो काम नै नपाउने भएपछि त्यो अव आत्महत्याको विकल्पै भएन त्यसो हुँदाखेरी हामीले व्यवसायिक व्यवसायिक कृषि उत्पादनको कुरा गरी रहँदा खेरी फेमली फार्मिङको पारिवारिक खेती प्रणालीको कुरालाई सँगसँगै लिनुपर्छ र त्यो सँगसँगै हामीले करेसावारी छतमा उत्पादन गर्ने त्यो केरे गमला उत्पादनको कुरा पर्नि  सानो हेर्दा सानो जस्तो देखिने मान्छेलाई आत्मनिर्भर गराउने कुरामा त्यो क्यूवाको इतिहास हेर्दा हाम्ले त्याँ देख्छौ क्यूवा कसरी अर्गानिक भो भन्ने कुरा मैले पढेको थिएँ वास्तवमा क्यूवाको इतिहास यस्तै माननीयज्यूहरूले भन्या जस्तो अरु देशहरूको इतिहास हेर्ने हो भने कतिपय वाध्यताले नाकावन्दीका कारणले प्राङ्गारिक प्रदेशमा गएका छन् देशमा गएका छन् भने कतिपय योजनावद्ध ढंगले अगाडि वढेका छन् हाम्रो देशका हाम्रो प्रदेशका सन्दर्भमा कसैको वाध्यात्मक स्थिति भन्दा हाम्रो स्वास्थ्यको स्थितिका कारणले हाम्ले निर्यात बढाउने अर्गानिक निर्यात बढाउनेउद्देश्यले हामी आत्मनिर्भर बन्ने हिसावले हाम्ले अगाडिबढाउन सचेतकको पहल गरेका छौं र हामी सचेतकहरू लागिउ भने सम्भव छ भन्ने कुरा राख्न चाहन्छु हस्त धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री माननीय श्री विमला के.सी.ले सभामा प्रस्तुत गर्नु भएको प्राङ्गारिक कृषि सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथिको सैद्धान्तिक छलफल समाप्त भएको जानकारी गराउँछु, माननीय सदस्यहरू कर्णाली प्रदेश सभा नियमावली २०७४ को पच्छिेद १५ व्यवस्थापन कार्यविधिको नियम १०९ को उपनियम १ अनुसार प्राङ्गारिक कृषि सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५ मा संशोधनको सूचना पेश गर्न चाहनुहुने माननीय सदस्यहरूलाई ७२ घण्टाको समय सीमा प्रारम्भ भएको व्यहोरा जानकारी गराउँछु । माननीय सदस्यहरू कर्णाली प्रदेश सभा नियमावली २०७४ को परिच्छेद-९ प्रश्न र ध्यानाकर्षणको नियम ३९ बमोजिम प्रश्न सोध्न सक्ने व्यवस्था गरेको छु । माननीय सदस्यहरूले कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम ४१ बमोजिम सोध्न खोजेको प्रश्न, प्रश्नसँग सम्बन्धित मन्त्री र प्रश्नको उत्तर मागेको मिति समेत खुलाई सचिवलाई प्रस्तावित मिति भन्दा ५ दिन अगावै लिखित रूपमा सूचना दिन हुन जानकारी गराउँछु । माननीय सदस्यहरू आजको विशेष समयमा माननीय सदस्यहरूले उठाउनु भएका जिज्ञाशा तथा प्रश्नहरूको सम्बन्धमा सरोकारवाला विभागीय मन्त्रालयलाई प्रदेश सभाको आगामी बैठकमा जवाफका लागि रुलिङ गर्दछु,माननीय

सदस्यहरू अव यो बैठक २०७५ साल चैत्र ४ गते सोमवार दिनको १ वजे सम्मको लागि स्थगित हुन्छ ।

कर्णाली प्रदेश सभा
तेस्रो अधिवेशन
कार्यवाहीको सम्पूर्ण विवरण
२०७५ चैत्र ४ गते
सोमबार
(बैठक संख्या-५)

राष्ट्रिय धुन,

**मानीय सभामुखः**माननीय सदस्यहरू कर्णाली प्रदेश, प्रदेश सभाको हिउँदे अधिवेशनको पाचौं बैठकको कार्यवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू बसौं वोल्न खोज्नु भाको माननीय सदस्य माननीय जीवन बहादुर शाही ।

**माननीय श्री जीवन बहादुर शाहीः**सभामुख महोदय यो ढ्यापढ्यापे समय सायद हाम्रो प्रदेशमा हामीले पहिलो चोटि गर्दै छौं र यो सरकार यसरी निदाउन थाल्यो । सभामुख महोदय विधेयक पनि नल्याउने, विधेयकलाई आउन पनि नदिने मन्त्रीज्यूहरू पनि आउनु नपर्ने, जसले विधेयक पेश गर्ने हो उसले मात्र आउनु पर्ने जस्तो जुन अवस्था देखियो । यसले गर्दा खेरी हाम्रो सदनको मान मर्यादा कति रहन्छ भन्ने कुरो महत्वपूर्ण कुरा हो भन्ने लाग्छ । सम्माननीय सभामुख महोदय यले गर्दाखेरी कर्णाली प्रदेशले जुन कुराहरूगरिरहेको थियो त्यो गरीमामय ढङ्गले अगाडि नबढेको हुनाले यो विधेयकहरू नआउने हो भने हामीले यो सदनलाई चलाईरहनु पर्छ भन्ने मलाई लाग्दैन विधेयक दिन सक्दैन सरकारले भने यलाई चाई यसरी एउटा एउटा गर्ने आएका भोलि विहान राख्ने पर्सि विहान राख्ने अनि हामी चाई दिन काटन लागि हामी कुनै पनि माननीय सांसदज्यूहरू आउनु भएको जस्तो लाग्दैन सभामुख महोदय त्यस कारणले चाई कि सरकारले हाम्रो सँग विधेयकहरू ल्याउनु पऱ्यो र त्यो अगाडि वढाउनु पऱ्योहोइन भने यो सदनलाई चाई रोक्नु पर्ने भन्ने कुरा म राख्न चाहन्छु सम्माननीय सभामुखज्यूमा मार्फत् र अर्को कुरा देश फेरि पुनः भयाभह अवस्थामा अगाडि वढन सुरु गरेको छ ।संघीय सरकारले एउटा फोर्सलाई प्रतिवन्ध लगायो जस्ले गर्दाखेरी सबैभन्दा पीडित प्रदेश भनेको हाम्रो नै प्रदेश हो । आज गाउँगाउँमा सबैलाई चिठि दिएर विप्लव समूहले स्थानीय निकाय जो गाउँमा वसिरहनु भएका छन् उहाँहरूलाई चन्दा आतंक भई रहेको छ हामी के चाहन्छौ प्रदेश सरकारले कमसेकम यसको पीडा सबैभन्दा वढि हाम्रो प्रदेशमा पर्ने भएको हुनाले हाम्रो प्रदेश सरकारले संघीय सरकारसँग कोर्डिनेशन गरेर वार्ताको रूपमा जानु पर्छ हिजो पनि यस्ता खालका द्वन्द्व भए नेपालमा द्वोन्दको समाधान भनेको वार्ता बाटै भएको छ र कसैलाई निषेध गरेर चाई यो अगाडि वढन सक्दैन यसको लागि पनि सरकारले ध्यान दिनुपर्छ, एकदम नराम्रो ढङ्गले अहिले हामीले चाई सशस्त्र र जनपदलाई एक ढङ्गले सञ्चालन गर्ने गरेका छौं फेरि नेपाली जनताहरूले फेरी यो क्रान्ति,रक्तपात हामीले चाई

अव वहन गर्न सक्दैनौ त्यसको लागि पनि सम्माननीय सभामुख मार्फत् म सरकारको ध्यान आकर्षित गर्न चाहन्छु । धन्यवाद।

**माननीय सभामुखः**माननीय सदस्यहरू अव म प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ मा भएको व्यवस्था अनुसार कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री दल रावललाई प्रदेशमा खेलकूदको विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि सैद्धान्तिक छलफलका लागि सभा समक्ष प्रस्ताव गर्न समय दिन्छु।

**माननीय श्री दल रावल(नेपाल कम्यूनिष्ट पार्टी(एमाले)ः**माननीय सभामुख महोदयमाननीय सभामुखज्यू मार्फत्खेलकूदको माध्यमबाट सामूहिक भावनाको विकास गरी कर्णाली प्रदेशका नागरिकलाई स्वस्थ्य, अनुशासित, मर्यादित र गतिशिल बनाउन प्रदेशमा खेलकूदको विकास गर्न कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले प्रदेशमा खेलकूदको विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५, कर्णाली प्रदेश सभा वियमावली २०७४ को नियम १०६ बमोजिम सैद्धान्तिक छलफल गरियोस् भनि सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरू प्रदेशमा खेलकूदको विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ माथिको सैद्धान्तिक छलफलमा भाग लिनुहुने माननीय सदस्यहरूका लागि समय निर्धारण गरेको छु । सर्वप्रथम माननीय श्री ठम्मर बहादुर विष्ट ।(समय ७ मिनेट)

**माननीय श्री ठम्मर बहादुर विष्टः**माननीय सभामुख महोदय, हामी यो खेलकूदको विधेयक सम्बन्धमा छलफल गर्दै छौं त्यस अन्तर्गत यो विधेयकको सरसर्ती हेर्दाखेरी यसका हाम्रो प्रदेशलाई एउटा दुर्गामि यले असर अथवा सकारात्मक असर दिने कुराहरू देखिन्छ, हुँदाहुँदै पनि अव यसलाई अलि परस्कृत बनाउनलाई धेरै कुराहरू यलाई अलि समेट्नु पर्ने पनि त्यत्तिकै देखिन्छ त्यस कारण म त्यो सँग रहेर केही कुराहरूलाई अगाडि बढाउने छु । विशेष गरी अव खेल भनि सकेपछि हामी एउटा मनोरञ्जनको लागि खेल खेलिन्छ, स्वास्थ्यको लागि खेल खेलिन्छ तर अहिलेको विश्वमा त्यसले मात्रै त्यो परिभाषालाई मात्रै पुग्दैन विशेष गरी हेल्थ एण्ड वेल्थ भनिन्छ, त्यसलाई त्यसका धेरै पाटा पक्षहरूछन्, हामीले हिजो सामन्तवादी यूगमा अथवा चाई खासगरी अव पूँजिवादी यूगमा पनि जसरी एउटा नाफामूलक एउटा व्यवसाय हुन्छ । त्यो किसिमले नाफामा आधारित विजनेशहरू आधारित हुन्छ र खासगरी त्यो शोषण गरेर मात्रै मजदुरसँग अथवा चाई उपभोक्तासँग उले आफ्नो धन कमाउन सक्छ भन्ने खालको जो परिभाषा हो हाम्रो खासगरी हामीले मार्क्सवादी थ्यौरीमा त त्यो परिभाषा धेरै गहिरो डेफिनेशन पनि छ तर अहिलेको विश्वमा त्यो परिभाषा अझ वदलियो छ आज हेऱ्यो भने मेस्सी, मेराडोनाहरू आज विराट कोहलीहरू आज जोकोविजहरू, नाडालहरूको नाम लिदाँखेरि उनीहरूको देशको पनि नाम त्यत्तिकै चर्चा हुन्छ, व्यक्तिको पनि नाम त्यत्तिकै चर्चा हुन्छ, धन पूँजी पनि

उनले त्यत्तिकै संकलन गरेका छन् र उनीहरूसँग कैयौ दर्जनौ त्यस्ता ट्रष्टहरूछन् र अरव खरव अरवपति खरवपति उनीहरूछन् त्यस कारण यो खेलकूदको प्रसंङगमा हामीले जति यसको व्याख्या गर्दापनि थोरै हुन्छ र हामी अहिले जो सुखि नेपाली समृद्ध नेपाल अथवा चाई कर्णाली समृद्ध कर्णालीवासी समृद्ध कर्णाली, सुखि कर्णालीवासिको जो हामीले नारा लिएर अगाडि बढ्दैछौं। यसमा यी कुराहरूलाई पनि हामीले ध्यान दिएर अगाडि वढन जरुरी छ र यसको गहिराईलाई हामीले नाप्न जरुरी छ । जहाँसम्म यसमा अलिकति हामीले केहि फोकस गर्नपर्ने विषयहरूमा यो नेपालको सन्दर्भमा हामीले खेल क्षेत्रलाई हेरेउ भने त्यति राम्रो हाम्रो फेरिस्त छैन खेलमा हुनत सबभन्दा खेल अनुशासित हुन्छ, स्वच्छ हुनुपर्छ भन्छौ र सबभन्दा खेलमा झेल हुने हाम्रै देशमा हो अव धेरै ठाउँमा हामीले हिजो मिडियाहरूमा आयो कतिपय यूरोप जाँदा, अमेरिका जाँदा, चाईना जाँदा, खेलाडि भन्दा पनि सालासालि वढि लग्नेतपाईंको चाई सम्धि सम्धिनिहरू लगेर जाने मितमितिनिहरू साईनाहरू लगेर जाने त्यो खेल भन्दा पनि अर्को तिर चाई अहिलेसम्म पनि त्यो भई राख्या छ, अव त्यो खेलकूद परिषद भन्ने छ अरु कतिपयले २५-३० वटा सङगठनहरू छ अरु सँगठनहरू खेलसँग सम्बन्धित त्यो कहिले भ्रष्ट्राचारसँग विवादित भको छ, कहिले त्यई बीचमै चाई तपाईंको क्रिकेट आयो भने अरु २-३ वटा अर्गनाइजेशनमा कोले भन्ने हुन्छ, त्यई समस्याहरू छ यस्ताखालका कैयौ वाझिने कुराहरूबाट यो खेल अगाडि पुग्न लाएकै छैन जले त्या लिडिङ गरीराख्या छ त्यई मान्छे फेरि भ्रष्ट्राचारमा डुवि राख्या छ त्यस कारण यो हामीले हिजो अहिले पनि संघीय नेपालमा यो भईरहेका विद्यमान समस्याहरूछन्, यो बाट कर्णालीले कसरी यो बाट अगाडि उम्किन सक्छ यसको एउटा चाई हामीसँग गतिलो मेकानिजम बनाउन जरुरी छ, मैले यो यहा खेलकूद मन्त्री जी उपस्थित हुनुहुन्छ उहाँलाई मैले यो ध्यान आकर्षण गर्न चाहन्छु, त्यस्तै हामी कहाँ अव नेपालको सन्दर्भमा खासगरी हामी प्रदेशमा आधारित भको हुनाले प्रदेशसँग सम्बन्धितखेलकूदहरू के के हो तपाईंले त्यो कुराहरू ऐनमा अथवा चाई नियमहरूमा त्यो कुराहरू आउन जरुरी छ, नेपालको सन्दर्भमा पुरानो ट्रेडिशनल ग्यामहरू भन्दाखेरि खोखो होला, अव कपर्दिहरू होला,डण्डिवियो होला तर यहाको सन्दर्भमा हामीले के हो फुटवल,भलिवल यी सबै लगायत योत अन्तराष्ट्रिय कुरा छदै छ, जस्तो हामी कहाँ अव प्यारागलाईडिङको सम्भावना हुनसक्छ, त्यस्तै ऱ्याफ्टिङ्गको सम्भावनाहरूहुनसक्छ,माउन्टेरिङ अथवा चाई माउन्टिङ क्लाईम्बिङको सम्भावनाहरूहुनसक्छ,हामीसँग सिञ्जै रारा लगायत यस्ता पर्यटकीय ठाउँहरू त्यसलाई कसरी खेलसँग जोड्ने भन्ने कुराहरूहुनसक्छ ।यो कुरालाई हामीले फेरी एउटा त्यो कपि पेष्टको रूपमा नआएर हाम्रो कर्णालीको सापेक्षतामा आउन पऱ्यो त्यो यहाँ अलि मैले झल्केको जस्तो पाएन त्यलाई तपाईंले कैनकई त्यसको एउटा भोलममा समेट्न जरुरी छ जस्तो लाग्छ र अव सँगसँगै अर्को कुरा के छ भने अव खेलमा लगानी छैन, हामीले संघीय सरकारको बजेट हेर्दापनि त्यो झल्किन्छ र कर्णालीको बजेट हेर्दा पनि खेलमा

लगानी छैन न खेलाडिमा छ, न खेलमा छ, न संरचनामा छ, मुस्किलले हामीले एउटा घिसेपिठे तरिकाले चलाईराछौं त्यस कारण खेलमा लगानी पनि अलि चाई हुन्पर्‍यो त्यो ढङ्गको व्यवस्था भो भने संरचना पहिला हामीले  संरचनाको निर्धारण गर्न पर्‍यो कस्तो खालको अव हामीले एउटा त्यो सिङ्गै चाई समुन्द्रमा पौडि खेल्या जस्तो गरेर सबै खेल एकै चोटि हामीले गरीउ भनेर हुदैन हाम्रो कर्णालीको सापेक्षतामा के हो अर्गनाईज पनि हामी त्यो गर्न पर्‍यो जस्तो हामीले भर्खरै चाई सुदुरपश्चिम केरे अैले प्रदेशमा भको खेलमा अव हामी धेरै पछि परिउ अव हाम्रो स्तर पनि त्यो छ त्यस  कारण हामीले त्यो खालका पहिला सेलेक्सन गर्न पर्‍यो आईटमहरू के हो त्यस पछि संरचनाहरू बनाउन पर्‍यो त्यस पछि अर्गनाईजर पनि हामी हुनपर्‍यो र सम्भव भएसम्म हामीले सातै प्रदेशको ध्यान आकर्षण गर्ने पछि हामीले विश्वको पनि ध्यान आकर्षण गर्ने खेल माध्यमबाट त्यो किसिमले जान हामी अगाडि वढन जरुरी छ र अन्तिममा मैले अव यो जो व्यापक खालको जो एउटा चाई समस्याहरू छ खेलाडिहरू बाच्न नसक्ने खालको स्थिति कतिपय विदेशमै गएर हराउनुपर्ने खालको स्थिति जो एउटा देशकै वदनाम भको छ हामीले कोरिया,जापानमा कति खेलाडी हराईउ त्यसको हिसाव छैन भोलि त्यो स्थिति यहाँआउँछ त्यस कारण संरचना र खेलाडीलाई एउटा आत्मनिर्भर हुने किसिमबाट खेलको विकास गर्न जरुरी छ र त्यो समेट्न जरुरी छ मैले यै कुरा राखे सभामुख महोदय धन्यवाद।

**माननीय सभामुखः**माननीय सदस्यहरू प्रदेशमा खेलकूदको विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ माथिको सैद्धान्तिक छलफल आजै समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले रोष्टमको वायाँतर्फ रहेका सचिवालयका कर्मचारीहरूलाई नाम टिपाउनु होला । अव माननीय सदस्य श्री यज्ञ बहादुर वि.सी. (समय ७ मिनेट)

**माननीय श्री यज्ञ बहादुर वि.सी.:** माननीय सभामुख महोदय प्रदेशमा खेलकूदको विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ माथिको सैद्धान्तिक छलफलमा भाग लिदै गर्दा सभामुख महोदयखेलकूद जगतलाई नै अगाडि बढाउने हेतुले कर्णाली प्रदेश सरकारले जुन खेलकूद विधेयक जुन ल्याएको छ र कर्णाली  प्रदेशका सम्पूर्ण नागरिकलाई स्वस्थ, अनुशासित र लगनशीलता गराउने उद्देश्यले जुन यो विधेयक ल्याएको छ र यस विधेयक मार्फत् राष्ट्र-अन्तराष्ट्रिय जगतमा कर्णालीलाई चिनाउने विधेयक हो जस्तो मलाई लाग्दछ, यसैको माध्यमबाट कर्णालीका नागरिकहरूलाई स्वस्थ र कर्णाली प्रदेशलाई नै समृदिबनाउने र कर्णाली वासीहरूलाई सुखि बनाउने सवालमा पनि यस विधेयकको ठूलो भूमिका रहने कुरा म यहा राख्न चाहन्छु । सभामुख महोदय यस विधेयकका जुन सातवटा परिच्छेदमा व्यवस्था गरिएको छ र ३८ दफामा उल्लेख गरिएको छ र यसको अन्तवस्तुलाई केलाएर हेर्दा यस विधेयकमा व्यवस्था गरिएको जुन खेलाडिलाई प्रोत्साहित गर्ने र कर्णाली प्रदेशका नागरिकहरूलाई खेलको माध्यमबाट आत्मनिर्भर गराउने र खेलाडिहरूलाई नै आत्मनिर्भर गर्ने खालको आर्थिक अवस्था

व्यवस्था गर्नपर्ने जरुर मैले ठानेको छु सभामुख महोदय र यसमा ढिलै भएपनि कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालय अन्तर्गत जुन मन्त्रीज्यूले त्यो विधेयक टेवुल गरेर अवका आउने दिनहरूमा कर्णाली प्रदेशलाई सुव्यवस्थित खेलकूदको माध्यमबाट जुन अगाडि बढाउने जुन जमर्को यो विधेयकले लिएको छ । यो अपरिहार्य छ सभामुख महोदय यसमा म के राख्न चाहन्छु भने जुन परिषदको गठन प्रक्रियाहरूछन् परिषदको गठन प्रक्रियामा र यो गठन प्रक्रियामा महिला,दलित एक-एक जना भन्ने जुन राखिएको छ, म सभामुख महोदयमार्फत्सम्बन्धित मन्त्रीज्यूको ध्यान आकर्षण गराउन के चाहन्छ भने हाम्रो प्रदेशलाई खेलकूदको माध्यमबाट सु-स्वास्थ र अनुशासित लगनशीलताको रूपमा अगाडि बढाउने हो भने यो गठन प्रक्रियालाई समावेशी ढङ्गबाट अगाडि वढाउनु पर्छ, भन्ने मलाई लाग्दछ, जस्तो यो परिषद गठन खेलकूद परिषदको गठनको प्रक्रिया ३ जना मनोनित गर्ने जुन प्रक्रिया छ र त्यो प्रक्रियामा पिछडिएको क्षेत्रलाई महिला र दलित भन्ने ठाउ शब्दमा जनजाती आदिवासी र अल्पसंख्यक र पिछडिएको क्षेत्र भनेर समावेश गरिएको भए अझै यस विधेयकले राम्रो रूप लिन्थ्यो भन्ने मलाई लाग्दछ, त्यस्तै किसिमले जिल्ला खेलकूद समन्वय समिति भन्ने गठनको व्यवस्था गरेको छ यो विधेयकमा त्यसमा पनि त्यई प्रकारको छ सरकारले अध्यक्ष गठन गर्ने, मनोनित गर्ने र त्यसपछि महिला, दलित ३ जना मनोनित गर्ने व्यवस्था छ, त्यसमा पनि खेलकूद जगतलाई समावेशीय ढङ्गबाट अगाडि बढाउनका निमित्त समावेशी चरित्रको समिति गठन हुनुपर्छ, भन्ने मलाई लाग्दछ त्यसो भएर यलाई जुन सजाय वदर गर्ने जुन प्रक्रियाहरूछन्, जुन संघसंस्था दर्ता गरिएकासंघसंस्थाले ५ वर्षसम्म यलाई चाई नविकरण नगरेमा खारेज गर्ने जुन प्रक्रिया छ, यसलाई ५ वर्ष नभएर अझै समय कम घटाउनु पर्छ भन्ने मलाई लाग्दछ र त्यसैगरी जुन संघसस्थाले खेलकूद आयोजना दर्ता गरीसकेपछि संघसस्था दर्ता गरीसकेपछि खेल आयोजना गर्न सकेन भने त्यस्तो सस्थालाई ४ वर्षमा खारेज गर्ने जुन व्यवस्था गरिएको छ, यो समयावधि पनि घटाउनु पर्छ भन्ने मलाई लाग्दछ किन भने देखिन खेलकूद जगत नै अनुशासित ढङ्गले अगाडि बढाउने जगत भएको कारणले र त्यसैमा हामीले समय वढि दियौ भने र त्यति अनुशासित ढङ्गबाट अगाडि बढ्दैन जस्तो मलाई लाग्दछ, त्यसो भएर हामीले यसको दायरा कम हिसावले विधेयकमा आउनुपर्छ भन्ने कुरा राख्दै मेरो भनाई यहि शेष गर्दछु हवस्त धन्यवाद । जय नेपाल ।

**माननीय सभामुखः माननीय श्री बिन्दमान विष्ट ।**

**माननीय श्री बिन्दमान विष्टः** माननीय सभामुख महोदय, प्रदेशमा खेलकूदको विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि सैद्धान्तिक छलफलमा हामी सहभागी भै राखेका छौं अव खेल क्षेत्र राष्ट्रको एउटा विशिष्ट क्षेत्र हो यो मार्फत् राष्ट्रले स्वस्थ नागरिक उत्पादन गर्न सक्ने राष्ट्रको पहिचान विश्वव्यापी रूपमा स्थापित गर्न सक्ने लगायतका थुप्रै कामहरूखेलकूदमार्फत् गर्न सक्ने स्थिति हो त्यई भरनै त्यसको आवश्यकता महसुस गरेर प्रदेश सरकारले यो सम्बन्धी विधेयक सदनमा पेश गरेको छ

हामी यसको सैद्धान्तिक छलफलमा सहभागि भै राखेका छौं । नेपालको सन्दर्भमा यो खेलकूद क्षेत्रको विकास प्रक्रिया विगतमा त्यति धेरै सुखद छैन । जसको कारणले गर्दाखेरी अन्तराष्ट्रिय मञ्चमा हामी खेलकूदका क्षेत्रबाट त्यति धैरै पहिचान हामीले दिन सकि राखेका छैनौं। यसका केही समस्याहरूछन् । विगतमा हामीले चाई अभ्यास गरीउ खासगरी देशमा राजतन्त्र भएको वेलामा तपाईँ हामी सबैले सुन्ने गरेका छौं । कुनै एउटा खेलाडिलाई अन्तराष्ट्रिय प्रतियोगितामा छानिनको निमित्त शरद चन्द शाहको वरिपरि घुम्नु पर्छ भन्ने कुरा हामीले सुनेका थियौं लगायतका त्यो एउटा पाटो छ भने अर्कोतिर अहिले नेपालमा अलिअलि क्रिकेटले राम्रो गर्दै गईराखेको छ तर दुर्भाग्यवस भन्नुपर्छ आईसिसिको व्ल्याक लिष्टमा हाम्रो नेपालको क्यान छ यो पनि अर्को एउटा नकारात्मक अभ्यास हामीसँग छ । यी नकारात्मक अभ्यासको पृष्ठभूमिमा हामी उभिएर कर्णाली प्रदेशको खेल जगतलाई खेलकूद क्षेत्रलाई सु-व्यवस्थि गर्नको लागि यो विधेयकको आवश्यकता भएको हो र त्यसपछि गएर त्यसैको जगमा उभिएर यो विधेयक ल्याईएको छ जस्तो मलाई लाग्छ अव विस्तृतरूपमा हामी यसको दफावार छलफलको क्रममा त हामी गर्ने नै छौं तर मलाई अहिले सैद्धान्तिक रूपमा छलफलमा सहभागि हुँदाखेरि हाम्रो प्रदेशको विशिष्टतामा यहाँको खेलको पहिचान गर्ने त्यो अनुसारको संरचना निर्माण गर्ने मलाई लाग्छ अहिले वन्दै गरेको ऐनमा नै खेलकूद क्षेत्रको पूर्वाधार निर्माणका सन्दर्भमा एउटा विशेष खालको व्यवस्था गर्न जरुरी छ र त्यस पछि गएर खेलकूद प्रतियोगिताहरू का हुन्छन् भनेर खेलाडी खोज्दै आउने र त्यसपछि गएर खेलाडिको क्षमतालाई अभिव्यक्त गर्ने भन्दा पनि राज्यले खेलाडीहरू कहाँछन् भन्ने कुरा खोज्दै जाने एउटा वातावरण सिर्जना गर्न जरुरी छ त्यसपछि मात्रै वास्तविक क्षमता भएका खेलाडिहरूको पहिचान गर्न सकिन्छ गाउँगाउँमा एकदम दुर्गम, दुरदराजहरूमा खेल्न सक्ने क्षमता भएका खेलाडिहरूछन् तर ती खेलाडिको राज्यसँग पहुँच छैन, खेल जगतसँग पहुँच छैन र राज्यको खेलाडिसँग पहुँच छैन त्यहाँसम्म उसको दृष्टि पुगेको छैन। जसको कारणले गर्दाखेरि खास निखारिएर आफ्नो प्रतिभा व्यक्त गर्ने खेलाडीहरू खेल क्षेत्रमा प्रवेश गर्न नसकिराखेको होकि भन्ने हामीलाई अनुभूति हुन्छ । त्यस कारणले गर्दाखेरी यो कुराको समस्या हामीले कसरी समाधान गर्ने ? हामीले यो कर्णाली प्रदेशमा अझ हाम्रो जस्तो प्रदेशमा अत्यन्तै दुर्गम ठाउहरूछन् विकट वस्तिहरूछन् राज्यसँग सहजै पहुँच नपुग्ने मान्छेहरूको वाहुल्यता छ यहाँ, त्यहाँसम्म राज्य पुगेर खेलाडीहरूको क्षमतालाई कसरी राज्य सहज पहुँच सिर्जना गर्ने हो । यसको विषयमा छलफल गर्न जरुरी छ बहस गर्न जरुरी छ । त्यो अनुसारको व्यवस्थापन गर्न जरुरी छ जस्तो लाग्छ मलाई । त्यस कारणले गर्दाखेरी हामीले परिषदको कल्पना गरेका छौं । परिषदको काम, कर्तव्य र अधिकारको कुरा गर्दाखेरी यो कुरालाई देशले कसरी एड्जस्ट गर्छ सामान्यतया वर्षमा १ चोटि प्रतियोगिता सञ्चालन गरेर, खेलहरू सञ्चालन गरेर मात्रै त्यो हुनेहो कि परम्परागत रूपमा अरु केई विशिष्ट व्यवस्था गर्नुपर्ने हो यसको बारेमा अलि किलेर छलफल गरेर

जाऔँ भन्ने कुरा म तपाईंहरूको यो सम्मानित सदनको सम्मानित सदनमा मैले यो कुरा राख्न चाहन्छु दोस्रो कुरा अव परिषद र समन्वयसहित समितिको गठनको परिकल्पनाको केरे यहाँ गठन प्रक्रियाको परिकल्पना गरिएको छ, समावेशी छ, अत्यन्तै सुन्दर छतर यो समावेशिताको एउटा सिद्वान्तको आधारमा कुनै पनि चीज जन्मिन्छ होला यसका केहीसिद्वान्तहरू कुन सिद्वान्तको आधारमा यो समावेशीकरणको कुरालाई अगाडि ल्याईएको हो यसमा अलिकति प्रष्ट हुन जरुरी छ भन्ने कुरा मलाई लाग्छ हैन परिषदको परिकल्पना गरिएको छ र त्यसपछि गएर समन्वय समितिको परिकल्पना गरिएको छ उस्तै प्रकारको व्यवस्था हामीले २ ठाउँमा राखेका छौं त्यो कुरालाई अलिकति यो विषय एउटा छलफलको विषय बनाएरठीक छ समावेशीकरण पनि गर्नु पर्छ समावेशी महिला र दलित उल्लेख गरिएको छ अपांगता भएको क्षेत्रलाई उल्लेख गरिएको छ सायद परिषदमा हैन अरु समावेशीकरणको कुरालाई पनि कसरी हामीले यलाई समेट्ने हो र त्यसपछि गएर खेल क्षेत्रमा राम्रो योगदान गरेका मान्छेहरूको पनि मतलव यो समावेशीकरण गर्दाखेरी योगदान भएका मान्छे आउदैनन् भन्न खोजेको मैले होइन योगदान नभएका मान्छेहरू आउने भए भन्न खोजेको मैले त्यो अर्थमा भन्न खोजेको होइन यो भन्दा यसो गर्दाखेरी यति मात्रै हामीले साघुरो गर्दाखेरी अझ राम्रो योगदान गरेका मान्छेहरू जसले यो परिषदमा वसेर समन्वय जो समितिको परिकल्पना गरेका छौं । त्यसमा वसेर हैन काम गर्ने बाटोलाई यसलाई छेक्छकि हैन यो विधेयक माथि जो व्यवस्था गरेका छौं। विधेयकमा व्यवस्था गरेका छौं, यसले कहिलेकाई बाटो छेक्छकि त्यो कुरातिर पनि हामीले अलिकति ध्यान दिन जरुरी छ भन्ने कुरा म तपाईंहरूको बीचमा राख्न चाहन्छु र अर्को कुरा जस्तो परिषदमा एउटा कार्यकारीको व्यवस्था गरियो सदस्य सचिवको रूपमा प्रदेश सरकारले त्यलाई नियुक्त गर्ने कुरा गरियो यसमा त्यसको पारिश्रमिक सम्बन्धी व्यवस्था गरिएको छैन यो विधेयकमा हैन त्यसको सुविधाका शर्त के हो, सेवाका शर्त के हो पारिश्रमिक के हो, भन्ने कुरा विधेयकमा नहुँदाखेरी त्यसको व्यवस्था के हो भन्ने कुरा केई प्रश्नहरू यहा उठेका छन् एउटा कुरा अर्को कुरा मैले यहाँ उठाउन खोजेको कुरा विषय के छ भन्नु हुन्छ भन्दाखेरी जस्तो २ वटा पालिकामा तेल सञ्चालन गर्नेलाई परिषदमा दर्ता गर्ने भनिएको छ र त्यसपछि गर २ वटा जिल्ला भन्दा वढि ठाउँमा त्यस्तो गर्नेलाई परिषदमा आवद्धता गर्न आवद्धता लिने परिषदको भनेर या व्यवस्था गरिएको छ मैले वुझ्न नसकेको कुरा अलिकति किलेर हुन खोजेको कुरा के हो त भन्दाखेरी कर्णाली प्रदेश भरि आफ्नो कार्य क्षेत्र बनाएर कुनै एउटा खेल संस्था गर्ता हुन चाहन्छ भने परिषदमा दर्ता हुनपाउँदैन कि नपाउने भए त्यसको दर्ता हुने निकायका हो त्यसले आवद्धता मात्रै लिनुपर्ने हो भने त्यसको दर्ता हुने निकाय अन्त होला हैन त्यस कारणले गर्दाखेरी मेरो जिकिर केहोत भन्दाखेरी कर्णाली प्रदेश भरी नै कार्यक्षेत्र बनाएर आफ्ना खेल गतिविधि सञ्चालन गर्ने जे अवस्था कुनै संस्था दर्ता हुनआउँदाखेरी यदि २ वटा पालिकामा काम गर्नेलाई दर्ता गर्ने अधिकार यो परिषदसँग हुन्छ भने हुन्छ हुदैन

छलफल गरौंहैन संघसंस्था दर्ता सम्बन्धी हाम्रो अहिले पछिल्लो व्यवस्था के छ त्यो विषयमा पनि बहसगरौं र त्यस पछि गएर यदि त्यो अधिकार परिषदसँग हुन्छ भने पछि प्रदेश भरी काम गर्ने एउटा संघसंस्था केरे दर्ता हुने अधिकार हुन्छ र त्यसपछि गएर अर्को समन्वय जिल्ला समन्वय बनाउँदाखेरी अर्को क्या हामीले ह्या वाढदियौत भन्दाखेरी जस्तो परिषदमा केरे समन्वयमा आवद्धता लिईएका संघसंस्थाबाट भनेर एक महिला,एक दलित,एक अर्को गरेर ३ जना त्यो आवद्धता लिएका संस्थाबाट मात्रै त्या अझ त्यलाई अझ फेरी थप साघुँरो पार्दिउ । हामीले हैन कुनै एउटा संस्थामा आवद्ध नभएको मान्छे पनि हैन कुनै खेलाडिको रूपमा शुद्ध खेलाडिको रूपमा संस्थामा दर्ता नभएर एउटा खेलाडिको रूपमा खेल खेल्न र कुनै संस्थाको सदस्य नभएर खेलाडिको रूपमा खेल खेलिराखेको जो छ त्यले केरे खेल क्षेत्रमा योगदान गर्न सक्छ त्यसमा राम्रो भूमिका निर्वाह गर्न सक्छ भने त्यलाई पनि हामीले ओपन गर्न किन नसक्ने यस कारणले गर्दाखेरी अव यहा भयो के त भन्दाखेरी परिषदमा अलिकति साघुरो भो अझ समन्वयमा आइपुग्दाखेरी त सम्भवत आवद्धता लिईएका संघसंस्थाबाट मात्रै त्यसमा सदस्य हुन पाउने भन्ने कुराले झन एकपछि अर्को गर्दै हामीले झनझन एलाई साघुरो पार्दै जो गईराखेका छौं यसले गर्दाखेरी अलिकति हामीले जे परिकल्पना गरीराखेका छौंहैन व्यवस्थित, वलियो एउटा संस्था बनाएरहैन हामीले खेल क्षेत्रको विकास यसको परिवर्तनको लागि रूपन्तरणको लागि यसको विकासको लागि हामीले जे गर्न सायद त्यई आशयका साथ यो विधेयक आएको छ त्यो विधेयक आउँदाखेरी जे हामीले सोचेका छौं त्यतातिर अलि साघुरो पार्छकी भन्ने कुरा मेरो छ धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरू अव कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री दल रावललाई प्रदेशमा खेलकूदको विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि सैद्धान्तिक छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवं जिज्ञासाका सम्बन्धमा जवाफ दिन समय दिन्छु ।

**माननीय श्री दल रावलः**माननीय सभामुख महोदय, सर्वप्रथम यो खेलकूद विधेयकमा आफ्ना अत्यन्तै महत्वपूर्ण भनाई राखेर विधेयकलाई अझ एकदम परिपुष्ट बनाउन अति महत्वपूर्ण एउटा दस्तावेजको रूपमा चाई अगाडि बढाउन आफ्ना अमूल्य सुझाव राख्नुहुने माननीय सदस्यज्यूहरूलाई प्रदेश सरकारको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु । अत्यन्तै जाहेज केई कुरा छुटेका कुराहरू कोई ओभर ल्यापिङ भएका कुराहरू पनि माननीयज्यूहरूले राख्नु भएको छ ।हुनत यसको प्रक्रिया अझै पनि लामो छदैंछ । त्यसमा पनि माननीयज्यूले आफ्ना अमूल्य सुझाव राख्नु नै हुनेछ म छोटकरीमा माननीयज्यूहरूले उठान गरेका कुराहरूलाई मैले चाई याँ । राख्न चाहन्छु माननीय ठम्मर विष्टले यो हेल्थ र वेल्थका कुरा गर्नु भको छ, खेलकूदले यतिमात्र होइन

सिङ्गो राष्ट्रलाई विश्वसामु चिनाउने राष्ट्रियतालाई अझ वलियो बनाउने देखि ठूलाठूला काम चाई गर्छ यसले गर्दाखेरी हेल्थ वेल्थ हो नै अरु कुरा पनि थप गर्छ भन्ने मलाई लाग्छ त्यई भएर पनि यो विधेयकलाई अझ हामीले छिटोभन्दा छिटो ल्याउने प्रयत्न गरेका थियौं संघीय विधेयक नआउँदाखेरी अलि अप्ठेरो परेको अवस्था हो त्यसपछि यो खेल क्षेत्रलाई पारदर्शी र गतिशिल बनाउन चाई विशेष संयन्त्र बनाउन पर्छ भन्नु भको छ हामीले अव २टा एउटा प्रदेश परिषद र एउटा जिल्ला खेलकूद विकास समन्वय समितिको अवधारणा राखेका छौं त्यो भित्र फेरी पनि नियमावलीबाट हामीले आवश्यकता महसुस भयो भने विज्ञहरू राखेको केही संयन्त्रहरूबनाउन सकिएला यो पनि छलफलको विषय वन्छ होला त्यसपछि यो प्रदेशको खेलको क्याटागोराईज गर्ने कुराहरू प्रदेशको आफ्नै मौलिक खेल के हो त भने पहिचान गर्ने कुराहरू पनि उठाउनुभएको छ । यो पनि जाहेज छ, यो पनि हामी तोकिएबमोजिम भन्ने उल्लेख छ । हामीले ऐन पास भईसकेपछि त्यसपछि नियमावली बनाउँदाखेरी हामी फेरी पनि छलफल गरेर प्रदेशको हाम्रो यूनिक खेल हाम्रो चाई आफ्नो चाई प्रदेशको एउटा पहिचान गर्ने खेल के हुन सक्दछ, राष्ट्रिय खेल भन्या जस्तै प्रदेशको एउटा गौरवको खेल के हो हुन सक्दछ । यो पनि हामी छलफलको विषय बनाउन सकौंला । यो पनि अत्यन्तै उपयुक्त सुझाव चाई माननीय सदस्यजीले दिनु भएको छ अव यो खेलाडिहरूको वृक्ति विकासको लागि खेल क्षेत्रको वृक्ति विकासको कुरा पनि माननीयज्यूले उठाउनु भको छ यो पनि जाहेज छ त्यसपछि माननीय यज्ञ बहादुर विसीज्यूले पनि त्यत्तिकै महत्वपूर्ण चाई कुरा थप्नु भको छ, सुझाव दिनु भको छ, यो समावेशी टिम बनाउनुपर्‍यो भन्नु भको छ, यो २ वटै खेलकूद परिषद हाम्रो प्रदेश खेलकूद परिषद र जिल्ला समन्वय समितिलाई सकेसम्म हामीले चाई चुस्त टिम वनाऔ त्यति धेरै लामो नगरौं, वढि खर्चिलो नगरौं भनेर पदेन पदाधिकारी सहित नियुक्ति हुने धेरै कम राख्या छौं हामीले जिल्लामा केरे प्रदेशमा पनि एउटा कार्यकारी यो संघीय खेलकूद परिषदको पनि सदस्य सचिवै हुने हाम्रो पनि सदस्य सचिव सचिवै राख्दाखेरी अलिकति त्यो पोजिशन पनि वाझनेवाझने जस्तै उस्तैउस्तै त्यो डुप्लिकेशन हुने जस्तो हुनाले एउटा अर्को चाई दुनिया मै हेर्दाखेरी सियो मोडेलमा जाँदादखेरी अझ वढि कार्यकारी हुने अझ बढि प्रभावकारी हुने देखेको नाताले हाम्ले प्रमुख कार्यकारीको भूमिकामा रहने गरी एक जना खेल सम्वद्ध अत्यन्तै राम्रो प्रभावकारी मान्छे नियुक्ति गर्ने व्यवस्था गर्‍याछौं त्यसरी ३ जना सदस्य हामीले त्यो व्यवस्था गर्‍या छौं त्यो पछाडि परेको क्षेत्र भन्ने चाई छुटेको छ अव यसलाई पनि आवश्यकता हो भने हामी चाई छलफल गरम्ला अन्यथा हामीले एक जना महिला अनिवार्य गरेका छौं। एक जना समाजकै सवभन्दा पछि पारिएको

एउटा जातिको रूपमा भएपनि वर्गको रूपमा भएपनि दलित समुदायको पनि प्रतिनिधित्व आवश्यक छ भनेर एउटा त्यो प्रतिनिधित्व सुनिश्चित गरेका छौं र जिल्ला समन्वय समितिमा पनि हामीले तेई खालको व्यवस्था गरेको हुनाले समन्वय कै अत्यन्तै समावेशी टिम चाई छ जस्तो लाग्छ त्यई पनि फेरी पनि छुटेछ भने हामी चाई भोलि समितिमा छलफल हुँदाखेरी पनि यो कुराहरूको सम्वोधन गर्न सकिएला माननीयज्यूलाई म त्यो आग्रह गरे र त्यसपछि खेल क्षेत्रका मान्छेहरूको यो वृद्रिध विकासका लागि पनि उहाँहरूले कुरा उठाउनु भको छ यसमा परिच्छेद ३ को ११ (ज) मा चाई हामीले त्यो कुराहरू राखेका छौं अरुभन्दा खेलकूद क्षेत्रमा लाग्ने खेलाडीहरूलाई छात्रवृत्तिको व्यवस्था गर्न सकिन्छ कि, उहाँहरूको पेन्सनको कुराहरू पनि गर्न सकिन्छ कि, उहाँहरूलाई चाई नियमित कसरी इनकरेज गरेर खेल क्षेत्रमा ल्याउन सकिन्छ, भन्ने व्यवस्था पनि त्याँ गरिएको छ त्यसै गरी धारा १४ मा त्यो हामीले कोषको व्यवस्था गरेका छौं कोषबाट पनि हामी चाई उहाँहरूलाई चाई खेलाडिहरूको वृद्धि विकासमा ध्यान दिन सक्छौ,परिचालन गर्न सक्छौंभन्ने लाग्छ त्यसैगरी यो गठन यो खारेजिको लागि ५ वर्ष हामीले नियम भनेका छौं नेपाल संघसंस्थाको अहिले सम्मको कानून त्यो भएको हुनाले हामीले पनि याँ त्यो व्यवस्था गर्‍या छौं अझ घटाउन पर्छ भन्ने माननीयज्यूको सुझाव छ त्यो पनि हामी छलफलको विषय वन्न सक्दछ त्यसैगरी माननीय बिन्दमान विष्टज्यूले पनि प्रदेशको विशिष्टताको आधारमा चाई यो व्यवस्था गरिनु पर्छ पूर्वाधारका विकासका कुराहरू नै आउनुपर्छ भन्नु भको छ यो आएको छ माननीयज्यू यो चाई हजुरले चाई ११को (च) मा हेर्नुभो भने यहाँ उल्लेख गरिएको छ प्रदेशको खेलको विकास वृद्धि विकासका लागि खेल क्षेत्रको पूर्वाधार विकासका लागि र संरक्षण र प्रवर्धनका लागि पनि काम गर्ने भनेर त्यो चाई उल्लेख गरिएको छ त्यसलाई ईलाभेट गर्नुपर्छ,अलिकति विस्तृत गर्नुपर्छ, भने मेरो विचारमा त्यो नियमावलीबाट गर्दा राम्रो होला भनेर त्यो छोटकरीमा ऐनमा त्यसरी व्यवस्था गरिएको छ विधेयकमा त्यसपछि यो दर्ताको कुरा कस्तो हो भने दर्ता चाई अव संघीय ड्राफ्ट गरेको ऐन मैले हेर्दाखेरी मस्यौदा विधेयक हेर्दाखेरी यस्तै खालको व्यवस्था गरिएको हुनाले हामीले यो राखेका छौं केई त खेलकूदका अव विभिन्न उहरू चाई माथि पनि परिषदमा उ भईसकेका छन् दर्ता भईसकेका छन् र अर्को चाई प्रदेशमा देशभरि दर्ता भई सकेका परिषदमा दर्ता भई सकेका प्रदेशमा सूचिकृत गर्ने प्रदेश भरि खेलाउने र २ पालिका भन्दा वढि खेल्नलाई चाई प्रदेशमा दर्ता गर्ने एउटै पालिकाभित्र हो भने स्थानीय सरकारले वनाएको कानून अनुसार हुने व्यवस्था चाई हामीले राख्या छौं अव यसमा पनि फेरि थप चाई अझ हाम्रो

बनाउन सकिन्छ भन्ने हो भने माननीयज्यूहरूकै भनाई अनुसार चाई हामी फेरी थप व्यवस्था गर्न पनि सकिएला भन्ने लाग्छ अ त्यसैगरी यो समन्वय समिति जुनको भको जुन ३ सदस्सीय नियुक्त गर्ने जुन व्यवस्था छ यसमा हामीले अहिलेसम्म खेल क्षेत्रमा योगदान गरेका संघसंस्थाहरूका प्रतिनिधि आउँदाखेरी अझ अनुभवि मान्छेहरूआउँछन् अझ अलिकति खेलकूद क्षेत्रलाई त्यो समन्वय समितिलाई पनि राम्रो बनाउन सकिन्छ भनेर त्यो खालको प्रोभिजन राखिएको हो यो भन्दा अझ राम्रो खालको प्रोभिजन राख्न सकिन्छ भने पनि ठीकै छ समितिमा माननीयज्यूहरूले छलफल गर्नुनै हुन्छ संशोधन हाल्नु नै हुन्छ यसबाट चाई हामी थप चई अझ परिमार्जित गरेर अझ राम्रो खालको कानूनबनाउनको निमित्तमाननीयज्यूहरूको थप सहयोग रहन्छ भन्ने मैले अपेक्षा गरेको छु र यति भन्दै माननीयज्यूहरूका जिज्ञासाका बारेमा मैले चाई मेरो विचार राखे धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री दल रावलले सभामा प्रस्तुत गर्नु भएको प्रदेशमा खेलकूदको विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ माथिको सैद्धान्तिक छलफल समाप्त भएको जानकारी गर्दछु । माननीय सदस्यहरू कर्णाली प्रदेश सभा नियमावली २०७४ को परिच्छेद-१५ व्यवस्थापन कार्यविधिको नियम १०९ को उपनियम १ अनुसार प्रदेशमा खेलकूदको विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ मा संशोधनको सूचना पेश गर्न चाहनुहुने माननीय सदस्यहरूलाई ७२ घण्टाको समय सीमा प्रारम्भ भएको व्यहोरा जानकारी गराउँदछु। माननीय सदस्यहरू अव यो बैठक २०७५ साल चैत्र ५ गते मंगलवार दिनको १ बजे सम्मको लागि स्थगित हुन्छ ।

## कर्णाली प्रदेश सभा
## तेस्रो अधिवेशन
## कार्यवाहीको सम्पूर्ण विवरण
## २०७५ चैत्र ५ गते मंगलबार
## (बैठक संख्या-६)

राष्ट्रिय धुन,

सम्माननीय सभामुखःमाननीय सदस्यहरू कर्णाली प्रदेश, प्रदेश सभाको हिउँदे अधिवेशनको छैठौं कैठकको कार्यवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू प्रदेश सरकार र प्रदेश सरकार मार्फत् सरोकारवाला निकायको ध्यान आकर्षण गराउनुपर्ने विषयहरूमा आफ्ना आफ्ना भनाई राख्न विशेष समयको व्यवस्था गरेको छु । सर्वप्रथम माननीय श्री दीनबन्धु श्रेष्ठ ।(समय ५ मिनेट)

**माननीय श्री दीनबन्धु श्रेष्ठः**माननीय सभामुख महोदय कर्णाली प्रदेशले एउटा ठूलो अपेक्षा राखेको थियो । यो दुई तिहाईको नेकपाको सरकारले यो प्रदेशको समृद्धि र विकासको लागि एउटा द्रुत गतिमा अगाडि बढ्ने छ भन्ने र यो १ वर्षभन्दा पनि सरकारको कार्यकाल बढि भयो । यो काम र विकास निर्माणको समीक्षा गर्दा हामीले सोचेका थियौं । प्रमुख प्रतिपक्ष नेपाली कांग्रेसले यो २ तिहाईको सरकारले जलस्रोत, पर्यटन प्रवर्धन,कृषि,सडक,स्वास्थ्य, शिक्षामा जनताको भावना अनुसार अगाडि बढ्ने छ र यो २ तिहाईको सरकारले ५ वर्ष कर्णाली प्रदेशको जनताको आकांक्षा अनुसार विकास निर्माण गर्ने छ र त्यसको मेसेज लिएर हामी जिल्ला जिल्लामा प्रतिपक्ष नेपाली कांग्रेसले यो २ तिहाईको सरकारले नेकपाको विकास निर्माण गऱ्यो है ।तपाईं अव ढुक्क हुनुस ५ वर्षमा कर्णाली प्रदेशमा समृदि र विकासका विषयमा धेरै कुराहरू अगाडि जान्छ भनेर त्यो हामीले अगाडि गएर राख्न पाउछौं भनेर ठूलो अपेक्षा राखेका थियौं । प्रतिपक्ष नेपाली कांग्रेसले तर आज आएर हाम्रो त्यो अपेक्षा पूरा नहुने भएको हुनाले प्रतिपक्ष नेपाली कांग्रेस चिन्तित छ किनभने विकास निर्माण आज ७४/७५ को तेस्रो चौमासिकमा आउँदा करिवकरिव शुन्य परिस्थितिमा छौं । मलाई लाग्दछ हामीलाई यो विकास निर्माण यो सरकारलाई गर्नलाई केले रोक्यो सत्ता पक्षका संसदहरूले रोक्नु भयो कि या प्रतिपक्षका सांसदहरूले रोक्नु भयो । यो सरकारले जवाफ दिनु पऱ्यो किनभने प्रतिपक्षले पनि हामी साथ दिन्छौ बढ्नुस् हामी भनिरहेका छौं भन्ने पनि छौं। हो तर केही प्रगति भयो यो सरकारले गऱ्यो त्यो भन्नै पर्छ कर्णाली रारा महोत्सवको उद्घाटन भयो मन्त्रीज्यूहरूको क्षेत्रमा धेरै ठूला रकमहरू विनियोजन गरियो र अहिले ७४/७५ मा छिटोभन्दा छिटो कार्यान्वयन गर्ने पक्षमा उहाँहरू लाग्नु भएको छ । त्यो अरु क्षेत्रका माननीय सांसदहरूको क्षेत्र छैन । उहाँहरूले जनतालाई जवाफ दिनु पर्दैन अव जिल्लामा जाँदा यो सरकारलाई हामीले भनेर यो-यो बजेटमा यो-यो काम भयो, भन्ने हामीसँग केही छ सरकारसँग जवाफ छ । यसैले मलाई लाग्दछ हामी विरोध गर्नका लागि मात्रै वोलेका

छैनौं हामीले सरकारको यो गतिले कर्णाली प्रदेशको समृद्ध र विकास हुन्छ कि हुदैन यसमा सरकार गम्भिर हुने कि नहुने । यदि कर्णाली प्रदेशको २ तिहाईको सरकारले यो अवसर पनि गुमायो भने खाली भाषण र इतिहास र ठूलाठूला सपना मात्रै देखेर त्यो कार्यक्रममा मात्रै भाषण गरेर विताउने हो भने १ वर्ष त वित्यो अवका दिनमा पनि यसरी विताउने हो भन्ने मलाई लाग्दछ कर्णाली प्रदेशको समृदि र विकासमा अगाडि बढ्ला जस्तो लाग्दैन । यो लक्षण भनेको १ वर्षको पनि कर्णाली प्रदेशको लागि शुभ छैन त्यसैले म आग्रह गर्छु सरकारलाई तपाईँहरू आज ७४/७५ को तेस्रो चौमासिकमा आउँदा पनि हाम्रो कुनै पनि काम अगाडि बढेको छैन अव २ महिना पछि वर्षात सुरु हुन्छ अनि त्यो काम हुन्छ कि हुन्न त्यस पछि ७५/७६ को कार्यक्रम,नीति कार्यक्रम आउला बजेट आउला त्यो कार्यान्वयन हुन्छ कि हुन्न यो गम्भिर भएर तपाईँहरूले सोच्नुस् र यदि भएन भने यसको ठूलो जवाफ २ तिहाईको सरकारसँग कर्णाली प्रदेशका जनताले माग्दछन् त्यो परिस्थिति उत्पन्न पनि हुन्छ होला र म यहाँनिर केई ध्यानाकर्षण गर्न चाहन्छु संघीय सरकारको मातहतमा होला जस्तै सुर्खेत-नाग्म-जुम्लाको सडक कर्णाली र नाग्मा-गमगढी सम्मको सडक हामीले कर्णाली रारा पर्यटन महोत्सव त गऱ्यौ आज त्यो सडकको गति के छ कति पर्यटकहरू त्यहाँ पुगे कि पुगेनन् सरकार फर्केर हेरेको छ कि छैन । २ महिना पछि हिमपातको कारणले भर्खरै २ दिन भो त्यो सडक खुलेको छ अव वर्षातमा त्यो सडक फेरी बन्द हुन्छ । हाम्ले ठूल्ठूलो नारा त दियौं, कर्णाली रारा पर्यटन महोत्सवमा ५ लाख पर्यटक उतार्ने भन्यौं । यसको सडकको यो गति छ । अन्य पूर्वाधारको के छ सरकारले यसमा ध्यान दियो कि दिएन, त्यसैले म यहाँ के आग्रह गर्न चाहन्छु भने वर्षात् भन्दा पहिला संघीय सरकारको मातहतमा भए पनि तर यो प्रदेश भित्रको सम्पत्ति प्रदेश भित्र परेको राष्ट्रिय राजमार्गहरू भएको हुनाले यसमा प्रदेश सरकार गम्भिर रहेर, पहल गरेर त्यो २/३ महिनामा पनि त्यसको स्तर उन्नति गरेर वर्षातमा पनि त्यो बाटो सञ्चालनमा ल्याउन तिर ध्यान दिनुपर्छ जस्तो लाग्छ त्यस्तै सुर्खेतबाट नाङमा सम्मका २/३ वटा महत्वपूर्ण पुलहरू धेरै वर्षहरू भो कहि ठेकदाहरू भागिरहेका छन् कै मजदुर पाएनौं भनेर त्यो रोकिरहेको छ । त्यो वर्षात भन्दा अगाडि त्यो पुलहरू सम्पन्न भएन भने वर्षातमा फेरी यो राजमार्ग बन्द हुन्छ यसको जवाफ कर्णाली प्रदेश सरकारले दिनु पर्छ कि पर्दैन यदि यो राष्ट्रिय संघीय सरकारको मातहतको हो या यसको सबै जिम्मेवारी उसको भनेर हामी पन्छिन पाउँदैनौ । म उहाँ आग्रह गर्न चाहन्छु कर्णाली प्रदेशका सम्बन्धित मन्त्री र माननीय मुख्यमन्त्रीज्यूलाई पनि यो वर्षात् भन्दा सुर्खेत नाग्मा सम्मको कर्णाली राजमार्ग र त्यसपछि नाग्माबाट गमगढि सम्मको रारासम्मको बाटोलाई स्तर उन्नति गरेर वर्खामा पनि कुनै अवरोध नगरी सञ्चालन हुने किसिमले अगाडि बढ्ने तिर पहल होस् भन्दै विदा हुन्छु धन्यवाद ।

**माननीय सभामुखः माननीय श्री धर्मराज रेग्मी ।**

**माननीय श्री धर्मराज रेग्मीः** सभामुख महोदय, प्रदेश प्रणाली स्थापना भएको करिव १ वर्ष पूरा भएको छ सभामुख महोदय १ वर्षको दौरानमा गत माघ ७ गते प्रदेशसभा सदस्यका रूपमा हामीले शपथ गरेका थियौं । १ वर्ष प्रदेश प्रणालीले विताएको छ, संघीयता भित्रको नेपालको संघीयकरणको बहस लामो समयदेखि सञ्चालन भयो । संघीयता भित्रको सबभन्दा यूनिक पक्ष नेपालमा के छ भन्दाखेरी सभामुख महोदय, प्रदेश प्रर्णाली छ अहिलेको संविधानबाट प्रदेश प्रणालीलाई तान्यो भने मुलुक एकात्मक हुन्छ । प्रदेश प्रणालीलाई संविधानभित्र राखिराख्यो भने मुलुक संघात्मक हुन्छ २ वटा सरकार जनरल्ली हामीले चई व्यहोरिरहेका सरकार थिएँ । पञ्चायतदेखि हामी हुर्कदा खेरी २ वटा सरकारहरू चाई ह्यापिच्यूल गभर्मेन्ट थिएँ तल चाई स्थानीय खालको सरकार माथि चाई केन्द्रीय खालको सरकार, प्रदेश प्रणाली यसर्थ नयाँ थियो र हामी १ वर्ष प्रदेश प्रणालीको अनुभव गरेका छौं। अहिले आइपुग्दा हामीलाई प्रदेश प्रर्णालीमा अव हामीसँग अनुभवको कमी भयो हामीसँग कर्मचारीहरू भएनन् भन्ने विषयहरू अव निमित्त कारण हुन सभामुख महोदय १ वर्षको दौडानमा आज हामी जहानेर आईपुगेका छौं। राजनीतिमा व्यवस्थामा खासगरी डेमोक्रेसीमा अनुभवका कुराहरूले धेरै महत्व राख्दैन सभामुख महोदय, यसमा चाई प्रणालीले, संविधानले,रुल अफ लले यसमा चाई अरु सरकारका प्रिन्सिपल र पोलिसिहरूले अलि बढि महत्व राख्छ अनुभवका कुराहरूले धेरै महत्व राख्दैन । हामीलाई यो छुट धेरै समयसम्म हामीलाई के छुट हुदैन भने हामीसँग अनुभवको कमि छ अथवा हामीसँग कर्मचारी छैन भन्ने छुट चै हामी पाई राख्न सक्दैनौ । सभामुख महोदय,हामी यस्तो एउटा कर्णालीको भविष्यको बारेमा जानेर १ वर्षदेखि यो हलमा छलफल गर्दै छौं सभामुख महोदय, हामी तीनवटा महत्वपूर्ण चुनौतीहरूबाट हामी गुज्रिरहेका छौं म यो प्रणालीका करिव स्वदेश र विदेशमा बस्ने १७ लाख मान्छेहरूको आशा र भरोशाको केन्द्र यो सभामा उभिएर म के कुरा वडो जिम्मेवारीपूर्वक राख्न चाहन्छु भने हामी ३ वटा चुनौतीहरूबाट गुज्रिरहेका छौं सभामुख महोदय, एउटा हामीसँग स्ट्रक्चरल चुनौती थियो । प्रदेश सरकारसँग हामीसँग संरचना थिएन, अर्को हाम्रो फङसनल चुनौती हो ।भइरहेको कर्मचारीहरूबाट पनि हामीले के काम गर्ने भन्ने र परिस्थितिजन्य चुनौती हो हामीलाई सर्कमस्टान्सन चुनौती हो सभामुख महोदय यी ३ वटा चुनौतीहरूमा १ वर्ष हामीले विताए छौं विपक्षी दलका साथीहरूले सदनमा प्रश्न राख्नुहुन्छ छलफल राख्नुहुन्छ सरकारले यो जिम्मा लिनुपर्छ भन्नुहुन्छ स्वभाविक रूपमा यो जिम्मा सरकारले लिनु पर्छ तर हामी यस्तो ठाउँमाछौं। सभामुख महोदय, हामी अहिले एउटै डुङ्गामा छौं सत्ता, विपक्षी, संसद अथवा हामी प्रदेश प्रणालीका बारेमा जति मान्छेहरू छलफल गर्दै छौं कर्णालीको समृदि यसको विकास कर्णालीमा यो प्रणाली स्थायीत्व बनाउने सायद मुलुकमा २/३ वटा समुदाय र क्षेत्रलाई संघीयताको वढि जरुरी परेको थियो । त्योमध्ये एउटा क्षेत्र हाम्रो हो सभामुख महोदय माइनोरिटिलाई मार्जिनल कम्यूनिटिको मान्छेहरूलाई यहाँको दलितलाई, महिलालाई, सीमान्तकृत समुदायलाई

संघीयता चाहिएको थियो । लामो समयमा नेपालमा संघीयकरणको बहस भयो त्योमध्ये एउटा रिजनलाई चाई संघीयता चाहिएको थियो त्यो भने कर्णाली हो, त्यो भनेको २ नम्बर हो सभामुख महोदय,कर्णालीलाई संघीयता यस कारणले चाहियाथ्योकि हामी लामो समय केन्द्रिकृत राज्यको चई उपेक्षामा परिउ भनेर हामी प्रणाली सबभन्दा बढि हाम्रा लागि जरुरी छ । त्यसो हुँदाखेरी हामी यि चुनौतीहरूको सामना गर्न हामी सामूहिक प्रयत्नको जरुरी छ यस्तो डुङ्गामा हामी बस्या छौं सभामुख महोदय, अघिल्लो वर्षदेखि यो डुङ्गामा सरकार डुव्ने सत्ता पक्षको सांसद उत्रने भन्ने हुदैन, यो डुङ्गामा सरकार डुव्ने, विपक्षी उत्रने भन्ने हुदैन । सभामुख महोदय, यो डुङ्गामा सरकार डुब्ने र संसद निस्कने भन्ने हुदैन सभामुख महोदय, हामी यस्तो एउटा डुङ्गामा छौं । यो डुङ्गा हामीले पार लगाइउ भने हामीले हामी सबै पार लाग्छौ डुविउ भने सभामुख महोदय, हामी सबै डुब्छौं ।बजारमा हाम्रा बारेमा प्रश्नहरू उठेका छन् । सरकारले संसदले यो छलफल गर्न जरुरी छ गम्भिरतम बहस के जरुरी छ भने हामी यहि ढङ्गले अगाडि बढाउनसक्छौं विकासको एप्रोज यहि ढङ्गले हामी अगाडि बढाउनसक्छौं कि सक्दैनौ । बजेटको कार्यान्वयनको चुनौतीहरू यहि ढङ्गले हामी सामना गर्न सक्छौं कि सक्दैनौ । सबभन्दा डरलाग्दो विषय चाई वित्तिय अनुशासनको जसरी चई राज्यका नीति, नियमहरू, संविधान, कानून,वेशिक चई कोर्ड अफ कन्डक्ट र आचारसंहिताको उल्लंघन गर्ने गरी हामी जति वित्तिय अनुशासनका क्षेत्रमा जुन उदाङ्गो र नाङ्गोपन हामीले प्रकट गरिरहेकाछौं। १ वर्षको दौरानमा म कसैप्रति टिकाटिप्पणी गर्न, कसैप्रति लान्छना लगाउँन चाहन्न सभामुख महोदय, के वित्तिय अनुशासन यई खालको वित्तिय अनुशासनबाट हामी अगाडि बढ्ने हो भने हामीले चई प्रदेशको समृद्धि गर्न सक्छौं सबभन्दा गरीब प्रदेशका मान्छेको रूपमा जनताको जिन्दगिलाई हामी रूपान्तरण गर्नसक्छौं कि सक्दैनौं । संसदभित्र यो खालको गम्भिर बहस हो मैले बढि चई जरुरी देखेको छु । सभामुख महोदय, सामूहिक मन्थनको आज जरुरी छ हिमालय कुश क्षेत्र हामी जहाँ छौं। हिमालदेखि चाई उत्तरको हिमालदेखि गंगासम्म हाम्रो एउटा संस्कृति छ सभामुख महोदय, वादेवादे जाते जाते तत्व वोद बहसहरू,छलफलहरू, विवादहरू,वादविवादहरू र बहसहरूको विचारको मन्थनको जरुरी छ । यो क्षेत्रमा त्यस कारणले म संसदलाई बढिभन्दा बढि यस क्षेत्रमा चई मन्थन गरेर छलफल गर्न माननीयज्यूहरूलाई म विशेष चई ध्यानाकर्षण गराउन चनहन्छु । सभामुख महोदय, यो सामूहिक प्रयत्नको आज जरुरी छ । मन्त्रालयहरू खाली छन्, सभामुख महोदय, कर्मचारीहरू चिसोमा चाई भइरहेका कर्मचारीहरू चिसोमा घाममा कुर्सि लायर बस्नुपर्नेअनि मन्त्रालयमा त्यो साइनवोर्डहरू भेटिन्छ । मान्छेहरू भेटिदैन सभामुख महोदय, हामीसँग भइरहेको म्यानपावरलाई हामीले कसरी परिचालन गर्न सकिउ त्यसमा राजनीतिक नेतृत्वको रूपमा हामी चुकिउ वा हामीले कर्मचारी सञ्चालन गर्न सकेनौं वा यहि अवस्था हो समायोजन पछि हाम्रोमा समस्या छ समस्या देखापरिराख्या छ तर हामीसँग भइरहेको जनशक्तिबाट हामीले काम चलाउनुपर्ने ठाउँमा हामी जानुपर्छ ।

सभामुख महोदय, समग्रतामा मैले के भने भने बहसको गम्भिरतम बहस जरुरी छ । बजेट कार्यान्वयनका सन्दर्भमा हामीसँग सीमित समय छ, त्यो गम्भिरतम बहसको लागि सरकार र संसदलाई र म आम जनतालाई सरकार र संसदलाई अलि बढि चई हस्तक्षेप गर्न अलि वढि सुझाव दिन, अलि वढि सरकारका गतिविधिहरूमा आम जनतालाई चासो राख्न पनि म यो सभाबाट यो सम्मानित सभामा चाई विनम्रपूर्वक निवेदन गर्दछु सभामुख महोदय धेरै धन्यवाद ।

**माननीय सभामुखः माननीय श्री झोवा वि.क. ।**

**माननीय श्री झोवा वि.क.:** सभामुख महोदय ७४/७५ को योजना चाई हाम्रो माथि मुगुतिर यो हिउँदा हिउँ आएर बाटो हुदैन वर्खा चाई सबै चाई किरा खोज्न गएर मान्छे हुदैन कईवेला चाई यो याजना लिएर कईवेला बाटो बनाउने होकि कईवेला खानेपानीबनाउने होकि कईवेला यो केरे विजुली बनाउने होकि अव भोलि जेठ असार १३ सबै किरा खोज्न गएर मान्छे एक पनि घर भेट्दैन कोई पनि हुदैन कर्मचारी गएपछि मा के काम गर्ने होकि अनि यो हिउदा चाई यो क्यारे घुर्चितिर हिउ आएर म यदि आउन वेला यो २ महिना भयो यता आईसकेपछि म अझै चाई गाडि जादैन फर्काउनै खुदैन त्यलाई फिरि यलि वेलैमा काम गर्न सकेपछिमा वेलैको पउना हुन्छन काम गर्न नसकेपछि यवेलको चवर हुन्छ भन्ने जसो अवै हाम्रो माथितिर अव पिछडिए क्षेत्र अनि जनजाती भनै मात्रै कुरा चाई अव पछाडि ल्याउनु पर्छ भन्छन् काम एक पनि गदैन भन्यो के को पछाडि भन्ने, के को पिछडिए भन्ने क्याको जनजाती भन्ने अव काम गरे देखेपछि मात्र जनजाती,पिछडिए भन्नु पऱ्यो काम एकपनि हुदैन माथितिर योजना लिएपछिमा अझ केई पनि माथि मान्छे देखाला पऱ्या छैन क्याको काम गर्ने हो कि अव यो साल पनि जान लायो अव ७६ मा आफैं ल्याएपछिमा हामीलाई के हुने हो कि कसुर हुने हो कि यो माथितिर अव किरा खोज्न गएपछिमा माथि बाटो नभएर ३दिन४ दिन भारी वोकेर जानुपर्छ अनि अक्सिजन हुदैन मान्छे कैयौ मर्छन आ माथितिर एउटा चौकि राखेपछिमा हुने भोलि चाई गुण्डा आएर अनि कसैको चाई लुटपिट कसैको ज्यान पनि जान सक्छन त्यईमा यदि चौकि थप गर्ने होकि सरकारको यसरी ध्यान गएपछिमा राम्रो कुरा होला अनि मत फेरि चाई जनजाती छोरी भएपछिमा अलि कुरा गर्नलाई डर लाग्छ भनेपछि म यले चाई तपाईंहरू यो माईन नगर्नु होला फेरी माथितिर एकदम अव कैली योजनाले हाम्रो चाई ऐन जस्तो रातो कितावमा आयो भनेर माथि जनताहरू फेरी हामी माननीयहरलाई कैले आला अव कैले ल्याउला भन्यो आश कत्तिको गरेछ अव रातो कितावमा अव विहान वेलुका त्यई रातो कितावमा योजना छ भनेर ऐना जसो हेरिराख्या छ । अव सरकारले योजना त दियो अव दिनुलाई भाषण गर्नलाई ओरालो झर्नुन उकालो चढ्नु छईन अव दियो मात्रै भनेर काम गर्दैन भनेपछिमा केई पठाउदैन भनेपछिमा के को योजना भयो केको वरा छुटेको यो पिछडिए किन भन्ने, दलित किन भन्ने अनि यो दुर्गम क्षेत्रमा कसरी माथि चाई दुख अव हिनेर हिनेर कति जाने त अव वत्ति नभएर झरै कति वालेर बस्ने त अनि फेरि के

हामीलाई शिक्षा गराउन भनेर माथितिर हाम्रो जातिले फिरी मास्टर आउदैन, मास्टर आएपछि भाषा नमिल्ने कस्तो समस्या परेर अनि मास्टर बस्दैन अनि धन्यवाद । जय नेपाल।

**माननीय सभामुखःमाननीय श्री सोशीला शाही ।**

**माननीय श्री सोशीला शाहीः**सभामुख महोदय यस कर्णाली प्रदेशको तेस्रो अधिवेशनको छैठौं बैठकमा उपस्थित भईरहेका छौं स्वाभाविक रूपमा संघीयता देशको एउटा नयाँ अभ्यास भएका कारणले गर्दा थुप्रै ऐन कानूनहरू निर्माण गर्नुपर्ने । सबै नयाँ व्यवस्था गर्नुपर्ने अवस्था छ तर जुन गतिले यो सरकार अगाडि वढनुपर्ने त्यहीँ गतिले अगाडि नबढेका कारणले यस सरकारका गतिविधिमा १ वर्षको दौडानमा खासै जनतालाई सुनाउने र देखाउने लायक कुनै काम भएको देखिदैन । सभामुख महोदय, हामी सभा र सम्मेलनमा मात्रै समय बिताई कर्णाली समृद्ध प्रदेशका खोक्रा भाषण मात्रै गरिरहेकाछौं। समृद्ध कर्णाली प्रदेश बनाउनका लागि हामीले के कति पहलकदमी अगाडि बढायौं वा बढाएनौं भन्ने कुराको हेक्का राख्नु जरुरी छ । अरु जिल्लाको त कुरै नगरौं राजधानी भएको वीरेन्द्रनगर शहरको धुलो वा धुलो धुवाँ र अन्य अवस्था सायद यो कर्णाली प्रदेश सरकारले अनुभव नगरेको हुनसक्छ किनकि कर्णाली प्रदेश सरकारले अनुभव नगरेको पनि हुनसक्छ किनकि सरकारका मन्त्रीज्यू र उहाँहरूका सल्लाहकारहरू सरर कालो झण्डावाला गाडिमा सवार भएका कारण बाहिरको अनुभव नभएको हुनसक्छ। यदि अनुभूति नभएको भए मंगलगढि चोकमा गएर खुल्ला ५ मिनेट समय दिन आग्रह गर्दछु । अचानाको पिर खुकुरीले जान्दैन भने झैं यसको अनुभव हामीले मात्र भोगेका छौं यस विषयमा सरकारको चाडै ध्यान जाओस् र सभामुख महोदय, कर्णाली प्रदेशको यस वर्षको बजेटको मन्त्रालयअन्तर्गत कितावमा विकासे योजनाहरूको वार्षिक लक्ष्यमा पहिलो चौमासिक, दोस्रो चौमासिक, तेस्रो चौमासिकभनेर निराधार गरिएको छ खै त तेस्रो चौमासिकको दौरानमा आइपुग्दा के कति उपलब्धि हासिल भयो सुनाउनु पर्दैन । सायद मलाई लाग्छ लक्ष्य निर्धारणका त कुरै नगरौं विकासे योजनाहरू सुरुवातको चरणमा पनि पुगेका छैनन्। वरु यहाँका कसरी आफ्ना कार्यकर्ता मात्रै उपभोक्ता बनाउने, ठेक्का पार्ने, कागजपत्र मिलाउने जस्ता विषयमा घनिभूत रूपमा छलफल भइरहेकोपाइन्छ । यो २ तिहाईको सरकारले सर्वसत्तावादको हकदार म हुँ सक्छु भन्नु मुर्ख्याँई मात्र हो कि ठूलो जीवन जीवजन्तुको आफ्नो जिउडाल र शक्तिको अनुभव हुदैन भन्छन्। कहिलेकाही त्यहीँ भएको त हैन सभामुख महोदय, यस्तै अवस्था प्रदेश सरकारमा अगाडि बढेको खण्डमा जनताले त्यहींको विकल्प खोज्नुपर्ने अवस्था खोज्लान भन्न सकिन्न हरेक रचनात्मक कामको लागि म र मेरो दलको सहयोग र समर्थन रहने नै छ तर गुण र दोषको आधारमा हामीले निर्णय लिने छौं धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरू अव म कर्णाली प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि संशोधन प्रस्ताव परि विधायन तथा प्रदेश मामिला समितिमा छलफल भएको पश्चातका निर्णय र प्रतिवेदन कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम ११८ मा व्यवस्था भए अनुसार सभा समक्ष राख्न समितिका अध्यक्ष माननीय श्री पदम रोकायालाई समय दिन्छु ।

**माननीय श्री पदम बहादुर रोकायाः**सम्माननीय सभामुख महोदय कर्णाली प्रदेश सभा सचिवालय सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५ परिमार्जन गरेको सम्बन्धमा विधायन तथा प्रदेश मामिला समितिको प्रतिवेदन प्रस्तुत गर्दछौं। कर्णाली प्रदेश सभा सचिवालयसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५ यस प्रदेश सभामा मिति २०७५/०३/१९ मा दर्ता भई मिति २०७५/०४/११ सभामा छलफल भएको लागि प्रस्तुत भई सैद्धान्तिक छलफल भयो । मिति २०७५/०४/२० मा सभाबाट सो विधेयकमाथि परेको संशोधनसम्बन्धी छलफल गर्न यस विधायन तथा प्रदेश मामिला समितिमा आएको हो । यस समितिका माननीय सदस्यहरूको उपस्थितिमा विभिन्न मितिमा पटक-पटक बैठक वसी समितिका माननीय सदस्यहरूबीच उक्त विधेयकको दफावार छलफल गरी तपसिल बमोजिमका निर्णयहरू गरियो । प्रतिवेदनमाथि माननीय सभामुखज्यू समक्ष पेश गरेको गर्दछु । कर्णाली प्रदेश सभा सचिवालय सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५ परिमार्जन गरेको सम्बन्धमा विधेयकको दफा ८को (ख) मा साविकको व्यवस्थामा मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी सो सँग सम्बन्धित क्षेत्रमा कम्तीमा १० वर्षको अनुभव प्राप्त गरेको भन्ने वाक्यांशको सट्टामा मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी प्रशासनिक क्षेत्रमा कम्तीमा १० वर्षको अनुभवप्राप्त गरेको तर संसद सेवामा राजपत्राङ्कित प्रथम श्रेणीमा सो भन्दा माथिल्लो पदमा कम्तीमा ३ वर्ष अनुभव ३ वर्षको अनुभव प्राप्त गरेको व्यक्तिको हकमा शैक्षिक योग्यताकोतर्फ मान्ययताप्राप्त विश्वविद्यालयबाट स्नातक उर्तीण गरेको भए हुने भनी लेखिएको, २ विधेयकको दफा ८ को (घ) मा साविकको व्यवस्थामा उमेरको हकसम्बन्धी व्यवस्था नभएकोमा (घ) मा उमेरको हद सम्बन्धमा कम्तीमा ४० वर्ष पूरा भएको र ६५ वर्ष ननाघेको हुनुपर्ने भनि लेखिएको, ३ दफा १०को (क) साविकको व्यवस्था राजिनामा दिएमा भन्ने शब्द अघि प्रदेश प्रमुखसमक्ष भनि थप गरिएको ७ दफा ११ को उपदफा १ मा साविकको व्यवस्था सचिवको पारिश्रमिक प्रदेश सरकारको सचिवले पाए सरह हुनेछ को सट्टामा सचिवको पारिश्रमिक प्रदेश सरकारको प्रमुख सचिवले पाए सरह हुनेछ भनि लेखिएको । ५ दफा १७ को साविकको व्यवस्था आवाससम्बन्धी सुविधामा नभएकोमा आवास सम्बन्धी सुविधा प्रदेश सभा सचिवालयले उपलब्ध गर्ने छ भनि लेखिएको, धन्यवाद।

**माननीय सभामुखः**माननीय सदस्यहरू अव म कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीको तर्फबाट सामाजिक विकास मन्त्री

माननीय श्री दल रावललाई कर्णाली प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ का सम्बन्धमा कर्णाली प्रदेश सभा नियमावली,२०७४ को नियम १२० को उपनियम २ को खण्ड (क) बमोजिम समितिको निर्णय र प्रतिवेदनसहित विधेयकमाथि छलफल गरियोस् भनि सभासमक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**माननीय श्री दल रावलः**माननीय सभामुख महोदय मार्फत् माननीय सभामुखज्यू, सम्मानित सभामा प्रदेश सरकारका तर्फबाट पेश भएको कर्णाली प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५,मिति २०७५ श्रावण २० गतेको प्रदेश सभाको बैठकबाट विषयगत समितिमा पठाउने निर्णय भएको र विधायन तथा प्रदेश मामिला समितिमा छलफल भई सभामा प्राप्त भएकोले कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १२० को उपनियम २ को खण्ड (क) बमोजिम प्रतिवेदनसहित विधेयकमाथि सभामा छलफल गरियोस् भनि प्रस्ताव गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरू कर्णाली प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ मा सम्बन्धित समितिबाट प्राप्त प्रतिवेदन सम्बन्धमा कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १२० को उपनियम ८ बमोजिम छलफल गर्नका लागि समय निर्धारण गरेको छु । अव छलफल प्रारम्भ हुन्छ । सर्वप्रथम माननीय श्री ठम्मर बहादुर विष्ट । (समय ७ मिनेट)

**माननीय श्री ठम्मर बहादुर विष्टः**सभामुख महोदय, वास्तवमा यो सचिवालयसम्बन्धी कर्णाली प्रदेश अन्तर्गतको जो व्यवस्था गर्न बनेको विधेयक, २०७५ यो संशोधनसहित यहाँ आएको छ धेरै मेहनतका साथ यो सरकारले तयार गरेर मन्त्रीज्यूले तयार गरेर फेरी त्यस समितिमा व्यापक छलफल भएर आएको कुराको लागि यो म धन्यवाद पनि दिन चाहन्छु । अव यसमा मैले सरसर्ती यहाँ हेर्दाखेरी यो जहाँसम्म संशोधन गरेको कुरामा केई कुरा यसमा थप्नै पर्ने खालको यहाँ स्थिति देखियो यसमा त्यसमा मैले संशोधनमा भेटेन । त्यसको कतै पनि आशय अथवा ती बुँदाहरूलाई समेटेको जस्तो यसमा खासगरी यो परिच्छेद-३को यो ७ मा सचिवको काम, कर्तव्य र अधिकार छ । अव यसको भाग १४ मा प्रदेश व्यवस्थापिका भनेर संविधानले अलरेडी यसको किटान गरेकै छ । यसको त्यसमा अव सभामुखको सिफारिसमा केरे प्रदेश प्रमुखले सभामुखको प्रस्तावमा उसले सिफारिस गर्न सक्ने व्यवस्था लगायतको बाँकि कानूनहरू सबै प्रदेशले तय गरे अनुसार हुनेछ भनेर त्यसको व्यवस्था गरिएको छ यसमा खासगरी ७ नम्बरको यो (ख) देखि (ङ) सम्मको बुँदामा त्यसमा २ वटा कुरा पाइन्छ । खासगरी मैले यहाँ पढेर सुनाए कानूनबमोजिम प्रदेश सभाका कर्मचारीहरूको नियुक्ति, अवकास र सजायसम्बन्धी कार्य गर्ने भन्ने जो सचिवलाई अधिकार दिएको छ मेरो विचारमा अव यो बुँदा यहाँ राख्न उपयुक्त हुदैन जस्तो लाग्छ किन भने त्यो भनेको एउटा पोलिटिकल एपोयनमेन्टबाट आउने सचिव भको हुनाले जुन कर्मचारीको चेन अफ कमाण्ड हुन्छ उसले त्यसको एउटा सेन्टिमेन्ट बुझ्दैन र ठूलो एउटा कन्ट्राडिक्सन त्यहाँ पैदा हुन

जान्छ । अझ त्यौँ के भनिएको छ भने नियुक्ति,अवकास र सजायसम्बन्धी कार्य गर्ने । अव सबै उसले गर्ने भनेपछि स्वतः उसले गर्दाखेरी त्यो धेरै ठूलो त्यहाँ समस्याहरू पैदा हुन्छ त्यस कारण यो बुँदा यौँ राख्न जरुरी छैन हटाउन आवश्यक हुन्छ जस्तो लाग्छ र अर्को कुरा यौँ अव यो (ग) नम्बरमा पनि बजेटको कुरा लेखिएको छ (घ) नम्बरमा पनि वार्षिक बजेट तयार गर्ने कुरा छ (ङ) नम्बरमा पनि उसले बजेट खर्च एवम् आर्थिक प्रशासनसम्बन्धी त्यो प्रशासनसम्बन्धी अरु कुरा ठीकै छ यो बजेटरीको टोटल अधिकार दिइएको छ नि उसलाई त्यस कारणले पेश गर्ने यौँ त अलरेडि यसमा ३ को ५ मा त व्यवस्था गरिएकै छ । जस्तो समितिको गठन उसले अव यहाँ चाई सभामुख, उपसभामुख,सचिव लगायतको र त्यहाँ आमन्त्रित केरे यसमा अरु सहितको त्यहाँ एउटा वोर्ड बनेकै छ । त्यसमा त्यसकारण त्यसमा चाई उले पेश गर्न सक्नेछ भन्यो भने त्यो नियन्त्रित हुन्छ नत्र मैले यहाँ के लक्षण देखे भने यो सुरुमा चाई सबै दलहरू मिलेर लोकमानलाई अख्तियार प्रमुख बनाइयो राम्रैसँग चाई सुवेक्षासहित पछि फेरी सबै दल मिलेर महाअभियोग लाउनुपर्ने स्थिति भो त्यस कारण यो अलिकिति स्वेच्छाचारीतिर गयो भने सबै उसले गर्ने हुँदाखेरी यो कुराहरू यो (ख) देखि (ङ) सम्मको प्रसङ्ग छ यसमा खासगरी एकदमै चाई मैले कंक्रिट गरीराख्दाखेरी यसको कर्मचारीको जो टोटल अधिकार दिने कुरा छ यसलाई दिनु हुदैन एक, दोस्रो कुरा बजेटरीको टोटल जो बजेटिङसम्बन्धी चाई व्यवस्था अथवा उसलाई सबै स्वीकृती गर्ने बनाउने सबै अधिकार छ । त्यो अधिकार दिनहुदैन टोटल उसले चाई अव प्रशासनिक जिम्मा देखि सबै कुराहरू ओभर अल उसले हेर्दाखेरी त्यो चुस्त पनि हुन्छ र त्यहाँ उ बजेटमा चाई अल्झिन पनि पर्दैन र सबै कुराको उसले आवश्यक त्यहाँबनाउने कुराहरू जो छ त्यसले चई माथि समितिमा पेश गर्नसक्ने भन्ने बुँदाबाट कामलाई व्यवस्थित पनि गर्न सकिन्छ । त्यस कारण यो कुरालाई मैले माननीय सभामुख मार्फत् यो जुन कुराहरू छ यो कन्ट्राक्टिभ कुराहरू यलाई हटाउन जरुरी छ यहि कुरा मैले राखे धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरू अव म प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीको तर्फबाट सामाजिक विकास मन्त्री श्री दल रावललाई कर्णाली प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि माननीय सदस्यले सभामा छलफल गर्दा उठाउनु भएका प्रश्न एवं जिज्ञासाका सम्बन्धमा जवाफ दिदै कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ बमोजिम उक्त विधेयक पारित गरियोस् भनि सभा समक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**माननीय श्री दल रावलः**माननीय सभामुख महोदय जुन यो अत्यन्तै महत्वपूर्ण विधेयक माथि हामी छलफल गर्दै छौं । संसदको प्रशासनिक नेतृत्वलाई व्यवस्थित गर्ने संसद सचिवालयलाई व्यवस्थित गर्ने सवालमा एउटा ऐतिहासिक निर्णयमा हामी पुग्न पुग्दै छौं र यसै सन्दर्भमा माननीय सदस्य ठम्मर विष्टज्यूले आफ्नो अत्यन्तै महत्वपूर्ण भावना चाई

प्रस्तुत गर्नु भको छ विधेयक माथि आएका संशोधन र भएका व्यवस्था माथि केई व्यवस्था चाई खारेज गर्दा राम्रो हुन्छ भन्ने खालको धारणा चाई प्रस्तुत गर्नु भको छ म चाई माननीय सदस्यको धारणाप्रति अत्यन्तै सकारात्मक र उच्च खालको महत्व राख्दै हामीले विधेयकमा गरेको व्यवस्था संसद सचिवालयको व्यवस्था भएको नाताले संसद सेवाका क्षेत्रमा अलि फरक खालको व्यवस्था हुने अव हाम्रो पनि पद्धति हेर्ने हो भने निजामती सेवा छ, संसद सेवा छ,थुप्रै खालका कानूनी कानून न्याय प्रशासन सेवा छ यस्तै-यस्तै फरक ढङ्गका सेवाका व्यवस्थाहरू छन् त्यो मध्येको हाम्रो कर्णाली प्रदेश सभाको सचिवालय व्यवस्थापनको व्यवस्था एउटा हो यो संसद सम्बन्धित सचिवालयको व्यवस्था भको नाताले र त्यसका प्रमुख व्यक्ति नियुक्त गर्ने र त्यसको व्यवस्थापन गर्ने सम्बन्धी कानून हामी चाई माथि छलफल गरेको अवस्थामा यि व्यवस्था गरिएका जुन संशोधन गरिएका कुराहरू छन् यि चाई उपयुक्त नै छन् जस्तो मलाई लाग्दछ र जासम्म यहाँ यो ७ नम्बरको सचिवको काम कर्तव्य र अधिकार भन्ने ठाउँमा यो (ख) देखि (ङ) सम्म चाई हटाउनु पर्छ प्रशासनिक नियुक्ति गर्ने प्रशासनका अरु कर्मचारी नियुक्ति गर्ने उनीहरूको पर्फमेन्स मनिटरिङ गर्ने, खारेज गर्ने उनीहरूलाई हटाउन पनि सक्ने व्यवस्था भनिसकेपछि त्यो प्रशासनिक प्रमुखको नाताले यदि त्यो चाई देखिएन भने समितिसँगको निर्देशनमा समितिको निर्देशनमा उले खारेज गर्न सक्छ, नियुक्ति गरेको मान्छे वदर गर्न सक्छ, त्यो व्यवस्था राख्दा नै उचित हुन्छ भन्ने लाग्छ, त्यसैगरी बजेट सिङ्गो चाई संसदको बजेट बनाउने बजेटको तयारी गर्ने त्यसको चाई सञ्चालन गर्ने, प्रशासनिक बजेटरी खर्चका बारेमा चाई अलिकति रेखदेख गर्ने, मनिटरिङ गर्ने, उसको जिम्मा हुन्छ, त्यो भको नाताले माननीय सदस्यज्यूले राखेको भावनालाई सम्मान गर्दै यो खालको व्यवस्थाबाट अझ राम्रो राम्ररी हाम्रो सचिवालय व्यवस्थित हुन्सक्ने सचिवले अझ राम्रो काम गर्न सक्ने भको नाताले यो व्यवस्था चाई ठीक छ भन्ने चाई म माननीय सांसदज्यूलाई चाई अनुरोध गर्न चाहन्छु, सभामुखज्यू मार्फत् त्यसपछि जुन संशोधन पेश भको छ संशोधनमा पेश भएका योग्यताका कुराहरू,सुविधाका कुराहरू यि सबै वास्तवमा चाई यि पनि उपयुक्त नै छन् त्यसैका कारण चाई संसदमा समितिमा चाई माननीय सदस्यज्यूहरूले आफ्ना भावनाहरू राखेर संशोधन प्रस्ताव राख्नुभएको नाताले यो पनि यो व्यवस्था चाई जुन मान्यताप्राप्त शिक्षा संस्थाबाट ब्याचलर्स पास गरेर १० वर्ष प्रशासनिक अनुभव गरिएको भन्ने छ त्यो पनि उपयुक्त छ यदि संसद सेवामा काम गरेको व्यक्ति हो भने त्यसले ३ वर्ष काम गरेको र यो चई ब्याचलर पनि भए हुने माथिको मास्टर्सको व्यवस्था गरिएको जुन छ यो उपयुक्त नै हुन्छ त्यसले गर्दाखेरी अलिकति अनुभवि व्यक्तित्व प्रशासनिक क्षेत्रमा काम गरेको मास्टर्स डिग्री हासिल गरेको व्यक्तित्व भयो भने उले हाम्रो संसद सेवालाई अझ चाई संसदको नेतृत्वमा,सभामुज्यूको नेतृत्वमा, संसदीय मर्यादा र तपाईँको संसदीय दायराभित्र राम्ररी प्रभावकारी कार्य सम्पादन गर्न सक्दछ भन्ने मलाई लाग्छ । त्यो भको नाताले यो विधेयकमा भका व्यवस्थाहरू उत्तम नै छन् जसले गर्दाखेरी यि व्यवस्थाहरू

हामीले चाई कानूनको रूपमा चाई पास गरीउ भने साच्चैको मर्यादित ढङ्गले, साच्चैको व्यवस्थित ढङ्गले, साच्चैको गतिशिल ढङ्गले, हाम्रो संसद सचिवालय व्यवस्थित गर्न सकिन्छ भन्ने लाग्छ ।त्यो भको नाताले माननीय सांसदज्यूलाई धन्यवाद दिदै यो खालका व्यवस्था गर्न चाई म सम्मानित सभामुख महोदय मार्फत् सदनलाई चाई अनुरोध गर्न चाहन्छु। माननीय सभामुखज्यू कर्णाली प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ माथि प्रदेश सभामा छलफल भईसकेकोले विधायन तथा प्रदेश मामिला समितिको प्रतिवेदनमा उल्लेख भएका संशोधन प्रस्ताव यो विधेयकको अङ्ग हुनेगरी कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १२१ बमोजिम यस सभाबाट पारित गरियोस् भनि प्रस्ताव गर्दछु । धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरू कर्णाली प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथिको दफावार छलफल समाप्त भएको जानकारी गराउँदै अव म प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीको तर्फबाट सामाजिक विकास मन्त्री माननीय श्री दल रावलले प्रस्तुत गर्नु भएको कर्णाली प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ का सम्बन्धमा विधायन तथा प्रदेश मामिला समितिले संशोधन गर्न निर्णय गरी सभामा पेश गरेको प्रतिवेदनका विषय विधेयकको अङ्ग हुनेगरी पारित गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला, यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला,

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला, यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला,

हुन्न भन्ने आवाज सुनिएन तसर्थ कर्णाली प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ माथि विधायन तथा प्रदेश मामिला समितिको निर्णय अनुसारको संशोधन प्रस्ताव विधेयकको अङ्ग हुने गरी पारित गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु । माननीय सदस्यहरू अव प्रदेश सभा नियमावली, २०७४को नियम १०५ मा भएको व्यवस्था अनुसार कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री विमला के.सी.लाई खाद्य उत्पादन, अधिकार तथा सम्प्रभुता सुनिश्चित गर्न बनेको विधेयक, २०७५ सभा समक्ष टेवुल गर्न समय दिन्छु ।

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रीमाननीय श्री विमला के.सी.**ःमाननीय सभामुख महोदय, नेपालको संविधान धारा ३६ मा रहेको खाद्यसम्बन्धी हकको रूपमा गरिएको व्यवस्थालाई मूर्तरूप दिन साथै स्थानीय उत्पादनको संरक्षण र प्रवर्धन गर्दै व्यक्ति तथा नागरिकलाई गुणस्तरीय खाद्यमा सहज उपलब्धता,पर्याप्तता र पहुँच स्थापित गरी खाद्य अधिकार तथा सम्प्रभुताको सुनिश्चितताका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले खाद्य उत्पादन, अधिकार तथा सम्प्रभुता सुनिश्चित गर्न बनेको विधेयक, २०७५

प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ बमोजिम सभा समक्ष टेवुल गर्दछु धन्यवाद।

**माननीय सभामुखः**माननीय सदस्यहरू अव यो बैठक २०७५ साल चैत्र १५ गते शुक्रवार दिनको १ वजे सम्मको लागि स्थगित हुन्छ ।

कर्णाली प्रदेश सभा

तेस्रो अधिवेशन

कार्यवाहीको सम्पुर्ण विवरण

२०७५ चैत्र १५ गते

शुक्रबार

(बैठक संख्या - ७)

राष्ट्रिय धुन,

**माननीय सभामुखः**माननीय सदस्यहरू कर्णाली प्रदेश,प्रदेश सभाको हिउँदे अधिवेशनको सातौं बैठकको कार्यवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू प्रदेश सरकार र प्रदेश सरकार मार्फत् सरोकारवाला निकायको ध्यान आकर्षण गराउनु पर्ने विषयहरूमा आफ्ना भनाई राख्न विशेष समयको व्यवस्था गरेको छु । सर्वप्रथम माननीय श्री जीवन बहादुर शाही । माननीय सदस्यले रोष्टम प्रयोग गर्न सक्नुहुन्छ ।

**माननीय श्री जीवन बहादुर शाहीः** सम्माननीय सभामुख महोदय विशेष समयको लागि हार्दिक धन्यवाद दिन चाहन्छु । म यो विशेष समयका वोल्ने धेरै समय लगियो तर जहाँ यहाँ हामी केई कुराहरू गरिरहेका हुन्छौ । त्यो कुराको रिपोर्टिङ अथवा भयो भएन त्यसमा हामीले पाउनुपर्ने जवाफ पायौं पाएनौ आजसम्म त्यो अवस्या हुन गएको देखिएन सभामुख महोदय हामीहरू सामु भनेको संसारको सबभन्दा बलियो र अनौठो चिज भनेको मानव जीवन हो । खाने,पिउने,दिसा पिसाब गर्ने त पशुले पनि गर्छ, मानवले पनि गर्छ तर यसमा फरक के हो भने मानवको सोच्ने विवेकशीलता हुन्छ भन्ने नै हो । अव आज चैत्र १५ गते पुग्यो फागुनसम्मको विकास खर्च हाम्रो २.७८ प्रतिशत मात्र भएको छ । जम्मा साडी २.७८ फागुनसम्मको हाम्रो खर्च भएको छ । हामीले भन्ने गरेका छौं । हामीसँग पैसा छैन । हामीले विकास गर्न सकेनौं,केन्द्रीय सरकार भन्छ तिमिलाई दिएका पैसा तिमी खर्च गर्न सक्दैनौ भने हामीले थप्नुपर्ने कारण के हो ? यो कुराको प्रगतिको यति हामीले धेरै चर्चा गऱ्यौं किन हुदैछ के भइरहेको छ भन्ने कुरा पनि हामीले जवाफ पाउँन सकेनौं । सरकार कस्तो देखियो भने यी कराउदै गर्छन्यिनी को हुन् र हुनसक्ला सरकार यसो मजवुत पोजिशनमा भएको कारणले यो केई गर्नु पर्दैन भन्ने कुरा हो । याँ मैले वेलावेलामा सुन्ने गरेको छु । जब यहि रोष्टमबाट सभामुख महोदय जव कुरा निस्किन्छन् अनि दलको बैठक हुने । त्यसपछि माननीयज्यूलाई थाम्मथुम्म लगाउँने प्रयासहरू भए जस्तो देखिन्छ तर सदनमा आएर यति खर्च भयो यति बाँकी छ भन्ने कुराहरू गरेको देखिदैन। हामी सभामुख महोदय, अनि यो बजेट कार्यान्वयनका तरिका पनि के हुन् । सायद एउटा पोलिसिहरू बनेका होलान् । यति सम्मका बजेटहरू उपभोक्ता समितिबाट बनाउने, यति सम्मका बजेटहरू चाई टेण्डर गर्ने, त्यो पनि प्रक्रिया होला । उपभोक्ता समिति बनाउँदाखेरी सम्बन्धित गाउँपालिका, नगरपालिकाका मान्छेहरूको भेला गराएर त्यो गर्नुपर्ने होला त्यो पनि देखिएन । सम्माननीय सभामुख

महोदय आफ्नो तरिकाले यो सम्पत्तिलाई हाम्रो व्यक्तिगत सम्पत्ति हो । हामीले जहाँ चाहन्छौं, जहाँ दिन मन लागेको छ त्यहाँ दिने हो भन्ने परम्परा जुन सरकार अघि वढिरहेको छ । यसले कत्ति पनि राम्रो गरेको छैन छ । संयन्त्र सबैको हुन सक्ला, कुन-कुन मन्त्रालयले कुन-कुन मान्छेलाई कुन-कुन ढङ्गले बजेट विनियोजित गरिएको छ भन्ने पनि गरिएको छ । सभामुख महोदय, यो सरकार भनेको आम प्रदेशको हो र यहाँका जनताहरूको हो ।यहाँ सदनको हो, कसको हो ? हामी सोध्न चाहन्छौं सरकारको सम्पूर्ण कर्णाली प्रदेशको हो । आज उहाँहरू मन्त्री भईसकेपछि सबैको मन्त्री हो भन्ने नभएर आफ्नै सारा जनतालाई रिजाउनु पर्ने ठाउँमा सभामुख महोदय, जनतालाई कुरा छौंडदिउँ । संसदलाई होइन, संसदलाई पनि छोडदिउँ, आफ्नै भन्ने आफ्नै समूहका साथीहरूको पनि चित्त नबुझाउने कस्तो खालको चाई यो सरकार हो । सभामुख महोदय,भाइलाई,भतिजालाई,आफन्तलाई निवेदन लेख्न लगाएका भरमा बजेटहरू चाई विनियोजित हुने । बजेट दिने र उनीहरूबाट प्रसेन्टेज लिने जुन आयो हामीले १ वर्षसम्म बोलेनौ, भनेनौ हामीसँग यी प्रमाणहरू अव सुरक्षित छन्, प्रमाणहरू सुरक्षित छन् । कुन उपभोक्ता समितिमा,कुन सहकारी समितिमा,कुन समूहमा कति पैसा गएको छ, त्यो नजीकको मान्छे को छ भन्ने कुराहरू आइरहेकाछन् सभामुख महोदय, आज सायद यसैको कारणले होला हामीले कर्मचारीको व्यवस्थापन गर्न सकेका छैनौं,कर्मचारीको अभाव भैरहेको छ । आज एउटै यहीं कर्णाली प्रदेश हो । जहाँ उपसचिवले रोजेन, जहाँ सहसचिवले रोजेन, हामीले के भनौं भने सभामुख महोदय, केन्द्रबाट कोही पनि रोज्न चाहेनन् तर हामीले यी कुरा चाई विर्सिउँ,भुलिउँ हामीले कुन ढङ्गले काम गर्दै छौं। मैले कुनै ताका भनेको थिएँ सभामुख महोदय हाम्रा मन्त्रीज्यूहरूका कताकता रेडक्रसको मन्त्री जस्तो हुनुभयो । यसको विभिन्न अर्थ लाग्यो होला रेडक्रसकोमन्त्रीले के गर्छ,दुइटा डाडुँ दिन्छ,दुइटा पुनिया दिन्छ एउटावल्यांकेट बाड्छ, एउटा च्यादर बाड्छ के उहाँहरू यसैको लागि मन्त्री हुनुभएको हो । यसैको लागि कर्णाली सरकार हो । भाषण चन्द्रमामा पुगिसकेको जस्तो चन्द्रमामा घर बसाई सक्या छौं भन्या जस्तो । यो कारणले कर्मचारीहरू आउन नचाहेको कर्मचारीहरूलाई नीति र नियमभन्दा विपरित उनीहरूलाई काम गर्न लगाएको, नमान्ने कर्मचारीका वङ्गारामा चाई हात बजारिएको अनि को आउँछ यो प्रदेशमा सभामुख महोदय, यो जटिल विषय हो कि होइन । योत हुनुपर्थ्यो,बस्नु पर्थ्यो किन आएनन् कर्मचारी, सबैभन्दा उन्नत प्रदेश हुने भविष्यवाणी वोकेको प्रदेश, जडिबुटिको धनी प्रदेश,जलस्रोतको धनी प्रदेश, चिन विशाल चिनसँग जोडिएको प्रदेश, मानव सरोवर कैलाश भएको प्रदेश, छायाँनाथ भएको प्रदेश, चन्दननाथ भएको प्रदेश,कुभिण्डे भएको प्रदेश, नआउनुको कारण के यसमा सम्माननीय सभामुख महोदय हामीले सोच्नु पर्छकि पर्दैन । आज अनि अर्को माथित आएनन् आएनन् सभामुख महोदय, माथित आएनन् आएनन् कर्मचारीहरू जो प्रदेशमा आईसकेका पनि आजसम्म पनि समायोजन हुन सकेको छैन । अरु प्रदेशहरूले गर्छन् जो-जो प्रदेशमा आयो कुन फ्याकल्टीको हो लेखाको हो

भने लेखामा जान्छ, काँबाट हो त्यसलाई पठाईदिने कुन ठाउँ खाली छ अथवा उ सम्बन्धित ठाउँमा रहन सक्छ, त्यहाँ पठाईदिने आज आएर पनि एउटा जम्मा गरेर राखेको छ । एकातिर हामीलाई कर्मचारीको अभाव छ । अर्कोतिर हामीले कर्मचारीलाई समायोजन भएर आएका कर्मचारीलाई पनि हामीले पठाउन सकिरहेका छैनौं । सभामुख महोदय, कारण के एउटा विधि हुन्छ, सबैले गरेका छन्।यहीं ५ नम्बरले एउटा विधि अपनायो,कार्यविधि अपनायो,सिनियारिटिको हिसाव लग्यो,सिनियर को हो ? कसले कहाँ जान चाहेको छ, उसको घरपरिवारको समस्या के हो, लोग्नेस्वास्नी जागिरे छन् कि छैनन्, त्यसमा नहेरेर हामीले कुनकुन मान्छेलाई कहाँ राख्ने हो, कसलाई कसलाई आफ्नो बनाउने हो । कसलाई कसलाई धकेल्ने हो भन्ने कुराले चाई आजसम्म चाई यो प्रक्रिया अगाडि नबढ्नु कति सम्म सान्दर्भिक हुन्छ । सभामुख महोदय, यो कुरालाई पनि हामीले सोच्नुपर्ने कुरा हो । विकासका कुरा गर्दाखेरी हामी भनिउँ अघिनै मैले भने जलविद्युतमा सवभन्दा धनी प्रदेश भनेर हामी भन्दै जान्छौ तर आज विडम्वना छ । सम्माननीय सभामुख महोदय, जम्मा हामीले भन्ने गरेका छौं २०/२१ हजार मेगावाट विद्युत उत्पादन गर्न सक्छौं भनेर भनेका छौं । यति नहोला तुलनात्मक अध्ययन भएको छैन । सभामुख महोदय तर दशौं हजार विद्युत उत्पादन गर्न सक्छौं नि तर आज यहाँ प्रदेश भरिमा २.८ मेगावाट मात्रै हामीसँग विजुली छ, त्यो गर्नको लागि कल्ले रोकेको थियो । सभामुख महोदय, आजसम्म मैले सुन्नमा आएको छैन । फलानो कैई नभएनी १० मेगाबाट विजुली यहाँबनाउँदैछौं भन्ने कुरा पनि काई पनि आएन सभामुख महोदय नयाँ नयाँ मान्छेहरूले ल्याएका छौं, नयाँ नयाँ कन्सलटेन्सिहरू ल्याएका छौं, अनि भनिरहेका छौं तर काम कुनै पनि हामीले अगाडि बढाउन सकिरहेका छैनौं । सभामुख महोदय, अत्यन्तै हिनतावोध,लज्जवोध भएर हामीले हिन्नु परेको छ । सभामुख महोदय, के यो प्रदेशको संसदको गरिमा यहीं हो । बोलेका सांसद भनेका यिनी केई पनि होइनन् यिनको आवाजलाई यिनको मुखरित भएको आवाजलाई बन्द गर्ने प्रयास चाई सरकारलाई कसले हक अधिकार दियो । सभामुख महोदय, सरकारप्रति सरकार सदनप्रति उत्तरदायी हुनुपर्छ कि पर्दैन। आजसम्म यहाँ यो सदनमा उठेका कुनै पनि प्रश्नहरूको जवाफ पाइएको छैन । कुनै कुराहरू भएका छैनन् हामीले भनिउँ हाम्रो प्रदेशलाई उद्यमशिलतामा हामी जोड दिने छौं । हामी यहाँ उद्योगहरू धेरै खोल्ने छौं म भन्न चाहन्छु । सम्माननीय सभामुख महोदय, कति ओटा उद्योगहरू यहाँ खुले कति ओटा उद्योग खोल्नलाई हामीले यहींबाट दर्ता गर्ने चाई प्रोसेसमा हामीले अफिसहरूको स्थापना गऱ्यौं । आज एउटा ग्यास फ्याक्ट्रि खोल्नुपऱ्यो भने हामीले केन्द्र धाउनुपर्ने छ,एउटा पेट्रोल पम्प खोल्नुपऱ्यो भने हामी केन्द्र धाउनुपर्ने छ । एउटा सिमेन्ट फ्याक्ट्रि खोल्नुपऱ्यो भने केन्द्र धाउनुपर्ने छ। यसको लागि सरकारको प्रयास हुनुपर्ने होकि होइन । यसैका कारणले हामीले संघीयता रोजेको हो किनकि अव कर्णाली प्रदेशले ग्यास उत्पादन गर्नुपऱ्यो भने कर्णाली प्रदेशको उद्योग मन्त्रीले उद्योग मन्त्रालयले यहींबाट चाई त्यसको चाई रजिस्ट्रेशन गराउने छ भन्ने

हामीले सोचेका थियौं । त्यो केले रोक्यो ? त्यसको जवाफ हामीले दिनु पर्छ कि पर्दैन । कर्णाली प्रदेशमा कति ओटा उद्योगधन्दा छन् । वाणिज्य होला, भारतका चाउचाउ काठमाडौंका चाउचाउ ल्याएर चाउचाउको व्यापार होला,विष्कुटको व्यापार होला सभामुख महोदय, उद्योगधन्दाको लागि हाम्रो उद्योग करिडोर कुन हो ? कानिर हामी उद्योग करिडोर बनाउँदैछौं, हाम्रो मास्टर प्लान कुन हो ? आजसम्म त्यो पनि देखिएन । अनि हामीले भनिउँ कमसेकम अरु प्रदेशहरूले भनिसकेका छन् । २० वर्षसम्म हामी ट्याक्स लाउदैनौं । २० वर्षसम्म भ्याटको लागि हामी छुटको लागि प्रयास गर्छौं । मलाई म बुझ्दछु सभामुख महोदय, कि प्रदेशलाई त्यो अधिकार छैन तर त्यसका लागि हामी लड्ने कि नलड्ने,सदनबाट हामीले पास गर्ने कि नगर्ने, सरकारले ती कुराहरूलाई यहाँ ल्याउने कि नल्याउने, सरकारले त्यसको लागि संसदसँग त्यसको सहयोग माग्ने कि नमाग्ने, सबैकुरा हामी त्यई गरीराख्या छौं । एउटा पनि कोई पनि आउन चाहदैनन् । हामीले कति जग्गा कति वर्षको लागि ऋणमा दिन सक्छौं । त्यो कुरामा हामीले प्रयास गर्ने कि नगर्ने जवाफ आउँछ मलाई थाहा छ । जग्गा त कमको सरकारको छ ।जरुर छ तर हामीले हामीले आवाज उठाउनु पऱ्यो । ४० सदस्यीय संसदले आवाज उठाउनु पऱ्यो । अनि सरकार सुन्ने वाध्य हुन्छनी तर ठूलो उद्योगधन्दा आउनेमा हामी कौई पनि छैनौं गजव गजवको छ । सभामुख महोदय संस्कृति भेला गरिएको छ । सांस्कृतिक भेला महोत्सव पैसा दिइन्छ । अनि पैसा दिदा आफूनजीकका मान्छेलाई दिने झगडा हुन्छ । अनि त्यो मेला बन्द हुन्छ । अनि त्यहाँबाट जनताले भन्छन् फलानो मन्त्रालयबाट चाई यति पैसा आएको थियो रे मैले अस्ति नै मात्रै एउटा नगरपालिकामा विद्रोह कहाँबाट सुरु हुन्छ भन्ने कुरालाई बुझ्नुपर्छ सभामुख महोदय, मलाई त विपक्षी दलको नेता भएको कारणले अथवा प्रतिपक्ष दलको नेता भएको कारणले यसले बोल्यो भन्ने कुरा होला । उहाँहरूकै आफ्नै दलका बाट टिकट लिएर निर्वाचित भएका मेयरहरूले विरोध गरेका छन् । किनकि पैसाको भागवण्डा मिलेन भन्ने कुरा आईरहेको छ । सभामुख महोदय, यदि हामीले संस्कृति मेला महोत्सवको लागि गर्ने हो भने हामीले गर्ने त्यो स्थान निर्माण गरीदिउन वरु आज त महोत्सवका नाममा हरेक महोत्सव महोत्सव एउटा विजिनेस भएको छ । एउटा विजिनेस भएको छ । ४ जना मान्छेले रोजगारी पाएनन् भने सभामुख महोदय अनि उनीहरूले महोत्सव चलाउने, सरकारले पैसा दिने, हुनेले खल्तिखल्ति हाल्ने त्यसमा हामीले नियन्त्रण गर्नु पर्छकि पर्दैन । यो कुरामा हामीले सोच्नु पर्छकि पर्दैन । हिजोका छिमेकी जिल्लासँग भयो, ३ दिन भयो महोत्सव झगडा भो । कसैले ११ लाख गयो भन्छन्, कसैले १० लाख भन्छन्, कसैले १२ लाख भन्छन्, कति लाख हो म जान्दिन गएको हो कि होइन त्यस्ता कुराहरू सार्वजनिक ढङ्गले आईसकेपछि सरकारले बोल्नु पर्छकि पर्दैन । सभामुख महोदय अर्को मैले गजव देखे राम्रो लाग्यो, खुसी पनि लाग्यो । मैले कसैको जस्तो अगाडि गएर उहाँलाई धन्यवाद नदिएपनि स्वयंसेवक छनौट प्रक्रिया जुन गरियो । मैले सम्बन्धित मन्त्रालयलाई सम्बन्धित

मन्त्रीलाई सम्बन्धित मन्त्रालय कर्मचारीहरूलाई मैले धन्यवाद पनि दिए, राम्रो प्रसंशा भयो । साँच्चै एउटा लिडरशिप देखाउन थालेछन्साथीहरू सोचे त्यसपछि के गरियो । त्यसको क्राईटेरिया तोकियो, २० नम्बरको सर्टिफिकेटबाट,५० नम्बर उसको मौखिक उसबाट, यो हो पहिला गरेकै छन् । स्वयंसेवकहरूलाई छानेर पठाउने प्रचलन पनि थियो । यति गरेपछि खुसी लाग्यो । आहाँ यो प्रक्रिया राम्रो हो । त्यसको लागि मैले धन्यवाद दिनै पर्छ भन्छु तर चैत्र ३र४ गते भैसकेको छ त्यसको ईन्टरभ्यू आज १५ गतेसम्म रिजल्ट आउट हुदैन किनकि होला बाहिरएउटा देखाउन खोज्ने तर भित्र बसेर कोठाका कुनाभित्र बसेर कुन कुन मान्छेलाई मैले बनाउन सकिन्छ भन्ने कुराले गरेर पनि यो अगाडि बढ्न सक्छ कि सक्दैन सभामुख महोदय, यो खालको यई चरित्र, यई नियत हो, भने मैले पहिला पनि भनिसकेको छु । सायद यसैको प्रतिक्रिया हुनसक्छ । यसैले ल्याउन सक्छ । प्रदेशको आवश्यकताहरू रहन्छ याँ रहन्न भन्ने कुरा अव चाई आम जनतामा आउने कुरा भइरहेको छ । यसलेत नविन कुराहरू ल्याउनु पर्थ्यो सभामुख महोदय, अनि गजव गजवको राम्रा राम्रा कार्यक्रम आए । कुनै ठाउँमा भनियो सभामुख महोदय चौरीको स्रोत केन्द्र भनेर भनियो । कुनै ठाउँमा भनियो सभामुख महोदय नर्सरी हाईटेक नर्सरी भनेर भनियो । कति राम्रो गरे मन्त्रीहरूले गरेकै हुन् हाईटेक कि शब्द नबुझेर गरेको देखिन्छ । सभामुख महोदय कि नवुझेर गरेको देखिन्छ । कि चाई प्रलोभनमा फसेको देखिन्छ । डोल्पा र हुम्लामा जुन ठाउँमा चौरी स्रोतकेन्द्र भनेर भनियो । स्रोतकेन्द्रको अर्थ के हो सभामुख महोदय चौरीको स्रोतकेन्द्र भनेको अव त्याँबाट बच्चाहरू जन्माउँने, बच्चाहरूलाई दिइने त्याँबाट दुध उत्पादन गर्ने,मैले नामै किटान गर्न चाहें सभामुख महोदय, मैले भन्नै पर्ने भयो कि कुनै दिन माननीय रातो कामीले भन्नुभएको थियो । सिङबाट कहाँहुन्छ, भैसीको सिङबाट कहाँ हुन्छ, चौरीको सिङबाट कहाँ हुन्छ,बाख्राको सिङबाट कहाँ हुन्छ, त्यो उद्योग हामी याँ खोल्न चाहन्छौ भनेपछि त्यसको कच्चा पदार्थको लागि भैसी पालन होस्, चौरी पालन होस् र यिनका सिङ,खुर,हड्डीबाट चाई बटम बनेर चाई हाम्ले एउटा उद्योग स्थापना हुनेछ भनेर हामीले सोचेका थियौं । सभामुख महोदय, आज ती चौरी स्रोतकेन्द्रहरू त बीचका विचौलियाहरू जो नेपालगँज वस्छन्, याँ सुर्खेतमा वस्छन्न मन्त्रीका क्वाटर क्वाटर धाउँछन् । उनलाई चाहिने योजनाहरू भईरहेका छन् । सभामुख महोदय, हामीले भनिउँ मैले सदनमा वोले मलाई यो चाहना छैन । एउटा प्रतिपक्षको दलको नेताले हैसियत नबुझेका सरकारका मन्त्रीहरूले बुझ्नु पर्दछ कि प्रतिपक्षको नेता भनेको वेटिङ मुख्यमन्त्री हो भनेर उहाँहरूले बुझ्नुपर्छ । यो विपक्षि त होनि यसले के बोल्छ र यसले के गर्छ र बजेट हाम्रो हातमा छ भन्ने यहाँ उहाँहरूका घरमा ढोका ढकढक्याई रहेका हुन्छन । प्रत्येक दिन वसिरहेका छन् । एउटा निर्णय भैसकेपछि स्रोतकेन्द्रहरूलाई २/२ करोड रुपिया दिने जसलाई चाई विचौलियाहरू, व्यापारीहरू तिनलाई चाई दिनेमा उहाँहरू उद्धत हुने किनकि मोलतोल हुदैंछ । मैले प्रत्येक दिन हेरीरहेको छु, ढोकामा बसिरहेका हुन्छन् अनि राम्रो सल्लाह

दिदाँ खेरी उहाँहरू आज त्यसै गरेर जानेर चाई कमिसनको उसमा जाने सभामुख महोदय कार्यविधि तेहिँ छ,नमूना गाउँ भन्या छन्,सहकारी भन्या छन्, कार्यविधि कुन ढङ्गले बनाइयो कि मन्त्रीले राम्रोसँग बुझेर गर्नुपर्‍यो । होइन भने कर्मचारीलाई चलाउन सक्नुपर्‍यो कि होइन भनेपछि सदनमा कुरा ल्याउनु पर्‍यो नि भाषण बाहिर गरेर मात्र हुदैन । मानिसहरूको चरित्र कुर्सिका राखेपछि थाहाँ हुन्छ । मान्छे लोभी हो कि होइन भन्ने कुरा हातमा पैसा राखेपछि थाहा हुन्छ । याँ त हामीले बुझिसक्यौं, कार्यविधि यसरी बनाइन्छ का का कार्यकर्तालाई अनि के कार्यकर्तालाई भरणपोषण मात्र गर्ने गरेर त्यति मात्र होइन कार्यकर्तालाई त टाढा रह्योरह्यो नन्दनी,फुपाजु,फुपुज्यू,ससुराज्यू,सासुज्यू,आमाज्यू,कुनज्यू, कुनज्यू उनका नाममा सहकारी संस्थाहरू बनाएर जाने हिजोसम्म भनेको मैले सुनेको थिएँ । मेरै जिल्लाको कुरा गर्ने हो भने मेरै जिल्लाबाट पनि मन्त्री हुनुहुन्छ । उहाँले पनि राम्रो सुझाव दिनु भएको छ, हो लिमि भन्ने ठाउँ छ । सभामुख महोदय, स्रोतकेन्द्र त्यहीं हो ५००/६०० चौरीहरू त्यहाँ पाल्न चाहन्छु । कुनै एउटा व्यक्तिको कुरा छैन त्यहाँ पार्टीको कुरा गर्ने हो भने कम्यूनिष्ट पार्टीलाई पनि बराबर मत दिएको कांग्रेसलाई पनि बराबर मत दिएको एउटा गाउँपालिका जुन गाउँपालिका नेपाल अधिराज्यमा हेर्ने हो भने भ्रष्ट्राचार शुन्य भएको गाउँपालिकामा चौरीको स्रोतकेन्द्र गर्नुपर्छ भन्दाखेरी त्यहाँको मन्त्रीज्यूले भन्नुभो बीचमा फेरी विचौलीयाहरूको जो प्रभावमा परिसकेपछि सभामुख महोदय, मन्त्रीज्यूले कहाँबाट क्यान्सिल गर्नुभो । क्यान्सिल गर्न सकिन्न कि हामीले यक्ति कुरा बुझेका छैनौं किनकि कोई कर्मचारी सरुवा भएर जादैछन्। कोई त्यहाँ भएर आफ्नै पारामा केही आफ्नो मुखमा चिल्लो घस्नको लागि अनि सरकारसँग प्रस्तुत भएर जाने कस्तोसम्म गरिएको छ भने सभामुख महोदय, हरेक योजनाहरू आफूले चाहेका मान्छेहरूको नाममा रातो कितावमा राखिएको रहिछ । हामीले रातो कितावको कुरा गर्‍यौं फलानो समूह त्यसरी बजेट तोक्न पाइन्छ। त्यो ढङ्गले गरियो सभामुख महोदय, त्यसकारण आजबाट यसको प्रवेश गरेको छ । अव प्रतिपक्ष दलले यी कुरा उठाउने छ । यदि कसैले संख्याका आधारले यहाँ हिसाबकिताब हुन्छ भने सदन होइन सडक तात्छ । सडकमा जान्छ यी हाम्रा ठट्टाका विषय होइनन् जव सडकमा गईसकेपछि आजको परिवेशमा भोलि कसैले पनि अन्यायका विरुद्धमा लड्नको लागि गएपछि भोलि कसैले हामीले पछुतो भयो भनेर पछि गर्न नपरोस् । सभामुख महोदय,आउँछ शान्ति सुरक्षाको कुरा अवस्था के छ ? शान्ति सुरक्षा हामीले दिन सक्दैन भने यो मन्त्रालय राख्नुको औचित्य के छ । सभामुख महोदय मलाई लागिरहेको छ कस्तो के हुन्छ भन्ने नबुझ्ने त्यो हामीलाई गृह मन्त्रालय के भनि चाहिएको छ, केन्द्रमा त छदै छनी सभामुख महोदय, यस्ता मन्त्रालयहरू खारेज हुनुपर्छ जसले चाई सम्वेदनशिलता बुझेको छ, संवेदनशिलता नबुझ्ने माथिको सरकारले केई पनि गरेन गृह भनेर भन्नुपर्ने कारण के छ । सभामुख महोदय एउटानागरिकको सुरक्षा दिनको लागि निवेदन दिने हो भने प्रत्येक नागरिकलाई दिनुपर्छ तर संस्था के हो

भन्ने कुरा बुझ्नुपर्छ । कसैले यो कुरा नसोचे हुन्छ। सधैं सत्तामा रहिरहुला भनेर सत्ता नरहँदाखेरी अर्कालाई लखेटिन्छ भने अर्काको मानमर्दन गरिन्छ भने सभामुख महोदय तिनका ती दिनहरू पनि नआउलान् भन्ने कुरो पनि छैन । के १० वर्ष जनक्रान्ति यहाँ के क्रान्ति भन्नुस क्रान्तिले परिवर्तन ल्यायो । आज अर्को तह वनमा गईरहेको छ । त्यस्तै भोलि अर्को नजाला भन्न सकिदैन । त्यस्तै यि व्यवहारहरूले शान्ति सुरक्षाको अवस्था गिरेको छ । एउटा पत्रकारको घरको अगाडि एउटा मान्छेको हत्या हुन्छ । फागुन महिनामा एउटा मान्छेको हत्या भयो । आजसम्म विचरा उ कमजोर होला,गरीब परिवारको होला कैले सिआइवीका जिम्मामा लाए भन्या छ, कैले कसका जिम्मा लायो भन्या छ । प्रत्येक दिन रफको कुराहरू आज सबैका आमाहरू रोएर बसिरहेका छन् । बाबाहरू रोएर बसिरहेका छन् । प्रत्येक दिन हिरोईन समात्यो, चरेश समात्यो भनेर त्यो यहाँ आएर यसमा छलफल गर्नु पर्ने विषय होकि होइन यसका काँ कतै कमजोरी भो भन्नुपर्ने विषय होकि होइन । सभामुख महोदय, त्यो पनि हुन सकेको छैन तर यो गर्ने हो भने मेरो माग छ सभामुख महोदय किनकि अव यी संस्थालाई जगाउँने भनेको एउटा सदन मात्र हो। सदनको प्रमुखले यसको कुरालाई चाई बुझ्नुपर्ने छ । आज जसरी वडा अध्यक्षहरूले सुर्खेतमा आएर, नेपालगंजमा आएर घर घडेरी जम्मा गरिरहेकाछन् । त्यस्तै किसिमले चाई हाम्रो सरकार पनि जाने हो भने हामीले सोच्नुपर्ने अवस्था आयो सभामुख महोदय, आज हामीले तलव तोकेर पठायौं कोले कोले दोहोरो तलव खाईरहेको छ भने प्रदेश सरकारलाई मतलव छैन किनकि कसैको पेन्सन खान्छ भने उसले पाउँदैन । कसैले अरु भत्ता खान्छ भने पाउँदैन । त्यसका मनिटरिङ हामीले गरिरहेकाछैनौं । यो खालले अगाडि गईरहेको छ सभामुख महोदय, आर्थिक अनुशासनको उल्लंघन पनि त्यस्तै छ। फर्मलाई दिएका छौं, व्यक्तिलाई बिना प्रक्रिया पूरा गरेर दिएका छन् । आर्थिक अनुशासन भनेको के हो ? सभामुख महोदय, मनमा हातमा पैसा छ जति पनि दिने त्यहीं हो आर्थिक अनुशासन । बजेटको सिलिङ तोकिन्छ सभामुख महोदय तोकिसकेपछि १ लाख तोकियो भने त्यसलाई वढाउनुपर्ने आवश्यकता पनि हुन सक्छ । त्यसको पूर्व स्वीकृत नलिई, पूर्व जानकारी नदिई, त्यसै मनलाग्दी आफ्नो हातमा छ भनेर रकमान्तर गर्न मिल्छ सभामुख महोदय, यस्ता खालका अहिलेका अवस्था आईरहेको छ । सबैभन्दा तल्लोस्तरको, सबैभन्दा थारै पैसा खर्च गर्ने मलाई लाग्यो हाम्रो सरकार कतै मितव्ययिता भएछ । धेरै खर्च गर्नहुन्ननी धेरै खर्च गरेको त खत्तम भो त्यसैले मितव्ययिता भएर २.७८ प्रसेन्ट मात्र गरेको होकि भन्ने पो मलाई लाग्न थाल्यो । त्यई हो भने राम्रै भो हामीले फूलको माला लगाउँनुपर्ने होला । सभामुख महोदय, अव यति कुराहरू भनिसकेपछि मैले फेरी भन्छु । डाईरेक्ट-डाईरेक्ट सिधा जाने सिधा नेमिक एड्रेस वनाएका लिङ्केज मिलाएका कुराको सभामुख महोदय सदनबाट चाई नियन्त्रण भएन भने यसको ठूलो रूप जानेछ । हामीले धेरै कुरा पत्ता लगाएका छौं । आजसम्म हामीले बाहिर ल्याएका छैनौं र यस्तै विचौलियाहरूलाई पोस्ने पार्टीका कार्यकर्ताका नाममा चाई

यहाँको बजेट राज्यको बजेट हामी प्रत्येक नेपालीले तिरेको करबाट बजेटलाई दोहन गर्ने हो भने हामी त्यलाई चाई सहन सक्दैनौं । यो हाउसमा जुनै परिस्थिति आए पनि गर्नको लागि हामी जान्छौ भन्ने कुरा म गर्न चाहन्छु । सभामुख महोदय अव रह्यो सार्वजनिक लेखा समितिबाट पेश भएको प्रतिवेदनको कारणले नभई मैले सुन्दै छु । सार्वजनिक लेखा उपसमितिका मान्छेहरू हावा हुनअरे कति उहाँहरूको भुडिँभित्र हावा भरिएको छ । अनि समिति त वैज्ञानिक छैन रे यो अवैज्ञानिक र हावा भरिएका मान्छेहरूले म आज एउटा प्रस्ताव राख्न चाहन्छु । सभामुख महोदय, कि यी हावा भरिएका र भएका छन् त्यस्ता समितिहरू पनि नभएका होइनन् त्यस्तो हो भने सदनबाट कसैको मानमर्दन गर्ने नभएकोरिपोर्ट नजान्ने, लेख्न नजान्ने, सल्लाह लिन नजान्ने, कानूनी परामर्श नगर्ने, सम्बन्धित निकायबाट राम्रोसँग रिपोर्ट नलिने, यो मिनि पार्लियामेन्ट हो । यसलाई पनि कारवाही ठूलो पार्लियामेन्टले गरोस् सभामुख महोदय, कसैको पनि मानमर्दन गर्न पाईन्न । हातमा आयो भनेर उपसमितिले त्यसै उफ्रेर चाई कसैको नाम मिच्न पाइन्छ । समितिले त्यसैलाई स्वीकार गर्न पाइन्छ पाईन्न सभामुख महोदय यदि त्यो भएको छ भने कारवाही हुन्छ । पहिला यो सदनको जिम्मेवारी र यो संसदको कुरा गरियोहोइनहोइन सबैकुरा के छ भने फागुन १९ गते सरकारलाई सार्वजनिक लेखाले चाई के दियो रिपोर्ट दियो। आज १ महिना भन्दा वढि भो बजारमा छ्यापछ्यापि आएको आएई छ यौं कैले उपसमिति मिल्यो कहिले समिति मिल्यो उनीहरूले पैसा खाएर मिल्न थाले भन्ने कुरा आएको छ । सभामुख महोदय यदि त्यो हो भने अव उहाँहरूलाई क्लियरिफाई गर्न पनि सरकारले यो कुराको कार्यान्वयन गर्ने गर्नुपर्छ । मलाई विश्वास छ सरकारले कारवाहीको लागि पठाएको थियो होला भने सदनलाई पनि सम्माननीय सभामुखलाई पनि त्यो चाई पेश भएको हुनुपर्छ । सम्माननीय सभामुखलाई पेश भएको कुरालाई सदनले जानकारी पाउनुपर्छ कि पर्दैन सभामुख महोदय आज गजवको कुरा छ । सरकारले रारा महोत्सवको हिसाव देउँ भन्नको लागि हामीले सदन अवरुद्ध गर्नुपर्‍यो सभामुख महोदय सुरुमा यदि ती बजेट प्लानिङमा हाम्रा विचार छैन । हामी जान्दैनौं भने जान्नेलाई त भन्नुपर्‍यो नि त्यो वेलाको बजेट प्लानिङ ४६ लाख भएको छ । सभामुख महोदय ४६ लाखको भएको छ । अनि विपक्षी दलले प्रतिपक्ष दलले सदन अवरुद्ध गरीसकेपछि माननीय मन्त्रीज्यूले उहाँले मलाई यादभएसम्म जेठ २५ गते सदनमा बोल्नु भएको छ । ४९ लाख ५१ हजार ७ सय ९५ खर्च भो । ४६ बाट ४९ भयो होला हाम्रो जस्तो ठाउँमा थोरै भेरिफिकेशनले पनि छ भन्ने हामीले सोचिउँ । भयो होला तर फेरी उसले के भन्यो महालेखाले ८७ लाख १८ हजार ९ सय ७३ महालेखाले अडिट गर्‍यो । अडिट कहिले हुन्छ मंसिरतिर मंसिरमा हुन्छ । सायद कर्मचारी साथीहरूलाई होला यो पुस माघ पक्कै होइन हदै ढिलो भयो भने पुषको पहिलो हप्ता हुन्छ । ८७ लाख १८ हजार ९ सय ७३ भयो त्यसपछि ५ चै महिना भनेपनि काम सुरु भएको सार्वजनिक लेखा र उपसमितिको माघबाट होला द्रुत गतिले गएको उहाँहरूलाई दियो ७८लाख १६ हजार

९६ रुपैंया भनेर दिईयो सभामुख महोदय यो २ टा फरक किन पऱ्यो र फेरी सुन्नमा आयो होइन महालेखाले मिस्टेक गरेछ । मिस्टेक गरेर प्रतिवेदन लेख्न पाउछ, महालेखाले सभामुख महोदय, उसले मैले मिस्टेक गरेको भन्न पाउँछ, सबैले गरेका मिस्टेकलाई महालेखाले अडिट गर्ने कुरा हो तर बुझनमा के आयो भने सभामुख महोदय,बिल भर्पाइहरू ७८ लाखको ८७ लाखको पठाईयो ८७ लाखको बिल भर्पाइहरू पठाईयो । त्यसपछि महालेखाले के भन्यो तपाईँहरूको यो ८७ लाखको बिल भर्पाइ लेखा राख्दैन । यति तपाईंको खर्च भएको छैन भनेर भन्यो यो खालको अवस्था याँ आएको छ । अव यसको जवाफ के हो ? हामीले कसैलाई दोषी छन् भनेका छैनौं तर भर्खरै मैले सुने सरकारको प्रवक्ताले नै के वैज्ञानिक होइन गलत कुरा हो भनेपछि गलत हो याँ वैज्ञानिक हो भने निक्यौंल गर्ने सरकारको जिम्मेवारी हो कि होइन। यति मात्र होइन सभामुख महोदय, पत्रकारिताको कुरालाई त म पत्याउन्न तर राष्ट्रिय पत्रकारले लेखेकोमा पत्याएको होइनम यहाँ जानकारी गराउन के चाहन्छु भने जव उपसमितिको रिपोर्ट आईसकेपछि सरकारले पनि एउटा समिति बनायो । गोप्य आफ्नो समिति बनायो । तेसले आफ्नो चाई प्रतिवेदन दियो बाहिर आएको छैन । तेलेपनि हुवहु करिवकरिव के गऱ्यो त सार्वजनिक लेखा समितिले गरेको सरह नै ल्याएको छ २/४ हजार तलमाथि पऱ्यो होला यस्तो हुँदासम्म पनि सरकारले कानमा तेल हालेर वस्न मिल्छ कि मिल्दैन । अनि सभामुख महोदय त्यतिखेर पर्यटनको लागि भनेर पर्यटन वर्षको लागि भनेर भनियो । पर्यटन मन्त्रालयलाई सिलिङ तोकियो १० लाख उले खर्च गऱ्यो १६ लाख ६ लाख अख्तियारी वाहेकको खर्च गर्न पाउँने अधिकार उलाई काबाट आयो । यी त हिजो छुट्याएको बजेट होनि त्यसपछि कृषिलाई १० लाख छुट्याईएयो उले खर्च कति गऱ्यो २८ लाख, त्यो अधिकार कहाँबाट आयो । १० लाखमा पुगेन भने क्याविनेटको डिसिजन हो याँ हाम्रो त्यो पैसा सदनले पास गरेको रेड बुकमा पास गरेको छ भनेपछि यहाँबाट फेरी चाई पास गराएर लानुपर्छ । कानूनले, कानून भन्न थाले किनभने कानून पनि त बनाउन त सक्या छैन । सभामुख महोदय, गृह भन्ने त मैले छोडदिनै सके । आफ्नै सुरक्षाको ठेगाना नभाको घरभित्र मैले कानून राख्या छु अव सञ्चार राख्नुपर्ला जस्तो लागे छ कानून पनि होइन । यलाई ७ छुट्याईयो तेले ४ खर्च गऱ्यो सिलिङ नाघेन, खर्च कम गर्नुको कारण उहाँले जेहोस् आफ्नो सिलिङ नागेन धन्यवादकै पात्र हुनुहुन्छ । भौतिकले १० छुट्याईयो १०९२ जति त्यो अलि चल्दोमिल्दै छ, सामाजिकलाई १० छुट्याईयो १० मा ७ चाई आफ्नै मन्त्रालयबाट ३ चाई पर्यटनमा गरी १० को हाराहारीमा चाई यो रकम कमसेकम के देखियो भने त्यसमा केहिले सीमा नाघ्नु हुन्न भन्ने हो केईले नाघे पनि त्यसको कानूनी प्रावधान छ । केईको त के भयो भने यई मौकामा जति ठोकेपनि हुन्छ। पलानिङ गर्दा ३०० मान्छे,५०० ले होइन १००० ले होइन १२००० ले पनि खान सक्छन। सभामुख महोदय, तर बजेट विनियोजन त भएको हुनुपऱ्यो नि १२०००लाई खान ख्वाउनुपर्ने भएको हुनाले यति लामो विनियोजित गरिएको

भन्नुपर्‍यो नि सभामुख महोदय मलाई सरकारले सदनले भोलि अमेरिका पठायो,जापान पठायो,भारत पठायो भने मैले पाउने टिएडिए मसँग २००० डलर पाउँछु भने अनि मैले चाई मेरो श्रीमती पनि लगेको थिएँ, मेरो छोरा पनि लगेको थिएँ, मेरो छोरी पनि लगेको थिएँ, यी सबै लगेको हुनाले सभामुख महोदय मलाई चाहीँ १०००० डलर चाहियो भनेर मैले पाउँछु कि पाउदिन आर्थिक अनुशासन भनेको त्यई नै हो मनप्रति भर्ती गर्न पाईन्न विदेशका कुरा धैरै साथीहरूले गर्नुहुन्छ सभामुख महोदय विदेशमा त कसैले टिएको पैसा चल्ती खाता वाहेक मुद्धति खातामा राख्न पाईन्न । बचत खातामा राख्न पाईन्न जुन काको लागि हो त्यो भन्दा एउटा पनि प्रोफिट गर्न पाईन्न । अनि फेरी सरकार ढुक्कैसँग गएर समितिलाई अर्कोलाई ठिक्क गल्ति गरेर समितिलाई हामी कारवाही गरौं । होइन यस्तो छिनोफानो त कुर्नुपर्‍यो नि सभामुख महोदय अनि अर्को कुरा छ । अझ फेरी गजवको कुरा छ कर्णाली रारा पर्यटन प्रवर्धन कार्यक्रम २०७५ गई सक्यो गत वर्षको हो वनले अख्तियारी कल्लाई दियो वन डिभिजन कार्यान्वयनलाई चाई ईकाईलाई के दिएको छ त्यहाँ भने तेई पर्यटनकै लागि भनेर ५ लाख रुपैया दिएको थियो । अनि के भनेको छ भने हामीले फोटोसोटो टासिउँ याँ सबै फोटोसोटो टाँसेको हुनाले त्यसको भुक्तानी दिनु सभामुख महोदय गिता ढकाल भन्ने कर्मचारीबाट यो चिठि गयो नीजि सचिवालय हो याँ स्वकीय सचिवालय हो ७५ को पैसा अहिले कसरी आयो अनि मैले फोटो लगेर राखेको छु फोटोको भुक्तानी देउ भन्न मिल्छ कि मिल्दैन सभामुख महोदय यदि फोटोको भुक्तानी दिने हो भने कुन कुन फोटो कति छन् त्यसमा फोटो खिचेर भएपनि त्यो भुक्तानी दिने कार्यालयमा राख्नु पर्छ कि पर्दैन त्यहाँबाट ५ लाख अहिले गएको छ सभामुख महोदय अनि भू-तथा जलाधारबाट ५ लाख रुपैया गएको छ । त्यहाँ त्यहीं फोटोको नाममा प्रदेश वन कार्यालयमा ८ लाखको त्यो प्रोसेस गएको छ । जव हल्लाखल्ला बाहिर आईसकेपछि ८ लाख भन्ने के हो यस्तो चालले यो प्रदेशको सरकार चल्छ । अनि दम्भका साथ अगाडि जाने हो भने सही कुराको चाई सुनुवाई नहुने । अगाडि नबढ्ने हो भने सभामुख महोदय, सायद प्रदेश सरकार, संसद नरहन सक्छ सबै मान्छेहरू द्वन्द्वमा जान सक्छन । सडकमा जान सक्छन । त्यसको परिणाम चाई धेरै खराव हुने भएको हुनाले यई कुरा राख्नको लागि मैले सभामुख महोदयसँग समय मागेको थिएँ । यो समय प्राप्त भएकोमा म धन्यवाद दिदै यि कुराहरूको निक्यौंल हुनको लागि, छानविन गर्ने कुराहरू छिटो गर्नको लागि मनप्रति ढङ्गले व्यक्ति विशेषमा किनभने अहिलेसम्म यहाँ प्रगति आएको छैन चौमासिक प्रगति आउनुपर्थ्यो । सदनलाई सुनाउनुपर्थ्यो सभामुख महोदय यी यी भएका छन्यी यीकार्यक्रमहरू भए त्यसको जानकारी सदनले पाउनुपर्थ्यो सदन केही होइन किनकि सदनमा त कर्मचारी नै त छैनन् एउटा सचिव त बस्दैन, एउटा समिति राम्रो चलाउनलाई त समितिमा त राम्रो कर्मचारी छैन भन्ने सरकारले सोचेको हो भने त्यसको परिणाम गम्भिर हुन सक्छ । यो गम्भिर ढङ्गले सदनले सभामुख सम्माननीय सभामुख महोदय मार्फत् म सदनलाई पनि अनुरोध गर्न चाहन्छु । यस्तो विथिति भएको

प्रदेश कुनै पनि प्रदेश नभएको र मनपरि ढङ्गले अगाडि बढ्ने भएको हुनाले यलाई नै समयमै रोकतोक गर्नको लागि सभामुख महोदय मार्फत्  सबैलाई अनुरोध गर्दै विदा हुन्छु, धन्यवाद, जय नेपाल ।

**माननीय सभामुखः**माननीय श्री कौशिलावती खत्री । (समय ५ मिनेट) ।

**माननीय श्री कौशिलावती खत्रीः**माननीय सभामुख महोदय कर्णाली प्रदेश सरकारले डिजिटल प्रदेशको रूपमा कर्णाली प्रदेशलाई विकास गर्ने भन्ने कुरा गरी रहँदा हाम्रो नीति तथा कार्यक्रममा सबै ग्रामिण क्षेत्रमा टेलिफोनको सेवा सुलभ रूपमा उपलब्ध गराउने भन्ने कुरा नीति तथा कार्यक्रमका पास भईरहँदा अहिले जाजरकोटको पश्चिम जुनिचाँदे गाउँपालिकाको वडा नं. २ मजकोटमा गत पुस महिनामा हिउँ परि पर्दाखेरी नेपाल टेलिकमको स्काई टावर अवरुद्ध हुँदा अहिलेसम्म पनि त्यो टावरलाई मर्मत नगरेर त्यहाँका जनताहरू टेलिफोन सेवाबाट वञ्चित भईराखेका छन् । त्यहाँ पटकपटक सरोकारवालाले यो कसको जिम्मामा छ । यो कले मर्मत गर्नुपर्ने हो भनेर गाउँपालिकाका जनता प्रतिनिधि लगायत त्यहाँका सरोकारवालाले नेपाल टेलिकमको ध्यान आकर्षण गराउँदा यो प्रदेशको जिम्मामा हो । क्षेत्रीय कार्यालय नेपाल टेलिकमको क्षेत्रीय कार्यालय सुर्खेतले यलाई मर्मत गर्नुपर्छ । भनेर जवाफ आउँदा उहाँहरूले पटकपटक क्षेत्रीय कार्यालयमा सम्पर्क गरेर हाम्रो यो नेपाल टेलिकमको स्काई टावर यथाशीघ्र रूपमा मर्मत गरीदिनुपर्‍यो । एउटा ब्याट्रि गएको छ। त्यो ब्याट्रि ल्याएर हामलाई टेलिफोन सहजै रूपमा टेलिफोन सेवा उपलब्ध गराईदिनपर्‍यो भन्दाखेरी कहिले ठेकदारले ढिला गर्‍यो । कहिलै अफिसका कर्मचारी गएका छैनन् जान मान्दैनन् बाटो अफ्ठेरो छ भन्ने कहिलै होइन हामी आईराखेका छौं भन्दाभन्दै ४ महिनासम्म त्यहाँका जनता टेलिफोन सेवाबाट वञ्चित छन्न उनीहरूलाई अकस्मात विरामी पर्दा पनि त्यस्तो दुर्गमको गाउँपालिका उहाँहरूले सामान्य गाडि बोलाउनलाई पनि टेलिफोन सुविधाबाट वञ्चित हुनुहुन्छ । यसको लागि कर्णाली प्रदेश सरकारको गम्भिर ध्यानाकर्षण म सभामुख मार्फत् गराउन चाहन्छु र विशेष गरी सम्बन्धित मन्त्रालयको ध्यान यथाशीघ्र रूपमा जाओस र त्यहाँका जनताले तुरुन्त आफ्नो सञ्चारको सुविधा पाउनका लागि टेलिफोन सुविधाको सुविधा पाउने गरी सम्बन्धित मन्त्रालयले पहल गरोस भन्ने मेरो माग छ । ढिला आज होइन भोलि होइन अव त्यहाँ गाडि पुग्दैन हामी सक्दैनौ ब्याट्रि जादैन भन्ने हैन त्यहाँसम्म जानलाई बाटो पनि छ । तुरुन्त रूपमा प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले नेपाल टेलिकमको प्रदेश कार्यालयमा समन्वय गरेर त्यहाँका जनतालाई सर्वसुलभ रूपमा टेलिफोन सुविधाको व्यवस्था गरोस भन्ने जोडदार माग राख्दछु । धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरू प्राङ्गारिक कृषि सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि सैद्धान्तिक छलफल समाप्त भई सो विधेयक माथि संशोधनको सूचना प्राप्त भएकाले कर्णाली प्रदेश सरकारका भूमी, व्यवस्था कृषि तथा सहकारी मन्त्री

माननीय श्री विमला केसीलाई कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

**भूमी, व्यवस्था कृषि तथा सहकारी मन्त्रीमाननीय श्री विमला के.सी.**ः माननीय सभामुख महोदय नेपालको संविधान धारा ४४ मा रहेको उपभोक्ताको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरीए अनुरूप यसलाई मूर्त रूप दिन साथै प्राङ्गारिक कृषि वस्तुको उत्पादन विविधिकरण र बजारीकरण लगायतका कार्यहरू व्यवस्थित ढङ्गले सञ्चालन गरी गैर प्राङ्गारिक उत्पादनलाई निरुत्साहित गर्दै विषादियुक्त एवं गैर प्राङ्गारिक उपभोग्य वस्तु विक्रि वितरणमा नियमन गर्ने आवश्यक रहेकोले सम्मानीत सभामा प्रदेश सरकारका तर्फबाट पेश भएको प्राङ्गारिक कृषि सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक २०७५ माथि सैद्धान्तिक छलफल भई सो विधेयक माथि माननीय सदस्यहरूको संशोधनको सूचना प्राप्त भएकोले उक्त विधेयक छलफलका लागि कर्णाली प्रदेश सभा वियमावली २०७४ को नियम १०७ को उपनियम १ को ख बमोजिम सामाजिक विकास समितिमा पठाउन सभा समक्ष प्रस्ताव गर्दछु । धन्यवाद ।

**माननीय सभामुख** ःमाननीय सदस्यहरू प्राङ्गारिक कृषि सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि थप छलफल गर्न आवश्यक भएकाले सामाजिक विकास समितिमा पठाउन उपयुक्त छ । भनि कर्णाली प्रदेश सरकारका भूमी, व्यवस्था कृषि तथा सहकारी मन्त्री माननीय श्री विमला केसीले राखु भएको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ प्राङ्गारिक कृषि सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५ मा थप छलफल गर्नु आवश्यक भएकाले सामाजिक विकास समितिमा पठाउन उपयुक्त छ भनि कर्णाली प्रदेश सरकारका भूमी, व्यवस्था कृषि तथा सहकारी मन्त्री माननीय श्री विमला केसीले राखु भएको प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु । माननीय सदस्यहरू प्रदेशमा खेलकूदको विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि सैद्धान्तिक छलफल समाप्त भई सो विधेक माथि संशोधनको सूचना प्राप्त भएकाले कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री दल रावललाई कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १०४ बमोजिम प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु।

**सामाजिक विकास मन्त्री माननीय श्री दल रावल**ः माननीय सभामुखज्यू खेलकूदको माध्यमबाट सामूहिक भावनाको विकास गरी कर्णाली प्रदेशका नागरिकहरूलाई स्वस्थ, अनुशासित, मर्यादित र गतिशिल बनाउन प्रदेशमा खेलकूदको विकास गर्न कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले सम्मानीत सभा प्रदेश सरकारका तर्फबाट पेश भएको प्रदेशमा

खेलकूद विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि सैद्धान्तिक छलफल भई सो विधेयक माथि माननीय सदस्यहरूको संशोधन सूचना प्राप्त भएकोले उक्त विधेयक छलफलका लागि कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ को उपनियम १ क को ख १ को ख बमोजिम सामाजिक विकास समितिमा पठाउन सभा समक्ष प्रस्ताव गर्दछु । धन्यवाद ।

**माननीय सभामुख** :माननीय सदस्यहरू प्रदेशमा खेलकूद विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि थप छलफल गर्न आवश्यक भएकाले सामाजिक विकास समितिमा पठाउन राखु उपयुक्त छ भनि कर्णाली प्रदेश सरकारका सामासजक विकास मन्त्री माननीय श्री दल रावलले राखु भएको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ प्रदेशमा खेलकूदको विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ मा थप छलफल गर्नु आवश्यक भएकाले सामाजिक विकास समितिमा पठाउनु उपयुक्त छ भनि कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री दल रावलले राखु भएको प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु । माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका भूमी, व्यवस्था कृषि तथा सहकारी मन्त्री माननीय श्री विमला केसीलाई खाद्य उत्पादन, अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक, २०७५ माथि सैद्धान्तिक छलफलका लागि सभा समक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**माननीय श्री विमला के.सी.**: माननीय सभामुख महोदय नेपालको संविधानको धारा ३६ मा रहेको खाद्य सम्बन्धीको हकको रूपमा गरिएको व्यवस्थालाई मूर्तरूप दिन साथै स्थानीय उत्पादनको संरक्षण र प्रवर्धन गर्दै व्यक्ति तथा नागरिकलाई गुणस्तरीय खाद्यमा सहज उपलब्धता प्रयाप्तता र पहुँच स्थापित गरी खाद्य अधिकार तथा सम्प्रभूताको सुनिश्चितताका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले खाद्य उत्पादन, अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक, २०७५ कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ बमोजिम सैद्धान्तिक छलफल गरियोस् भनि सभा समक्ष प्रस्ताव गर्दछु । धन्यवाद ।

**माननीय सभामुख**:माननीय सदस्यहरू खाद्य उत्पादन, अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक २०७५ माथिको सैद्धान्तिक छलफलमा भाग लिनुहुने माननीय सदस्यहरूको लागि समय निर्धारण गरेको छु । सर्वप्रथम माननीय श्री गुलाब जंग शाह । (समय ७ मिनेट)

**माननीय श्री गुलाव जंग शाहः**माननीय सभामुखज्यू, आज म यो भूमी, व्यवस्था कृषि तथा सहकारी मन्त्रालयद्वारा प्रस्तुत खाद्य उत्पादन, अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्नको लागि बनेको विधेयक, २०७५ माथि सैद्धान्तिक छलफलमा भाग लिन रोष्टममा उभिएको छु । समयको लागि धन्यवाद । आज खासगरी माननीय कृषि मन्त्रीज्यूले धेरै मेहनत गरेर यो परिच्छेद-७ सम्मन अलि धेरै लामो एक्सरसाईज गरेर यलाई चाई यो खाद्य उत्पादन, अधिकार, सम्प्रभूता सम्बन्धी कसरी जनताका हकहरूलाई सुनिश्चित गर्न सकिन्छ। त्यस मानेमा आफ्नो एक्सप्रटिजम आफ्नो चाई गम्भिरता प्रस्तुत गर्नु भको छ । हामीले खासगरी खाद्य सम्प्रभूता भन्ने विक्तिकै हरेक मान्छेलाई बाँच्न पाउने नैसर्गिक अधिकारको कुरा जोडिन जान्छ। हरेक मान्छे स्वस्थ ढङ्गले जीवनयापन गर्नु, निर्वाद रूपमा स्वस्थ खाना खान पाउनु,जीउन पाउनु त्यो मान्छेको नैसर्गिक अधिकार हो र त्यसलाई वास्तवमा यी राज्यका निकायहरूले राज्यले यसलाई कसरी व्यवस्थापन गर्ने । राज्यले यसलाई जनताको अधिकारलाई कसरी सुरक्षित गर्ने । आज संसारमा खान नपाउने भन्दा पनि खान नजानेर मर्नेहरूको संख्या धेरै छ । आज संसारमा खान नजानेर मर्नेको संख्या धेरै भए जस्तै खाद्य सम्बन्धी खासगरी आफ्नो अधिकार सुनिश्चित ढङ्गले उपयोग गर्न नजान्नु जनकमजोरी त हुदै हो तर राज्य मनिटरिङ रूपबाट जनताको पक्षमा कुन खाद्य प्रविधिलाई कसरी सुनिश्चितताका साथ उत्पादनमा राज्य मनिटरिङमा राज्य बढ्ने कानून निर्माण गरेर जनताका पक्षमा उभिने भन्ने राज्यले ख्याल गरेको खण्डमा पक्कै पनि मलाई लाग्ने छ कि हामी कर्णाली प्रदेश जहाँ भोकमरीले हामी वर्षौ देखि  तडपेका छौं । सिंहदरवारदेखि हामी को छौं हामी पछाडिछौं । शिक्षाका दृष्टिकोणले गरौं, उत्पादन दृष्टिकोणले गरौं,यातायातका सबै भौतिक संरचना विकासका संरचनामा हामी अत्यन्त पछाडि परेको हामी कर्णाली प्रदेश यस्तो प्रदेशमा माननीय मन्त्रीज्यूले अव एउटा यो राज्य हो भनेर एउटा कानून पेश गर्दै हुनुहुन्छ । यो कानून भित्र यो विधेयकभित्र भोलि राज्य कमजोर नहुने गरी हामीले कुन वस्तु खाद्यवस्तुलाई पनि अखाद्य वस्तु मिसावट गरेर बजार व्यापारीकरण भएको छ । बजार यस्तो अवस्थामा छ कि आज हामीले भनेका छौं यो कर्णाली प्रदेश अर्गानिक प्रदेश बनाउने हाम्रो लक्ष्य छ। कर्णाली प्रदेशलाई उत्पादनको क्षेत्रमा वृद्रिध गर्ने कुरा छ । कर्णाली प्रदेशलाई वढिभन्दा वढि उत्पादन गरेर जनतामा पहुँच सहज गराउनुपर्नेछ । आज खासगरी उईले उईले पञ्चायत कालमा हुने गथ्र्यो । समयमा उत्पादन गर्ने त्यसलाई राज्यले खरिदको व्यवस्थापन गर्ने । भोगमरीको वेला त्यलाई व्यवस्थापन गर्ने । हामी कहाँ अहिले सामान्यतया समयमै सवभन्दा छिटोभन्दा छिटो हामीले विषादि मल उत्पादन  गरेर प्रशोधन गरेर उत्पादन गर्ने । हामीले खाद्य वस्तुलाई अखाद्य वस्तुमा उत्पादन गरेर जनताको जीवनमा खेलवाड गर्ने । राज्य छ कि छैन भन्ने खालको ढङ्गले पनि हामीले ध्यान दिने अवस्था भएन भने पक्कै पनि यो वास्तवमा निमुखा जनताको लागि व्यावहारीक ढङ्गले कानून बनेन् भने वास्तवमा जनपक्षिय ढङ्गले कानून वनेन भने हामीले उई परम्परागत ढङ्गले धान्य गरी कानून

निर्माण गर्ने । एउटा लिगेसी धान्ने गरी परम्परालाई धान्ने गरी कानून निर्माण गर्ने । नौलो आयामका साथ हामी प्रस्तुत गर्न सकेनौं भनपछि मलाई लाग्छ । हामीले निर्माण गरेका कानून पनि व्यावहारीक ढङ्गले जनमूखि ढङ्गले निर्माण हुन सकेनन् भने त्यो फलदायि फेदफुल हुदैन भन्ने मलाई लाग्छ । यद्यपि खाद्य भन्ना विक्तिकै मान्छे जीवन स्वस्थ ढङ्गले आफूलाई यापन गर्न सकेन भने चाहे त्यो राजनीति होस्, चाहे त्यो उद्यमि होस, चाहे त्यो विद्यार्थी होस, कुनै पनि मान्छे अगाडि बढ्न सक्दैन । हरेक नागरिकको स्वस्थ नागरिक उत्पादन गर्ने त्यो राज्यको दायित्व भित्र पर्छ । त्यो कर्तव्यभित्र पर्छ । हामीले यस मानेमा हामीले कानून बनाउँदैछौं । हामीले प्राङ्गारिक अर्गानिक उत्पादन गर्ने तिर वढिभन्दा वढि महत्व दिन लागिउ भनेपछि पक्कै पनि कर्णाली प्रदेशका स्वस्थ खालका नागरिकलाई राहत दिने काममा हामी कर्णाली प्रदेशका सांसदज्यूहरू पनि माननीय मन्त्रीज्यूहरू पनि अगुवाई गरेर लागिउँ भनेपछि कर्णाली प्रदेशको हिजोको आइडेन्डिटि, हिजोको पहिचान, हिजोको बुझाई फरक ढङ्गले अगाडि बढ्ने छ र यसभन्दा पहिला कृषि मन्त्रीज्यूले कर्णाली प्रदेश अर्गानिक प्रदेश भने जस्तै गरी उपलब्धिमूलक ढङ्गले अगाडि वढोस बढ्नेछ । यो कानून खासगरी व्यावहारीक ढङ्गले हामीले निर्माण गर्न सक्यौं भने पछि पक्कै पनि जनताका पक्षमा हुनेछ भन्ने कुरा राख्दै विदा हुन चाहन्छु । हस्त धन्यवाद।

**माननीय सभामुखः**माननीय सदस्यहरू खाद्य उत्पादन, अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक, २०७५ माथिको सैद्धान्तिक छलफल आजै समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले रोष्टमको वायाँ तर्फ रहेका सचिवालयका कर्मचारीहरूलाई नाम टिपाउनु होला अव माननीय श्री दीनबन्धु श्रेष्ठ । (समय ७ मिनेट)। त्यसपछि माननीय श्री सोशीला शाही तयार रहनुहोला ।

**माननीय श्री दीनबन्धु श्रेष्ठः**माननीय सभामुख महोदय आज हामीहरू सैद्धान्तिक छलफलमा खाद्य उत्पादन, अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक, २०७५ मा सैद्धान्तिक छलफल गर्दै छौं । पक्कै पनि यो विधेयक हेर्दा कृषि मन्त्रीज्यू र त्यस निकायका अन्य सरोकारवालाहरूको ठूलो मेहनत पछि आएको जस्तो लाग्छ । कुराहरू धेरै राम्रा छन्। विधेयकमा यसमा धेरै कुरा म भन्न चाहन्न र अर्को कुरो यो विधेयक प्रत्यक्ष नागरिकहरूसँग जनतासँग सरोकार लाख्ने विधेयक हो । किनभने खाद्यसँग यसको सरोकार छ । त्यसैले यहाँनिर भन्नुपर्दा विधेयक जति राम्रो भएपनि हाम्रा विगतका अनुभवहरू छन् । कार्यान्वयन पक्ष हाम्रो कमजोर छ । त्यसैले हामीले कुन वर्ग कुन क्षेत्रलाई त्यसको प्रतिफल दिन खोजेको हो । यलाई प्रभावकारी गर्न खोजेको हो । त्यतातिर केन्द्रित भएर विधेयकमा त हामले हेरिम तर भोलि कानून पक्षमा आउँदा तिनिहरूले प्रत्यक्ष प्रतिफलको अनुभूति हुने किसिमले अगाडि बढ्दा अरु सार्थक हुन्छ र विधेयक आफैंमा राम्रो छ । अव हामीले हेर्नुपर्ने कार्यान्वयन पक्ष हो । म यहाँनिर के राख्न चाहन्छु भने प्रस्तावित कर्णाली अञ्चलका पाँचै जिल्ला विगतमा हाम्रो ठूलो समस्या

भनेको खाद्यान्न हो । हामी खाद्य संस्थानमा ४/५ दिन लायन लागेर ८/१० किलो चामल लिनुपर्ने थियो तर त्यसको अहिले न्यूनिकरण भएको छ । तर त्यो खाद्यान्नको गुणस्तर कस्तो छ के छ भन्ने त्याँ सोच्ने मौकै थिएँन । हामी खाद्यान्न पाएपनि पुग्थ्यो । अव त्यो परिवर्तन पछि र अहिले हाम्रा विभिन्न यातायातका कारणले पनि धेरै जसो जिल्लाहरूमा यसको समस्या न्यूनिकरण भएको छ । तर त्यतिले मात्र पुग्दैन खाद्यान्नको गुणस्तर कुन लक्ष्य र कसको पहुँच यसमा हुनुपर्ने र हाम्रो कर्णाली प्रदेशको यसमा मूल दायित्व के हो भन्ने कुरो महत्वपूर्ण कुरा हो जस्तो लाग्छ । तर म समयको पालनाले गर्दा मैले केहँ बुँदागतमा मात्र टिपेर ल्याको छु । म त्यो राख्न चाहन्छु। सभामुख महोदय १) नम्बरमा खाद्य अधिकारको खाद्यमाथिको अधिकार कसमा हुनुपर्ने वढि हामी काँ केन्द्रित हुनुपर्ने खाद्यान्न उत्पादक वितरक उपभोक्ताको हुनुपर्ने हो । तर ठूला कपिराईटर र विचौलियाबाट हुने मारबाट वच्ने सहितको स्पष्ट खाका हुनुपर्दछ । हामीले एउटाएउटा वर्ग लक्षित गरेर ल्याउछौं र त्यसको प्रतिफल त्यहाँ पुग्दैन र विचैमा यसको चाई चुहावट हुन्छ । यलाई पनि सजक हुनुपर्छ जस्तो लाग्दछ । नम्बर २) मा खाद्यान्न उत्पादक र खाद्यान्न उपभोक्ताको हक सुनिश्चित हुनुपर्ने व्यवस्थाको यो विधेयकमा राख्नुपर्ने जरुरी छ । उनीहरूको हक अधिकारलाई सुनिश्चित हुने किसिमले उल्लेख गर्न जरुरी जस्तो मलाई लाग्दछ । ३)कुनै पनि व्यक्ति खाद्यान्न अभावबाट पिडित हुन नदिने ठोस र पारदर्शी एवं जनचेतनाको लागि निर्देशित हुनुपर्दछ । ४) खाद्यान्नको लागि स्वास्थ्य पौष्टिक तथा आफ्नै संयूतिमा आधारित हाम्रा विभिन्न क्षेत्रमा आफ्नै रीतिरिवाज छन् । आफ्नै संस्कृतिहरू छ । त्यो अनुसारको पनि हामलाई खाद्यान्न परिकारहरू हुन्छ । आधारितमा आफ्नै प्रकारका विशिष्ट खाना र कृषि प्रणालीको अधिकार सुनिश्चित गर्ने प्रणाली स्पष्ट हुनुपर्छ । ५)जनताका सांस्कृतिक पृष्टभूमिका आधारमा आफ्नै जातीय सामाजिक रूपले उपयूक्त खानामा पहुँच र उपलब्धता हुने सहितको निश्चितता चाहियो चाहिएको छ । ६) खाद्य सुरक्षा भन्दा खाद्य सम्प्रभूता महत्वपूर्ण रहेकोले व्यक्तिले आफ्नो परम्परा सांस्कृतिक अनुसार खानाको परिकार स्थानीय उत्पादन र पर्याप्त खाद्यान्नमा माथि अधिकारलाई कसरी सुनिश्चित गर्न सकिन्छ। यो प्रष्ट हुनुपर्‍यो । ७) गरीबि विपन्न परिवारको खाद्यान्न माथिको अधिकार यो प्रष्ट हुनुपर्‍यो । हामी पक्षित यिनलाई गर्छौं तर यो सम्पन्न व्यक्तित्वहरूले यलाई वढि उपभोग गरेको देखिएको छ । विगतमा अधिकार प्रष्ट रूपमा आउनुपर्छ ८) खाद्यान्न माथि उत्पादक साना किसान कृषि श्रमिक यससँग सम्बन्धित पहुँच र अधिकार स्थापना गर्ने संयन्त्र चाहियो अव यहाँनिर खाद्यान्न माथिको उत्पादक भनिउँ साना किसान भनिउँ र कृषि श्रमिकको अधिकार हुनुपर्‍यो। यनीहरूले त्यहाँ कृषकका खेतीवारीहरूमा कृषिमा आउने घाटा ऋण लाएर वढिभन्दा वढि उव्जाउन तिर लाग्छन । तर श्रमिकको अधिकार के त उनको त्यहाँ अधिकार हुने कि नहुने त यि कुरा हामी प्रष्ट हुन पर्छ भन्ने लाग्दछ । ९) कृषि प्रणालीलाई खाद्य सम्प्रभूतासँग जोडिनुपर्ने । यो महत्वपूर्ण कुरा हो। सम्प्रभूता भनेको

महत्वपूर्ण कुरा छ यलाई जोडनुपर्छ । १०) यो कानूनको कार्यान्वयनको लागि स्पष्ट संरचना हुनुपर्‍यो । कानून लागु भईसकेपछि यो र उ भनेर हामीले वहानावाजि गर्ने स्थिति सिर्जना नहोस र यो कानून यसरी अव लाग्छ । यो कानून यसरी अव हामीले प्रयोग गर्छौं । यो कानूनलाई कार्यान्वयन गर्छौं भन्ने एउटा स्पष्ट खाका पनि यसमा समेटिनु पर्छ भन्ने लाग्दछ । त्यसैले अहिले सैद्धान्तिक छलफलमा मैले केई बुँदागत कुराहरू राखे र यहाँ यसमा म ध्यान आकर्षण गराउन चाहन्छु । र अन्य कुराहरूमा यो खाद्य सम्बन्धी एउटा यति महत्वपूर्ण कुरा हो । यलाई हामी सबैले गम्भिर भएर अझ छलफल गरेर यलाई वढि प्रभावकारी ढङ्गले अगाडि कसरी बढाउनसक्छौं । यो विधेयकलाई भन्दै मेरा याँ कुरा राख्दै विदा हुन्छु । धन्यवाद ।

**माननीय सभामुखः**माननीय श्री सोशीला शाही । (समय ७ मिनेट)

**माननीय श्री सोशीला शाहीः**सभामुख महोदय, यस कर्णाली प्रदेशको तेश्रो अधिवेशन सातौं बैठकमा उपस्थित भई रहेका छौं । स्वभाविक रूपमा संघीयता देशको एउटा नयाँ अभ्यास भएका कारणले गर्दा थुप्रै ऐन कानूनहरू निर्माण गर्नुपर्ने सबै नयाँ व्यवस्था गर्नुपर्ने अवस्था छ । आज हामी खाद्य उत्पादन अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक २०७५ माथि छलफलमा जुटिरहेका छौं । साच्चै यो विधेयकको हामी सम्पूर्ण नागरिकको जनजीवनमा प्रभावित परिवर्तन ल्याउने देखिन्छ । तर यसको व्यवहारिक पक्षलाई ध्यान दिएनौ भने विधेयध विधेयकै रूपमा समिति सीमित हुने पक्का छ। विडम्वना कृषि प्रधान देश भनेर चिनिने हाम्रो देशका नागरिकको गास, वास र कपासको सुनिश्चित नभइरहेको अवस्थामा विना भेदभाव प्रयाप्त पोषणयुक्त तथा गुणस्तरिय खाद्यान्नमा नियमित, सजक र सर्वसुलभ पहुँचको व्यवस्थाको कुरा गरिरहेकाछौं । सभामुख महोदय कृषिले आफूले उत्पादन गरेको प्रस्तुतीको मूल्य निराधार गर्न पाउने र उक्त वस्तुको वजारीकरणको लागि उपभोग र मूल्यांकन छनोट गर्न पाउने उल्लेख गरिएको छ । भर्खरै चितवनमा कृषिको उत्पादन गरेको वन्दागोपी केजीको २ रुपैयामा पनि विक्री नहुँदा कृषकले वन्दागोपि वारीमा डोजर लाउनु परेको अवस्था आएको थियो । यस्ता यि आवत कुराहरूलाई हामीले ध्यान दिएनौ भने हामीले कानून मात्रै बनाउने जनताका समस्या जिउका तिउ रहने निश्चित छ। हामी खाद्य उत्पादन र अधिकारका कुरा गर्छौं । गाउँमा जनताको उत्पादन जनताले उत्पादन गरेका अन्नवाली किराले खाने र तरकारी वाली वजारीकरण र मूल्य नपाएर बजारमा कुईरहेको अवस्था छ । यस्तो अवस्थामा कृषकलाई मात्रै दोष लगाएर हुदैन । कृषिले उत्पादन गरेका सम्पूर्ण वस्तुहरू प्रदेश सरकारले खरिद गरेर विक्रि गर्ने व्यवस्था गर्नुपर्दछ । अनि मात्र खाद्य उत्पादन अधिकार र सम्प्रभूता लगाएत अन्य विषयको केही अवसर सम्वोधन हुन सक्छ । हामी परम्परागत तथा रैथाने वाली संरक्षणका कुरा गरिरहेकाछौं । कृषिले उत्पादन गरेको परम्परागत वाली कोदो, जौ,फापर, चिनोकागुनो लगायत अन्य वस्तु हामी देखे सहज सहदैनौ अनि खपत नै हुदैन भने के कामका लागि उत्पादन संरक्षण गर्नु त्यहीं भएर

यसको उत्पादनको व्यवस्थामा राज्यले नै गर्नुपर्छ । हामी दूषित खाद्य पदार्थको उत्पादन तथा विक्री गर्न प्रतिवन्धका कुरा गरिरहेकाछौं तर बजारमा स्वास्थ्यमा हानी हुने सडेगलेका गुणस्तरीयहीन म्याद नाघेका फोहोरमैला वा विषादियुक्त खाद्य पदार्थ खुलेआम रूपमा विक्रि वितरण गरिरहेकोपाइन्छ । यसमा सरोकारवाला निकायले कडा निगरानी गर्नुपर्दछ । अनि मात्र यसले सार्थकता पाउँछ पाउन सक्छ । कृषियोग्य भूमिलाई अन्य प्रयोगको लागि उपयोग गर्न नपाईने भनिएको छ तर सुर्खेतकै तल्लो भाग खेतीयोग्य जमिनलाई पलेटिङ गरी धमाधम घडेरीको घडेरी विक्री वितरण भइरहेको छ । वातावरणीय प्रभावको मूल्यांकन नगरी स्थानीय निकायले हराभरा जंगल र खेतीयोग्य जमिनमा जथाभावी डढेलो डोजरको प्रयोग गरिरहेकोपाइन्छ । आफू हिड्दै छ पाईला मेट्दै छ भने झै हामी कागजी कानून बनाउँदै जाने व्यवहारिक कानून कार्यान्वयन नहुने हो भने यो संसद हलमा जतिसुकै कुर्लेर पनि कही नहुने केही हुनेवाला छैन । यसका लागि सबैलाई सचेत गराउन र हुन जरुरी छ । हरेक रचनात्मक कामको लागि सहयोग र समर्थन रहने नै छ । धन्यवाद । जय राष्ट्रवाद ।

**मानीय सभामुखः**माननीय श्री मिनासिंह रखाल । (समय ७ मिनेट)

**माननीय श्री मिनासिंह रखालः**सभामुख महोदय भूमी, व्यवस्था कृषि तथा सहकारी मन्त्रालय कर्णाली प्रदेश वीरेन्द्रनगर सुर्खेत र यो मन्त्रालयले खाद्य उत्पादन अधिकार तथा सम्प्रभूताका निश्चित गर्न बनेको विधेयक, २०७५ माथि छलफल गर्दै आउँदा मलाई खाद्य भन्ने विक्तिकै आज हामी यई खाद्यकै लागि हाम्रा जीवनहरू लडाईमा लागिरहेको जस्तो लाग्छ । किनकि हामी यई खाद्यकै लागि अथवा पेटभर भात खानको लागि हाम्रा संघर्षमय जीवनहरू व्यतित भईरहेका छन् । कर्णाली प्रदेश यस्तो प्रदेश हो हिमाल, पहाड, तराई दुवै सबै क्षेत्रबाट मिलेको प्रदेश भएपनि आज हामी यई खाद्यको लागि लाइन लागेर वसिरहेको पनि अवस्था छ । आज खाद्य उत्पादन भन्ने जुन कुराहरू आईरहेको छ । हाम्रा डाडाँपाखामा खोलानाला तल वगेका छन् । खेतिपाती माथि रहेको छ । ८०/९० प्रसेन्ट किसानहरूले खेतीपाती गरिरहेकाछन् तर ३ महिना पनि नपुग्ने अन्नवाली उत्पादन भइरहेको छ र आज हामी कर्णाली प्रदेशलाई अर्गानिक प्रदेश भनिरहेका छौं । तर हामीले गाई, भैसी, पशुपालन पाल्न छोडिसकेका छौं र मल पनि उत्पादन गर्न छोडिसकेका छौं र हामी कसरी उत्पादन गर्न सक्छौं र अनि हामी पेटभर खाना खान्छौ र हामी स्वस्थ सुसँगठित कसरी त्यस्ता बच्चाको जन्म दिन्छौ । कसरी हामी त्यसरी हिडन र चल्न सक्छौं । हाम्रो कर्णाली प्रदेशलाई हेर्दाखेरी आज पनि हाम्रो कर्णाली प्रदेशमा कर्णाली पूर्व कर्णालीको समस्या र हाम्रै पहाडी दैलेख, सुर्खेत,जाजरकोटको समस्या कुनाकन्दराको हेर्ने हो भने पनि आज पनि हाम्रा आमा,दिदि, बहिनी र हाम्रा ती सन्ततीहरू ती जनताहरू भोकै छन् । अस्ति भर्खरको कुरा हो यही ७ गते म दैलेखमा पुगेको थिएँ । म चाई प्रदेश योजना आयोगको कार्यक्रममा उपस्थित भईरहँदा मलाई पटकपटक फोन आईरहयो । त्यसपछि म बाहिर निस्के र एउटा आमा

आमा पनि कसरी भन्ने उमेरमा उनी ५८ वर्षको रहिछिन् । तर उनका हाडछालाहरू यस्ता देखिन्थे कि बाहिरबाटै गन्न सकिन्थ्यो । उनले मलाई बोलाइन तर मैले उनलाई वुरो देखेर आमा भनेपनि उनी म भन्दा कान्छी नै रहिछिन् । जस्तो मलाई लाग्यो अहिले बिहान मात्र पनि मैले सोध्दाखेरी कान्छी नै हुनुपर्छ भन्नु भो त्यसपछि मैले के भने भने किन बोलाउनु भो त तपाईंले मलाई भनेर सोध्दाखेरी उहाँले के भन्नु भो भने मेरो बच्चाको मेरो नातिनातिनाको १० गतेबाट परीक्षा छ तर मेरो घरमा १ गेडा अन्न छैन । अनि म दैलेख बजारको प्रहरी कार्यालय धाईरहेको छु । कि मेरो छोरा मन बहादुर थापा मगर वहुविवाह ब्या गरेको नाममा जेलभित्र छ । कमाइकाज गरेर ल्याउने मान्छे कोई पनि छैनन् । अनि मेरा नातिनातिना भोकभोकै छन् । अनि मैले कसरी के ख्वाएर अनि त्यो बच्चा १४ वर्षको वालिकालाई परिक्षा दिन पठाउने । मेरा यी समस्या हुन् । अनि उहाँ यस्तो दृखिनुहुन्थ्यो कि जीवनभरी उहाँले कहिलै पनि पेटभर भात खानुभएन जस्तो मलाई लाग्यो । रहरभरि राम्रा लुगा कहिलै पाउनु भएन। तर एउटै अटोमा चढेर म चुप्रासम्म जाँदा मैले उहाँबाट के पाए भने दिदी मैले जीवनमा मिठो खाना र राम्रो लाउन भनेको कहिलै पनि थापाईन । मेरो श्रीमान वैंशैमा वितिजानु भयो । अनि मैले अर्काको वाउरेपाउरे गरेर छोराहरू पाले तर पनि आज म तपाईं भन्दा पनि बुढो देखिनाको कारण मेरो कैलै पनि खानामा व्यवस्था भएन । १ छाक खाए कैलै तीनै छाकपनि भोकै वसे भन्ने कुरा गर्नुभो । आज मैले यस खाद्य उत्पादन भन्दाखेरी मैले सम्झनुपर्ने अवस्था आयो र हामी खाद्य उत्पादन भनिरहेका छौं । अधिकार सम्प्रभूता भनिरहेका छौं र कुनै पनि नागरिकले भोको नरहनु परोस् भन्ने पनि हामीले यहाँ बुँदागत पाईरहेका छौं तर पनि आज कुनाकन्दरामा खोजिखोजि हेर्दाखेरी धेरै मान्छेहरू भोकै बसेको मैले पाएको छु । म एकपल्ट २८ सालको कुरा म भन्छु । यहाँहरू कोई २८ साल भोकमरीमा पर्नु भएको होला याँ नभएको होला । म ९ वर्षको थिएँ । हाम्रो देशमा यस्तो ठूलो भोकमरी पऱ्यो कि साउनको महिना पानी झरर परेको परेई छ । अन्नवाली केई पनि छैन । त्यति खेरको अवस्थामा आफूले जति उब्जाइन्थ्यो त्यति खाइन्थ्यो । किनेर खाएपनि पाइदैनथ्यो। जसको घरमा जे थियो भाडाकुडा दिएर अन्न ल्याउने अनि तोरी दिएर पिठो ल्याउने त्यस्तो साटासाट गर्ने अवस्था म पनि थाहा पाउछु । १ जना असाध्यै गरीव वालीका उनी त्यो दैलेख बजारमा माग्दै हिनेको त्यो म अझपनि झलझली देख्छु। म त्यतिखेर ९ वर्षको थिएँ । अनि उनैको गीत बनाएर हामीले नाचिउँ गीत गाईउँ तर उनी केही दिनभित्र मरिन । त्यतिखेरको गित थियो । यो वालीका टुहुरी रहिछ खान लाउन नपाएर मरिछ घाटी तानीतानी हजुर भनेर हामीले त्यो गीत नाटकमा देखाएर उसको नामभनेर पनि हामले नाटक गरीम त्यो वेलाको अवस्था र आज यो अवस्थामा आउँदा पनि अझपनि हाम्रा मान्छेहरू भोकै छन् । भनेको जस्तो खान पाईरहेका छैनन् । त्यो कुरा मैले यहाँ अलिकित संक्षेपमा जानकारी गरे । यहाँ चाई यो ७ वटा परिच्छेदभित्र २८ वटा बुँदामा असाध्यै राम्रा कुराहरू आएका छन्

। र यो कुरालाई हामी लागु गर्न सकिउ भने यसलाई हामले कार्यान्वयनको दिशामा गयौ भने लाग्छ । कर्णाली प्रदेश भोको रहदैन कि अनि त्यसरी खान पाईन भनेर मर्नु पर्दैन कि त्यसरी एउटा रोटीको लागि झम्टिन जान पर्दैन कि जूतो मलाई लागिरहेको छ । यहाँ के भनिएको छ । भने भोको पेट भोकबाट मुक्त हुने भोकबाट मुक्त हुने यो असाध्यै राम्रो शब्द आएको छ। किनकि मेरो वरिपरि अस्ति पनि जाँदा म सँग १ जना महिला आउनु भयो । आज मेरो घरमा खर्च छैन दिदि तपाईं आउनु भाको देखेर आको हो भन्नु भयो । प्रत्यक्ष म नजिकै छु । त्यस्तो किसिमको अवस्था छ। किनभने हामीसँग प्रशस्त जिमिजग्गा छैन । हामीसँग गिट्टी कुटेर खानुपर्ने अवस्था छ । दिनभरीको मजदुरी गरेर खानुपर्ने अवस्था छ । अनि ती मजदुरी गरेर गिट्टी, वालुवा बेचेर आएको पैसाले सर्वप्रथम हामी १ माना १ किलो चामल किन्छौ । त्यसपछि फेरी बचेको रक्सि खान्छौ । त्यस्तो पनि हाम्रो अवस्था छ । र रक्सि किन खाने भन्यो भने आनन्द लिनको लागि दिनभरीको थकाई मेट्नको लागि भन्ने त्यस्ता कुराहरू पनि आउने गरेका छन् । त्यसैले एउटा कुरा याँ के देखेको छ । भने व्यक्ति पहिचान अथवा उसको अवस्थाको पहिचान गरेर परिचयपत्र दिने भन्ने भन्नुभको छ । यो असाध्यै राम्रो छ । यदि हामीले त्यस्ता वर्गको पहिचान गरेर परिचयपत्र दिईउँ र उनलाई खाद्यान्नको आवश्यकताबाट मुक्त गऱ्यौं भने सारै राम्रो काम चाई त्याँबाट हुनेछ । र यहाँ धेरै कुराहरू राम्रा आएका छन् । मैले यो सैद्धान्तिक छलफलमा आफ्ना मनमा लागेका कुरा र हुनुपर्ने कुराहरू पनि मैले यहाँहरूलाई वताए र हामीले यस विधेयकलाई पढ्ने मात्रै होइन र यहाँ सुनाउने मात्र होइन कार्यान्वयनको दिशामा पनि अगाडि जानु पर्छ र एउटा मलाई अलि गम्भिर विषय के  लागिरहेको छ । भने हाम्रो प्रतिपक्ष दलका नेता जीवन बहादुर शाहीले यहीं मञ्चबाट यो गरीमाय सदनबाट भन्नु के भएको छ । भने समितिले पैसा खाएर मिलायो यदि पैसा खाएर समितिले मिलाएको हो । भने म पनि यही सदनबाट के माग गर्छु । भने ख्वाउने र खाने दुवैलाई कारवाही हुनुपर्छ । होइन भने यो गरीमामय पद ठाउँबाट यो प्रदेशको वदनामी हुने काम जो कोईलाई पनि गर्न छुट छैन  र सभामुख महोदय यस्तो कुनै हो भने छानविन गरेर कारवाहीको भागिदार हुनुपर्छ । हस्त धन्यवाद । नमस्कार ।

**माननीय सभामुखः**माननीय श्री अम्मर बहादुर थापा ।(समय ७ मिनेट)

**माननीय श्री अम्मर बहादुर थापाः** माननीय सभामुखज्यू, आज खाद्य उत्पादन तथा अधिकार सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक सैद्धान्तिक छलफल भईराको छ । म वास्तवमै नेपालीहरूको जीवन कृषिमा छ । यो विधेयक आएकोमा म कृषि मन्त्रीज्यूलाई धन्यवाद दिन चाहन्छु र वास्तवमा यो विधेयक सुरुमा मैले सुझाव  दिन चाहन्छु । यो विधेयकमा संवैधानिक व्यवस्था अनुसार जाने खाद्य सम्प्रभूताको अधिकार नेपाली जनतालाई त्यो हक हुनेछ भन्नेछ । संवैधानिक व्यवस्था हो त्यो अव यसमा अलिकति थप्नुभाछ यसलाई ऐनमा  लेख्दाखेरी धेरै लामो नवनाएको भए हुन्थ्यो भन्ने छ । मेरो

सुझाव खाद्य सम्प्रभूता भन्नासाथ यसको पूर्णता प्राप्त गर्छ । पेटवलीमा तल जति जे लेखिए पनि यसलाई व्यवस्था गर्न्ने भन्ने हुन्छ ऐनको नाम छोटकरीमा लेख्दा खाद्य सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक भनेपछि अधिकार उत्पादन यी सबै कुराहरू तल यो बीचमा लेख्न लेखे पुग्छ । भन्ने मलाई लाग्छ। यो खाद्य सम्प्रभूता ऐन संघीय कानून पनि बन्दैछ र संविधानले यसलाई प्रत्येक नागरिकको हक हुनेछ भन्ने पनि लेखेको छ । अव यसले त्यो हकलाई कसरी व्यवस्थापन गरेर लैजाने हो र प्रत्येक नागरिकहरू अव खाना नपाएर भोको मर्न हुदैन भन्ने यसको व्याख्या छ । संविधानमा त्यो हकमा पनि त्यो त्यस्तो किसिमको व्याख्या छ । त्यसैले त्यसैका आधारमा रहेर बाँकि थप गर्न सकिने त्यसलाई अझै राम्रो बनाउन सकिने के हो कर्णाली प्रदेशलाई बनाउनु जरुरी छ तर पनि म  एउटा कुरा भन्न चाहन्छु। प्रदेश सरकारलाई हामी कर्णाली प्रदेश हो । यो कर्णाली प्रदेशमा उत्पादनको भूमी कम छ । जहाँ उत्पादन हुनेछ त्यहाँ सहरीकरण हुन्छ । जहाँ उत्पादन कम हुन्छ त्यहाँ जग्गा बाझो हुदैछ । किनभन्दा किसानहरूले त्यहाँ उत्पादन गरेर आफूलाई नपुग्ने भएपछि अर्कै बाटो समातेर सकेसम्म गईरको अवस्था छ । हरेक जमिनलाई हामीले अनिवार्य उत्पादनको व्यवस्थापन संघीय सरकारले पनि त अहिले भनेको छ । ३ वर्षसम्म जग्गा बाझो राख्न पाईदैन । तर राख्न पाईदैन भनेर त ऐन बनाउने त्यो उत्पादन किसानलाई त्यो मोह जगाउँने वातावरण पनि हामीले बनाउनुपर्दछ । त्यहाँ उत्पादन परम्परावादी उत्पादनले जनताले त्यहाँ आफ्नो परिश्रम जति गर्छ । त्यति यो चिज प्राप्त गर्न सकेन र आफूलाई खाद्यमा सुरक्षित ठानेन भने यो ऐनले त्यो व्यवस्थापन सहितको गरेर अगाडि बढ्न पर्छ । अहिले खाद्य सम्प्रभूता भन्नासाथ सबै कुरा उत्पादनै गर्नुपर्छ ।त्यहींबाटै खाएर त्यहीं उत्पादन गरेरै बनाउनु पर्छ भन्ने छुट्टै अर्को ऐन वन्छ । यस्तो काम सरकारले जनतालाई भोको राख्न नदिने अहिले माननीय मिनाजीले भन्या जस्तै त्यसको संकलन गरेर त्यो क्षतिपूर्तिको व्यवस्था राज्यले गर्न जरुरी छ । त्यस कारणले यसलाई चाईने व्यवस्थापन गर्न यो विधेयकले अझै के के छुट भएका छन् । सैद्धान्तिक रूपले र कसरी अगाडि बढ्न सकिन्छ । भन्ने कुरालाई यस्तै महत्व  राख्छ । त्यसमा फेरी पनि अर्को मन्त्रीज्यूले आज पेश गर्नुभाको छ । प्राङ्गारिक अग्र्यानिक वास्तवमा हामीले अर्गानिक गराउनका लागि जति सजिलो छैन। माननीयज्यूहरूले भन्या जस्तै गाई,वाखा पाल्न छोडिसके भैसी पाल्न छोडिसक्यो ७ वटा भैंसी, १५/२० वटा गाई, २०/४० वटा वाखा, पाल्ने मध्येको एक जना किसान म पनि हु । ३७/३८ सालसम्म यति वस्तु पालिन्थ्यो त्याँ सबै वारीमा चाईने ३ महिना बारीमा चाईने गाई वस्तुहरू राखिन्थ्यो । तव न अर्गानिक भाको थियो । अहिले यूरिया लिएर जव २/४ दाना यूरीया फाल्दिनुन हुर्लुक्क हरियो हुन्छ । अनि अर्गानिक काँबाट भो । त्यस कारणले त्यतातिर जानका निमित्त जैविक मलको त्यो प्राङ्गारिक त्यसलाई सपोर्ट पुर्‍याउनलाई प्राङ्गारिक मलको जैविक तरिकाले हामीले त्यो उत्पादन गर्नुपर्‍यो । हामीले तवमात्रै जनताका लक्ष्यहरू जनताका आवश्यकताहरू प्रिपुर्ति गर्न सक्छौं । ऐनले

आएर ऐन मात्रै बनाएर मलाई लाग्छ सबै कुरा पूरा हुन सक्दैन । मुलुकि ऐन २०२० मा छुवाछुत गर्नुहुदैन भनेर लेख्या थ्यो। अहिले गणतन्त्र आउँदा पनि छुवाछुत हट्या छैन । हामीले छुवाछुत गर्नेलाई दण्डनिय हुने हो भनेपछि अहिले मान्छे आन्तरीक भएपनि हचकिएको त छ । तर कुनै पनि ऐनलाई प्रयोग गर्नका निमित्त कार्यान्वयन ल्याउनका निमित्त हाम्रो दृढता चाहिन्छ । त्यो दृढताका साथ अगाडि बढ्न त्यो ऐनहरूले त्यो व्यवस्था गरेको हुन्छ । त्यस कारणले नेपाली जनताका लागि नेपाली जनता अहिले ९५ प्रसेन्ट किसान पञ्चायत कालमा भनिन्थ्यो। अहिले पनि ६७ प्रसेन्ट किसान कृषिमै छ । जनता कृषिमै छ । र हाम्रो औद्योगिक रूपले औद्योगिक नेपाल बनाउन सकिरा छैनौं र व्यवसायी रूपले हामी अगाडि बढ्न सकिरा छैनौं। त्यसो भएको हुनाले हामीले हाम्रो प्रदेश सरकारले जे कुराको लक्ष्य यो प्रदेशले निमित्त राखेको छ । त्यलाई कार्यान्वयन भाषण र किताव लेखेर हुनेवाला छैन । हामीले त्यो कार्यान्वयनको क्षेत्रमा एक्सन कसरी गर्ने हो कानून बनाएर हुन्छकि जनतालाइृ कसरी सचेत बनाएर हुन्छकि र जनतालाई त्यो प्रविधि दिएर हुन्छ । जनतालाई पैसा वाडेरै सबै कुरा हुन्छ भन्ने पनि होइन । सरकारले प्रविधि दिनपर्‍यो जनतालाई औजार दिनपर्‍यो जनतालाई उत्पादनका दलाली ती चिजहरू जनताले ती साधनहरू प्राप्त गर्छ । जनताले उत्पादन गर्न सुरु गर्छ । पुरानै प्रविधिबाट अगाडि बढ्ने हाम्रो परम्परा खेतीलाई मात्रै ध्यान अगाडि पुर्‍याउने र त्यसलाई परम्परालाई पनि हामीले वचाउनका निमित्त व्यवसायीहरण गर्नपर्छ । अव अर्गानिक बनाएर चाईने हामीले उत्पादन गर्ने । हामीले मात्रै खाने हामलाई नै पुग्दैन किनभने त्यो त्यो चिज बनाउनका लागि त त्यति उत्पादन हुन सक्दैन । त्यसैले व्यवसायीकरण गर्न कर्णाली प्रदेशमा उत्पादित वस्तु काठमाँडौले माग गर्न सकोस । आज पनि मार्से चामल अलि प्रचारित छ । कर्णालीको मार्से चामल का पाइन्छ भनेपछि कुनै काठमाँडौको एउटा पसलमा पाउछ भन्ने सुर्खेतमा त्यो अर्को एउटा पसलमा पाउछ भन्ने मान्छेले चर्चा पाईराछ र त्याँ कस्तो रहेछ भनेर पनि तेले त्याँ तेलाई प्रयोग गर्‍यो । १० रुपैयामा चामल पाइन्छ । हाम्रो चिज २० रुपैयामा हाम्रो चामल २० रुपैयामा बेच्ने प्रविधि र त्यो बजारको खोजीपनि गर्नुपर्छ । तव मात्रै हाम्रो जीवनस्तर माथि उठन सक्छ । अव कोदो त्यस्तो छ । ७ भकारी, ८ भकारी कोदो बनाउने महिला किसान खोरीया वाडेर पनि कोदा कोदो बनाउँथे । २८ सालको भोकमारीमा कोदाले सुन कमाथ्यो सुनका चाईने १ तोला सुन दिएर १ मुरी कोदो लिएर पनि मान्छेले जीवन वचाएका थिएँ। त्यस कारणले अहिले हामीसँग स्टोरेज छैन । हिजोहरू भने स्टोर हुन्थ्यो ७ वर्षको कोदो अलिकति दीर्घकालिन रहन्छ । भनेर ७ वर्षका कोदाका भकारीहरू बस्थे । तव किसानहरूलाई त्यस्तो २८ साल आको वेला अव सुन त खान मिलेन कोदै खानपर्‍यो भनेर त्यसरी ज्ञानीविधि यसले यो पनि अवलम्वन गरेको छ । यसलाई स्टोरेज गर्ने यसैले नेपाल सरकारले विगत लामो समय देखि नै खाद्य संस्थाको संस्थागत विकास गर्‍यो आज त्यो खाद्य संस्था हिजो चाईने त्यले धेरै ठाउँ काठमाडौं मै

यही नेपालगंजमा,सुर्खेतमै धेरै चिजहरू सरकारले किनेर स्टोर गरेर जनतालाई सस्तो तरिकाले वितरण गरियो । तर आज सव जिल्लामा हाम्रो कर्णाली प्रदेशका २ वटा जिल्लामा मोटर बाटो पुगेको छैन । तर अरु जहाँ मोज सुविधा यातायातको सुविधा गएको छ । ईण्डियाको चामल अथवा काई सडेकै चामल भएपनि त्याँ गएर पुगेकै छ । त्यसको गुणस्तर के हो । हामीले पहिचान गर्न सक्या छैनौं। त्यसैले मान्छे उत्पादनका पछाडि नलागेर त्यो अर्काले ल्याएको जे जस्तो चिज हो त्यो पनि खाउँ भन्ने छ । यतातिर पनि गुणस्तर कायम गरेर हामीले स्टोरेज गरेर हाम्रा जनतालाई कसरी पुर्‍याउन सकिन्छ । यतातिर पनि ध्यान जाओस । र यसले अझै विशेष खालको यले जे ल्याएको छ ।यो एकदमै राम्रो छ । अझै पनि यसमा थप्नपर्ने अझै पनि जनतालाई जनताको जीवनस्तर उठाउन सक्ने वातावरण र व्यवसायीकरण गर्न सकिने वातावरण वनोस । यही तरिकाले यो विधेयक अगाडि बढ्ने छ । नेपाली र कर्णाली जनतालाई यले साँच्चिकै सार्थकता प्राप्त गरोस् भन्ने भनाई राख्दै मेरा भनाई यही अन्त्य गर्छु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री दान सिंह परियार । (समय ७ मिनेट)

**माननीय श्री दान सिंह परियार:**सभामुख माहोद्य आज हामी खाद्य उत्पादन अधिकार र सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक २०७५ माथि सैद्धान्तिक छलफलको लागि यहाँ म उपस्थित भई राख्या छु र प्रथमत आज जसरी हामीले खाद्य अधिकारको कुरा गरी रहँदा विश्वको अहिले अर्थतन्त्र र विश्वको सबै क्रान्तिको एउटा मोडेल हेर्दा पहिलो क्रान्ति मान्छेको चाई खान पाउने अधिकार सुनिश्चित गर्नको निमित्तगरिएको चाई त्या हामले पाउछौं । प्रथमत मान्छेले खान पाउनु नै उसको जीवनको निमित्त सबैभन्दा ठूलो चाई पहिलो अधिकार हो । त्यसो भकोले नेपालको संविधानको धारा ३६ को ३७ को ३६ को म प्रष्ट चाई खाद्य अधिकारको चाई हकको सुनिश्चित गरिएको छ । त्यसैको कारणको निमित्त आज हामीले प्रादेशिक खाद्य अधिकार र उत्पादन सम्प्रभूता सम्बन्धी हामीले बनेको विधेयकको सन्दर्भमा याँ छलफल गर्न गईराखेका छौं र यसमा मैले केई आफ्नो धारणा राख्न गईरहेको छु । प्रथमत हामीले खाद्य उत्पादनको कुरा गरी रहँदा र खाद्य अधिकारको कुरा गरी रहँदा यो प्रमुख समस्या के छ भने जव हामीले खाद्यको कुरा गरी रहन्छौं । जव हामीले उत्पादनको कुरा गरी रहन्छौं र यसको प्रमुख समस्या के छ भने आज साँच्चिकै जो मान्छे खान नपाएर चाई छटपटि राख्या छन् । तीनै मान्छेहरूको नाममा प्रथमत यसको समस्या के हो भन्ने कुरा हामीले विर्सिंदै गर्दा प्रथमत समस्या के छ भने जो साँच्चिकै काम गरी खान्छन । ती मान्छेको नाममा जमीन छैन । प्रमुख समस्या जमिन छ यहाँ जसले कामै गर्दैनन ती मान्छेहरूको नाममा विघौं विघा जमिन छ । जो साँच्चिकै काम कामै गरी खानुपर्ने मान्छेहरू हुन् अहिले पनि न्यूनतम खाद्य अधिकारबाट वञ्चित छन्। ती मान्छेको नाममा जमीन छैन त्यसो भकोले हामीले अवको चाई खाद्य उत्पादनसम्बन्धी चाई अधिकारहरूको चाई यूनिटिको बारेमा छलफल गरी

रहँदा प्रथमत न्यूनतम जमिन हामीले चाई हरेक जनताले जो उपलब्ध गराउन सक्छौं कि सक्दैनौ यो पहिलो प्रश्न हो मेरो र दोस्रो कुरा उत्पादन त्यो वेलामा मात्र हुन्छ कि वाझो राखेका जमिनहरू जति पनि छन् । त्यसको बारेमा हाम्रो प्रष्ट नीति हुनुपर्छ । जमिन वाझो राख्नेहरूलाई हामीले के गर्ने । काम गरी खानेहरूको लागि जमिन छैन जो कामै गर्दैनन तिनी मान्छेको नाममा लाखौं जमिन चाई खाली वाझो छ । त्यो वाझो जमिनलाई त्यो उपयोग गर्ने सरकारको नीति के हो । यो कुरामा हामीले प्रष्ट चाई व्यवस्था गर्न सक्नुपर्छ। र अर्को तेस्रो कुरा छ र अहिले जति पनि उत्पादीत भईराख्या छन् । उत्पादनमा हामीले देखिराख्या छौं । अहिले पनि धेरै विकसित देशहरूको चाई उदाहरण हेर्दा के देखिन्छ भने आज २ प्रसेन्ट मात्रै कृषि पेशामा आधारित अमेरिका आज विश्वलाई अर्वौंको चाई गहु वेच्छ । तर विडम्वना नेपालमा करिव ८५ प्रसेन्ट मान्छेहरू हामी कृषिमा आधारित छौं। तै पनि हजारौ मान्छेहरू अहिले पनि तपाईंको खान नपाएर चाई मर्नु परिराखेकै छ । अहिले पनि सबैभन्दा वढि कुपोषण काँ छ भने त्यो कर्णालीमा छ । अहिले पनि कैयौं वालवालिकाहरू विभिन्न रोगबाट संक्रमित काँ छन् त्यो कर्णाली मै छन् । अहिले पनि कर्णालीमा कुईएको चाउचाउमा अण्डा साटने संस्कार चाई कर्णालीमा छ । त्यो सम्मकोले मैले भन्न चाहन्छु कि वास्तवमा साँच्चिकै कर्णालीको खाद्य अधिकार सुनिश्चित गर्ने हो भने हाम्रो भू-नीतिलाई खाद्य अधिकारलाई छुन्छकि छुदैन पहिलो एजेण्डा हो । दोस्रो कुरा वाझो जमिन राख्नेहरूलाई हामीले एउटा प्रष्ट नीति बनाएर सबै जमिनको उपयोग गर्ने नीति हामी बनाउन सक्छौं कि सक्दैनौ । तेस्रो कुरा उत्पादनसँगै नयाँ प्रविधि नयाँ टेक्नोलोजि उत्पादनसँग हामी जोड्नसक्छौं कि सक्दैनौ र चौथो कुरा म भन्न चाहन्छु । हरेक व्यक्तिलाई उत्पादनसँग हामी जोड्नसक्छौं कि सक्दैनौ । व्यवसायीक कृषि उत्पादनसँग यदि हरेक व्यक्तिलाई जोड्न सकिएन भने फेरी खाद्य अधिकार फेरी ओझेलमा पर्ने देखिन्छ। त्यसो भकोले मलाई लागिरहेको कुरा के हो भने वास्तवमा यदि हामीले समृद्ध नेपाल खुसी नेपालीको परिकल्पना गरीराख्या छौं तर अहिले पनि साँच्चिकै जसले न्यूनतम वाच्न पाउने अधिकार खाद्य अधिकार प्राप्त नगरेको जो वर्ग समुदाय छ । त्यसका निमित्त राज्यले विशेष सोच्नुपर्छ । अहिले पनि हामीले देखिउँ ईण्डियामा हामीले देखेका छौं कि साँच्चिकै नितान्त गरीवहरूको लागि नितान्त पिछडा वर्गहरूको निमित्त हरेक उत्पादनमा हरेक ढुवानीमा र हरेक प्रत्येक चामल १ केजी चामलमा न्यूनतम २०/२५ रुपैया सम्मको पनि अनुदान दिई राखेको छ । जनतालाई वर्गीय हिसावमा छ क्याटागोरी गर्ने र सबैभन्दा तल परेको वर्ग समुदायको मान्छेहरूलाई चाई रातो कार्ड वितरण गरेर राज्यको तर्फबाट न्यूनतम तपाईंको चाई खाद्य डिपोहरू स्थापित गरेर उनीहरूको निमित्ततपाईंको कार्ड प्रयोग गरेका आधारमा चाई सस्तो वा सुलभ तरिकाले चाई खाद्यान्न प्राप्ति गर्ने चाई व्यवस्था गरिएकोइतिहास छ। त्यसो भकोले म भन्न चाहन्छु कि आज हामी कर्णाली पछाडि पऱ्यो । कर्णाली भित्रका हामीले सम्भावनाको बारेमा कहिल्यै छलफल बहस गरेनौ कि विश्वको सबैभन्दा उत्कृष्ट चामल

उत्पादीत गर्ने धान कर्णाली कालो मार्सी धान काछ भने त्यो कर्णालीमा छ । त्यसको बारेमा हामी छलफल बहस कहिलै गरेनौ । विश्वको सबैभन्दा वहुमुल्य जडिवुटिहरू सँग चाई तपाईंको त हरेक जनतालाई जोडेर चाईउनीहरूलाई सजिललै आम्दानी गर्न सक्ने सजिलै वाच्न सक्ने किसिमको वातावरण हामीले कहिलै प्रयोग गरेनौ । कर्णालीलाई जहिलै पनि अशिक्षा, गरीवी र भोकमरीको दृष्टिकोणबाट मात्रै हेरीयो । त्यसो भकोले अव हामी भन्न गईराखेका छौं । समृद्ध कर्णाली सुखि कर्णाली त्यो वेला मात्र सम्भव हुन्छ कि जुन वेला हरेक कर्णाली वासीलाई उत्पादनसँग जोड्नसक्छौं । अहिले पनि कैयौ युवाहरू १० हजार, १५ हजारको न्यूनतम पारिश्रमिकमा आज विभिन्न खाडि मुलुकमा चाई पसिना चुहाईराख्या छन् । कैयौ युवाहरू अहिले पनि विदेशमा पसिना चुहाईराख्या छन् र यो देशमा त्यो देशबाट हाम्रै कर्णाली प्रदेशमा हरेक किसानले चाई आत्मगौरव हुने किसिमको चाई हामीले नीति बनाउन सक्छौं कि सक्दैनौ । आज जसका कारण हामी वाचेका छौं । जसले उत्पादन गरेका कारण धरै मान्छे बाचिराख्या छन् तर ती किसानहरूको मानसम्मान छैन । जो किसान भन्दा आफूलाई कहिलै गौरव बनि स्थिति बनिराख्या छैन। जो किसानभन्दा समाजमा सबैभन्दा वढि तिरस्कृत र अपमान हुनुपर्ने स्थिति भईराख्या छ। त्यसो भएकोले म के भन्न चाहन्छु भने खाद्य अधिकारबाट वञ्चित वर्ग समुदायका मान्छेले कसरी चाई समाहीत गर्ने। यसको बारेमा चाई प्रष्ट सरकारको नीति यो चाई ऐनमा प्रष्ट व्यवस्था हुनुपर्छ र दोस्रो कुरा चाई उत्पादनसँग जोडिने कर्णालीका हरेक किसानहरूलाई राज्यले न्यूनतम उनीहरूको चाई आधारभुत प्रविधि र आधारभुत तपाईंको चाई टेक्नोलोजिसँग उनीहरूलाई जोड्नको निमित्त चाई सरकारले विभिन्न अनुदानका प्याकेजहरू ल्याउनुपर्छ । र अन्तमा खाद्य अधिकार त्यो वेलामा मात्र पूर्णता हुन्छ कि जुन वेला हरेक नेपालीहरूले हरेक कर्णाली वासीका मान्छेहरूले भोकै मर्नु नपर्ने न्यूनतम पोषणयूक्त खाने कुराहरू न्यूनतम पोषणयूक्त चाई खाने कुराहरू चाई सहज तरिकाले चाई  प्राप्त गर्ने वातावरण निर्माण गर्नुको निमित्त यो नीतिले सम्वोधन गरोस् भन्ने भनाई राख्दै मेरो भनाई यही टुङ्गिन्छ । धन्यवाद ।

**माननीय सभामुखः**माननीय श्री कुर्मराज शाही । (समय ७ मिनेट)

**माननीय श्री कुर्मराज शाहीः**माननीय सभामुख महोदय खाद्य उत्पादन अधिकार र सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक २०७५ माथि सैद्धान्तिक छलफल गर्ने क्रममा म यहाँ रोष्टममा उभिएको छु र सैद्धान्तिक छलफल गरी रहँदा खेरी मलाई त के लाग्छ भन्दाखेरी  यो वडा राम्रो छ ।धेरै मेहनत गर्नुभाछ । ४७ दफामा समेट्नुभाछ धेरै कुराहरू आको छ यहाँ परिच्छेद पनि ७ वटा लेख्नुभको छ । जे होस लेखिने कुरामा अगुगता छैन भन्ने मलाई लागेको छ । र यसमा चाई सबैभन्दा पहिला कुरा चाई यो विधेयकले यो व्यवस्था गरोस् कि यो रोटा  खाने मान्छेलाई सम्मान गर्नुपऱ्यो अव कर्णालीमा भोकमरी भो भोकमरी भो भन्छन् । कर्णाली भोकमारी छदैछैन । हाम्रो वानी भात खाने भा हुनाले हामीलाई भोकमारी भा हो । कर्णाली रोटा त कहिलै चाई

भित्रयाउदैनौं । कोदो हामीले कहिलै मागेकै छैनौं,मकै हामीले मागेकै छैनौं,फापर मागेकै छैनौं खाली अहिले विदेशबाट  चामल लेइदेउ चामल नभको कारणले गर्दाखेरी कर्णाली भोकमारी हो भनेर चाई एउटा आवाज चाई आको छ र अव गर्नुपर्‍यो के भन्दा रोटा खाने मान्छेले खुर्सानी रोप्नुपर्‍यो या नरोप्नुपर्‍यो यो विधेयकले रोटा खाने मान्छेलाई पुरस्कृत गर दिनुपर्‍यो के रोटा खाएपछि पेट खुम्चिन्छ कार्वोहाईड्रट फुल्छ मान्छेलाई चाहिने जति तत्वहरू यले पुग्छ भन्ने प्रोत्साहन गरियो भने मात्रै रोटा खाने वानीको विकास भयो भने कर्णालीको भोको रहँदैन । कर्णालीको जनता भोकै वस्नुपर्छ भन्ने अवस्था हुँदैन र त्यो भएको हुनाले यसमा चाई सवभन्दा पहिलो कुरो खाने वानी खाने वानीको विकासमा चाई मलाई लाग्छ । यसले प्रोत्साहन गरोस् १ कुरा अर्को कुरा चाई यो कृषिमा चाई लागिरहेका छन् कृषि कृषकहरू ती कृषकहरूलाई चाई विमाको व्यवस्था गर्नुपर्‍यो कि त्यलाई प्रभावकारी ढङ्गले लागु गर्नुपर्‍यो । प्रभावकारी ढङ्गले लागु गरियो भने मलाई लाग्छ । किसान चाई प्रोत्साहित हुन्छ र खेती गर्नेतिर लाग्छ र यसैगरी अर्को कुरा चाई कृषि उत्पादन गर्ने कुरामा प्रोत्साहन गर्नुपर्‍यो । कृषि उत्पादन गर्दाखेरी तेरो त्या भविष्य त्याँ सम्म जोडिएको छ भन्ने खालका मनोविज्ञान एउटा कृषकमा भयो भने अनि मात्रै मलाई लाग्छ उ कृषिमा लागि पर्छ । अहिले कृषिमा लाग्ने मान्छे चाई एकमद हिरो भको हिसावले हेरिने के उले चाई फाटो लुगा लगाएको हो भने खेतवारीमा जाने काम गर्‍यो भने अलि राम्रो लुगा लगायो भने जागिर खाको मान्छेले राम्रो लुगा लगाको छ भने उलाई प्रोत्साहन गर्ने ठूलो मान्छे भन्ने सम्मान गर्ने जो चाई २४ सै घण्टा तपाईंको खेतवारीमा रहेर काम गर्ने मान्छेलाई त्यलाई हेलोहोचो गरिने । हामीले के गर्नुपर्‍यो भन्दाखेरी त्यो २४सै घण्टा खेतवारीमा काम गर्ने मान्छेले हेलोहोचो हैन कि त्यलाई प्रसारण गर्नुपर्‍यो के ठूलो मान्छे भन्ने खालको भावना विकास गर्न सकियो भने १ जना माननीय चाई ठूलो होइन १ जना चाई मलाई लाग्छ जागिर खाने मान्छे चाई ठूलो मान्छे हैन यो निरन्तर खेतीमा लागेको मान्छे वडो ठूलो हो भन्ने खालको यलाई चाई गर्न सकियो गाउँ सम्मान दिन सकियो भने त्यो मनोविज्ञानको विकास हुन सक्यो भने मान्छे खेतीमाथि खेतीपातीमा लाग्छ र अर्को कुरा अलि समस्या काँनेर भन्दाखेरी हामीले उत्पादन गरेको चिज सर्वसुलभ छैन । यो सर्वसुलभ कसरी गर्न सकिन्छ । अनि मान्छे वल्ल खाद्यमा पहुँच पुग्छ । बाहिरबाट आउँने चामल चाई सर्वसुलभ हुने त्यलाई आफ्नो पेट पालिने र हामीले उत्पादन गरेका चिज सर्वसुलभ नहुने त्यो भकोले किन्दा नसक्ने किन्न सक्ने पहुँचमा किसान नपुग्ने अथवा गरीव जनतामा नपुग्ने त्यो भको हुनाले किन्न सक्ने पहुँचमा हामीले उत्पादन गरेको चिजमा कसरी एक्सेस बनाउन सकिन्छ । यो खालको व्यवस्था गर्न सकियो भने भोकमरी गर्नु पर्दैन र यसै गरी मलाई के लाग्छ भने यो चाई यो उले उत्पादन गरेको हुन्छ । उले उत्पादन गर्‍यो भनेपछि के हुन्छ भन्दाखेरी बर्खामा असिनो आउँछ । असिनो आयो भने सबै वालीहरू नष्ट गर्दिन्छ । अनि उलाई के भन्यो भन्दाखेरी मैले यत्रो वर्ष काम गरे नवसी नखाई लगातार म चाई

लागेको छु । काम गरे तर असिनो आएर सर्लक्कै फाल्यो अव त्यो वालीको क्षतीपूर्ति दिने व्यवस्था गर्नुपर्‍यो । त्यो वालीको क्षतीपूर्ति दिने व्यवस्था सरकारले गर्‍यो भने प्रदेश सरकारले संघीय सरकारले गर्‍यो भने अहिलेसम्म हामीले क्षतीपूर्ति दिने गरेर नै त्यो राहत मात्रै दिने गरेका छौं । उलाई राहतले त पुग्छ केही वर्षभरि खान पुग्दैन । वर्षभरि दुख्ख गर्‍यो मेहनत गर्‍यो हातका नङ फाल्यो वेस्सरी मेहनत गर्न सम्म गर्‍यो बीचराले तर आएर असिनाले सवलाई लिएर वाली फाल्दियो । त्यो वाली उसको कति छ त क्षती भएको त्यो क्षती वरावरको सरकारले चाई मलाई लाग्छ । त्यलाई चाई पुर्ति गर्दियो भने मैले वाली लगाको क्षती भयो र क्षती भएको सरकारले यलाई पुर्ति गर्दियो भने भन्ने हिसावले लायो भने अनि मान्छे निरन्तर चाई उत्पादनमा लाग्छ र अनि खानामा चाई उसको पहुँच पुग्छ । भोकभोकै मर्नु पर्दैन । त्यो भको हुनाले मलाई के लाग्छ भन्दाखेरी यस्तो खालको विकास गर्न सकियो भने वल्ल मान्छे चाई भोको रहदैन । हामी भोको रहदैनौ कर्णालीको मान्छे गरीवी गरीवी मात्रै होइनन् । कर्णालीका मान्छे धनीहुन् भनेर उनको विकास गर्न सक्नुपर्‍यो । अईले त धेरै कुरा आको छ । त्यो भको हुनाले अनि यो विस्तारै मान्छेहरू जो युवा शक्तिहरू छन् युवा शक्तिलाई कसरी प्रसारण गर्न सकिन्छ के अव हामीले उत्तरकाशि जानबाट कसरी रोक्ने अनि मुग्लान जानलाई कसरी रोक्ने किसानमा लागेपछि मेरो सम्मान छ भन्ने खालको मनोविज्ञानले तयार गर्न सकियो भने मलाई लाग्छ । त्यो खालको कानून त्यो खालको व्यवस्था हामले गर्न सक्यौं भने वल्ल त्यो युवा शक्ति यहाँ वस्छ र उले उत्पादनमा लाग्छ र कर्णालीका जनता भोको वस्नुपर्ने अवस्था हुदैन । त्यो भको हुनाले एकचोटि विहारको कुरा छ । सायद इन्दिरा गान्धी होला १ जना किसान गएछ इन्दिरा गान्धीलाई भनेछ हामी त चाई भोकै रहिउँ विहारका मान्छेहरू भन्दाखेरी इन्दिरा गान्धीएउटाशब्द उहाँले भन्दिनु भो भोको रहनु पर्दैन । तिम्रो मन भोको हो, तिम्रो आत्मा भोको हो,तिम्रो भावना भोको हो, तिमि कहिलै भोको रहदैनौ यदि तिमिले त्यई जमीनमा चाई त्यो जमिनलाई उल्टाईपल्टाई गर्‍यौं सुन त्यहीं फल्छ चाँदी त्यई फल्छ भन्दा त्यसको मनोविज्ञान तयार भएर आएर वेस्सरी चाई मतलव त्यई किसानमा लाएर त्यो मान्छेले सुन त्यहीं फलेको छ। चादि त्यहीं फलेको छ । त्यो भको हुनाले हाम्रो त्यस्तो खालको मनोविज्ञान त्यस्तो खालको भावना जनतालाई जगाउँन सक्यौं भने कर्णालीको जनता भोको रहदैन ।त्यो भको हुनाले मलाई के लाग्छ भन्दाखेरी यसमा चाई धेरै राम्रो कुराहरू लेख्नु भको छ । र सवभन्दा राम्रो उत्कृट चाई तपाईंको काम गर्ने मान्छे उत्पादनमा लाग्ने मान्छे वढिभन्दा वढि प्रोत्साहन दिन सकियो भने जुरुक्कै उठदिनु पर्‍यो नि त्यई म के भन्छु भने जुरुक्क उठनु के राम्रो ईच्छा नआएपछि भावना कि मनोविज्ञानको विकास गराउने के जसरी किसान आएवेला लायछ भने मन्त्री वस्नुभको छ भने सायद भिनमै त्यो प्राक्टिस छ। सिजिङपिङ जुरुक्कै उठ्नुहुन्छ राम्रो किसान आयो भने हाम्रो यस्तो खालको भावना कुषिमा बस्ने मान्छे ठूलो किसान सानो भन्ने खालको भावनाबाट मलाई मुक्त गर्न सकियो

भने अनि उत्पादनमा लाग्छन् । अनि खाद्यमाथि हाम्रो अधिकार सम्प्रभूता हुन्छ । हाम्रो पहुँच हुन्छ । भोको वस्नु पर्दैन त्यो भएर यो खालको मनोविज्ञान तयार गरेर गरेपछि ठीक हुन्छ भन्ने खालको कुरा राख्दै मेरो आफ्नो सैद्धान्तिक छलफल अन्त्य गर्छु । धन्यवाद।

**माननीय सभामुखः**माननीय सदस्यहरू अव म कर्णाली प्रदेश सरकारका भूमी, व्यवस्था कृषि तथा सहकारी मन्त्री माननीय श्री विमला केसीलाई खाद्य उत्पादन अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक, २०७५ माथि सैद्धान्तिक छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवं जिज्ञासाका सम्बन्धमा जवाफ दिन समय दिन्छु ।

**भूमी, व्यवस्था कृषि तथा सहकारी मन्त्री माननीय श्री विमला के.सी.:**माननीय सभामुख महोदय खाद्य सम्प्रभूता वनाउनको विधेयकका सन्दर्भमा ७ जना माननीय सदस्यहरूले महत्वपूर्ण सुझावहरू महत्वपूर्ण विषयहरू उठाउनु भएको छ । सबै उठाएका विषयहरू ग्रहणित गर्न योग्य छन्र आगामि कार्यक्रमहरूमा कानूनलाई कसरी कार्यान्वयन गर्ने कानून त वनाउछौं हामीले राम्रै हुन्छन् तर व्यवहारमा त्यलाई लागु गर्नेनै आजको चुनौती हो भन्ने सन्दर्भमा सबै माननीयहरूको यहाँ केन्द्रित जोड त्यसमा नै रहेको छ । यसले हामीलाई हाम्रो आफ्नो कार्यक्रममा आफ्नो बजेटमा आफ्ना गतिविधिहरूमा खाद्य अधिकार, खाद्य उत्पादन,खाद्य अधिकार र खाद्य सम्प्रभूतामा कुरालाई कसरी सम्वोधन गर्ने भन्ने सन्दर्भमा गम्भिरतापूर्वक उहाँहरूले कुरा उठाउनु भएको छ । आज किसानहरू सम्मानीत यो देशमा नहुँदाखेरी किसानहरू कोई पनि काम गर्ने मानसिकतामा छैन । कृषक पेशा वाध्यताको पेशा विकल्पको अन्तिम विकल्पको पेशा वन्न गएको कुरा हामी सबैलाई थाहा छ । त्यसैले त्यो विधेयकमा किसानले किसानको सम्मान गर्ने कुरा किसानको पहिचान सहि ढङ्गले गर्ने कुराको पनि उल्लेख गरेको छ । मलाई लाग्छ सबै माननीयज्यूहरूले राखेका चिन्ताहरू ती विधेयकले सम्वोधन गरेको मलाई अनुभूति भएको छ । नभएका कुराहरू अवश्य पनि हामीले छलफल चलाउने । यो सदनमा सम्मानीत सदनमा छलफल चल्ने र सो मार्फत् समिति मार्फत् अगाडि बढ्ने कुरामा म विश्वस्त छु । संयोगले यो विधेयक मन्त्रीपरिषदको प्रशासन तथा विधेयक समितिमा पहिलो पटक धेरैभन्दा धेरै छलफल चल्ने विधेयकको रूपमा यो विधेयक प्रस्तुत भएको छ र त्यसरी पनि यो परिमार्जित हुने अवसर पनि मिलेको त्यसैले म प्रशासन तथा विधेयक समितिका माननीय मन्त्रीज्यूहरूलाई म आभार प्रकट गर्न चाहन्छु । धेरै परिमार्जन हुने त्याँ मौका पाएको छ र यो कुरा खासगरी हामीले विधेयकमा ल्याएका महत्वपूर्ण कुराहरू जमिनलाई वाझो राख्न नदिने जमिनलाई वाझो राख्नेलाई कारवाही गर्ने कुराहरू पनि उल्लेख गरिएको छ । केही कुराहरू भूमिमा जनताको अधिकारलाई भूमिहीन मान्छेहरूको अधिकारलाई कसरी सुनिश्चित गर्ने भन्ने महत्वपूर्ण कुराहरू सुझावको रूपमा आएका छन् । यसलाई

हामीले सम्वोधन कसरी गर्न सक्छौं छलफल चलाऔं । राम्रो कुराको निम्ति हामी तयारै छौं, तयार हुनुको विकल्प पनि छैन। त्यसैले यी महत्वपूर्ण कुराहरूलाई हामीले उठाउन र सम्वोधन गर्न सक्नुपर्छ भन्ने मलाई लाग्छ । त्यसो हुँदा यहाँहरूले खासगरी हाम्रो यो परिच्छेद ७ वटा परिच्छेद दफा ४८ वटा दफामा उल्लेख गरिएको यो विधेयकमा उत्पादन देखि लिएर उत्पादनमा अधिकारको कुरा मात्र होइन खाद्य सम्प्रभूताको कुरालाई अलि फोकस बढि नै गर्न खोजेको कुरा यहाँहरूलाई थाहाँ नै छ । जगजाहेरनै छ त्यसैले म यो विधेयकका विषयमा धेरै छलफल चलाएर समय यहाँहरू सबैको समयलाई मैले अवमूल्यन गर्न चाहन्न । त्यसैले मैले यस प्रसँगमा के कुरा राख्न चाहन्छु भने हामीले कर्णाली प्रदेशमा कृषिमा कृषिका माध्यमबाट कृषकहरूलाई आत्मनिर्भर बनाउने कुरासँग जोडिएको छ । खाद्य सम्प्रभूताको अधिकार खाद्यमा हामी सम्प्रभूताको अधिकारलाई कार्यान्वयन गर्ने कुरा गरी रहँदा खेरी हाम्रो अहिलेको जतिसुकै बजेट छ । त्यो बजेट कार्यान्वयन गर्नेसँग पनि प्रभावकारी ढङ्गले बजेट कार्यान्वयन गर्ने कुरा पनि यसमा जोडिन जान्छ । त्यसैले मेरो अनुरोध छ । माननीय सभामुख महोदय मार्फत् माननीयज्यूहरूलाई म भन्न चाहन्छु । वास्तवमा अहिले हाम्रा जम्मै जति कृषिमा गएका बजेटहरू छन् त्यलाई प्रभावकारी बनाउन माननीयज्यूहरूको पनि सहयोग चाहिन्छ । मैले वेलावेलामा मेरो मन्त्रालयको तर्फबाट भन्ने गरेको छु । कहिकतै त्यस्ता खालका दुरूपयोग कईकई त्यस्ता खालका समस्याहरू छन् भने हामीलाई सूचना आओस् । त्यसका लागि निर्ममतापूर्वक,कडाइपूर्वक हामी सरकार पेश हुनका निम्ति पनि तयार छौं । यो कुरा यो खाद्य अधिकारसँग जोडिन्छ । जनतालाई आत्मनिर्भर बनाउने कुरासँग जोडिन्छ । अहिलेसम्म कृषि क्षेत्रमा आएका बजेटहरू दुरूपयोग भए खास कृषकले पाईनन् भन्ने कुरासँग पनि यो कुरा जोडिन्छ । त्यसैले जुन गम्भिरतापूर्वक कुराहरू उठेका छन् । ती कुराहरूलाई चुरोसम्म पुऱ्याउनका निम्ति माननीयज्यूहरूको सभामुख मार्फत् म ध्यान आकर्षण गराउन चाहन्छु । सहयोग हुनेछ सरकारलाई जुन खालको रचनात्मक सहयोगको अपेक्षा सरकारले गरेको छ । त्यो सहयोग प्राप्त भएकै छ । आगामि दिनहरूमा यस्तै खालका धेरै तार्किकपूर्ण सहयोग, रचनात्मक सहयोगका निम्ति धेरै धेरै अपेक्षाका साथ यो विधेयकमा उठेका महत्वपूर्ण कुराहरूलाई ग्रहण गर्ने र आगामि दिनहरूमा कानूनलाई कागजि खोस्टोमा होइन कानूनलाई व्यवहारमा लागु गर्नका निम्ति आगामि बजेट सहि ढङ्गले यो कानूनको स्प्रिटमा यो कानूनको स्प्रिटमा अस्ति अर्गानिक कानूनको कुरा आएको छ । त्यो कानूनको कुरालाई पनि हामी जोड्ने छौं । यो कानूनको कुरालाई पनि जोड्ने छौं । कानूनको कुरालाई व्यवहारमा लागु गर्नका निम्ति कार्यक्रमलाई त्यता केन्द्रित गर्ने प्रतिवद्धतासहित मेरा भनाईहरू अन्त्य गर्छु । हस्त धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका भूमी, व्यवस्था कृषि तथा सहकारी मन्त्री माननीय श्री विमला केसीले सभामा प्रस्तुत गर्नु भएको खाद्य उत्पादन,

अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक, २०७५ माथिको सैद्धान्तिक छलफल समाप्त भएको जानकारी गराउँछु । माननीय सदस्यहरू कर्णाली प्रदेश सभा नियमावली, २०७४ को परिच्छेद १५ व्यवस्थापन कार्यविधिको नियम १०९ को उपनियम १ अनुसार खाद्य उत्पादन अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक २०७५ मा संशोधनको सूचना पेश गर्न चाहनुहुने माननीय सदस्यहरूलाई ७२ घण्टाको समय सीमा प्रारम्भ भएको व्यहोरा जानकारी गराउँछु । माननीय सदस्यहरू अव म कर्णाली प्रदेश सार्वजनिक प्रसारण सम्बन्धमा कानूनी व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि संशोधन प्रस्ताव परि विधायन तथा प्रदेश मामिला समितिमा छलफल भए पश्चातका निर्णय र प्रतिवेदन कर्णाली प्रदेश सभा वियमावली २०७४ को नियम ११८ मा भएको व्यवस्था अनुसार सभासमक्ष राख्न समितिका अध्यक्ष माननीय श्री पदम बहादुर रोकायालाई समय दिन्छु ।

**माननीय श्री पदम बहादुर रोकायाः**सम्माननीय सभामुख महोदय कर्णाली प्रदेश सार्वजनिक प्रसारण सम्बन्धमा कानून व्यवस्था गर्न बनेको विधेयक, २०७५ यस सभाबाट मिति २०७५/११/२८ गते यस समितिमा पठाईएकोमा संशोधनकर्ता माननीयहरू समेतको उपस्थितिमा विभिन्न मितिमा बसेको समितिको बैठकले अन्तिम टुङ्गोमा पुऱ्याएर सो को प्रतिवेदन यस सभामा प्रस्तुत गर्दछु । यस विधेयकको नाममा भएको साविकको व्यवस्थामा कर्णाली प्रदेश सार्वजनिक प्रसारण सम्बन्धमा कानूनी व्यवस्था गर्न बनेको विधेयक २०७५ लाई सार्वजनिक भन्ने शब्द हटाई कर्णाली प्रदेश प्रसारण सम्बन्धमा कानूनी व्यवस्था गर्न बनेको विधेयक २०७५ भनि लेखिएको, (२) प्रस्तावनामा भएको साविकको व्यवस्थामा स्वतन्त्र एवं भन्ने शब्दहरू पछि भएको आधिकारिक भन्ने शब्दलाई हटाईएको, (३) प्रस्तावनामा भएको साविकको व्यवस्थामा आम सञ्चारका माध्यममा कार्यरत पत्रकारहरूलाई सक्षम,जिम्मेवार र जवाफदेही बनाउनका लागि सूचना प्रविधिको पशिक्षण आवश्यक भएकोले वाक्यांशलाई हटाईएको, (४) दफा २ को (क) मा साविकको व्यवस्थालाई व्यवस्थामा इजाजतपत्र भन्ने शब्द पछि रहेको फ्रिवेन्सि मोडिलेन्स भन्ने शब्द लाई हटाईएको, (५) दफा २ को च मा भएको साविकको व्यवस्थामा प्रसारक भन्नाले प्रसारण शब्दबाट प्रसारण हुने कार्यक्रम वाचन गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले त्यस्तो कार्यक्रम तयार गर्ने तथा सम्पादन गरिने व्यक्तिलाई समेत जनाउछ । भन्ने वाक्यांशलाई वाक्य संशोधन गरी प्रसारक भन्नाले प्रसारक शब्दका सञ्चालक व्यवस्थापक तथा कार्यक्रम प्रस्तोतालाई सम्झनुपर्छ भनि लेखिएको, (६) दफा २ को ठ मा भएको साविकको व्यवस्थामा सार्वजनिक सेवा प्रसारण भन्ने शब्दलाई प्रसारण सेवा भनि लेखिएको,(७) दफा २ को द मा साविकको व्यवस्थामा भएको विकास भन्ने शब्दलाई उत्पादन भनि लेखिएको,(८) दफा ७ को उपदफा १ मा साविकको व्यवस्थामा भएको दफा ५ बमोजिम प्राप्त नीतिउपर मन्त्रालयले आवश्यक जाँचवुझ गरी इजाजतपत्र दिन मनासिव देखिएमा तोकिएका सर्तहरू पालना गरिने गरी कार्यक्रम प्रसारण गर्न

तोकिएको दस्तुर लिई तोकिए बमोजिम इजाजतपत्र लिनेछ । भन्ने वाक्यांशलाई दफा ५ बमोजिम प्राप्त निवेदन उपर मन्त्रालयको सञ्चार हेर्ने महाशाखाले आवश्यक जाँचवुझ गरी इजाजतपत्र दिने त्यो तोकिएका सर्तहरू पालना गर्नेगरी कार्यक्रम प्रसारण गर्न तोकिएको दस्तुर लिई तोकिए बमोजिम इजाजतपत्र दिने छ । भनि लेखिएको, (९) दफा ८ मा साविकको व्यवस्थालाई भएको ६ महिना भन्ने शब्दहरूलाई १ वर्ष भनि लेखिएको । सभामुख महोदय,(१०) दफा ९ को उपदफा २ मा भएको साविकको व्यवस्थामा उपदफा १ बमोजिम निवेदन पर्न आएमा मन्त्रालयले उक्त निवेदनउपर आवश्यक जाँचवुझ गर्दा निवेदनलाई टेलिभिजन सम्बन्धी कार्यक्रम प्रसारण गर्न अनुमति दिन मनासिव देखिएमा तोकिएबमोजिमको दस्तुर तथा सर्तहरू पालना गरिने गरी अनुमति दिन सक्ने छ भन्ने वाक्यांशलाई उपदफा १ बमोजिमको निवेदन पर्न आएमा मन्त्रालयको सञ्चार हेर्ने महाशाखाले उक्त निवेदन उपर आवश्यक जाँचवुझ गरी तोकिए बमोजिमको दस्तुर तथा सर्तहरू पालना गर्ने गरी अनुमति दिन सक्ने छ भनि लेखिएको । सभामुख महोदय समुदायलाई अपव्याख्या, अपहेलना, अपमानित तथा अवमुल्यन तथा उनीहरूबीचको पारस्पारिक सम्बन्धमा खलल पार्ने सामग्रीहरू भनि लेखिएको ।(१८) दफा १४ को छ मा भएको साविकको व्यवस्थामा नभएकोमा खण्ड छ थपगरी छ सुर्तीजन्य तथा मद्यपान जस्ता स्वास्थ्यमा प्रतिकूल असर पार्ने सामग्रीहरू भनि खण्ड थपगरी लेखिएको । (१९) दफा १३ को उपदफा २ मा भएको साविकको व्यवस्थामा उपदफा १ मा जसनसुकै कुरा लेखिएको भएतापनि निर्वाचनको समयमा नेपाल सरकारले निर्वाचन आयोगको परामर्श लिई कुनै पनि राजनीतिक दललाई आफ्नो घोषणापत्र कार्यक्रम वा त्यस्तो दलको दर्शन जस्ता कुराहरूको जानकारी गराउनलाई यस दफाको कुनै कुराले बन्देज लगाएको मानिने छैन। दफा १३ नै हटाईएको (२०) दफा १६ मा साविकको व्यवस्थामा भएको आर्थिक दायित्वका सम्बन्धमा स्वीकृत लिनुपर्ने सारभूत रूपमा आर्थिक दायित्व सिर्जना हुने विषयमा प्रदेश सरकारको पूर्व स्वीकृती लिनुपर्ने छ दफा नै हटाईएको । (२१) दफा १८ मा भएको साविकको व्यवस्थामा ३५ दिनभित्र भन्ने शब्द पछि जिल्ला अदालतमा भन्ने शब्दहरू लेखिएको धन्यवाद । नमस्कार ।

**माननीय सभामुख** :माननीय सदस्यहरू अव म कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई कर्णाली प्रदेश सार्वजनिक प्रसारण सम्बन्धमा कानूनी व्यवस्था गर्न बनेको विधेयक, २०७५ का सम्बन्धमा कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १२० को उपनियम २ को खण्ड (क) बमोजिम समितिको निर्णय र प्रतिवेदनसहित विधेयक माथि छलफल गरियोस् भनि सभासमक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारी**:माननीय सभामुखज्यू सभामुखज्यूको अनुमतिले सम्मानित सभामा प्रदेश सरकारका तर्फबाट पेश भएको कर्णाली प्रदेश सार्वजनिक प्रसारण सम्वन्भमा कानूनी व्यवस्था गर्न बनेको विधेयक २०७५ मिति

२०७६ फागुन २६ गतेको प्रदेश सभाको बैठकबाट विषयगत समितिमा पठाउने निर्णय भएको र विधायन तथा प्रदेश मामिला समितिमा छलफल भई सभामा प्राप्त भएकोले कर्णाली प्रदेश सभा नियमावली, २०७४ नियम १२० को उपनियम २ को खण्ड क बमोजिम प्रतिवेदन सहित विधेयकमाथि थप सभामा छलफल गरियोस् भनि प्रस्ताव गर्दछु । धन्यवाद।

**माननीय सभामुखः**माननीय सदस्यहरू कर्णाली प्रदेश सार्वजनिक प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ मा विधायन तथा प्रदेश मामिला समितिबाट प्राप्त प्रतिवेदन सम्बन्धमा कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १२० को उपनियम ८ बमोजिम छलफल गर्नको लागि समय निर्धारिण गरेको छु । छलफल प्रारम्भ हुन्छ । माननीय सदस्यहरू कर्णाली प्रदेश सार्वजनिक प्रसारण सम्बन्धमा कानूनी व्यवस्था गर्न बनेको विधेयक, २०७५ मा विधायन तथा प्रदेश मामिला समितिबाट प्राप्त प्रतिवेदन सम्बन्धमा कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १२० को उपनियम ८ बमोजिम छलफल गर्नका लागि समय निर्धारण गरेकोमा कुनै पनि माननीय सदस्यहरूले छलफलमा भाग लिनका लागि नाम नटिपाउनु भएकाले अव म कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय नरेश भण्डारीलाई कर्णाली प्रदेश सार्वजनिक प्रसारण सम्बन्धमा कानूनी व्यवस्था गर्न बनेको विधेयक, २०७५ कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १२१ बमोजिम उक्त विधेयक पारित गरियोस् भनी सभा समक्ष प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः**माननीय सभामुखज्यू सभामुखज्यूको अनुमतिले कर्णाली प्रदेश सार्वजनिक प्रसारण सम्बन्धमा कानूनी व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि प्रदेश सभामा छलफल भई सकेकोले विधायन तथा प्रदेश मामिला समितिको प्रतिवेदन माथि उल्लेख भएका संशोधन प्रस्ताव यो विधेयकको अङ्ग हुनेगरी कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १२१ बमोजिम यस सभामा पारित गरियोस् भनि प्रस्ताव गर्दछु । धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरू अव कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले प्रस्तुत गर्नु भएको कर्णाली प्रदेश सार्वजनिक प्रसारण सम्बन्धमा कानूनी व्यवस्था गर्न बनेको विधेयक, २०७५ का सम्बन्धमा विधायन तथा प्रदेश मामिला समितिले संशोधन गर्न निर्णय गरी सभामा पेश गरेको प्रतिवेदनका विषय विधेयकको अङ्ग हुनेगरी पारित गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ कर्णाली प्रदेश सार्वजनिक प्रसारण सम्बन्धमा कानूनी व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि विधायन तथा प्रदेश मामिला समितिको निर्णय अनुसारको संशोधन प्रस्ताव विधेयकको अङ्ग हुनेगरी पारित गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतले पारित भएको घोषणा गर्दछु । माननीय सदस्यहरू अव म प्रदेश सभा नियमावली २०७४ को नियम १०५ मा भएको व्यवस्था अनुसार कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई सार्वजनिक र नीजि क्षेत्रको साझेदारीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सभा समक्ष टेवुल गर्न समय दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्रीमाननीय श्री प्रकाश ज्वाला:** माननीय सभामुख महोदय, कर्णाली प्रदेशको विकासमा नीजि वा सहकारी क्षेत्रको पूँजि, प्रविधि, उद्यमशिलता र व्यवस्थापकीय दक्षतालाई आकर्षित गरी उपयोग गर्न तथा प्रदेशको विकासकोसेवा सुविधा प्रवाहको दायरा फराकिलो बनाउनका लागि सार्वजनिक,नीजि र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत् उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्रिध गर्ने सन्दर्भमा राज्यको निर्देशक सिदान्तलाई मध्यनजर गरी प्रदेशको विकासको गतिलाई तीव्रता दिन र प्रदेश सरकारले आम नागरिकको लक्षित वर्गलाई दिनुपर्ने पूर्वाधार लगायतका सेवा,सुविधाहरू, सार्वजनिकर नीजि क्षेत्रको साझेदारीमा प्रदान गर्ने सम्बन्धमा कानसन बनाउन आवश्यक भएकोले सार्वजनिक र नीजि क्षेत्रको साझेदारीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ बमोजिम सभा समक्ष टेवुल गर्दछु । धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरू अव प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ मा भएको व्यवस्था अनुसार कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई पहिलो संशोधन गर्न बनेको विधेयक सभा समक्ष टेवुल गर्न समय दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्रीमाननीय श्री प्रकाश ज्वालाः**माननीय सभामुख महोदय प्रदेश सञ्चित कोष वा सरकारी कोषको सञ्चालन, बजेट तर्जुमा, निकासा तथा खर्च गर्ने, लेखा राख्ने, प्रतिवेदन गर्ने,आन्तरिक नियन्त्रणको व्यवस्था मिलाउने, आन्तरिक तथा अन्तिम लेखा परीक्षण गर्ने गराउने,बेरुजु फछ्यौट लगायतका विषयहरूलाई संशोधन र परिमार्जन गरी समसामयिक बनाउन आवश्यक भएकोले कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ लाई पहिलो संशोधन गर्न बनेको विधेयक प्रदेश सभा नियमावली २०७४ को नियम १०५ बमोजिम सभा समक्ष टेवुल गर्दछु । धन्यवाद ।

**माननीय सभामुख** :माननीय सदस्यहरू अव प्रदेश सभा नियमावली २०७४ को नियम १०५ मा भएको व्यवस्था अनुसार कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री दल रावललाई कर्णाली प्रदेश स्वयंसेवक परिचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सभा समक्ष टेवुल गर्न समय दिन्छु ।

**सामाजिक विकास मन्त्रीमाननीय श्री दल रावलः**माननीय सभामुखज्यू प्रदेशमा स्वयंसेवक परिचालन गरी स्वयंसेवाको माध्यमबाट सीप र क्षमताको उपयोग गरी प्रदेशको भौतिक पूर्वाधार सामूहिक क्षेत्रको विकासमा योगदान पुऱ्याउन कानूनी व्यवस्था गर्न आवश्यक भएकोले कर्णाली प्रदेश स्वयंसेवक परिचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा नियमावली २०७४ को नियम १०५ बमोजिम सम्मानीत सभा समक्ष टेवुल गर्दछु । धन्यवाद ।

**मानीय सभामुखः**माननीय सदस्यहरू अव यो बैठक २०७५ साल चैत्र १९ गते मंगलवार दिनको १ बजे सम्मका लागि स्थगित हुन्छ ।

**कर्णाली प्रदेश सभा**
**तेस्रो अधिवेशन**
**कार्यवाहीको सम्पूर्ण विविरण**
**२०७५ चैत्र १९ गते**
**मंगलबार**
**(बैठक संख्या-८)**

राष्ट्रिय धुन,

**माननीय सभामुखः**माननीय सदस्यहरू कर्णाली प्रदेश, प्रदेश सभाको हिउँदे अधिवेशनको आठौं बैठकको कार्यवाही प्रारम्भ हुन्छ । माननीय समस्यहरू प्रदेश सरकार र प्रदेश सरकार मार्फत् सरोकारवाला निकायको ध्यान आकर्षण गराउनुपर्ने विषयहरूमा आ आफ्ना भनाई राख्न विशेष समयको व्यवस्था गरेको छु । सर्वप्रथम माननीय श्री जीवन बहादुर शाही । माननीय सदस्य रोष्टम प्रयोग गर्न सक्नुहुन्छ ।

**माननीय श्री जीवन बहादुर शाहीः**सम्माननीय सभामुख महोदय भर्खर रोष्टममा आउनु भन्दा अगाडि १ जना मन्त्रीज्यूले यो यस्तो कराउने काम किन होला भनेर भन्नुभो । तेले मलाई एउटा के गरायो भने यो परम्पराहरू हुन्छन् त्यो परम्पराहरूलाई चाई निरन्तरता दिने कुरो जस्तै सदनमा भित्र आईसकेपछि हामी सबै सांसदहरूलाई एउटा के सजकता जनाएको हो भने सभामुख आउदैछन् । तिमीहरू चाई प्रिपिएर भएर वस भन्ने मनसाय हुन्छ । त्यो ब्रिटिसहरूको पालामा हुन्थ्यो र यहाँहरूले महाभारतको अर्को पनि हेर्ने हो भने राजा अवतार रही हे भनेर भन्थ्यो नि त्यो सूचना दिएको । यो श्रद्धा भक्ति गर्ने भन्ने कुरो छ हुन्छ । यहीं सन्दर्भमा मैले किन सन्दर्भमा जोड्न उपयुक्त लाग्यो भने त्यस्तो एउटा श्रद्धायूक्त व्यक्तिको संयोजकत्वमा हामीले एउटा पहिला निर्णय गरेका थिएँउँ । अरु प्रदेश भन्दा धेरै तल झर्‍यो किनकि आर्थिक यो मितव्ययिताको कुरा गरेर संसदमा काम गर्ने कर्मचारीहरूको लागि भत्ता भनेर हामी ४० प्रतिशत तोकिउँ । मर्यादापालकलाई भनेर हामीले २५ प्रतिशत तोकिउँ । थप बन्यो मलाई जाँ सम्म याद छ त्यसमा सहभागि कानून मन्त्री पनि हुनुहुन्छ तर वर्ष दिनभन्दा वढि भयो त्यो लागु भएनछ मैले हिजो मात्र थापाए। मलाई अचम्म लाग्यो एउटा आदर्शको व्यक्तिको नेतृत्वमा भएको कुरालाई गरेको कामलाई हामीले कार्यान्वयन गर्दैनौ भने बैठक वस्नुको औचित्य रहन्छ याँ रहन्न भन्ने कुरालाई चाई अव ध्यान दिनुपर्ने कुराहरू भयो । त्यसैले मलाई लाग्थ्यो किन कर्मचारीहरू यहाँ आउँन चाहदैनन् यहाँहरूलाई थाहा छ । सुदुरपश्चिमले शतप्रतिशत वढाएको छ । त्यो वेला सम्माननीय सभामुखले भन्नुभो । हाम्रो आर्थिक अवस्था अलि जटिल छ । त्यस कारण ४० प्रसेन्ट मात्रै गरौं २५ प्रसेन्ट ठीक छ गएको कुराहरू कानून बनेर मात्र हुन सक्दैन भन्ने कुरो यो चाई मैले यहाँ अनुरोध गर्न चाहे । सम्माननीय सभामुखज्यू मार्फत् अर्को अहिले आईरहेको ठूलो अवस्था पनि छ । यो हाम्रो उपभोक्ता समिति बनाउने, ठेक्का गर्ने ती कुराहरू पनि ठूलो विकृती ठेक्का दिने

हो भने मिलाएर आफूले चाहेको व्यक्तिलाई अनि उपभोक्ता बनाउने हो भने उपभोक्ता समितिको एउटा प्रक्रिया छ । त्यो नबनाएर ५ जना मान्छेलाई आफूलाई चाहेको मान्छेलाई बनाउने जुन छ त्यसको लागि पनि हामीले सोच्नुपर्छ भन्ने मलाई लाग्दछ र मैले वास्तवमा सार्वजनिक महत्वको विषयमा वोल्न चाई रहेको थिएँ। सम्माननीय सभामुख महोदय विशेष समय भन्या हुनाले यो पनि मैले जोडे । र सार्वजनिक महत्वको विशेष कुरा  के छ भने सम्माननीय सभामुख महोदय ७५ साल चैत्र १७ गते जुन आइतवार राती भयानक हुरी वतास जो डरलाग्दो अवस्था आयो । प्रदेश नं. २ मा विशेष गरेर वारा, पर्सा जिल्लाका भरतमोती,भरतमोतिहारी,भलुवी,पर्वानीपुर,भरगलिया लगायतका केही क्षेत्रहरूमा ठूलो भयानक दरदनाक अवस्था चै रहेको छ । जुन हुरीवतासले हाम्रा प्यारा नेपाली दाजुभाइ दिदिवहीनिहरू ३ दर्जन भन्दा वढि मानिसहरूले आफ्नो जीवन गुमाउनुपर्‍यो । त्यत्रो ठूलो मानवीय क्षती भएको छ । ६०० जना भन्दा वढि झण्डै अहिलेको डेटामा हेर्ने हो भने ६६८ जना जति घाईते भएका छन् । कसैका टाउका फुटेका छन्, कसैका हात भाचिएका छन् परिवारहरू धेरै परिवारहरू घरवार विहीन भएका छन् । घरमा छानो भएका छानो छैन । ठूलाठूला ट्रक, वसहरू सम्म पनि हावाले उडाएको छ । करिव २००० पोलजति  विजुलीका पोलहरू ढलेका छन् भने ३००० भन्दा वढि घर परिवारहरूले विजुलीको उपभोग गर्न पाईरहेको छैन । र यो प्रारम्भिक अनुमान अनुसार करिव करिव १५ करोड भन्दा बढिको क्षति भएको छ । सम्माननीय सभामुख महोदय जुन विनासकारीले हामीले जुन एउटा भावना तराईमा हावा आउँदा पहाडले छेक्नुपर्छ भनेर गित गाउँने पनि गरिएको थ्यो । तर आज त्यो प्रदेशमा २ नम्बर प्रदेशमा यत्रो विपक्ति हुँदा हामीले गर्ने के हो सम्माननीय सभामुख महोदय हामीले पनि ती भावनामा जोडिनुपर्छ भन्ने मलाई लाग्दछ । आज उहाँहरूको मात्र पीडा होइन त्यो पीडा हाम्रो पनि हो । हामी हाम्रो प्रदेश त्यो पीडामा हामी सहभागि हुनुपर्छ । हामीले सहानुभूति मात्रै दिएर कुनै पनि हुन सक्दैन त्यस कारण म चाई सम्माननीय सभामुख महोदयलाई हाम्रो प्रयासले त धेरै ठूलो कुरा नहोला तर उहाँहरूलाई मलम लगाउँनको लागि भएपनि कर्णाली प्रदेशले आजसम्म यो अरु कुनै पनि प्रदेशले चाई यो जागरुक  देखाएको देखिदन मैले केन्द्रीय सरकारले गर्ने कुराहरू र सत्ता पक्ष र प्रतिपक्षका मान्छेहरू कुटाकुट गरेर आखा, अनुहार देखाउने जुन भइरहेको छ । त्यति नभएर कमसेकम हामीले त्यो प्रदेशले सम्माननीय सभामुखको मुखज्यूको नेतृत्वबाट हामी कर्णाली प्रदेशका सांसदहरूले ४ दिनको हाम्रो पारिश्रमिक हामीले पठाउन सक्यौं भने यो साच्चै एउटा नेपालीलाई पर्दाको पिर अर्को नेपालीले एउटा प्रदेशलाई पर्दाको पिर अर्को प्रदेशले सहयोग गर्‍यो भने त्यो भावना ओतप्रोत हुनेछ र त्यो प्रस्ताव म राख्न चाहन्छु र सभामुख महोदयले यो प्रस्तावलाई याँ चाई टेवुल गराएर माननीय सांसदज्यूहरूको पनि भावनालाई आत्मसात गरी त्यो कुरामा हामी सहयोग गर्न चाई हामी पछि पर्नुहुदैन भन्ने प्रस्ताव राख्न चाहन्छु । त्यसै गरी यो सरकारले पनि कर्णाली सरकारले पनि त्यहाँको २

नम्बरको सरकारलाई हामीले सहगोग गर्नुपर्छ । त्यस्तो विपत्तिहरू आउने वेला आउन सक्दैन आज मलाई पिर भइरहेको छ । तर सायद यो ४.१ मात्रै त्यो भुकम्प भन्दा पनि पराकम्प भन्ने छ । तर पनि हाम्रो दैलेखलाई केन्द्रविन्दु बनाएर त्याँ पनि आएको छ । त्यो पराकम्पन भएको हुनाले त्यति ठूलो क्षती पारेनहोला तर भोलिका दिनमा हाम्रो यो जुन भूगोल छ । त्यलाई पनि यस्तो हुन्न भन्ने कुरा छैन । त्यस कारण मेरो अन्तमा म के भन्न चाहन्छु भने सभामुख महोदय हामी कर्णाली प्रदेशले चाई ४ दिनको हाम्रो तलव भत्ता कटाएर त्यसमा चाई राख्ने कुरा प्रस्ताव म पेश गर्न चाहन्छु । त्यसमा सम्माननीय सभामुखज्यूको रुलिङ होस भन्ने कुरा अनुरोध गर्दै म यहाँबाट विदा हुन्छु, धन्यवाद, जय नेपाल ।

**माननीय सभामुखः**अव माननीय श्री रातो कामी । (समय ५ मिनेट)

**माननीय श्री रातो कामीः**माननीय सभामुखज्यू सभामुखको अनुमतिले म निर्वाचन क्षेत्र र निर्वाचन क्षेत्रसँग सम्बन्धित केही कुराहरू  राख्न चाहन्छु र त्योभन्दा अगाडि २ नम्बर प्रदेशमा गएको विनाशकारी भुकम्पबाट जुन धनजनको क्षति भएको छ । त्यसप्रति गहिरो समवेदना प्रकट गर्दछु र सभामुखले त्यसप्रति कुनै प्रकारको हामीले गर्नुपर्ने सहयोगका बारेमा छलफल आयो भने त्यसमा मेरो समर्थन रहनेछ र यो सँगसँगै जसरी यहाँ निर्वाचन क्षेत्रमा जुन रूपले गएको श्रावण २८ गतेदेखि भदौ ४ गते सम्मनको अविरल वर्षाको कारणले रुकुम आठविसकोटको ११ नम्बरको एउटा गाँउ नै त्यहाँ विस्थापित भयो। सबै गरेर ३१ वटा घर पूर्ण रूपले क्षती भए । ५२ घर जोखिममा रहेका छन् । र १४० घर जग्गा र अरु क्षती भएर त्यहाँ समस्याग्रस्त छ । कर्णाली प्रदेश सरकारले आफ्नो बजेट कार्यक्रममा उक्त क्षेत्रमा सामान्यतया त्यलाई संरक्षण गर्नका लागि केही विकास योजनाहरू तारजाली,वास,निगालो आदि ईत्यादि कार्यक्रम त्यहाँ राखेको थियो । उक्त कार्यक्रम अहिले ऋण बजेटतिर गएर त्यहाँ अहिले सम्म आजका मिति सम्मलाई त्याँ हुन सकेको छैन । त्यसैले गर्दा त्यहाँको जनजीवन असाध्यै प्रभावित छ । र कर्णाली प्रदेश सरकारबाट कर्णाली प्रदेश सरकारको आन्तरिक मामिलाबाट सामान्यतया त्यहाँको एकत्तिस घर परिवारलाई बीस बीस हजारको दरले सामान्यतया एउटा राहतको व्यवस्था वाहेक अरु सरकारबाट हुन सकेको छैन । त्यहाँको भएको क्षेत्रमा अहिले पनि मानिसहरूको सहि ढङ्गले बस्ने प्रकारको व्यवस्था छैन । त्यसैले गर्दा सभामुख मार्फत् म प्रदेश सरकारको सम्बन्धित मन्त्रालयको ध्यान आकर्षण गर्न चाहन्छु । अर्थात कर्णाली प्रदेश सरकारको ध्यान आकर्षण गर्न चाहन्छु । र त्यो सँगसँगै कर्णाली प्रदेश सरकारले आफ्नो नीति कार्यक्रममा ल्याएको एउटा महत्वपूर्ण कार्य बनेकोएक वर्षमा एक सय दिन युवालाई काम दिने कार्यक्रम थियो । त्यो आजका मिति सम्मनलाई कुनै प्रकारले त्यो काम अगाडि बढ्न सकेको छैन । त्यो एउटा प्रदेशको एउटा महत्वप्रर्ण कार्यक्रम थियो । तल सम्मनलाई त्यो कार्यक्रम सुन्दा सबै युवाहरूलाई अथवा वेरोजगारमा वेरोजगारीको चपेटामा रहेका युवाहरूलाई त्यले एउटा जागर पैदा गरेको थियो । अहिले

सम्मन नहुँदाखेरी त्यो कुन कार्यक्रम हो कस्तो कार्यक्रम हो कतिवेला हुने हो त्यो बारेमा चाई हामीले कुनै प्रकारको अत्तोपत्तो नपाउँदा त्यले एउटा चाई निराशा पैदा गरेको छ । त्यसप्रति पनि म सरकारको ध्यान आकर्षण गर्न चाहन्छु र त्यो त्यो बारेमा चाई हामीलाई जवाफ अथवा चाई काम कसरी जाने भनेर त्यो यसको एउटा नीति कार्यक्रम चाहिएको छ । यो सँगसँगै जनता आवास कार्यक्रम नेपाल सरकारले अगाडि वढाउदै आएको जनता आवास कार्यक्रम यो उत्पीडित समुदायमध्ये पनि वादी समुदायको वादी,गन्धर्व र अन्य चाई उत्पीडनमा परेका समुदायहरूको घर वास कार्यक्रम भनेर केन्द्र सरकारको बजेट यहाँ प्रदेशमा आईपुगेको छ। जाजरकोट जिल्लामा रहने गरी डोल्पा, रुकुम र जाजरकोटको त्यहाँ गईपुगेको छ । त्यसमा कर्मचारीहरू अहिले त्यहाँ छैनन् । त्यसैले गर्दा यो जनता आवास कार्यक्रम भनेको नेपालको संविधानले पनि एक चोटिलाई घरवासको व्यवस्था गर्ने जुन नीति छ र त्यो तदनुरूपको चाई कार्यक्रम सरकारले तलसम्म पठाएको छ । सभामुख महोदय यस्तो लोकप्रिय र एउटा चाई उत्पीडित समुदायहरूलाई एउटा राहत मात्रै नभईकन तिनिहरूको चाई जिउन पाउने अधिकार सँग जोडिएको घरवास कार्यक्रम त्यलाई सहि ढङ्गले अगाडि नवढदा त्यले एउटा चाई निराशा ल्याएको छ । र यसको यो कार्यक्रम जति सक्यो छिटो अगाडि बढाउने कुरामा सरकारको ध्यान आकर्षण गराउन चाहन्छु । र सँगसँगै अर्को दलित र महिलासँग जोडिएका कतिपय महत्वप्रर्ण नीति तथा कार्यक्रमले वोलेका महत्वपूर्ण कार्यक्रमहरू आज असाध्यै चाई एउटा निश्प्रभावित हुदैछन् । यहाँको सरकारले छुट्टाएका बजेटहरू पनि ती बजेटहरूको यहाँ केही कुराहरू कस्ता पनि भएका छन् भने दलित समुदायले गर्न सक्तैनन् भनेर महिलाहरूले दलितहरूले गर्न सक्दैनन् कसरी यत्रो बजेट जान्छ भनेर २/४ लाखका चाई एउटा बजेटिङ गर्दाखेरी पनि सक्दैनन् भन्ने जस्तो एउटा अपमान याँ सुरु भको छ । त्यसैले गर्दा मानिसहरू अव हामी  उत्पीडनमा परेका समुदायहरू हजार अन्याय सहन सकेका छन् । र सहन्छन पनि तर अपमान सहदैनन् । अहिले सक्दैनन् भन्ने तिनिहरूलाई एक किसिमले चाई सक्दैनन् गर्न सक्दैनन् भन्ने त्यो अपमान हो भन्ने मलाई लाग्दछ । त्यसैले गर्दा यो बजेट नीति कार्यक्रम दलित र महिलासँग सम्बन्धित नीति बनेर कार्यक्रमलाई अगाडि बढ्न पर्दछ । यदि चाईने यसमा सहि ढङ्गले ध्यान पुऱ्याउन सकिएन भने यो समुदाय अथवा यो वर्गलाई माथि उठाउनको सट्टा यलाई अझै फेरी दमन हुने र यले चाई एउटा निश्प्रभावित हुने सम्भावना छ । त्यसैले गर्दा यो दलित नीति कार्यक्रम र दलितको ठाउँठाउँमा अहिले छुवाछुतका घटनाहरू जनताका प्रतिनिधि सम्मनलाई पनि छुवाछुतका घटनाहरू कालिकोट लगायतका जिल्लाहरूमा देखिएका छन् । त्यसो भएको हुनाले कर्णाली प्रदेशले कर्णाली प्रदेश भित्रको सरकारले एउटा चाई छुवाछुत विरुद्धको चाई अभियानलाई तीव्रता लिनका लागि संकल्प प्रस्ताव सरकारले ल्याउनुपर्छ । र त्यो संकल्प प्रस्ताव पारित गरेर  हाम्रो चाई मतलव कर्णाली प्रदेश भित्र रहेका तमाम खालका विभेदहरूसँगै दलित र महिलामा हुने विविध खालका

चाईने विभेदहरूलाई न्यूनिकरण गर्नका लागि एउटा अभियान बनाउनुपर्छ । त्यलाई घोषणले मात्रै हुदैन त्यलाई नीति तथा कार्यक्रममा ढालेर अगाडि बढ्नपर्छ भन्ने कुरा राख्न चाहन्छु। धन्यवाद ।

**माननीय सभामुखः**माननीय श्री कृष्णा शाह । (समय ५ मिनेट) ।

**माननीय श्री कृष्णा शाहः**सभामुख महोदय, हामीले भनिराखेका छौं । हामी विज्ञान र प्रविधिको उच्च विकसित यूगमा छौं र हामीले भनिराखेका छौं । गुणस्तरिय स्वास्थ्य, सर्वसुलभ स्वास्थ्यको कुरा गरीराखेका छौं तर जाजरकोटमा जाजरकोटि नागरिकहरूले सर्वसुलभ स्वास्थ्य,गुणस्तरिय स्वास्थ्यको कुरा त परै जाओस् । सामान्य स्वास्थ्य सेवाको अनुभूति पनि गर्न पाईराखेका छैनन् । जाजरकोट जिल्लाको जिल्ला हस्पिटललाई ५० सैयाको अस्पताल बनाउने भन्ने हामीले जुन लक्ष्य राखेका छौं । त्यो लक्ष्य अनुसार हेर्दाखेरी हामीले नाममा मात्र ५० सैयाको हस्पिटल हामीले भनिराखेका छौं । त्यहाँको भौतिक संरचनालाई हेर्दाखेरी एकदमै दयनिय अवस्था छ । जाँ विरामीहरू,सुत्केरीहरू अप्रेसन गर्दाखेरी उनीहरूलाई राख्ने वेडहरू छैन । भौतिक संरचनाहरू छैन । पालमा लगेर राख्नुपर्ने स्थिति त्याँ पैदा भईराखेको छ । अस्ति मात्रै भर्खरै मैले त्यहाँ हेरेर पनि आएको छु । त्यसै गरेर एक्सरे मेसिनहरू, ल्याव मेसिनहरू एकदमै पुरानो भएर जीर्ण अवस्थामा छन् । र त्यहाँ ती मेसिनहरू त्यो ल्यावमा बस्ने कर्मचारीहरूको अर्थात त्यो दक्ष जनशक्तिको पनि अभाव भईराखेको छ । हामीले अगाडि ५० सैयाको हस्पिटल बनाउने भनेर प्रदेश सरकारले सम्बन्धित विभागको मन्त्रीले आफ्नो योजना कार्यक्रममा २ करोड बजेट छुट्टयाउने भन्ने थियो । अहिले आउँदाखेरी त्यो ५० लाख मात्रै छ । यसरी हेर्दाखेरी यो सम्पूर्ण समस्याहरूको हल कसरी गर्न सकिन्छ र यो दायित्व,यो जिम्मेवारी यो कर्णाली प्रदेश सरकारको हो कि होइन । हो भने कसरी समस्या समाधान गर्न सकिन्छ । यसको तत्काल यी समस्याहरूको त तत्काल समाधान होस भन्ने कुरा मैले यहाँ सभामुख मार्फत् कर्णाली प्रदेश सरकार र सम्बन्धित मन्त्रीज्यूको ध्यान आकर्षण गर्न चाहन्छु । धन्यवाद।

**माननीय सभामुखः**अव माननीय मिनासिंह रखाल । (समय ५ मिनेट) ।

**माननीय श्री मिनासिंह रखालः**सभामुख महोदय अहिले हालसालै भई रहेको दैवी प्रकोपले बारा र पर्सामा जुन ३०/३१ जनाको मृत्यू भई सकेको छ । ४०० देखि ५०० सम्मका घाईते भई सकेका छन् । र उहाँहरूप्रति श्रद्धाञ्जलि अर्पण गर्दै स्वास्थ्य लाभको कामना गर्दै हिजो मात्रै दैलेख जिल्लामा दैवीक प्रकोप हावाहुरी, पानी र चटयाङले दैलेख जिल्ला महावु गाउँपालिका वडा नं. ४ बस्ने वडा सदस्य नर बहादुर शाही र उनकी पत्नी पवित्रा शाही सशक्त घाईते हुनु भएको छ । उहाँहरूप्रति पनि शीघ्र स्वास्थ्यको लाभको कामना गर्दछु । त्यसै गरीएउटा जर्सी गाई र एउटा भैसी त्यहीं चटयाङबाट विष्ट परिवारको २ घरको क्षती भएको छ र हिजोको ती चटयाङ,हुरी वतासले गर्दाखेरी दैलेख जिल्लामा एक किसिमको त्रास उत्पन्न भइरहेको छ । सभामुख महोदय यस्तो वेलामा

हाम्रा ती घाईतेहरूलाई छिटोभन्दा छिटो उपचार गर्नुपर्ने र जसका गाई, भैसीहरू मरेका छन् । उनीहरूप्रति पनि राहतको उपलब्ध गराउनुपर्ने माग राख्दै म आफ्ना २ कुरा यी राख्छु । हस्त धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरू अब म प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ मा भएको व्यवस्था अनुसार कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री महेन्द्र बहादुर शाहीको तर्फबाट कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई प्रदेश लोकसेवा आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सभा समक्ष टेवुल गर्न समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्रीमाननीय श्री नरेश भण्डारीः**माननीय सभामुखज्यू सभामुखज्यूको अनुमतिले नेपालको संविधानको धारा २४४ ले प्रदेश लोकसेवा आयोग सम्बन्धी व्यवस्था गरे अनुसार प्रदेश निजामती सेवा,प्रदेश प्रहरी सेवा,प्रदेश सभा सेवा,प्रदेश अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा र स्थानीय सेवाको पदमा उपयुक्त उम्मेदवार छनोटमा स्वच्छता तथा निश्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम,सुदृढ र सेवामूखि बनाउन तथा प्रदेश लोकसेवा आयोगको गठन काम, कर्तव्य र अधिकारको व्यवस्था गर्न वाञ्छनीय भएकोले प्रदेश लोकसेवा आयोगको काम,कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा नियमावली २०७४ को नियम १०५ बमोजिम सभा समक्ष टेवुल गर्दछु । धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाको तर्फबाट कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई सार्वजनिक र नीजि क्षेत्रको साझेदारीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि सैद्धान्तिक छलफलको लागि सभा समक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः**माननीय सभामुखज्यू सभामुखज्यूको अनुमतिले कर्णाली प्रदेशको विकासमा नीजि वा सहकारी क्षेत्रको पूँजि,प्रविधि,उद्यमशिलता र व्यवस्थापकिय दक्षतालाई आकर्षित गरी उपयोग गर्न तथा प्रदेशको विकास र सेवा सुविधा प्रभावको दायरा फराकिलो बनाउनका लागि सार्वजनिक, नीजि र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत् उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि गर्ने सन्दर्भमा राज्यको निर्देशक सिदान्तलाई मध्यनजर गरी प्रदेशको विकासको गतिलाई तीव्रता दिन र प्रदेश सरकारले आम नागरिक र लक्षित वर्गलाई दिनुपर्ने पूर्वाधार लगायतका सेवा सुविधाहरू सार्वजनिक र नीजि क्षेत्रको साझेदारीमा प्रदान गर्ने सम्बन्धमा कानून बनाउन आवश्यक भएकोले सार्वजनिक नीजि क्षेत्रको साझेदारीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक कर्णाली प्रदेश सभा

नियमावली २०७४ को नियम १०६ बमोजिम सैद्धान्तिक छलफल गरियोस् भनि सभा समक्ष प्रस्ताव गर्दछु । धन्यवाद।

**माननीय सभामुखः**माननीय सदस्यहरू सार्वजनिक र नीजि क्षेत्रको साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथिको सैद्धान्तिक छलफलमा सार्वजनिक हुने माननीय सदस्यहरूको लागि समय निर्धारण गरेको छु । सर्वप्रथम माननीय श्री कुर्मराज शाही । (समय ७ मिनेट ) ।

**माननीय श्री कुर्मराज शाहीः**माननीय सभामुख महोदय सार्वजनिक र नीजि क्षेत्रको सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक माथि सैद्धान्तिक छलफल प्रारम्भ भको छ र यो सैद्धान्तिक छलफल गर्ने क्रममा सरसर्ती यो विधेयक अध्ययन गर्ने गर्दै गर्दाखेरी यले धेरै कुराको व्यवस्थापन गरेको छ । यो व्यवस्थापन गरेका पक्षहरूलाई हामीले व्यवहारमा उतार्न सकिउ भने यो कर्णाली प्रदेश सुन्दर कर्णाली प्रदेश समृद्ध कर्णाली प्रदेश हुने मैले देखेको छु । यो यसैगरी त्यो विधेयकमा चाई ९६ वटा दफामा धेरै विषयवस्तुहरू समेटेको छ। १४ वटा परिच्छेद छन् र एउटा अनुसुचि राखेको छ । जे होस यो ठूलो भोलम भएपनि यले धेरै विषयवस्तुहरूलाई समेट्नुपर्ने विषवस्तहरूसमेटेको छ र यसैगरी यले हाफूले साझेदार गर्ने नीजि क्षेत्र र सार्वजनिक क्षेत्र साझेदार गर्ने क्षेत्रहरू प्रष्ट पारेको छ । कुनकुन क्षेत्रमा हामी साझेदार गर्न सक्छौं । त्यो साझेदार गरेको क्षेत्र हामीले चाई तपाईंको साझेदार गर्‍यो भनेपछि हामीले अनि यो प्रदेशको आर्थिक समृद्ध हुन्छ भन्ने विषयवस्तुलाई प्रष्ट पारेको छ । यले यसले सामाजिक आर्थिक क्षेत्रमा पनि यले चाई साझेदार गर्ने विषयवस्तुलाई र सामाजिक आर्थिक क्षेत्रमा साझेदार गर्न ईमपावरमेन्ट त्यहाँको चाई मलाई लाग्छ । सशक्तिकरण गर्नका निम्ति साझेदार गर्ने भन्ने व्यवस्था यले गरेको छ र यसैगरी चाई तपाईंको साझेदार गर्नका निम्ति सेवा करारमा विज्ञहरू सेवा करारमा राख्देर चाई मलाई लाग्छ । निकास निर्माणको प्रक्रियालाई अगाडि बढाउन र आर्थिक समृदिलाई अगाडि बढाउने व्यवस्था यले गरेको छ । र यसैगरी मलाई के लाग्छ भन्दाखेरी यो अर्को कुरा अईलेसम्म समस्याको विषय चुनौतीको विषय यो कर्णाली प्रदेशलाई यो आर्थिक वर्षमा ७४/७५ आर्थिक वर्षमा जनताले रिजल्ट हेर्न चाहेका थिएँ र यो तपाईंहरूको विकासको गति किन अगाडि वढेन धेरै कोईसन अहिले यो छ । धेरैको प्रश्न सायद चोकमा होला, सायद चिया पसलमा होला,चाहे पत्रकार साथीहरूले सोध्ने प्रश होला । आम नागरिकले सोध्ने प्रश्न होला समस्या कानेर भर्खर चाई मलाई लाग्छ प्रदेश सरकार निर्माण भो । एउटा अव आन्तरिक व्यवस्थामा पनि सरकार लाग्यो । विकास निर्माणको प्रक्रिया अलि ओझेलमा पर्‍यो । कार्य के रहिछ त भन्दाखेरी हामी आन्तरिक व्यवस्थापन गर्न लाग्दाखेरी विकास निर्माणका काम केही ओझेलमा पर्छन । तर हामीले वरदान ठानेर गहन ठानियो त्यो भको हुनाले मुख्य विषवस्तु त कानेर रहिछ भन्दाखेरी हाम्रो विकास गर्ने अथवा साझेदार गर्ने क्षेत्रकाहुन् अहिले ठ्याक्क चाई उएँटा माननीयको आधारमा, अत तल सोधिएको

आधारमा, निवेदनको आधारमा, अझ प्रस्तावको आधारमा, भन्दा पनि प्रस्ताव भनेको व्यवस्थित हुन्छ । प्रस्ताव भनेको टिकदार सहितको प्रस्ताव हुन्छ तर मलाई लाग्छ । कसैले प्रश्नरूपमा मन्त्रालय आएको निवेदनका आधारमा योजना छान्ने क्रममा चाई केई समस्याहरू केही जटिलता उत्पन्न भए । त्यो भएको हुनाले अहिले यो मलाई लाग्छ । योले विधेयकले एउटा प्रोजेक्ट म्यान बनाउने जुन अवधारणा ल्याएको छ । विधेयकमा यो सारै राम्रो छ । सारै सुन्दर पक्ष छ । किनभने ५ वर्ष का निम्ति, १० वर्षका निम्ति हामीले कहाँबाट प्रथामिकिकरण गर्ने कुन होत हाम्रो पहिलो प्राथमिकिकरण विषय के हो त कर्णाली प्रदेशको पहिलो प्राथमिकको विषय हामीले भनिरहेका छौं । अव दैलेखको एउटा प्राथमिकको विषय होला, कालिकोटको अर्को हुनसक्छ, जाजरकोटको अर्को होला । त्यो भको हुनाले यसको यकिन नभको कारणले गर्दाखेरी सरकार पनि अन्यौलमा पर्ने अनि हामी पनि अन्यौलमा पर्ने समस्याहरू याँ उत्पन्न भए तर साँच्चिकै समृदिको दिशातिर अझभन्दा समाजवादमा पुग्नका निम्ति यो चाई मलाई लाग्छ । कर्णाली प्रदेश कुन चिजको पहिलो विकास गर्दाखेरी कुन चिजको पहिलो विकास गर्दाखेरी समाजवादको बाटोका हामी अगाडि बढ्न सक्छौं भन्ने कुराको यकिन गर्न समस्या त्यो भको यो विधेयक आयो त्यले यकिन गर्ने कुरातिर यले दिशा निर्देश गरेको छ भन्ने कुराको मैले विश्वास लिएको छु । जस्तै प्रोजेक्ट बैंक सुरुमा के हो त कर्णाली प्रदेशको पर्यटन हो त त्यसपछि गएर के हो त, जलस्रोत हो त,हामी कसैले जलस्रोत भनिरहेका छौं,कसैले पर्यटन भनिरहेका छौं, कसैले चाई मलाई लाग्छ अव अर्गानिक प्रदेश वनाउना साथ मलाई लाग्छ यहाँको मान्छेहरू आत्मनिर्भर वन्छन र एउटा समाजवादको बाटो यात्रा तय गर्छन् भन्ने खालको वुझाई हाम्रो रहेको छ । त्यो भको हुनाले मलाई के लाग्छ भन्दाखेरी यो हाम्रो ठिक्क यकिन गर्‍यो भने यो राम्रो छ र यसैगरी अव कम्पनी सञ्चालन सम्बन्धी बन्यो यले चाई एउटा कमिटि समिति बनाउने व्यवस्था गरेको छ । यसले मलाई लाग्छ । अरु कुरा चाई यो संयुक्त लगानी गर्ने कुरा आदि ईत्यादि कुरा धेरै कुराको व्यवस्थापन यले गरेको छ । यत्ति कुराहरूसम्म चाई मलाई लाग्छ । यो साँच्चिकै व्यवहारमा हामीले उतार्न सक्यो भने एउटा सुन्दर र समृद्ध यो कर्णाली प्रदेशको हामी लैजान चाहन्छौ र यसमा चाई मलाई के लाग्छ भन्दाखेरी अव यो धेरै कुराहरूसँग साझेदार गर्ने भनिएको छ । नागरिक समाजसम्मलाई पनि यले प्रयोग गर्‍या रहिछ । नागरिक समाजसँग मलाई लाग्छ । गाउँमा प्रशस्त मात्रामा खेलकूदलाई क्लवहरू खोलेका छन् युवाहरूले युवाहरूले क्लवहरू धेरै खोलेका छन् । अझ यो जेजेमा मलाई लाग्छ । क्लवसँग पो साभदारी उत सहजिकरण गर्न सक्छ नि नागरिक समाजले वार्ताद्वारा कुनै विकास निर्माणको प्रक्रियामा उले सरकार र मलाई लाग्छ जनता बीचमा चाई एउटा सहजिकरण गर्न नागरिक समाज जस्तो रोल केले गर्छ त्यसैले रोल मलाई लाग्छ । क्लवहरूले सायद धेरै ठाउँमा क्लवहरू खेलेका छन् र क्लवहरूलाई पनि त्यो मलाई लाग्छ । साझेदारी संस्थाको रूपमा हामीले राख्न सकियो भने अझ व्यवस्थापन हुन सक्छ । अनि

आर्थिक वृद्धिको प्रक्रियालाई हामीले अगाडि बढ्न सक्छौं भन्ने मलाई लाग्छ र यसैगरी चाई अव यो अहिलेसम्म कर्णाली पर्सा देखिको अर्को समस्या यो देखिएको समस्या हामीले पाएका छौं । लामो बहस छलफल भको छ र विज्ञ सामाजिक रूपमा एउटा कुनै पनि विषयको विज्ञता त्यलाई रोज्न सकेनौं भने त्यहाँको विकास एवं साझेदारी प्रक्रिया सिँचाई किन नहोला त्यहाँ खानेपानी किन नहोला त्याँ विद्यालयको समस्या किन नहुन् त्यहाँको सामाजिक भित्रदेखिका जटिलता किन नहोन त्यई समस्या अन्त्य गर्नका निम्ति यले चाई विषय विज्ञहरू चाई राख्ने खालको व्यवस्था यो विधेयकले गरेको छ । त्यले गर्दाखेरी मलाई लाग्छ । पाँच वर्षभित्रमा केई राम्रो हामीले परिणाम चाई हामीले प्राप्त गर्न सक्छौं भन्ने मलाई लागेको छ र यसैगरी चाई अरु कुरा अव यो सामान्य विवरण अहिलेसम्म पनि हामीले खासै योजना माग्न जाने क्रममा हामी कर्णाली प्रदेश पछि किनपरेका रहिछौं । भन्दाखेरी काठमाँडौमा पुग्दाखेरी निश्चित मन्त्रीसँग भेटघाट गर्ने हामीले अत निश्चित कुनै नेतासँग भेटघाट गर्‍यो । ल यो मेरो योजना विवरण मिलाको योजना हामी माग्दा रहिछौं । विवरण मिलाको योजना अथवा त्यो कुनै पनि एउटा विवरण अथवा टेष्ट नगरिएको कुरामा माग्दाखेरी के हुन्छ भन्दाखेरी १ करोड लाग्ने योजना २० लाख गराउनुपर्छ ।२० लाखको योजना वन्दो रहिछ । जस्तै हाम्रो जिल्लाको सन्दर्भमा एउटा योजना त्यो १ करोड २ करोड लाग्ने योजना छ । प्रत्येक वर्ष २ लाखको मात्रै आउने के किनभने त्यो हाम्रो विवरण सहित पेश नगरेको हुनाले समस्याहरू उत्पन्न भएका छन् र यी समस्याहरूलाई हल गर्नका निम्ति यो विधेयकले व्यवस्थापन गरेको छ भन्ने कुराहरूको विश्वास मैले लिएको छु । र यसमा धेरै धेरै धेरै विषयवस्तु रहेछ । समेटेको छ यो सबै विषयवस्तुलाई व्यवस्थापन गरेका विषयवस्तुलाई व्यवहारमा लिन सकिउ उतार्न सकिउ भने साँच्चिकै ५ वर्षमा एउटासमृद्ध कर्णालीको अनुभूति हामी गर्न सक्छौं भन्ने भनाई राख्दै मेरा भनाई यही अन्त्य गर्दछु । धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरू सार्वजनिक र नीजि क्षेत्रको साझेदारीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथिको सैद्धान्तिक छलफल आजै समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहनुहुने महानुभावले सदस्यहरूले रोष्टमको वायाँ तर्फ रहेका सचिवालयका कर्मचारीहरूलाई नाम टिपाउनुहोला । अव माननीय श्री यज्ञ बहादुर वि.सि. (समय ७ मिनेट) त्यसपछि माननीय श्री सोशीला शाही तयार रहनुहोला ।

**माननीय श्री यज्ञ बहादुर वि.सि.ः**माननीय सभामुख महोदय सार्वजनिक र नीजि क्षेत्रको साझेदारीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्बन्धमा सैद्धान्तिक छलफलमा भाग लिन उपस्थित भएको छु । सभामुख महोदय कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्रीज्यूले जुन कर्णाली प्रदेशको साझेदारी विकास सम्बन्धमा सार्वजनिक र नीजि क्षेत्रलाई आवद्ध गरेर कर्णाली प्रदेशका आयोजनाहरूलाई व्यवस्थित ढङ्गबाट अगाडि बढाउने र कर्णाली प्रदेशका विपन्न, सीमान्तकृत समुदाय, दलित, महिला, अपांगता भएका व्यक्तिहरूको हितका निमित्त साथै कर्णाली प्रदेशलाई समृद्ध प्रदेश

बनाउनका लागि जुन यो सार्वजनिक नीजि साझेदारी विधेयक जुन आएको छ । यो विधेयकले कर्णाली प्रदेशलाई भौतिक विकासको पूर्वाधार विकास र सामाजिक आर्थिक विकासको सन्दर्भलाई अगाडि बढाउने कुरामा म यहाँ प्रष्ट गर्न चाहन्छु । सभामुख महोदय सर्वप्रथम ढिलै भएपनि कर्णाली प्रदेशको सार्वजनिक नीजि साझेदारी विधेयक जुन मन्त्रीज्यूले जुन ल्याउनु भो म धन्यवाद ज्ञापन गर्न चाहन्छु । यस विधेयकमा १४ परिच्छेद व्यवस्था गरिएको छ । ९६ दफाहरू उल्लेख गरिएकाछन् । यसको अन्तरवस्तुलाई अध्ययन गर्दा यो विधेयकमा आयोजना निर्माण र आयोजना हस्तान्तरण र आयोजनाको स्वामित्वकरणको व्यवस्था गरेको छ । यस विधेयकले कर्णाली प्रदेशको नीजि क्षेत्रलाई साझेदारीरूपमा कर्णाली प्रदेशको विकासको गति अगाडि बढाउने जुन जकर्को लिएको छ। यसमा हामी कर्णाली वासीहरू अवका आउने दिनहरूमा यो विधेयकलाई आफ आफ्नो तह र तत्काबाट ईमान्दारीका साथ कार्यान्वयन पक्षमा हामी गईउँ भने निश्चित रूपमा कर्णाली प्रदेशका सम्पूर्ण दाजुभाइ तथा दिदिवहिनीहरूको अनुहारमा हसिलोपन आउने कुरा पनि म यहाँ प्रष्ट गर्न चाहन्छु । सभामुख महोदय यस विधेयकले व्यवस्थित ढङ्गबाट साझेदारी विकासको क्रमलाई अगाडि बढाउन सञ्चालक समिति गठनको व्यवस्था गरेको छ । साथै सार्वजनिक नीजि साझेदारी समिति पनि गठनको व्यवस्था गरेको छ । साथै आयोजनाहरूको वर्गीकरण गरेर प्राथमिकताको आधारमा साझेदारी संस्थाहरूले आयोजनालाई अगाडि बढाउने प्रशस्त मार्ग फराकिलो वनाएको छ । सभामुख महोदय यसमा साझेदारीका उद्देश्यहरू समावेश गरिएको छ । ती प्रदेशको विकासमा नीजि तथा सार्वजनिक साझेदारीको पूँजी,उद्यमशिलता, प्रविधि र व्यवस्थापकिय आकर्षकलाई ध्यानमा राखेर कर्णाली प्रदेशका जनताहरूले उपयोग गर्ने व्यवस्था गरिएको छ । साथै सेवा र सुविधा विकासको सेवा र सुविधाको दायरालाई पनि फराकिलो वनाएको छ । सेवा र सुविधाको प्रवाहलाई गुणस्तरमा सुधार ल्याउने कुरा पनि यस विधेयकले व्यवस्था गरेको छ । र साथै हामी कर्णाली प्रदेशका सम्पूर्ण जिम्मेवारीमा रहेका सरकार र सदनमा भएका हामी सम्पूर्ण सदनका जिम्मेवारी माननीयज्यूहरू समेतले यस विधेयकलाई सहि ढङ्गबाट भोलिका आउने दिनहरूमा सभामुख महोदय सहि ढङ्गबाट परिचालन गर्न गराउन सकिउ भने जलको भण्डार, जरिवुटिको भण्डार, साझेदारी निर्माण आयोजनाहरूलाई अगाडि बढाउने सवालमा हाम्रो ठूलोको भूमिका रहने छ । यदि त्यो भूमिका रहेन भने सिरिप आदर्शका करा मात्रै रहने कुरा म सभामुख महोदय मार्फत् याँ जानकारी गराउन चाहन्छु । हस्त धन्यवाद । जय नेपाल ।

**माननीय सभामुखः**माननीय श्री सोशीला शाही । यसपछि माननीय श्री देवी ओली तयार रहनुहोला ।

**माननीय श्री सोशीला शाहीः**सभामुख महोदय यस कर्णाली प्रदेशको सार्वजनिक र नीजि क्षेत्र साझेदारीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको सैद्धान्तिक छलफलमा भाग

लिईरहेका छौं । यसै क्रममा यस कर्णाली प्रदेशमा सार्वजनिक वा नीजि क्षेत्रको साझेदारीमा उपलब्ध स्रोत साधनको अधिकतम प्रयोग भएको खण्डमा मात्रै कर्णाली प्रदेशको विकास सम्भावना छ । राज्यको एकल लगानिमा भौगोलिक विकटताले भरिएको यस कर्णाली प्रदेशमा विकास असम्भव छ । यस कर्णाली प्रदेशको पहलमा धेरै भन्दा धेरै नीजि लगानि कम्पनिहरूसँगको साझेदारीका कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिन्छ । यस विषयमा तेरो वा मेरो नभनि राजनैतीक पूर्वाग्रह ढङ्गले नसोचि सिङ्गो कर्णाली प्रदेश लागेको खण्डमा आम नागरिक र लक्षित वर्गको आधारभुत आवश्यकता सहजै परिपूर्तिका साथै आर्थिक उन्नति हुने निश्चित छ । नीजि लगानि कम्पनिहरूलाई यस कर्णाली प्रदेशमा लगानि गर्न गर्नका लागि आकर्षित गर्ने खालको वातावरण सिर्जना गर्न आवश्यक छ । साथै सेवा प्रवाहको दायरामा फराकिलो पनि बनाउनु पर्दछ । साझेदारीका क्षेत्रमा क्षेत्रहरूमा विकासमा सन्तुलन हुने खालको सम्पूर्ण क्षेत्रलाई समेटेर लगानी गर्नु पर्दछ । साथै आयोजनाहरूलाई प्राथमिकताकरण दिनु पर्दछ । यस्ता नीजि नीजि कम्पनिहरूलाई निश्चित अवधिका लागि आवश्यक सर्त राखेर सम्झौता गर्नु पर्दछ । कहिलेकाही २ पक्ष मात्र नभई वहुपक्ष सम्झौता गरेर पनि अगाडि वढनु पर्दछ । अनि कुनै आयोजनाहरू सञ्चालनका लागि आवश्यक मापदण्ड राखि शेर खुल्ला गर्नु पर्दछ । यदि आयोजना सञ्चालन गर्दा विवाद आएमा विवाद समाधान लगायत प्रभानकारी समुदायको आवश्यकतालाई मध्यनजर राखी मुहाब्जा क्षतिपूर्ति समेतको व्यवस्था गर्नुपर्दछ । यस्ता यी आवत कुरालाई मध्यनजर राखि प्रदेश सरकार अगाडि बढेको खण्डमा निश्चै नई कर्णाली प्रदेशको विकास सम्भावना छ । तर अर्को कुरा बजेट भएर आयोजना छनोट गरेर मात्रै हुदैन । त्यसका लागि हामी सबै लागेर कार्यान्वयन पक्षलाई ध्यान दिनु आवश्यक छ । यसका लागि कर्णाली प्रदेश सरकारले दातृ निकायलाई आमन्त्रण गरेर प्रदेश लगानी सम्मेलन गर्न आवश्यक छ । अनि मात्रै दातृ निकायको लगानि भित्रयाउन सकिने सकिएको खण्डमा विकास सम्भावना छ । हवस्त धन्यवाद । जय राष्ट्रवाद।

**माननीय सभामुखः**माननीय श्री देवी ओली । यसपछि  माननीय श्री गोपाल शर्मा तयार रहनुहोला ।

**माननीय श्री देवी ओलीः**सभामुख महोदय आज सार्वजनिक र नीजि क्षेत्रको साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक उपर छलफल गरेर रहँदाखेरी हाम्रो जस्तै एउटा प्रदेशमा प्राकृतिक प्रकोपले धनजनको क्षती गरेको छ । त्यसले हामी सबैको आत्मा छोएको छ । सर्वप्रथम प्राकृतिक प्रकोपमा परि ज्यान गुमाउने महानुभावप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । घाईतेहरूप्रति शीघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु र क्षती भएको कुरामा सरकारको विशेष ध्यान जाओस भन्ने चाहन्छु र यो विधेयकको सन्दर्भमा मलाई लागेको कुरा के छ भने यो विधेयक मन्त्रीज्यूले मन्त्रालयले धेरै मेहनत गरे अत्यन्तै मोटो विधेयकको रूपमा यहाँ प्रस्तुत गर्नु भएको छ । सर्वप्रथम यसका धेरै

सकारात्मक पाटाहरू समेटिएका छन् यसमा म धन्यवाद दिन चाहन्छु । त्यसको सँगसँगै अव यो विधेयक मलाई लागेको अलिकति मोटो भयो भन्ने म यहाँ राख्न चाहन्छु । ३३ पेजको यो विधेयक छ । ऐन नियमहरू सकेसम्म हामीले छोटो, सरलभाषामा आयो भने सर्वसाधारणले आफ्नो स्थान र आफ्नो गर्ने काम कर्तव्यको बारेमा सहज रूपमा सजिलैसँग वुझने र आ आफू साक्षतकार हुने यसको अध्ययनबाट पनि त्यस्तो खालको हुनुपर्छ भन्ने लाग्दछ । आयोजनाको निर्माण देखी सञ्चालन हस्तान्तरणको कुरा आको व्यवस्थामा पनि धेरै कुराहरू आको छ । यसमा हामीले हाम्रो अभ्यासमा अहिलेसम्म सरकारी कामकाज अथवा सरकारी सम्पत्ति भनेपछि हामी नेपाली नागरिकहरूले त्यति माया नगर्न संरक्षण नगर्ने, अव सानो धाराको टुटि पनि राम्रो चल्दाचल्दै पनि अव सरकारले दिन्छ भनेपछि भाचेर फाल्ने त्यस्तो खालको हाम्रो नागरिक चिन्तन अथवा हामी मानवीय स्वभावमा हुर्केका जुन यस प्रदेशका अथवा नेपालका नागरिकहरू छौं । यसलाई अझै अलि जिम्मेवार बनाउनको निम्ति हस्तान्तरणको कुरामा समय सीमाको पनि व्यवस्था गरिनु पर्ने हो कि भन्ने मैले ठानेको छु । त्यसको सँगसँगै बजारीकरणको कुरा यहाँ उल्लेख गरिएको छ । जसमा लक्षित समुदायहरूलाई मात्रै त्यहाँ उल्लेख गरिएको छ । सीमान्तकृत र विपन्न वर्ग स्थानीय तह भनिएको छ । यो वजारीकरणमा सबै त्यो गतिविधिमा सम्लग्न अथवा उत्पादनको क्षेत्रमा लागेका सबै पक्षहरूको त्यो उत्पादित सामानको वजारीकरणको व्यवस्था गर्नुपर्छ । होला भन्ने लाग्दछ । त्यसपछि यो जुन अलिकति मोटो भयो भन्ने कुरा मैले के अर्थमा भनिरहेको छु भने यो कम्पनिको कुरा याँ सञ्चालक समिति देखी लिएर सञ्चालक समितिको कामकाज र कर्तव्य अधिकार समेतको व्यवस्था याँ गरिनु आवश्यक छैनकि किनभने कम्पनिहरू कम्पनि रजिष्टार कार्यालयमा दर्ता भए अनुसार उनीहरूको नियम अनुसार सञ्चालन हुने भाको हुनाले अथवा यो ऐन बमोजिम सरकारले छुट्टै कम्पनि बनाएर त्यो कम्पनिको हकमा हो भने ठीकै छ नत्र यो ऐनले त अरु सबै व्यक्ति र नीजि सरकारी सार्वजनिक सबैसँग साझेदार गर्दाखेरी यो भन्दा पहिला गठन भएका कम्पनिहरूसँग पनि हामीले साझेदार गर्छौं होला । त्यस कारण त्यो व्यवस्था त्यताको नियम अनुसार हुने भएको हुनाले सञ्चालक समितिको गठन व्यवस्था अधिकाहरू याँ व्यवस्था गर्न उपयुक्त हुदैन कि जस्तो मलाई लागिरहेको छ । त्यसको सँगसँगै यो लिज र लिज सञ्चालन र हस्तान्तरणको कुरा गरिएको छ । जो चालु अवस्थामा रहेको अवस्था भनेर जुन अवस्थामा सम्पत्ति जस्ता को तस्तै तथा चालु अवस्थामा हस्तान्तरण गर्ने भनेर प्रदेश सरकार तिर अलिकति वढि जोड दिइएको जस्तो मैले पाए । यसलाई अव हस्तान्तरण गर्दाखेरी आयोजना निर्माण भएपछि सरकारलाई हस्तान्तरण गर्नु त स्वभाविकै छ । अहिलेसम्मको हाम्रो अभ्यासमा र हामीले हिजोका अभ्यासहरूलाई मात्रै पछ्याउदाखेरी हामीले सोचेको ठाउँमा पुग्न सक्छौं कि सक्दैनौ त्यई केही नयाँ अवधारणाहरू पनि ल्याउन सकिन्छ कि केई आयोजनाहरू अथवा केई उत्पादनका क्षेत्रहरू औद्योगिक केही उद्योगहरू सरकारले तयार पारेर पनि सञ्चालन गर्ने

त्यस्ता सहकारीहरूलाई अथवा समुदायलाई अथवा नागरिक समाजलाई सञ्चालनको लागि हस्तान्तरण गर्न सक्ने त्यस्तो परिकल्पना गर्दा राम्रो हुन्छ कि जस्तो मैले ठानेको छु ।त्यस कारण यो साझेदार निकायहरूको कुरा गर्दाखेरी अवश्य पनि हामीले यो प्रदेशमा आर्थिक वृद्धिदरलाई तीव्र रूपमा अगाडि बढाउनको निम्ति साझेदार निकायको परिकल्पना गरेका छौं । दातृ निकाय, अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरू भनेर यसको सँगसँगै हामीले दातृ निकाय र लगानि कर्ताहरूलाई मात्रै भित्रयाउने भन्दा पनि आज सम्मको हाम्रो प्रदेशमा भएको लगानीको प्रतिफल कसरी आउन सकेको छ । र त्यो लगानी गुणस्तरीय र पारदर्शिताको हिसावले कसरी सञ्चालन भएको छ । त्यो अनुसार हामीले यो लगानीको कुरालाई अलिकति व्यवस्थित ढङ्गले सञ्चालन गर्नु पर्छहोला । भन्ने कुरा मैले यहाँ राख्न चाहन्छु । त्यसको सँगसँगै यो अलिकति आयोजनाको सुचिकरणमा सुचि केंिद्रत गर्ने आयोजना सुचिकृत गर्ने कुरामा संस्थनगत कुरालाई वढि जोड दिनुपर्छ। यहाँ यदाकदा मैले केही सांसदहरूले सिफारिस गरेको स्थानीय तहमा धेरै ढोकाहरू वनाएको जस्तो महसुस गरेको छु । त्यस कारण संस्थागत रूपमा हामीले छलफल व्यापक गर्ने र त्यसको निष्कर्ष गर्दाखेरी एक ठाउँको संस्थाबाट गर्दाखेरी वढि उपयागि होला भन्ने कुरा राख्दै आफ्नो भनाई अन्त्य गर्छु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री गोपाल शर्मा ।

**माननीय श्री गोपाल शर्माः**माननीय सभामुख महोदय सार्वजनिक र नीजि क्षेत्रको साझेदारीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको सैद्धान्तिक छलफलको सन्दर्भमा म आफ्ना केही धारणहरू राख्न चाहन्छु । खासगरी माननीय सभामुख महोदय हामी हाम्रो जीवनको यथार्थताको बारेमा अनुभूति गर्छौं । सवभन्दा पहिले हाम्रो यो विधेयक धेरै महत्वपूर्ण सन्दभर्मा धेरै महत्वपूर्ण ढङ्गले यौं प्रस्तुत भएको छ भन्ने म ठान्दछु । हामी समृदिको खोजिमा छौं त्यो यात्रामा छौं र तीव्र हिसावले हामी समृदिको लक्ष्यमा अगाडि बढ्न पनि चाहन्छौ । तर हामीसँग स्रोत साधनहरूको पर्याप्तता हुँदाहुँदै पनि त्यसलाई परिचालन गर्ने क्षमता हामीसँग कमजोर छ भन्ने हामीले आफूलाई अनुभूति वा हाम्रो संश्लेषण त्यस्तो किसिमको छ । त्यसो गर्दाखेरी  त्यसलाई सहज परिचालन गर्ने भएको साधन स्रोतलाई सहज ढङ्गले परिचालन गर्ने खास पक्ष भनेको त्यसको पूँजीकै कुरा हुन्छ र त्यसको परिचालन गर्नलाई यो विधेयकले सहज बनाउन प्रयत्न गरेको छ र यो विधेयक कार्यान्वयन सँगसँगै हामीले लगानीको क्षेत्रलाई सहज सजिलो र फराकिलो बनाउन सक्छौं भन्ने विश्वास मैले यहाँ व्यक्त गर्न चाहन्छु । सभामुख महोदय हामी यसको विस्तृत पक्ष हामी दफावार छलफलमा व्यक्त गरौंला । आफैंमा यो विधेयक मोटो छ भन्ने कुरा व्यक्त भई सकेको छ । मैले त्यलाई दोहोर्‍याउन चाहदैन । हाम्रा विधेयकहरू संक्षिप्त हुने र सकेसम्म सबैलाई समेट्ने गरी बुँदाहरू संक्षिप्तीकरण हुने र सानो सबैले वुझने खालको सरलीकृत हुने कुरा हामीले अपेक्षा गर्दछौं । तर पनि मुख्य कुरा हामीले चाहेको कुरा यो विधेयकमा समेट्न खोजिएको छ कि छैन भन्ने कुरा मुख्य

कुरा हो । विधेयकको प्रमुख उद्देश्य विकास र समृदिको यात्रालाई तीव्र बनाउने नै छ र तर पनि यसमा तीन वटा कुरा उद्देश्यमा उल्लेख गरिएको छ । सार त हामीले पूँजी प्रविधि, उद्यमशिलता र व्यवसायिक दक्षतालाई उपयोग गर्ने उद्देश्य राखिएको छ । प्रदेशको विकास र सेवा सुविधा प्रवाहको दायरालाई फराकिलो बनाउने र गुणस्तरीय बनाउने लक्ष्य पनि यसमा राखेको छ । खासगरी नीजि क्षेत्र सार्वजनिक र नीजि क्षेत्रको साझेदारी भनेको सरकार र नीजि क्षेत्रको सहभागिता सार्वजनिक सहकारी वा नीजि क्षेत्रको सहभागितालाई कसरी व्यवस्थित गर्ने सन्दर्भमा याँ धेरै महत्वपूर्ण छ । र मैले के पनि अनुभूति गरेको छु भन्दाखेरी नीजि क्षेत्रलाई प्रोत्साहन गर्न सरकारले धेरै अगाडि देखि प्रयत्न गरेको छ । नीजि क्षेत्रको लगानिलाई प्राथमिकता मै पनि राखेको छ । तर कैयौ सार्वजनिक क्षेत्रहरू सार्वजनिक सम्पत्तिहरू नीजिकरण गरिएका उदाहरणहरू पनि हामीसँग छन् । नीजि क्षेत्रलाई दिदाखेरी देशको आर्थिक वृर्दिदर अत्याधिक हुन्छ । तीव्र हुन्छ भन्ने अपेक्षा राखिएको सन्दर्भमा कैयौ राष्टिय उद्योगहरू नीजिकरण गरिएका उदाहरणहरू छन् त ती उद्योगहरू सरकारले जुन रूपमा हस्तान्तरण गरेको थियो । नीजि क्षेत्रलाई आज ती उद्योगहरू पनि यथास्थितिमा किन छन् । नीजि क्षेत्रलाई हस्तान्तरण गर्ना विक्तिकै वा नीजि क्षेत्रको साझेदारीमा जाना विक्तिकै देशको आर्थिक अवस्था तीव्र हुनसक्छ । समृदिको यात्रा तीव्र हुनसक्छ । भन्ने कुरा ती उदाहरणले पनि काई प्रश्न उठाउन सक्छ । तर मुख्य कुरा हामीले हामी कुन मोडेलमा जान थालि राख्या छौं । हाम्रो विकासको मोडेल के हो । भन्दाखेरी मुख्य त हामी समाजवादी मोडेललाई नै प्राथमिकतामा राख्न चाहन्छौ । राख्न खोजेका छौं र हाम्रो संविधानले हाम्रो यात्रालाई त्यसरी नै निर्देशित गरेको छ । त्यसो गर्दा नीजि क्षेत्रलाई कुनै मुठीभर व्यक्तिहरूसँग वा तत्वहरूसँग सरकारले साझेदारी गर्ने कुरा यहाँ त्यो अपेक्षा यहाँ राखेको छैन विधेयकमा त्यो अपेक्षा राखिएको छैन भन्ने मैले अनुभूति गरेको छु । त्यसो गर्दा व्यापक जनताको सहभागितालाई सुनिश्चित गर्ने कुरा अन्तर्रनिहित छ र हुनुपर्छ भन्ने मैले सँगसँगै आफ्नो धारणा राख्न चाहन्छु । मुख्य त जनतालाई व्यापक सहभागिता जनताको व्यापक सहभागिता राज्यसँग साझेदार गर्ने सन्दर्भमा उल्लेख भयो भने मात्रै राज्यले तीव्र ढङ्गले विकास गर्न सक्छ । र समृदिलाई अगाडि बढाउन सक्छ । जनतालाई सहभागि बनाउने कुरा नै अन्तत जनता र राज्यको साझेदारीको कुरा नै सरकार र नीजि क्षेत्रको साझेदारीसँग पनि अटुट रूपले जोडिएको छ । कतिपय सन्मर्भमा आजभोलि पिफोको कुरा पनि गर्छौ । अथवा यलाई सजिलो पनि भनौं पव्लिक प्राईवेट पिपुल पाटनरसिपको कुरा गरौं । गर्न सकिन्छ । त्यसो गर्दा हामीले के ध्यान दिन जरुरी छ भन्दाखेरी जनताको व्यापक सहभागिता भनेको खासगरी श्रमिक जनता व्यापक सहभागितालाई सहभागिताले सुनिश्चित गर्ने र त्यसको कारण के हो भने यसको लाभांस पनि व्यापक जनताले लिन सक्यो भने मात्रै समृद्ध हुने हो । राष्ट्र समृद्ध हुने हो । जनताले लाभांस नलिने निश्चित व्यक्तिले लाभांस लिने र जनतालाई मजदुर वनाई राख्ने प्रक्रिया भयो भने

हाम्रो साझेदारीको अर्थ रहदैन । त्यस कारण हाम्रो साझेदारीको अर्थ जनतालाई व्यापक जनतालाई समृद्ध बनाउने उनीहरू आफैँलाई मालिक बनाउने तरिकातिर नजीक गएपछि मात्रै हामी यो साझेदारीको मोडेल सफल हुनसक्छ र यो विधेयक यसरी लागु हुन सक्छ भन्ने कुरा राख्न चाहन्छु। र मुख्यत त्यसमा ठूला खासगरी यो विधेयक भित्र कतैपनि कुराहरू व्यापक क्षेत्रमा साझेदारीको अपेक्षा गर्न खोजिएको हो कि भन्ने लागेको छ मलाई व्यापक क्षेत्रमा साझेदारी जरुरी छ यहाँ निश्चित र ठूला प्रतिफल आउने लगानिहरूमा मात्रै आयोजनाहरूमा मात्रै साझेदारी खोज्न जरुरी छ । ठूला प्रतिफल आउने आयोजनाहरू के हुन् जसले आयस्रोतको आएको हिसावले पनि वा आम्दानीको हिसावले पनि व्यापक हुने हिस्सेदारीको हिसावले पनि व्यापक जनतामा जोड दिने किसिमको आयोजनाहरू छनोट गर्नुपर्छ । त्यस्ता आयोजनाहरूलाई नै प्राथमिक सुचिहरूमा राख्नुपर्छ । सूचि निर्धारण गर्ने आधारहरू पनि यो विधेयकले विर्धारण गरेको छ । व्यापक जनता सहभागितामा राय सुझाव लिने त्यसलाई आधार बनाउने र सरोकारवालाहरूसँगका सुझावहरू र केही अरु प्राथमिकताहरूलाई आधार बनाउने भन्ने राखिएको छ । तर पनि मलाई लागेको कुरा के हो भने ठूला पूर्वाधारहरूमा पूर्वाधारका ठूला क्षेत्रहरूमा लगानी गर्ने कुरालाई र त्यसमा साझेदारी गर्ने कुरालाई जोड दिन पर्छ भन्ने कुरा राख्न चाहन्छु र मुख्यत सार्वजनिक सम्पत्तिलाई जनताको सम्पत्ति र साझेदारीमा हुने लगानी र त्यसको आम्दानी दुवैलाई जनताको हिस्सेदारी बनाउने गरी यो विधेयक कार्यान्वयनको प्रक्रियामा अगाडि बढ्ने छ भन्ने अपेक्षा राख्दछु र बाँकि कुरा हामी दफावार छलफलमा अगाडि बढ्नेछौं । धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरू अव म कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाको तर्फबाट कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई सार्वजनिक र नीजि क्षेत्रको साझेदारीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि सैद्धान्तिक छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवं जिज्ञासाका सम्बन्धमा जवाफ दिन समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः**माननीय सभामुखज्ययू यो वहुप्रतिक्षित सार्वजनिक नीजि क्षेत्रको साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक यो सम्मानीत सदनमा प्रक्रियाहरू मार्फत् प्रक्रिया बाट गुजरिदै सैदान्तिक छलफलको यो सिलसिलासम्म आईपुगेको छ । यो छलफलमा यो जरुरी महत्वको यो विधेयकको समृद्धिकरणका लागि यो विधेयकबाट समृदिको खोजि गर्ने सरकारको अभिप्रायलाई साथ दिदै माननीय सदस्यज्यूहरूले आफ्ना सैद्धान्तिक विषयहरू यो विधेयकको समृदिका लागि प्रस्तुत गर्नु भएको छ । खासगरी यो छलफलमा माननीय सदस्यज्यूहरूले विधेयकको मूल स्प्रिटमा उहाँले दृढ समर्थन जाहेर गर्नु भएको छ । तर यसका केही प्राविधिक पक्षहरूका विषयमा उहाँहरूले केई सुझावहरू दिनुभको छ । यो विधेयकका केही

अपूर्णताहरूका विषयमा उहाँहरूले आफ्ना मतहरू दर्ज गर्नु भएको छ । हामी सबैलाई थाहा छ कि हाम्रो प्रदेश त्यो खासगरी तीव्र आर्थिक वृद्रिध हासिल गर्न चाहन्छ । नेपालको मानचित्रमा आफूलाई एउटा अव्वल प्रदेशका रूपमा, समृद्ध प्रदेशका रूपमा, आधुनिक र विकसित प्रदेशका रूपमा, एउटा सम्पन्न प्रदेशका रूपमा, आफूलाई स्थापित गराउन चाहि रहेको छ। चाईरहेको मात्रै छैन संकल्प जाहेर गरिएको छ । र आफ्ना नीति योजना कार्यक्रम र आफ्ना संरचनाहरू त्यो दिशातिर चाई अगाडि वढाई राखेको छ । हामी सदैव समृद्धिको प्रयासले विकासको प्रयासले सम्पन्नताको प्रयासले, हामी काकाकुल भईरहने एउटा विगत असाध्यै तिक्त विगत, एउटा कारुणिक विगत, असाध्यै त्यो खराव विगत,हामी अन्त्य गर्न चाहन्छौ त्यो निकट विगत र हामीले जिईरहेको विगत जिईरहेको वर्तमान पनि वास्तवमा निकै दयनीय छ । एकातिर हाम्रा नदिहरूमा डलर वगेर खेर गईरहेको छ । त्यसैको छेवईमा हाम्रा वस्तिहरू अध्यारा छन् । प्राकृतिक साधन स्रोतका दृष्टिले हेर्दाखेरी हामी सदैभरी राराको, फोक्सुण्डोको हामी वखान गर्ने गर्छौं । त्यो वगिरहेको कर्णाली नदि सभ्यताको स्रोत हो । सम्पन्नताको स्रोत हो । भेरीनदि, राप्ती नदि सम्पन्नताका स्रोतहरू हुन् भनेर हामीले प्रवचनहरू दिईरहेका छौं । तर त्यसैको छेवईमा बस्नेनागरिकहरू भयानक विकृतीको सामना गरिरहेकाछन् । वास्तवमा यो यथार्थतालाई हामी वदल्न खोजिरहेका छौं । माननीय सदस्यहरूले विषय राख्नु भएको छ । राजनीतिक पूर्वाग्रह भन्दा माथि उठेर हामीले साझा समृद्धिको खोजि गरौं । सरकारको एकल प्रयत्नबाट मात्रै जो हातखुट्टा वाधिएको अवस्थामा समृद्धिको त्यो मञ्जिर चुम्न कुदिरहेको  छटपछाईरहेकोएउटा सरकार हो । एकल प्रयत्नबाट मात्रै वास्तवमा हामी सबैलाई थाहा छ । कि प्रदेश सरकारको हातखुट्टा विधिएको अवस्थामा छ । यसले फोलसोईन गर्ने त्यो समुन्द्र पार गर्ने प्रयत्नमा निकै चाई अंकुशहरू लगाईरहेको स्थिति छ र पनि हामीले वास्तवमा एकल प्रयत्न होइन यहाँका आम जनताहरूलाई यहाँका सम्भावनाहरूलाई समृद्धिमा अनुवाद गर्नको लागि सहभागि गराईनु पर्दछ । सीमाना पारिबाट पनि सीमाना भित्रपनि सीमाना पारिपनि पारिबाट पनि हामीले वास्तवमा यो क्षेत्रमा विकासका क्षेत्रमा, समृदिका क्षेत्रमा, सेवा प्रवाहका क्षेत्रमा, हामीले साझेदारीका निम्ति वास्तवमा यो विधेयक कानूनी व्यवस्था जरुरी हुन्छ । केवल हामीले अपिल गरेर मात्रै भाषण गरेर मात्रै, अनुरोध गरेर मात्रै, आग्रह गरेर मात्रै, वास्तवमा उहाँहरूलाई हामी साझेदार बनाउन सक्दैनौ । उहाँहरूको लगानीको उहाँहरूको प्रतिफलको पनि हामीले चाई तपाईंको एउटा रेखांकन गर्दिने त्यो खालको ईनभाइरनमेन्ट सेक्रेट गर्दिने वास्तवमा त्यो कमिटमेन्टबाट  त्यो कानूनी कमिटममेन्टबाट त्यो राज्यको साझा संकल्पबाट त्यो दस्तावेजीकरण गर्दै हामीले उहाँहरूलाई अपिल गर्न सक्दछौं । हामी सबैलाई थाहा छ । विभिन्न सरकारका विभिन्न पोलिसीहरू हुन्छन । कुनै समय सरकार प्रहरी राज्यका रूपमा उपस्थित हुथ्यो । जसले ट्याक्स उठाउथ्यो नागरीहरूलाई त्यले केवल सुरक्षा मात्रै दिन्थ्यो । एउटा समय त्यसतो पनि थियो जो सरकार आफले मात्रै चाई तपाईंको

विकास निर्माण लगायतका सर्भिस डेलिभरीका कामहरू गर्ने गरिन्थ्यो । अहिले समय वदलिएको छ । र सरकारले नीजि क्षेत्रको सहकारी क्षेत्रको सहभागिता जरुरी ठानेको छ । त्यसो भको हुनाले हामीले रातो कार्पेट विछाएर लगानी कर्ताहरूलाई आमन्त्रण गर्ने त्यो खालको वातावरण सिर्जना गर्ने, र हामीले प्रविधि पूँजी र त्यस्तै गरेर अनुभव र एक्सपर्ट चिजलाई हामीले हाम्रो समृदिमा चाई प्रयोग गर्न थालेको वातावरण सिर्जना गर्नको लागि यो मतलव विधेयक यो चरणमा पुगेको छ । हामी केवल सैद्धान्तिक छलफल गरिरहेकाछौं । सैद्धान्तिक रूपले आवश्यक छ । अझ अत्यावश्यक छ र दफावार छलफल हुनेछ । माननीयज्यूहरूका संशोधनहरू विविध खालका प्राक्टिसहरू पनि छन् । नेसनल, ईन्टरनेसनल अझ खासगरी ईन्टरनेसनल प्राक्टिसहरू छन् । त्यो प्राक्टिसहरूलाई हामीले अध्ययन गर्ने छौं । र लगानी गर्नका निम्ति लगानी कर्ताहरूलाई कुनै पनि सन्धि हामी वाकि राख्ने छैनौं र यहाँहरूको त्यसमा महत्वपूर्ण भूमिका रहनेछ । सम्वद्ध पक्षहरूसँग सुझावहरू हामी संकलन गर्ने छौं । समितिहरू मार्फत् भन्दै यो प्रक्रियामा सामेल हुनुभएका माननीय सदस्यज्यूहरू खासगरी थुपै्र माननीय सदस्यहरूले भाग लिनुभको छ । उहाँहरूलाई म सरकारका तर्फबाट म धन्यवाद दिन चाहन्छु र यो विधेयक उपरको प्रष्टीकरण म अन्त्य भको जानकारी गराउँछु । हस्त धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाको तर्फबाट कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले सभामा प्रस्तुत गर्नु भएको सार्वजनिक र नीजि क्षेत्रको साझेदारीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथिको सैद्धान्तिक छलफल समाप्त भएको जानकारी गराउँछु । माननीय सदस्यहरू कर्णाली प्रदेश सभा नियमावली, २०७४ को परिच्छेद १५ व्यवस्थापन कार्यविधिको नियम १०९ को उपनियम १ अनुसार सार्वजनिक र नीजि क्षेत्रको साझेदारीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा संशोधनको सूचना पेश गर्न चाहनु हुने माननीय सदस्यलाई ७२ घण्टाको समय सीमा प्रारम्भ भएको व्यहोरा जानकारी गराउँछु । माननीय सदस्यहरू अव म कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री दल रावललाई कर्णाली प्रदेश स्वयंसेवक परिचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि सैद्धान्तिक छलफलका लागि सभा समक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**सामाजिक विकास मन्त्रीमाननीय श्री दल रावलः**माननीय सभामुखज्यू प्रदेशमा स्वयंसेवक परिचालन गरी स्वयंसेवकका माध्यमबाट युवाहरूको सीप र क्षमताको प्रयोग गरी प्रदेशको भौतिक पूर्वाधार तथा सामूहिक क्षेत्रको विकार र योगदान पुर्‍याउन कानूनी व्यवस्था गर्न आवश्यक भएकोले कर्णाली प्रदेश स्वयंसेवक परिचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १०६ बमोजिम सैद्धान्तिक छलफल गरियोस् भनी सम्मानीत सभा समक्ष प्रस्ताव गर्दछु । धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरू कर्णाली प्रदेश स्वयंसेवक परिचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथिको सैद्धान्तिक छलफलमा भाग लिनुहुने माननीय सदस्यहरूका लागि समयको निर्धारण गरेको छु । सर्वप्रथम माननीय श्री चन्द्र बहादुर शाही । (समय ७ मिनेट) ।

**माननीय श्री चन्द्र बहादुर शाहीः** सभामुख महोदय सर्वप्रथम जलवायू परिवर्तनका कारण २ नं. क्षेत्रमा हावाहुरीले ठूलो धनजनको क्षती भएको छ र थुप्रै मान्छे हताहत भएका छन् । थुप्रैले ज्यान गुमाएका छन् । म ती ज्यान गुमाउने नागरिकप्रति त्यो आत्माको चिरशान्तिको कामना गर्दछु । र स्वकसंदप्त परिवारप्रति धैर्यधारणा व्यक्त गर्दछु । र घाईतेको स्वास्थ्य लाभको कामना गर्दछु । सभामुख महोदय सामाजिक विकास मन्त्री श्री दल रावलले यो सम्मानीत सदनमा कर्णाली प्रदेश स्वयंसेवक परिचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक टेवुल गर्नु भको छ । टेवुल गरिएको छ र यो विधेयकले वेरोजगारीले छटपटिएका वेरोजगारीले भौतारिएका त्यई युवालाई थोरै भएपनि मलम लगाउँने कामहरू भएको छ र यो विधेयकमा धेरै सकारात्मक ढङ्गले आएको छ । तर पनि केही कुरा अभाव भएको छ। म ती कुरा सम्मानीत सदनमार्फत् मन्त्रीज्यू र सम्बन्धित मन्त्रालयको ध्यान आकर्षण गर्न चाहन्छु । यो दफा १ को नाम हेडलाइनमै अव यो कर्णाली प्रदेश स्वयंसेवक परिचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक भनेर यो धेरै भाष्ट भएको छ । यलाई सुरुमै कर्णाली प्रदेश स्वयंसेवक परिचालन विधेयक भन्दिदा राम्रो हुन्थियो कि दफा ३ को घ उद्देश्यमा गरीवी न्यूनीकरण मा सहयोग पुऱ्याउने छ । भनिएको छ । तर राष्ट्रिय योजना आयोगको १५ औ योजनाले देशभित्र उत्पादनशील र मर्यादित रोजगारीको अवसरहरू विस्तार नगरी गरीवी न्यूनीकरण हुन सक्दैन भनेर उल्लेख गरिएको छ । तर उद्देश्यमा जुन राखिएको कुराले मात्रै गरीवी निवारण हुन सक्दैन । हामीले १५ औ योजनालाई पक्रिनै पर्दछ । र मर्यादित र उत्पादित रोजगारीको खोजी गर्नै पर्दछ । भन्ने कुरा रहेको छ । अर्को कुरा अलि यो साल अगाडि वाछो पछाडि भयो कि भन्ने कुरा पनि याँ तर्क उठेको छ । विधेयक अहिले ल्याएका छौं तर विज्ञापन हामीले २/२ चोटी अगाडि गरीहालिउँ जसले गर्दा पीडामा छटपटिएका युवाहरू जो हुम्ला,जुम्ला,डोल्पाबाट काटमांडौबाट अवाईजहाजको यात्रा गरेर झनै वेरोजगारी थपियो कि भन्ने मलाई लागेको छ। अर्को यो संस्थागत संरचना वढि गऱ्यौं कि भन्ने कुरा छ यहाँ । संस्थागत संरचना दफ ९ मा निर्देशक समिति, दफा ११ मा कार्यकारी समिति, दफा १३ मा स्वयंसेवकको सेवा सचिवालय, दफा २३ मा स्वयंसेवक संयोजक व्यवस्थापन, दफा ३१ म अनुगमण तथा प्रतिवेदन समिति भनेर जम्मै यो जुन संस्थागत संरचनामा मात्रै हामीले समय दिन खोजिउँकि भन्ने मलाई लागेको छ । अनि त्यति मात्र होइन दफा ३१ को ६ मा समन्वय समिति अनुगमन गरे वापत बजेट सहित यसको प्रतिवेदन पेश गर्ने भनेर भनिएको छ । यो आर्थिक मितव्ययिता पनि हुन सक्दैन र यो धेरै झन्झटिलो हुन सक्दछ र हामीले राष्ट्रिय योजना आयोगले पहिला

जुन स्वयंसेवक परिचालन गरेको थियो । छिटो थियो, छरितो थियो, भरपर्दो थियो, त्यहीँ सिष्टममा जाँदा हुन्छ कि भन्ने मैले सुझाव राख्न चाहे । अवको गाउँपालिका, नगरपालिका छ । हामीले खटाएका त्यो कर्मचारीहरू पठाईएका स्वयंसेवकहरूको प्रतिवेदनको जिम्मा, उनीहरूको अनुगमनको जिम्मा, मनिटरीङको जिम्मा, त्यो गाउँपालिका र नगरपालिकालाई दिदा हुन्छ कि भन्ने मैले सुझाव राख्न चाहे धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरू कर्णाली प्रदेश स्वयंसेवक परिचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथिको सैद्धान्तिक छलफल आजै समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले रोष्टमको वायातर्फ रहेका सचिवालयका कर्मचारीहरूलाई नाम टिपाउनुहोला । अव माननीय श्री अमृता शाही । (समय ७ मिनेट)। त्यसपछि माननीय श्री सोशीला शाही तयार रहनुहोला ।

**माननीय श्री अमृता शाहीः** सभामुख महोदय आज सर्वप्रथम आईतवारको राती बारा र पर्सामा हावाहुरीले धनजनको क्षती भएकोमा मृतकप्रति हार्दिक श्रद्धाञ्जलि र घाईतेको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै यो कर्णाली प्रदेशको स्वयंसेविका विधेयक सम्बन्धी याँ वोल्न गईरहेको छु । यो १० पेज लामो विधेयकमा छलफल गर्दैगर्दा मैले अघि माननीय चन्द्र बहादुर शाहीले भन्या जस्तै यो विधेयकमा पहिला विधेयक बनाएर पछि यो कार्यविधि बनाउने हो कि याँ पहिला कार्यविधि बनाएर पछि विधेयक गराउने हो । यसमा मैले प्रष्ट हुनसकिनँ उहाँले भन्नु भो २/२ चोटी विज्ञापन भईसक्यो भन्नु भो फेरी यो कार्यविधितिर पनि वनाई सकिएको रहिछ । अरु अव यो पछि बनाउनुपर्ने कार्यविधि पहिलै बनाएर अनि विधेयक चाई पछि ल्याउनु भको रहिछ । मन्त्रीज्यूले सभामुख महोदय यो विधेयकमा लेखिएको युवा युवा स्वराज ग्वाको स्वयंसेविका परिचालन भन्ने बारेमा हो । कर्णाली प्रदेशमा वेरोजगारी धेरै छ । याँ रहिच २३० जनाको दरवन्दी भनौं कि अथवा नियुक्ति रहिछ । त्यति भएपनि कर्णाली प्रदेशमा युवाहरूको रोजगारी पाउने आशा चाई अलि आशा भनौं अव त्यले एकदमै आशावादी वनाउछ र चाई यिनीहरूलाई रोजगार दिन्छ । सरकारले जस्तो लाग्छ र स्वयंसेविका यसमा मैले पढ्दै गर्दा स्वयंसेविका निशुल्क पनि भन्ने लेखेको रहिछ । निशुल्क हाम्रो दिदिवहिनीहरूले स्वास्थ्य चौकिहरूमा पहिला पहिला निशुल्क सेवा गर्थे । हो निशुल्क सेवा पनि जनताको लागि गर्नुपर्छ । जस्तै यो अहिले स्वयंसेविका परिचालक हुदैगर्दा हाम्रो कर्णाली प्रदेश विकासको नाउँमा पछि पनि परेको छ । स्वयंसेविका स्वयंसेवकले विकासको बारेमा पनि उहाँहरूले चासो राख्ने र जनताहरूलाई सेवा सुविधा दिने अथवा भोका नाङ्गा जनताहरूलाई उहाँहरूले एकदमै सहयोग पुऱ्याउनु हुन्छ । जस्तो लाग्छ मलाई र अहिले एकदमै हाम्रो प्रदेशमा भोकमारीको अव भोकमारी यो स्वयंसेवक परिचालन गर्दाखेरी कुनाकन्दरामा यहाँ लेखिएको छ । पुरै दसैवटा जिल्लामा स्वयंसेविका परिचालक हुदै गर्दा हाम्रो गरीवी,भोकमारी आगो खाद्यान्न पनि हाम्रा जनताले नपाएर मैले कताकता पत्रिकामा सुनेको थिएँ । ६/७ दिनसम्म पनि लाइनमा वसेर १० किलो चामल नपाउने

जनताहरूले यो स्वयंसेवक आपूर्ति गर्दाखेरी उहाँहरूले सजिलै आफूले चाहेको चिजहरू पनि उपलब्ध हुनेछ र विकासको बारेमा पनि स्वयंसेवकले हेर्ने अथवा उहाँहरूले का कति के भो भनेर स्वयंसेवकले पक्कै पनि सेवा गर्नेछन् । भन्ने जस्तो लाग्छ मलाई र यो विधेयकमा जे जति छ । यसमा कार्यान्वयन हुनुपर्छ । र जनताले स्वयंसेवक मार्फत् उहाँहरूले सेवा पाउनुपर्छ र जनतालाई सेवा सुविधा पुऱ्याउनु पर्छ । जस्तै २/२ चोटी अव विज्ञापन भईसक्यो । सामाजिक मन्त्रालयबाट काम सधैंभरी अघि हुन्छ । त्यसै कारणले उहाँले अतार गरेर यो यस्तो गराउनु भाको होला । यो जे जति जस्तो भएपनि तर स्वयंसेवक र जनताबीच एकदमै सेवा हुनुपर्छ भन्ने मलाई लाग्छ । हस्त भन्यवाद ।

**माननीय सभामुखः**माननीय श्री सोशीला शाही । त्यसपछि माननीय श्री बिन्दमान विष्ट तयार रहनुहोला ।

**माननीय श्री सोशीला शाहीः**सभामुख महोदय यस कर्णाली प्रदेशको स्वयंसेवक परिचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक विधेयकको सैद्धान्तिक छलफलमा भाग लिईरहेका छौं । साच्चै नै कार्यान्वयन गर्ने हो भने यस विधेयकको विशेष गरी कर्णाली प्रदेशको सामाजिक क्षेत्रको विकासमा टेवा पुग्ने देखिन्छ । यसैगरी दफा ८ मा स्वयंसेवकको सेवा प्राप्त गर्ने निकायको जिम्मेवारी वहन गर्ने कुरामा के कुरा थप गर्न आवश्यक छ आवश्यक देखिन्छ । भने स्वयंसेवक प्राकृतिक प्रकोप वा विपतजन्य कार्यमा पर्दा स्वास्थ्य उपचारका साथै जीवन विमाको सहित व्यवस्था गरिनु पर्दछ । अनि दफा ९ मा निर्देशित समितिको गठनका विषयमा लैङ्गिक सामाजिक समावेशीकरण नभए जस्तो लाग्यो । किनभने त्यसको उपदफा २ नम्बरमा आवश्यकता अनुसार आमन्त्रण गरी गरिने भनिएको छ । महिला आवश्यकतामा मात्रै प्रयोग हुने हैन अनिवार्य सहभागिताको व्यवस्था गरिनु पर्दछ भन्ने सुझाव दिन चाहन्छु । त्यसैको उपदफा ३ मा बैठक सञ्चालन सम्बन्धमा कम्तिमा ३ महिनामा १ पटक भनिएको छ । तर त्यसमा के थप गर्न उपयुक्त छ भने आवश्यकता अनुसार जुनसुकै समयमा बैठक बस्ने छ भन्ने कुरा राखिनु पर्दछ । दफा १९ मा स्वयंसेवक छनोटका विषयमा लिखित वा अन्तवार्ता हैन कि लिखित परिक्षा र अन्तवार्ता दुवै अनिवार्य गरिनु पर्दछ । यस्तो गरिएको खण्डमा केही निश्पक्षता हुन जान्छ । यसै गरी दफा २३ मा संयोजक स्वयंसेवक संयोजकको व्यवस्था सम्बन्धमा जिल्लाभित्र खटाईएका स्वयंसेवक मध्येबाट नभई छुट्टै संयोजकको विज्ञापन गरिनु पर्दछ । यसो गरिएको खण्डमा थप निश्पक्षता हुने देखिन्छ । यसैगरी दफा २६ मा स्वयंसेवकका लागि विदाको व्यवस्थामा भईपरि आउने विदा पर्व विदा र विरामी विदा थप गरिनुपर्दछ । भन्ने सुझाव दिन चाहन्छु। यसको उपदफा ३ मा स्वयंसेवकले पाउने विदा सञ्चित गरेर सञ्चित गरे वापत कुनै सुविधा दिईने छैन भनिएको छ । तर त्यसमा आवश्यकतामा विदाका दिन पनि सेवा दिएको खण्डमा थप सुविधा वा पुरस्कारको व्यवस्था गरिन पर्दछ भन्ने थप गरिनु पर्दछ । यसैगरी दफा ३१ को ग मा जिल्ला अनुगमन समिति गठनका विषयमा जिल्ला स्वास्थ्य वा जनस्वास्थ्य कार्यालयको

अधिकारीलाई सदस्यमा राखिनु पर्दछ भन्ने सुझाव दिन चाहन्छु । अन्तमा स्वयंसेवक परिचालन राजनैतिक पार्टीमा कार्यकर्ता परिचालन जस्तो नभई साच्चै कर्णाली प्रदेशको सेवा गर्ने कार्यकर्ता वनोस भन्ने सुझाव दिदै विदा हुन्छु । धन्यवाद । जय राष्ट्रवाद ।

**माननीय सभामुखः**माननीय श्री बिन्दमान विष्ट । त्यसपछि माननीय श्री सुशील कुमार थापा तयार रहनुहोला ।

**माननीय श्री बिन्दमान विष्टः**माननीय सभामुख महोदय कर्णाली प्रदेश स्वयंसेवक परिचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथिको सैद्धान्तिक छलफलमा सहभागी छौं । यसको प्रारम्भमा यसमा छलफलमा सहभागी हुँदाखेरी म यसको प्रारम्भ कहाँबाट गर्न चाहन्छु भने यो भन्दा अगाडि केन्द्रिकृत शासन प्रणालीको वेलामा राष्ट्रिय योजना आयोगले स्वयंसेवक परिचालन गर्ने व्यवस्था गरेको थियो । त्यति वेलाको नेपालको अवस्था स्थितिबाट हेर्दाखेरी त्यो कुरा सहि नै थियो । ठीकै थियो । आज हामी नयाँ कुराको परिकल्पना गरीराखेका छौं । शासन व्यवस्था नयाँ ढङ्गले सञ्चालन गर्ने संरचना नयाँ ढङ्गले निर्माण गर्ने र त्यसको परिचालन पनि नयाँ ढङ्गले गर्ने हामी जव परिकल्पना गरीराखेका छौं । यो अवस्थामा अव हामी उई परम्पराको संगोलमा फसि राख्ने हो कि नयाँ ढङ्गले अगाडि बढ्ने हो । हामीले हाम्रो जनशक्ति व्यवस्थापन हाम्रो प्रदेशको जनशक्ति व्यवस्थापनको प्रारम्भिक विन्दु हामी केलाई बनाउन खोजीराखेका छौं । जस्तो निजामती सेवा अन्तर्गत थाई कर्मचारीहरूको प्रयाप्तता प्रयाप्त थाई कर्मचारीहरू उपलब्ध गराएर हामी त्यसको सेवा प्रवाह गर्न खोजि राखेका छौं । याँ त्यसको सिमितता त्यसको घेरा साघुरो बनाएर त्यसपछि गएर अलिकति यो स्वयंसेवा त्यसपछि गएर करार लगायतका यी सेवाहरूलाई अलिकति विस्तारीत गरेर हामीले सेवा प्रवाह गर्न खोजिराखेका छौं । यसको हाम्रो प्रस्थान विन्दु के हो भन्ने कुराको पहिचान गर्न जरुरी छ जस्तो लाग्छ । यदि हामी थाई कर्मचारी मार्फत् हाम्रो सेवा प्रवाहलाई अगाडि बढाउन प्रयाप्त मात्रमा त्यसरी अगाडि वढन खोजिराखेका छौं । भन्दाखेरी छौं भने यो व्यवस्थालाई हामीले अन्तरिम वनाउ भन्ने मेरो आग्रह छ । स्वयंसेवक परिचालन स्वयंसेवक बनाउने जे हाम्रो विगतको परम्परा छ। त्यो परम्पराले अगाडि वढेर हामी त्यति धेरै अगाडि वढन सक्दैनौ आजको नयाँ सन्दर्भमा र हामी नयाँ ढङ्गले अगाडि अथवा योलाई आधा एउटा भरपर्दो माध्यमको रूपमा स्वयंसेवालाई स्वयंसेवक परिचालनलाई एउटा भरपर्दो माध्यमको रूपमा अगाडि वढाएर लैजाने हो भनेपछि यी यो अहिले चाई विधेयक आएको छ यलाई अलिकति विस्तारीत गरौं भन्ने मेरो प्रस्ताव छ । यो हिजोको जे राष्ट्रिय योजना आयोगले परिचालन गरेको जे अवस्था थियो त्यई अवस्थाको वरिपरिबाट घुमिराखेको छ यत्तिले मात्रै हाम्रो हामी पहिलो कुरा प्रस्थान विन्दु के वनाउछौं पहिलो कुरा दास्रो कुरा हामी यसलाई बनाउन चाहन्छौ यो के सेवालाई अथवा स्वयंसेवक परिचालनको कुरालाई अलिकति फराकिलो घेराबाट अलि व्यवस्थित यो पनि सम्भव छ । यो गर्नै हुदैन भन्ने मेरो तर्क होइन यो पनि सम्भव छ यसो गर्ने हो भनेपछि यो

विधेयकको घेरा अलिकति फराकिलो बनाएर अलिकति व्यवस्थित गरेर त्यसपछि गएर अगाडि वढौ भन्ने मेरो पहिलो आग्रह यहाँ छ । अव दोस्रो कुरा के छ भन्दाखेरी जस्तो यो विधेयक हामीले जव प्रस्तुत गर्दै छौं यसमा ठूलो आर्थिक व्ययभारको कुरा छ । हामीले तलव दिने कुरा गरीराखेका छौं । विभिन्न संरचना निर्माण गर्ने कुरा गरीराखेका छौं । त्यसपछि गएर त्यसको तलव दिने व्यवस्था गरेका छौं । यो सम्बन्धी कुरा गर्दाखेरी यसको आर्थिक टिप्पणी खई छ कि छैन याँत प्रष्ट छैन हामीलाई दिएको उसमा छैन हैन अव यसले यसको दायित्व काबाट कोले लिने हो हैन त्यो कुराको कई ग्यारेन्टी कमसेकम छौं नित त्यो ग्यारेन्टी पत्रको हैनग्यारेन्टी पत्रको व्यवस्था भएन के यो त्यस कारणले गर्दाखेरी यो एउटा मेरो प्रश्न याँ प्रस्तुत गर्ने मन्त्रीज्यूलाई म यो प्रष्ट गर्न चाहन्छु । र त्यसपछि गएर अर्को कुरा थेप्रै अव अरु विषयहरू आएका छन् । जिल्ला संयोजकको व्यवस्था गरिएको छ । जिल्लामा खटाएका मध्येहरूबाटैएउटा संयोजक तोक्ने कुरा गरिएको छ र त्यले त्यसको भूमिका त्यहाँको अनुगमन सहितको त्यसमा भूमिकामा यसलाई जोडिएको छ संयोजकलाई त्यो गरीसकेपछि एउटा छुट्टै जिल्लामा कति वटा स्वयंसेवक परिचालित हुने हुन् त्यसको संयोजक र त्यसको अनुगमन त्यसको अव नियमित रिपोर्टिङको कुरा होला यो गर्दाखेरी यो थप एउटा प्रशासनिक ईकाईको काम यले गर्छ । तर त्यो संयोजकत्व तोकियो त्यसको केई भूमिका र दायित्व त तोकियो तर यसको कुनै निकाय हैन कईपनि उल्लेख भएन त्यसको अव आवश्यक पर्ने त्यलाई अव उई अरु स्वयंसेवक जस्तै वरावरको उसको पारिश्रमिक अथवा उसको सेवा सुविधा हो याँ अरु थप पलस के हो भन्ने कुरा कहीपनि नवोलेको कारणले गर्दाखेरी यलाई अलिकति प्रष्ट गरेर जान उपयूक्त होला जस्तो लाग्छ । अव अर्को कुरा मेरो के छ भन्दाखेरी याँ समावेशिताको कुरा वढो सुन्दर ढङ्गले प्रस्तुत गर्नु भएको छ । हैनठीक छ समावेशीकरण हाम्रो संविधानले व्यवस्था गरेको कुरा हरेक ऐन कानूनमा त्यो व्यवस्था हुदै आईराखेको छ । तर एक ठाउँमा कस्तो व्यवस्था भएको रहिछ भनेपछि निर्देशक समितिले आवश्यक ठानेमा निर्देशक समितिले आफ्नो बैठकमा हैन समिति समावेशीकरण नै छ महिला, दलितको समावेशीकरणको समिति छ अरु केई पदेन सदस्यहरू हुनुहुन्छ अरु सबै त्यसपछि गएर महिला र दलित गरेर २ जना दलित ३ जना होकि २ जना यस्तै के छ जे समावेशिताको सिद्दान्तको आधारमा समिति निर्माण भएको छ । अर्को त्यसतो थप व्यवस्था के भको रहिछ भनेपछि माननीय सभामुखज्यू कुनै आवश्यकता ठानेमा समितिले आवश्यकता ठानेमा अन्य निकायको वा विज्ञलाई बैठकमा वोलाउन सक्नेछ । त्यो वोलाउँदा खेरी समावेशिताको सिद्दान्तको आधारमा वोलाईनेछ । यो भन्न खोजेको के हो मैले अलिकति वुझिन यो कस्तो प्रकारको समावेशिता हो यो ल एक जना केरे यो स्वयंसेवकहरू निर्देशक समितिको बैठकमा नेपाल प्रहरीको मान्छे आवश्यकता ठान्स्यो वोलाईयला अरे हैन अव त्याँ पुरुष नपठाउनु महिलामात्रै पठाउनु भन्ने हो कि अथवा जनजाती नपठाउँनु दलित मात्रै पठाउँनुपर्ने भन्ने नै होकि यो समावेशी समिति थाई

संरचना निर्माण गर्दाखेरी समावेशिताबनाउने कुरा यो कुरा सहि छ । तर हरेक ठाउँमा यो समावेशिताको नाममा यलाई यलाई सस्तो नाराको रूपमा यलाई प्रयोग नगरौं भन्ने मेरो आग्रह छ हई यसको मतलव यो हैन कि म यो समावेशिता गर्नु हुन्न भन्ने फेरी अर्थ नलागोस । यो सम्मानित सदनमा म प्रष्ट पार्न चाहन्छु । यो अर्थ नलागोस तर यलाई सस्तो नाराको रूपमा विकल नाराको रूपमा कसैले पनि हामीले प्रयोग नगरौं । हैन जे हाम्रो समाजको आवश्यकता छ स्थिति छ हैन जे समाजमा दुख्ख छ पीडा छ हैन जुन प्रकारको उत्पीडन छ त्यलाई एउटा परिवर्तन गर्ने दृष्टिकोणबाट यलाई प्रयोग गरौं भन्ने मेरो आग्रह छ । र त्यसपछि गएर अरु फेरी पनि म जोड दिन चाहन्छु । यो विधेयक एकदम जरुरी ऐन जरुरी छ । आवश्यक छ हामीले स्वयंसेवक केयर ढङ्गले सञ्चालन गर्ने हो भनेपछि अलिकति यसको फराकिलो बनाएर जाम भन्ने आग्रह गर्दछु । मैले अहिले यति राख्छु अरु बाँकि कुरा हामी यो प्रक्रियामा विस्तृत रूपमा छलफल गर्ने नै छौं धन्यवाद ।

**माननीय सभामुखः**माननीय सुशील कुमार थापा । यसपछि माननीय श्री गोपाल शर्मा तयार रहनुहोला ।

**माननीय श्री सुशील कुमार थापाः**माननीय सभामुखज्यू कर्णाली प्रदेश स्वयंसेवक परिचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथिको सैद्धान्तिक छलफलमा भाग लिईरहँदा यो विधेयक प्रस्तुत भईरहँदा आज कर्णाली प्रदेशका थुप्रै शिक्षित वेरोजगारीहरू एवं नेपाल लगायतका थुप्रै विदेशमा रहेका थुप्रै हाम्रा दाजुभाइ दिदिवहिनीहरूले स्वयंसेवक परिचालन सम्बन्धमा बनेको विधेयकका सन्दर्भमा बाहिर आएको समाचार अनुसार उहाँहरूले मलाई सामाजिक सञ्जाल फोन मार्फत् थुप्रै आशाहरू चाई व्यक्त गर्नु भएको थियो र यो विधेयकमा मैले अध्ययन गर्दा हेर्दा यो विधेयकले कर्णाली प्रदेश अथवा नेपाल सरकारले ल्याएको विधेयकले नेपालका केही युवाहरूलाई साच्चैकै आशाको आशा पलाएको परिवेश दिएको छ । यद्यपि यस बारेमा छलफल गरी रहँदा हामीले यो कर्णाली प्रदेशको स्वयंसेवक परिचालन विधेयकलाई वरीका २ वर्ष सम्मन त्यसमा सहन सक्नेछन् भनेर यसमा उल्लेख भएको छ । फेरी यो २ वर्ष सम्मन भन्दा सबैलाई समेटिनेत लगभग लगभग नभए पनि केही व्यक्तिहरू यसमा स्वयंसेवक बन्ने बाटो खुलेको छ । यद्यपि भोलि २ वर्ष सम्मन हामीले स्वयंसेवकहरू बनाएर हाम्रा स्थानीय तहका विभिन्न ठाउँमा खटाईसकेपछि ती स्वयंसेवकहरू २ वर्ष पछि घर फर्किदा तिनले यो स्वयंसेवक भईसकेपछि कस्तो जीवनयापन गर्ने वातावरणका बीचबाट अगाडि वढ्छन । हामीले सीप,योग्यता, क्षमता सहितको स्वयंसेवकहरू निर्माण गर्छौं । तालिम व्यवस्था सहित भोलि २ वर्ष उनीहरूले उनीहलाई हामीले रोजगारीको व्यवस्था गरीसकेपछि घर फर्कदा आफ्नो घर अथवा समाज परिवारसँग आत्मनिर्भर भएर वाच्न सक्ने त्यस्तो व्यवस्था सहितको स्वयंसेवकको परिचालन व्यवस्थापन गर्दै छौं कि २ वर्ष उनीहरूलाई सरकारको सेवा सुविधामा ल्याएर फेरी पुन: विरक्तिएको जीवन निर्माण गर्ने ती युवाहरूको जीवन वन्ने

विधेयक वन्ने हो कि भन्ने कता कता मलाई चिन्ता लागेको छ । त्यस कारण म आग्रह गर्न चाहन्छु । यो स्वयंसेवक विधेयक आफैंमा पनि यो कर्णाली प्रदेशको लागि पनि अत्यन्तै महत्व ऐतिहासिक छ । यो हुँदाहुँदै पनि यी कतिपय पाटाहरूलाई हामीले बुझेनौ भने भोलि स्वयंसेवक विधेयकले फेरी पुनः २ वर्ष पछि ती युवाहरू समाजमा सामाजिक व्यावहारमा आफ्नो जीवन गुजार्न नसकेर फेरी भिसा लगाएर विदेश जान पर्ने स्थिति निर्माण नहोस म यो आग्रह गर्न चाहन्छु । र यो विधेयक विधेयकले समेट्नपर्ने जे जति कुराहरू छ । वास्तवमै हाम्रो कर्णाली प्रदेश विविध रूपले पछि परिरहँदा केही हद सम्मनका केही हद सम्म भएपनि यो विधेयकले जुन यूवा अथवा स्वयंसेवक परिचालनका रूपमा समेट्न खोजिरहेको छ । यसले जो चाई ३४ वटा दफामा यले आफ्ना हाम्रो कर्णाली प्रदेशको स्वयंसेवकका बारेमा गम्भिरताका साथ यसमा समेटिएको छ । यसले याँ भित्र हुन्पर्ने कतिपय कुराहरूमध्ये हामी संघीय संरचनामा गईरहँदा यसका प्रायस्वरूपहरू जिल्ला स्थित अर्थात जिल्लामा केन्द्रित कार्यक्रमहरू समेटिएको छ । सबैभन्दा वढि संघीयता प्रयोग प्रदेश सरकारले गर्नपर्ने हो । प्रदेश संसदले गर्नपर्ने हो तर यहाँ वढि संरचना निर्माण गर्दा जिल्ला र स्थानीय तह भनिएको र प्रदेशका निर्वाचन क्षेत्रलाई कतैपनि उल्लेख नगरी विशेष गरी यसका संरचनाहरू १० वटा जिल्लामा भन्दा पनि २४ वटा निर्वाचन क्षेत्रलाई समेटिने गरी यसको गतिविधिहरू अर्थात यसका कामहरू ऋर्थात यसका संरचनालाई अगाडि बढाउनेगरी अगाडि वढाउनुपर्छ मेरो सुझव राख्न चाहन्छु । र अन्त्यमा म यो सैद्धान्तिक छलफलमा सहभागि भईरहँदा म यो हाम्रो दैलेख जिल्लामा हिजो मात्रै गएको भुकम्पले हाम्रो देलेखको महावु गाउँपालिका वडा नं. २ का वडा सदस्य र उनको धर्मपत्नी नर बहादुर शाही र उनको धर्मपत्नी सशक्त घाईते हुनु भाको छ । उहाँको उचित उपचारको व्यवस्था गरियोस् । र हाम्रो २ नं. प्रदेशमा भएको आधिहुरी र यो थुप्रै खालको समस्याले जोकि अस्ति मात्रै केही मान्छेहरूको मृत्यु भएको छ । र मृत्यु आत्माप्रति हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्न चाहन्छु । र घाईते परिवारजनप्रति धैर्य धारण गर्ने घाईते परिवारजनप्रति उपचारको उचित व्यवस्थापन होस र जो चाई थुप्रै घर परिवार, घरवार, खेतिवाली लगायत थुप्रै त्याँ नष्ट भएको छ । घरवारविहिन भएका छन् उनी उनीहरूलाई उचित व्यवस्थाको लागि म उचित व्यवस्थापन होस भन्ने माग राख्न चाहन्छु। धन्यवाद ।

**माननीय सभामुखः**माननीय श्री गोपाल शर्मा ।

**माननीय श्री गोपाल शर्माः**माननीय सभामुख महोदय कर्णाली प्रदेश स्वयंसेवक परिचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ को सन्दर्भमा यहाँ सैद्धान्तिक छलफलमा भाग लिन गईराखेको छु । सभामुख महोदय यो विधेयकले खासगरी ३ वटा कुरालाई आफ्नो उद्देश्यमा व्यक्त गरेको छ । नागरिकमा स्वयंसेवी भावनाको विकास गर्ने, सामाजिक निर्माण र सेवा प्रवाहमा सहजिकरण गर्ने र रोजगारी प्रवद्र्धन गर्ने र गरीवी न्यूनीकरण गर्ने कुरालाई यले आफ्नो प्राथमिक उद्देश्यमा राखेको छ । यो सकारात्मक

कुरा हो सकारात्मक कुरालाई अव याँ विधेयकले विभिन्न उहरूमा व्यक्त गरेको छ । र हाम्रो तर्फबाट यो विधेयक स्वागतयोग्य नै छ । अगाडि माननीय सदस्यहरूले पनि राखिसक्नु भो मेरा केई अलिकति केई धारणाहरू छन् फरक धारणाहरू स्वयंसेवा भनेको के हो सभामुख महोदय अलिकति यो फरक कुरा कहिले काई के हुन्छ भने यो विधेयकको पछाडि गर्ने व्यवस्थाहरूले कहिलेकाही स्वयंसेवाका सन्दर्भहरूमा प्रश्न गर्नेता गर्छ । यसमा कतिपय भत्ताहरू अथवा उसका लागि दिने सुविधाहरूका सन्दर्भहरूमा पनि कुरा गरिएको छ । यी कुराहरू गर्दाखेरी स्वयंसेवा भनेको व्यक्तिले स्वयं सेवा गर्ने सन्दर्भमा कुराहरू राख्न मिल्छ । गर्नुपर्छ तर अव हाम्रो सन्दर्भ खास गरी यो विधेयकको नाम मिल्छ मिल्दैन तर यो विधेयकले मुख्य त रोजगारी सिर्जना गर्ने कि युवाहरूलाई रोजगारी सिर्जना गर्ने कुराहरूमा र युवाहरूलाई खासगरी स्वयंसेवामा खासगरीनागरिकहरूको सेवा प्रवाहको लागि आफूलाई परिचालन गर्ने सन्दर्भमा अनुकुलै वनाउछ भन्ने मैले ठानेको छु तर मलाई अलिकति अगाडिको कुरामा पनि मैले केई समर्थन गर्दै मैले खासगरी यो विधेयकले बोल्नुपर्ने एउटा पक्ष चाई वाँकि नै देखिराख्या छु मैले यो विधेयकले खासगरी सरकारले लगानी गरेर केही विशिष्ट दक्ष जनशक्तिहरू उत्पादन गर्ने हाम्रो नीति पनि छ र त्यो कार्यक्रममा निरन्तर उत्पादन पनि भई राखेको छ । जनशक्तिहरू केही दक्ष जनशक्तिहरूमा सरकारले लगानी समेत गरेको छ। जस्तो स्वयं छात्रवृत्तिको व्यवस्था गरेको छ । त्यो छात्रवृक्तिमा पढिराखेका केही दक्ष जनशक्तिहरूलाई उनीहरूले आवश्यक सरकारले आवश्यक ठहराउने ठाउँमा परिचालन गर्न सक्छ । त्यो परिचालन गर्ने क्षेत्रमा त्यसले अलिकति त्यस्ता क्षेत्रहरूलाई अलिकति प्राथमिकता दिने तिनको सन्दर्भमा परिचालन गर्न गर्नुपर्ने कुराहरू केई आवश्यक ठानेर त्यस्ता बुँदाहरू पनि त्यसमा समेट्नु पर्थ्यो जस्तो मलाई लाग्छ र यो लामो समय बनाउनुपर्छ भन्ने मलाई पनि लाग्दैन किनकि पदपूर्ति होउन्जेलसम्मको व्यवस्था यो ठीक छ । पदपूर्ति भईसकेपछि जस्तो आवश्यकतामा पदपूर्ति भईसकेपछि हामीले स्वयंसेवाको रूपमा एउटा क्षेत्रमा खासगरी सरकारी निकायहरूमा जनताका सार्वजनिक सेवाहरूका सन्दर्भमा तलव खाएर जाने वातावरण चाई नियमित प्रक्रियामा जानुपर्छ र स्वयंसेवाको प्रक्रियामा जानु हुदैन। विधेयकले अर्को परिकल्पना गरेको छ । त्यो चाई ठीक छ । कतिपय सार्वजनिक सेवाका सन्दर्भहरूमा सामाजिक जागरणका क्षेत्रहरूमा अरु क्षेत्रहरूमा तोकेको छ । त्यो क्षेत्रमा स्वयंसेवकहरू प्रिचालन गर्ने सन्दर्भहरू फेरी त्यो ठीक छ । यो सन्दर्भमा मैले यहाँ राख्न चाहन्छु । र खासगरी यसले यो विधेयकले स्वभाविक रूपले युवा जनशक्तिलाई रोजगारी सिर्जना गर्ने र त्यसलाई सामाजिक सेवामा परिचालन गर्ने कुराहरूमा जुन अपेक्षा राखेको छ । यो विधेयकले त्यो अपेक्षा पूरा गर्ने छ भन्ने कुरा राख्दछु । धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरू अव म कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री दल रावललाई कर्णाली प्रदेश स्वयंसेवक परिचालन सम्बन्धमा

व्यवस्था गर्न बनेको विधेयक माथि सैद्धान्तिक छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवं जिज्ञासाका सम्बन्धमा जवाफ दिन समय दिन्छु ।

**सामाजिक विकास मन्त्रीमाननीय श्री दल रावलः**माननीय सभामुखज्यू सर्वप्रथम सैद्धान्तिक छलफल विधेयकमाथिको सैद्धान्तिक छलफलमा उठेका माननीयज्यूहरूले उठाउनु भएका आफ्ना कन्सनका बारेमा जवाफ दिने जुन समय उपलब्ध गराउनु भो यसका लागि धन्यवाद दिन चाहन्छु । माननीयज्यूहरूले अत्यन्तै राम्रा क्रिएटिभ कन्ट्रस्टिभ सुझावहरू दिनु भको छ । जसले गर्दा प्रस्तावित विधेयकलाई अझ राम्रो परिमार्जित र कर्णाली प्रदेशमा साँच्चिकै स्वयंसेवी भावनाको विकास गरेर कर्णाली प्रदेशको सार्वजनिक विकासको क्षेत्रलाई अझ वलियो बनाउने खालको विधेयक बनाउन तयार गर्न सघाउ पुग्नेगरी त्यो विधेयकलाई अत्यन्तै समृद्ध बनाउने ढङ्गले यहाँहरूले सुझाव दिनु भको मैले चाई ठानेको छु यसका लागि ६ जना माननीय सदस्यज्यूलाई म हृदयदेखि आभार पनि प्रकट गर्न चाहन्छु । अव वास्तवमा धेरै राम्रा सुझावहरू छन् । यसको विधेयकको पनि पछि छलफल हुनेनै छ यसमा पनि माननीय सदस्यज्यूहरूले आफ्ना धारणा राख्नुनै हुनेछ । अव एउटा चाई माननीय चन्द्र बहादुर शाही र माननीय अमृता शाहीले दुवै जनाले एउटा साझा विषय उठाउनु भयो विज्ञापन गरियो २ चोटि चाई हैन हई विज्ञापन एकैचोटि हो । विज्ञापन गरियो तर कानून पछि ल्याईयो जुन भन्नु भो माननीयज्यूलाई स्पष्ट सम्मानीत सदन मार्फत् के स्पष्ट गर्न चाहन्छु । भने यो ससर्त अनुदान मार्फत् ३ करोड ३७ लाख हो कि जस्तो लाग्छ । जे होस् साडि ३ करोड हारहारीमा प्राप्त बजेट जो पहिला राष्ट्रिय योजना आयोगले गथ्र्यौ त्यई बजेट संघीय सरकारको युवा तथा खेलकूद मन्त्रालयबाट प्राप्त बजेटलाई कार्यान्वयन यो वर्षमा  कार्यान्वयन गर्नुपर्ने हुनाले र त्यो बाट पहिला पनि परिचालित यो प्रदेशमा करिव ९९ जना हो क्या अहिले पनि कार्यरत हुनुहुन्छ । उहाँहरूलाई तलव खानुपर्ने ख्वाउनुपर्ने र थप पनि व्यवस्था गर्नुपर्ने हुनाले मन्त्री परिषदले एउटा कार्यविधि पास गरेर सोही अनुसार नियुक्तिको प्रक्रिया वास्तवमा अनलाइनबाट राष्ट्रिय योजना आयोगले त माननीयज्यूहरू जानकारै हुनुहुन्छ । राष्ट्रिय योजना आयोगले अनलाइनबाट माग्थ्यो र पछि चाई प्राथमिकताको आधारमा टिक लाएर पठाईदिन्थ्यो । तर हामीले अलिकति सल्लाह गर्दाखेरी अलि फरक ढङ्गले वेरोजगारी समस्या त तमाम छ तै पनि त्यलाई पनि अझ व्यवस्थित ढङ्गले अलि मर्यादित ढङ्गले जाचै लिएर सकेसम्म अव लिखितै गर्न नसकेपनि अलि अनलाइन सिष्टमबाट फर्म लिने उहाँहरूलाई फर्म भर्नलाई सजिलो गर्दिने आफ्नो घर भित्रै वसेर पनि आफ्नो मोवाईलबाट पनि आफ्ना कम्प्यूटरहरूबाट पनि फर्म भर्न मिल्ने र त्यसपछि जाच लिनको निम्ति पनि सम्बन्धित जिल्ला मै यसको अन्तवार्ताको माध्यमबाट अलिकति परिक्षण गरेर अझ छनोट गरेर राम्रो जनशक्ति लिन सकिन्छ कि भनेर अलि प्रक्रिर्या लामो चाई भयो । यदि हालिएको दरखास्तमा मात्रै टिक लाएर दिन पनि सकिने माथि योजना आयोगको त्यई थियो । हामीले अलिकति जाच लिने थालिउँ र त्यो जिल्ला समन्वय समितिलाई समन्वय

गर्दिनुस भनेर त्याँ जिल्लामा एक्सपोर्टबाट जाच लिईउँ । यसको अव रिजल्टको प्रक्रियामा छ । रिजल्ट किन ढिलो भयो भन्ने पनि छ । हामी वैशाख १ गतेबाट नियुक्ति दिनेगरी रजिल्ट गर्दैछौं । यसमा कस्तो भएछ भने अनलाइनमा ५० प्रतिशत त्यो जुन लोकसेवाकै प्रावधान अनुसारनै राखिएको थियो । जस्तै दलित भयो भने १० नम्बर पाउने अटोमेटिक पाउने, महिला भयो भने १० नम्बर अटोमेटिक पाउने उसको फस्ट डिभिजन हो भने मार्क्स माथि पाउने सेकेन हो भने तल पाउने यस्तो खालको थियो । तर फर्म भर्दाखेरी नजानेर हो अलि वढि जानेर हो । पुरुषले पनि महिला भनि भरेछ अनलाइनमा त्यो भर्दाखेरी के हुने भो भने उले १० नम्बर त पाईहाल्यो त्यो जोड्यो कम्प्यूटरले त महिला पुरुष क्रिट त गर्दैन पुरुष पनि महिला फिमेलमा टिक लाउना वित्तिकै त उसको १० नम्बर जोडिहाल्यो यस्तो एक सय जना चेक गर्दाखेरी ७/८ जना यस्तो भेटियो । भेटिएपछि हामीलाई शंका लाग्यो इभन मार्क्स पनि ६०/६१ प्रतिशत ल्याय पनि ७१ प्रसेन्ट भर्दिएर उले पनि मार्क्स वढि ल्याउने केरे त्यो नम्बर चाई वढि ल्याउने प्रयत्न गरेको पाईयो। त्यो भको नाताले हामीले फेरी त्यो अनलाइनका १७०० जना मान्छेहरूका फेरी रिचेक गर्दाखेरी अलि टायम चाई लाग्यो । र सकेसम्म राम्रा मान्छेहरू चाई हामीले खटाउन सकिउ भने स्वयंसेवी भावना पनि भका अलि पढन लेख्न पनि राम्रा जानेका मान्छेहरू उत्पादित दक्ष जनशक्तिहरू खटाउन सकिउ भने राम्रो होला भन्ने उद्देश्यका साथमै यो प्रक्रिया अवलम्वन गरिएको हो । र यो विधेयकमा पनि त्यो प्रक्रिया चाई व्यवस्थित गरिएको छ माननीय सदस्यज्यूहरूलाई ले दिएकै सुझावअनुसार पहिला एनटीसी नेसनल पलानिङ कमिसनकै मोडलमा ठीकै छ । यो परिक्षा प्रणालीलाई किन लम्व्याउने हामी चाई त्यई परम्परालाई थालनी गरेर जाने हो भने पनि यहाँ यलाई संशोधन गरेर त्यो प्रक्रिया अवलम्वन गर्न सकिन्छ । नत्र मलाई के लाग्छ भने सकेसम्म एउटा प्रक्रियामै मान्छेलाई लिदाखेरी राम्रो मान्छे पर्छ । भन्ने नै लागेर प्रक्रिया अवलम्वन गरिएको हो । त्यसपछि यो त्यो यो विधेयक आईसकेपछि विधेयक यदि पास भयो र कानूनको रूप लियो भने हामीले यसपछि हाम्रो प्रदेश सरकारले गर्ने खर्चको वजेट सकेसम्म कानून बाटै सम्मानीत संसदबाटै पास गरेको कानूनबाट नै खर्च गर्दा राम्रो हुन्छ । बजेटको व्यवस्था राम्रो हुन्छ। भनेर नै सदनमा ल्याएको हो यो त्यो ससर्त मात्रै खर्च गर्ने कार्यविधिले गर्ने हो यो वर्ष मात्रै हो आउँदो वर्षको लागि यदि यो कानून पास भयो भने आवश्यकताका आधारमा हामीले चाई यूनिभर्सिटिमा पढिराखेका विद्यार्थीहरू देखेका छौं । हामीलाई डिपिआर गर्न डिजाईन स्टमेट गर्ने चाई मान्छे पाएनौ भन्दै यसो एकातिर यूनिभर्सिटिमा ईन्टर्न गर्ने मान्छेहरू थेप्रै छन् । एकातिर हाम्रा हस्पिटल खालीछन् अर्कोतिर चाई ईन्टर्नसीप गर्ने डक्टरहरू खालीछन् । उ यस्ता मान्छेलाई पनि हामी उपयोग गर्न सक्छौं । थोरै जीवन निर्वाह गर्ने उहाँहरूलाई भत्ता दिएर त्यति राम्रो प्राविधिकजनशक्ति हामीले प्रयोग गर्न सकिउ भने प्रदेशको समृद्धिका लागि यस्तो यात्रा गर्न सक्छन । यो चाई हामीले यो म्यानपावरलाई प्रयोग गर्न सक्छौं । भन्ने चाई यलाई

महत्व दिएर चाई विधेयक ल्याईएको हो । माननीयज्यूहरू जानकार हुनुहुन्छ । अन्तराष्ट्रिय रूपमा पनि यूएन भोलेन्टेयरहरू थुप्रै हजारौ यूएन भोलेन्टेयरहरू आज सदस्य राष्ट्रमा परिचालित गरेको छ । थोरै जीवन निर्वाह भत्ता दिएर यूरोपिएन थुप्रै देशहरूले जीवन निर्वाह भत्ता दिएर आफ्ना भोलेन्टेयरहरू परिचालित गरेका छन् । त्यस्ता भोलेन्टेयरहरूको सर्भिसलाई कर्णाली प्रदेशमा लिन सक्छौं। हामी यिनलाई पनि परिचालन गर्न सक्ने व्यवस्था चाई हामीले यहाँ राख्या छौं । त्यो भको नाताले स्वयंसेवी भावनाबाट एकातिर गरीवी निवारण ऐन माननीयज्यूले भन्नु भाथ्यो स्वयं मान्छे चाई काम पायो भने अलिअलि गरीवी निवारण हुने नै भयो । र उले दिने सेवाबाट पनि जनता लाभान्वित हुने भए त्यहाँ पनि गरीवी निवारण हुने भो त्यो उहाँहरूको एउटाउद्देश्य रूपमा राखिएको माननीयज्यू अनि त्यो राखिएको छ भने अलि मेकानिजम चाई लामा भएकि निर्देशन समिति, कार्यकारी समिति, अनुगमन समिति भन्ने थियो । त्यो खासै त्यस्तो केई होइन सामाजिक मन्त्रीको अध्यक्षतामा सबै मन्त्रालयका सचिवहरू राखेर ३ जना चाई १ महिला, १ दलित र १ जना अर्को प्रतिनिधि राखेर ३ जना रहने गरी त्यो निर्देशन समितिको व्यवस्था गऱ्या छ । त्यले नीतिगत कुरा मात्रै गर्छ कति कोटा आवश्यकता छ, कुनकुन मन्त्रालयमा कति चाईने हो निर्माण क्षेत्रमा के चाईने  स्वास्थ्य क्षेत्रमा यति चाईने त्यले नीतिगत व्यवस्था गर्ने हो । जुन कार्यकारी समिति सामाजिक विकास समिति सचिवको जुन संयोजकत्वमा छ त्यले अनि सबै प्रक्रियाहरू अवलम्बन गर्ने हो । यसको खासै खर्चिलो केई लाग्दैन । यलाई चाई समावेशी पनि वनाईएको छ । माननीयज्यूले बिन्दमान विष्टज्यूले राखु भाथ्यो समावेशी छ । तर एक्सपर्ट ल्याउँदा  खेरी पनि सकेसम्म समावेशी आधारमा ल्याउन पाए भने राम्रो हुन्छ भन्ने नै हो । त्यसैले हामीले चाई प्रश्न गऱ्याछौं । यो खासै त्यस्तो झन्झिटिलो छैन र अनुगमनका लागि अव प्रत्येक स्थानीय तहलाई दिदा पनि सकियो तर जिल्लाको समन्वय समिति पनि अनुगमनको जिम्मा उलाई भको र चाई उत जिल्ला भित्रका सबै पालिकाको अनुगमन गर्ने सक्ने सजिलो संयन्त्र पनि हुने हुनाले यो जिल्ला समन्वय समितिले अनुगमन गरोस भनेर त्यो चाई भूमिकामा राखिएको हो । माननीयज्यू त्यसरी गरिएको छ  । अनि माननीय अमृता शाहीज्यूले पनि राम्रै जिज्ञासाहरू राखु भको छ । अव यसमा चाई केही कुरा त मैले उ गरी सके भन्ने लाग्छ जाचको प्रक्रिया चाई मौखिक र लिखित मध्ये एक वा २ ववटै गर्न सकिने भन्ने नै छ त्यहाँ अव उहाँले भन्या जस्तै २ वटै आवश्यकिय ढङ्गले गरौं भनेपनि ठीक छ । माननीयज्यूले त्यो कानूनमा व्यवस्था जे गर्दिनु हुन्छ त्यई अनुसार हामी भोलि कार्यक्रम अगाडि बढाउने हो । त्यसमा चाई माननीयज्यूहरूकै हातमा छ । यहाँहरूले चाई कसरी गर्नु हुन्छ । त्यसपछि माननीय सुशीला शाहीज्यूले पनि राम्रै चाई सुझाव दिनु भको छ । अव यो अव यिनीहरूलाई चाई छोटो अवधि हुन्छ भन्ने कुरा पनि छ यो संयोजकलाई अलगै खटाउनु पर्छ भन्ने पनि भन्नु भा छ संयोजक भनेको खटाईएकामध्ये अलि वढि पढेको मान्छेलाई ५००० वढि दिएर त्यो जिल्लाको समन्वय

गर्ने संयोजकको रूपमा चाई तोक्ने प्रचलन रहिछ अहिले सम्म र पछि हामीले अर्को अर्को थप मान्छे पनि पठाउने व्यवस्था गर्ने हो भनेपनि ठीकै छ । अन्यथा त्यो संयोजक यस्तो हुने उसको चाई यस्तो यस्तो क्राईटेरिया टिओआर यस्तो हुने भन्नेमा कानूनमा लेखेको भन्दा पनि या तोकिएबमोजिम हुने भनेकै छ । पछि कानून पास भैसकेपछि निर्देशिका नियमावली बनाएर पनि त्यो चाई हामी व्यवस्थापन गर्न सक्छौं । कस्तो प्रणाली संयोजकको भूमिका के हुन्छ टिओआर के हुन्छ भन्ने कुराहरू हामी त्यसरी अगाडि वढन सक्छौं माननीयज्यू अनि माननीय बिन्दमान विष्टले पनि अलि परम्परावादी ढङ्गले भन्दापनि नयाँ ढङ्गले चाई अलि परिचालित गर्नुपर्‍यो नयाँ ढङ्गले जानुपर्‍यो भन्नुभको छ । अव यो लोकसेवालाई खुम्च्याउने ढङ्गले स्थायी कर्मचारीलाई खुम्च्याउने ढङ्गले भन्दापनि स्थायी कर्मचारी नपुगेको अवस्थामा स्वयंसेवी भावना भएका प्राविधिक जनशक्तिलाई खटाउने ढङ्गले यो ल्याईएको छ । यदि लोकसेवाका मान्छे हामी प्राप्त भयो भने त हामी बजेट पनि राख्दैनौ स्वयंसेवाका कार्यक्रम पनि ल्याउदैनौ र अर्को कुरा चाई तपाईंको १ जना स्टाफ नर्स सरकारको स्थायी हो भने उले करिव करिव मेरो विचारमा २४/२५ हजार तलव होला र उले चाई पाउने भत्ता टिओडिओ अनि भोलिका थायी प्रक्रियामा पाउने पेन्सन सेन्सन गन्ने हो भने थुप्रै खर्च हुन्छ । तर १ जना स्टाफ नर्सलाई स्वयैसेवक बनाएर पठाउने हो भने जम्मा १५/१६ हजार तलवलाई चाई उले उ त्यहीं सर्भिस दिन्छ । भनेपछि थोरै पैसामा त्यई सर्भिस लिन सकिन्छ । स्वयंसेवकको ढङ्गले चाई परिचालन अहिले पनि मान्छेहरूले जानकार हुनुहुन्छ यसो हेर्दाखेरी अस्पतालमा पनि भन्दाखेरी सुन्दाखेरी पनि थायी कर्मचारी भन्दा यो स्वयंसेवक खटाएका मान्छे झन राम्रो काम गर्‍याछन् । राम्रो ड्यूटि गर्‍याछन् भन्ने त्यस्तो हामीलाई रेसपोन्सपनि छ । त्यसका कारणले गर्दाखेरी यलाई खुम्च्याउने भन्दापनि यो विस्तृत गर्ने नै हो । विस्तृत गर्ने ढङ्गले नै हो । भोलि आवश्यकताका आधारमा परिचालन गर्ने हो आवश्यकतई भएन हामीलाई प्रयाप्त कर्मचारी भईहाले भने फेरी स्वयंसेवक ढङ्गले पठाउने जरुरी पनि हुदैन । त्यो हामी बजेट पनि नराखौला कार्यक्रम पनि नराखौला र अलि नयाँ ढङ्गले परिचालन गर्ने ढङ्गले ठीकै छ भोलि कार्यविधिहरू बनाउँदाखेरी ऐनमा पनि सकेसम्म याँहरूलाई लागेकै कुराहरूको पनि समृद्ध ढङ्गले चाई संशोधन गरीदिनोस भोलि चाई त्यसमा टेकेर कार्यविधि बनाउँदाखेरी पनि नयाँ केही त्यस्ता खालका एनोगेटिभ कुराहरू चाई आएछन् भने चाई छलफलको माध्यमबाट अगाडि वढन सक्छौं माननीयज्यू त्यसपछि अव यो सुशील माननीयज्यूले पनि २ वर्ष छोटो भयो कि भन्नुभो एउटा स्वयंसेवकका लागि २ वर्ष प्रयाप्त नै हो । मलाई त्यो लाग्छ । के जिन्दगिभरी स्वयंसेवक गरेर कोई मान्छे वस्न सक्दैन । २ वर्ष प्रर्याप्त स्वयंसेवक सेवा गर्‍यो भने उले दियो भने ६/६ महिनाको क्रममा उसको पर्फमेन्स हेरेर २ वर्ष गर्ने हो । कोई मान्छे तलव खाएर भाग्ने जस्तो स्वयंसेवक भो भने ६ महिना मात्रै उलाई चाई फायर गर्न पनि सकियो । अनि २ वर्षको कार्यकालसम्म त उले चाई अरु फरदर पढन पनि

सक्ला थायी गर्न पनि सक्ला अथवा आफ्ना केई चाई पेशा व्यवसायको व्यवस्थापन पनि गर्न सक्ला २ वर्षभन्दा वढि चाई मान्छे स्वयंसेवी गर्न सक्दैनन होलान भनेर २ वर्षको प्रक्रिया अवलम्वन गरिएको हो । यँहरूलाई अझ थप्नै मन लाग्छ तर त्यो खालको सम्मानीत सदनबाट सुझाव आउँछ भने नाई भन्नुपर्ने कुरा छैन । यो चाई म यसरी नै भन्न चाहन्छु । त्यसपछि यो संरचना चाई वढि चाई तल स्थानीय केन्द्रित भयो भन्ने जुन माननीयज्यूले भन्नु भो हाम्रो २४ निर्वाचन क्षेत्र चाई हुन् । तर हाम्रा संरचना २४ निर्वाचन क्षेत्रमा केई छैनन् आखिर हामीले खटाउने त तलै हो हैन हाम्रा चाई कार्यालय जाँ छन् त्या खटाउछौं स्थानीय सरकारले माग गरे अनुसार कार्यालयमा खटाउछौं, स्वास्थ्य चौकिमा खटाउछौंहैन काई बाटोघाटो पुलपुलेसामा काम गर्नलाई खटाउछौंहैन कृषिका जाँजाँ कामहरू छन् त्यहाँ खटाउछौं भनेपछि यो चाई आखिरी स्थानीय सरकारले गर्ने काम पनि हाम्रो काम पनि हो । हैन उहाँहरूको काम पनि हो त्यो त्यो काममा सहयोग गर्नुपर्ने हुनाले यो प्रदेशमा खासै प्रदेशको मेकानिजममा राख्दा भन्दा तलकै मेकानिजममा गएर काम गर्ने हुनाले त्यसरी व्यवस्था गरिएको माननीयज्यूलाई म जानकारी गराउन चाहन्छु । अनि माननीय गोपाल शर्माज्यूले पनि अव यो स्वयंसेवक भन्या के हो भन्नु भाछ त्यहीं स्पष्टै छ स्वयंसेवक भन्या के हो भन्ने कुरा विधेयक स्पष्ट पारेको छ । ३ टा उद्देश्य राखेर माननीयज्यूले भनिसक्नु भको छ । स्वयंसेवी भावनाले थोरै जीवन निर्वाह भत्ता मात्र प्राप्त गरेर चाई दिने सर्भिस हैन अथवा कोई चाई तपाईंको जीवन निर्वाह भत्ता पनि लिन्न हैनतपाईंको रुकुम जिल्लाको स्वास्थ्य कार्यालयका लागि म फ्रि भोलन्टेयरले काम गर्छु भन्न पनि पायो । त्यो पनि त्यहाँ उल्लेख छ विधेयकमा उल्लेख छ त्यो भएको नाताले यस्ता खालका प्रकृतिका चाई स्वयंसेवालाई नै स्वयंसेवा भन्ने हो त्यो चाई माननीयज्यूलाई म अनुरोध गरे त्यो व्यवस्थापन त्याँ गरिएको छ । अघि सरकारको लगानीबाट सरकारको स्कलरसिपबाट पढेका जुन विद्यार्थीहरू हुन्छन। डक्टर इन्जिनियरहरू होलान भोलि चाई अरु प्राविधिकहरू होलान त्यस्तालाई पनि स्वयंसेवामा ल्याउनु पर्छ भन्ने जुन माननीयज्यूको सुझाव छ त्यो पनि अतिउत्तम नै छ। त्यलाई पनि ल्याउन सकिन्छ त्यो छ । त्यो चाई कुन कुन सेवा चाई स्वयंसेवाका क्षेत्र हुन सक्दछन् । भनेर त्याँ राखिएको छ भने त्यो राखेको क्षेत्रभित्र त्यो चाई हामीले प्रदेश सरकारले लगानी गरेका उत्पादनहरूलाई पनि चाई हामी स्वयंसेवीको रूपमा त्याँ प्रयोग गर्न सक्छौं । र तिनिहरूलाई पनि स्वयंसेवी बनाउन सक्छौं । माननीयज्यूले त्याँ चाई राख्नु भको जिज्ञासा ठीक छ । वास्तवमा माननीयज्यूहरूले जुन उत्तम ढङ्गले अत्यन्तै रचनात्मक ढङ्गले सुझाव दिनु भको छ । त्यसको लागि म चाई धन्यवाद पनि दिन चाहन्छु । र माननीयज्यूहरूका उठेका जिज्ञासा अझै पनि फेरी पनि विधेयकलाई समृद्ध गर्नको निमित्त यी सफल छन् यो चाई राम्रा सुझाव दिनु भको छ । भन्दै मैले पनि यहाँहरूले राखेका जिज्ञासालाई अलिकति थप परिमार्जित ढङ्गले लिनु पर्छ कि भन्ने मलाई पनि त्यो अनुभूति भको छ र यति भन्दै म चाई विदा हुन्छु धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरू अव म कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री दल रावलले सभामा प्रस्तुत गर्नु भएको कर्णाली प्रदेश स्वयंसेवक परिचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथिको सैद्धान्तिक छलफल समाप्त भएको जानकारी गराउँछु । माननीय सदस्यहरू कर्णाली प्रदेश सभा नियमावली २०७४ को परिच्छेद १५ को नियम १०९ को उपनियम १ अनुसार कर्णाली प्रदेश स्वयंसेवक परिचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा संशोधनको सूचना पेश गर्न चाहनुहुने माननीय सदस्यहरूलाई ७२ घण्टाको समय सीमा प्ररिम्भ भएको व्यहोरा जानकारी गराउँछु। माननीय सदस्यहरू अव यो बैठक २०७५ साल चैत्र २० गते बुधवार दिनको १ बजे सम्मको लागि स्थगित हुन्छ ।

**कर्णाली प्रदेश सभा**
**तेश्रो अधिवेशन**
**कार्यवाहीको सम्पूर्ण विवरण**
**२०७५ चैत्र २० गते**
**वुधवार**
**(बैठक संख्या-९)**

राष्ट्रिय धुन,

**माननीय सभामुखः**माननीय सदस्यहरू कर्णाली प्रदेश, प्रदेश सभाको हिउँदे अधिवेशनको नवौं बैठकको कार्यवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाको तर्फबाट कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई पहिलो संशोधन गर्न बनेको विधेयक माथि सैद्धान्तिक छलफलका लागि सभासमक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः**माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले प्रदेश सञ्चित कोषको र सरकारी कोषको सञ्चालन बजेट तर्जुमा, निकासा तथा खर्च गर्ने, लेखा राख्ने, प्रतिवेदन गर्ने, आन्तरिक नियन्त्रणको व्यवस्था मिलाउने, आन्तरिक तथा अन्तिम लेखा परिक्षण गर्ने गराउने, वेरुजु फछ्र्यौट लगायतका विषयहरूलाई संशोधन र परिमार्जन गरी समसामयिक बनाउन आवश्यक भएकोले कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई पहिलो संशोधन गर्नुपर्ने विधेयक कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ बमोजिम सैद्धान्तिक छलफल गरियोस् भनि सभासमक्ष प्रस्ताव गर्दछु । धन्यवाद।

**माननीय सभामुखः**माननीय सदस्यहरू कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई पहिलो संशोधन गर्न बनेको विधेयक माथिको सैद्धान्तिक छलफलमा भाग लिनुहुने माननीय सदस्यहरूका लागि समय निर्धारण गरेको छु । सर्वप्रथम माननीय श्री चन्द्र बहादुर शाही (समय ७ मिनेट) ।

**माननीय श्री चन्द्र बहादुर शाहीः**सभामुख महोदय कर्णाली प्रदेश आर्थिक कार्यविधि पहिलो संशोधन विधेयक आर्थिक मामिला तथा योजना मन्त्रीको तर्फबाट कानून मन्त्रीज्यूले सम्मानित सदनमा सैद्धान्तिक छलफल गरियोस् भनेर यो विधेयक टेवुल गरिएको छ र सैद्धान्तिक छलफल अगाडि वढिरहेको छ । सभामुख महोदय बजेट तर्जुमा, निकासा, खर्च, लेखा राख्ने, लेखा परीक्षण, वेरुजु फछ्यौट, असुलउपर आदि गराउने विषयमा मार्गदर्शन गरी प्रदेश आर्थिक कार्यविधि नियमित गर्ने गराउने यो विधेयक समय सापेक्षा अनुसार संशोधन हुन सक्छ । काम गर्दै जाँदा संशोधन हुन सक्छ । कानेर समस्याहरू देखा परे तर यसले यसले यो संशोधनले जनमानसमा के सन्देश दिन्छ भन्ने कुराहरू हामीले ख्याल गर्नुपर्दछ। पहिला नै सूरुमै हामीले अहिले संशोधन गर्नुभन्दा पहिला विधेयक पास

गर्दाखेरी विधेयक ल्याउँदा खेरी नै ध्यान पुर्‍याउनु पर्थ्यो । तर संशोधनले जनमानसमा राम्रो सन्देश जान सक्दैन । जनमानसले किन संशोधन गरियो भनेर सकारात्मक नकारात्मक २ वटै कुराले कोट्याउने अवस्था आउने सक्छ । सकारात्मक पक्षले काम गर्दै जाँदा केई असजिलो, असहजता उत्पन्न परेर संशोधन गर्नु पर्‍यो भन्ने कुराहरू आउँछ । नकारात्मक पक्षले हेर्दा अवश्य पनि आफूलाई सहज बनाउने आफूभित्र चलखेद गर्नको लागि यो विधेयक संशोधन गरिएको हो भनेर मान्छेले धेरै टिकाटिप्पणी गर्ने कुरा हुन सक्दछ र अर्को कुरा संशोधन विचार विमर्ससँग पनि गासिएको हुन्छ । अनि कुनै पनि विचार विमर्सले गर्दा कुनै जटिलता उत्पन्न पर्‍यो भने संशोधनका कुराहरू हुन सक्छन् । तर त्यो पनि देखा परेको छैन । तै पनि हामीलाई काम गर्दै जाँदा असजिलो भएकोले यो विधेयक संशोधनको लागि सम्मानित सदनमा टेवुल गरिएको छ । हामीले कानून बनाउँदै जाँदा धेरै जसो पहिला नै ख्याल गर्नुपर्ने दोस्रो सहजता कसरी हुन्छ । अहिले जनमानसमा कानून बनाउने कुरामा धेरै जटिलता आएको छ । त्यो जटिलताले गर्दा जुन आज कर्णाली प्रदेशमा खुला रूपले कर्मचारीहरू बस्ने वातावरण सिर्जना भएको छैन । त्यले गर्दा कर्मचारीको उपस्थिति न्यून रहेको छ भन्ने कुराहरू बाहिर आईरहेको छ । मैले उदाहरणको लागि किसान भनेको एउटा हात फुटेको, खुट्टा फुटेको, भारी वोक्ने, नाम्ला वोक्ने, कुटो कोदालो समातेर अगाडि हिडनेलाई हामी किसान भन्छौ तर हाम्रा कार्यक्रम याँ त्यो खुट्टा फटेको, भारी वोकेको मान्छेलाई पनि प्रपोजल हाल्नु पर्छ भनेर हामीले त्यो जटिलता थपेर कानून बनाएर जनताको माझमा हामीले लिएका छौं । त्यो हात फटेको, खुट्टा फुटेको मान्छेले प्रपोजल लेख्न सक्छ कि सक्दैन । अवश्य पनि सक्दैन त्यसैले कानून बनाउँदाखेरी नरम र अलि कडा खालका गरेर २ वटा किसिमका कानून बनाउनु पर्दछ । आज त्यो हात खुट्टा फुटेको किसानलाई सहजता कसरी हुने हो र अर्को एउटा यूवाले प्रपोजल सहित कुनै पेशा व्यवसाय गर्न उले खोजिरहेको हुन्छ । त्यले प्रपोजल हालेर अगाडि वढन खोजिरहेको हुन्छ । त्यलाई त्यस किसिमको कानून बनाएर हामीले अगाडि वढनुपर्ने हुन्छ र त्यो भएकोले कानून बनाउँदा खेरी पहिलै हामीले ख्याल गर्नुपर्छ र बनाईसकेपछि पछि यस्तै जटिलता आउँदाखेरी हामीलाई समस्या देखा पर्दछ । अर्को अहिले हाम्रो प्रदेशमा मैले १ मिनेट समय अनुरोध गरे सभामुख महोदय प्राविधिक फिल्डमा नजाने प्राविधिक फिल्डमा गएर पनि काम नगर्ने वातावरण याँ सिर्जना भएको छ । हामीले सुन्दा हामीले बुझ्दा कुरो के आएको छ भने आज त्यो हुम्ला, जुम्ला,डोल्पाको फिल्डमा खटिने कर्मचारीलाई पनि त्यो भत्ताको रिसिउ त्यई छ । सुर्खेतमा र अरु सुविधा सम्पन्न जिल्लामा जाने प्राविधिकको पनि भत्ता त्यहीँ छ। हुम्ला, जुम्लाको एउटा होटेलमा ५०० ले पनि भात खान पाईदैन । तर सुर्खेत लगायत अरु सल्यान, जाजरकोट लगायत अरु केई सुगम जिल्लाहरूमा १०० रुपैयाले भात खान पाइन्छ । त्यस कारण आज हुम्ला, जुम्ला पछाडि परेको त्यो जुन जिल्लाहरूमा अहिले प्राविधिक जान हिचकिचाई रहेका छन् । त्यसो भएकोले हामीले कानून बनाउँदाखेरी

कमसेकम सबैलाई सोलोडोलोको रूपमा हेरेर कानून बनाउनु हुदैन । भौगोलिक विशेषतालाई पनि ध्यानमा राखि अनि सबैलाई सहज हुने किसिमको वातावरण सिर्जना गरी कानून बनाउनु पर्दछ । भन्ने सुझाव राख्दै विदा हुन्छु । हस्त धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरू कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई पहिलो संशोधन गर्न बनेको विधेयक माथिको सैद्धान्तिक छलफल आजै समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरुले रोष्टमको वायाँ तर्फ रहेका सचिवालयका कर्मचारीहरूलाई नाम टिपाउनुहोला । माननीय श्री गणेश प्रसाद सिंह । त्सपछि माननीय श्री कुर्मराज शाही तयार रहनुहोला । (समय ७ मिनेट )

**माननीय श्री गणेश प्रसाद सिंह:**माननीय सभामुखज्यू कर्णाली प्रदेश आर्थिक कार्यविधिको संशोधनका विषयमा मैले आफ्ना केई मतहरू सुझावहरू राख्नु पर्दा पहिलो कुरा आर्थिक कार्यविधि जनताले वुझने सरल हुनुपऱ्यो । जनसाधारण किसानहरूको विषयमा किसानले वुझने गरेर वनाईनु पऱ्यो । पहिलो कुरा दोस्रो कुरा आर्थिक कार्यविधि हामीले संशोधन गर्दै गर्दा कार्यविधि निर्देशिका कार्यविधि र दिग्दर्शनलाई आधारित बनाएर अहिले यो वर्षको हामी यो प्रदेशको बजेट कार्यान्वयन गरी राख्या छौं । जसले यो सँगसँगै हामी सुशासनको कार्यविधि पनि छलफल गरी राख्या छौं र सुशासन जनताको सेवालाई छिटो छरितो बनाउनुको अलावा ढिला सुस्ती जटिलतातिर गई राख्या छ । र समय र आर्थिक कार्यविधिमा अव सरकार अथवा हामीहरू नउभिएर हामी मनोगत हिसावले हाम्रा सरकारका हाम्रा प्रदेशका मन्त्रालयहरू चलिरहेको अहिलेको अवस्था हो । वर्तमान अवस्थामा नियममा संशोधनमा कुरा गरी रहँदा हामीले अहिलेको रिफरेन्सलाई लिन सकिन्छ । अहिले आ.व. ७५/७६ र्को बजेट कार्यान्वयनको स्टायल,विधि, प्रक्रिया,यो निर्देशिका यी सबैलाई हेर्दा हामी एकातिर कानूनी बहसगरीराख्या छौं । अर्कोतिर हामी प्राक्टिस गरीराख्या छौं । यो मलाई अनुभूति फिल भई राख्या छ । यसो नहोस । हामीले कानून संशोधन गर्दै गर्दा व्यवहारीक प्रयोगलाई पनि रिफेरेन्सको रूपमा सन्दर्भको रूपमा लिने गरौं मेरो यो सुझाव हो । यसो गर्दा अव कार्यविधिमा अव ढिला सुस्ति अव कार्य सम्पादनको मुल्यांकनको कुरा र त्यसको फ्रिफरमेन्सको कुरा आउट पुट परिणामको कुरा र वित्तिय निगरानिको कुरा र वित्तीय निगरानि किन गरिन्छ भन्दा सुशासनलाई मजवुत बनाउनका निमित्तभ्रष्टाचारलाई नियन्त्रण गर्नका निमित्तवित्तीय निगरानि गरिन्छ । यो कुरा याँ यो आर्थिक कार्यविधिमा प्रष्ट खुल्नेगरिकन जनसाधारणले वुझने गरिकन उल्लेख गर्दा राम्रो होला । र जनसाधारणले वुझने गरिकन कार्यक्रम सञ्चालनको त्यो सुची तयार गर्ने कुरा अव निर्देशिका कार्यविधिमा उल्लेख छ । होडिङवोर्ड राख्ने कुरा जनसम्पर्क जनसाधारणको प्रक्रिया विधिको कुरामा सुशासित हुने कुरा सूचनाको पहुँचपुऱ्याउने कुरा यो सबै सुशासनसँग सम्बन्धित कुरा, पारदर्शितासँग सम्बन्धित, आर्थिक कार्यविधिसँग सम्बन्धित सवाल भएकोले पनि यो अलि प्रष्टसँग वुझने गरेर यो कार्यविधिमा आउन मरो सुझाव । मैले छोटोमा यक्ति भन्न चाहे र अव यो

विशेष गरेर हिजो यो माननीय सांसदज्यूहरूले धेरै कुरा राख्नु भो प्रतिपक्षि दलको नेताले पनि राख्नु भयो अव अस्ति आइतवार गएको यो वारा पर्साको कुराको बारेमा सरकारले माननीय सभामुख मार्फत् सरकारले ल्याओस एउटा मानवीय हिसावले एउटा राहत र हामीले चाई मतलव सहयोगको कार्यक्रम सरकारले ल्याएको कुरा हामीलाई माननीय हुन्छ जस्तो लाग्छ । र मैले द्रष्टव्यमा मैले आफ्नो विशेष समय त होइन तर यो मेरो निर्वाचन क्षेत्र मेरो जिल्लामा सेतो जिवीको कुरा मैले धेरै उठा छु । सेतो जिवीको जनताले दुख पाईराख्या छन् । त्यसको बारेमा केन्द्र सरकारले पनि ध्यान दिया छैन । केन्द्र सरकारको माननीय मन्त्री शक्ति बहादुर बस्नेत डिजियाम राम प्रसाद लम्सालसँग मैले कुरा राख्या छु । फागुन ९ गते याँ चाईने माननीय मन्त्री नन्दसिंहसँग राख्या छु । यो कुरा भा छैन दोस्रो कुरा अव यो वाढि पहिरोको कुरा आ छ रुकुम र जाजरकोटको कुरा यो कुरा ध्यान गएको छैन । त्यस्तै अर्को कुरा यो डल्लो बजेट विनियोजित गरिएकोल फुटाईएको छैन । विधुतिकरणको ग्रामीण विधुतिकरणको यो कुरालाई सिरियस्ली द्रष्टव्यमा ध्यान पुऱ्याउन सभामुख मार्फत् मैले चाई सुझाव राख्दै विदा हुन्छु । धन्यवाद ।

**माननीय सभामुखः**अव माननीय श्री कुर्मराज शाही ।

**माननीय श्री कुर्मराज शाहीः**माननीय सभामुख महोदय, कर्णाली प्रदेशका आर्थिक कार्यविधि पहिलो संशोधन ऐन २०७५ र कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई पहिलो संशोधनमा आज हामी सैद्धान्तिक छलफलमा भाग लिईरहेका छौं । तर यो सैद्धान्तिक छलफलमा भाग लिईरहँदाखेरी यो यसमा चाई खासै मैले सर्सति हेरे हेर्दाखेरी यो संशोधन १९ वटा बुँदामा संशोधन गरिएको छ र यो बुँदाहरूमध्येमा केही प्राविधिक पक्षहरूमा संशोधन गर्नुपर्ने देखिएको छ । परिभाषामा चाई मन्त्री भनेर चाई उल्लेख नगरिएको मन्त्री भन्ने उल्लेख गरिएको कुनै ठाउँमा सराउण्डर भन्ने शब्द थपेको इंलिस शब्द नथप्दा पनि हुन्छ । केई फरक पर्दैन । जे शब्द छ त्यई राख्दा हुन्छ । समर्पण राख्दा केई फरक पर्दैन नेपाली भाषा हो । सराउण्डर राखिएको छ र सराउण्डरै राख्नु पर्छभन्ने केई छैन त्यो इंलिस शब्द हो र यसैगरी अरु चाई यो अव यो अरु केई प्राविधिक समस्या हो । प्राविधिक विषयहरू चाई तपाईंको त्यले अलि गलत अर्थ लाग्ने यले ठीक ठाउँमा ल्याउने यले प्रयास गरेको छ । यसले र यो संशोधन विधेयकले र यसमा चाई मेरो सुझाव के छ। भन्दाखेरी मैले सुरुमा पनि सायद यो आर्थिक कार्यविधि निर्माण गरी रहँदाखेरी मेरो आफ्नो प्रस्ताव थियो । कर्णाली प्रदेशको हकमा यो आर्थिक वर्ष फिट छ छैन । भन्ने विषय मैले कुरा उठाथे र त्यो आर्थिक वर्ष चेन्ज गरी रहँदाखेरी संविधान संशोधन गर्नुपर्ने हुन्छ र संविधानले त्यो संशोधन गरी रहँदाखेरी हाम्रो त्याँ पहुँच नपुग्न सक्छ । तर कर्णाली प्रदेशका निम्ति यो मलाई के लाग्छ भन्दाखेरी यो आर्थिक वर्ष हाम्रा लागि उपयुक्त छैन । पहिलो कुरा र दोस्रो कुरा चाई कानेर लाग्छ भन्दाखेरी यो आर्थिक कार्यविधि भनेको ३ वटा चिजको व्यवस्थापन गर्छ यसले

विशेष गरिकन मलाई के लाग्छ स्रोतको यसले व्यवस्थापा गर्छ । समयको व्यवस्थापन र श्रमको व्यवस्थापन विशेष गरी यले एड्रेस गर्ने भनेको विषय कार्यविधि ३ वटा विषय एड्रेस गर्छ यले श्रम,स्रोत, श्रम र समयको व्यवस्थापन यले कार्यविधिले गरेको छ । त्यो भएको हुनाले यसमा सवभन्दा पहिलो कुरा स्रोत त उपलब्ध भई नै हाल्ने भो अव नेपाल सरकारको अनुदान आउला, वैदेशिक सहयोग आउला, ऋणबाट आउला, अन्य अलिअलि राजस्वबाट आउला, यसको स्रोतको व्यवस्थापन थोरै भएपनि व्यवस्थापन त होला । र मुख्य गरी यसको समयको व्यवस्थापन कसरी गर्ने भन्ने विषयमा अहम प्रश्न मलाई लाग्छ यो कार्यविधिमा व्यवस्थापन गर्न सकिएन भने कर्णाली प्रदेशलाई समृद्धिको दिशातर्फ हामी अगाडि लाग्न सक्दैनौ ।त्यो भएको हुनाले मैले के गरेको छु भन्दाखेरी यो चाई यो आगामि आर्थिक वर्षका निम्ति हामीले के कुराको व्यवस्थापन के कुरा समयको व्यवस्थापन गर्दाखेरी ठीक ढङ्गले अगाडि चल्न सक्छौं त भन्दाखेरी मेरो आफ्नो एउटा सुझाव छ यसमा अव यो चाई हामीले आगामि आर्थिक वर्षका निम्ति यॉं चाई अव यो त्यई अव चाई सुधार्नु पर्ने विषयवस्तु छ । राजस्व र व्ययको अनुमान सम्बन्धी गर्ने सन्दर्भमा सवभन्दा पहिलो कुरा यसको व्यवस्थापन गर्न आवश्यक देख्छु म र यसमा चाई दफा ६ मा स्रोतको अनुमान र खर्चको सीमासम्बन्धी जो छ । १ नम्बरमा ठ्याक्कै चाई मलाई लाग्छ महिला तोक्दि हाल्नुपर्छ हामीले । स्रोतको अनुमान कुन महिना गर्ने अनि खर्चको सीमा र स्रोतको अनुमान कुन महिना गर्ने भन्दाखेरी माघ मसान्तभित्रै स्रोतको अनुमान गरी सक्नुपर्ने । सेडुल बनाउने क्या अव त कार्यविधिमा बनाउने । त्यसपछि गएर २ गते फागुन मसान्तभित्र स्रोतको अनुमान र खर्चको सीमा निर्धारण गरी सक्नुपर्ने ल माघमा सक्यो । त्यसपछि गएर चाई दफा ७ मा बजेटको सीमा र मार्गदर्शन गर्ने सन्दर्भमा चैत्रको पहिलो हप्ताभित्र चाई पठाई सक्नुपर्ने हामीलाई त्यो । कॉं पठाउनुपर्ने हो त्यो ठाउँमा पठाईसक्नु पर्छ । र त्यो दफा ८ मा चाई विनियोजनको दक्षता सम्बन्धमा के छ भन्दा वैशाख मसान्तभित्र गरी सक्नुपर्ने । आर्थिक वर्ष यसको सम्भाव्यता अध्ययन गुरु योजना खर्च गर्न सक्ने रकम सबै मलाई का लाग्छ भन्दाखेरी वैशाख मसान्तसम्म यसको विनियोजन गरी सक्नुपर्ने हुन्छ र त्यसपछि यसो दफा ९ मा समेट्नुपर्ने विषय पूर्व बजेट छलफल जो गर्छौं हामी यो जेठ महिनाको १५ गते सम्म यलाई यो छलफल गरी सक्नुपर्ने र कार्यक्रमको सिदान्त,उद्देश्य,प्राथमिकरण प्रमुख नीतिसहितको मलाई लाग्छ पुर्व बजेटको तयार गर्न सक्यो भने अनि वल्ल मलाई के लाग्छ भन्दाखेरी अनि ठीक ढङ्गले अगाडि बढाउन सक्छ । र अर्को दफा १० मा चाई विनियोजन विधेयकको तय गर्न असार १५ सम्म विनियोजन विधेयकको मस्यौदा तयार गरीसक्नु पर्ने। श्रावण १ गते बजेट भाषण गर्न वल्ल चाई त्यो ठाउँ आईपुग्यो भने यो बजेट खर्च गर्न सक्छन चालु गर्न सक्छौं र चालु आर्थिक वर्षभित्र हामीले के गर्नुपर्छ त भन्ने सन्दर्भमा मेरो सुझाव यसमा समेट्नुपर्ने कार्यविधिमा यसमा सेडुलको आवश्यकता छ । प्रदेश चौमासिकमा के गर्ने भन्दाखेरी भदौ मसान्तसम्म बजेट पास गरीसक्नुपर्ने २

महिना लायर त्यसपछि आश्विन र कार्तिक मसान्तसम्मन ठूलो आयोजनाको डिपिआर र सर्भे डिजाईन तयार गरीसक्नुपर्ने व्यवस्था अझभन्दा त्यसपछि दोस्रो चौमासिकको पुस मसान्तभित्र के गरीसक्नुपर्छ यसको टेण्डर उपभोक्ता त्यसपछि गएर अन्य काम सम्पन्न विविध विवादहरू मिलाउने कुराहरू त्यसपछि बजेटको अख्तियारी यो महिना गईसक्नुपर्छ । यस्तो लेखिनुपर्छ कार्यविधिमा अनि वल्ल चाई ठीक हुन्छ जस्तो लाग्छ मलाई यो मेरो आफ्नो दृष्टिकोण अनि माघ १ गते देखि सुरु गरेर असार १५ गतेसम्म योजना सम्पन्न गर्ने माघ १ गतेबाट सुरु गऱ्यो र असार १५ गतेसम्म योजना सम्पन्न गर्ने गर्नुपर्दछ । अनि वल्ल यो चाई गऱ्यौ भने मलाई लाग्छ यो बजेटको खर्च गर्न सकिन्छ । सञ्चित कोषमा रहिरहने स्थिति छ अहिले पनि हामीले देखिरहेका छौं । केही बजेटहरू खर्च हुन सकिरहेको अवस्था छैन। अव खर्च हुने अवस्था पनि ठीक ढङ्गले अगाडि जाँन सकिरहेको अवस्था छैन नत्र ठीक दिशा पकड्न सकिरहेको छैन । त्यो भएको हुनाले यो कार्यविधिभित्र यी विषयलाई महिना महिनाको  चाई मलाई लाग्छ सेडुल बनाएर अगाडि बढ्न सक्यो भने वल्ल कर्णाली प्रदेशको सञ्चित कोषको बजेट हामी खर्च गर्न सक्छौं । र अनि मात्रै समृद्ध कर्णाली दिशातिर अगाडि वढन सक्छौं भन्ने  मेरो आफ्नो यो सुझाव राख्दै म विदा चाहन्छु । धन्यवाद ।

**माननीय सभामुखः**अव माननीय श्री सोशीला शाही ।

**माननीय श्री सोशीला शाहीः**सभामुख महोदय यस कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को पहिलो संशोधन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सैद्धान्तिक छलफलमा गईरहेका छौं । आर्थिक कार्यविधि भन्ने विक्तिकै जुनसुकै सहकारी नियमको विधि र प्रक्रिया अनुसार सुरुदेखि अन्तसम्म गरिने आर्थिक लेनदेन हो भन्ने वुझिन्छ । हरेक विकास निर्माणसँग महत्वपूर्ण बाटो भनेको आर्थिक पक्ष नै पक्ष जोडिएको हुन्छ । आर्थिक कारोवारो प्रष्ट भएन भने भ्रष्ट्राचार देखि अन्य विकृति जस्ता कार्य हुने सम्भावना हुन्छ । त्यहीं भएर राज्य नीति निर्माण तर्जुमा गरेर एउटा वन्धनको रूपमा कानून निर्माण गर्ने हुनाले आज हामी यस कर्णाली प्रदेशको आर्थिक कार्यविधि ऐन २०७४ को संशोधनमा छलफल गरिरहेकाछौं । यसै क्रममा राज्य एउटा आर्थिक कारोवारोको विधि अनुसार नै सञ्चालन हुने निकाय जस्तै बजेट तर्जुमा, निकासा तथा खर्च लेखा राख्ने प्रतिवेदन सम्बन्धी निकायलाई वुझाउने, आन्तरिक नियन्त्रणको व्यवस्था आन्तरिक तथा अन्तरिम लेखा परिक्षणको व्यवस्था वेरुजु फछ्यौंटको गर्ने, गराउने असुल जस्ता कार्यहरू गरी आर्थिक व्यवस्थालाई पारदर्शिता बनाउने कार्य गरेता पनि हामी सबैले त्यसमा भईरहेका कार्यक्रमहरू सहयोग सचेत र सुझाव जस्ता कार्यक्रमहरू अगाडि वढन जरुरी छ । हरेक कार्यमा आर्थिक मितव्ययिता पारदर्शि जस्ता क्रियाकलाप अघि वढाईउँ । सहयोग र सहकार्यका माध्यमबाट अघि वढिउँ भने कर्णालीको प्रदेशको विकास असम्भव छ । देशमा धेरै कानूनहरू निर्माण हुन्छन् । तर कार्यान्वयन हुदैनन । त्यहीं भएर हरेक कामकारवाहीमा वाधा व्यवाधा सहजता आउनुको कारण यही हो कि त्यहीं हो भएर

हामीले आजैदेखि कार्यान्वयनको पक्षलाई ध्यान दिदै अघि बढेको खण्डमा सफल निश्चित छ । अन्तिममा हामी जुनसुकै माध्यमबाट यहाँ उपस्थित भएपनि सकारात्मक कामका लागि एक भएर अघि बढेमा समृद्ध कर्णाली प्रदेश हुनेछ भन्दै विदा हुन्छु । धन्यवाद । जय राष्ट्रवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरू अव म कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाको तर्फबाट कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई पहिलो संशोधन गर्न बनेको विधेयक माथि सैद्धान्तिक छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवं जिज्ञासाका सम्बन्धमा जवाफ दिन समय दिन्छु ।

**माननीय श्री नरेश भण्डारीः**माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले यो खासगरी यो चाई कर्णाली प्रदेश आर्थिक कार्यविधि यो ऐनमा यो चाई पहिलो संशोधन उपर माननीय सदस्यज्यूहरूले महत्वपूर्ण सुझावहरू सैद्धान्तिक छलफलका क्रममा प्रस्तुत गर्नु भएको छ। खासगरी यो वित्तीय अनुशासनलाई यो सुनिश्चित गर्नको लागि यो खासगरी यो चाई प्रदेश सञ्चित कोष वा सरकारी कोषको सञ्चालन बजेट तर्जुमा, निकासा तथा खर्च गर्ने, लेखा राख्ने, प्रतिवेदन गर्ने, आन्तरिक नियन्त्रणको व्यवस्था मिलाउने, आन्तरिक तथा अन्तिम लेखा परिक्षण गर्ने गराउने, वेरुजु फछ्र्यौट गर्ने गराउने, असुल तथा तहसिल गर्ने गराउने लगायतका विषयहरूमा चाई यले मार्गनिर्देशन चई गर्दै आको स्थिति हो र यो वित्तीय सनुशासन खासगरी प्रदेशको चाई प्रदेश सरकारको यो वित्तीय अनुशासनलाई यले चाई सुनिश्चित गर्ने विश्वास चाई लिएका छौं । यो खासगरी अझै थप यो अनुशासन यो सुनिश्चित चाई यले गर्ने छ र खासगरी यसमा यति धेरै ठूलो मेजर परिवर्तन चाई यसमा छैन । यो विधेयकमा छैन खासगरी यसमा चाई अव यो विधेयकमा चाई अव यो परिभाषा खासगरी अव गर्नुपर्ने यो कानूनको खासगरी यो ऐन ड्राफटिङको एउटा फर्मेटमा जसरी चाई परिभाषा चाई तपाईंको एउटा खण्डमा त्याँ चाई उल्लेखित हुन्छ । त्यो खण्डमा एउटा चाई तपाईंको शब्दले चाई धेरै कुराहरू त्यले चाई प्रतिनिधित्व गर्ने गर्दछ । त्यसो हुदाँखेरी परिभाष गर्नुपर्ने त्यसै गरेर चाई अव अलिकतै समयावधि थोरै चाई परिमार्जन बजेट कार्यक्रमको तर्जुमा पूर्व अनुमान कसरी गर्नुपर्ने त्यसै गरेर चाई भाषागत शुद्धताको कुरा पनि छ यसमा चाई भाषिक शुद्धता मिलाईएको स्थिति पनि छ यसमा चाई र अव केही चाई अव स्पेश थप्नुपर्ने र केही हटाउनुपर्ने जस्ता विषयहरू चाई यसमा चाई उल्लेख गरिएको छ । यसमा धेरै ठूलो सैद्धान्तिक छलफलको चाई यसमा विषय छैन र यो छलफलका क्रममा चाई माननीय सदस्यज्यूहरू खासगरी अव चन्द्र बहादुर शाही,खकेन्द्र सिंह,कुर्मराज शाही र सुशीला शाहीज्यूले चाई जसरी महत्वपूर्ण सुझावहरू दिनु भको छ । यसमा संशोधनले प्रवाह गर्ने सन्देश त्यति धेरै मतलव सुपाच्छे नहुन सक्छ । त्यति धेरै मीठो अनुभूति नहुन सक्दछ भन्ने सुझाव पनि चाई आको छ ।

सकभर अव यो विधेयकहरू यो छिटो छिटो चाई तपाईंको संशोधन नगर्दा नै बेटर हुन्छ । तर फेरी आवश्यकताले विधेयकहरू चाई संशोधन गर्नुपर्ने हुन्छ । यो दस्तावेजलाई चाई हामीले अझ समय अनुकुल बनाउनुपर्ने हुन्छ । त्यई उद्देश्य अनुरूप ल्याईएको छ र त्यसैगरी अव भौगोलिक विशेषतालाई चाई ध्यानमा राखेर यो ल्याउन पर्दछ भन्ने छ । यो सैद्धान्तिक हिसावले यो जाहेज नै छ । अव माननीय खकेन्द्र सिंहले पनि भन्नु भाछ मत सवल हुन पर्दछ भन्नु भाछ । अव वित्तीय अनुशासनलाई यले चाई अव सुनिश्चित गर्न सक्नुपर्दछ भन्ने स्प्रिटमा चाई उहाँले राख्नु भो अव कुर्मराज शाही अव माननीय कुर्मराज शाहीले यो सरेण्डर भनेर यो आयातित शब्द हो यो चाई यो जरुरी छैन । भन्ने लाइनमा पनि उहाँले चाई राख्नु भको छ अव त्यसै गरेर चाई अव स्रोत अनुमानको पनि एउटा चाई तपाईंको टाईमफ्राईन्ज स्पष्ट हुन पर्दछ भन्ने लाइनमा र माननीय सुशीला शाहीले पनि त्यई हिसावले चाई अव राख्नु भको छ आफ्नो विषयहरू अव यो उहाँले राख्नु भको विषय चाईने निकै जाहेज छन् र यो खासगरी अव हामीले अव संशोधनका क्रममा उहाँहरूले महत्वपूर्ण सुझावहरू चाई राख्नु हुनेछ । दफावार रूपमा राख्नु हुनेछ र यो संशोधनलाई हामीले चाई समया अनुकुल उपयोगि र समग्र वित्तीय अनुशासनलाई यले चाई तपाईंको नेतृत्व गर्न सक्ने सुनिश्चित गर्न सक्ने एउटा निकै महत्वपूर्ण विधेयक हो यो चाई निकै महत्वपूर्ण विधेयक हो । अव यो विधेयक चाई अपारिटिको प्रक्रियासम्म जाँदाखेरी मलाई लाग्छ । यहाँहरूका मूल्यवान सुझावहरू त्यहाँ चाई अव इनक्लुड हुनेछन् । भन्दै यो प्रक्रियामा यहाँहरू सहभागि भईदिनु भो त्यसका लागि म सरकारको तर्फबाट खासगरी यो आर्थिक मामिला तथा योजना मन्त्रालयका मन्त्रीज्यूको अनुपस्थितिमा मैले जसरी यो प्रष्टिकरण दिईरहेको छु र यो सरकारकै यो धारणाका रूपमा यहाँहरूले बुझ्नुहुनेछ हस्त धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाको तर्फबाट कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले सभामा प्रस्तुत गर्नु भएको कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई पहिलो संशोधन गर्न बनेको विधेयक माथिको सैद्धान्तिक छलफल समाप्त भएको जानकारी गराउँछु । माननीय सदस्यहरू कर्णाली प्रदेश सभा नियमावली, २०७४ को परिच्छेद-१५ को नियम १०९ को उपनियम १ अनुसार कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई पहिलो संशोधन गर्न बनेको विधेयकमा संशोधनको सूचना पेश गर्न चाहनु हुने माननीय सदस्यहरूलाई ७२ घण्टाको समय सीमा प्रारम्भ भएको व्यहोरा जानकारी गराउँछु । माननीय सदस्यहरू अव म कर्णाली प्रदेशमा सुशासन प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि संशोधन प्राप्त गरी प्रस्ताव गरी विधायन तथा प्रदेश मामिला समितिमा छलफल भए पश्चातका निर्णय र प्रतिवेदन कर्णाली प्रदेश सभा

नियमावली २०७४ को नियम ११८ मा भएको व्यवस्था अनुसार सभा समक्ष राख्न समितिका अध्यक्ष माननीय श्री पदम बहादुर रोकायालाई समय दिन्छु ।

**माननीय श्री पदम बहादुर रोकायाः**सम्माननीय सभामुखज्यू सुशासन प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ यस सभाबाट यस समितिमा पठाईएकोमा संशोधनकर्ता माननीयहरू समेतको उपस्थितिमा विभिन्न समितिमा बसेको समितिको वैठकले अन्तिम टुङ्गोमा पुऱ्याएर सोको प्रतिवेदन यस सभामा प्रस्तुत गर्दछौं । (१) विधेयक १ को दफा १ को उपदफा १ मा कर्णाली प्रदेशमा सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन २०७५ लाई कर्णाली प्रदेशमा सुशासन ऐन, २०७५ भनि लेखिएको,(२) विधेयकको उपदफा ३ मा प्रदेश, जिल्ला तथा स्थानीय भन्ने शब्दलाई प्रदेश तथा स्थानीय भनि लेखिएको, (३) विधेयकको दफा ४ को उपदफा १ मा सरकारले भन्ने शब्द पछि संविधानको प्रतिकूल नहुने गरी भन्ने शब्दहरू थप गरी लेखिएको,(४) विधेयकको दफा ४ को उपदफा २ मा संख्या र सो को भन्ने शब्दहरूलाई हटाईएको, (५) विधेयकको दफा ५ को उपदफा १ मा अनुसार र समिति वा पछि भएको अन्य भन्ने शब्द हटाईएको, (६) विधेयकको दफा ५ को उपदफा १ मा प्राकृतिक भन्ने शब्द पछि अन्य भन्ने शब्द थपिएको, (७) विधेयकको दफा ५ को उपदफा १ मा कमर्स अफ रेफरेन्स भन्ने शब्दहरू हटाईएको, (८) विधेयकको दफा ६ को खण्ड क मा राष्ट्र भन्ने शब्दको सट्टा कर्णाली प्रदेश भनि लेखिएको, (९) विधेयकको दफा ७ को उपदफा १ मा अतिरिक्त भन्ने शब्दलाई साथै भनि लेखिएको, (१०) विधेयकको दफा ९ को उपदफा १ मा सम्पूर्ण आवश्यक भन्ने शब्दलाई हटाईएको, (११) विधेयकको दफा ९ को उपदफा १ मा कार्य समयमा भन्ने शब्दको बीचमा निर्धारित भन्ने शब्द थपिएको, (१२) विधेयकको दफा १० को उपदफा २ को खण्ड (ञ) मा नगद पुरस्कार सहित कदर पत्रद्वारा सम्मान भन्ने शब्दलाई हटाई पुरस्कृत भन्ने शब्द थपिएको, (१३) विधेयकको दफा ११ को उपदफा २ को खण्ड (घ) र (ङ) मा (घ) आफू वहाल रहेको मन्त्रालय वा प्रदेश स्तरका कार्यालयको व्यवस्थापन दैनिक कार्य सञ्चालन कर्मचारी उपर नियन्त्रण तथा सुपरिवेक्षण गर्ने (ङ) आफू वहाल रहेको मन्त्रालय वा प्रदेश स्तरका कार्यालय अन्तर्गतका कार्यालय वा त्यस्तो मन्त्रालय वा प्रदेश स्तरका कार्यालय मातहतका अन्य निकायको कामकारवाही उपर आवश्यक सुपरिवेक्षण र नियन्त्रण गर्ने आवश्यकता अनुसार निर्देशन दिने खण्ड (घ) र (ङ) लाई एकिकृत गरी (घ) आफू वहाल रहेको मन्त्रालय वा प्रदेश स्तरका कार्यालय र मातहत निकायको व्यवस्थापन दैनिक कार्य सञ्चालन कर्मचारी उपर नियमन सहजिकरण तथा सुपरिवेक्षण गर्ने र कामकारवाही उपर आवश्यक निर्देशन दिने भनि लेखिएको, (१४) विधेयकको दफा ११ को उपदफा २ को खण्ड ख मा अत्यन्त उत्कृष्टताको आधारमा र नगद र कदर पत्र सहित भन्ने शब्दलाई हटाउने, (१५) विधेयकको दफा ११ को उपदफा २ को खण्ड ढ मा खण्ड ङ भन्ने शब्दलाई खण्ड ड भनि लेखिएको, (१६) विधेयकको दफा १२

को खण्ड क मा नियन्त्रण भन्ने शब्दलाई नियम भनि लेखिएको, (१७) विधेयकको दफा १४ को उपदफा १ मा उपयुक्त ठह¥याएको समय अवधि भित्र भन्ने शब्दलाई वढिमा ३५ दिनभित्र भनि लेखिएको, (१८) विधेयकको दफा १७ को उपदफा १ मा एका संगोलको व्यक्तिले भन्ने शब्दहरू पछि वा नजीकका नातेदार भन्ने थप गरी लेखिएको, (१९) विधेयकको दफा १७ को उपदफा ४ मा सेक्टर समय सेक्टर भन्ने शक्ब्दलाई हटाईएको, (२०) विधेयकको दफा २२ को उपदफा १ मा जुनसुकै कारणले अवकास प्राप्त गरेको मितिले तोकिएको बमोजिमको अवधि सम्मका लागि भन्ने शब्दहरूलाई हटाई नरहँदा भन्ने शब्द लेखिएको, (२१) विधेयकको दफा २४ को उपदफा १ मा प्रत्येक प्रदेश सरकारी भन्ने शब्दलाई प्रदेशका प्रत्येक सरकारी भनि लेखिएको, (२२) विधेयकको दफा २४ को उपदफा २ को खण्ड च मा च तोकिए बमोजिमका अन्य कुराहरू हटाएको, (२३) विधेयकको दफा ३३ को उपदफा १ मा निजामती सेवाको पदबाट कार्यसम्पादन गर्न नसक्ने सम्बन्धित विषयमा विशेष योग्यता हासिल गरेको विशेषज्ञ सेवा प्राप्त गर्नु पर्दा प्रदेश सरकारले पनि कुनै व्यक्तिलाई विषयगत सल्लाहकारको रूपमा नियुक्ति गर्न सक्नेछ लाई एक निजामती सेवा पदबाट कार्य सम्पादन हुन नसक्ने सम्बन्धित विषयमा सेवा प्राप्त गर्नु पर्दा विशेषज्ञता हासिल गरेको व्यक्तिलाई सरकारले विषयगत सल्लाहकारको रूपमा नियुक्ति गर्न सक्नेछ भनि लेखिएको, (२४) विधेयकको दफा ३४ को शीर्षकमा प्रवक्ता तोक्नुपर्ने भन्ने शब्दलाई प्रवक्ता वा सूचना अधिकारी तोक्नुपर्ने भन्ने लेखिएको, (२५) विधेयकको दफा ३४ को उपदफा १ मा प्रत्येक मन्त्रालयले सरकारी निकाय एवं कार्यालयले आफ्नो मन्त्रालय सरकारी निकाय एवं कार्यालयको कामकारवाहीको विषयमा सरकारवालालाई सार्वजनिक रूपमा जानकारी दिन मन्त्रालय सरकारी निकाय एवं कार्यालयको कुनै अधिकृतलाई प्रवक्ता तोक्नुपर्नेछ लाई एक प्रत्येक मन्त्रालय सरकारी निकाय एवं कार्यालयले आफ्नो मन्त्रालय सरकारी निकाय एवं कार्यालयको कामकारवाहीको विषयमा सरोकारवालालाई सार्वजनिक रूपमा जानकारी दिन मन्त्रालयमा प्रवक्ता र अन्य सरकारी निकाय एवं कार्यालयको कुनै अधिकारीलाई सूचना अधिकारी तोक्नुपर्ने छ भनि लेखिएको, (२६) विधेयकको दफा ३५ मा रेगुलेटरी वढि भन्ने शब्दलाई हटाईएको, (२७) विधेयकको दफा ३५ मा प्रदेश सरकारको भन्ने शब्दहरू पछि क्षेत्र अधिकारभित्र पर्ने भनि लेखिएको, (२८) विधेयकको दफा ४० को उपदफा १ मा मन्त्रालय तथा प्रदेश स्तरका सुकारी निकायले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तोकिए बमोजिमको अवधिभित्र आफूले सो आर्थिक वर्षभरी सञ्चालन गरेको कार्यक्रम सम्पादन गरेको काम र त्यस्तो कामको अवस्थित तथा प्रगति र लागत लगायतका अन्य आवश्यक कुराहरू समेत समावेश गरी वार्षिक प्रतिवेदन तयार गरी तोकिएको बमोजिम निकायका पेश गर्नु पर्ने छ । त्यस्तो प्रतिवेदन आफूभन्दा माथिल्लो निकायको स्वीकृत लिई आवश्यकता अनुसार सार्वजनिक रूपमा प्रकाशन गर्न समेत सकिनेछ लाई एक मन्त्रालय तथा प्रदेश स्तरका सरकारी निकायले प्रत्येक आर्थिक वर्ष

समाप्त भएको मितिले पहिलो चौमासिक भित्र आफूले सो आर्थिक वर्षभरी सञ्चालन गरेको कार्यक्रम सम्पादन गरेको काम र त्यस्तो काम तथा प्रगति र लागत लगायतका अन्य आवश्यक कुराहरू समेत समावेश गरी वार्षिक प्रतिवेदन तयार गरी तोकिएको निकायमा पेश गर्नुपर्नेछ । त्यस्तो प्रतिवेदन आफूभन्दा माथिल्लो निकायको स्वीकृत लिई आवश्यकता अनुसार सार्वजनिक रूपमा प्रकाशन गर्न समेत सकिने छ भनि लेखिएको धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरू अव म कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई कर्णाली प्रदेशमा सुशासन प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ का सम्बन्धमा कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १२० को उपनियम २ को खण्ड (क) बमोजिम समितिको निर्णय र प्रतिवेदन सहित विधेयक माथि छलफल गरियोस् भनि सभा समक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय माननीय श्री नरेश भण्डारीः**माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले सम्मानित सभामा प्रदेश सरकारका तर्फबाट पेश भएको कर्णाली प्रदेशमा सुशासन प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ प्रदेश सभाको बैठकबाट विषयगत समितिमा पठाउने निर्णय भएको र विधायन तथा प्रदेश मामिला समितिमा छलफल भई सभामा प्राप्त भएकोले कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १२० को उपनियम २ को खण्ड क बमोजिम प्रतिवेदन सहित विधेयक माथि सभामा छलफल गरियोस् भनि प्रस्ताव गर्दछु । धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरू कर्णाली प्रदेशमा सुशासन प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ मा सम्बन्धित समितिबाट प्राप्त प्रतिवेदन सम्बन्धमा कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १२० को उपनियम ८ बमोजिम छलफल गर्नका लागि समय निर्धारण गरेको छु । अव समय प्रारम्भ हुन्छ । सर्वप्रथम माननीय श्री गोपाल शर्मा ।

**माननीय श्री गोपाल शर्माः**माननीय सभामुख महोदय कर्णाली प्रदेशमा सुशासन प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको सन्दर्भमा खासगरी यो विधेयक संशोधनको सूचनामा संशोधनकर्ताको हैसियतले म प्रस्तावक र माननीय करविर शाही समर्थक भएको एउटा संशोधनकर्ता हामी भएर एउटा प्रस्ताव पनि पेश गरिएको थियो र सँगै मैले खासगरी यो समितिले विधेयकको प्रस्तावक मानिने मन्त्रीज्यूको समेत सहभागितामा समितिका माननीय सदस्यहरूको विशेष सक्रियतामा यो विधेयकमा व्यापक छलफल भएको छ र हामी सबैको एउटा सहमतिमा प्रस्तावक खासगरी विधेयकलाई संशोधन गर्न चाहने संशोधनकर्ता माननीयहरू र विधायन समितिका माननीयज्यूहरू र सँगसँगै सरकारको तर्फबाट माननीय मन्त्रीज्यू समेतको व्यापक सहमति छलफलमा कतिपय प्रस्तावकको तर्फबाट विधेयक प्रस्तावकको तर्फबाट सरकारको मन्त्री समेत

कन्भेन्स वर्क गर्थ्यो र परिमार्जन गर्न म तयार भएको अवस्था र विधायन समितिका माननीय सदस्यहरू र खासगरी प्रस्तावकहरू जसले परिमार्जनको प्रस्ताव पनि संशोधनको प्रस्तावना पेश गर्न भएको थियो । हामी गरेका थियौं। हामी समेतको उसमा सहमतिमा यो विधेयक एक ढङ्गले परिमार्जन भएर यहाँ प्रस्तुत भएको छ । माननीय सभामुख महोदय यसले खासगरी यो छलफलले धेरै महत्वपूर्ण काम गरेको छ । पहिलो कुरा यो पहिलो कुरा यसले नामलाई संक्षिप्तीकरण गर्ने र कतिपय संरचनाहरूका ऐनद्वारा वढन सक्ने आकारका संरचनाहरूलाई पनि निश्चित गर्ने क्षेत्राधिकारलाई निश्चित गर्ने र जिम्मेवारी कतिपय पन्छाउन खोजिएका शब्दले अर्थले अथवा वाक्यांशले जिम्मेवारी पन्छाउन खोजिएका कुराहरूलाई जिम्मेवारी वहन गराउने र विधेयकलाई संक्षिप्त बनाउने, सरल बनाउने यो प्रयास भएको छ । खासगरी हामीले हाम्रो तर्फबाट मैले झण्डै ३० स्थानमा संशोधनको प्रस्ताव राखिएको थियो । र त्यसमध्ये अधिकांस ठाउँमा सहमति नै भएर केई स्थानमा केई असहमति पनि थियो । तर असहमति पनि अलितै छलफल गरेर जाँदाखेरी हामी सहमत भईउँ । र यसलाई मैले याँ उल्लेख गर्न चाहन्न । तर याँ अलिकति मैले पढदै जाँदा सुन्दै जाँदा माननीय अध्यक्षज्यूले याँ राखेको कुरालाई पढदै अथवा सुन्दै जाँदा केई ठाउँहरूमा तत्कालै यो अलिकति देखिन अव कतिपय प्रक्रियामा अलि छिटो हामीले टिप्पणी गर्न मिल्ने हो । तर कतिपय सहमति भई सकेका कुराहरू पनि याँ हटाईएका छैनन् र कतिपय कुराहरू फेरी दोहोरियर आएका छन् र कतिपय कुराहरू फेरी वाक्यहरू मिलेका छैनन् । शब्दावली मिलेका छैनन् । त्यसतर्फ म सरकारलाई खासगरी सदनमा ध्यानाकर्षण गराउन चाहन्छु । जस्तो सुरुमै दफा १ मा कर्णाली प्रदेश सुशासन ऐन भनेर लेखिनु पर्‍यो र याँ सहमति भएर पनि प्रस्तावित त्यसरी नै हुन खोजेको छ तर यसमा के आएको छ भने कर्णाली प्रदेशमा सुशासन ऐन २०७५ भनि लेखिएको भनेर परिमार्जित व्यवस्थामा राखिएको छ । दफा १४ को खासगरी दफा ११ को उपदफा २ मा अत्यन्त भन्ने शब्द हटाउने भन्नेमा तत्काल सहमति भएको तर उत्कृष्टताको आधारमा नगद र कदर पत्र सहित शब्दहरूलाई अलिकति परिमार्जन गर्न खोजेर त्याँ के भनिएको थियो भने अत्यन्त भन्ने शब्द हटाउने र पुरस्कृत भन्ने शब्द राख्ने भन्ने सहमति भएको थियो । तर यहाँ यतापट्टि परिमार्जनको वाक्यमा केई केरे भाषामा हटाउने भन्ने मात्रै राखिएछ । याँ कतिपय कुराहरू अहिले सुन्नमा जाँदाखेरी त्यस्तो खालको स्थिति बन्यो । दफा ३४ को उपदफा १ मा यहाँएउटा हटाउने भन्ने प्रस्ताव तिर छैन। नयाँ व्यवस्थामा प्रत्येक मन्त्रालय सरकारी निकाय एवं कार्यालयले आफ्नो मन्त्रालय सरकारी निकाय एवं कार्यालयको कामकारवाहीको विषयमा सरोकारवालालाई सार्वजनिक रूपमा जानकारी दिन मन्त्रालयमा प्रवक्ता र अन्य सरकारी निकाय एवं कार्यालयको कुनै अधिकारीलाई सूचना अधिकारी तोक्नुपर्ने छ भनेर सहमति भएको थियो तर याँ चाई फेरी उल्लेख गर्दाखेरी मन्त्रालयमा प्रवक्ता र अन्य सरकारी निकाय एवं कार्यालयको कुनै अधिकारीलाई प्रवक्ता तथा सूचना अधिकारी तोक्नुपर्ने छ भनेर उल्लेख

भो । माननीय सभामुख महोदय छोटोमा सरसर्ती सुन्दाखेरी यॉं कतिपय कुराहरू दोहोरियर आएका छन्। परिमार्जन भएका कुराहरू जस्ताको तस्तै आउनु पर्‍यो । मेरो आफ्नो अनुभूतिको कुरा के हो भने छलफल व्यापक भएको थियो । हामी सबै सहमत भएका थियौं । सहमत भएर एक मतमा संशोधनकर्ता माननीय सदस्यहरू सरकारको प्रतिनिधि र विधायन समितिकाको बीचमा माननीय सदस्यहरूको बीचमा एक कत भएको कुरालाई जस्ताको तस्तै भाषा र वाक्यांशहरू यॉं आउनु पर्‍यो त्यो नआएको देख्दा र धेरै ठाउँ ध्यान पूर्वक अलिकति ध्यान पूर्वक हेर्न सकिएन होला अहिले नै ससर्ती हेर्दाखेरी तर यॉं मैले आफूले अनुभूति गरेको कुरा के हो भने कतिपय शब्दहरू, वाक्यहरू प्रिमार्जन भएका कुराहरू यहाँ फेरी फरक परेर आएको हुनाले यसलाई सच्याउने प्रक्रिया अगाडि बढोस भन्ने म चाहन्छु । धन्यवाद।

**माननीय सभामुखः**माननीय सदस्यहरू कर्णाली प्रदेशमा सुशासन प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ माथिको दफावार छलफल आजै समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले रोष्टमको वायाँ तर्फ रहेका सचिवालयका कर्मचारीलाई नाम टिपाउनुहोला । अव माननीय श्री दान सिंह परियार । (समय ७ मिनेट ) । त्यसपछि माननीय श्री कौशिलावती खत्री तयार रहनुहोला ।

**माननीय श्री दान सिंह परियारः**सभामुख महोदय कर्णाली प्रदेशमा सुशासन प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ को हामीले संशोधन पछि यसमा धेरै माननीयज्यूहरूले संशोधन राखेर यसमा करिव २८ वटा बुँदाहरूमा सायद संशोधन आएको छ र यसमा धेरै प्रयास चाई गर्नु भएको छ र मलाई लाग्छ । वास्तवमा सुशासन भन्ने कुरा आफैंमा एउटा असल शासन सञ्चालन गर्ने र जनतालाई राज्यको तर्फबाट दिनुपर्ने न्यूनतम सेवा प्रवाहको सन्दर्भमा जनताले सहजै तरिकाले सेवा प्राप्त गर्ने कुरा त्यो कानूनको तह चाई सहजै तरिकाले प्राप्त हुने चाई आधार हामीले निर्माण गरिनुपर्छ। यसैको सन्दर्भमा आज मैले फेरी नयाँ अभ्यास जस्तो पनि देखे मैले कि हामीले कुनै पनि विधेयकको चाई सैद्धान्तिक छलफल गरीसकेपछि त्यसलाई संशोधनकर्ता संशोधनको समयावधिभित्र निश्चित माननीयज्यूहरूले चाई संशोधन राख्ने र संशोधन राखि सकेपछि त्यसको समितिमा विशेष छलफल चलाउने र समितिमा विशेष छलफल भईसकेपछि त्यसलाई एउटा निष्कर्षका ल्याई सकेपछि कमसेकम त्यलाई पूर्णता दिने जुन कुरा उठिरहेको थियो र आज फेरी हामीले नयाँ अभ्यास सुरुवात गर्‍यौं यो मलाई अत्यन्त खुसी लागि राख्या छ । किनभने संशोधनको समयावधिमा जति पनि माननीयज्यूहरू कैयौं माननीयज्यूहरू उपस्थित नहुन पनि सक्नुहुन्छ र कैयौ चाई सैद्धान्तिक छलफलमा चाई उपस्थित नहुन सक्नुहुन्छ। त्यसो भकोले १ पटक समितिमा छलफल गरेर आईसकेको कुनै पनि विधेयकलाई फेरी १ पटक चाई छलफलमा ल्याउने जुन अभ्यास गरिएको छ । त्यसको लागि म चाई धन्यवाद दिन चाहन्छु । र दोस्रो कुरा अहिले संशोधनमा जति बुँदामा यॉं छलफल, बहसगरिएको छ र नितान्त धेरै

मेहेनतका साथ चाई याँ कुरा उठिरहेको छ र म आज के भन्न चाहन्छु भने यो अरु विधेयक भन्दा यो सुशासन प्रत्याभूत गर्ने विधेयक नितान्त महत्वपूर्ण र हरेक जनताको चाई जनजिविकासँग र राज्यको चाई तपाईँको सेवा प्रवाह गर्ने कुरा सहजैले जनताले प्राप्त गर्ने कुरा हामीले कानून रूपमा त्यो कुरालाई स्थापित गर्न सकेनउँ भने फेरी जनताले राज्यको तर्फबाट प्राप्त गर्नुपर्ने सेवा अथवा चाई राज्यले जनताको निमित्त गर्नुपर्ने न्यूनतम कामहरू त्यो हुन्छ कि हुदैन भन्ने कुरा प्रश्न हो । त्यसो भकोले हामीले यो कुरा किन गरीराख्या छौं भने याँ अहिले पनि विधिको शासन चाई हामी अभ्यास गऱ्याछौं कि छैनौं । विधिको शासनलाई संविधानको सर्वोच्चतालाई चाई कानून तह चाई त्यसको कार्यान्वयन गर्ने ठाउँमा चाहै राज्यका जतिपनि संयन्त्रहरू छन् तिनीहरूले काम गरीराख्या छन् कि छैनन् । हामीले एकातिर सुशासनको कुरा गरी रहँदा अहिले नेपालको सबैभन्दा चुनौतीपूर्ण समस्या भनेको २ वटा समस्या छ । एउटा समस्या भनेको भ्रष्ट्राचार कामै नगरी खाने सत्ता र शक्तिको चाई दुरूपयोग गर्ने । र जसको निमित्त चाई राज्यले सेवा प्रवाह गर्नुपर्ने हो । ती वर्ग, समुदाय क्षेत्रका मान्छेले सजिलैले राज्यको सेवा सुविधा प्राप्त नगर्ने। त्यो अवस्था चाई सिर्जना भईराख्या छ । त्यसो भकोले म के भन्न चाहन्छु भने फेरी १ पटक यो जति परिमार्जित भएर यो आईराख्या छ अहिले धेरै माननीयज्यूहरूले त्यस्तो प्रयास गरिरनु भाछ । आझै यो विधेयकलाई यो तपाईँको चाई विधेयकलाई आझै परिमार्जित गर्नको निमित्त आझै समय सान्दर्भिक हामीले २ वटा कुरालाई यसमा विशेष फोकस गर्नुपर्छ। यदि राज्यले सेवा प्रवाह नगऱ्यो भने के गर्ने हो । त्यो कुरा पनि चाई यो कानूनमा प्रष्ट हुनुपर्छ । दोस्रो कुरा राम्रो काम गर्नेलाई चाई पुरस्कृत गर्ने कुरा पनि त यसमा आउनुपर्छ । यो २ वटै कुराको चाई यसमा ल्याकिङ छ। किनभने हामीले सुशासनको चाई कानून वनाईरहँदा नीतिगत रूपमा अन्तत संविधान तह व्यवस्था तह जनताले प्राप्त गर्नुपर्ने न्यूनतम कुरा चाई प्राप्त गर्न नसकेमा त्यसको जवाफदेहीता राज्य हुनुपर्छ भन्ने कुरा चाई यो विधेयकमा हुनुपर्छ । राज्य त्यो हो जहाँकि जनताको चाई न्यूनतम ३ टा कुरा सम्मान, संरक्षण र परिपूर्ती त्यो कुरा चाई हामीले सुशासनको चाई विधेयक मार्फत् त्यलाई सम्वोधन गर्न सक्छौं कि सक्दैनौ भन्ने भुरा चाई अहिलेको चुनौतीपूर्ण कुरा हो । त्यसो भकोले हामीले भनिराख्या छौं । एकातिर बजेट कार्यान्वयन भईराख्या छैन । अर्कोतिर हामीले गर्न खोजेको चाई लक्ष्य अनुसारको काम अगाडि वढिराख्या छैन। त्यसो भकोले चाई कानून बनाउने सन्दर्भमा चाई १ पटक फेरी यो संशोधन आईसकेपछि पनि फेरी १ पटक यो विधेयकलाई फेरी व्यापक छलफलबाट चाई अगाडि वढाउनुपर्छ । तव मात्रै चाई सुशासनको प्रत्याभूति आम जनताले गर्न सक्छन र जवसम्म असल शासन चाई हामीले अभ्यास गर्न सक्दैनौ । तवसम्म चाई जनताको न्यूनतम चाई आधारभुत आवश्यकतालाई हामी सम्वोधन गर्न सक्दैनौ । त्यसो भकोले धेरै बुँदाहरूमा याँ छलफल, बहसगरिएको छ, जवाफदेहीबनाउने कुरा उठाईएको छ । र धेरै बुँदामा चाई यलाई संशोधन गर्ने कुरा उठाईएको छ । र

अहिले माननीय गोपाल शर्माले पनि यौं कुरा उठाउनु भको छ । कि त्यसमा आझै व्यापक छलफल, बहस गरेर हामी जाम तव मात्रै चाई यो विधेयकले चाई पूर्णता पाउनेछ भन्ने भनाई राख्छु । धन्यवाद ।

**माननीय सभामुखः**माननीय श्री कौशिलावती खत्री ।

**माननीय कौशिलावती खत्रीः**माननीय सभामुख महोदय प्रदेश सभा, प्रदेशमा सुशासन प्रत्याभूती गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा म संशोधनकर्ताको हैसियतले आफ्नो अनुभूती राख्न गईरहेकि छु । सर्वप्रथम त यो अभ्यास पहिलो चोटि होला हामी नयाँ अभ्यासमा हुदाँखेरी प्रदेश सभामा हुने विभिन्न काम कारवाहीलाई दिनानुदिन सिक्दै र त्यलाई कार्यान्वयन गर्दै गईराखेका छौं । सर्वप्रथम त म के भन्न चाहन्छु भने सबै कुरामा सीमा हुन्छ तर अनुशासन र चरित्र निर्माण गर्ने कुरामा सीमा हुदैन सभामुख महोदय जवसम्म हामीले आफूले आफूलाई अनुशासनमा राखेनौ आफ्नो काम कर्तव्यमा हामी अनुशासित भएनौ भने चाहे जति कानून वनेपनि यो कागजको खोस्टामै नै सीमित रहनेछन् । र यसको पूर्णता कहिलै पनि रहने छैन । त्यसैले हामी आफ्नो आफ्नो ठाउँबाट आफ्नो कर्तव्य र आफ्नो कामलाई आफ्नो जीवनसँग जोडेर आफ्नो चरित्रसँग जोडेर लैजान आवश्यक छ । भन्ने मेरो ठहर छ । सुशासन प्रत्याभूति गर्न बनेको विधेयकमा व्यापक रूपमा दफा, दफामा, उफदफामा, शब्दमा र वाक्यमा व्यापक छलफल भएको थियो र यहाँ त्यो विधायन समितिमा संशोधनकर्ता माननीयज्यूहरूलाई पनि सम्मान पूर्वक आफ्नो मत सुरक्षित गर्न सहयोग गर्नुहुने हाम्रो माननीय मन्त्री आन्तरिक मामिला तथा कानून मन्त्री, विधायन समितिका अध्यक्ष र विधायन समितिका माननीयज्यूहरू लगायत विधायन समितिलाई सहज रूपमा लिपिवद्ध गर्नको लागि विधायन समितिले गरेका संशोधनलाई लिपिवद्ध गर्नको लागि खटिने कर्मचारी साथीहरूलाई म हृदयदेखि आभार प्रकट गर्न चाहन्छु । यसमा माननीय गोपाल शर्मा र मैले संशोधन जम्मा ५ वटा दफा र उपदफामा हालेका थियौं । हाम्रो मत सम्मानपूर्वक सुरक्षित भएको अनुभूति भएको छ । यसमा व्यापक रूपमा ३ दिनसम्म हामलाई वोलाएर हामले संशोधन हालेका प्रत्येक हरफ हरफमा,शब्द शब्दमा र वाक्य वाक्यमा छलफल भएको थियो तर मलाई अनुभूति के भएको छ । भने माननीय गोपालले भने जस्तै हामीले छलफल गरेर कतिपय सहमति भएका वाक्य, सहमति भएका शब्द, सहमति भएका दफा प्रतिवेदनमा प्रष्ट रूपमा नआएको अनुभूति मलाई भएको छ । माननीय सभामुख मार्फत् यो प्रतिवेदनमा हामीले सर्वसहमत छलफल गरेका र हाम्रा सुरक्षित भएका मत सहितको प्रतिवेदन सच्याएर आओस, त्यो शब्द लेखिएर आओस भन्ने मेरो माग छ । दोस्रो कुरा माननीय सभामुख महोदय चाहे जस्तोसुकै कानून वनेपनि चाहे जस्तोसुकै ऐन वनेपनि यलाई सफल रूपमा कार्यान्वयन गर्न सकिएन भने त्यो कानूनको कुनै पनि अर्थ रहदैन त्यो ऐनको कुनै पनि कानून रहदैन । हामीले आफ्नो ठाउँबाट सरकारले, संसदहरूले र सम्बन्धित कानून कार्यान्वयन गर्ने अफिसले यलाई कसरी कार्यान्वयन गर्ने हो र यसलाई सवलपूर्वक अर्थपूर्ण पूर्वक

कार्यान्वयन गराएर जो कर्णालीको दुर्गम ठाउँमा बस्ने हाम्रा निमुखा संविधानमा अधिकार सुनिश्चित गरेता पनि अधिकारको प्रत्याभूति गर्न नपाएका र आवाज विहिन जनताहरूले यो कानूनको प्रत्याभूति गर्न पाओस । अन्त्यमा फेरी पनि यस्तै गरी यो विधेयकमा जसरी छलफल भएको थियो । जसरी संशोधनकर्ताहरूले आफ्नो मतलाई सम्मानपूर्वक सुनिश्चित गर्ने मौका पाउनु भएको थियो । यसैगरी अन्य विधेयकमा पनि यसैगरी संशोधनकर्ताहरूलाई आफ्नो मत सुरक्षित पार्न पनि सम्मानजनक रूपले छलफल गरियोस् भन्दै फेरी पनि त्यो समितिका अध्यक्ष लगायत सम्बन्धित समितिमा प्रतिनिधित्व गर्ने मन्त्री लगायतलाई म हृदयदेखि आभार प्रकट गर्दै धन्यवाद ज्ञापन गर्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरू अव म कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई कर्णाली प्रदेशमा सुशासन प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि माननीय सदस्यहरूले सभामा छलफल गर्दा उठाउनु भएका प्रश्न एवं जिज्ञासामा जवाफ दिन समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीयमाननीय श्री नरेश भण्डारीः**माननीय सभामुखज्यू कर्णाली प्रदेशमा सुशासन प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक उपर माननीय सदस्यहरूले आफ्ना मतहरू आफ्ना रायहरू सुझावहरू र आफ्ना धारणाहरू अभिव्यक्त गर्नु भएको छ । उहाँले खासगरी संशोधन प्रस्ताव यो विधेयकमा प्रस्ताव चाई दर्ज गर्नु भएको थियो र त्यो प्रस्तावमा उहाँहरूको चाई संशोधन प्रस्तावमा हामीले समितिमा व्यापक रूपमा छलफल गरेका छौं र उहाँहरूका संशोधनमा उहाँहरूले आफ्ना धारणाहरू मनग्गे राखे सुझावहरू त्यसमा पनि प्रष्टिकरणको हामले चाई अवसर प्रदान गऱ्यौं र उहाँहरूका रचनात्मक सुझावहरूलाई हामले हार्दिकता पूर्वक वेकन सुसाई भेक हिचाहट हामले चाई ग्रहण गऱ्यौं त्यो वाधेवाधे जायते तत्व वोध को मूल मर्मलाई हामीले गहिरो आत्मसाथीकरण गऱ्यौं र मलाई लाग्छ । यो विधेयकमा व्यापक रूपमा छलफल भएको छ र माननीय सदस्यज्यूहरूका रचनात्मक सुझावहरूलाई इन्क्लुड गर्ने हामीले प्रयत्न गरेका छौं र मलाई लाग्छ इन्क्लुड भएका छन् र यति हुँदाहुँदै पनि समितिको छलफलमा केही साझा समझदारीहरू थिएँ । हामी साझा केई निष्कर्षमा पुगेका थियौं । केई टेक्निकल्लि केई चाई सहमतिका विषयहरू हाम्रा निष्कर्षहरू यसमा चाई ईन्क्लुड नभएका छन् । माननीय गोपाल शर्माज्यूले पनि त्यो कुरा उठाउनु भको छ । जसमा चाई यो विधेयकको चाई अव खासगरी टाईटल नाम नै अव कर्णाली प्रदेशमा सुशासन ऐन भनेर याँ आको रहिछ । कर्णाली प्रदेश सुशासन ऐन नै कायम गर्दाखेरी बेटर हुन्छ । यो ग्रामेटिकल्लि पनि र यसको चाई अव अन्य हिसावले पनि यई बेटर हुन्छ । र त्यसै गरेर चाई अव यसमा चाई १४ दफा १४ को चाई उपदफा ११ को उपदफा २ को खण्ड ठ मा अत्यन्त उत्कृष्टता भन्ने थियो । अत्यन्त भन्ने चाई शब्दावलीलाई हामले चाई हटाउने एउटा निष्कर्षमा सहमतिमा पुगेका थियौं । त्यो चाई

यहाँ हटाउने भनेर आयो त्यो ठीक छ । तर उत्कृष्टताको आधारमा र नगद र कदर पत्रसहित भन्ने शब्दहरूलाई हटाउने भनेर आको रहिछ । यो अत्यन्त मात्रै हटाउने सहमति भको थियो । त्यई अनुसार चाई अव यलाई सच्याउदा सच्याउनुपर्ने हुन्छ । त्यसै गरेर यो दफा ३४ को उपदफा १ मा यो प्रदेश प्रत्येक मन्त्रालय,सरकारी निकाय एवं कार्यालयले आफ्नो मन्त्रालय, सरकारी निकाय एवं कार्यालयको काम कारवाहीको विषयमा सरोकारवालाले सार्वजनिक रूपमा जानकारी दिन मन्त्रालयमा प्रवक्ता र अन्य सरकारी निकाय एवं कार्यालयको कुनै अधिकारीलाई प्रवक्ता तथा सूचना अधिकारी तोक्नुपर्ने भनेर याँ चाई लिपिवद्ध भएको रहिछ । मलाई यो चाई यो परिमार्जित व्यवस्थामा त्याँ चाई हामीले मन्त्रालयमा चाई प्रवक्ता राख्ने र मातहतका कार्यालयमा चाई सूचना अधिकारी तोक्ने भन्ने चाई सहमति भको थियो । अव याँ अव केई मिस्टेक चई भको छ यलाई चाई अव स्वीकार गरिएको छ । अव अन्य खासै त्यस्तो चाई अव मेजर चाई चेन्ज हुने चाई देखिएन । अव सहमति अनुरुपै आको छ । त्यई अनुरूप चाई अव हामी सरकारले चाई अव मन्त्रालयले ग्रहण गर्दछ । र यहाँहरूको भावना यहाँहरूको मूल स्प्रिट प्रस्तुतीको मूल स्प्रिट प्रति म सहमति जाहेर गर्दै म आफ्नो प्रष्टिकरण म चाई यई टुङग्याउछु । बीचमा माननीय गोपाल शर्माले केही कुरा बोल्नुभो र सभामुखले समय दिनु भो । त्यसपछि निरन्तर माननीय नरेश भण्डारी । माननीय सभामुखज्यू यो माननीय गोपाल शर्माले खासगरी यो दफा १४ को उपदफा १ मा उपयुक्त ठहर्‍याएको समया अवधिभित्र भन्ने शब्दहरूलाई यथाशीघ्र भन्ने भनेर भन्नु भो तर पछिल्लो छलफलमा वढिमा ३५ दिनभित्र भनेर चाई हामी सहमतिमा पुगेका थियौं । त्यई अनुरूप चाई ह्याँ चाई यो परिमार्जित व्यवस्थामा चाई उल्लेख भको छ । र म आफ्नो खासगरी यो प्रष्टिकरण अन्त्य गर्दछु । धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरू कर्णाली प्रदेशमा सुशासन प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथिको छलफल समाप्त भएको जानकारी गराउँछु। माननीय सदस्यहरू अव म कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई कर्णाली प्रदेशमा सुशासन प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १२१ बमोजिम उक्त विधेयक पारित गरियोस् भनि सभा समक्ष प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु।

**आन्तरिक मामिला तथा कानून मन्त्रीमाननीय श्री नरेश भण्डारीः**माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले कर्णाली प्रदेशमा सुशासन प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ माथि प्रदेश सभामा छलफल भई सकेकोले विधायन तथा प्रदेश मामिला समितिको प्रतिवेदनमा उल्लेख भएका संशोधन प्रस्ताव यो विधेयकको अङ्ग हुने गरी कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १२१ बमोजिम यस सभाबाट पारित गरियोस् भनि प्रस्ताव गर्दछु । धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरू अव म प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले प्रस्तुत गर्नु भएको कर्णाली प्रदेशमा सुशासन प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ का सम्बन्धमा विधायन तथा प्रदेश मामिला समितिले संशोधन गर्न निर्णय गरी सभामा पेश गरेको प्रतिवेदनका विषय विधेयकको अङ्ग हुनेगरी पारित गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला । यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला। यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला । हुन्न भन्ने आवाज सुनिएन तसर्थ कर्णाली प्रदेशमा सुशासन प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ माथि विधायन तथा प्रदेश मामिला समितिको निर्णय अनुसारको संशोधन प्रस्ताव विधेयकको अङ्ग हुने गरी पारित गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु । माननीय सदस्यहरू अव यो बैठक २०७५ साल चैत्र २४ गते आइतवार दिनको १ बजे सम्मको लागि स्थगित हुन्छ । कर्णाली

कर्णाली प्रदेश सभा
तेस्रो अधिवेशन
कार्यवाहीको सम्पूर्ण विवरण
२०७५ चैत्र २४ गते
आइतवार
(बैठक संख्या-१०)

राष्ट्रिय धुन,

**माननीय सभामुखः** माननीय सदस्यहरू कर्णाली प्रदेश, प्रदेश सभाको हिउँदे अधिवेशनको दशौं बैठकका कार्यवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू प्रदेश सरकार र प्रदेश सरकार मार्फत् सरोकारवाला निकायको ध्यान आकर्षण गराउनुपर्ने विषयहरूमा आफ्ना भनाई राख्न विशेष समयको व्यवस्था गरेको छु । सर्वप्रथम माननीय श्री पदम बहादुर रोकाया । (समय ५ मिनेट ) ।

**माननीय श्री पदम बहादुर रोकायाः**सम्माननीय सभामुख महोदय हामी आज विशेष समय लिएर म हाम्रो कर्णाली प्रदेशको कर्णाली राजमार्ग जुम्लादेखि सुर्खेतदेखि जुम्लासम्मको बाटो कालिकोटको शुभकालिका गाउँपालिकाको बाटो अवरोध भएको छ त्यो । गाडिहरू चल्न सकेका छैनन् । त्यो यथाशिघ्र कर्णाली प्रदेशले सुचारु गर्नको लागि म अनुरोध गर्न चाहन्छु। साथै अव हामीहरू अहिलेको ७६/७७ को बजेटको बारेमा हामीहरू रातो कितावमा आई सक्यो । बजेट आई सक्यो । जिल्लामा बजेट गईसके तर अहिलेसम्म अख्तियारी गएको छैन । टेण्डर हुने याँ उपभोक्ता समितिले बनाउने हो किलेर हुनुपर्‍यो। हामीले धेरै पटक मन्त्रालयमा पुगिउँ हामी सबै माननीयहरू पहिला हामीले १ करोड भन्दा उपभोक्ता गर्नुपर्छ भनेर हामीले सदन र दलको मिटिङमा पनि वोलिउँ हामीले तर कुरा केही सुनाई भएन । वोलेर मात्रै साध्य भएन । यदि कुराको सुनुवाई हुदैन भने वोलेर अव क्या गर्ने । अव माननीयहरू नवोले पनि हुन्छ जस्तो लाग्छ हामीलाई कुराको सुनुवाई हुदैन किन मन्त्रालायले किन मन्त्रीहरूले किन हाम्रो भनाई किन मान्दैनन किन टेर्दैनन यिनीहरू किन भनेको मान्दैनन् । हामी व्यक्तिगत हिसावले हामीले विकास चाहिन्छ भनेका छैनौं । जिल्लाको लागि, क्षेत्रको लागि, कर्णाली प्रदेशको लागि हामी अगुवाई गरेर आएका हौं हामी केई कामले आएका छौं हामी भने अहिलेसम्म कुनै सुनुवाई हुदैन भने अव टेण्डर पनि कहिले हुने हो । ३०/३५ दिनको समय लाग्छ होला । जेठ १०/१२ गते टेण्डर खोलेको आजका मितिबाट टेण्डर खोलेपनि जेठ १०/१२ गते जान्छ । अनि असार मसान्तमा सम्म रकम फ्रिज जान्छ । के गर्ने त्यसको लागि हामीले भर्खरै मात्रै २०/२५ लाखका टेण्डरहरू खोजेका छौं । जिल्लामा हिजो सुन्दामा मैले ७२ प्रसेन्ट घटेका छन् त्यो सिचाई कुलो । सिचाई कुलाहरू ३२ लाखका छन्, २५ लाखका छन्,२० लाखका छन्, ७२ प्रसेन्ट घटेर ठेकादारले टेण्डर हालेका छन् । त्यो ठेक्कापट्टा भईरहेका छ । अनि ७२ प्रसेन्ट घट्यो भने २८ प्रसेन्टले त्यो ठेकादारले

कसरी काम गर्छ त्यहाँ कसरी हाम्रा कुला हुन्छन कसरी हाम्रा सिचाई पोखरी हुन्छन । कसरी खानेपानी हुन्छ,कसरी कर्णाली प्रदेश उभोगति लाग्छ । अनि कर्णाली प्रदेश कसरी वन्छ । हामीले नारा र भाषणमा मात्रै वालेर भएन भने बाँकि अव टेण्डर नभएका १ करोड भन्दा तलका योजनाहरू उपभोक्ता समिति मार्फत् जानुपर्छ । अनि समय केई २/३ महिना समय वैशाख, जेठ, असार असारको आधा महिना भएपनि दुई ढाई महिना समय छ । अनि काम गर्न सकिन्छ । टेण्डर भयो भने समय छैन । अनि मैले मेरो जिल्लामा मैले कार्यालय प्रमुखसँग कुरा गरे तपाईं छिटो सम्झौताका लागि लड्नुहोस हामीले सदनमा कुरा उठाईराख्या छु । मन्त्रीसँग कुरा गरीराख्या छौं हामीले भन्दाखेरीमा कार्यालय प्रमुखले के भन्नुहुन्छ भने उ हाम्रो सर्वेको पैसा आछ सर्भिसिङको पैसा आएको छैन । अख्तियारी आएको छैन भन्नुहुन्छ । सभिसिङको पैसा कोले लिने दिनु पर्‍यो नी काम गर्ने मान्छेलाई सर्वे गर्ने मान्छेलाई पैसा दिनुपर्‍यो । छिटो काम गराउनुपर्‍यो रोडको सर्वे भईराख्या छ । हाम्रै जुम्ला जिल्लामा मेरै क्षेत्रमा त्यो रिपोटहरू गएको छैन गरे । रिपोट नगएसम्म त कसरी टेण्डर गर्ने कसरी बनाउने मैले वारम्वार मन्त्रीज्यूलाई भने मैले तपाईं पठाउनुहोस । कुन प्राविधिकले त्याँ सर्वे गरेको हो त्यो भन्दाखेरीमा कुरै सुनिदैन भनेपछि अनि हामी माननीय वालेर पनि के साध्य । हामी के भन्न आएका हौं हामी सुर्खेतमा खाना खान आएका हैनौ हामी, सुर्खेतको घाम ताप्न आएका हैनौ हामी, हामी कर्णाली प्रदेशको आफ्नो क्षेत्र अनि जिल्लाको लागि विकास र अगुवाई गरेर आएका हौं जनताले त्यई भनि पठाएका हुन् । हामीलाई हामीले काम नपाएका आएका ता हैनौ । यो कर्णाली प्रदेश सरकारले अलि गम्भिरता पूर्वक अलि हेर्नु पर्‍यो । कसले काम गर्दैन, कुन मन्त्रालयले काम गर्दैन, यदि नगन्ने मन्त्रालय मन्त्री हुन् भने आउनुपर्‍योबाहिर छोडदिने त्यो ठाउँ खाली गर्दिने अर्को माननीय जान्छ त्याँ काम गर्न सकिदैन भने माननीयहरूका राय सुझाव हुदैन उले बुझ्दैन भने छोडदिने त्यो ठाउँ खाली गर्दिने अर्को मान्छे जान्छ । अर्को माननीय जान्छ । भने त्यसै कारणले अहिले यो जुम्लाको बाटोहरू छ । यै सुर्खेतको बाटो छ । ठाउँठाउँमा राजधानी भई सकेको छ यहाँ खाल्डाखुल्डीहरू धेरै छन् । यि खाल्डाखुल्डि पुड्नुपर्‍यो । पिच बाटो गर्नुपर्‍यो। कर्णाली राजमार्गलाई धेरै अपठेरो बाटो छ यहाँ । हामीहरू अहिले नेपालगञ्जबाट पिलेन चढ्नुभन्दा सुर्खेतबाट हामी १२/१३ सय रुपैयाले विहान गए वेलुका पुगिन्छ भनेर हामी गाडिबाटै हामीहरू गएका छौं । तर बाटो एकदम अपठेरो बाटो छ । खाल्डाखुल्डी धेरै छन् त्यहाँ त्यो खाल्डाखुल्डिमा ध्यान दिनुपर्‍यो । मेन राजमार्ग हो त्याँ हामीले गाउँगाउँमा हामीले एउटैगाउँमा हामीले २/३ कच्चि बाटो किन काटने हामीले पहिला यि वाटालाई ध्यान दिउँ । यो सुर्खेतको राजधानीलाई ध्यान दिउँ हामी,वाढिपीडितलाई ध्यान दिउँ हामी, असिनो पुर्‍याउँछ । सुन्दाखेरीमा हामीले १ किलो ३०० ग्रामको असिना आएको छ भन्छौ। अनि १ किलो ३०० ग्रामको असिनाले फलफूल के राख्यो होला,गहुँ

वाली के राख्यो होला । त्यसलाई ध्यान दिऔं हामी त्यसै कारणले यति भन्दै म मेरो भनाई यहाँ अन्त्य गर्छु । धन्यवाद ।

**माननीय सभामुखः**अव माननीय श्री मिनासिंह रखाल ।

**माननीय श्री मिनासिंह रखालः**सभामुख महोदय, आज यो सदनमा आफूलाई उपस्थित गराउँदा खुशी र धेरै निरास उपस्थिति भइरहेको छु । सर्वप्रथम त हिजो २०७५/१२/२३ गते मोरङमा हावाहुरी र असिना र पानी चट्याङमा परी मृत्यु भएका वालक राजवंशीको मृत्यु भएको छ । उनको आत्माको चिरशान्तिको कामना गर्दै परिवार जनमा धैर्यधारण गर्ने शक्ति मिलोस भन्ने कामना गर्दछु । सभामुख महोदय आज दैलेखको अवस्था र त्यहाँको मान्छेलाई दुखी वनाएको छ । र दैलेख जिल्लामा गएको त्यो असिना त्यो हुरी त्यो वतासले आज किसानहरू असाध्यै दुखी छन् । र दैलेख जिल्लाको क्षेत्र नं. २ मा जुन किसानहरूले आशा गरेर लगाएका खेतीहरू फलफुलहरू, तरकारीहरू आज भुईमा हेर्दापनि केई नदेखिने अवस्था छ । पहिलाका वुढापाखाले भन्नु हुन्थ्यो । आईरहयो चैतको महिना भुईमा पात रुखमा केई छैन भने जस्तै आजका त्याँ किसानहरू आफ्ना खेतीतिर हेरेर, आफ्ना तरकारीतिर हेरेर, आफ्ना फलफुलतिर हेरेर, निरास र उदास मनले न रुन सक्ने, न वोल्न सक्ने, न हास्न सक्ने, अवस्थामा भएको हुनुहुन्छ । १, २, ६ असाध्यै ठूला असिनाले गर्दाखेरी त्यहाँको वालीनाली तरकारीहरू पनि केही देखिदैन । त्यसै गरी ५ र ६ पनि असिनाले तहस नहस वनाएको छ । र म सभामुख महोदय मार्फत् यो सदनमा सरकारसँग के अनुरोध गर्छु भने तुरुन्तै एउटा अनुसन्धान, अनुगमन समिति गठन गरेर त्यस क्षेत्रमा अनुगमन गरेर त्यहाँका किसान, त्यहाँका पीडित व्यक्तिहरूलाई तुरुन्तको तुरुन्त सर्वेक्षणबाट दिनुपर्ने क्षतिपूर्ति र राहतहरू उपलब्ध गराईयोस र यदि हामीले सदनमा वोल्ने मात्रै र कुरा मात्रै राख्ने हो भने र यसको कुनै पनि औचित्य हुने छैन । र यहाँ राखेका कुराहरू तुरुन्तै क्षतिपूर्तीको प्रोसेसमा जाओस भन्ने पनि माग गर्दछु । र यसै गरी त्यस दैलेख जिल्लाका रेकड आउन वाँकि भएका विभिन्न ठाउँमा हावाहुरीले विभिन्न टनेलहरू, विभिन्न वालिनालिहरू तहस नहस भएको अझै पनि आउदै गरेको छ । प्रदेश सरकारको ध्यान आकर्षण गर्दै तुरुन्तै अनुसन्धान, अनुगमन होस भन्ने माग राख्दछु, हस्त धन्यवाद ।

**माननीय सभामुखः**माननीय श्री हिम बहादुर शाही ।

**माननीय श्री हिम बहादुर शाहीः**सभामुख महोदय सर्वप्रथम केही कुरा म भन्दा पूर्ववक्ता माननीयज्यूहरूले भनि सक्नु भएको छ । सबभन्दा पहिले कर्णाली प्रदेश सरकारको गम्भिर ध्यान आकर्षण गराउन चाहन्छु । २२ गतेको साझ ६ बजेदेखि ७ बजेसम्म आएको असिना पानीले दैलेख जिल्लाको सबै स्थानीय तहहरूलाई त केई न केई गरेकै छ । त्यसमा पनि सवभन्दा साकिपात गाउँपालिका र चामुण्डा पिण्डा श्री नगरपालिकाको थाकेपात गाउँपालिकाको ४ वटा वडा र चामुण्डा पिण्डा श्री नगरपालिकाका ५ वटा वडा अत्यन्तै छेद विछेद गरेर करोडौ करोडको क्षति पु¥याएको छ । अन्न वालीमा त्यहाँ

केराउको एउटा दाना, गहुका एउटा दाना, मसुरी त्यस्तै अरु कुनै पनि फलफुल कुनै पनि एउटा सानो दाना पनि किसानले प्राप्त गर्न सक्ने छैन । मैले हिजो मात्र सम्पूर्ण क्षेत्र त होइन करिव ३/४ वडाहरूमा प्रत्यक्ष आफैंले अवलोकन गरे । त्यहाँ गएर म हेर्दाखेरी अहिले आश्चर्य नहोस मैले आफ्नै आखामा गहमा आसु भरिए जस्तो लाग्यो । सव किसान घरपरिवारहरू एकदम स्तब्ध छन् । वडा नं. ५ मा एउटा १८ देखि २० हजार मुल्य पर्ने गोरु असिनाको दानाले मृत्यु भएको छ । त्यस्तै फलफुल भन्ने चिज कुनै छैन । घर बाहिर भएका पानीका टङकीहरू, भौतिक सामानहरू, टेवल, कुषिहरू, टङकरहरू सबै ध्वस्त छन् । कुनै पनि छैन। अहिले पनि गडाको माथि काल्लोमा असिनाको लास छ । तलतिर गडामा हरियो पानी वगिराखेको छ । यसको लागि सरकारको गम्भिर ध्यान आकर्षण गर्दछु । कि सरकारले यसबारेमा अत्यन्तै गम्भिर रूपमा चिन्तन गरेर यथासक्य छिटो एउटा अनुगमन टोली अथवा निर्देशन टोली तत्काल २४ घण्टाभित्र सम्बन्धित क्षेत्रमा गएर प्रदेश सरकारलाई यस बारेमा यथार्थ जानकारी गराउन म माग गर्दछु । अघि पूर्ववक्ता माननीयज्यूले भनि सक्नु भएको छ । १ किलो ३०० ग्रामको एउटै दाना जमुका नगरपालिकाको सबै मेयर,उपमेयर र बैठक थ्यो उनीहरूले तुलामा तौलमा राखेर जोखेका छन् । १ किलो ३०० ग्राम सम्मको असिनाको दाना त्यहाँ भेटियो भनेर उनीहरूले मलाई भनेको हुन् । दाना मैले देखे देखेन त्यसैले यस बारेमा प्रदेश सरकारको अत्यन्तै गम्भिर ध्यान आकर्षण गराउन चाहन्छु । मैले जहाँसम्म जिल्लाको विपद व्यवस्थापन समितिसँग सम्पर्क गरेको थिएँ । प्रमुख जिल्ला अधिकारीज्यूले टोली खटाएर सबै ठाउँमा मान्छे पठाउनु भएको छ । विहान एक फेरा मेरो भेट पनि भो एउटा रेकर्ड संकलन गर्ने फम बनाउनु भाछ त्यसो गईराछ । तर प्रदेश सरकारले आफ्नो तर्फबाट यसमा एउटा अवश्य २४ घण्टाभित्र अनुगमन टोलि पठाउन म माग गर्दछु । सभामुख महोदय अव म सरकारसँग अर्को पक्षतिर केई कुरा भन्न चाहन्छु। हामी प्रदेश सरकार संघीयता स्थापना भएपश्चात कर्णाली प्रदेश सरकार गठन भए पश्चात कर्णाली प्रदेशको बारेका कर्णाली प्रदेश जनताका आवश्यकता र आकांक्षाको बारेमा धेरै कुराहरू सदनमा बैठकमा अथवा अन्य कुनै साधारण छलफलमा धेरै कुरा उठेका छन् । हामी भन्दै गरेका छौं । भाषणमा भन्दै गऱ्याछौं । कर्णाली प्रदेश, सुनौलो प्रदेश, भविष्यको धनी प्रदेश, भविष्यको चाई अत्यन्तै यो एउटा सुन्दर पक्षको प्रदेश र कर्णाली प्रदेशका जनता समाजवादी समृद्धिबाट भविष्यमा अत्यन्तै सुखि र सम्पन्न पहिलो सबै प्रदेशबाट उनी हुन् भनेर हामी भाषणमा भन्ने गर्दछौं । म सरकारसँग प्रश्न गर्दछु । कर्णाली प्रदेशसँग प्रश्न गर्दछु । जनताका अपेक्षा र आवश्यकता अनुसार हामीले काम गरेका छौं कि छैनौं । जनताको जुन अपेक्षा थियो । जनताको जुन आवश्यकता थियो । जुन आकांक्षा थियो । त्यो हामीले काम गरे हामी अगाडि वढेका छौं कि छैनौं । कर्णाली प्रदेशसँग मेरो प्रश्न छ। म कर्णाली प्रदेशलाई कर्णाली प्रदेशको गम्भिर ध्यान आकर्षण गराउन चाहन्छु । समयले पर्खेर वस्दैन समय अवश्य पनि आफ्नै

प्रक्रिया र आफ्नै चाईने तथ्यगत रूपमा प्रवाह भएको हुन्छ । समयले पर्खेर वस्दैन । कर्णाली प्रदेशलाई म स्पष्ट भन्न चाहन्छु । सम्पूर्ण गरीमामय संसदका माननीयहरूलाई भन्न चाहन्छु । पाखुराको घाउँ वाउँलाले छोपेर राखेर निको हुदैन । पाखुरा घाउँलाई वाउलाले छोपेर राखने होइन त्यो उखु जुन छ त्यो भोलि क्यान्सर हुन्छ । कर्णाली प्रदेशको सरकार कसरी गईरहेको छ । कुन बाटो अपनाईरहेको छ । कुन किसिमले अगाडि वढिरहेको छ । यो सम्पूर्ण गरीमामय संसदलाई म आह्वान गर्न चाहन्छु । तपाईंहरूलाई थाहा छ तपाईंहरूलाई अवश्य नै जानकारी छ । यसको लागि गरीमामय संसद मै गम्भिर हुन म आग्रह गर्दछु । समयले पर्खेर वस्न सक्दैन। अहिलेसम्म सरकारको स्पष्ट नीति आएको छैन । अघि माननीयज्यूले भनि सक्नुभो पूर्ववक्ता माननीयज्यूले भनि सक्नुभो यो टेण्डर होकि यो उपभोक्ता होकि स्पष्ट नीति र दृष्टिकोण के हो यसबारेमा केई पनि जानकारी छैन । एक वर्षको ३६० दिन हुन्छ । २४० दिन व्यतित भईसकेका छन् । २६० दिन व्यतित भईरक्या छन् । १४० दिन बाँकि छ १४० दिनभित्र प्रदेश सरकारले के काम गर्न सक्छ । कसरी गर्न सक्छ स्पष्ट भन्न चाहन्छु यात मलाई लाग्छ । अहिले कर्णाली प्रदेश सरकार तत्कालिन समय १९ औ को  मध्यावति समयमा जस्तरी चिनले र रुसले कम्यून बनाएर आज देशलाई अगाडि गर्न खोजेको थ्यो कर्णाली प्रदेशले पनि त्यस्तै कम्यूनहरू बनाएर क्याङगर गरेर अथवा सहकारी भनेर अथवा समूह भनेर मलाई थाहा छैन यसैले कर्णाली प्रदेशको लक्ष्य र गन्तव्य अत्यन्तै अन्यौल छ । र अत्यन्तै अन्यौल अवस्थामा  अनिश्चित अवस्थामा गुज्रिएको छ । यसैले म कर्णाली प्रदेश सरकारको गम्भिर ध्यान आकर्षण गर्न चाहन्छु । भन्नु पर्ने त धेरै कुराहरू छ जस्तै तपाईंहरूलाई अस्ति भर्खरै लेखा समितिले स्पष्ट निकालेको प्रतिवेदन माथि तथ्यगत जवाफदेहीता र पारदर्शीताको रूपमा कर्णाली प्रदेशको जवाफ कर्णाली प्रदेशको कारवाही अगाडि आएको छैन । यसको लागि अत्यन्त माग गर्दछु । समय छोटो छ भनि सक्नु भो ७ मिनेटको समय छ बोल्नुपर्ने १४ मिनेट थियो तैपनि धन्यवाद । जय नेपाल ।

**माननीय सभामुखः**माननीय श्री सुशील कुमार थापा ।

**माननीय श्री सुशलि कुमार थापाः**माननीय सभामुखज्यू चैत्र २२ गते र २३ गते दैलेख जिल्लाको क्षेत्र नं. २ को पाँच वटै स्थानीय तहमा तुर्लुम नगरपालिका, भैरवी गाउँपलिका,चामुण्डा विन्द्रासैनी,ठाटिकाँध गाउँपालिका र आठविसा नगरपालिका असिना पानी र हावाहुरीले त्यहाँको थुप्रै वालिनालि,घरवार र पशु चौपायाहरूको क्षति पुऱ्याएको छ । ३० वर्षपछि मैले म हिजो मात्रै दैलेख देखि यता आको र त्यहाँ दुर्लभ भैरवीतिर डुल्दा र त्यहाँका अभिभावकहरूले भने अनुसार लगभग ३० वर्षपछिको सबैभन्दा ठूलो असिना पानी यो क्षेत्रमा परेको हो  अरे । अघि पूर्ववक्ता माननीयले भन्नु भो चामुण्डा विन्द्रासैनीका मेयरले भन्नुहुन्थ्यो । त्यो असिनालाई तौलिदा १ किलो ३०० ग्राम भयो अरे भनेपछि हामीले सामाजिक सञ्जाल लगायत थुप्रै ठाउँमा देख्या छौं । असिनाले मोटर

साईकलको हण्डिल शुद्ध भाचिएको । बाहिर राखेको मोटर साईकलको ह्याण्डिलै भाचिने गरी असिना त्यत्रो डल्लाको रूपमा खसेको र अहिले वारीमा काउली लगायतका थुप्रै तरकारीहरू र फलफुलहरूलाई पूर्णरूपमा वारीमा ध्वस्त वनाएको अवस्था छ । त्यस कारण कर्णाली प्रदेश सरकारलाई कर्णाली प्रदेश सरकारको तर्फबाट तत्काल एउटा समिति बनाएर त्यो क्षेत्रको अध्ययन गरियोस् र क्षती पुगेको जुनजुन क्षेत्रमा जुनजुन व्यक्तिको क्षती पुगेको छ। त्याँ उचित राहतको व्यवस्था गर्नका लागि कर्णाली प्रदेशसँग जोडदार माग गर्न चाहन्छु र अर्को कुरा अहिले समायोजनले स्थानीय तह र प्रदेश तहमा कर्मचारी अपुग छ । र स्थानीय तह र प्रदेश सरकारमा कर्मचारी समायोजनमा कर्मचारीले नरोजेको भनेको अवस्थामा दैलेख जिल्लाको दुर्लम नगरपालिकामा १ जना स्थायी कर्मचारी समायोजनमा जाँदा सह लेखापाल मान बहादुर कार्की । दूल्लू नगरपालिकामा जाँदा उहाँ चैत्र १९ गते उहाँले निवेदन दिनुभो निवेदन दर्ता भो उहाँको टिप्पणी उठायर हाजिर गराउन खोज्दा मेयर सापले थाहा पाएर त्यहाँ पुगेर उक्त हाजिरीलाई रोकेर हालसम्मन उहाँले हाजिरी हुन दिनु भा छैन र फिर्ताको चिठि लेख्नु भएको छ । के रहेछ भनेर मैले कारण बुझ्दा आज विहान मात्र मैले कार्यकारीलाई फोन गरेको थिएँ । के हो भनेर बुझ्दा त्याँ चाई उहाँले स्पष्ट ढङ्गले भन्न सक्नु भएन । र म चाई हाजिरी गराउने पक्षमै थिएँ । मलाई अप्ठेरो पऱ्यो। मलाई हाजिरी गराउन दिइएन । मैले भने तपाईं कार्यकारी प्रमुख हो कल्ले दिएन तपाईंलाई कल्ले रोक्यो भन्दा उहाँले नगर प्रमुखले कुन कारणले हो रोक्न खोज्नु भो भन्नु भो । केई स्थायी कर्मचारीलाई समायोजनमा समायोजनबाट स्थायी कर्मचारी जाँदा हाजिरी गर्न नपाउने हो त । के स्थानीय तहसँग त्यति धेरै अधिकार छ । उहाँ छटपटिरहनु भएको छ । २१ दिनभित्र हाजिरी हुनुपर्ने । १९ गते त्याँ पुगिसकेको अवस्था हो । हालसम्म भएको छैन । त्यस कारण म यो कर्णाली प्रदेश सरकारलाई ध्यान आकर्षण गराउन चाहन्छु । अर्को कुरा सुर्खेतको वीरेन्द्रनगर लगायत कर्णाली प्रदेशका थुप्रै जिल्लाहरूमा विभिन्न भाषा पढाउने नाममा चाहे जापानीज भाषा होस्, चाहे कोरियन भाषा, होस् चाहे अन्य टयूसन सेन्टरको नाममा होस् । अहिलै अत्यन्तै ठूलो यहाँ चाई टयूसनका नाममा पैसा असुल्ने काम भई रहेको छ । भाषाका नाममा पैसा असुल्ने काम भई रहेको छ । १ महिनामा ५ हजारदेखि ४० हजार सम्मन फि लिएर पढाउने नाममा चाई फि लिएर याँ चाई विभिन्न खाले भाषा पढाउने र टयूसन सेन्टरका नाममा कतिपय सामान्य दर्ता याँ विभिन्न खालका चाई खाले परियोजन गरेर याँ चाई त्यस्तो खालको एउटा आतंकित काम भई रहेको छ । सम्बन्धित निकायलाई अर्थात कर्णाली प्रदेश सरकारलाई यो सम्बन्धी कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर लगायतका थुप्रै ठाउँमा यसको विशेष अनुसन्धान गरेर यलाई एउटा दायराभित्र लिएर एउटा निश्चित दायराभित्र बनाएर यसको बारेमा चाई छानविन गरिनुपर्छ भन्ने म माग राख्न चाहन्छु । हस्त धन्यवाद ।

**माननीय सधामुखः**माननीय सदस्यहरू खाद्य उत्पादन अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक, २०७५ माथि सैद्धान्तिक छलफल समाप्त भई सो विधेयक माथि संशोधन सूचना प्राप्त भएकाले कर्णाली प्रदेश सरकारका भूमी, व्यवस्था कृषि तथा सहकारी मन्त्री माननीय श्री विमला केसीको तर्फबाट कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्रीमाननीय श्री नरेश भण्डारीः**माननीय सभामसखज्यू सभामुखज्यूको अनुमतिले नेपालको संविधानको धारा ३६ मा रहेको खाद्य सम्बन्धी हकको रूपमा गरिएको व्यवस्थालाई मूर्तरूप दिन साथै स्थानीय उत्पादनको संरक्षण र प्रवर्द्धन गर्दै व्यक्ति तथा नागरीलाई गुणस्तरीय खाद्यान्नमा सहज उपलब्धता, प्रर्याप्तता र पहुँच स्थापित गरी खाद्य अधिकार तथा सम्प्रभूताको सुनिश्चितताको लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले सम्मानित सभामा प्रदेश सरकारका तर्फबाट पेश भएको खाद्य उत्पादन, अधिकार र सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक, २०७५ माथि सैद्धान्तिक छलफल भई सो विधेयक माथि माननीय सदस्यहरू संशोधनको सूचना प्राप्त भएकोले उक्त विधेयक थप छलफलका लागि कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ को उपनियम १ को ख बमोजिम सामाजिक विकास समितिमा पठाउँन सभा समक्ष प्रस्ताव गर्दछु । धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरू खाद्य उत्पादन अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक, २०७५ माथि थप छलफल गर्न आवश्यक भएकाले सामाजिक विकास समितिमा पठाउनु उपयुक्त छ भनि कर्णाली प्रदेश सरकारका भूमी, व्यवस्था कृषि तथा सहकारी मन्त्री माननीय श्री विमला के.सीको तर्फबाट कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा मानुन मन्त्री माननीय श्री नरेश भण्डारीले राख्नु भएको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ खाद्य उत्पादन अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक, २०७५ मा थप छलफल गर्नु आवश्यक भएकाले सामाजिक विकास समितिमा पठाउनु उपयुक्त छ भनि कर्णाली प्रदेश सरकारका भूमी, व्यवस्था कृषि तथा सहकारी मन्त्री माननीय श्री विमला केसीको तर्फबाट कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु । माननीय सदस्यहरू सार्वजनिक र नीजि क्षेत्रको साझेदारीमा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि सैद्धान्तिक छलफल समाप्त

भई सो विधेयक माथि संशोधनको सूचना प्राप्त भएकाले कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाको तर्फबाट कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई कर्णाली प्रदेश सेवा नियमावली २०७४ को नियम १०७ बमोजिम प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्रीमाननीय श्री नरेश भण्डारीः**माननीय सभामुखज्यू र सभामुखज्यूको अनुमतिले कर्णाली प्रदेशको विकासमा नीजि वा सहकारी क्षेत्रको पूँजि, प्रविधि विस्तार व्यवस्थापकिय दक्षतालाई आकर्षित गरी उपयोग गर्न तथा प्रदेशको विकास र सेवा सुरक्षा सेवा सुविधा प्रवाहको दायरा फराकिलो बनाउनको लागि सार्वजनिक, नीजि र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत् उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन द्वारा तीव्र आर्थिक वृद्रिध गर्ने सन्दर्भमा राज्यका निर्देशक सिद्धान्तलाई मध्येनजर गरी प्रदेशको विकासको गतिलाई तीव्रता दिन र प्रदेश सरकारलाई आम नागरिक र लक्षित वर्गलाई दिनुपर्ने पूर्वाधार लगायतका सेवा सुविधाहरू सार्वजनिक नीजि क्षेत्रको साझेदारीमा प्रदान गर्ने सम्बन्धमा कानून बनाउन आवश्यक भएकोले सम्मानित सभामा सरकारको तर्फबाट पेश भएको सार्वजनिक नीजि क्षेत्रको साझेदारीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि सैद्धान्तिक छलफल भई सो विधेयक माथि माननीय सदस्यहरूको संशोधन सूचना प्राप्त भएकोले उक्त विधेयक छलफलका लागि कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ को उपनियम १ को ख बमोजिम अर्थ तथा प्राकृतिक स्रोत समितिमा पठाउन सभा समक्ष प्रस्ताव गर्दछु । धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरू सार्वजनिक र नीजि क्षेत्रको साझेदारीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि थप छलफल गर्न आवश्यक भएकाले अर्थ तथा प्राकृतिक स्रोत समितिमा पठाउनु उपयुक्त छ भनि कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाको तर्फबाट कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले राखु भएको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ सार्वजनिक र नीजि क्षेत्रको साझेदारीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा थप छलफल गर्नु आवश्यक भएकाले अर्थ तथा प्राकृतिक स्रोत समितिमा पठाउनु उपयुक्त छ भनि कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाको तर्फबाट कर्णाली प्रदेश सरकारका आन्तरिक

मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु । माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री महेन्द्र बहादुर शाहीको तर्फबाट कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई प्रदेश लोकसेवा आयोगको काम,कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि सैद्धान्तिक छलफलका लागि सभा समक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्रीमाननीय श्री नरेश भण्डारीः**माननीय सभामुखज्यू,सभामुखज्यूको अनुमतिले नेपालको संविधानको धारा २४४ ले प्रदेश लोकसेवा आयोग सम्बन्धी व्यवस्था गरे अनुसार प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा,प्रदेश समाज सेवा, प्रदेश अन्य सरकारी सेवा प्रदेश सँगठित संस्थाको सेवा र स्थानीय सेवाको पदमा उपयुक्त उम्मेदार छनोटमा स्वच्छता तथा निश्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम,सुदृढ र सेवामुखि बनाउन तथा प्रदेश लोकसेवा आयोगको गठन काम, कर्तव्य र अधिकारको व्यवस्था गर्न वाञ्छनीय भएकोले प्रदेश लोकसेवा आयोगको काम,कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १०६ बमोजिम सैद्धान्तिक छलफल गरियोस् भनि सभा समक्ष प्रस्ताव गर्दछु । धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरू प्रदेश लोकसेवा आयोगको काम,कर्तव्य र अधिकारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथिको सैद्धान्तिक छलफलमा भाग लिनुहुने माननीय सदस्यहरूको लागि समय निर्धारण गरेको छु । सर्वप्रथम माननीय श्री करविर शाही । (समय ७ मिनेट )

**माननीय श्री करविर शाहीः**माननीय सभामुख महोदय संसदीय अभ्यासको क्रममा छौं । यो आज हिउँदे अधिवेशन तथा विधेयक अधिवेशनको दशौ बैठकमा हाम्रो प्रदेशले हाम्रो जस्तो प्रदेशले भोग्नु परेको पीडा विकासमा लिन नसकिएको गति र हामीले आजसम्म प्राप्त गर्न नसकेको उपलब्धि सबै विषयको करिव करिव साझा विषयका सन्दर्भमा यो विधेयकमा छलफल गर्दै छौं । सैद्धान्तिक छलफल गर्दै छौं । संविधानले एकल अधिकारका रूपमा प्रदेश लोकसेवा आयोगलाई व्यवस्था गर्दापनि संविधानको धारा २४४, ३ मा संघीय संसदले कानून वनाई त्यसको मापदण्ड तय गरिने छ भन्ने लेखिएपछि हाम्रो एकल अधिकार केही समयका लागि ह्याङगरमा झुण्डिए जस्तो अधिकारता हाम्रो कानून अरुले बनाउनुपर्ने अवस्था रह्यो । त्यसैले हामी वर्ष दिन देखि हामी काकाकुल छौं । वास्तवमा माननीय सदस्यहरूले कुरा उठाउनु हुन्छ । विकास भएन माननीय मन्त्रीज्यूले जवाफ दिनुहुन्छ कर्मचारी भएन। यो कर्मचारीको संघीयता जलाई समायोजन भनिन्छ । यो संघीयताले पनि हामीलाई पछाडि नै पार्‍यो हामीलाई गरीवी वनायो । राष्टिय मिडियाहरूले लेखे बज्यो जो प्रदेशमा जम्मा जम्मी प्रशासन सेवाका १ जना उपसचिवले याँ छनोट गर्नु भो यो प्रदेशलाई रोज्नु भो उहाँले अवस्था कस्तो होला। त्यस कारणले

हामीले सबैभन्दा पहिला व्यवस्था गर्नुपर्ने विषय सबैभन्दा पहिला व्यवस्था गरेर अगाडि वढनुपर्ने विषय आज हामी करिव करिव १ वर्ष पछि छलफल विषय बनाउँदैछौं । त्यो संविधानका व्यवस्थाका कारण संविधानले हामीलाई ३ तहको अधिकार हामी प्रादेशिक, स्थानीय र संघीय सरकार ३ वटा तह र त्यसका विधायिकि अधिकार हुने भए । त्यो विधायिकि अधिकार माथि छलफल गर्दै छौं। विधायिकी अधिकारको हामी रिया सो गर्दै छौं । तथापि हामीले गर्न खोजेको हामीले बनाउन खोजेका विषयहरू अझ पनि पछाडि छन् । मैले यसो भनिरहँदा हामीले नीति निर्माण गर्छौं । सरकारले नीति ल्याउछ । वार्षिक कार्यक्रम ल्याउँछ । ती कार्यक्रमलाई कार्यान्वयन गर्ने कोले भन्दा कर्मचारीले सिग्नेचर गर्ने कर्मचारी छैन । त्यस कारणले हाम्रा कार्यक्रमहरू अधुरा छन् । केई हाम्रा कमीकमजोरीहरू पनि छन् सरकारका होलान । सबैभन्दा धेरै प्रश्न उठने गर्छ । कर्मचारीको अभावको कारणले सबै तहमा हाम्रो प्रदेश वाहेकका सबै प्रदेशहरूमा यो अवस्था छैन । तर कर्णालीमा फेरी पनि यो खडेरी भयो । हामीले भनिउँ कर्णाली सुन्दर छ । यलाई कोर्न सकिन्छ। यो सुनको प्रदेश हो । पनि भनिउँ तर सुन कुटने मान्छे कार्यान्वयन गर्ने मान्छेको अभाव हुँदा हामी जहाँको तही छौं। घुमिफिरी वर्ष दिनभरी घुम्दा १ वर्षभरी ३६० दिन घुम्दा घडीको चक्का हुई आएर अड्किएको छ । जहाँको तई छौं । कोर्ने वेलामा विकासका विषयमा छलफल गर्दै थियौं मलाई लाग्छ । आज भन्दा ६ दिनपछि चैत्रको ३०गतेतिर हामी बजेट ल्यायौ जस्तो लाग्छ। त्यो बजेट ल्याउँदा अघिल्लो वर्षको ल्याउँदा पनि यिनै विचारहरू यिनै कुराहरू भनि रहेका थियौं । हामीले यसो भनिरहँदा हाम्रो चक्का घुम्ने का रहेछ र यसको कार्यान्वयन र जवाफदेहीता कोले गर्दो रहेछ भन्दाखेरी कर्मचारी वर्ग रहेछ । कर्मचारीतन्त्र रहेछ त्यस कारणले हामी आज एउटा सन्दर्भमा वास्तवमा यो प्रदेशको प्रदेशलाई कस्तो बनाउने हामीले बनाएको नीतिलाई कसरी कुनेर कलात्मक ढङ्गले प्रस्तुत हुने सन्दर्भको विधेयक माथि छलफल गर्दै छौं । यो विधेयकले वास्तवमा सफलता प्राप्त गर्नेछ । र विधेयकले वास्तवमा समावेशी सामाजिक समावेशीका लगायत विषयलाई पनि ख्याल गर्ने छ । वास्तवमा संघीय कानूनले यस्तो किन भन्यो होला त जस्तो लाग्छ भने मलाई प्रदेश प्रदेशका छुट्टै आयोगहरू बनेर तिनले मापदण्ड नबनाउँदाखेरी फरक फरक मापदण्ड राखियो भने सबै प्रदेशको प्रतिस्पर्धात्मक प्रदेश नभएको हुनाले यो नेपालको विकासको सन्दर्भ केरे समस्या आउला भनेर यसो गरेको होला । तथापि हामी भोको भएको हुनाले छटपटि रहेका थियौं । संयोगले आज सरकारले यो विधेयक ल्याएको छ । सरकारले यो विधेयक ल्याईरहँदा आज नरोजे जस्तो कम्तिमा पनि कर्णाली प्रदेशको लोकसेवा आयोगले लिएका परिक्षार्थीबाट कम्तिमा हामीले १ वर्ष पछि के आशा गरौं भन्दा सर्टेन अवधिभर यो प्रदेशको सेवा गर्नेछन्। वृक्ति विकास पछि जालान तर एउटा अवधिभरी नरमल्ली १० वर्ष, नरमल्ली ५ वर्ष, यो प्रदेशमा सेवा गर्ने अवसर पाए पछि हामीले भन्या जस्तो हामले गर्न खोज्या जस्तो र कर्मचारी वर्गले कर्मचारीतन्त्रले गर्ने आफ्नो सेवा प्रवाह

गर्ने छन् । र हामी यो प्रदेशलाई बनाउन खोजेको गर्न खोजेको प्रदेशको विकास लगायतका सन्दर्भमा हामी अगाडि वढन सक्दैनौ । सँगसँगै यो विधेयकले सेवाको विविधिकरण विशिष्टिकरण लगायतका विषयलाई ख्याल गर्नुपर्ने हुन्छ । याँ सबै विषय कर्मचारीतन्त्र भन्नाले धेरै विषयहरू आउँछन् । विविधिकरणको विषय छ । यिनी विषयहरूलाई पनि हामीले खासगरिकन दफावार छलफलमा  छलफल गरौंला । तर संयोगले धेरै विषय समेटेको जस्तो देखिन्छ । तथापी ती विषयहरू समेट्नबाँकि छन् । सँगसँगै अव हामीले प्रदेश लोकसेवालाई पारित गऱ्यौं भने यो आयोग गठन भईसकेपछि वा यलाई प्रमाणिकरण गरीसकेपछि स्थानीय तहहरूले आज झेल्नु परिरहेको एउटा कार्यालय सहयोगि भर्ना गर्न नसक्ने अवस्था चाई झेल्नु परिरहेको छ । स्थानीय सेवा तहहरू पनि ३ वटा वडा ४ वटा वडालाई संयुक्त बनाएर सरकारले चलाईरहनु परेको छ । त्यो स्वागत अनि  झन्झटबाट मुक्त हुनेछन् । स्थानीय सेवा आयोगको बाटो खुल्ने छ र त्यो आयोगले स्थानीय तहमा आफूलाई चाहिने स्थानीय तहका दरवन्दीहरू परिपूर्ती गर्नेछ र यो बाटोबाट हामी अगाडि वढ्दा स्थानीय तहहरू आफू त्याँ सम्पन्न हुनेछन्। प्रदेश हामीले याँ बाट हामीले सम्पन्न गर्नेछौं र त्यसरी हुँदा यो प्रदेश हामीले भने जस्तो एउटा कलात्मक शैलीबाट एउटा हामीले गर्न खोजेको कर्णाली प्रदेशलाई बनाउन खोजेको कर्णाली प्रदेश जस्तो वन्ने छ भन्ने कुरा यहाँहरूका बीचमा राख्दै विदा हुन्छु धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरू प्रदेश लोकसेवा आयोगको काम,कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथिको सैद्धान्तिक छलफल आजै समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले रोष्टमको वाँया तर्फ रहेका सचिवालयका कर्मचारीहरूलाई नाम टिपाउनुहोला । अव माननीय श्री दीनबन्धु श्रेष्ठ ।

**माननीय श्री दीनबन्धु श्रेष्ठः**माननीय सभामुख महोदय आज हामी सैद्धान्तिक छलफलमा छौं । तर म त्यो भन्दा पहिला विशेष समयमा धेरै कुरा राख्नु  थिएन र एउटासानो कुरा सभामुख महोदयलाई अनुरोध गर्दै म यहाँ राख्न चाहन्छु । पूर्व माननीयले पूर्व वक्ता माननीयले केई कुरा राख्नु भो म त्यलाई अलि प्रष्ट गर्न चाहन्छु । कर्णाली राजमार्ग अन्तर्गत गगने खोला र दई खोला नजीक शुक्रवार रातिबाट ठूलो पहिरो गएर सुर्खेत,काठमांडौ, नेपालगञ्ज भनौं कर्णाली राजमार्गबाट चल्ने गाडिहरू ठूलो संख्यामा अलपत्र परेको स्थिति छ र रारामा जाने वाह्य तथा आन्तरिक पर्यटकहरूको पनि बीचल्ली छ । कालिकोट,मुगु जुम्ला ३ जिल्लाको सम्पर्क वन्द भएको छ । माननीय सभामुख महोदय मार्फत् सरकारको यसमा ध्यान आकर्षण गर्न चाहन्छु । माननीय सभामुख महोदय आज हामी विशेष गरेर  सैद्धान्तिक छलफलमा प्रदेश लोकसेवा आयोगको काम,कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा सैद्धान्तिक छलफल गर्दै छौं । पक्कै पनि यो विधेयक महत्वपूर्ण छ । किनभने हामी

संघीयतामा गईसकेपछि ३ तहको संरचना छ । र विशेष गरेर अहिले प्रदेश र स्थानीय निकायमा कर्मचारीहरूको समायोजन हेर्दा वडा निराश लाग्दो छ र हामी सुन्द छौं । सरकारको पनि एउटा उत्तर के छ हामीसँग कर्मचारीहरू जनशक्ति छैन । त्यले हामीले चाहेको जस्ता विकास निर्माण कुरा अगाडि बढाउन सकेको छैनौं । त्यस्तै प्रदेश सभाको पनि स्थिति त्यस्तै छ । तर कर्मचारीको कमिले अव पक्कै पनि यो विधेयक महत्वपूर्ण छ । भोलिका दिनमा यो विधेयक पास भईसकेपछि कार्यान्वयनमा आयो भने कर्णाली प्रदेशका यी समस्याहरूलाई धेरै न्यूनिकरण गर्ने छ । तर यो लोकसेवा आयोग भन्दा आफैंमा पनि यो महत्वपूर्ण आयोग हो । हामीले यसमा जनशक्तिलाई निश्पक्ष ढङ्गले स्थायीत्व गर्नलाई हामीले विज्ञापन निकाल्ने हो । त्यस्तो २ किसिमको हुन्छ । लिखित र मौखिक आम मान्छेको धारणा के छ यसमा भनसुन दवावका कुनैले काम गर्दैन । योग्यता चाईयो र यसमा योग्य मान्छे श्रम विज्ञ कस्तो किसिमकोलाई आह्वान गरिन्छ । तीनै व्यक्तित्वहरूले यसमा आफ्नो एउटा क्षमता देखाएर अगाडि बढ्ने हो । त्यसैले मलाई लाग्छ । कानून त आफ्नो ठाउँमा राम्रो छ तर यौं भन्नै पर्ने हुन्छ हामी वेलावेलामा सैद्धान्तिक छलफलमा भन्छौं । व्यवहारिकमा हामी कत्तिको खरो कानून अनुसार हामी लागु गर्न सक्छौं कि सक्दैनौ । त्यो महत्वपूर्ण कुरा हो कानून राम्रो छ कडा छ तर हामीहरूले व्यवहारमा त्यो लागु गरेनौ भने त्यसको महत्व रहदैन । म यहाँ माननीय सभामुख महोदय म केई कुराहरू के राख्न चाहन्छु भने अरु बुँदागतमा राखौला । तर प्रदेश सुशासनको लागि आवश्यक जनशक्तिमा मलाई लाग्दछ । दक्षता,निश्पक्षता,व्यवसायिक, प्रतिस्पर्धी, क्षमता र समावेशीको ग्यारेन्टी यो विधेयकमा हुनुपर्दछ । यो किन भनेको हो भने विधेयक त आउँछ । कुन लक्षलाई चाईने कस्तो किसिमको एउटा जनशक्तिलाई हामीले ल्याउन खोजेको हो । यो विधेयकले वालेको हो । त्यसको ग्यारेन्टी हुनुपर्‍यो । भन्ने मलाई लागेको हो र प्रदेशको प्राविधिक दक्षताको आवश्यकता परिपूर्ति हुने गरेर विधेयक लोकसेवा आयोगको विधेयक त सव प्रदेश प्रदेशको हो । आफ्ना आफ्ना समस्या भिन्नभिन्न हुन्छ । संघको अलग होला, स्थानीय निकायको अलग होला तर त्यलाई मध्येनजर गरेर त्यो विधेयकलाई ल्याउनुपर्छ जस्तो लाग्छ । क्षमता र समावेशिताको ग्यारेन्टी मैले भने प्रदेश प्राय क्षमताको आवश्यकता परिपूर्ति हुनेगरी दरवन्दीहरूको सिर्जना गर्न सकिने गरी कानून बनाउनुपर्‍यो । हामीले के के माग्या हो। त्यो परिपूर्ति हुन्छ कि हुदैन त्यलाई अलि ध्यान दिन जरुरी छ । यो विधेयकमा प्रदेश भित्रका दुर्गम जिल्ला क्षेत्रमा अनिवार्य सेवाको प्रत्याभूति हुनुपर्‍यो। अव लोकसेवा दिन्छौ अनि पास हुन्छौ तर त्यानेर के हुन्छ भने उले सोर्सफोर्स लायर दुर्गम ठाउँमा नजाने सुगमै चाहियो कर्णाली प्रदेश भित्र पनि तर दुर्गममा पनि जाने भन्ने किसिमको एउटा हामीले कानूनमा नै त्यो गर्न जरुरी जस्तो लाग्दछ। आर्को वृक्ति विकासको लागि स्व विवेकिय प्रमोसन गर्नुपर्‍यो कतिपय सुरक्षा निकायमा अन्य निजामती कर्मचारीहरूमा लोकसेवाबाट जाने छ आफ्नो ठाउँमा कतिपय ठाउँमा स्व विवेकिय

अनुसारले उसको प्रमोसन गर्ने उलाई पुरस्कृत गर्नेहरू छ । त्यो न्यायोचित हुन्न जस्तो लाग्दछ । तर त्यलाई त्यो स्व-विवेकीय नगरेर अधिकार भन्दा पनि निस्पक्षताको ग्यारेन्टी हुनुपर्‍यो । ताकि हर कर्मचारीहरूले राष्ट्रसेवकहरूले निश्पक्ष ढङ्गले हाम्रो मुल्यांकन भएको भन्ने उनीहरूलाई आभास भयो भने अनि उनीहरूले मन लायर काम पनि गर्छन् र एउटा विश्वास पनि जाग्दछ। अर्को कार्य सम्पादन र जवाफदेहीतासँग जोडनुपर्‍यो । कर्मचारी त भयो आयो जाच दिएर तेले काम गर्‍यो कि गरेन त्यसको जवाफदेहीता के त त्यो यदि जवाफदेहीता भो भने उले गम्भिर भएर काम गर्छ । यसको मुल्यांकन हुनुपर्‍यो । काम गरेकोलाई पुरस्कृत गर्नुपर्‍यो । यले काम नगर्नेलाई दण्डित गर्नुपर्‍यो । काम त अफिसमा व्यान गो हाजिरी गर्‍यो हिड्यो । त्यसको पनि जवाफदेहीतामा जोड दिनुपर्छ जस्तो लाग्छ । प्रदेशको आवश्यकता अनुसार विशेष पदको पनि सिर्जना गर्नुपर्छ । हाम्रो कर्णाली प्रदेशलाई प्रिविधिकहरूको वढि आवश्यक होला । अन्य अरूपनि पदहरूको आवश्यक होला । पदलाई केन्द्रित गरेर यसमा त्यो पदको पनि सिर्जना गर्नु गर्ने व्यवस्था गर्नुपर्छ जस्तो लाग्छ। परीक्षा प्रणालीमा विगतको जस्तै मा अलिकति सोच्नुपर्छ जस्तो लाग्छ । वैज्ञानिक पनि हुनुपर्‍यो । समय सान्दर्भिक पनि हुनुपर्‍यो र निश्पक्षताको ग्यारेन्टी पनि हुनुपर्‍यो । यो परिवर्तनको बीचमा पनि धेरै कुराहरू चेन्ज भएको छ । हाम्रा विगतकै धारणा अनुसार संघीय लोकसेवाको विधेयक कानून अनुसार टेक्नु छ छ हामी त्यलाई टेकेरनै आउने हो। प्रदेशको आवश्यक के हो र यलाई अलि परिमार्जन गरेर वैज्ञानिक ढङ्गले अगाडि जान जरुरी छ जस्तो लाग्छ । अर्को आएको पदाधिकारी नियुक्ति गर्दाखेरी यई हामीहरू के छ भने तपाईंहरूको नियुक्ति गर्दा आएको पदाधिकारी भन्दा महत्वपूर्ण कुरा हो । उसको जिम्मेवारी धेरै छ । तर निश्पक्ष ढङ्गले नियुक्ति गर्ने एउटा संयन्त्र बनाउनुपर्‍यो विधेयकमा कानूनमा तर कर्णाली प्रदेश लोकसेवा आयोगप्रति आकर्षित हुने किसिमका कानूनहरू बनाउनुपर्‍यो । अन्य प्रदेशका मान्छेहरू पनि कर्णाली प्रदेशमा आकर्षण भएर यही गएर लोकसेवा जाच दिएर यही सेवा गर्छु भन्ने किसिमको एउटा भावना जगाउँनलाई पनि त्यो आकर्षण हुने किसिमको पनि त्यई हामीले कानून बनाउनुपर्छ जस्तो मलाई लाग्दछ । र कर्णाली प्रदेश भित्रका मानव संसाधनलाई समेट्ने किसिमको विधेयक ल्याउनुपर्‍यो । हाम्रो मानव संशाधनलाई सम्वोधन गर्ने किसिमको विधेयकमा सम्वोधन हुनुपर्‍यो र आयोग बनाउँदा दलगत भागवण्डा भन्दापनि हामी हेर्‍याछौं । दलगत गुच्छाहरू आफ्नो ठाउँमा छ । सत्ता पक्ष प्रतिपक्षको तर पनि यसमा दलगत कम हुँदाहुँदै पनि हामी संघीय लोकसेवाको विधेयक ऐन कानूनलाई टेक्नैपर्छ । तर पनि यसमा हामीले सोच्नुपर्ने के हो भने यसमा पनि विज्ञान र दक्षताको पनि आधारमा यदि आयोगका पदाधिकारी गर्‍यो भने निश्पक्ष सही ढङ्गले अगाडि भोलिका कामहरू बढछन् भन्ने मलाई लाग्दछ । यो विधेयक संघीय विधेयकमा हामी टेकेउँ ता पनि प्रदेशको अनुकुल अनुसार अगाडि वढदा अरु प्रभावकारी अरु राम्रो होला भन्ने मेरा विचार राख्दै विदा हुन्छु धन्यवाद ।

**माननीय सभामुखः**माननीय श्री गणेश प्रसाद सिंह । (समय ७ मिनेट )

**माननीय श्री गणेश प्रसाद सिंहः**माननीय सभामुखज्यू यो प्रदेश लोकसेवा आयोगको विषयमा मुख्यमन्त्री परिषदको कार्यालयले ल्याएको यो विधेयक म मेरा आफ्ना केई सुझावहरू राख्ने एउटा अवसर प्राप्त भएकोमा मैले आभार व्यक्त गर्छु र मैले छोटा २-३ वटा केई मेरा सुझावहरू अव प्रदेश लोकसेवा आयोग ढिलै भएपनि आयो । अव धेरै हामी गति उर्जाका साथ अगाडि वढि कर्णाली प्रदेश सरकार प्रदेशको चाई मतलव नीति कार्यक्रम अगाडि वढेर लैजानुपर्ने सवालमा ढिला सुस्ति जनताको सेवामा वाधा अवरोध अव यो राष्ट्रसेवक कर्मचारी व्यवस्थापनले सरकारका सरकारले अव हामीले काम गर्न सकिनँउँ भन्ने जो छ अहिले १-२ वर्ष आ.व. ७५/७६ को बजेटमा विलम्व भयो । जनतामा एक खालको निराशा पैदा भयो र यलाई व्यवस्थापन कार्यान्वयन आउने आर्थिक वर्ष आशा गरौं अव अघि पूर्ववक्ता माननीय करविरले भन्नु भो यो ह्याँगरमा झुण्डाएको हाम्रो कर्णाली प्रदेश सरकार र गतिशिल भएर अगाडि बढ्ने अपेक्षा गरौं । यो मैले १-२ वटा मैले केई कुराहरू प्रदेश लोकसेवा आयोगको गठनको सन्दर्भमा म याँ ३ जना भन्ने छ । मलाई लाग्छ ५ जना भए राम्रो हो किनकि एउटा राष्ट्रसेवक कर्मचारी नागरिकको दक्षता क्षमताको व्यवस्थापन गर्ने कुरा त्यसको चाईने मतलव अव स्वच्छता र निश्पक्षता कायम गर्नुपर्ने कुरा र जनतामा सेवा दिने त्यस्तो जनशक्तिको मतलव छनौट गर्ने कुरामा विषय विज्ञहरू भएको ५ जनाको प्रतिनिधित्व हुनुपर्छ । १ जना मतलव कानूनको सदस्य, १ जना प्रविधिकको सदस्य, १ जना प्रशासनको, १ जना सोसियल एजुकेशन र १ जना ईकनोमिक्सको ५ जना त्यस्ता मतलव स्नातकोत्तर भए राम्रो हुन्छ र ३ जना हुँदाखेरी त्यहाँ अपूर्णता जस्तो देखिन्छ हई। यो लोकसेवा गठनमा यसो गर्दा राम्रो होला र अव यो परिक्षाको चरण भन्ने छ । चरणमा प्राविधिक र अन्य सीपको चरणलाई पनि कोष्ट भित्र राखिददा राम्रो होला । हामले लिखित भनिम अव अर्को प्रक्रियामा मौखिक अन्तर्वाता भनिउँ । त्यहाँ प्राविधिक र अन्य सीपको पनि मतलव आवश्यकता अनुसार पहिचान गर्नुपर्ने हुन्छ । त्यलाई पनि कोष्टभित्र राख्दा राम्रो होला । अव यो सँगसँगै कार्य सम्पादनको मुल्यांकन र कर्णाली प्रदेशमा सन्दर्भमा त्यसको मुल्यांकन प्रमोसन डिमोसन सजाय दण्ड यो सुचल भित्र कार्य सम्पादनको मुल्यांकनमा कम्तिमा कर्मचारी यो प्रदेश लोकसेवा आयोगबाट पास भईसकेपछि दुर्गम जिल्लामा अथवा सम्बन्धित जिल्लामा न्यूनतम ३ वर्ष काम गर्नै पर्ने र त्यसको प्रमोसन र प्रमोसन सँगसँगै सरकारले भत्ताको व्यवस्था पनि हामले गरौं । किन  कर्णाली रोजेन त  कर्णाली भत्ताको व्यवस्था गर्नुपर्छ जस्तो लाग्छ । त्यसो भयो भने याँ आउन मान्छे आकर्षित हुने सेवा गर्न आकर्षित हुने यो व्यवस्था पनि यसमा कायम गर्दा राम्रो होला र यति भयो भनेपछि वाँकि दफवार छलफलमा त भाग लिउँला । अव मतलव अव लोकसेवा आयोग देखि लिएर, परिक्षाका चरणहरू देखि लिएर, त्यसको पारिश्रमिक अव श्रमको व्यवस्था देखि लिएर, अव आयो उम्मेदारको छनौट देखि लिएर, यी सबै कुराहरू त आएका छन् । विलकुल मैले देख्या

कुरा २/३ टा कुराहरूलाई व्यवस्थापन गरियो भने कर्णालीको सन्दर्भमा विशेष गरी लोकसेवा आयोगको गठन र गठनसँग सम्वद्ध व्यक्तित्वहरू त्यो भने एउटा थिङ्क ट्यांकरहरूको टिम हो । त्यो टिम व्यवस्थित गर्ने र कार्य सम्पादन मुल्यांकन गर्ने र कार्य सम्पादन मुल्यांकन सँगसँगै कम्तिमा दुर्गम हुम्ला मुगु मतलव अव के भन्छ । हुम्ला,मुगु,डोल्पा,कालिकोट,कर्णाली विशेष गरेर जाजरकोट अव यी ठाउँहरूमा ३ वर्ष अनिवार्य बस्ने व्यवस्था भयो भने त्यसपछि त्यो आधारमा मुल्यांकन गरेर प्रमोसन गर्ने र अव कामको कार्य सम्पादन नगर्ने पछि त्यसको दण्डको व्यवस्था गर्ने । त्यसो भयो भनेपछि अव एकातिर हामी राजनीतिक छाता सञ्चालन गरी नेतृत्व र कर्मचारी राष्ट्रसेवा कर्मचारीहरूको समायोजनमा देश विकासको गति वढछ र यसो हेर्दाखेरी अव राष्ट्रसेवा कर्मचारी मित्रहरूले पनि ज्यान नलाएको ज्यान अलि लागेर काम नगर्‍या पनि देखिने र अव हाम्रा सरकारका प्रतिनिधिहरूको पनि देखियो नि त अहिले हामी देखिराख्या छौं । आ.व. ७४/७५ को एकदम निराशाजनक एउटा पीडा मतलव हाम्रो गम्भिरता हाम्रो जिम्मेवारी वोध हैन हाम्रो के हो त आज चाईने वैशाख लाग्दैछ। जेठ लाग्नेवेला भईसक्यो। अव माननीय सांसदहरू हामीले चाईने विशेष अवस्था लिएर पनि वोलिउँ विभिन्न चाईने समस्यामा वोलिउँ समस्याप्रतिको गम्भिरता के हो त वाढि पहिरो मतलव नदि कटानदेखि लिएर विस्थापितहरू थुप्रै चाईने मतलव आपत विपत पर्दा कोई वास्तै गर्दैन । कमसेकम भावनाको हिसावले त्याँ वक्तव्य जाहेर गर्नुपर्छ । अथवा चाईने केई पीडा मतलव अव जिम्मा लिनुपर्छ । यो प्रति अलि गम्भिर भएर सरकार अगाडि वढोस । जनताको दुख सुखमा सरकार अलिकति चाईने छितोछरितो मतलव अगाडि आओस उभियोस भन्ने मेरो सुझाव राख्दै हस्त भन्यवाद ।

**माननीय सभामुखः**माननीय श्री सोशीला शाही । (समय ७ मिनेट )

**माननीय श्री सोशीला शाहीः**सभामुख महोदय यस कर्णाली प्रदेश लोकसेवा आयोगको काम,कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ माथि सैद्धान्तिक छलफल गरिरहेकाछौं । यो विधेयकको खाका हेर्दा संघीय लोकसेवा आयोगको जस्तै छ। तर कुरा रह्यो व्यवहारीक पक्ष के कसो होला भन्ने प्रश्न खडा हुन जान्छ । नेपालमा साच्चै अहिलेको लोकसेवा आयोगले करिव गरीव विपन्न र राजनैतिक पहुँच भन्दा टाढा रहेका सर्वसाधारण नागरिकमाथि सिसुवाचको वातावरण पैदा गरी दिएको छ । तर हामी आज कर्णाली प्रदेशको लोकसेवा आयोगको कानून निर्माण आफैं गर्न पाउँदा खुसीको कुरा हो । तर विषय निश्पक्षतासँग जोडिन जान्छ । यदि हामीले हालसम्म संघीय लोकसेवा आयोगले कायम राखेको स्वच्छता,निश्पक्षता,विश्वसनियता राख्न सकेनौं भने जस्तोसुकै कानून निर्माण गरेपनि भोलि कर्णाली प्रदेशको वदनामी हुन सक्छ । त्यहीं भएर सत्य नै सक्रियताका साथ हामी सबैले लाग्नु जरुरी देखिन्छ । साथै यस विधेयकको दफा ३ को उपदफा २ को १ मा लोकसेवा आयोगका अध्यक्ष र सदस्यको नियुक्तिको लागि प्रदेश प्रमुख समक्ष सिफारिस गर्न देहाय बमोजिमको हक सिफारिस

समिति  रहेको छ भनिएको छ । तर त्यसको एउटा प्रदेश प्रमुखको प्रदेश संवैधानिक परिषदको सिफरिसमा प्रदेश लोकसेवा आयोग अध्यक्ष र सदस्यको नियुक्ति गर्ने छ । भन्ने राख्न सुझाव दिन चाहन्छु। साथै प्रदेश संवैधानिक आयोग पनि गठन गर्न जरुरी देखिन्छ । लोकसेवा आयोग १ संवैधानिक परिषद भएका कारणले यसलाई पुनर रूप दिई कार्यान्वयन गर्न जरुरी देखिन्छ। लोकसेवा आयोग भन्ने विक्तिकै धेरैले भरोसा गरेको आयोग हो । त्यसैले त्यहीं भएर हामीले यसलाई निराशमा हैन कि थप भरोसाको आयोगका रूपमा चिनाउन जरुरी छ । यो विधेयक पारित भएपछि यस प्रदेशमा कर्मचारी छनोट भनार्, नियुक्ति, सरुवा, वढुवा जस्ता कार्यहरू प्रक्रियाहरू सहज रूपमा हुने र सरकारले प्रदान गर्ने सेवा छिटोछरितो र प्रभावकारी हुने देखिन्छ । तर व्यवहारिक पक्षमा राजनैतिक पक्ष जोडिएको खण्डमा हामी असफल मात्रै हैन । कर्णाली प्रदेश विश्वसनियता माथि प्रश्न उठन जान्छ । त्यहीं भएर हरेक पक्षमा राजनैतिक नजोडि यस भन्दा टाढा भएर व्यवहारीक पक्षलाई ध्यान दिन जरुरी छ । अन्तमा कर्णाली प्रदेशको लोकसेवा आयोग २ नम्बर प्रदेशको एसईई परिक्षा जस्तो नवनोस भन्दै विदा हुन्छु । हस्त धन्यवाद । जय नेपाल ।

**माननीय सभामुखः**माननीय श्री देवी ओली । (समय ७ मिनेट ) त्यसपछि श्री कौशिलावती खत्री तयार हुनुहोला ।

**माननीय श्री देवी ओलीः**सभामुख महोदय प्रदेश लोकसेवा आयोग ऐन २०७५ मा म आफ्ना केही धारणाहरू राख्न चाहन्छु। धेरै कुराहरू पूर्ववक्ता माननीयज्यूले राखेकै विषय मलाई पनि लागेको थियो । प्रदेश लोकसेवा आयोग भन्दाविक्तिकै आज हाम्रा साना वाल विकास केन्द्रमा, प्राथमिक तहमा र मावि, उच्च मावि तहमा अध्ययन गरिरहेका ६ लाख ६८ हजार ६०० वाल वालिकाहरूले पनि त्यलाई हेरीरहेका छन् । लोकसेवा आयोग भन्ना विक्तिकै संघीय लोकसेवा आयोगले जुन विरासत कायम गरेको छ । संविधानको अधिकार प्रदेश सरकारलाई जो छ । त्यो अधिकार प्रयोग गर्न हामीले १ वर्ष पहिला किन सकेनौं यस्तै आशंकाहरू थिएँ । र अहिले पनि छ । वेलावेलामा हामीले सुन्ने गरेका पनि छौं । प्रदेश लोकसेवा आयोगले संघीय आयोगको एउटा उच्च जुन मर्यादा छ । त्यो जुन मर्यादा कायम गर्न सक्छ कि सक्दैन भन्ने यो आम प्रश्न हो । धेरै कुराहरू त्यो एउटा पारदर्शीता,निश्पक्षतासँग जोडिएको छ । त्यो कुरालाई विशेष गरी ध्यान दिनु पर्छ । यो विधेयकले भन्ने मलाई लाग्दछ । र यो लोकसेवा आयोगको गठनको सन्दर्भमा जुन प्रस्ताव गरेको छ । यो विधेयकले प्रदेश सभाका प्रमुख विपक्ष दलका नेता, प्रदेश सभाका सभामुख र सरकारका मुख्यमन्त्री ३ जनाको समिति बनाएर सिफारिस गर्ने र प्रदेश प्रमुखले त्यसको प्रमाणित गर्ने जुन व्यवस्था छ । यसमा अलिकति अरु विशेषज्ञहरूलाई पनि जोडनुपर्छ कि यसमा संख्या ५ अथवा अहिले ३ को कल्पना गरिएको छ । ५ सम्म पुऱ्याएर त्यो गर्दा यसको अलिकति उच्चता नैतिकता कायम गर्न सजिलो होला जस्तो लाग्दछ । त्यसको सँगसँगै यो लोकसेवा आयोग पद

रिक्त हुने सन्दर्भमा त केई कुराहरू व्यवस्था गरेको छ र यसको कार्यकाल कति हो । अनन्त कालसम्म भई रहन्छ कि अथवा के हुन्छ त्यसको विषयमा पनि विधेयकले वोल्दाखेरी राम्रो होला भन्ने लाग्दछ । त्यस कारण यो अध्यक्षको योग्यताको सिलसिला छ जो छ योग्यताको व्यवस्थाको कुरा जो छ । त्यहाँ एउटा मात्रै माननीयताप्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर गरेको व्यक्ति अध्यक्ष हुने सक्ने छ भनको छ। अरु कुनै अनुभनका कुरा त्याँ गरिएको छैन । त्यस कारण यो कुराले प्रदेश लोकसेवा आयोगलाई पारदर्शीता र निश्पक्षताको साथ सञ्चालन गर्न सक्छ कि सक्दैन भन्ने मलाई त्यो प्रश्न जागेको छ । त्यस कारण यी कुराहरूलाई पनि अलिकति व्यवस्थित गरेर यो जुन खालको अहिले हामीले समस्या भोगिरहेका छौं । हामी नयाँ जनशक्ति त्याँ ल्याउँदा खेरी केई अनुभवहरू प्नि आवश्यक पर्छहोला । आज यो प्रदेश सरकारको स्थायी प्रतिनिधिको रूपमा यो आयोग बनाएर जुन खालको स्थायी प्रतिनिधि राज्य सञ्चालन अथवा प्रदेश सरकारका कामकाजहरू निरन्तर सञ्चालन गर्ने खालको जनशक्तिको हामीले व्यवस्था गर्नको निम्ति ऐन बनाउँदैछौं भने यो आयोगको गठनमा अलिकति अरु अनुभवहरू पनि योग्यतामा व्यवस्था गर्दा उपयुक्त होला भन्ने कुरा म राख्न चाहन्छु । र यति भन्दै आफ्नो भनाई अन्त्य गर्छु । धन्यवाद ।

**माननीय सभामुखः**माननीय श्री कौशिलावती खत्री । (समय ७ मिनेट) । त्यसपछि श्री कुर्मराज शाही तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री कौशिलावती खत्रीः**माननीय सभामुख महोदय प्रदेश लोकसेवा आयोग सम्बन्धी व्यवस्था गर्न बनेको विधेयकमा हामी सैद्धान्तिक छलफलको क्रममा छु । अवश्य पनि यो विधेयकले प्रदेश सरकारको विकासमा कार्यान्वयन नहुन्सकेका विषयवस्तुलाई अर्को वर्ष यो विधेयकले व्यवस्था गरे अनुसार कर्मचारीहरू आफ्नो योग्यता,क्षमता र विशेषज्ञता सहित आएर प्रत्येक हाम्रा कार्यालयमा कर्मचारीको आपूर्ति हुनेछ र अर्को वर्ष यसरी प्रदेश सरकारले कर्मचारीको विषयमा काकाकुल अवस्थामा रहनु पर्ने छैन भन्ने मेरो विश्वास छ। ल्याउनुपर्ने धेरै कुरा, आउनुपर्ने धेरै कुरा, यो विधेयकमा आएको छ । तै पनि मलाई लागेको विषयवस्तुमा यो सैद्धान्तिक छलफलमा आफ्नो भनाईहरू आफ्नो लागेका कुराहरू भन्न चाहन्छु । परिच्छेद जुन परिच्छेद-२ मा धेरै कुराहरू त पूर्ववक्ता माननीयज्यूहरूले भनि सक्नु भएको छ । उहाँहरूको कुरामा म समर्थन गर्दै परिच्छेद २ मा जुन कुरा नातेदार भन्ने कुरा नातेदारहरूको सुचि छ । त्यसमा सबै नातेदारहरूको सुचि आएको छ । जुन आउनुपर्ने मुख्य आमाबाबुको सुचि छैन । आमा वावु पनि यसरी आमा वावुलाई छुटाईयो भने एक त हाम्रो प्रचलन अहिले कस्तो विकसित भएको छ । छोराछोरीले जति ठूलो पोष्टमा गए पनि, जति ठूलो सेवा सुविधा पाएपनि, आमा वावुलाई नहेर्ने र वृद्धाश्रममा राख्ने स्थिति आएको छ । त्यई स्थितिलाई पछ्याउन लागेको यो विधेयकले नहोस । आमा वावु भन्ने पनि राख्नुपर्‍यो भन्ने मेरो भनाई छ । दोस्रो परिच्छेद २ मै समितिको सदस्यबारे सेवा अवधि भनेर एउटा सदस्यको कम्तिमा २० वर्ष सेवा गरेको हुनुपर्ने छ ।

भनेर एउटा सदस्यको मात्र सेवा अवधि गरेको सेवा अवधि तोकिएको छ । प्रत्येक सदस्यहरूको यति वर्ष सेवा गरेको भनेर विज्ञ आफ्नो विज्ञता अनुसार यति वर्ष सेवा गरेको भनेर सदस्यहरूको सेवा अवधि तोक्नुपर्छ भन्ने मेरो भनाई छ । तेस्रो अध्यक्ष वा सदस्यलाई स्पष्टिकरण दिदाखेरी दिनुपर्ने छ । समय अवधि भित्रमा मात्र भनिएको छ । तर यसमा निश्चित समय पनि तोक्नुपर्ने छ । कति समय अवधिभित्र दिनुपर्ने हो स्पष्टिकरण आफूले गरेको आफूले स्पष्टिकरण दिनुपर्दा कति समयमा दिनुपर्ने हो । त्यो समय तोक्नुपर्दछ । प्रश्नपत्र परिच्छेद ६ मा प्रश्नपत्र निर्माण गर्दा सम्भव भएसम्म विशेषज्ञ भनिएको छ । सम्भव भएसम्मन होइन विशेषज्ञले निर्माण गर्नुपर्ने भन्ने शब्द राखुपर्छ । अर्को कुरा कतिपय ठाउँमा कतिपय दफा र उपदफामा सक्ने छ भन्ने शब्द प्रयोग गरिएको छ । यसको सट्टामा हुनुपर्ने छ, गर्नुपर्ने छ भन्ने शब्द राखुपर्छ । सक्ने छ भन्ने शब्द यति उपयुक्त हुदैन कि भन्ने मलाई लागेको छ । अर्को परिक्षाको मर्यादा कायम गर्दा सबै कुरा तोकिएको छ । तर एउटा परिक्षार्थीले परिक्षा समय अवधिभित्र प्रश्न पेपर आउट गरेमा याँ वाहीर पठाएमा त्यसको बारेमा के हुने भन्ने कुरा लेखिएको छैन त्यो कुरा पनि प्रश्नपत्र परिक्षाको समयमा वाहीर पठाउने परिक्षार्थीलाई के हुने भन्ने कुरा पनि प्रष्ट रूपमा लेखिनुपर्छ । अर्को कुरा जस्तै किरिया वस्दा एउटा किरियापूर्तिलाई छुट अन्तवार्ता लिने कुरामा हो यो किरियापूर्तीलाई १५ दिन भनिएको छ । अरु सबैलाई ७ दिन भनिएको छ । एउटा सुत्केरी महिलाले कसरी ७ दिनभित्र आएर आफ्नो परिक्षामा समावेश हुनुक्नुहुन्छ । त्यसैले सुत्केरी महिलालाई पनि १५ दिन आफ्नो छुट परिक्षा दिन पाउने समय अवधि तोक्नुपर्छ भन्ने मलाई लाग्छ । यसैगरी विभिन्न दफा उपदफा परिच्छेदमा छलफल गर्नको लागि आफ्नो समितिमा यो समितिमा आफ्नो उहरू संशोधन सहित छलफल गरुला । अन्त्यमा म के भन्न चाहन्छु भने याँ भित्र भएका दाहोरो परेका शब्द प्राविधिक मिस्टेकले एक अर्थ लाग्ने शब्दहरू तुरुन्त सच्याउनुपर्छ । र संघीय लोकसेवा आयोग विधेयक नेपालको संविधानलाई ध्यानमा राख्दै यो विधेयक कर्णाली प्रदेशको सापेक्षामा वन्नुपर्छ भन्ने भनाई राख्दै विदा हुन्छु धन्यवाद।

**माननीय सभामुखः**माननीय श्री कुर्मराज शाही । (समय ७ मिनेट ) । त्यसपछि माननीय श्री पदमा खड्का तयारी हुनुहोला ।

**माननीय श्री कुर्मराज शाहीः**माननीय सभामुख माहोद्य प्रदेश लोकसेवा आयोगको काम,कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि सैद्धान्तिक छलफल प्रारम्भ भएको छ । यो सैद्धान्तिक छलफलमा भाग लिने क्रममा मेरा पनि आफ्ना केई सुझावहरू म यहाँ पेश गर्न चाहन्छु र दर्ज गर्न चाहन्छु । र यसमा चाई म भन्दा पूर्ववक्ता माननीय सदस्यज्यूहरूले थुप्रै सुझाव दिनु भको छ । तीनै सुझावलाई आधार मान्दै हामीले अव १ वर्ष वित्न थाल्यो । आर्थिक वर्ष ७४ गयो । आर्थिक वर्ष ७५ को लगभग हामी अन्तिममा पुगेका छौं । र मुख्य कुरा व्यवस्थापन गर्नुपर्ने विषय नै यई रहिछ। संघले यो ऐन पास नगरिकन प्रदेशले ऐन बनाउनका निम्ति ढोका खाल्दो

रहिन्छ। करिव करिव झण्डै डेढ वर्ष पछि ढोका खाल्दिएको छ हाम्रो र अहिले समस्या उत्पन्न भको छ हामी मन्त्रीलाई पनि गालि गरिरहेकाछौं । सदनमा आएर बोलिरहेका छौं । र मन्त्रीलाई प्रश्न सोध्दाखेरी अहिलेसम्म जनशक्ति नभको कारणले गर्दाखेरी हाम्रा कामकारवाही अगाडि वढन सकेनन एउटा जवाफ दिने माध्यम बनेको छ । हामीले भिक्षा माग्नुपर्ने अवस्था संघसँग नगर्नुस हजुर हामीलाई उपलब्ध गराईदिनुपर्‍यो भन्दाभन्दै भन्दाभन्दै डेढ वर्ष वित्यो । डेढ वर्षको चाई मलाई के लाग्छ भन्दाखेरी यो आर्थिक वर्ष त्यत्तिकै समाप्त भएर जाने भो अझ भन्दाखेरी माननीय सदस्यहरूले गालिगलोजको बीचबाट उभिएर जवाफ दिनुपर्ने अवस्था आउने स्थिति सिर्जना भको छ । र म यही म के आग्रह गर्न चाहन्छु भन्दाखेरी यलाई चाई विषयगत समितिमा फर्काउने प्रयास चाई नगरौं । म आग्रह गर्न चाहन्छु याँबाट सवभन्दा चाहिएको विषय यही नै रहेछ । नीति बनाउने कुरामा केई समय छैन हामी निर्वाचित भर आका छौं भटाभट वोलिरहेका छौं । स्रोतको पनि समस्या हैन स्रोत पनि हामीसँग उपलब्ध भएकै छ । तर त्यो स्रोतको व्यवस्थापन गर्न कार्यान्वयन गर्नका निम्ति कर्मचारी चाईने रहिछ अव यो विधेयक छिटोभन्दा छिटो अझ भन्दा फाष्ट ट्र्याकबाट यसलाई पास गर्न सकियो भनेपछि चाई वल्ल त्यो कर्मचारीहरू पूर्ती गर्ने छौं। र त्यो स्रोतको व्यवस्थापन गर्नेछौं र हामीले बनाउने नीतिको व्यवस्थापन गर्न सक्नेछौं । त्यो भएको हुनाले यलाई विषयगत समितितिर फर्काउने दिशातिर भन्दापनि यलाई फाष्ट ट्र्याकबाट चाँडोभन्दा चाँडो अझ मलाई के लाग्छ भन्दाखेरी अर्को ७६ को आर्थिक वर्ष प्रारम्भ हुने होला करिव करिव होला ५० प्रसेन्ट जति चाई हामीले चाई यो कर्मचारीहरू यो जनशक्ति हामीहरू परिपूर्ती गर्न सक्यो मात्रै अर्को आर्थिक वर्ष सफल हुन्छ भन्ने कुरो कुरामा मैले विश्वास गरेको छु । म यो सुझाव दिन चाहन्छु । यो फाष्ट टयाकबाट जाँदा चाई म आग्रह गर्न चाहन्छु र यो सँगै अर्को कुरा चाई अरु सबै कुराको व्यवस्थापन गरिएको छ यसमा ८७ वटा दफामा धेरै कुरा समेटिएको छ । सायद मलाई लाग्छ त्याँ थप्नुपर्ने कुनै विषयवस्तु म देख्दिन । केही छुट्दा छुट्दै ह्रस्व दीर्घ छुटयाउनु पर्ला,कमा समा कुरा केई छ भने त्यसको व्यवस्थापन गर्नुपर्ने होला र १३ वटा परिच्छेदमा चाई अरु पुरै कुराको व्यवस्थापन गरेको छ । ८७ चाई दफामा त्योमा यसमा चाई के गर्नुपर्ला जस्तो लाग्छ भन्दाखेरी सायद एउटा प्रशिक्षण कार्यक्रममा हामीले भाग लिईरहँदाखेरी सायद यो संविधानको एउटा लेख्ने मध्येको एक जना मान्छे काशिराज दहालले कहिलेकाही भन्नुहुन्थ्यो प्रशिक्षण कार्यक्रममा आएर भन्दाखेरी उहाँहरू कानून प्रशिक्षण दिदाखेरी कर्णाली सुहाउने चाई कानून बनाउनुहोला हई भन्नुहुन्थ्यो । कर्णालीको हावापानीलाई सुहाउने कानून के के छ त्यई प्रकारको कानून बनाउनु भो मात्रै जनताले सेवा प्राप्त गर्न सक्छन् भन्दाखेरी मलाई के लाग्छ भन्दाखेरी अहिले अव यहाँ चाई एउटा ढोका खुल्ला गर्दिएका छौं । सायद मैले नवुझेर होकि कर्णाली प्रदेशको मान्छेलाई मात्रै प्रतिस्पर्धा गर्ने व्यवस्था मिलाईएको छ म यो चाहन्छु । कर्णाली प्रदेशले कर्मचारी भर्ती गर्ने सन्दर्भमा

यो हाम्रो आयोगले ढोका खुला गर्दियो भने सायद मलाई लाग्छ कर्णालीकाले अन्य प्रदेशको सँग प्रतिस्पर्धा गर्न सक्दैन । यो समस्या उत्पन्न हुन सक्छ । त्यो भको हुनाले यहीको मान्छेले वढि रोजगार प्राप्त गरुन यहीको मान्छेले चाई जति जिम्मेवार हुन्छन यो प्रदेश बनाउनका निम्ति अन्यबाट अन्यथा नहोस । अन्यबाट आको मान्छे त्यति जिम्मेवार वन्न सक्दैन । मेरो धर्ती मेरो माता मैले बनाउनुपर्छ भावना जुन यो प्रदेशको आत्मा हुन्छ हृदय हुन्छ त्यो हृदय अरुको हुदैन । त्यो भकोले यांँको हृदयलाई यई नै खर्च गर्नका निम्ति यहाँको हृदयलाई यई खर्च गर्नको निम्ति त्यसको व्यवस्थापन गर्नका निम्ति यो चाई मलाई लाग्छ लोकसेवा आयोगले व्यवस्था प्रदेश लोकसेवा आयोगले व्यवस्था गरोस भन्ने म आग्रह गर्न चाहन्छु । त्यसो भएको हुनाले परिक्षा प्रणालीका कुरा व्यवस्था गरिएको छ । र अव सरल खालको मलाई अलि पहिलो चोटी हो भको हुनाले विस्तारै यलाई संशोधन गर्दै जाउला । संशोधन गरौंला यसमा तर मलाई लाग्छ । हिजो संघीय मलाई लाग्छ लोकसेवा आयोग जुन प्रकारको परिक्षा लिने प्रक्रिया थियो । त्यो प्रक्रियालाइृ अलिकति सहज गर्ने वातावरण बनाउन कसरी सक्छौं हामी । यो दिशातिर सोच्नुपर्‍यो । अलि सहज प्रकारको वातावरण यहाँको क्षमतालाई सम्वोधन हुने प्रकारले याँ क्षमतालाई एड्रेस हुने प्रकारको चाई मलाई लाग्छ त्यो लोकसेवा आयोगले परिक्षा प्रणाली त्यई ढङ्गको व्यवस्थापन गर्न सक्यो भने वढिभन्दा वढि मलाई के लाग्छ भन्दाखेरी यो कर्णाली प्रदेशका मान्छेले चाई रोजगार पाउने एउटा आधार यले निर्माण गर्छ । भन्ने कुराको विश्वास मैले लिएको छु र यसमा चाई सबै कुरा ठीकै छ र अव अरु ८७ वटा दफामा यो आएको छ । दफावार छलफल गर्ने क्रममा मेरा आफ्ना धेरै अभिमतहरू त्यहाँ राख्ने कुरा राख्दै मेरो आफ्नो सैद्धान्तिक छलफल यई अन्त्य भको जानकारी गराउन चाहन्छु । धन्यवाद।

**माननीय सभामुखः**माननीय श्री पदमा खडका । (समय ७ मिनेट ) त्यसपछि माननीय श्री मिनासिंह रखाल तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री पदमा खडकाः**माननीय सभामुख महोदय प्रदेश लोकसेवा आयोग गठन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको सैद्धान्तिक छलफलमा आफ्ना चाई सुझाव राख्नका लागि म यहाँ उपस्थित भएको छु । सर्वप्रथम मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयले यो जुन विधेयक याँ टेवुल गरिएको छ । यो विधेयक ढिलै भएपनि आएको छ । कर्णालीको जुन आवश्यकता र कर्णाली प्रदेशमा जुन खालको अहिलेको यो अस्थिरता छ । यसलाई छिटोभनदा छिटो यो प्रदेश लोकसेवा आयोगको जुन विधेयक आउनुपर्थ्यो। विभिन्न प्राविधिक र संघीय कानूनको मुल स्प्रिटलाई मध्येनजर गर्दै। यो विधेयक आएको छ यसका लागि म सर्वप्रथम मुख्यमन्त्री कार्यालय तथा मन्त्रीपरिषदको कार्यालय कर्णाली प्रदेशलाई हार्दिक धन्यवाद दिन चाहन्छु । पक्कै पनि अहिले कर्णाली प्रदेशमा हामीले २०७४ को जुन बजेट २०७५/७६ को बजेट कार्यान्वयनमा आईरहेको अहिले जुन जनगुनासो छ । आम नागरिकबाट आईरहेको जुन जनगुनासो छ । किन

कर्णालीमा बजेटको कार्यान्वयनको प्रतिशत हेर्दा निकै कम देखिएको छ । त्यो कुरा आम नागरिकले आवाज उठाईरहादा हामी एउटा प्रदेश सभा सदस्यको जुन जिम्मेवारीमा छौं । त्यो जिम्मेवारीमा रहँदा पनि हामीलाई पनि लागिरहेको छ । कार्यान्वयन के कारणले रोकिरहेको छ भन्दा कर्णालीमा हेरीरहेका छौं । जुन कर्मचारी समायोजनमा यो कर्णाली प्रदेशमा कर्णाली कै कोटाबाट कर्मचारी हुनुभएका जुन मित्रहरूले आफ्नो कर्णालीलाई बनाउनुपर्छ। कर्णाली मै हामी रमाउनुपर्छ। कर्णालीलाई हाम्रो पनि हामीले पनि सहयोग गर्नुपर्छ । यो कर्णाली बनाउनलाई भन्ने जुन खालको एउटा भावना व्यक्त गर्नु भएन जुन खालको उहाँको हातले यो कर्णाली आज रोज्न सक्नु भएन । त्यस कारणले गर्दा पनि आज हामीले महत्वपूर्ण विकासका कामलाई जनतासँग लग्ने कुरा धेरै प्रतिशतमा कम देखिएको छ । यो पनि एउटा मुख्य चुनौतीको रूपमा चाई हामीले वुझिरहेका छौं । त्यो बुझ्दाबुझ्दै पनि हामीसँग जनशक्ति नभएका कारण र कुनै पनि जनशक्ति एउटा मन्त्रालयले स्व विवेकले आफैं राख्न पाउने स्थानीय निकायले स्व विवेकले आफैं राख्न पाउने कुनै कानूनी आधार नहुँदा आज विभिन्न कार्यान्वयनमा समस्या आइरहँदा त्यसलाई नै महत्व राखेर आज कर्णाली प्रदेश सरकारले यो विधेयक ल्याईरहँदा आम नागरिकले अव कर्णालीमा कर्णाली प्रदेशकै विभिन्न क्षेत्रमा, विभिन्न प्राविधिक विषयमा, आफ्नो दक्षता कायम गरेर पनि रोजगारीका लागि र काम गर्ने इच्छाशक्ति हुँदाहुँदै पनि भौतारीरहेका युवाहरूलाई आज यो प्रदेश लोकसेवा आयोगले समेटछ भन्ने एउटा आशाको दियो पलाईरहेको अवस्था छ । त्यो दियोलाई हामी कार्यान्वयनमा जाने वेला कर्णाली प्रदेश सरकारले त्यो विधेयक पास भए सँगसँगै छिटोभन्दा छिटो यलाई कार्यान्वयनमा लैजान सक्यो भने पक्कै पनि यहाँका आम नागरिकको भावना वुझिने छ । भन्ने कुरा म याँ राख्न चाहन्छु । यस्तै गरी संविधानले हामिलाई संविधानको एउटा फुल स्प्रिट संविधानको एउटा मुल मर्म समावेशी, समानुपातिक जुन सिद्दान्तलाई हामीले समेटदै अगाडि विभिन्न कानूनहरू बनाउँदा हामीले लिनुपर्ने हुन्छ । र यो भन्दा अगाडिको प्रदेशको योजना आयोग बनाउँदा हामीले कताकता हामीलाई त्यानिर हामीले संविधानको स्प्रिटलाई अलि छुन सकेनौंकि भन्ने हामीलाई लागिरहेको थियो । तर यो विधेयकले समावेशी सिद्दान्तलाई जुन अंगालेर यहाँ मैले देखिरहेको छु । यो विधेयकको प्रदेश लोकसेवा आयोग गराउदा १ जना महिला भनेर याँ विधेयकमा ल्याईएको छ । यसको लागि पनि म यो विधेयक ल्याईने मन्त्रालयलाई पनि म हार्दिक धन्यवाद दिन चाहन्छु । यसैगरी हामीले कानून वनाईरहँदा धेरैभन्दा धेरै हामीले सुन्ने र वुझने गरिरहेकाछौं । आम नागरिकहरूले आम जनताहरूले सरल र वुझिने भाषामा र छोटो हामीले बनाउँदा पढन पनि सजिलो हुने र धेरै कुराहरू आम नागरिकहरूले वुझन सकिने खालको हुनुपर्छ । भनिरहँदा यो विधेयक अलि ठूलो भयो कि भन्ने पनि लागिरहेको छ । यसले २८ पेज र १३ परिच्छेद हुदै दफा ८७ वटा दफामा यले आफ्ना विभिन्न अधिकारहरूलाई याँ सुनिश्चित गरिएको छ । यो अलि

संक्षिप्तमा ल्याउँदा अझ राम्रो अझ व्यवस्थित हुन्थ्यो भन्ने मलाई आफ्नो सुझाव राख्न चाहन्छु । र हामीले प्रदेशको जुन लोकसेवा विधेयक आज यहाँ आइरहँदा छलफल भईरहँदा कर्णालीमा किन कर्णालीलाई मन पराउन सकेनन् । किन कर्णालीलाई रोज्न सकेनन् । किन कर्णालीकै भूमिमा रमाउन सकेनन् । किन कर्णालीले नै माया गर्न सकेनन् । र कर्णालीको माटोसँगै रमाउँन किन आज आम नागरिकहरूले जुन कर्मचारी याँ भन्दा अगाडि कर्णालीकै कोटामा चाई हुनु भएका दाजुभाइ जुन आज याँ किन आउन सक्नु भएन । यसको प्रभाव के हो भनेर प्रदेशको हाम्रो कर्णाली प्रदेशको सरकारले असाध्यै गम्भिर भएर सोच्नुपर्ने र यो विधेयकमा पनि त्यस्तो खालको व्यवस्था हुनुपर्ने । यहाँ कर्णालीका आम नागरिकले कर्णालीमै रोजगारी भएर कर्णालीमै आफ्नो चाई जुन खालको भूमिकालाई यही महत्वका साथ आफ्नो भूमिका दर्ज गर्न सक्ने र यहाँका विभिन्न युवा युनतीहरू जहाँ आज बाहिर गएर रमाईरहेका छन् । त्यो रमाउने वातावरण आफ्नै कर्णालीमा बनाउने खालको यो विधेयकले समेट्ने छ । भन्ने कुरा राख्दै अन्तमा यो विधेयकले पक्कै पनि यही कर्णाली प्रदेशमा जुन खालको विधेयकबाट हामीले आशा गरिरहेकाछौं । जुन खालको यहाँ कर्णालीको विकासलाई अगाडि बढाउने जुन आशा गरिरहेकाछौं । त्यो आशा सँगसँगै हामीले छिटोभन्दा छिटो कार्यान्वयनमा जाने र अहिले जसले कर्णाली रोज्न चाईरहेको छैन । जसले कर्णालीमा आउन चाईरहेका छैनन् त्यस्तो खालको जुन प्रवृतिलाई पनि छिटोभन्दा छिटो अन्त्य गरी हामी कर्णालीमा जानका लागि तछाड र मछाड गर्दै अव कर्णालीमा आउनुपर्छ भन्ने खालको भावनालाई वुझेर यो विधेयकले समेट्ने छ भन्ने कुरा राख्दै मेरमे भनाई यई अन्त्य गर्छु । धन्यवाद ।

**माननीय सभामुखः**माननीय श्री मिनासिंह रखाल । (समय ७ मिनेट ) । त्यसपछि दानसिंह परियार तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री मिनासिंह रखालः**सभामुख महोदय सर्वप्रथम त मैले यो कितावको बारेमा अलिकति टिप्पणी गरे । याँ चाई यो कितावमा चाई पहिलै सुरुमा एउटा पन्ना थपेर लोकसेवा आयोग प्रदेश लोकसेवा आयोग भनेर लेखि दिएको र लेखिदिएको भए राम्रो हुने थियो । पहिलै सुरुमा उद्देश्य र कारण लेखेको छ । एउटा पन्ना कम हुन गयो यसो नहोस् भन्न चाहन्छु र संविधान २०७२ ले दिए अनुसार प्रदेश लोकसेवा आयोग भन्ने जुन विधेयक चाई अहिले हाम्रो कर्णाली प्रदेशको मुख्यमन्त्री कार्यालयबाट आएको छ । यो चाई असाध्यै राम्रो र सान्दर्भिक पनि छ । ढिलै भएपनि हामीले यो विधेयक हातमा आफ्ना हातमा लिन पाएका छौं । आज कर्मचारी समायोजनको कारणले गर्दाखेरी मन्त्रालयमा, होस कार्यालयमाहोस् जहाँ गएपनि काम लिएर जाने ग्राहकहरूलाई कर्मचारीको अपुगले गर्दा काम नभइरहेको भन्ने गुनासाहरू सुन्न आईन्छ र आज ३ तहको सरकारहरू छ। संघीय सरकार,प्रदेश सरकार,स्थानीय सरकार जहाँ गएपनि सजिलैसँग एउटा सुन्नमा आउने भनेको कर्मचारीकै अभाव आज अव हामीले यो विधेयक प्राप्त गरीसक्दा र यहाँ चाई परिच्छेद १ देखि लिएर १३ सम्म ८७ बुँदामा असाध्यै राम्रा

शीर्षकमा लेखेका छन्। यसभन्दा अगाडिका माननीयज्यूहरूले भनि सक्नु भएको छ र यौं मलाई के लागेको छ भने एउटै कुराको मैले अपुग देखेको छु ।तर ह्यौं हुनुपर्छ यौं हुनुपर्दैन त्यो म केई थापाउँदिन तर हुनुपर्छ भन्ने मेरो माननीयता छ । संविधान त हामीलाई प्रदेश लोकसेवा आयोगको अधिकार दिईसकेको छ । र भाग २३ मा धारा २४४ मा प्रदेश सेवा आयोग गठन हुने छ र त्यसै गरेर २ मा भनेको छ लोकसेवा आयोगको गठन,काम,कर्तव्य र अधिकार र त्यसैमा के भनेको छ भने उपधारा २ को प्रयोजनको लागि संघीय सांसदको कानून वनाई आधारको मापदण्ड निर्धारण गर्ने छ भनेर यो धारामा रहेर ह्यौं चाई यो विधेयक वनाईएको छ र हाम्रो प्रदेशमा आज कर्मचारीकै अभावले हामीले आफ्ना कामहरू लिन नपाईरहेको अवस्था छ र यदि मलाई के लाग्छ भने कर्मचारी पदपूर्ती गर्दाखेरी निजामती सेवा होस,प्रहरी सेवा होस र अन्य प्रदेश सहकारी संस्थाका गठन प्रक्रियाहरू होस र लोकसेवा आयोगले लिने भनेको थायी कर्मचारी विवेकशील,क्षमताशील नै पर्ने भएको देखिन्छ र यौं निर मलाई के लागेको छ भने आज हामीले कर्मचारीको नाममा,प्रहरीहरूको नाममा र संघसंस्थामा भर्ना गर्ने जुन कर्मचारीहरूको नाममा पनि हामीले थायी रूपमा यो प्रदेश लोकसेवा आयोगले लिने लेखिएको छ । र यहाँ निर यदि लोकसेवा आयोगको परिक्षा भइरहेको वेलामा र परिक्षार्थीले परिक्षा दिईरहेको बेलामा रिभर भएका स्थानहरूमा कुन किसिमले कुन दायराबाट हामीले त्यौं नियुक्ति गरेर कार्यालय सञ्चालन मन्त्रालय सञ्चालन गर्न सकिन्छ । भन्ने पनि त्यौं कुराहरू आउन सकिन्छ सक्छ । त्यसैले यो प्रदेश लोकसेवा आयोगमा म एउटा कुरा के राख्न चाहन्छु भने करार सेवा पनि भैदिएको भए लोकसेवा दिइन्जेलसम्म अथवा ती परिक्षार्थीहरूको ३५ दिन, ६ महिना, १ वर्षसम्म सूचना निकालुन्जेलसम्म हाम्रा यी कर्णाली प्रदेशका पढेलेखेका युवा युवाहरूले करार सेवामा नियुक्ति लिएर भएपनि केही महिना काम गर्ने मौका पाउने अवसर हो । भन्ने मलाई लाग्छ। सबै कुराहरू यहाँ सान्दर्भिक नै छ । म दफावार जान चाहन्न मैले भन्न खोजेको यो लोकसेवा आयोगभित्र प्रदेश लोकसेवा आयोगभित्र करार सेवा पनि राखिदिए राम्रो होला भन्ने मेरो सुझाव हो । हस्त धन्यवाद ।

**माननीय सभामुखः**माननीय श्री दानसिंह परियार । (समय ७ मिनेट ) ।

**माननीय श्री दानसिंह परियारः**सभामुख महोदय नेपालको संविधानको धारा २४४ ले व्यवस्था गरे बमोजिम आज हामीले प्रदेश लोकसेवा आयोग गठन सम्बन्धमा बनेको विधेयक २०७५ माथिको सैद्धान्तिक छलफलमा म यौं उपस्थित भएको छु । प्रथम त म यो छलफलमा भाग लिनुपूर्व धेरै माननीयज्यूहरूले आफ्नो धारणा राखिसक्नु भको छ । त्यसमा धेरै कुराहरू मेरो समर्थन छ र म विशेष गरेर यो दफावार छलफल जस्तो प्रत्येक बुँदामा म यौं गईन । किनभने यौं धेरै दुख्खका साथ करिव ८७ वटा बुँदामा चाई व्यापक छलफल सहित यो विधेयक आएको छ । र यसलाई सरकारलाई म चाई धन्यवाद दिन चाहन्छु र यसमा मेरो विशेष गरेर २/३ वटा कुरा छ । पहिलो कुरा

अहिले कर्णाली प्रदेश सरकारसितको प्रक्रियामा जे जति चुनौतीहरू हामीले देखि राख्या छौं । त्यसको एउटै कारण चाई कर्मचारी व्यवस्थापन हामीले समयमा गर्न सकेनौं भन्ने कुरा चाई तपाईं हामी सबैलाई थाहा छ र यदि सरकारको नीति कार्यक्रमलाई आम जनताप्रति जनउत्तरदायी र जनताले सहजै तरिकाले चाई सेवा प्रवाह गरेको सेवालाई सजिलै ग्रहण गर्ने माध्यम भनेको लोकसेवा आयोग हो र हामीले आज धेरै ढिला गरेर करिव १ वर्ष पछि मात्रै संघीय लोकसेवा आयोग विधेयक पास भईसकेपछि मात्रै प्रदेश लोकसेवा आयोगको चाई विधेयक ल्याउनुपर्ने कारणका साथ धेरै ढिलापछि करिव हाम्रो १ वर्ष पछि विधेयक आयो र मलाई लाग्छ आझ यो विधेयक समयमा आईदिएको भए हाम्रो चाई करिव अघिल्लो आर्थिक वर्षको पनि हाम्रो काम केई नगरेर गयो । र यो आर्थिक वर्षको पनि काम करिव करिव शुन्यतामा चाई हामी अगाडि वढिराख्या छौं । त्यसो भकोले मलाई लागिराख्या कुरो के हो भने अव ढिला भएपनि प्रदेश लोकसेवा आयोग चाई गठन सम्बन्धमा चाई विधेयक आएको छ । र तत्काल यसको चाई हामीले सदनबाट पास गरेर र लोकसेवा आयोग गठन गरेर चाई हामीले अगाडि बढ्नुपर्छ भन्ने कुरा राख्छु । दोस्रो कुरा म याँ विशेष गरेर हामीले कर्णालीको चाई लोकसेवा आयोगको कुरा गरी रहँदा प्रथम त कर्णाली भित्रका सक्षम जनशक्तिहरूलाई हामीले चाई यौं चाई व्यवस्थापन गर्न सक्छौं कि सक्दैनौ पहिलो कुरो यो हो । मलाई के लाग्छ भने अहिले जति पनि कर्णालीमा नाम निकालेकाहरू कर्णाली प्रदेशमा चाई बस्न मानिराख्या छैन । त्यसो भएकोले प्रदेश लोकसेवा आयोग चाई कानूनमा प्रष्ट रूपमा चाई कर्णालीको चाई प्रदेशको चाई लोकसेवाबाट चाई पास गरेको मान्छे न्यूनतम १० वर्ष चाई कर्णालीमा चाई काम गर्ने अनिवार्य सर्त चाई काममा लाउनुपर्छ। कर्णालीमा न्यूनतम १० वर्ष चाई याँ काम गर्नुपर्छ । किनभने यहाँ कसरी नम्बर ल्याउनको निम्ति कर्णाली आउने होइन यहाँ कसैको चाई प्रमोसनको निमित्त कर्णाली आउने हैन यहाँ कर्णालीको नाममा सेवा लिन्छु भन्ने मान्छेले कर्णालीमा न्यूनतम १० वर्ष चाई काम गर्नुपर्छ । यो कुरा प्रष्ट चाई विधेयकमा चाई व्यवस्था हुनुपर्छ । मेरो पहिलो कुरा यो छ । र दोस्रो कुरा यदि साँच्चिकै हामीले कर्णालीका युवालाई हामीले प्रोत्साहन गर्ने हो भने भोलि अधिकृत भन्दा माथिल्लो स्तरका उपसचिव सहसचिव लेवलका यदि कम्पिटिसनमा चाई कर्णाली भित्रका चाई युवाहरूले नाम निकाल्यो भने अन्तर्वातामा १० नम्बर चाई कर्णालीका युवालाई थप व्यवस्था गर्नुपर्छ । कर्णालीकै जनशक्तिलाई कर्णालीमै व्यवस्थापन गर्ने हामीले व्यवस्था ल्याउर्नुपर्छ ता कि जवसम्म कर्णाली विकासको चाई एजेण्डा कर्णालीको युवामा सदविवेक आउदैन तवसम्म याँ वोकेर ल्याएको अथवा चाई वोकेर लगेको कुकुरले चाई मृग मार्दैन। कर्णालीको नाममा लुटने खानेहरू फेरी कर्णालीमा आएर कर्णालीको समृद्ध गर्दैनन । त्यसो भकोले कर्णालीका युवालाई प्रोत्साहन गर्नको निमित्त अधिकृत,सहसचिव र उपसचिव लेवलका सरसचिव उपसचिव लेवलको चाई प्रतिस्पर्धामा चाई कर्णालीको युवाले नाम निकाल्यो भने अन्तर्वातामा १० नम्बर चाई थप

व्यवस्था गर्नुपर्छ । मेरो यो कुरा चाई कानूनमा प्रष्ट हुनुपर्छ भन्ने लाग्छ र त्यसपछि अर्को कुरा कर्मचारीभित्र अहिले गोलमोडलबाट चाई अगाडि वढिराख्या छ । यदि राम्रो काम गर्ने कर्मचारीलाई पुरस्कृतको व्यवस्था गर्नुपर्छ हामीले र कार्य सम्पादन मुल्यांकन चाई तपाईंको नराम्रो भयो भने स्थायी भएपनि त्यलाई स्वतन्त्र रूपमा चाई निलम्वन गर्न सकिने व्यवस्था चाई गरिनुपर्छ । याँ व्यवस्था के छ त भन्दा थायी भको कर्मचारी कामै गर्दैन। कतिवर्ष चाई कार्य सम्पादनभित्र न्यूनतम गर्नुपर्ने कुरा गरेनौ भने त्यलाई निलम्वन गर्ने भन्ने कुरा पनि चाई यई व्यवस्था हुनुपर्छ । तव मात्रै जनताप्रति र सरकारप्रति चाई कर्मचारी जवाफदेही हुन्छ । यो कुरा व्यवस्था नभकै कारणले गर्दा अहिले सरकार भन्दा पनि कर्मचारीतन्त्रका केई शासकहरूले चाई तपाईंको अहिले पनि समायोजनमा तपाईंले हेरीरनु भाछ । सरकारले खटाको काममा चाई काम गर्न मान्दैन । त्यसो भको चाई के हो भने सरकारप्रति र जनताप्रति कर्मचारीले कसरी चाई तपाईंको जवाफदेही बनाउने भन्ने कुरा चाई नीतिगत व्यवस्था हुनुपर्छ । र मैले अन्तमा के कुरा राख्छु भने अहिले यो कानूनमा मैले के देखेन भने छनोटको मापदण्ड के हुन्, समावेशी सिद्दान्तको आधारमा चाई छनोट गर्नुपर्छ भन्ने कुरा काई कतै देखिएन । कमसेकम चाई प्रतिनिधित्व गर्ने कुरा चाई कुन मापदण्डको आधारमा चाई लोकसेवा आयोगले निर्धारण गरिने हो । संघीय कानूनमा त त्यो व्यवस्था छ र जति चाई प्रत्यक्षमा तपाईंको चाई खुला प्रतिस्पर्धामा केन्द्रको चाई कानूनमा ६०/४० जस्तो देखिन्छ । मलाई के लाग्छ भने कर्णाली प्रदेशमा जुन समावेशी मापदण्ड छ । समावेशी भित्र चाई जनसंख्याको आधारमा चाई प्रतिनिधित्व हुनुपर्छ त्याँ । याँ मुस्लिम छैन कर्णालीमा मुस्लिमको नाममा १ कोटा हुनुहुन्न यहाँ । जनजाती छन् कति प्रसेन्ट जनजाती हुन् त्यसो भको चाई समावेशी भित्र चाई दलित समुदायको करिव तपाईंको चाई २५ प्रसेन्ट चाई कर्णाली प्रदेशमा भको कारणले गर्दा तपाईंको चाई समावेशी कोटामा चाई २५ प्रसेन्ट चाई तपाईंको दलितहरूको कोटा हुनुपर्छ । केन्द्रमा चाई अलि १३ पयन्ट कति प्रसेन्ट छ । यो कुरा चाई मान्ने हुदैन यहाँ । यो कर्णाली प्रदेशमा चाई २५ प्रसेन्ट तपाईंको चाई हुनुपर्छ प्रतिक्रिया । त्यसो भको चाई हामीले भनेका छौं कि जनताको चाई सेवाको चाई प्रतिनिधित्व गरिने कुरा चाई सबै वर्ग समुदाय मान्छेको चाई फेरी सरकारी कर्मचारीतन्त्रमा प्रतिनिधित्व नभयो भने फेरी चाई सेवा प्रवाहमा अन्यौलता हुन्छ र सबै वर्ग समुदायका मान्छेले फेरी राज्यबाट चाई सजिलै सेवा प्राप्त गरेको आवास गर्दैनन। त्यसो भकोले यो कुरा चाई काँ हुनुपर्ने हो यो कुरा म अहिले पनि सदनमा प्रश्न राख्न चाहन्छु कि पहिलो कुरो कर्णालीकै युवालाई प्रतिनिधित्व गराउने कुरामा चाई पहिलो चाई यो कानूनमा त्यो कुरा सम्वोधन गर्नुपर्छ । र दास्रो कुरा चाई समावेशी सिद्दान्तको आधारमा प्रतिनिधित्व गराउने कुरामा चाई जनसंख्याको आधारमा चाई तपाईंको चाई राज्यका हरेक निकायमा चाई उत्पीडन समुदायको चाई महिला,दलित,जनजातीहरूको चाई समानुपातिक चाई न्यायोचित सहभागिता कुरा चाई कानून त व्यवस्था गरिनुपर्छ । त्यसो

हो भने यो कुरा गर्न सकेनौं भने फेरी के हुन्छ भने तपाईंहरूको चाई राज्य व्यवस्था चाई हो कि होइन भन्ने कुरा अन्यौलता सिर्जना हुन्छ । प्राप्त गर्नुपर्ने सेवा चाई जनताले चाई प्राप्त गर्दैनन । त्यसो भको चाई यो कुरा काँ आउनुपर्ने हो । विधेयकमा यो कुरा देखिएको छैन । या प्रतिनिधित्वको कुरा र कर्णालीका युवालाई प्रोत्साहन गर्ने कुरा र जनसंख्याको आधारमा चाई सहभागिताको कुरा चाई प्रष्ट रूपमा चाई कानून अनुसार व्यवस्था जवसम्म गर्न सक्दैनौ तवसम्म चाई जनउत्तरदायी कर्मचारीतन्त्र र सरकारप्रति चाई तपाईंको चाई जवाफदेही कर्मचारीतन्त्रको चाई हामी निर्माण गर्न सक्दैनौ त्यसो भकोले जति चाई कर्मचारीलाई जनताप्रति जवाफदेही बनाउन सक्न चाई नीति व्यवस्था प्रष्ट गर्न सक्छौं त्यसले मात्रै जनताको सेवा प्रवाहमा चाई सहजता ल्याउँछ भन्ने भनाई राख्छु । धन्यवाद।

**माननीय सभामुखः**माननीय सदस्यहरू अव म कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री महेन्द्र बहादुर शाहीको तर्फबाट कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई प्रदेश लाकसेवा आयोगको काम,कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि सैद्धान्तिक छलफलक क्रममा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवं जिज्ञासाका सम्बन्धमा जवाफ दिन समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्रीमाननीय श्री नरेश भण्डारीः**माननीय सभामुखज्यू यो वहुप्रतिक्षित प्रदेश लोकसेवा आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धमा गठनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई परिमार्जित, परिस्कृत, परिपक्क र सुदृढ बनाउनको लागि विशेष अभिरुचिपूर्वक माननीय सदस्यज्यूहरूले यो सैद्धान्तिक छलफलमा आदिआदिका संख्यामा उहाँहरू सहभागि हुनुभयो। उहाँहरूले विशेष महत्वका साथ आफ्ना सैद्धान्तिक विषयहरू र केही दफावार छलफलसँग सम्बन्धित विषयवस्तुहरू पनि उहाँहरूले राखु भको छ । यसका निम्ति म सरकारका तर्फबाट माननीय सदस्यज्यूहरूलाई म हार्दिक धन्यवादका साथै आभार व्यक्त गर्न चाहन्छु । यो खासगरी हामी यो विधेयक सरकार गठनको लगतै हामी यो सम्मानित सदनमा प्रस्तुत गरेर हामी यहाँको कर्मचारीतन्त्रलाई प्रादेशिक आवश्यकतामा गठन गरेर कर्मचारीहरू नियुक्ति गरेर हामी हाम्रो यो समृद्धिको सपनालाई, हाम्रो प्रतिवद्धतालाईहाम्रो संकल्पलाई,हामी शीघ्र कार्यान्वयन गर्न चाहन्थ्यौ । माननीय सदस्यज्यूहरूले पनि यो छलफलका क्रममा त्यई संवैधानिक वाध्यात्मकताका कारणले यो डिले भयो । यो चाई विलम्व हुन गयो भनेर स्वीकार पनि उहाँहरूले चाई यो यथार्थतालाई उहाँले चाई व्यक्त गर्नुभाछ । यो संविधानको यो धारा २४४ को अधिकार अथवा त्यो व्यवस्थालाई हामीले अंगिकार गर्नु प्रदथ्यो अवलम्वन गर्नै पर्दथ्यो त्यसको मार्गनिर्देशन मुताविक यो लोकसेवा आयोग सम्बन्धीको ऐन बनाउनु प्रदथ्यो । त्यसो भको हुनाले हामीले चाहँदा चाहँदै पनि यो विलम्व हुन गएको छ । र अव यसलाई माननीय सदस्यज्यूहरूको स्प्रिटसँग सरकार

विल्कुल सहमत छ । कि यलाई यो विधेयकलाई छोटो अवधिमा यसलाई पारित गरेर यो आफ्नो कर्मचारी खासगरी प्रदेश सरकारको कर्णालीको चाई विभिन्न सेवाका त्यो निजामती सेवा, त्यो प्रदेश प्रहरी सेवा, त्यो प्रदेश सभा सेवा,प्रदेशका अन्य सरकारी सेवा या प्रदेश सँगठित संस्थाको सेवा र स्थानीय सेवाको पदमा पूर्ति गर्ने र यो आफ्नो चाई तपाईंको संरचना निर्माण गर्ने प्रक्रियामा चाई अगाडि बढ्नेछ । र यसमा खासगरी माननीय सदस्यज्यूहरूले थुप्रै विषयहरू चाई यहाँ उठान गर्नु भको छ कि कतिपय विषयहरू चाई दफवार छलफलका क्रममा फिट हुने प्रकृतिका छन् । कतिपय विषयहरू वियमावली हामले पारीत गर्दाखेरी त्यतिवेला उहाँहरूका भावनाहरू, उहाँहरूका आवाजहरू, उहाँहरूका चाई ठम्याईहरू हामी ईन्क्लुड गर्ने छौं र कतिपय कार्यविधिमा पनि उहाँहरूका मतहरूलाई हामीले चाई रिफ्लेक्ट गर्ने स्थिति वन्नेछ र कतिपय उहाँहरूले उठाउनु भका कुराहरू छन्। खासगरी उहाँहरूले चाई आरक्षणसँग सन्वन्धित कुराहरू र कर्मचारीहरूले चाई न्यूनतम अवधि चाई व्यतित गर्नुपर्ने हो प्रदेशमा विषयहरू दण्ड पुरस्कारका विषयहरू यी विषयहरू चाई विभिन्न सेवाका विधेयकहरू हामी चाई सदनमा चाई प्रस्तुत गर्छौं । त्यो निजामती सेवा विधेयक होस, याँ प्रहरी सेवा विधेयक होस याँ अन्य कुनै सेवाका विधेयकहरू हुन् । त्यो विधेयकहरू हामीले चाई पार्लियामेन्टमा सम्मानित सदनमा हामी दर्ता गर्ने प्रक्रियामा उहाँहरूका चाई तपाईंका त्यो रायहरू मतहरू त्यतिवेला हामी सम्वोधन गर्नै छौं। त्यति वेला चाई यल्ले खासगरिकन प्रशासनिक यले सार्वजनिक प्रशासनलाई यले चाई सक्षम यले चाई तपाईंको सुदृढ,सेवामुखि बनाउनको लागि यले भर्ना प्रक्रिया खासगरी सक्षम यो मेरिटोक्रेसिलाई यले चाई अझ खासगरी यसको मेरिटोक्रेसिलाई यले चाई तपाईंको मुल आधार मान्दै यसले कर्मचारीहरूको अथवा नियुक्तिको यले चाई तपाईंको परिकल्पना गरेको छ । त्यति वेला यहाँहरूले चाई आफ्ना चाई सुझावहरू त्यसमा चाई अझ ईन्क्लुड गर्न सक्नुहुनेछ । यो सदन मार्फत् किनभने सरकारले कुनै पनि विधेयक सदनको बाटो भएर मात्रै चाई कार्यान्वयनमा लान सक्ने हुन्छ । त्यसो भको हुनाले अव ती विषयहरू चाई हामी पछि पनि सम्वोधन गर्छौं । यसमा चाई माननीय सदस्यज्यूहरूले खासगरी करार सेवा हामीले अझैपनि हाम्रो पूर्ण आकार खासगरी विभिन्न सेवाका विधेयकहरू अझ खासगरी निजामती सेवासँग सम्बन्धित विधेयकहरू, प्रदेश प्रहरी सेवासँग सम्बन्धित विधेयकहरू अझैपनि चाई तपाईंको संघीय पार्लियामेन्टले पारित नगर्दिएको स्थिति छ । संघीय निजामती अथवा संघीय सेवासँग सम्बन्धित विधेयकहरू, कर्मचारीतन्त्रसँग सम्बन्धित विधेयकहरू, संघीय सरकारले पारित गरीसकेपछि मात्रै प्रदेश सरकारले चाई आफ्ना विधेयकहरू पारितिको प्रक्रियालाई टुङग्याउन सक्ने भको हुनाले पारित गर्न सक्ने भको हुनाले पनि हामी चाई खुम्चिएर बस्नुपरिरहेको अवस्था छ । त्यसो भको हुनाले त्यो छिटो संघीय चाई तपाईंको यो ऐनहरू परित भएपछि त्यसमा निर्धारित मापदण्डहरू आधारहरू त्यसका व्यवस्थाहरूमा नवाझिनेगरिकन चाई हामी चाई आफ्ना मौलिक

कानूनहरू अझ त्यो भित्र रहेर कानूनको प्रादेशिकीकरण,स्थानीयकरण यलाई मौलिकिकरण गर्ने दिशातिर चाई हामी अगाडि बढ्नेछौं र यो त्यो प्रक्रियासम्म जाँदाखेरी यहाँहरूका राय सुझावहरू,विचारहरू, मतहरू अव सम्वोधन हुदै जानेछन् भन्ने म विश्वास दिलाउन चाहन्छु । र अव कतिपय माननीय सदस्यज्यूहरूले आकारको कुरा पनि गर्नु भाछ । यो सिफारिस समितिको आकारको कुरा त्यस पछाडि चाई तपाईंको लोकसेवाको आफ्नै आकारको कुरा उहाँले चाई संख्याको कुरा गर्नु भाछ । अव यो खासगरी अव केई प्राक्टिसहरू छन् । संवैधानिक आयोगहरूको नियुक्तिको प्राक्टिसहरू छन् । त्यो आधारमा पनि हामीले सिफारिस समिति चाई खासै तपाईंको त्याँ प्रस्ताव गरेका छौं र त्यस्तै गरेर लोकसेवा आयोग प्रादेशिक लोकसेवा आयोगको पनि अव मापदण्डका आधारमा चाई हामीले कैयौं कुराहरू यहाँ चाई त्यो ईन्क्लुड गर्नुपर्ने वाध्यात्मकता चाई अथवा प्रस्ताव गर्नुपर्ने एउटा संवैधानिक कानूनी वाध्यताको कारणले गर्दाखेरी त्यो स्पेश चाई हामलाई चाई धेरै उपलब्ध भको छैन र यसमा पनि हामीले अव खासगरी ब्यूरोक्रेसिलाई अथवा हाम्रा प्रादेशिक संरचनाहरूलाई हामी अहिले चाई भारीभरपम आफ्नो वोझले आफैं मतलव थला पर्ने प्रकारको नभएर त्यलाई चाई चुस्त कामयावि चाई संरचनाका रूपमा हामी यलाई चाई प्रदेशका संरचनाहरू अहिले स्थापित गर्न खोजिरहेका छौं । वरु हाम्रा संरचनाहरूलाई अफिसियल बनाउने तर चाई तपाईंको संख्यात्मकतालाई भन्दा गुणात्मकतालाई मात्रात्मकतालाई भन्दा गुणात्मकतालाई चाई हामले स्ट्रेश दिने भनेर हामले त्यसरी चाई सरकारको नीति पनि रहेको आको रहेको छ। लाग्छ मलाई यई अनुसार चाई नीति रहेको छ । त्यई अनुसार हामी अगाडि वढनुपर्ने हुन्छ । अव करार सेवा सम्बन्धी पनि विषय उठाउनु भाछ वास्तवमा यो महत्वपूर्ण विषय छ कि अव करारमा चाई अव स्थायी पदपूर्ति नहुन्जेल करार चाई यो लोकसेवाले चाई लिन सक्ने व्यवस्था चाई यसमा समावेश गर्दाखेरी चाई बेटर हुन्छ । यो उपयुक्त हुन्छ। त्यो हामी दफावार छलफलका क्रममा पनि हामी त्यति वेला चाई यहाँहरूले संशोधन चाई त्यतिवेला अव संशोधनको अवधिमा राखु हुनेछ । अरु थुप्रै केई टेक्निकल कुराहरू छन्। अव यो टेक्निकल विषयहरू चाई हामी क्रमश मैले भनिहाले यसका अरु सिलसिलाहरू प्नि छन् । त्यो सिलसिलामा चाई हामी सम्वोधन गर्ने छौं । र अरु केई समसामयिक विषयहरू हामी अर्को यहाँहरूले उठान गर्नुभाका चाई समसामयिक विषयहरू छन् । र त्यो विषयहरूको जवाफ चाई सरकारले अरु प्रक्रियामा चाई यहाँहरूलाई दिने छ । भन्दै म आफ्नो प्रष्टिकरण यही टुङग्याउदछु । धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री महेन्द्र बहादुर शाहीको तर्फबाट कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले सभामा प्रस्तुत गर्नु भएको प्रदेश लोकसेवा आयोगको काम, कर्तव्य र अधिकारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि सैद्धान्तिक छलफल समाप्त भएको जानकारी गरायछु । माननीय सदस्यहरू कर्णाली प्रदेश सभा

वियमावली, २०७४ को परिच्छेद १५ को नियम १०९ को उपनियम १ अनुसार प्रदेश लोकसेवा आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा संशोधनको सूचना पेश गर्न चाहनुहुने माननीय सदस्यहरूलाई ७२ घण्टाको समय सीमा प्रारम्भ भएको व्यहोरा जानकारी गराउँछु । माननीय सदस्यहरू अव यो बैठक २०७५ साल चैत्र २६ गते मंगलवार दिनको १ वजे सम्मको लागि स्थगित हुन्छ ।

# कर्णाली प्रदेश सभा
## तेश्रो अधिवेशन
## कार्यवाहीको सम्पुर्ण विवरण
## २०७५ चैत्र २६ गते
## मङ्गलबार
## (बैठक संख्या-११)

राष्ट्रिय धुन,

**माननीय सभामुख** :माननीय सदस्यहरू कर्णाली प्रदेश प्रदेश सभाको हिउँदे अधिवेशनको ११ औं बैठकको कारवाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरू कर्णाली प्रदेश सभा नियामावली, २०७४ को परिच्छेद-९ प्रश्न र ध्यानाआर्कषणको नियम ३९ बमोजिम प्रश्न सोध्न सक्ने व्यवस्था अनुसार समय निर्धारण गरेकोमा सो व्यवस्थालाई आजको कार्य सूचीबाट हटाएको छु। माननीय सदस्यहरू प्रदेश, प्रदेश सरकार मार्फत् सरोकारवाला निकायहरूको ध्यानार्कषण गराउनु पर्ने विषयहरूमा आफ्नो भनाई राख्न व्यवस्था गरेको छु। सर्वप्रथम माननीय गुलाब जङ्ग शाह

**माननीय गुलाब जङ्ग शाह**:माननीय सभामुख ज्यू समयको लागि आभार प्रकट गर्न चाहन्छु सभामुख महोदय आज खास गरी म यो कर्णाली प्रदेश मा जुन खालको असीना पानी,हावाहुरी, बतासले जुन खालको क्षेती पुऱ्याएको छ यो क्षेतीलाई यथासक्य ढङ्गले कर्णाली प्रदेश सरकारले समयमै किसानहरूलाई न्यायोचित ढङ्गले राहत उपलब्ध गराओस भन्ने ढङ्गले सभामुख मार्फत् कर्णाली प्रदेश सरकारलाई भन्न चाहन्छु । कि खास गरी कर्णाली प्रदेशका जाजरकोट, सल्यान, डोल्पा, सुर्खेत, दैलेख तमाम जिल्लाहरू मा भरखरै मात्र हिजो र अस्ती मात्रै गएको असीनापानीले ठूलो क्षती पुऱ्याएको छ । खास गरी दैलेखमा ठाटिकाँध गाउँपालिकाको १,२,४,६ वडाहरूमा चामुन्डा नगरपालिकाको १,५,६ वडाहरूमा गुराँस गाउँपालिका १,३,४,६,७,८ को पूर्ण क्षतिनौमूले चौराठामा १,२,७,८ नारायण नगरपालिकाको ९ नं.वडाको पूर्ण क्षति भएको छ माहाबु मा ५,६ भगवतीमायीको १,२ मा पूर्ण क्षेति भएको छ त्यसै गरी जाजरकोटमा पनि ठूलो क्षेति भएको छ । खास गरी दैलेख को ठाटिकाँधमा १,२,४,६ मा पूर्ण क्षेति भएको छ । त्यसैले रुकुम जिल्लाको पनि विभिन्न गाउँपालिका नगरपालिकाहरूमा ठूलो क्षेति पुऱ्याएको हामीलाई जानकारी प्राप्त भएको छ । त्यसै गरी रुकुममा सानी भेरीमा सानी भेरी ५ नम्बरवडामा चट्याङ्गले एउटा पहिलामान बस्नेतको घरमा चट्याङग परेर एक जना मेम बहादुर बस्नेत मेम बहादुर बस्नेत लगायत ३ जना मान्छेहरू घाइते भएका छन् । सोहि स्थानमा ३ वटा भैसी पनि मरेको खबर छ त्यसै गरी रुकुमका मुसीकोट नगरपालिका मा ८,९, १०,११ मा त्यस्तै चौरजहारी,वाफिकोट, त्रिवेणी, सानी भेरीलगायत गाउँपालिकाहरूमा ठूलो क्षेति भएको छ। मेरो भनाईको अर्थ के भन्दा हामीले जसरी पूर्व को २ नं. प्रदेशमा सरकारले हाम्रो कर्णाली प्रदेशले राहत उपलब्ध गराएर वास्तवमा

धन्यवादको पात्र बनेकै छ तर त्यसको लागि म सरकारलाई धन्यवाद र आभार प्रकट गर्न चाहन्छु तर हामीले एउटा प्रदेशमा हामीले राहत उपलब्ध गरायौं ।

आफ्नै प्रदेशमा यत्रो ठूलो धन जनको क्षति हुदाँ पनि सरकारले यथोचित ढङ्गले, जनताले महशुस हुने गरी, किसानहरूले राहत उपलब्ध हुने गरी, दुई खालको ढङ्गले राहत उपलब्ध गराओस् भन्न चाहन्छु । यस मानेमा कि बास्तवमा तत्कालिन रूपमै कति ठूलो क्षति भको छ वास्तवमा सरकारको आफ्नो हिसाबकिताब आकलन गरिकन ततकालै क्षतिर्पुतीको व्यवस्था पन गर्नु पर्‍यो । अझ यसलाई व्यवस्थित गर्नको लागि यसलाई व्यवस्थित अझ मजवुतर दिर्घकालिनरूपमा यस्ता राहतलाई घोटाला नहुने गरिकन, म भन्न चाहन्छु कि सरकार तत्काल समिति गठन गरोस् । जाँचबुझगरोस् यथासक्य रिपोर्टल्याओस् वास्तवमा त्यसैले गर्दा सरकार छभन्ने कुरा अनुभूति गरी सरकारले काम गरा होस् सभामुख ज्यूबाट भर्न चाहन्छु खास गरी मैले अर्का प्रश्न गर्न चाहन्छु गत वर्ष ७१ सालको कुरा हो । ठूलो बाढीले क्षति पुर्‍याएको छ सुर्खेत जिल्लामा खास गरी त्यसको ठूलो असर परेको छ । हामीले एउटा सामाजिक कामको सिलसिलामा सुर्खेतको पश्चिम भू-भागमा हामी त्यसलाई अवलोकन गर्ने अवसर मिल्यो हामीले त्यहाँ गएर हेर्ने हो भर्ने जुन मान्छेहरू पहिला यथोचित ढङ्गले बस्तीमा बसोबास गरिरहेकाथिएँ । ती मान्छेहरू बस्ती उजाड भएर जसरी अस्थायी पाल टागेर बसाईएको छ, बसेको छ । साच्चै कल्पना गर्ने हो भने हामीसँग मानवीय समवेदना छ कि छैन एकपटक घोतलिएर हेर्नुपर्ने अवस्था छ ।ती मान्छेहरूले के खान्छन् होला, पानी आएको बेला कसरी ओत लिन्छन् होला, अझ शिक्षा, स्वास्थ्य भौतिक आवश्यकताका कुरा छौंडौं पानी आएको कहाँ ओत लिन्छन् । दिनहु दिन ढङ्गले कसरी आफ्नो ढङ्गले जीवन निर्वाह गरिरहेको होलान् त्यसैले पनि हामीले आफ्नो प्रदेश भित्रै सहयोग गर्‍यौं सरकारलाई धन्यवाद छ । २ नम्बरलाई हामीले एक करोड रूपैया उपलब्ध गरायौं धन्यवाद तर आफ्नै प्रदेश भित्रबाट हाम्रै आँखा अगाडि भका जनतालाई हेर्ने दृष्टिकोणमा सरकारको बदलाप आनुपर्‍यो सरकारलाई जोरदार रूपले माग गर्न चाहन्छु । गतवर्ष यस्तै ढङ्गले रुकुमको आठबिसकोटमा भाद्र महिनामा हो क्यारे त्यहाँ ४२ घर क्षति भयो पूर्ण क्षति भो पूर्ण क्षति भो सरकारले राहत उपलब्ध गरायो तर राहत प्रयाप्त भएन यस्ता ढङ्गले पनि सरकारले सरकार भएको अनुभूति गरोस म जोरदार रूपले माग गर्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुखः** अब माननीय श्री हिम बहादुर शाही

**माननीय श्री हिम बहादुर शाही :** सभामुख महोदय, सर्वप्रथम मैले प्रदेश सभाको १० औं बैठकमा पनि यी कुराहरू उठाई सकेको छु ।म भन्दा पूर्ववक्ता माननीयज्यूहरूले पनि यसै बारेमा धेरै कुरा उठाउनु भएको छ । कर्णाली प्रदेश भित्र यसै हप्ताको केही दिन अगाडि र हिजो सम्मनको असिना पानी ले जुन पुर्‍याएको क्षेति छ त्यसको बारेमा सरकारको आधिकारीक धारणा के हो ? सरकारको आन्तरिक आधिकारीक धारणा अवस्य पनि यो गरीमाय संसदको अगाडि स्पष्ट आउनु पर्दछ। केवल क्याविनेटको मिटीङ

भनेर, क्याविनेटमा निर्णय गरेर, कागजमा निर्णय गरेर यस कुरालाई स्पष्ट भएको भन्न सकिदैन। यसैले सरकारको आधिकारिक धारणा स्पष्ट गरीमामय सदनलाई के छ राहतको व्यवस्था ? मलाई लाग्छ दैलेख जिल्लाको करिब करिव दुई हजार देखि बाइस सय घर र परिवार अट्ठाइस हजार देखि पच्चिस हजार जनसङ्ख्या अबको १० दिन पछि उनको चुल्होमा साथ कुनै अनाजको माना पनि त्यो ताउलोमा हो की कराईमा हो पर्नेवाला छैन । अब को १०– १५ दिन भित्र मा त्यो नयाँ खेतिको चाहिने आर्जन गरेर पकाएर खाने थिएँत्यो सबै बन्द भयो । पूर्ववक्ता माननीयले भने जस्तै अनुगमन टोली गठन गर्ने हो, या समिति गठन गर्ने हो, या सरकार आफैं गएर कुनै जादूमन्त्र लिएर निरीक्षण गर्ने हो । यसको लागि सरकारको अवश्य पनि अधिकारीक धारणा यस प्रदेश सभामा अनिवार्य आवस् भनेर म जोडदार सभामुख महोदय मार्फत् सरकारको ध्यानाकर्षण गर्दछु माग राख्दछु । अब अन्य कुराहरू वारम्वार बोलेको छन् । कर्णाली प्रदेश ले हामीले समाजवाद, समृद्धि प्रदेश भनेउ सबै प्रदेशको धनी प्रदेश भनेउ, भविष्यको सुनको हिराको खानी भएको प्रदेश भनेउ, डिजिटल प्रदेश भनेउ, प्राङ्गारिक प्रदेश भनेउ, यो डिजिटल प्रदेश, प्राङ्गारिक प्रदेशको Framework के हो सरकारको केवल एउटा मिठासको भावना मात्र हो। एउटा शब्द मात्र झुन्ड्यायको हो भन्ने प्रतिपक्षको हैसियतले नेपाली काङ्ग्रेले यस बारे धेरै भन्नु छैन तर स्पष्ट रूपमा सरकारको कर्णाली प्रदेश सरकारको Framework के हो ? यस विषयमा स्पष्टरूपमा Digital प्रदेश र प्राङ्गारिक यो गरीमामय सदनलाई जानकारी गर्नु पर्दछ र त्यसलाई सफल गराउनको निम्ति हामी निरन्तर क्रियाशिल रहने कुरा म आज गर्दछु अर्को कुरा ७४-७५ को बजेट पनि त्यस्तै नै भयो र अहिले ७५-७६ को बजेट पनि आर्थिक वर्ष ७५-७६ पनि मलाई जानकारी भए अनुसार समाजिक मन्त्रालयले छुट्याएको बजेट शिक्षा र स्वास्थ्यमा मात्र केही कार्यान्वयन रूपमा अगाडि लागि गएको छ । जे जति त्यो अगाडि गएको भन्ने कुरा मैले जानकारी पाएको छु । साथै आज विहान मात्रै स्वास्थ्य स्वास्थ्यको के रे प्रदेश स्तरीय स्वास्थ्य कार्यालाय भवन निर्माण हेरेर आए कालागाउँबाट खुसी नै व्यक्त गरे तर राज्यबाट आएको बजेट सरकारको खल्तीको नगद होइन । राज्यबाट प्राप्त जनताको लागि मानवहित र कल्याणको लागिआएको बजेट सरकारको खल्तिको नगद होइन । किन ? पूँजीगत रकमलाई आज नेल हतकडी लगाएर कर्णाली प्रदेशले बन्द गरी राखेको छ । आज मलाई लाग्छ अवश्य पनि कर्णाली प्रदेश सरकारले पूँजीगत बजेटलाई नेल हतकडी लाएर साधारण बजेटमा मात्र अमनचयन काम गर्ने काम भइराखेको छ । यसको लागि सरकारकोअवश्य पनि गम्भिर ध्यानाकर्षण गर्दै आगामी दिनमा यसबारेमा नेपाली काङ्ग्रेस प्रतिपक्ष दलको हैसियतले आफ्ना कदम उठाउन जानकारी गर्दछु । घन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू कर्णाली प्रदेश स्वयंसेवक परिचालन सम्बन्धमा व्यवस्था गर्नबनेको विधेयक माथि सैद्यान्तिक छलफल समाप्त भई सो विधेयक माथि

संशोधनको सूचना प्राप्त भएकाले कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय दल रावललाई कर्णाली प्रदेश सभा नियामावली, २०७४ को नियम १०७ बमोजिम प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

**सामाजिक विकास मन्त्री माननीय दल रावलः** माननीय सभामुख ज्यू, प्रदेशमा स्वयंसेवक परिचालन गरी प्रदेशमा स्वयंसेवाको माध्यमबाट युवाहरूको सीप र क्षमताको प्रयोग गरी प्रदेशको भौतिक पूर्वाधार तथा सामाजिक क्षेत्रकोविकासमा योगदान पुऱ्याउन कानुनी व्यवस्था गर्न आवश्यक भएकोले सम्मानित सभामा प्रदेश सरकारका तर्फबाट पेश भएको कर्णाली प्रदेश स्वयंसेवक परिचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा सैद्धान्तिक सो विधेयकमाथि माननीय सदस्यहरू संशोधनको सूचना प्राप्त भएकोले उक्त विधेयक छलफलका लागि कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १०७को उपनियमको १ को (ख) बमोजिम सामाजिक विकास समितिमा पठाउन सभा समक्ष प्रस्ताव गर्दछु । धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरू कर्णाली प्रदेश स्वयंसेवक परिचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि थप छलफल गर्न आवश्यक भएकाले सामाजिक विकास समितिमा पठाउन उपयुक्त छ भनि कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री दल रावलले राख्नु भएको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ कर्णाली प्रदेश स्वयंसेवक परिचालन तथा व्यवस्था गर्न बनेको विधेयकमा थप छलफल गर्न आवश्यक भएकाले सामाजिक विकास समितिमा पठाउन उपयुक्त छ भनि कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीयश्री दल रावलले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु । माननीय सदस्यहरू कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई पहिलो संशोधन गर्न बनेको विधेयक माथि सैद्धान्तिक छलफल समाप्त भई सो विधेयक माथि संशोधनको सूचना प्राप्त भएकाले कर्णाली प्रदेश सरकारका आर्थिक मालिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाको तर्फबाट माननीय कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्रीदल रावललाईप्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

**सामाजिक विकास मन्त्री माननीय दल रावल** ःमाननीय सभामुख ज्यू, प्रदेश संचित कोषवा सरकारी कोषको सञ्चालन, बजेट तर्जुमा,निकासा तथा खर्च गर्ने, लेखा राख्ने, प्रतिवेदन गर्ने, आन्तरिक नियन्त्रणको व्यवस्था मिलाउने, आन्तरिक तथा अन्तरिम लेखा परीक्षण गर्ने वा गराउने, बेरुजु फछ्र्यौट गराउने लगायतका विषयहरूलाई संशोधन र परिमार्जन

गरी समसामयीकबनाउन आवश्यक भएकोले सम्मानित प्रदेश सभामा प्रदेश सरकारको तर्फबाट पेश भएको कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४लाई पहिलो संशोधन गर्न बनेको विधेयक माथि सैद्धान्तिक छलफल भई सो विधेयक माथि माननीय सदस्यहरूको संशोधनको सूचना प्राप्त भएकाले उक्त विधेयक छलफलका लागि कर्णाली प्रदेश सभा नियमावली, २०७४को नियम १०७को उपनियम १ को (ख) बमोजिम अर्थ तथा प्राकृतिक स्रोत समितिमा पठाउन सम्मानीत सभा समक्ष प्रस्ताव गर्दछु । धन्यवाद।

**माननीय सभामुखः** माननीय सदस्यहरू कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई पहिलो संशोधन गर्न बनेको विधेयक माथि थप छलफल गर्न आवश्यक भएकाले अर्थ तथा प्राकृतिक स्रोत समितिमा पठाउन उपयुक्त छ भनि कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाको तर्फबाट कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्रीमाननीय श्री दल रावलले राखु भएको प्रस्ताव निर्णयार्थप्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला ।

यो प्रस्तावको विपक्षमा हुने माननीयहरूले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला ।

यस प्रस्तावको विपक्षमा हुने माननीयहरूले हुन्न भन्नु होला ।

हुन्न भने आवाज सुनिएनतसर्थ कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई पहिलो संशोधन गर्न बनेको विधेयकमा थप छलफल गर्न आवश्यक भएकाले अर्थ तथा प्राकृतिक स्रोतमा पठाउन उपयुक्त छ भनि कर्णाली प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाको तर्फबाट कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री दल रावलले राखु भएको प्रस्ताव सर्वसम्मतले पारित भएको घोषणा गर्दछु ।माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सहकारी विधेयक, २०७५ माथि संशोधन प्रस्ताव परी सामाजिक विकास समितिमा छलफल भए पश्चातका निर्णय र प्रतिवेदन कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम ११८मा भएको व्यवस्था अनुसार सभा समक्ष राख्न समितिका अध्यक्ष माननीय श्री राजु नेपालीलाई समय दिन्छु ।

**माननीय श्री राजु नेपालीः** माननीय सभामुखज्यू, २०७५ साल श्रावण २५ गते बसेको सभाको बैठकको निर्णयानुसार कर्णाली प्रदेश सहकारी विधेयक, २०७५ माथि प्राप्त संशोधनसहित दफावार छलफल गरी समितिको निर्णयसहितको प्रतिवेदन प्रदेश सभामा पेश गर्न यस समितिमा प्राप्त भएकोमासो विधेयकमाथि जनताको राय, सुझाव र परामर्श संकलन गर्नको लागि समितिको मिति २०७५ भदौ २ गतेको निर्णयानुसार मिति २०७५ भदौ ११ गते रुकुम पश्चिम र भदौ १४ गते जुम्लामा र मिति २०७५ असोज २ गतेको निर्णयानुसार असोज ७ गते सुर्खेतमा कर्णाली प्रदेशका जुम्ला, कालिकोट, दैलेख, सुर्खेत, सल्यान र जाजरकोट जिल्लाका अगुवा सहकारीकर्मीहरूमाझ उक्त विधेयक उपर सुझाव संकलन कार्यक्रम सञ्चालन गरियो ।

विधेयकमाथि दफावार छलफलल गर्नकोलागि समितिको मिति २०७५ असोज १४, १८, २२, २४, फागुन ११, १२ र १३ गते छलफलमा व्यतित भयो ।

दफावार छलफलमा माननीय सदस्यहरूले बोल्नेक्रम समाप्त भएपछि सो विधेयक टेबुल गर्नुभएका माननीय मन्त्री र संशोधानको सूचना दर्ता गर्नुभएका माननीय सदस्यहरूसँग समेत छलफल गरी समितिको अन्तिम बैठकले प्रस्तावित संशोधन तथा अन्य सम्बद्द विषयवस्तु सहित विधेयकको आवश्यकता, महत्व र औचित्यको आधारमा देहायबमोजिम संशोधन गरी अन्तिम रूप दिई सोही व्यहोराको प्रतिवेदन माननीय सभामुखज्यू समक्ष पेश गर्ने निर्णय भएकोले माननीय सभामुखज्यूको अनुमतिले उक्त संशोधन सहितको प्रतिवेदन पेश गर्दछु। विधेयकको प्रस्तावनामा रहेको सहकारी मूल्य, मान्यता र सिद्दान्त अनुरूप प्रदेश भित्रका कृषक, कालिगढ, श्रमिक, न्यून आय समूह एवं सीमान्तकृत समुदाय वा सर्वसाधारण उपभोक्ता माझ छरिएर रहेको पुँजी, प्रविधि तथा प्रतिभालाई स्वावलम्बन र पारस्परिकताका आधारमा एकीकृत गर्दै सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्न, समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र स्वशासित सँगठनको रूपमा सहकारी संस्थाहरूको प्रवर्धन गर्न, सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट सामाजिक न्यायका आधारमा आत्मनिर्भर, दिगो समाजवाद उन्मुख प्रादेशिक अर्थतन्त्रको विकास तथा सुशासनको सुनिश्चिताद्वारा सहकारीलाई सुदृढ तुल्याउन सहकारी संघसंस्थाहरूको दर्ता, सञ्चालन एवम् नियमन सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान धारा १९७ बमोजिम कर्णाली प्रदेशसभाले यो ऐन बनाएको छ।" भन्ने शब्दहरूको सट्टा "सहकारी मूल्य, मान्यता र सिद्दान्त अनुरूप प्रदेश भित्रका कृषक, कालिगढ, श्रमिक,न्यून आय समूह एवं सीमान्तकृत समुदाय वा सर्वसाधारण उपभोक्ता माझ छरिएर रहेको श्रम, सीप र पूँजीलाई एकीकृतरूपमा परिचालन गरी समाजमा रहेको गरीवी, बेरोजगारी र सामाजिक विभेदको अन्त्य गर्न, प्रदेशको आर्थिक विकासमा सहकारी क्षेत्रको योगदान अभिवृद्धि गर्न, सहकारीका सर्वमान्य सिद्दान्तहरूको अनुसरण गर्दै सुशासनको माध्यमबाट सहकारी क्षेत्रलाई दीगो र भरपर्दो बनाउन, विभेदरहित ढङ्गले सबै किसिमका सहकारी उद्योग व्यवसायहरूको स्थापनालाई मार्ग प्रशस्त गर्न, व्यवस्थापनमा सदस्यहरूको नियन्त्रणको संरक्षण र सम्वर्धन गर्दै स्वायत्त, स्वतन्त्र र स्वनियमनको सफल अभ्यासलाई आत्मसात गरी सक्षम र सवल सहकारी अभियानको विकास गर्न सहकारी संघसंस्थाहरूको दर्ता, सञ्चालन एवम् नियमन सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा १९७ ले दिएको अधिकारी प्रयोग गरी कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ।" भन्ने शब्दहरू राख्ने ।

विधेयकको दफा २ को (१) खण्ड (घ) को धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा भन्ने शब्दहरू पछि बाजे, बज्यै भन्ने शब्दहरू थप्ने । (३) खण्ड (ढ) को सहकारी संस्थाको भन्ने शब्दपछि शेयर भन्ने शब्द थप्ने ।

विधेयकको दफा ३ को (१) उपदफा (१) को कम्तीमा भन्ने शब्दपछि रहेको तीस सट्टा पच्चिस भन्ने शब्द राख्ने । (२) उपदफा (२) को श्रमिक, युवा भन्ने शब्दपछि रहेको लगायतले भन्ने शब्दको सट्टा लक्षित समुहहरूले भन्ने शब्द राख्ने ।

विधेयकको दफा ५ को उपदफा (१) को कम्तीमा सात वटा संस्थाहरू आपसमा मिलि जिल्ला भन्ने शब्दहरूपछि रहेको विषयगत भन्ने शब्द हटाउने ।

विधेयकको दफा ८ को (१) उपदफा (१) को दफा १३ बमोजिम दर्ता भएका कम्तीमा भन्ने शब्द पछि रहेको पच्चीस भन्ने शब्दको सट्टा दश भन्ने ब्द राख्ने र जलविद्दयु आयोजना पछि रहेको रासायनिक भन्ने शब्दको सट्टा प्राङ्गरिक भन्ने शब्द राख्ने ।

विधेयकको दफा १० को (१) उपदफा (२) को राष्ट्रिय सहकारी बैंक भन्ने शब्दपछि प्रदेशभित्र शाखा विस्तार गर्दा प्रदेश सरकारको स्वीकृति लिनुपर्नेछ भन्ने शब्द राख्ने ।

विधेयकको दफा २० को (१) उपदफा (२) को भन्ने शब्द राखु पर्नेछ पछि तर, यो ऐन बमोजिम दर्ता भएको सहकारी वाहेक अरू कुनै व्यक्ति, फर्म वा कम्पनी वा अन्य कानून बमोजिम दर्ता हुने कुनै सँगठित संस्था वा निकायले आफ्नो नाममा सहकारी शब्द वा सो शब्दको अंग्रेजी रुपान्तर प्रयोग गरी कुनै कार्य गर्न गराउन पाउने छैन। भन्ने शब्दहरू थप्ने (२) उपदफा (३) थप गरी उक्त दफामा जिल्ला सहकारी संघ र प्रदेश सहकारी संघ गैह्न नाफामूलक संघ हुनेछ भन्ने थप्ने ।

विधेयकको दफा २४ सदस्यको हीत भन्ने शब्दको सट्टा सदस्य र संस्थाको भन्ने शब्द थप्ने

विधेयकको दफा २७ को (१) उपदफा (१) को आन्तरिक कार्यविधि संशोधन हुन सक्नेछ पछि तर विनियम पुनर्लेखनको हकमा साधाराण सभाको कुल सदस्य संख्याको दुई तिहाईबाट अनुमोदन गराउनुपर्नेछ भन्ने शब्दहरू थप्ने। (२) उपदफा (२) को बमोजिम संशोधन भन्ने शब्दपछि वा पुनर्लेखन भन्ने शब्दहरू थप्ने । (३) उपदफा (३), (४), (५) र (६) निम्नानुसार थप्ने (३) उपदफा (२) बमोजिम सहकारीले रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारी समक्ष स्वीकृतिका लागि पेश गरेको विनियम बढिमा ३० दिनभित्र यो ऐन वा यो ऐन अन्तर्गतको नियमावली वा मापदण्ड बमोजिम भए नभएको जाँची स्वीकृत गर्ने वा कारणसहित अस्विकृत गरी जानकारी गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सहकारीले स्वीकृतिका लागि पेश गरेको विनियम रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीबाट अस्विकृत भएमा सो माथि रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारी भए रजिष्ट्रार समक्ष र रजिष्ट्रार भए मन्त्रालयमा १५ दिन भित्र पुनरावेदन गर्न सकिनेछ ।

५)उपदफा(४)बमोजिमपरेकोपुनरावेदनउपर२१दिनभित्रनिर्णयगरीस्वीकृतगर्नुपर्नेभएसोहीबमोजिमरजिष्ट्रारवारजिष्ट्रारबाटअधिकारप्राप्तअधिकारीलाईनिर्देशनदिनेवाअस्वीकृतगरेको ठीकभएसोहीबमोजिमसम्बन्धितसहकारीलाई जानकारी गराउनु पर्नेछ।

(६)विनियमस्वीकृतिसम्बन्धीअन्यव्यवस्थातोकिएबमोजिमहुनेछ।

विधेयकको दफा २८ को (१) उपदफा (१) को सोह्र वर्ष भन्ने शब्दहरूको सट्टा अठार वर्ष भन्ने शब्दहरू थप्ने । (२) उपदफा (१) को खण्ड (ख) कम्तिमा एक शेयर शब्दको सट्टा एक कित्ता शेयर भन्ने शब्द थप्ने ।

विधेयकको दफा ३० को (१) उपदफा (१) को एक स्थानीय भन्ने शब्दहरूको सट्टा प्रदेश भन्ने शब्द राख्ने ।

विधेयकको दफा ३२ को (१) उपदफा (१) को खण्ड (घ) झिकिएको छ । (१) उपदफा

(३) को यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि साधारण सभा बोलाउने निर्णय भइसकेपछि साधारण सभा सम्पन्न नभएसम्म कसैलाई पनि सदस्यताबाट हटाउन सकिने छैन भन्ने शब्दहरूको सट्टा यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि साधारण सभा बोलाउने निर्णय भइसकेपछि साधारण सभा सम्पन्न नभएसम्म कसैलाई पनि सदस्यताबाट हटाउन वा सदस्यता दिन सकिने छैन भन्ने शब्दहरू राख्ने ।

विधेयकको दफा ३८ को उपदफा (५) दुई हजार वा सोभन्दा बढी सदस्य भएको संस्थाले साधारण सभा गर्दा समान कार्यसूचीमा तोकिए बमोजिम सदस्य संख्याको आधारमा स्थानीय तहहरूको वडा वडा वा अन्य पायकको स्थानमा संचालक सदस्यहरूलाई पठाई साधारण सभा गर्न र त्यस्तो सभाको निर्णय प्रमाणित गर्न प्रतिनिधिहरू छनौट गरी त्यस्ता प्रतिनिधिहरूको उपस्थितिको सभाले अन्तिम निर्णय प्रमाणित गर्ने व्यवस्था मिलाउन सक्नेछ भन्ने शब्दहरूको सट्टा भौगोलिकविकटतारदूरीतथापाँचसयवासोभन्दाबढीसदस्यभएकोसंस्थालेसाधारणसभागर्दातोकिएबमोजिमप्रतिनिधित्वमूलकसाधारणसभागर्नसक्नेछन्तर,
यस्तोप्रतिनिधितोक्नगरिनेसदस्यहरूकोभेलामासोक्षेत्रमारहेकासदस्यहरूकोउपस्थिति५१ प्रतिशतअनिवार्यहुनुपर्नेछ।

विधेयकको दफा ३९ को (१) उपदफा (१) को सहकारी संस्थामा साधारण सभाबाट निर्वाचित एक सञ्चालक समिति रहनेछ भन्ने शब्दहरूको सट्टा सहकारीमा साधारण सभाबाट निर्वाचित कम्तीमा ७ जना र बढिमा १५ जना सम्मको एक सञ्चालक समिति रहनेछ भन्ने शब्दहरू राख्ने ।

(२) उपदफा (७) को चार भन्ने शब्दको सट्टा तीन भन्ने शब्द राख्ने ।

विधेयकको दफा ४३ को उपदफा (१) को खण्ड (छ) थप गरी विना कुनै सूचना र वस्तुगत आधार विना बैठकमा लगातार तीन पटकसम्म अनुपस्थित भएमा भन्ने शब्दहरू राख्ने ।

विधेयकको दफा ४८ को (२) उपदफा (३) को सहकारी संस्थाले सदस्यलाई प्रदान गर्ने ऋणमा सेवा शुल्क र नवीकरण शुल्क रजिष्ट्रारले अन्यथा तोकेमा वाहेक संस्थाको कार्यविधिमा तोकिए बमोजिम हुनेछ भन्ने शब्दहरूको सट्टा सहकारीले सदस्यलाई प्रदान

गर्ने ऋणमा एक पटक बढिमा एक प्रतिशत सम्म सेवा शुल्क लिन सक्नेछ भन्ने शब्दहरू राख्ने।

विधेयकको परिच्छेद ८ को सहकारी बैंक सम्बन्धी व्यवस्था भन्ने शब्दको सट्टा प्रदेश सहकारी बैंक सम्बन्धी व्यवस्था भन्ने शब्दहरू राख्ने ।

विधेयकको दफा ६१ को (१) उपदफा (२) को उपदफा (१)माजुनसुकैकुरालेखिएकोभएतापनिसहकारी संस्थाले एकै सदस्यलाई आफ्नोकूलशेयरपूँजीको बीस प्रतिशतभन्दाबढीहुनेगरीशेयरबिक्रीगर्नसक्नेछैन।तर, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहकोपूर्णवाआंशिकस्वामित्व वा नियन्त्रण भएकोसंस्था वा निकायकोहकमायोबन्देजलागूहुनेछैनभन्ने शब्दहरूको सट्टा उपदफा (१)माजुनसुकैकुरालेखिएकोभएतापनिसहकारीलेआफ्नोकूलशेयरपूँजीकोदशप्रतिशतभन्दाबढीहुने गरीशेयरबिक्रीगर्नसक्नेछैनतर, सरकार (संघ, प्रदेशरस्थानीयतह)वासरकारकोपूर्णवाआंशिकस्वामित्वभएकोसंस्थाकोहकमायोबन्देजलागूहुनेछैनभन्ने शब्दहरू राख्ने ।

विधेयकको दफा ९५ को (१) संघले निरीक्षण तथा अनुगमन गर्ने भन्ने शब्दहरूको सट्टा विषयगत संघले सुपरिवेक्षण गर्ने भन्ने शब्दहरू राख्ने (२) उपदफा (१), (२), (३) र (४) झिकिएको छ ।

(३) निम्नानुसार उपदफाहरू कायम गरिएको छ । (१) बचततथाऋणकोकारोबारगर्नेसहकारीकोजिल्लावाप्रदेशविषयगतसंघलेआफ्नासदस्यसहकारीहरूकोस्वीकृतकार्यविधिबमोजिमनियमितसुपरिवेक्षणगर्नुपर्नेछ।

(२)उपदफा (१)बमोजिमसुपरिवेक्षणगरिएकोसहकारीकोस्वीकृतकार्यविधिबमोजिमकोढाँचामाप्रतिवेदनकोएक प्रतिजिल्लाविषयगतसंघकोहकमाप्रदेशविषयगतसंघमारप्रदेशविषयगतसंघलेरजिष्ट्रारकोजानकारी कोलागिएकीकृतरूपमापठाउनुपर्नेछ।

(३) उपदफा(२)बमोजिमसंघलेअनुगमनगर्दाआफू मातहतकाकुनैसंस्थावासंघकोकामकारबाहीमाकुनैत्रुटीफेलापरेमात्यस्तोत्रुटीसच्याउनसम्बन्धित संस्थावासंघलाईसुझाववानिर्देशनदिनुपर्नेछरत्यस्तोसुझाववानिर्देशनकोपालनागर्नुसम्बन्धितसंस्था वासंघकोकर्तव्यहुनेछ।

(४) उपदफा (३) बमोजिमदिइएकोसुझाववानिर्देशनकोपालनानभएमारजिष्ट्रारवारजिष्ट्रारबाटअधिकारप्राप्तअधिकारी समक्षकारबाहीकोलागितत्कालैलिखितरूपमाजानकारीगराउनुपर्नेछ।

(५) उपदफा (१)बमोजिमबचततथाऋणकोकारोबारगर्नेसहकारीकोसुपरिवेक्षणगर्नेविधि, समय, प्रक्रिया, प्रतिवेदनमासमावेशगर्नुपर्नेविषय, सुपरिवेक्षणशुल्क, सुपरिवेक्षणगर्नेव्यक्तिवाकर्मचारीकोयोग्यता, सुपरीवेक्षककोजवाफदेहीतारउत्तरदायीत्व, सुपरिवेक्षणगर्नेव्यक्तिवाकर्मचारीकोआचरण, त्रुटीहरूसच्याउनदिइनेसमयसीमा,

कारबाहीकालागिसिफारिशगर्नुपर्नेविषयहरूआदिसमावेशभएको "सुपरिवेक्षणकार्यविधि"काआधारमासंघलेआफ्नासहकारीकोसुपरिवेक्षणगर्नेछ।

(६) उपदफा (५) बमोजिमतयारगर्नेकार्यविधिसाधारणसभामास्वीकृतिकालागिपेशगर्नुअघिरजिष्ट्रारबाटसैद्धान्तिकसहमतिलिनुपर्नेछ।

विधेयकको दफा १३० को नियम भन्ने शब्द पछि मापदण्ड एवं निर्देशिका भन्ने शब्दहरू थप्ने ।निर्णय गरी प्रतिवेदन पेश गरेको छु । हवस्त धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सरकारका भुमि, व्यवस्था कृषि तथा सहकारी मन्त्री माननीय श्री बिमला के.सी.लाई कर्णाली प्रदेश सहकारी विधेयक, २०७५ का सम्बन्धमा कर्णाली प्रदेश सभानियमावली, २०७४ को नियम १२० को उपनियम २ को खण्ड (क) बमोजिम समितिको निर्णय र प्रतिवेदनसहित विधेयकमाथि छलफल गरियोस् भनि सभा समक्षप्रस्ताव गर्न समय दिन्छु।

**भुमि, व्यवस्था कृषि तथा सहकारी मन्त्री माननीय विमला के.सी.:** माननीय सभामुख महोदय, सम्मानितसभामा प्रदेश सरकारका तर्फबाट पेश भएको कर्णाली प्रदेश सहकारी विधेयक, २०७५ प्रदेश सभाको बैठकबाट विषयगत समितिमा पठाउने निर्णय भएको र समाजिक विकास समितिमा छलफल भई सभामा प्राप्त भएकोले कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १२० को उपनियम (२) को खण्ड (क) बमोजिम प्रतिवेदन सहित विधेयक माथि सभामा छलफल गरियोस् भनि प्रस्ताव गर्दछु । धन्यवाद

**माननीय सभामुखः**माननीय सदस्यहरू कर्णाली प्रदेश सहकारी विधेयक, २०७५ मा सम्बन्धित समितिबाट प्राप्त प्रतिवेदन सम्बन्धमा कर्णाली प्रदेश सभा नियमावली, २०७४को नियम १२० उपनियम ८ बमोजिम छलफल गर्नका लागि समय निर्धारण गरेको छु। सर्वप्रथम माननीय श्री देवी ओलीसमय ७ मिनेट ।

**माननीय देवी ओलीः**सभामुख महोदय, सहकारी विधेयक, २०७५ सबै प्रक्रिया पुऱ्याएर प्रतिवेदनसमेत यहाँ आइसकेको छ। सर्वप्रथम भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री ज्यूलाई धन्यवाद दिन चाहन्छु । लामै समयसम्म जिल्ला-जिल्ला र तल-तल समुदायको बीचमा समेत पुगेर यो विधेयकको सुन्दरता बढाउनकोनिम्ति जुन खालको एउटा समयको व्यवस्थापन भयो र त्यो खालको प्रक्रिया अपनाइयो । त्यसै गरी अब सम्बन्धित समितिलाई पनि धन्यवाद दिन चाहन्छु ।सबैको सुझावबाट यल्लाई अलिकति सुन्दरता दिने कोसिस व्यापक रूपमा भएको छ । म पनि यो विधेयक माथिको एउटा संशोधनकर्ताको हौसियतले त्यो बैठकमा आफ्ना संशोधनका धारणाहरू छलफल गर्ने बैठकमा उपस्थित भएर त्यो मौका पाएको थियो ।त्यसरी हामीले छलफल गरेर आफ्ना विचारहरूसहकारी संस्थालाई कसरी राम्रो बनाउने भन्ने विषयमा राखेकै थिएँ र प्रतिवेदन आइसकेपछि केही विधेयकका आनुषङ्गिक सुधारहरू पनि त्यहाँ देखिएका छन् । यसलाई पुनः एक पटक हेरियोस र दोहोरो अर्थ अथवा जटिल अर्थ लाग्ने शब्दहरू अझै

सरलता बाउनु पर्छ भन्न चाहन्छु । त्यसै गरी मैले राखेको राखेको संशोधनका दफाहरू मध्ये दफा ३० मा सदस्यता सम्बन्धीको व्यवस्था छ र संघीय सहकारी विधेयकमा पनि हामीले हेरौं। समितिका अध्यक्षज्यू लगायत सबैले हेर्नु भो, मन्त्री ज्यूले पनि हेर्नु भो र बाजिन्छ भन्ने तर्क पनि आयो मैले पनि हेरे र संघीय सहकारी विधेयक विधेयकमा भनिएको छ । त्यहाँ पनि एकै स्थानीय तहमा एकै समयमा एकै प्रकृतिको सहकारी संस्थाको दुई ठाउँमा सदस्यता लिन नपाइने भन्या छ ।फरक प्रकृतीको पाउने नै भनेको छ र यसो हेर्दा खेरी यहाँ बाझिन्छ भन्ने तर्क पनि व्यापकरूपमा उठेको छ । त्यो कुरालाई मैले मान्दछु तर मेरो सरोकार कहाँनिर छ भने नेपालमा सहकारी संस्थाको अथवा सहकारी अन्दोलन जति खेर सुरु भयो । यहाँसम्म आउँदा हामीले सभामुख महोदय २०७२ सालको सहकारी रजीष्ट्रार कार्यालयको विवरण हेर्दा खेरी पनी बत्तिसहजारसम्म सहकारी संस्थाहरू पुगीसकेका छन्। हाम्रो नेपाली प्रवृत्ती कस्तो देखियो भनेपछि सहकारी संस्थाको सङ्ख्या मात्र बढाउने र त्यसमा आफ्नो लगानी र आफ्नो जीवनस्तर परिवर्तन गर्ने तिर ध्यान नगएको यो नेपाली एउटा चरित्रमा हामीले यो कर्णाली प्रदेशबाट केही सुधार गर्न सक्छौं कि त्यो कोसिस गरौं भन्ने मान्यताका आधारमा मैले यो दोहोरो सदस्यता हामीले कडाई गर्नुपर्छ भन्ने मेरो संसोधन थियो ।यसलाई समितिले संशोधन दर्ज गर्न सकेन त्यस कारण भोलिका दिनहरूमा पनी यो दोहोरो सदस्यताले गर्दा खेरी आउने सहकारी संस्था भित्रका विकृती विसङ्गतीहरू त्यो कुरा भोली पनी मेरो त्यहाँ विचार रहन सकोस् भन्ने सके यहाँ समेटीयोस अझ छलफल चलाईयोस् अझै संघीय विधेयसँग पनि अझै त्यहाँ प्रदेश सरकार मार्फत् प्रदेश संसद मार्फत् संघीय सरकार संसदसँग पनि छलफल गर्न सकौ । राम्रो बनाउनका निम्ति त्यस कारण यो दोहोरो सदस्यता अहिले कस्तो छ भने जहाँ एउटा सहकारी मूल्य भित्रको अत्यन्तै महत्वपूर्ण विषय भनेको सभामुख महोदय शेयर सदस्यको आर्थिक सहभागिता हो । त्यसो गर्दा खेरी आर्थिक सहभागीता अनिवार्य हुन्छ भने एउटा शेयर सदस्यले बाह्रवटा सहकारी संस्थामा कसरी आर्थिक सहभागिता गर्न सक्छ त्यस कारण यसको सरोकार जो हुने खानेहरूको मात्रैबाह्रवटा सहकारीमा रहेर शेयर हाल्न सक्ने र त्यहाँ ऋण प्राप्त गर्न सक्ने, लगानी गर्न सक्ने अरू सेवा लिन सक्ने छ । जो निमुखा, जो गरीब, जो गिट्टी कुट्ने मान्छेको लागि हामी सहकारी संस्थाको कल्पना गरेका छौं भने यो व्यवस्थाले त्यहाँ त्यो वर्गलाई छुन सक्दैन भन्ने कुरासँग मेरो सरोकार छ। त्यसैगरी त्यो कार्यक्षेत्रसँगको कुरा सम्बन्धित छ कार्यक्षेत्रको कुरा गर्दाखेरि पनि संघीय सहकारी विधेयकले पनि महानगरपालिका, उपमहानगरपालिका, नगरपालिकाको हकमा समेत एउटा वडा भनेको छ भने यहाँ दुइवटा स्थानीय तह भनिएको छ । त्यसकारण यो कार्यक्षेत्र पनि धेरै ठूलो दिन हुदैन भन्ने कुरा छ, यो पनि मेरो विचारको कुरा हो । त्यसकारण मैले यी कुराहरूलाई कि एउटा सहकारी सिद्दान्तको मूल्य र मान्यता अनुसारको कानूनहरूको व्यवस्था गर्ने हो भने यहाँहरू, मन्त्रीज्यूहरू धेरै वैदेशिक भ्रमण

पनि गर्नु भएको छ । मैले सुन्ने गरेको छु । जापान जस्तो ठूलो देशमा आठ हजार भन्दा बढी सहकारी संस्थाहरूको संख्या छैन भन्ने कुरा छ । हाम्रोमा त्यत्रो बत्तिस देखि पैंत्तिससम्म पुगिसक्यो तर हामीले सहकारीलाई व्यवस्थित गर्न सकिरहेका छैनौं । यो मिश्रित प्रकृतिको जुन नेपाली समाजमा छ हामीले कुन सहकारीलाई फस्ट्याएर जाने भन्ने एउटा Way out अथवा एउटा बाटो हामीले बनाउन नसकिरहेको अवस्थामा मैले यो भनेको हो । त्यसकारण आज जापान, बेलायतको कुरा गर्दा त्यहाँ कृषि र ऋण तथा वचत सहकारी, त्यसरी डेनमार्कको कुरा गर्दा दुग्ध सहकारी एउटा मात्र किन फोकस गरेर गए भन्दाखेरि सहकारीको संस्थागत गुणस्तर कायम गर्नको निम्ति एउटा सहकारीमा शेयर बनेको सदस्यलाई आज हामीले व्यवहारिक रूपमा त्यो भोगेको कुरा हो । जहाँ विशेष गरेर महिलाहरूको बीचमा यो समस्या छ जति धेरै संस्थाहरूमा त्यहाँबाट लघुवित्तको रूपमा ऋण लिनु भएको छ । त्यस्ता सदस्यहरू समस्याग्रस्त हुनुहुन्छ । त्यसकारण मैले यसलाई अलिकति कडाई गरौं भन्ने कुरा राखेको हो सभामुखज्यू, धन्यवाद

माननीय सभामुखः माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सरकारका भुमी व्यवस्था कृषि तथा सहकारी मन्त्री माननीय श्री विमला केसीलाई कर्णाली प्रदेश सहकारी विधेयक, २०७५ माथिमाननीय सदस्यले सभामा छलफल गर्दा उठाउनु भएका प्रश्न एवं जिज्ञासामा जवाफ दिन समय दिन्छु ।

माननीय विमला के.सी.: माननीय सभामुख महोदय, हामी आज सरकारको तीन खम्बे अर्थनीति भित्र एउटा महत्वपूर्ण खम्बाको रूपमा उपस्थित भएको दरो रूपमा आफूलाई दर्ज गर्न सफल भएको सहकारी सम्बन्धीको विधेयक पास गर्ने चरणमा छौं । म असाध्यै खुसी छु र सरकार यस सन्दर्भमा खुसी व्यक्त गर्न चाहन्छ र सामाजिक विकास समितिले जुन खालको मेहेनेत गऱ्यो विधेयक परिमार्जन गर्नका निम्ति विधेकलाई समय सापेक्ष र कर्णालीको वस्तु सुहाउदो बनाउने जुन खालको कसरत गऱ्यो, जनताको बीचमा गयो र धेरै सुझावहरू संकलन गऱ्यो र संसोधनकर्ता माननीय ज्यूहरूको पनी सुझाव लियो र छलफलमा सहभागी गरायो र सरकारलाई सम्म पनि सहभागी गराउँदै यसलाई परिमार्जन गर्न जुन खालको मेहनेत गऱ्यो। त्यसका निम्ति म समितिकोअध्यक्ष लगायत सम्पूर्ण सदस्य माननीयज्यू र संसोधनकर्ता माननीयज्यूहरू सबैलाई हार्दिक आभारसहित धन्यवाद व्यक्त गर्न चाहन्छु । निश्चय पनि चिन्ता जुन थिएँ र जो चिन्ताहरू धेरै सम्वोधन भई सकेका छन् र अहिले माननीय देवी ओलीज्यूले जुन खालको चिन्ता यहाँ उठाउनु भएको छ । व्यवहारिक हिसावले त्यो कुरा एकदमै सहि छ । आज सहकारी भित्रका विकृतीहरू हटाउनका निम्तित्यो जरुरी छ भन्ने कुरालाई हामी नकार्न सक्दैनौ, त्यो कुरा सहि हो, सही हुँदाहुँदै पनि हामी कानूनसँग हामीलाई संघीय कानूनसँग हामीलाई उभ्याउनै पर्छ, समायोजन गर्नै पर्छ, समन्वय गर्नै पर्छ, संघीय कानूनले कुनै पनि एक प्रकृतिका सहकारी एउटै सहकारीमा बस्न पाउने र एउटै प्रकृतीको सहकारीसँग धेरै सहकारीसँग

बस्न नपाउने गरी कानून ल्याइ नै सकेको अवस्था छ । त्यसैले एकै प्रकृतिका सहकारीमा मात्रै ल्याएर राख्न पाउँदा पनि धेरै Controll गर्न सकिने सम्भावना केन्द्रीय सरकारले देख्यो र त्यहीँ अनुसारको कानून तय गरेको अवस्थामा हामीले एउटा मात्रै सहकारीमा आवद्ध गर्ने कोसिस गर्दाखेरि ऐन विपरित हुने, ऐनसँग बाझिने भएको कारणले हामीले त्यो कुरालाई सम्वोधन गर्न सक्ने स्थिति बनेन सायद समिति त्यँहि भएर पनि त्यो कुरालाई जायज हुँदाहुँदै पनि, सोच्ने कुरा हुँदाहुँदै पनि त्यसरी सम्वोधन गर्न नसकेको होला भन्ने मलाई लाग्दछ र हामी त्यस कारण पनि सक्दैनौ । खारेज हुन्का निम्ति हामी किन कानून बनाउँछौं, त्यसकारणले पनि सकेनौं र अर्को कुरा सिद्दान्तकै कुरा गर्दा खेरि पनि अन्तराष्ट्रिय सहकारी महासंघद्वारा प्रतिपादित सिद्दान्त, सात सिद्दान्त मध्ये पहिलो सिद्दान्तले स्वैच्छिक तथा खुल्ला सिद्दान्त भन्ने छ, त्यो सदस्यहरू कुनै पनि वर्ग, जाति यो कुनैपनि भनिदैन र स्वैच्छिक हुन्छ सदस्यता लिनका निम्ति भन्ने मान्यता रहेछ, सिद्दान्तका हिसावले पनि त्यो सिद्दान्त विपरित पनि हुन आउँछ भन्ने कुराहरूपनि उठे । हामीले धेरै विज्ञहरूसँग चासो पनि राख्यौं । कुरा एकदम जायज छ, त्यसकारण कतै सम्वोधन गर्न सक्ने भन्ने हो कि होइन भनेर हामी एकदम विनम्रतापूर्वक यो विषयलाई छलफलमा लियौं । लिँदा खेरी यो सिद्दान्त विपरित हुन्छ, कानूनसँग बाजिन्छ । त्यसकारण यो सम्भव छैन, भन्ने कुराहरू हामी सरोकारवालाहरू र खासगरी केन्द्रीयस्तरका नेताहरूसँग पनि छलफल चलाउँदा यी कुराहरू आएका कारणले हामीले प्रदेशमा नसकिने कुराको अवगत माननीयज्यूहरूलाई भइसकेको कुरा हो त्यसैले यी कुराहरूलाई छलफल चलाउँदै जाउँ वस्तुस्थिति अनुसार यसरी पनि Controll गर्ने अहिले २०७४ सहकारी ऐन २०७४ अनुसार हामीले मर्ज गर्ने कुरा छ । एउटा परिवारका मान्छेलाई एउटा सहकारीमा दुई वटा सञ्चालक एकै चोटी हुने खालको वातावरणको निम्ति यसले दिदैन अहिले सहकारी विधेयकले त्यसपछि एउटा व्यक्ति दुईवटा सहकारीमा गएर सञ्चालक समिति बन्न पाउँदैन त्यो पनि Controll गऱ्या छ । यी कुराहरूलाई मात्रै Controll गर्न सकेउ र उस्तै-उस्तै खालका सहकारी मर्ज गर्न सकियो भने ७४को सहकारी विधेयको स्प्रिड र हाम्रो अहिले यो पास हुन् हुदै गएको विधेयकको स्प्रिडमा अगाडि बढौं। यो कोसिस गर्दा खेरि कस्ता खालका समस्याहरूआउँछन् र त्यो समस्यालाई कसरी संशोधन गर्न सकिन्छ माथि पनि हामीले यो कुरालाई सरोकार राखेर माथिको र तलको कानूनलाई एकाकार गराएरपनि हामी जान सक्ने कुराहरूमा लचक हुन सक्छौं । केन्द्रीय सरकार पनि यो विषयमा मान्नु पर्छ त्यस्ता कुराहरू हामीले सम्वोधन गर्ने कुराहरू केन्द्रीय सरकारले पनि सुन्ने छ अहिले हामीसँग यो भन्दा अरु विकल्प भएन, त्यसैले माननीयज्यूहरूले जुन खालको मेहनत गर्नु भो दर्जनौ विषयहरूमा यहाँहरूले संशोधन राखेर । यो विधेयकलाई जुन खालको राम्रो, सुन्दर र वस्तु सापेक्ष यहाँको कर्णाली सुहाउँदो बनाउनु भो त्यसका निम्ति म फेरि पनि आभार प्रकट गर्दै अब मेरा भनाईहरू अन्त्य गर्दछु, हवस्त धन्यवाद।

माननीय सभामुखः माननीय सदस्यहरू कर्णाली प्रदेश सहकारी विधेयक, २०७५ माथिको छलफल समाप्त भएको जानकारी गराउँछु । माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सरकारका भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री बिमला केसीलाई कर्णाली प्रदेश सहकारी विधेयक, २०७५ कर्णाली प्रदेश सभा नियमावली २०७४को नियम १२१ बमोजिम उक्त विधेयक पारीत गरियोस् भनी सभा समक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**माननीय विमला के.सी.**ःमाननीय सभामुख महोदय, कर्णाली प्रदेश सहकारी विधेयक, २०७५ माथि प्रदेश सभामा छलफल भई सकेकोले सामाजिक विकास समितिको प्रतिवेदनमा उल्लेख भएका संशोधन प्रस्ताव यो विधेयकको अङ्ग हुने गरी कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ बमोजिम यस सभाबाट पारित गरियोस् भनि प्रस्ताव गर्दछु। धन्यवाद ।

**माननीय सभामुख**ःमाननीय सदस्यहरू अब कर्णाली प्रदेश सरकारका भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री बिमला के.सी.ले प्रस्तुत गर्नु भएको कर्णाली प्रदेश सहकारी विधेयक, २०७५ का सम्बन्धमा सामाजिक विकास समितिले संशोधन गर्न निर्णय गरी सभामा पेश गरेको प्रतिवेदनका विषय विधेयकको अङ्ग हुने गरी पारित गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला

हुन्न भन्ने आवाज सुनिएन तसर्थ कर्णाली प्रदेश सहकारी विधेयक, २०७५माथि सामाजिक समितिको निर्णय अनुसारको संशोधन प्रस्ताव विधेयकको अङ्ग हुने गरी पारित गरियोस् भन्ने प्रस्ताव सर्व सम्मतिले पारित भएको घोषणा गर्दछु । माननीय सदस्यहरू अब यो बैठक २०७५ साल चैत्र २७ गते बुधवार दिनको १ बजे सम्मको लागि स्थगित हुन्छ ।

कर्णाली प्रदेश सभा
तेस्रो अधिवेशन
कार्यवाहीको सम्पूर्ण विवरण
२०७५ चैत्र २७ गते
बुधबार
बैठक संख्या-१२

राष्ट्रिय धुन,

**माननिय सभामुखः** माननीय सदस्यहरू कर्णाली प्रदेश प्रदेश सभाको हिउँदे अधिवेशनको बाह्रौं बैठकको कार्यवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू सरकारको ध्यानार्कषण गर्नुपर्ने विषयमा यथास्थानबाट आफ्नो भनाईहरू राख्न चाहुनु हुने माननीय सदस्यहरूलाई शुन्य समयको व्यवस्था गरेको छु,सर्वप्रथम माननीय श्री चन्द्र बहादुर शाही समय १ मिनेट

**माननीय श्री चन्द्र बहादुर शाहीः** सभामुख महोदय, कर्णाली प्रदेशमा विभिन्न समयका बाढि पिडित, असिना पिडित लगाएत अरु पिडितहरूको पक्षमा कर्णाली प्रदेश सरकाले हिजो राहत दिने जुन निर्णय गरेको छ । यसको लागि म कर्णाली प्रदेश सरकारलाई धन्यवाद दिन चाहन्छु । सभामुख महोदय, हामी नेपालको संविधान अनुसार विभिन्न कानून र विभिन्न नियमहरू निमार्णको पक्षमा छौं । हामी जनताका जनप्रतिनिधिले जनताका आवाज उठाउने थलो भनेको संसद हो तर संसदमा उठाएको कुरा अहिले सम्म पनि सरकारले सुनुवाई नगर्दा खेरि सभामुख मार्फत् म कर्णाली प्रदेश सरकारको ध्यान आर्कषण गर्न म चाहन्छ।

माननीय सभामुख : समयलाई ध्यान दिउ माननीय ज्यू

**माननीय श्री चन्द्र बहादुर शाहीः** सभामुख महोदय यो बजेट हामीले कार्यान्वयनको पक्षमा छौं तर मुगु जिल्लाका सबै विकास निमार्णको लागि हामीले मुगुका ति जनताले जुम्ला आएर सम्झौता गर्नु पर्ने जुम्ला आएर सबै काम गर्नु पर्ने अवस्थाले मुगु जिल्लाका सबै जनताहरू हामीलाई विकास चाहिदैन । हामीलाई

माननीय सभामुखः समय सकियो माननीय सदस्य

**माननीय श्री चन्द्र बहादुर शाहीः** संघीयता पनि चाहिदैन भनेर त्यो विरोधगरिरहेका छन् यसो भएकोले मैले यस सम्बन्धित सरकारको ध्यानआर्कषण गर्न चाहे धन्यवाद ।

**माननीय सभामुखः** अब माननीय अमृता शाही

**माननीय श्री अमृता शाहीः** सभामुख महोदय आज यो सदनमा २४ र २५ गते परेको असिना पानीले सुर्खेतको पूर्व बेल्ट सिम्ता गाँउपालिका, गुर्वाकोट नगरपालिका भेरिगंगा नगरपालिकाका ११, १३ वडा लगाएत १३ वटा वडामा असिना पानीले ११ र १३ मा आँप र लिचिको भक्कर लागेको फूल नोक्सान गरेको छ र दलन बारीमा केराउ, मसुरो र चना त्यसको पनि एकदमै क्षेति पुऱ्याएको छ र गुर्वाकोटको सात र आठ लगाएत

त्यहाँको १४ वटै वडामा गहुँ बालिको एकदमै क्षेति पुऱ्याएको छ र सिम्ताको खानी खोला, डाडाँखाली, काफलकोट लगायतका सम्पूर्ण वडाहरूमा एकदमै क्षेति पुऱ्याएको छ । असिना पानीले २४ र २५ गतेको असिना पानीले सभामुख महोदय त्यहाँका जनताहरूले अब पाक्न लागेको गहुँ बाली लगायत सम्पूर्णलाई नष्ट गरेको हुँदा आज बिहान सम्म खबर पठाउँदै थिएँ। त्यहाँको जनताहरूले र त्यहाँको जनताहरूको उक्त क्षेती पूर्तिको

**माननीय सभामुखः** समय छोट्याउनुस् माननीय सदस्य

**माननीय श्री अमृता शाहीः** माग राख्दै सभामुख महोदय मार्फत् सरकारलाई सरकारको ध्यानार्कषण गराउन चाहन्छु धन्यवाद ।

**माननीय सभामुखः** अब माननीय सिता कुमारी नेपाली

**माननीय श्री सीता कुमारी नेपालीः** माननीय सभामुख महोदय,सर्वप्रथम म कर्णाली प्रदेश सरकारलाई विशेष धन्यवाद दिन चाहन्छु किनभने कर्णाली प्रदेश सरकारले पिडितहरूको पीडा बुझेको छ। हिजो मात्रै कर्णाली प्रदेशको सरकारले सुर्खेतका बाढि पिडितहरू जो ७१ साल देखि अहिलेसम्म पाल मुनी बसीरहेका थिएँ । उनीहरूको समस्यालाई सम्बोधन गरेको छ। प्रति परिवार ३ लाख दिने जुन निर्णय गरेको छ, त्यसका निम्ति माननीय सभामुख मार्फत् कर्णाली प्रदेश सरकारलाई हृर्दय देखि नै धन्यवाद दिन चाहन्छु किन भने संविधान सभा होस् या प्रदेश सभामा धेरै पटक हामीले बाढि पिडितहरूका विषयमा उठाएका थियौं, कर्णाली प्रदेश सरकारले जुन तीन सदस्य समिति बनाएको थियो । त्यो समितिले हजार पैंचालिस जना सुर्खेतका बाढि पिडितहरूको तथ्याङ्क पेश गरेको छ र ति बाढि पिडितहरू सात वटै स्थानीय तहका बाढि पिडितहरूलाई जो सरकारले सम्बोधन गरेको छ र सँगसँगै प्रकृतिक प्रकोप जो असिना पानी आईरहेको छ सुर्खेत जिल्ला लगायत कर्णाली प्रदेशका विभिन्न जिल्लामा क्षेति भएको छ त्यसका निम्ति २ करोड सरकारले छुट्टाएको छ। त्यसका निम्ति पनि हृदय देखि धन्यवाद दिन चाहन्छु धन्यवाद ।।

**माननीय सभामुखः** माननीय श्री अम्मर बहादुर थापा

**माननीय श्री अम्मर बहादुर थापाः** माननीय सभामुख महोदय, सर्वप्रथम बाढि पिडित र चाहिने असिना पिडितहरूलाई जुन सरकारले यो निर्णय गरेको छ त्यो निर्णयको लागि धन्यवाद दिन चाहन्छु र यसलाई वितरण प्रणालीमा विशेष ध्यान पुऱ्याएर सबै जनताले प्राप्त गर्ने गरेर अगाडि बढोस् सरकार यसको लागि सुझाव दिन चाहन्छु र दोस्रो कुरा यो अपाङ्गहरू अहिले अपाङ्गहरूले धेरै पटक निवेदन हालेर यहाँ आएका छन् र यो अपाङ्गहरूलाई अब भत्ता भन्दा पनि रोजगारीको अवसर कसरी दिन सकिन्छ । सरकारको ध्यान त्यता तिर आकर्षित हुन सकोस् भन्ने कुरा राख्न चाहन्छु धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री झोवा वि. क. ।

**माननीय श्री झोवा वि.क.**: सभामुख महोदय हाम्रो माथि ति क्यारे योजना थोरै चाहि पऱ्या १५ लाखको योजनामा त्यँहि पनि हाम्रो यो जुम्ला जिल्ला आउनु पर्ने हामीलाई के समस्या पऱ्या होला अनि हाम्रो माथि मुगुको त्यहीँ मन्त्री नभएर हामीलाई न्यहाँ बाट न्यहाँ हो कि हेला होकि क्या हो कि अब त्यहीँ १५ लाखले जुम्ला आएपछिमा हामी माथि योजना क्यागरउ खान खर्च क्यागरउ त्यहीँलाई हामीले बोझ समस्या परेछ अनि यो त्यहीँ क्यारे दैलेख तिर अनि यो दैलेखको दहि खोला भन्नेमा यति चाहिँ समस्या छ गाडि पुँडो पनि जादैन, उदो पनि आउदैन। हामी माथि तिर गएपछिमा हामी त्यहीँमा रोकि रहने हामी हिउँदा गए पछिमा त्यहीँमा बाढि पहिरो आउने अनि बर्खा आएपछिमा त्यहीँमा पहिरो आउँछन्।त्यहीँमा चाहिँ सबैको ध्यान गएपछिमा राम्रो होला अनि हाम्रो किरापन्र्याको अब जेलमा किरा पर्छन ब हाम्रो कानून मन्त्रीलाई दिनको दिन भनिराख्याछ यो माथिमा यल्ले चाहि सुरक्षाकर्मी थप गरेर पछिमा हामीलाई एकदम सजिलो हुन्छकि धन्यवाद।

**माननीय सभामुखः** माननीय श्री देवि ओली।

**माननीय श्री देवि** ओलीः सभामुख महोदय सर्वप्रथम सभामुख महोदय,मार्फत् कर्णाली प्रदेश सरकारलाई धन्यवाद मन्त्री ज्यूहरूलाई बधाई दिन चाहन्छु । आज ७१ साल देखिका बाढि पिडित र पहिरो पडित सबै जिल्लाकाले सरकारको घर बास व्यबस्थापनको राहात पाउने भएका छन् । त्यसको सँगसँगै आज सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री ज्यूको मैले अलिकति ध्याना आर्कषण गर्न चाहन्छु । केमानेमा भने यो ०७५/०७६ को विकास बजेटमा पत्रकार स्वास्थ्य विमा भनेर जो कार्यक्रम ल्याईएको थियो र पत्रकार महासंघ कर्णाली प्रदेशले २८८ जनाको सूची बुझाएको भन्ने पनि हामीले सुनेका छौं अहिलेको बजेटले त्यो पूरा भयो कि भएन र बाँकी कार्यक्रम केछ सबैले पाएकि पाएन भन्ने कुरा म जान्न चाहन्छु । त्यसको सँगसँगै अब यहाँ जसरी अब यो पत्रकारहरूको क्षमता विकासको निम्ति पनि हामीले अलिकति सरकारले सोच्नु पर्छ किन भने हाम्रो जस्तो प्रदेशमा अहिले पत्रकार महासंघको सूचिमा हेर्दा खेरि उहाँहरूको आधिकारित धारणा ८ सय चार जना पत्रकारहरू हुनुहुन्छ र क्रियासिल २ सय ५१ जना हुनुहुन्छ त्यसमा महिलाहरू करिब करिब १०० जना जति हुनुहुन्छ र यो पत्रकारिता हाम्रो गति सरकारको गतिविधिलाई जस्ताको तस्तै जनताको बीचमा लैजानको लागि दक्ष पत्रकारहरू निमार्ण गर्नु सरकारको दायित्वहुन जाने भएको हुनाले यो कुरालाई ध्यान दियोस र अहिले हामीले सार्वजनिक प्रसारण विधेयक पास गरिरहेको माननीय सभामुख समयलाई ध्यान दिउँ माननीय सदस्य सन्दर्भमा कम्तिमा ४० ओटा एफएमहरू सञ्चालनमा रहेको अवस्थामा ति पुरानै एफएमहरूलाई व्यवस्थापन गर्नु हुन्छकि नयाँ योजना केही छ त्यो जान्न चाहन्छु धन्यवाद।

**माननीय सभामुखः** माननीय श्री मिना सिंह रखाल ।

**माननीय श्री मिना सिंह रखालः** सभामुख महोदय, सर्वप्रथम त आज जुन क्याविनेटले गरेको निर्णय छ त्यो निर्णय अनुसार यो क्याविनेटलाई मन्त्री परिषदलाई धन्यवाद दिन चाहन्छु। अ हिजो २६ गते हाम्रा सचेतकज्यूले जुन कुराहरू यहाँ राख्नु भएको थियो बाढि पिडित र असिना पानीबाट पिडित भएका व्यक्तिहरूको क्षेति पूर्ति सहितको व्यबस्था होस भनेर राख्नु भएको थियो त्यो कुरा चाहि सरकारले सुनेर आज निर्णय भयो बाढि पिडित र असिना क्षेतिपूर्तिहरूलाई खाद्य उपलब्ध गराई राहत दिने जुन निर्णय गरेको छ त्यस निर्णय यसै सदन मार्फत् जनताहरूलाई पनि सुनाउन चाहन्छु र यो धेरै राम्रो काम गरेको छ यस्तै निर्णय  हामीले फेरि सुन्न पाउ र यो हाम्रो कर्णाली प्रदेशको सम्वद्धिको लागि हामीले राम्रा कुराहरूलाई ओझेल पर्न नदिउ भन्दै यस कर्णाली प्रदेश सरकारलाई धन्यवाद दिन्छु हस्।

**माननीय सभामुखः** माननीय श्री पदमा खडका ।

**माननीय श्री पदमा खडकाः** सभामुख महोदय, सभामुख मार्फत् सर्वप्रथम मैले कर्णाली प्रदेश सरकारलाई हार्दिक धन्यवाद दिन चाहन्छु र जुन ७१ साल देखि जुन सुर्खेत जिल्लामा बाढि बाट बिस्तापित भएर एउटा र्तिपाल मुनि बस्दै आइरहेका जुन नागरिकहरूको जुन आवाज हामीले सदनमा पटक-पटक उठाईरहेका थियौं । १०४५ घर धुरीहरूलाई सुर्खेतको बाढि पिडितहरूलाई आज विषेश राहाको लागि जुन ३ लाख दिने निर्णय सरकारले गरेको छ यो एकदमै यथाशीघ्रकार्यान्वयनमा जावस भन्ने म शुभकामना पनि दिन चाहन्छु र सँगसँगै अन्य जिल्लाका बाढि पिडितसँगै पहिरो पिडितलाई पनि सरकारले राहात दिने निर्णय गरेको छ र असिना पिडित हावाहुरीबाट र चट्टानबाट विभिन्न ठाउँमा भएका क्षेतिहरूलाई पनि सरकारले निर्णय गरेको छ । यो एकदमै सदनमा पटक-पटक माननीय सदस्यहरूले उठाईरहेको कुरालाई आज सरकारले गम्भिर भएर सोचिरहेको छ यस्तै विभिन्न विषयहरूलाई पनि गम्भिर भएर सोचियोस भन्ने म ध्यानार्कषण पनि गर्नचाहन्छु धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री पदम बहादुर रोकाय ।

**माननीय श्री पदम बहादुर रोकायः** सभामुख महोदय, सर्व ,प्रथम म कर्णाली प्रदेश सरकारलाई धन्यवाद दिन चाहन्छु । बाढि पिडितको राहातको लागि अब हामी हिउँदे अधिवेशनको अन्त्य अन्त्य तिर आईसकेका छौं । अब करिब करिब अब समापन हुने होला हामी आफ्नो जिल्ला क्षेत्रमा जाने छौं र ०७५/०७६ को रातो किताबको बजेटहरूको बारेमा हामी कार्यान्वयन गर्न विषयमा सफल हुने विषयमा हामी जाने छौं र प्रदेश सरकारले पनि छिटो भन्दा छिटो कार्यविधि र अख्तियारि छिटो पठाई दिनु पर्‍यो । हामीले फोन गर्दा खेरिमा आएको छैन भन्छन् यो कर्णाली प्रदेश सरकारलाई अनुरोध गर्न चाहन्छु अब मेरो सिंजाको र जुम्ला जिल्लामा टेलिकम टावरहरू राखेका छैनन् कोही ठाँउ फोनै लाग्दैन कोही ठाउँ फोन सुनिदैन फोन गरे पनि घन्टि मात्रै जान्छ सुनिदैन अनि विद्युतहरू अवरुद्ध भएका छन् । विद्युतहरू पनि पुराना विद्युतहरू मर्मत गर्नको

लागि कर्णाली प्रदेश सरकारलाई केही मर्मतको लागि बजेट छुट्टाई दिन अनुरोध गर्न चाहन्छु । गगने खोलामा कालिकोटको गगने खोलामा काठमाण्डौ जाँदा कृष्ण भिर जस्तै भएको छ अहिले त्यसै कारणले अहिले पहिरो आउने क्रम जारि छ त्यो पहिरो रोकथाम गर्नको लागि कर्णाली प्रदेशलाई आग्रह गर्न चाहन्छु धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री गणेश प्रसाद सिंह ।

**माननीय श्री गणेश प्रसाद सिंहः** सभामुख महोदय, कर्णाली प्रदेश सरकारलाई विभिन्न प्रकृतिका बाढी, पहिरो, डुवान, आगजनी, असिना पानी अब यो जाजरकोट, रुकुम, सुर्खेत, दैलेख लगायत सम्पूर्ण कर्णाली प्रदेशका विभिन्न पिडितहरूलाई हिजो सरकारले लिएको निर्णयलाई म स्वागत गर्दछु, धन्यवाद दिन चाहन्छु र मेरो निर्वाचन क्षेत्रमा हिजो साढे ती बजे हिजो एउटा जिप दुर्घटना भएको छ, नलगाड ९ र १० को सीमानामा । त्यहाँ एउटा विवेक नेपाली आठविसकोट नगरपालिको ११ को ४ वर्षको बालकको मृत्यु भएको छ र ६ जना घाइते हुनुहुन्छ । विवेक नेपालीको आमा सिरियस घाइते हुनुहुन्छ। उहाँको कोहलपुर अस्पतालमा उपचार भइराखेको छ । उहाँहरूको उपचार र स्वास्थ्य लाभको म कामना गर्दछु र यो सभामुख मार्फत् यो प्रदेश सरकारले उपचारको व्यवस्था गरोस कच्ची बाटो, कच्ची सडक र कच्ची ड्राइभर प्रदेश सरकारले ट्राफिक नियमको व्यवस्थापन गरोस् र हाम्रो जिल्लामा यो चौंथो दुर्घटना हो यातायातको हिसाबले र यस्ता कहाली लाग्दा घटनाहरू हुने कुरामा सरकारको ध्यानाकर्षण होस भन्ने कुरा राख्छु, धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री महेन्द्र बहादुर शाहीको तर्फबाट कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले सभामा पेश गर्नुभएको प्रदेश लोकसेवा आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथी दफावार छलफलका लागि सभासमक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय मन्त्री श्री नरेश भण्डारीः** माननीय सभामुख ज्यु, सभामुख ज्युको अनुमतिले नेपालको संविधानको धारा २४४ ले प्रदेश लोकसेवासम्बन्धी व्यवस्था गरेअनुसार प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश सभा सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सँगठीत संस्थाको सेवा र स्थानीय सेवाको पदमा उपयुक्त उम्मेदवार छनौटमा स्वच्छता तथा निश्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवद्धन गर्दे सार्वजनिक प्रशासनलाई सक्षम, सुधृढ र सेवामुखि बनाउन तथा प्रदेश लोकसेवा आयोगको गठन काम, कर्तव्य र अधिकारको व्यवस्था गर्न वाञ्छनीय भएकोले प्रदेश लोकसेवा आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक कर्णाली प्रदेश सभा नियमावली २०७४ को परिच्छेद १५ को नियम १०७ को १(क) बमोजिम दफावार छलफल गरियोस् भनि सभा समक्ष प्रस्ताव गर्दछु । धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका मुख्य मन्त्री माननीय श्री महेन्द्र बहादुर शाहीको तर्फबाट कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले सभामा पेश गर्नु भएको प्रदेश लोकसेवा आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि दफावार छलफको लागि समय निर्धारण गरेको छु । सर्वप्रथम माननीय श्री जीवन बहादुर शाही ।

**माननीय श्री जीवन बहादुर शाहीः** सभामुख महोदय, यो लोक सेवा सम्बन्धमा मैले पनि संशोधन हालेको छु । हामीले यो विशेष गरेर अहिलेसम्मको प्राक्टिसमा हामीले समितिमा पठाउने गरेका थियौं तर अब सरकारलाई कर्मचारी विना काम गर्न नसकिने अवस्था आयो । कर्मचारी भएको भए त यो प्रदेशलाई हामी स्वर्गै बनाइहाल्थ्यौं, अब स्वर्ग नबन्ने अवस्था रहेको हुनाले तपाईंहरूले यहाँ दफावार छलफल सदनमै गरीदिएर यलाई चै अब शब्द त अंग्रेजी हो तर भन्दाखेरी हामी सबैले प्रयोग गर्ने गर्छौं, फास्ट ट्र्याकबाट जानको लागि भनेर जुन सरकारले सदनलाई अनुरोध गरेको हुनाले म पनि यो दफावार छलफलमा यहाँ आईपुगेको छु र यो दफा २ मा नजीकका नातेदार भन्नाले प्राकृतिक व्यक्तिको बुबा-आमा पक्षको चार पुस्ता भित्रको नातेदार सम्झिनु पर्छर सो शब्दले तेह्र दिनसम्म जुठो बार्न पर्ने डट डट डट भनेर पनि राखेको छु । त्यो चाइ हाम्रो विधेयक मै छ । त्यसमा थप्नुपर्ने चाई सासु, ससुरा मित, मितिनी, धर्मपुत्र,धर्मपुत्री र तिनका सन्तानहरू भनेर थपिनु पर्छ भनेर राखेको छु किनकि नातेदार मात्र शब्दले व्यापक अर्थ दिई पुस्ट्याइ गर्न कठिन हुने तथा नजीकको नातेदारलाई पुस्टि गर्ने अन्य नातेदारलाई समेत थप्नुपर्ने भएकोले चाई यो संशोधन राखेका हौं र त्यसरी नै दफा ३ उपदफा ६ को (ग) को हकमा अध्यक्षको हकमा ४५ वर्ष र सदस्यका हकमा ३५ वर्ष भनेर आएको रैछ । वास्तवमा नेपालको संविधान २०७२ को भाग २३ को दफा २४२ को उपदफा ७ खण्ड (ग) मा उमेरको विषयमा स्पष्ट उल्लेख भएको छ संविधानमा र ऐनको परिच्छेद २ को उपदफा ७ मा आयोगको सदस्य हुन २० वर्ष वा सो भन्दा बढी अवधि सम्म सरकारी सेवामा रहेका व्यक्ति हुनुपर्ने भन्ने व्याख्या भएको छ र यहाँ त्यो भएको हुनाले हाम्रो भनाई के भने ३५ वर्ष पूरा भएको हो भने त १५ वर्षको उमेरमा चै उसले जागिर खान पर्छ । र म्याचोरनेस त्यसैले भन्ने गरिन्छ, सांसद हुनको लागि पनि एउटा मुख्य पदमा बस्नको लागि पनि २५ वर्षभन्दा माथि भनेर भनिएको छर कर्मचारीको हकमा ३५ वर्ष सम्मकोले चाई उसले रोजगारी प्राप्त गर्न सक्ने अवस्था र मैले चाइ महिलाको हकमा चाई चालिस सम्मको उमेर दिएको छ त्यसकारणले यो यहीं नै एकदम गजब भयो भन्ने कुरा होइन त्यो भन्दा माथि हामीले ४५ वर्ष राखेतापनि ३५ वर्ष भन्दा माथिको राख्यौं भने एउटा म्याचोर्डनेस होला एउटा लोकसेवा जस्तो एउटा स्वच्छ संस्थामा त्यसले राम्रो हुन्छ भन्ने हिसाबले ४५ वर्षको चाई उमेर हद राखेका छौं। त्यो सबैमा लागुहोस् भन्ने चाई हाम्रो संशोधन हो । त्यसरी नै दफा ३ को ७ मा

वा अन्य कुनै महत्वपूर्ण हटाउने भनेर भनेका छौं । भन्ने अन्य कुनै भनेको के हो ? अन्य कुनै महत्वपूर्ण कार्यको आधिकारिक तथा सर्वमान्य पुष्टि हुने परिभाषा नभएका हुनाले त्यो राख्नु परेन भनेर भनेका छौं र दफा ३ को अर्को एउटा सच्याउनु पर्ने त्यहाँ ७ पछि फेरि ६ राखिएको रहेछ त्यसमा चाई ८ राखेर सच्चाउनुपर्ने । क्रमसंख्या मिलाउनुहोस् भनेर भनेका छौं अनि नजीकको नाता भनेर राख्न पर्छ हामीले भनेका छौं किनभने नातामात्र शब्दले व्यापक अर्थ दिने भएकोले नजीकको नाता भनेर हामीले राख्न पर्छ । यी-यी कुराहरू चै हामीले संशोधनमा राखेका छौं। यो दफावार छलफलमा सहभागी हुने मौका दिनु भएकोमा सभामुखज्युलाई धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरू प्रदेश लोकसेवा आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथिको दफावार छलफल आजै समाप्त हुने भएकोले छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले रोस्टमको बायाँ तर्फ रहेका सचिवालयका कर्मचारीलाई नाम टिपाउनुहोला । अब माननीय श्री गुलाब जगं शाह।

**माननीय श्री गुलाब जगं शाहः** माननीय सभामुख ज्यु, सरकारले ल्याएको लोकसेवा सम्बन्धी विधेयक मैले मेरो दलको तर्फबाट केही संशोधन प्रस्तुत गर्नको लागि रोस्टममा उभिएको छु, समयको लागि धन्यवाद । सभामुखज्यू, सरकारले लोकसेवा गठन गरेर हाम्रो जस्तो प्रदेशमा जहाँ कुनै पनि कर्मचारीहरू समायोजनमा रोज्नेमा पर्नुभएन जसले गर्दा सरकारका कामकारबाहीमा अत्यन्तै धेरै प्रभातिव ढङ्गले तरङ्गित भएको हुनाले केन्द्रीय संसदले लोकसेवा सम्बन्धी कानून पास गरीसकेपछि हाम्रो प्रदेश सरकारले पनि लोकसेवा आयोग गठन सम्बन्धि जुन खालको विधेयक ल्याएको छ, त्यो विधेयकमा अझ यसलाई परिस्कृत ढङ्गले अझैं सरलिकृत ढङ्गले मैले मेरो दलको तर्फबाट पनि केही संशोधन पेश गरेको छु । जहाँसम्मन कर्मचारीको व्यवस्थापन समयमै उचित ढङ्गले गर्न सकिएन भने सरकारका कामहरू प्रभावित हुन्छन भन्ने कुरा विगतको हाम्रो अनुभवले पुष्टी गरेको छ भन्ने कुरा राख्न चाहन्छु । खासगरी नाम र शीर्षकमा दफाको नाम र शीर्षकमा संशोधन गर्न पर्नि विषय प्रदेश लोकसेवा आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, गठन शब्द थप्ने आयोग गठन सम्बन्धी ऐन भएकोले यसको पुस्टयाई अहिले गर्न चाहन्छु। दोस्रो कुरा दफाको प्रस्तावनामा प्रस्तावको पहिलो लाइनको प्रदेश सभा सेवा भन्ने ठाउँमा संसद थप्ने सेवा स्पष्ट पारेकोले ३ दफा २ को (घ) मा नातेदार भन्ने पछि बाबुआमा थप्ने मूख्य नातेदार छुटेकोले दफा २ को (च) मा प्रदेश पछि का थप्ने सिफारिस गर्नूपर्नेछ भन्ने पछि सिफारिस गर्दा सर्वसम्मतिहुन नसकेकोमा बहुमतको आधारमा निर्णय सिफारिस गर्न सकिनेछ भन्ने कुरा थप्न चाहन्छु । दफा ६ संशोधन गर्न पर्ने विषय दफा ६ पछि दफा ७ थप्ने । यस ऐनमा माथी जे सुकै कुरा लेखेको भएतापनि प्रदेश सरकारलाई आवश्यक पर्ने सेवा प्रदेश लोकसेवा आयोगको सहमतिमा करारमा सेवा लिन सक्नेछ । यो किन भन्दा संक्रमणकालिन व्यवस्था

भएकोले । दफा ४३ को उपदफा २ मा दोस्रो हरफको मितिले भन्ने शब्दको पछाडि सुत्केरी भन्ने थप्ने किनकि सुत्केरी संवेदनशिल विषय भएकोले यसको समयावधि थप्न पर्छ भन्ने कुरा राख्न चाहन्छु । हवस् त धन्यवाद ।

**माननीय समामुखः**अब माननीय श्री सीता नेपाली ।

**माननीय श्री सीता नेपालीः** माननीय सभामुख महोदय, लोकसेवा आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको दफावार छलफलमा छौं । नेपालको संविधान भाग २३ धारा २४४ ले दिएको अधिकारलाई प्रयोग गर्दै प्रदेश सरकारले देश संघीय संरचनामा आईसकेपछि प्रदेश स्तरका संरचनाहरू निमार्ण गर्ने उद्येश्यसहित लोकसेवा आयोगको गठन र त्यसका काम, कर्तव्य र अधिकारका विषयमा जुन विधेयक ल्याएको छ त्यसका निम्ति कर्णाली प्रदेश सरकारलाई म धन्यवाद दिन चाहन्छु र यो आयोग सम्बन्धी विधेयकमा हाम्रो दलको प्रमुख सचेतक माननीय गुलाबजंग शाहले संशोधन पेश गरीसक्नु भएको छ र त्यो संशोधनमा मैले पनि सर्मथन जनाउन चाहन्छु । अवश्यपनि लोकसेवा आयोग हामीले कर्णाली प्रदेशमा गठनै गरेको अवस्था छैन त्यसैले गर्दा लोकसेवा आयोग गठन गरीसकेपछि त्यको काम, कर्तव्य र अधिकारको कुरा आउँछ जस्तो लाग्छ त्यसैले काम, कर्तव्य र अधिकार मात्रै नभएर गठनको कुरा पनि हुनुपर्छ भन्ने कुरा आएको छ । सँगसँगै नातेदारको विषय जो दफा २ को (घ) मा उठेको छ त्यसमा मुख्य जन्म दिने आमा बुबा नै छुटेको स्तिीथि छ, त्यसैले जन्म दिने आमाबुबा नातेदार भित्र पर्छन नै । यो विषयलाई समावेश गर्दा अत्यन्तै राम्रो हन्छ भन्ने हामीलाई लागेको छ । त्यस्तै दफा २ को (च) मा प्रदेशको पछाडि का भनेर थप्न पर्नि कुरा छुटेको छ, त्यस्तै दफा ३ को उपदफा ३ मा सिफारिस गर्नुपर्नेछ भनेपछि सिफारिसको निर्णय गर्दा सर्व सम्मत हुन नसकेमा बहुमतको आधारमा निर्णय गर्न सकिनेछ भन्ने कुरा लेख्दाखेरि कतिपय बेला समस्याहरू आउन सम्छन त्यो समस्यालाई हल गर्नको निम्ति यो विषय प्रष्ट रूपमा लेख्दाखेरि राम्रो हुन्छ भन्ने हामीलाई लागेको छ, त्यस्तै दफा ६ मा ६ पछि ७ थप्न पर्नि यस ऐनमा माथी जे सुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारलाई आवश्यक पर्नि, सेवा प्रदेश लोकसेवा आयोगको सहमतिमा करारमा सेवा लिन सक्नेछ भन्ने कुरा लेख्न पर्नि, अवश्य पनि अगाडि राखिसक्नु भएको छ ।कर्णाली प्रदेशमा कर्मचारीको अभावको कुरा, कर्मचारी समायोजनको प्रक्रियामा समस्या रहेका कुराहरू सँगसँगै कर्णाली प्रदेश सरकारले आवश्यक जनशक्ति राख्नका निम्ति करार सेवाको कुरा यसमा राखेर जाँदा उत्तम हुन्छ भन्ने हामीलाई लागेको छ । त्यस्तै दफा ४३ मा ४३ को उपदफा २ मा लोक सेवा आयोगको परीक्षा दिने क्रममा समस्या पर्ने क्रममा क्रियामा बसेकोलाई मात्रै होइन की सुत्केरी अवस्था भनेको झन् अत्यन्तै त्यो बेला महिलाहरू कमजोर हुने अवस्था हुन्छ । त्यो अवस्थामा सात दिन भित्र सुत्केरीको एउटा प्रक्रिया नै पनि भनम न न्वारन नै हुने बच्चाको न्वारन नै पनि हुने स्थिति हुदैन । कमजोर अवस्था हुन्छ त्यो अवस्थामा चाँही सुत्केरीहरूलाई पनि १५ दिनको समय

राख्दा अत्यन्तै उत्तम हुन्छ भन्ने कुरा हामीलाई लागेको छ त्यसले गर्दा सुत्केरी भन्ने शब्द क्रिया पछि सुत्केरी भन्ने शब्द चाँही थप्दा राम्रो हुन्छ भन्ने लागेको छ त्यस्तै गर्दा यो जुन विधेयक आएको छ यो विधेयकमा कतिपय अनुषाङ्गिक कुराहरू पनि मिलाउनु पर्छ  जस्तो लाग्छ । सरसर्ति हेर्दा खेरी कतिपय ठाउँमा अनुषाङ्गिक कुराहरू नमिलेको पनि हामीलाई लागेको छ त्यसले गर्दा यो विधेयकलाई आज दफावार छलफल पछि हामी सम्भवत पारित गर्ने प्रक्रियामा अगाडि बढ्छौ होला त्यसले गर्दा अनुषाङ्गिक विषयहरूलाई पनि मिलाएर यो विधेयकलाई अगाडि बढाउँदा राम्रो हुन्छ भन्ने कुरा राख्दै माननीय गुलाव जङ्ग शाहले जुन प्रस्ताव गर्नु भएको छ । प्रस्ताव गरेको यी संशोधनहरूलाई समर्थन गर्दै आफ्ना भनाईहरू यँहि अन्त्य गर्छु हवस्त धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सरकारका मुख्मन्त्री माननीय श्री महेन्द्र बहादुर शाहीको तर्फबाट कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई प्रदेश लोकसेवा आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथी दफावार छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनु भएको प्रश्न एवं जिज्ञासामा जवाफ दिन समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय मन्त्री श्री नरेश भण्डारीः** माननीय सभामुख ज्यू, प्रदेश लोकसेवा आयोगको कामऽ कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक उपर यो सार्वभौमसदनमा माननीय सदस्य ज्यू हरूले आफना संशोधन प्रस्ताहरू उहाँहरले शंसोधनको सूचना का रूपमा उहाँहरूलाई पेश गर्नुभएको छ । खासगरी दुईवटा संशोधन प्रस्तावहरू माननीय गुलाव जंग शाहा प्रस्तावक भएको प्रस्तावक र माननीय सिता नेपाली सर्मथक भएको एउटा संशोधन प्रस्ताव र अर्को शंसोधन प्रस्ताव माननीय जीवन बहादुर शाही प्रस्तावक र समर्थक माननीय दीनबन्धु श्रेष्ठ भएको अर्को संशोधन प्रस्ताव दर्ता भएको छ ।  उहाँहरूले संशोधनको सूचना दिनुभएको छ र आफनो संशोधनका सन्दर्भमा उहाँहरूले आवश्यक व्याख्या विष्लेषण उहाँले गरीसक्नु भएको छ । हामी सबैलाई थाहा छ कि यो प्रदेशलाई निजामती जेलको रूपमा विगतमा चित्रण गरियो परिभाषित गरियो र महशुस पनी गरियो कर्मचारीहरूले त्यसरी निजामती जेलको विम्वका रूपमा यो प्रदेशलाई चित्रण गरियो विगतमा पहुँचविहिन प्रतिशोधमा परेका कर्मचारीहरूलाई थन्क्याउने एउटा बहुलको रूपमा र अनुभवहिन कर्मचारीहरूलाई पठाउने व्यवस्थापन गर्ने एउटा प्रदेशका रूपमा भूगोलका रूपमा हिजोको अझ साविकको कर्णाली, रासि, भेरीको केही पहाडी जिल्लाहरू त्यसरी चाही चित्रित भएको स्थिति थियो र हामिले अहिले चाही यो प्रदेशमा अहिलेपनी पछिल्लो समायोजनले पनी हामिले जसरी कर्मचारीतन्त्र मार्फत् सार्वजनिक प्रशासन मार्फत् जसरी यो प्रदेशको समृद्धिको आकंक्षालाई तिव्र र सिघ्रढंगले चाही सम्वोधन अथवा सम्पादन कार्यान्वयन गर्नै जो हाम्रोप्रतिवद्धता थियो । त्यसमा हामिलाई एक प्रकारले धक्का महशुस भएको छ । रोजाइ खासगरिकन यो प्रदेशमा अत्याधिक न्यून रोजाई कर्मचारीहरूको

न्यूनतम रोजाई रहेको स्थिति र मन्त्रालयमा कर्मचारी अहिलेपनी हेर्ने हो भने अहिले पनी निकै दयनिय अवस्था छ । यहाँ सम्म की कर्णाली प्रदेश कै माटोमा जन्मेका र कर्णाली प्रदेशकै सुविधा विशेष खासगरी त्यो चाही प्रोभिजन थियो पिछडिएको क्षेत्रको प्रमोशनमा र तपाईंको निजामती सेवा लगाएत अन्य सेवाहरूमा प्रोभिजनको जो चाही एउटा सुविधा थियो जो आरक्षणको व्यवस्था थयो त्यो व्यवस्था अन्तर्गत सेवा को खासगरी निजामती सेवा र सरकार मातहतका सेवाको उच्चपदमा पुगेका व्यक्तित्वहरूले पनी हाम्रो प्रदेश नरोज्नुमा एउटा विडम्वनाका रूपमा हामिले लिएका छौं र वास्तवमा यो निकै छलफल बहस गर्नुपर्ने विषय पनी हो त्यसो भएको हुनाले हामिले अब लोकसेवा विधेयक चाही आज हामि पारित गर्दै छौं । छलफल चलिरहेको छ । यो मार्फत् हामिले आफ्नो खालको एउटा व्यूरोक्याटिक मोडालिटी चाही विकास गर्ने र यो एउटा निजामती जेल हैन यो चाही एउटा आफ्नो करियर निर्माण को एउटा थलो हो प्रमुख थलो हो । जहाँ करिएर विकास गर्नको लागि आफ्नो वृतिविकासका लागि आफ्नो क्षमता विकास का निम्ति मान्छेहरूले यहाँ आउनका निम्ति प्रतिशप्रर्धा गर्ने एउटा स्थिति बनाउनु प्रर्दछ भनेर हामिले अहले चाही यो विधेयक ल्याएका छौं र हामी विभिन्न खालका मोडेल हरका विषयमा पनी छलफल गरिरहेकाछौं । कुन मोडेलमा हाम्रो व्यूरोक्रेसीलाई अगाडि बढाउने यो सार्वजनिक प्रसासनलाई अगाडि बढाउने भन्ने विषयमा छलफल पनी चलिरहेको छ । यही सिलसिलामा माननीय सदस्य ज्यूहरूले यो विधेयकको समृद्धिकरणका लागि यो विधेयकलाई अझ व्यावहारीक बनाउनकोलागि यो विधेयकलाई अझ समृद्धि बनाउनको लगी र यो विधेयकलाई अझ कम त्रुटि भएको विधेयकका रूपमा अगाडि बढाउनका लागि उहाँहरूले महत्वपूर्ण सुझावहरू दिनु भएको छ । जसमा अब यो माननीय जीवन बहादुर शाहीको प्रस्ताव चाही उहाँहरूले संसद सुचना प्रस्ताव आएको छ । जसमा चाही दफा २को खण्ड (घ) मा उहाँ ले यो नजीकका नातेदार भन्नाले प्राकृतिक व्यक्तिको बुवाआमा पछिको चार पुस्ता भित्रको नातेदार सम्झनु पर्दछ । सो शब्दले तेह्रदिनसम्म जुठो बार्नुपर्ने सासु-ससुरा, मित-मितेनि, धर्मपुत्री-धर्मपुत्र र तिनका सन्तानहरू भनेर उहाँले संशोधन गर्नुपर्ने विषयमा त्यो वाक्यांशहरू उहाँले त्यहाँ उल्लेख गर्नुभएको छ । यसमा जुठो बार्नुपर्ने बाहेकको उहाँको प्रस्तावलाई स्विकार गरिएको छ । जुठो बार्नुपर्ने भन्ने त्यो शब्द त्यती उपयुक्त नहोला र बाँकी चाँही उहाँको प्रस्तावलाई स्विकार गरिएको छ । यसै गरेर दफा ३ को उपदफा ६ खण्ड (घ) मा उहाँले यो ४५ वर्ष निर्धारण गर्नुपर्ने भनेर उहाँले चाही संसोधनको सुचना दिनुभएको छ । अघिपनि उहाँले चाही संविधान २०७२ को भाग २३ दफा २४२ उपदफा ७ खण्ड (क) मा उमेरको विषयमा स्पष्ट उल्लेख भएको भनेर उहाँले ४५ वर्ष संशोधन प्रस्तावमा राख्नुभएको छ । आयोगका अध्यक्ष सदस्यको उमेरका सन्दर्भमा यो संघीय लोकसेवा आयोगका सन्दर्भमा यो कुरा चाही प्रोभिजन त्यहाँनिर राखिएको छ तर प्रदेश लोकसेवा आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धी आधार र मापदण्ड निर्धारण गर्न बनेको

विधेयकको दफा ३ उपदफा ५ को (ग) मा अध्यक्षको हकमा ४५ सदस्यहरूको हकमा ३५ वर्षको व्यवस्था गरिएको छ । त्यसो हुँदाखेरी अब हामीले यो प्रावधान हामिले यहाँनिर प्रस्ताव गरेका छौं । त्यसो भएको हुनाले यो सरकारले प्रस्ताव गरेको यो व्यवस्था चाही यथावत रहन्छ । त्यसै गरेर उहाँले चाही दफा ३ को उपदफा ७ मा वा अन्यकुनै महत्वपूर्ण भन्ने एउटा अन्यकुनै महत्वपूर्ण कार्य गरी ख्याती प्राप्त गरेको व्यक्ति मध्यबाट नियुक्त हुनेछ भन्ने एउटा चाही वाक्यांश यहाँ विधेयकमा त्यो थपिएको छ । अब यस्ले चाँही सपोर्ट नै गर्दछ । उपयुक्त व्यक्ति छनौट गर्नको लागि अरु मापदण्ड चाही प्रायाप्त छन् तर यसको एउटा चाही मेजर मापदण्ड यो क्वालिफिकेशन योग्यता नभएको हुनाले यसले सुनमा सुगन्धको काम गर्दछ भन्ने लाग्छ हामिलाई त्यसो भएको हुनाले यो हटाउन चाही उपयुक्त छैन भन्ने यो सरकारको धारणा त्यसैगरी यो दफा ३ को ८ मा उहाँले क्रमसंख्या मिलाउने भन्नुभएको छ यो मिलाउनु पर्नेछ। त्यसै गरी उहाँले नजीकको नाता यो ठीकै छ। यो दफा ४२ को ३ मा त्यसैगरी यो संशोधन प्रस्ताव छ अर्को चाही माननीय गुलाव जंग शाह प्रस्तावक र सर्मथक माननीय सिता नेपाली भएको संशोधनको सुचना छ । जसमा विधेयकको यो शीर्षकमा नै उहाँ ले एउटा गठन प्रदेश लोकसेवा आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा उहाँले प्रदेश लोकसेवा आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धी विधेयक भनेर सुचना दर्ता गराउनु भएको छ । यसमा मापदण्डमा पनी यो कुरो संघीय लवकसेवा आयोग ले निर्धारण गरेको छ मापदण्डमा पनी उल्लेखगरेको हुनाले सरकारले चाँही स्वीकार गर्दछ। यो उपयुक्त हुन्छ किनभने मूल चाँही यो विधेयकको उद्देश्य गठन र मेजर उद्देश्य यो गठन गरेर काम, कर्तव्य र अधिकारको निर्धारण गर्ने भएकाले यो त्यसपछि चाँही यो प्रस्तावको पहिलो लाइनको प्रदेश सभा सेवा भन्ने स्पष्ट नभएको हुनाले संसद थप्ने भन्नुभएको रहेछ । अव यसमा खास गरिकन यो व्यवस्था चाँही यो संवैधानिक कानुनी हिसाबले यो प्रदेश सभानै राख्नुपर्ने अनिवार्य आवश्यक्ता रहेको छ । त्यसो भएको हुनाले हामिले यो संसद सेवा भनेर यसरी प्रस्ताव गर्नु भएको छ । यसलाई स्वीकार गर्न सकिएन। उहाँले त्यसपछी दफा २ को खण्ड (घ) मा नातेदार पछी बावु-आमा थप्ने भन्नु भएको छ यो ठीक छ । यसलाई चाही स्विकार गर्न सकिन्छ, स्वीकार गरिएको छ। यसैगरी दफा २ को खण्ड (च) मा प्रदेश पछिका थप्ने भनेर उहाँले छुटेकाले भन्नुभएको छ । यो प्रदेश अन्य सरकारी सेवानै उपयुक्त छ किनकि यो प्रदेश लोकसेवा आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धी आधार र मापदण्ड निर्धारण गर्ने विधेयकमा ऐनमा पनी अझ अहिले त ऐननै बनिसकेको छ । यो ऐनमा पनी यी शब्दावली चाही चयन भएको हुनाले उहाँको संशोधन प्रस्ताव चाही स्विकार नगर्ने निष्कर्षमा चाँही पुगिएको छ । त्यसै गरेर यो दफा ६ पछी ७ थप्ने भन्नुभएको छ । यसमा माथि जे कुरा लेखिएको भएतापनी प्रदेश सरकारलाई आवश्यक पर्ने सेवा प्रदेश लोकसेवा आयोगकव सेवा करारमा लिन सक्नेछ भन्ने कुरा भा छ।

यसलाई एउटा संक्रमणकालिन व्यवस्था भनेर उहाँले प्रस्ताव गर्नुभएको छ । अब यो प्रोभिजिनलाई उहाँले जे जसरी यो सुचना दर्ता गर्नुभाछ यसलाई स्वीकार गरिएको छ र त्यसै गरेर दफा ४३ मा दोस्रो हरफको मितिले भन्ने शब्द पछिडि सुत्केरी भएको थप्ने भन्नुभएको छ, यो औचित्यपूर्ण छ त्यसो भएको हुनाले यसलाई स्वीकार गरिएको छ । कहि अनुशंख्यीक मिलाउनु पर्ने पनी छ त्यो चाही मिल्छ नै भन्दै म यो अर्को यो खासगरी प्रदेश पछी  का थप्ने अनि दफा ३ को उपदफा ३ मा सिफारीस गर्नुपर्नें छ भन्ने पछी सिफारीसको निर्णयगर्दा सर्वसम्मत हुन नसकेमा बहुमतको आधारमा निर्णय गर्न सकिने छ भन्ने एउटा संशोधन प्रस्ताव छ । यसमा अब अल्पमत कहिलेकाही अब यो खासगरी अध्यक्ष तथा सदस्यहरूको सिफारिस गर्दाखेरी यो नियुक्ति प्रक्रियामा विलम्ब हुने सम्भावना पनी देखिएको हुनाले उहाँहरूको यो चाही सर्वसम्मत हुन नसके यो बहुमतको निर्णयमा सिफारिस गर्न सकिने छ भनेर उहाँले चाँही प्रस्ताव गर्नुभएको छ यसलाई चाँही सरकार स्वीकार गर्दछ, धन्यवाद।

**माननीय सभामुखः** माननीय सदस्यहरू प्रदेश लोकसेवा आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथीको संशोधन प्रस्तावका प्रस्तावक माननीय श्री जीवन बहादुर शाहीले आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहानुहुन्छ भने समय दिन्छु ।

**माननीय श्री जीवन बहादुर शाहीः** सभामुख महोदय, मन्त्री ज्युले, सरकारले केही कुराहरू स्वीकार गरेको छ जुन हामीले सरकारलाई सजिलो होस भन्ने हिसावले तर अलिकति चित्त दुखाई चाई कहाँनिर रह्यो भने यो सरकार कस्तो रहेछ भन्ने आफूलाई चाहिएको स्वाद पर्दा चाई माथिका मापदण्ड भन्ने अनि त्यो चाई माथीबाट गरेर आएका आफूलाई स्वाद लागेन भने त्यसलाई चाई थप्न मिल्ने भन्ने जुन मनसायले व्यक्त हुनु भयो त्यसले भविष्यमा त्यति राम्रो गर्ला भन्ने मलाई लाग्दैन। कुनै पनि कुराहरू पहिले नै शंकाको दृष्टिकोणले हेर्ने, जुन विनियमावलीमा आउनुपर्ने कुराहरू पनि ऐन मै राख्ने कुराहरूमा जो सहज ढङ्गले जो कुरा गर्नु भएको छ त्यो गलत कुरो हो भन्ने मलाई लाग्छ । यद्यपी त्यती हुँदाहुँदै पनि यहाँ एउटा दलको नेताको हिसाबले, प्रतिपक्ष दलको नेताको हिसाबले जुन माथीबाट उहाँहरूले भने जस्तै यो उमेरको हदको सम्बन्धमा चाई केही शब्दहरू मिलाउने कुरामा मिलाएकोमा मेरो कुनै आपत्ती छैन तर यसो हेर्दै जादाँ खेरि नि कता-कता बहुमतको दम्भ नै देखाएजस्ता त्यो कुराहरू पनि आउने र संशोधनमा पनि त्यस्ता कुराहरू लेखेको पाइयो। संशोधनमा यस्तो देखियो कि मैलेत देख्या थिइन। अहिले हेर्दा संशोधन नभने बहुमतले पास गर्ने भन्ने पनि संशोधन पास हुदो रैछ । यो नयाँ Practice शुरु भएको रैछ त्यसको लागि पनि मैले धन्यवाद त दिनै पर्‍यो, मैले गाली गर्नु त छैन, धन्यवाद दिए र यी कुराहरूलाई हेरेर म के भन्न चाहन्छु भने आज सम्मका विधेयकहरू, आजसम्म १७-५, २२ वटा विधेयकहरू, कुनै पनि विधेयकमा हामीले विमति जनाएनौं संसदमा गएका, समितिमा गएका मा पनि व्यापक छलफल गरेर सर्वसम्मतिले हामीले

पारित गरेको हुनाले आजसम्म पनि म यो ४५ को हकमा म फिर्ता लिन चाहन्छु तर उहाँलाई अघि मैले भनेजस्तो कुरा भए भने भविश्यमा यहि ढङ्गले जान्छ भन्ने कुरा होइन । त्यसमा चाई पुर्नविचार गरियोस् र संशोधनमै धम्कीपूर्ण भाषाहरू नलेखियोस् भन्ने कुराहरू राख्दै यो म फिर्ता लिएको जानकारी गराउँछु, धन्यवाद।

**माननीय सभामुखः** माननीय सदस्यहरू, माननीय सदस्य श्री जीवन बहादुर शाहीले प्रदेश लोकसेवा आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथीको संशोधनको क्र.सं. २ फिर्ता लिन चाहनुभएकाले सभा समक्ष निर्णयार्थ पेश गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला । यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।

माननीय सदस्यहरू संशोधन प्रस्ताव फिर्ता लिनुभएकोमा तपाईंहरू माननीय सदस्यहरूले हुन्छ भन्न चाहानुहुन्छ भने हुन्छ भन्नुहोला ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला।

**माननीय सभामुख ज्युः** हाम्रो नियमावलीमा फिर्ता लिन चाहेपछि सभाको अनुमति लिनु पर्ने भन्ने कुरा प्रस्ट ढङ्गले उल्लेख भएको हुनाले यो प्रस्ताव गरिएको हो माननीय सदस्यहुन्न भन्ने आवाज सुनिएन । तसर्थ प्रदेश लोकसेवा आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथी माननीय सदस्य श्री जीवन बहादुर शाहीले आफ्नो संशोधनको क्रमसंख्या २ फिर्ता लिन चाहानुभएकाले उक्त संशोधनको क्रमसंख्या दुईको प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको जानकारी गर्दछु ।

माननीय सस्यहरू प्रदेश लोकसेवा आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथीको संशोधन प्रस्तावका प्रस्तावक माननीय श्री गुलाव जंग शाहले आफ्नो प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने समय दिन्छु ।

**माननीय गुलाब जंग शाहः** माननीय सभामुख ज्यु, मैले संशोधन प्रस्ताव पेश गरेकोमा अधिकांश प्रस्तावहरू पास भइसकेपछि फिर्ता गर्नु नै परेन तथापी २ नम्बरको प्रस्तावनामा मैले चाई प्रस्तावनाको पहिलो लाइनको प्रदेश सभा सेवा भन्ने ठाउँमा संसद थपेको थिँए । संसद नराखेर प्रदेश सभा नै हो भन्ने कुरा भको हुनाले मैले संसद भन्ने शब्द फिर्ता लिन चाहन्छु र अर्को दफा २ को (च) मा प्रदेश पछिका थप्ने भन्ने कुरा मैले राखेको थिएँ हाम्रो दलको तर्फबाट का हटाउनु पर्ने भनेपछि का हटाउन चाहन्छु हवस त धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू माननीय सदस्य श्री गुलाब जंग शाहले प्रदेश लोकसेवा आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथीको संशोधनको क्रमसंख्या २ र ४ फिर्ता लिन चाहानु भएकाले सभा समक्ष निर्णयार्थ पेश गर्न चाहन्छु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।
यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।
यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला।
हुन्न भने आवाज सुनिएन तसर्थ प्रदेश लोकसेवा आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथी माननीय श्री गुलाव जंग शाहले आफ्नो संशोधनको क्रम संख्या २ र ४ फिर्ता लिन चाहानुभएकोले उक्त संशोधनको क्रमसंख्या २ र ४ को प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।
माननीय सदस्यहरू प्रदेश लोकसेवा आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथीको दफावार छलफल समाप्त भएको जानकारी गर्दछु ।
माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सरकारका मुख्य मन्त्री माननीय श्री महेन्द्र बहादुर शाहीको तर्फबाट कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई प्रदेश लोकसेवा आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ बमोजिम विधेयक पारित गरियोस् भनि सभासमक्ष प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु।
**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय मन्त्री श्री नरेश भण्डारीः** माननीय सभामुख ज्यु, सभामुख ज्युको अनुमतिले प्रदेश लोकसेवा आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथी प्रदेश सभामा छलफल भइसकेकोले माननीय सदस्यहरूले दिनुभएका केही सुझावहरू  परिमार्जनसहित यो विधेयको अङ्ग हुने गरी कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ बमोजिम यस सभाबाट पारित गरियोस् भनि प्रस्ताव गर्दछु । धन्यवाद ।
**माननीय सभामुखः** माननीय सदस्यहरू अब म कर्णाली प्रदेशका मुख्य मन्त्री माननीय श्री महेन्द्र बहादुर शाहीको तर्फबाट कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले प्रस्तुत गर्नुभएको प्रदेश लोकसेवा आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा सभामा छलफलका क्रममा माननीय सदस्यहरूले दिनुभएको सुझावहरू विधेयकको अङ्गको रूपमा समावेश हुने गरी संशोधन सहित पारित गरियोस् भनी राख्नु भएको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।
यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।
यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।
यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।
यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।
हुन्न भने आवाज सुनिएन तसर्थ प्रदेश लोकसेवा आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माननीय सदस्यहरूले दिनुभएको सुझावहरू

विधेयकको अङ्गको रूपमा समावेश हुनेगरी प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु। माननीय सदस्यहरू अब यो बैठक आधा घण्टाको लागि स्थगित हुन्छ ।

# कर्णाली प्रदेश सभा
## तेश्रो अधिवेशन
## कार्यवाहीको सम्पुर्ण विवरण
## २०७५ चैत्र २७ गते
## बुधबार
## (बैठक संख्या-१३)

राष्ट्रिय धुन,

**माननीय सभामुखः**माननीय सदस्यहरू कर्णाली प्रदेश सभाको हिउँदे अधिवेशनको तेह्रौ बैठकको कारवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू सरकारको ध्यानाकर्षण गराउनु पर्ने विषयमा यथास्थानबाट आफ्ना भनाइहरू भनाइहरू राख्न चाहनुहुने मानुभावहरूलाई शुन्य समयको व्यवस्था गरेको छु । सर्वप्रथम माननीय श्री कौशिलावती खत्री समय १ मिनेट

**माननीय श्री कौशिलावती खत्रीः**माननीय सभामुख महोदय, सर्वप्रथम त म हिजो कर्णाली प्रदेश सरकारले विभिन्न काल खण्डमा परेका दैविक प्रकोप पिडितहरूलाई दुई करोडको राहत छुट्याएको छ । कर्णाली प्रदेश सरकारलाई म हार्दिक आभारका साथ धन्यवाद ज्ञापन गर्न चाहन्छु र साथै कर्णाली प्रदेश सरकार मानव संवेदनमा सम्वेदनशीलभएको हाम्रो ठहर छ । चैत्र २५ गतेको साँझको हावाहुरीले जुनिचाँदे लगायत जाजरकोट जिल्लाका विभिन्न पालिकामा बाह्र वटा घरका छानाहरू उडाएको छ । पाचँ वटा स्कूलका छानाहरू भत्काएको छ र जुनिचाँदे गाउँपालिकाको बिर बहादुर बस्नेत आफ्नै घरको छानाको ढुङ्गाले किचेर शक्त घाइते हुँदा नेपालगञ्ज मेडिकल कलेजमा चैत्र २६ गते उहाँको मूत्यु भएको छ । यस्तै गरी चैत्र २६ गते जाजरकोट जिल्लाको नलगाँड नगरपालिकाको दारिमपाटा भन्ने ठाउँमा जीप दुर्घटना हुँदा ६ जना धाईते हुनु भएको छ र एकजना मृतक हुनु भएको छ । उहाँहरूलाई यथाशीघ्र रूपमा कर्णाली प्रदेश सरकारले उचित राहतसहित उपचारको व्यवस्था गरोस् भनेर सरकारको गम्भिर ध्यानाकर्षण गर्न चाहन्छु धन्यवाद ।

**माननीय सभामुखः माननीय श्री बदमी क्वारी बोहोरा**

**माननीय श्री बदमी क्वारी बोहोराः** सभामुख महोदय, डोल्पा जिल्लाको शे-फोक्सुन्डो गाउँपालीका वडा नम्बर३ गुम्वाबाट तिर्थयात्राको लागि निस्किनुभएका शे गुम्बाका वडा नं. ३ का ३७ वर्षिय फुर्वाठिन्ले गुरुङ्ग, सोहि गाउँमा बस्ने १८ वर्षीय पेम्वा कुङ्गसाङ् गुरुङ्ग र सोहि ३ मा बस्ने वर्ष १२ का फोन्जुक गुरुङ्ग हिउँपहिरोले चैत्र १७ गते देखि वेपत्ता हुनुभएको छ र त्यहाँको स्थानीय प्रशासनले हामीले त्यहाँ हिउँ धेरै भएको हुँदा हामीले कुनै खोजि कार्य जारी गरेका छैनौं र प्रदेश सरकारको ध्यानाकर्षण जावस् भनेर त्यहाँबाट एउटा निवेदन पठाएको हुँदा विषेश समय मागेको । यहाँ डोल्पा जिल्लाकै

मडकिच्यूला गाउँपालीका को वडा नम्बर ६ मा पनी घर आगलागि भएर एउटा घर पूर्ण क्षती भएको छ र उसको राहात र अहिले सम्म भएको क्षतीपूर्ति जुन कर्णालीका जनताले जुन पिडित जनताले जहाँ वाढी पहिरो जहाँ हिउँ असिनाको जुन राहत कर्णाली प्रदेस सरकारले छुट्टाएको छ । त्यस्लाई धन्यवाद दिँदै अब बाँकी जनताले पनि राहत पाउने आशा गर्दछु धन्यवाद्।

**माननीय सभामुखः** माननीय सदस्यहरू हिउँदे अधिवेशन समापनको प्रक्रियमा चालु चालु अधिवेशन अवधिको समीक्षा का साथै समापन मन्तव्यका लागि माननीय सदस्यहरूलाई समय निर्धारण गरेको छु । सर्वप्रथम माननीय श्री जीवन बहादुर शाही ।

**माननीय श्री जीवन बहादुर शाहीः** सम्माननीय सभामुख महेदय, प्राय जस्ता दुईवटा कार्यक्रमहरू हुन्छन । एउटा उद्घाटन एउटा समापन दुईवटै कार्यक्रमलाई महत्वका साथ दिइन्छ, हेरिन्छ तर मलाई आज एउटा गीतको सम्झना आयो भन्नै मन लाग्यो उडायो सपना सबै हुरीले, प्रदेशको सपना पनि उडायो, सरकारको सपना पनि उडायो, आज यस्तो महत्वपूर्ण कार्यक्रममा जम्मा तीनजना मन्त्रीको उपस्थित हुनु के अब हाम्रो क्याविनेट घटेर जम्मा तिन जनामा पुगेको हो ? सांसदहरू सबभन्दा थोरै भएको ४० जना मात्र भएको मैले अहिले गन्दै थिएँ २२ जनाभन्दा बढी छैनन् यस्ले के देखाउँछ? न कसैलाई सदनप्रति माया छन कसैलाई सरकार प्रतिमाया छ । यो हिसाबले अब हाम्रो प्रदेश कसरी अगाडि बढ्ला, हामी कसरीअगाडि जाउला अनि यो सरकार, प्रदेश यी कायम रहन्छन या रहदैनन् मलाई अचम्म लाग्छ । आज वास्तबमा म धेरै पक्षमा कुरा गर्ने थिईन मलाई लाग्यो आज दलका नेता मुख्यमन्त्री, सारा मन्त्रीज्यूहरू समापनमा के आएर मुख बजाउने ठाउँ मात्र हो ? यो कुरालाई हामिले विचार गर्नुपर्थ्यो भन्ने मलाई लाग्दछ । मलाई केही कुराहरू हाम्रो संसदको पनि कुरा मलाई उठाउन मन लाग्यो, उठाउनै पर्ने भयो । हामी नियमावली बनाउँछौं, नियमावली को कार्यान्वयन गर्दैनौ। हामी किन बनाउछौं जस्ले कानून बनायो, उसैले कानूनको पालना गर्दैन भने कानून बनाउनु को कुनै औचित्य छैन् । म त्यो कार्यक्रममा म यहाँ थिईन विभिदको २०६ मा पोशाक सम्बन्धी भनेको छ । पोशाक कोले निर्धारण गरेबमोजिम हुने छ त सभामुखले कार्यव्यवस्थालाई राखेर निर्धारण गरे बमोजिम हुनेछ भनेको रै छ । वाई द वय त्यतिखेर म बिरामि थिएँ म यहाँ थिइन पास भएछ । केही दिन सम्म बानि नपरेर भनेको होला भन्ने लाग्यो तर धेरै दिन हेर्दै जाँदा केही एक दुई जना मन्त्रिहरू बाहेक प्रतिनिधित्व गर्ने मुख्यमन्त्री नै ड्रेस नलाउनि अनि त्यो बेलाका २०७४ चैत्र २३ गते माननीय श्री राज बहादुर शाही सभामुख,माननीय श्री नरेश भण्डारी आन्तरिक मामिला तथा कानून मन्त्री,माननीय श्री पुष्पा घर्ती विष्ट उपसभामुख,माननीय श्री करविर शाही नेकपा एमाले,माननीय श्री गुलाव जंग शाहा नेकपा एमाले,माननीय श्री दीनबन्धु श्रेष्ठ,माननीय रश्री धर्मराज रेग्मी नेकपा माओवादी केन्द्र, माननीय श्री मिनासिंह रखाल नेकपा एमाले,माननीय श्री सीताकुमारी नेपाली नेकपा माओवादी केन्द्र,माननीय श्री

शोसिला शाहि राप्रपा, माननीय श्री हिम बहादुर शाहि नेपाली काँग्रेस एकजना मन्त्री बाहेक माननीय श्री नरेश भण्डारी बाहेक सबै को सहि छ । प्रदेश सभा नियमावली २०७४ को परिच्छेद २६ विभिदको नियम १०६ मा भएको व्यवस्था अनुसार कार्यव्यवस्था परामर्श समितिको परामर्शमा प्रदेश सभा सदस्यहरूको पोशाक देहाय बमोजिम तोकि कार्यान्वयन गर्ने निर्णय गरियो । महिला माननीय सदस्यहरूका लागि ढाकाको कपडाको साडीको किनारमा लालीगुराँसको फूलको प्रिन्ट भएको कलेजी रङ्गमा कोट ग्रे कलरमा, पुरुषमाननीय सदस्यहरूको लागि दौरा सुरुवाल क्रिम कलरमा, भादगाउँले कालो टोपी र ग्रे कलरको कोट, यसले के देखाउँछ भने हामी आफैंले बनाएको आफैंले उल्लंघन गर्छौं भने हामिलाई कहाँबाट नैतिक अधिकार हुन्छ अरुलाई यो कार्यान्वयन गर भन्ने कुरो मैले भन्न मात्र खोजेको हो किन मैले के भने सभामुखले तोके बमोजिम भनेको थियो सभामुखले नतोक्दासम्म तोकेबमोजिम भै रहन्थ्यो हैन तोक्नलाई हतार गर्ने कार्यान्वयन चाही नगर्ने यो चाही उपयुक्त हैन भन्ने मलाई लाग्दछ । पिपुल हु मेक द रुल एण्ड रेगुलेशन दे ब्रेक द रुल एण्ड रेगुलेशन भनेर रजनिषले भनेका थिए । त्यो मलाई आज जस्ले नियम कानून बनाउछ उसैले चाही भर्खरै कार्यान्वयन नगरी भङ्ग गऱ्यो भने पिपुल हु मेक द रुल एण्ड रेगुलेशन दे ब्रेक द रुल एण्ड रेगुलेशन भनेर आज हामी कर्णाली प्रदेशले हामीले शुरुवात गरेका छौं । नियमावली बनाउँछौं। आज नियमावलीको पनी कुराहरू आए आज किन हामिलाई यो सकर्णाली प्रदेस सरकार, यो अप्ठ्यारो पऱ्यो भन्दा खेरी आजसम्म हामीले एउटा सचिवको नियुक्त गर्न सकेनौं । संसद केहीवर्षसम्म हामी चुप्प लागेर बस्यौं किनकि हामि सिक्दै छौं जान्दै छौं प्रयास गर्दै छौं । यो भन्दा अगाडि हामिले सचिवलाई नियुत्त गर्न सकेनौं तर विधेयक पास भयो आजसम्म पनि कुनै प्रोसेस अगाडि बढेन जसले गर्दाखेरी हामिले भन्नै प्रर्दछ कि परिपक्व सचिव नहुँदासम्म सदन चलाउन धेरै कठिन हुन्छ । जसरी सरकारको प्रमुख सचिव हुन्छ सदनको पनी त्यहीं हो । यहाँ लेखिएका छन्, केही कुराहरू मैले अस्ति-अस्तिबीचमा भने विधेयकलाई, नियमावलीलाई हामीले केही परिर्वतन गर्नु पर्नेछ भनेर मैले कुरो राखेको थिएँ । के होला कर्णाली प्रदेस सरकाररी कुन चाही पाटो हटाएर हो गर्नुपर्छ भन्ने जस्तै मैले यहाँ एउटा के भन्न चाहन्छु भने संशोधन सहित दफावार छलफल यसमा संशोधनमा विस्तार गर्दा सामान्य तया विधेयकका दफा हरूको क्रमानुसार गरिने छ र सभामुखले नाम बोलाएको सदस्यले वा निजले अधिकृत गरेको सदस्यले संशोधन प्रस्तुत गर्नसक्नेछ । दुई छलफलबाट यथावत रहेको वा संशोधन स्विकार गरिएका प्रत्येक दफाका सम्बन्धमा क्रमानुसार सभामुखले यो दफा विधेयकको अङ्ग बनोस् भन्ने प्रस्ताव निर्णयार्थ पेश गर्ने छ तर समयको मितव्यीताको लागि छलफलमा दोहोरोपन हटाउन एकै दफा वा सो अन्तरगत प्राप्त अन्योन्याश्रित संशोधनहरूलाई एकसाथ छलफल गर्ने अनुमति दिन सकिने छ र दफाहरू माथिको छलफलको क्रममा विधेयकको कुनै भाग र दफालाई अघिपछि छलफलमा राख्न वा कुनै भाग वा दफालाई पछि विस्तार

गर्नेगरी स्थगित राख्न सकिने छ ३ यस नियमावली मा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यस नियम र नियम ११३,११४,११५ र ११६ प्रयोजनको लागि विधायन समितिमा विधेयक माथि दफावार छलफल हुँदाको अवस्थामा सभामुख भन्नाले विधायन समितिको अध्यक्षलाई र बैठक भन्नाले सम्बन्धित समितिको बैठकलाई जनाउँछ र हामीले यहाँ के पनि लेखेका रहेछौं भने विधायन समितिको प्रतिवेदन विधायन समितिमा विधेयक माथि दफावार छलफल समाप्त भएपछि समितिले गरेको निर्णयको प्रतिवेदन तयार गरी अध्यक्षले वा निजको अनुपस्थितिमा सभामुखले तोकेको समितिको अन्य कुनै सदस्यले प्रतिवेदन सहितको विधेयक बैठकमा पेश गर्ने छ । यहाँ अरु कुनै समितिको नाम उल्लेख गरेन विधायन समितिको मात्रै गर्‍यो अब हामिले दुईवटा मध्ये एउटा गर्नु पर्नेछ । कि विधायन समिति भन्ने शब्दलाई हटाउनु पर्‍यो किनकी हामी ले अर्को पनि भनेका के रै छौं भने विधेयक प्रस्तुतकर्ता सदस्यले विधेयक फिर्तालिन अनुमति माग्ने प्रस्ताव पेश गर्न चाहेमा एकदिन अगाडि नै त्यो भै हाल्यो विधायन के रे सुचना आउने तर सम्बन्धित समितिमा पठाउने छौं भनेर पनि हामिले कता लेखेका छौं । कि यो विधायनलाई हटाउनु पर्‍यो यस्ले त के भन्यो भने सबै समितिहरू विधायन समितिमा जान्छ है । त्यहाँ चाही अरुको सुझाव लिने भन्ने कुरो हैन सम्बन्धित समितिमा जाने हो भने विधायन समितिलाई हटाउनु पर्‍यो यो नियमावलीमा भएको व्यवस्थाहरू चाही यहाँ मैले पढेर सुनाए। अब अरु त के गर्नु छ त यो हाम्रो चाही यहाँ पनि राम्रो हुन सकेन, संसद अहिले सम्म हामिले राम्रोसँग सञ्चालन गर्न सकेनौं एउटा चाही यो मिडियाहाउस भनेर गरेउ । त्यो मिडिया हाउसलाई हामिले अहिलेसम्म बनाउन सकेनौं एउटा सचिव भर्ना गर्न सकेनौं संसदीय दलका कार्यालयहरूलाई व्यवस्था गर्न सकेनौं, एउटा कम्प्यूटर राख्न सकेनौं, एउटा टेलिफोन राख्न सकेनौं। एउटा दलका कार्यालयहरूमा पत्रिका राख्न सकेनौं, हामी कहाँ लागिरहेका छौं त्यो पनि मलाई थाहा छैन र अर्को कुरा कस्तो विडम्वना आजसम्म समितिका अध्यक्षको बैठकको कुरा हुन्छ, समितिका कामको प्रभावकारीता कार्यान्वयनको मूल्याङ्कन गर्न समय-समयमा सभामुखको अध्यक्षतामा बैठक बस्नु पर्दथ्यो त्यो हामी समितिका अध्यक्षज्यूहरूलाई थाहा होला हामि कति बस्यौं किनकी समितिका अध्यक्षज्यूहरूपनि के हुनुहुन्छ भने म आज हो कि भोली हो । एउटा समितिको अध्यक्ष तिमी पूरा अध्यक्ष भयौ भन्न नसक्ने सरकार कस्तो सरकार विकास त अब केही पनि गर्न सकेन। हिउँद आयो, हुरी आयो, हावा आयो विकास पनि त्यसैले बढाडेर लग्यो म पनि सरकारलाई धन्यवाद दिन चाहन्छु । अहिले जुन २ करोड असिना पिडीतहरूलाई दिने कुरा ल्यायो सरकार धन्यवादको पात्र छ हो विपदमा गर्नु पर्छ । अस्ति हामीले प्रस्ताव राख्यौ जीवन शाही प्रतिपक्षको नेताले राखेको प्रस्ताव किन मान्नु र, सरकारले दिने पैसा कुनै व्यक्तिको पैसा हैन, जनताले तिरेको करको पैसाले हामिले सामाजिक सदभावलाई देखाउने कुरा १ करोड रुपैया हामिले उस्लाई दियौ एकदम राम्रो गर्नु भयो । सबै प्रदेशले दियो जति आफूगरीब भएपनि सामाजिक सद्भावको कुरा हो ।

मैले के चाहन्थे भने हामि प्रत्येक सांसदहरूले दुई दिनको होला, तीन दिनको होला हामिले भन्दा चार दिन भन्यौ मानसिक समवेदनाको कुरा हो हामि धनी र गरीवको कुरा हैन धनीले मात्र दिने भन्ने कुरा हैन चीनमा चाही बाढी पहिरो जाँदा, अमेरिकामा पनि बाढी पहिरो जाँदा पनि नेपाल जस्तो गरीब देशले पनि दिन्छ किनभने हामि साथमा छौं भनेको त्यो हामिले त गर्न सकेनौंसकेनौं तर एउटा गजबको कुरा लाग्यो धन्यवाद दिदादिदै पनि १ हजार अघि नै माननीज्यूहरूले बोलीसकेपछि मैले थाहा पाए १ हजार ४५ वटा घर धुरी मैले माननीयज्यूहरूले बोलेकै सुनेको लाई पनी ३ लाखका हिसाबले पैसा दिनेको भनेको रै छ । मलाई एकदमै खुसी लाग्यो राम्रो २ करोड मा १ करोड हामिले त्यस्तो आपत् परेकोलाई दिएउ, एकदम राम्रो, दुई करोड हामीले असिना पिडितलाई दियौ, अझै थप्न सकिन्न होला तर बजेट हामीले कति छुट्टाएकाछौं भन्ने चाही मलाई पनि थाहा छैन। पहिला बजेट विनियोजित गर्दाखेरी बाढी पहिरो यस्ता हुन सक्छ है दुई करोड चाही मुख्यमन्त्रीको राहात कोषमा राख्ने गरौं भनेर मैले भनेको त पछि दुई करोड हैन एकै करोड राख्या जस्तो लाग्छ । अनि १ हजार ४५ घरको लागि कति लाग्ने भयो भने ३१ करोड ३५ लाख पैसा चाही चाहिन्छ । ३१ करोड ३५ लाख चाहिन्छ र त्यो बाढी पिहरो विचराहरू एकदम मर्कामा छन्, गर्नु भएको छ एकदम राम्रो हो ३१ हैन ३२ हैन ६४ करोड दिनुहोस तर हिजो संघको सरकारले कति दिएको छ । त्यसको हिसाबकिताब गर्नुपर्ने हो की हैन, मन्त्रीज्यूको अध्यक्षतामा बीचमा एउटा कुरो पनि आएको थियो अध्यक्ष सचिव, अनि मन्त्री अध्यक्षको पिए पनि सदस्य भन्ने पनी आएको हो नि कतै भेदभाव त हुने हैन त्यसलाई पनी ख्याल गर्नुहोला अथवा हाम्रो सरकारले गौरबका साथ म भन्छु धन्यवाद् दिन्छु धन्यवाद् दिन्छुधन्यवाद् दिन्छु तर फेरी जाँदाखेरी यहाँ घोषणा गर्ने त्यहाँ पैसा नदिने त्यस्तो चाही नहोस त्यसकारणले पनी मैले ल्याएको थिएँ । हामिले पास गर्ने कपडा चाही नलगाउँने यती सिम्पल कुरो त गर्न सकेनौं भने दाम दिनेकुरो त गाह्रो होला नी त त्यो हिसाबकिताब भएको थियो कि थिएँन । समिति भै सकेपछि सदनलाई जानकारी दिनु पर्छ कि पर्दैन ? कति पैसा हो भनेर त्यसैले मेरो तपाईंहरूलाई शुभकामना छ । यो ३१ करोड ३५ लाख हुन त एउटा प्रवक्ताले भन्नुभएको छ किस्तामा दिइने छ । त्यो कतै हिजोको यो शान्ति मन्त्रालय अ मैले त्यसलाई नामै अशान्ति राखिदिएको थिएँ किन कि अशान्ति मन्त्रालय राखेभने ३२ लाखको योजना बनाउने अनि वर्षमा १ लाख दिने ३२ वर्षसम्म त्यो योजना के हुने हो त्यस्तो चाही नहोस भन्नको लागि किनभने मैले देखेको त्यत्रो राहात दिने पैसा,न हाम्रो कर उठेको छ न हामिले शीर्षक छुटयाएर विनियोजित गरेका छौं । मिटिङ्ग राख्ने र ल यति दिइदिनु भन्ने मात्रै सजिलो कुरा हैन किनकि यो भन्दा अगाडि कालिकोटका घर आगलागि भएकाहरूलाई पनि ३ लाख रुपैया दिने हो कि ५ लाख दिने भएकोमा निर्णय क्याविनेटको निर्णय भएकोमा हामी खुसी नै भएका थियौं तर आज सम्म न त्यो ५ लाख गएको छ न त्यहाँको घर बनेको छ । त्यो ठाउँमा चाही धेरै पैसा गएका छन् यसरी

किनकि मेरो सरकारले गरेको घोषणाहरू त्यो काम हावी भएन भने त्यो दुखित म पनी हुन्छु । म पनी त्यहीं सरकारको एउटा प्रतिनिधि हो भन्ने मलाई लाग्दछ । त्यसैले यो विरोधको भाषणमा हैन सत्यतामा जानुपर्छ भन्ने म यहाँहरूलाई भन्न चाहन्छु । अब भ्रष्ट्राचारको कुरा त गर्दैनगरौं यतिसम्म डरलाग्दो अवस्था भएको छ । हामिले स्थानीय निकायहरूको उनिहरूलाई तलव भत्ता दिनेमा हामिले ऐन कानून बनायौ अब तिनीहरूलाई गएर मनिटरिङ्ग गर्ने हाम्रो दायित्व हो कि हैन। हिजो मात्रै मैले भन्नै पर्छ आज समस्या समाधान भएको छ तर लेकवेशीमा के भयो । एउटा उपभोक्ता समितिलाई पैसा मागियो, धेरै पैसा छैन, साढे साँढे नौ लाख नौ लाख नगरपालिकाले दिने कर कटाएर ९ लाख ३७ हजार भयो । त्यसपछि एउटा प्राविधिकले के भन्यो भने १० प्रतिशत चाहिन्छ। उपभोक्ता समितिको अध्यक्षले भन्यो मैले राम्रो काम गरेको छु, मैले नगरेको भए म काम थप गर्न तयार छु हैन भने पैसा त मैले पाउनुपर्छ भन्दाखेरी त्यहाँ के भयो गएको चेक रोकियो । अनि त्यो उपभोक्ता समितिकाले के गरे भने नगरपालिकामा निवेदन दिए, निवेदन के दिए भने कर्मचारीले के भने माथि मेयर र उपमेयर समेतलाई पनि बुझाउनु पर्छ भन्दाखेरी यसरी भन्यो है कर्मचारीले भन्दाखेरी रकम रोकियो । त्यस्तो हो भने त कर्मचारीलाई बोलाएर कारवाही पो गर्नुपर्ने त । रकम वाणिज्य बैंकमा रोकियो के भनेर त विशेष कारणवश अनि मान्छेले भन्न पाए नि त बाहिर आएर के भन्न पाए भने नियती खराब थिएँन भने कसरी भयो यो कुरामा कुरामा चाही यो प्रदेश सरकारको जिम्मेवारी हो कि हैन हामिले गएर ठाउँठाउँमा अनुगमन गर्नुपर्ने हो कि हैन सरकार आफ्नो सुविधामा मस्तै छ । मस्तिसँग हाम्रोतिरको भाषा छ, जाजरकोट माथितिर पनी मिल्छ होला मस्तसँग सियका छन्, हैन यतातिर आफ्ना थैला सियका सियै छन् । उता ओछ्यानमा सिएका सियै छन् फुर्सद छैन आफनो चाही क्वाटर बनाउनको लागि त्यसको स्तर वृद्धि गर्नको लागि कम्पिटिसन छ तर जनताको काम गर्नलाई कम्पिटिसनमा जानु पर्छ कि पर्दैन । यो कुरा चाही सरकारले हेर्नुपर्ने कुराहरू चाही हो भन्ने मलाई लाग्दछ । मैले अघि सचिवको कुरा त गरीहाले धेरै कुराहरू पनी छन् अब हामी ले सबै सांसदज्यूहरूले भनिरहनु भएको छ कि हामीले बोलेका कुराहरूको जवाफ किन प्राप्त भएन, सबैले बोल्नु भएको छ, जवाफ कहिल्यौपनी प्राप्त हुन सकेन अनि Qustion and Answerको कुरापनी भयो। ल त यी पनी अगाडि बढौ न त भन्दाखेरी न सोध्नेलाई चासो मलाई त माफ गर्नुहोला कतै हामि माननीयभन्नेहरू पनी मन्त्रिले भए खाएको रिस गरेर हामि पनि ति कतै लोभमा लागेका त हैनौ । जनताले अब यो सत्ता पक्ष र विपक्षको कुरामा छैन हामि सांसदहरूले पनि सोच्नुपर्ने कुराहरू आएका छन् । आज मलाई लाग्छ यस्तो अवस्थामा हाम्रो प्रदेशको मान र मर्यादा कर्णाली प्रदेश सरकार रहला । यो समापनको मर्यादा नराख्नेले उद्घाटनमा पनि त्यहीं भयो, कोही पनि मन्त्रीज्यूहरूले आवश्यक्ता सम्झिनु भएन यि त एउटा वडाको समितिको सरहको पनि मर्यादा नहुने गराउनु कति सम्मको चाही ठीक कुरा हो भन्ने कुरा तपाईंहरूले चाही हामीले सोच्नु पर्छ । मैले

अस्तिपनि कुरागरेको थिएँ ।आर्थिक अनुशासनको बारेमा कुरा गरेको थिएँ। अब यहीँपनी हुँदो रैछ । आज म त्यो कोठामा वसिरहेको थिएँ हेर्दै थिएँ । हाम्रो यहाँ मर्यादापालक सशस्त्रको पुलिसको बीचमा भनाभन भैराखेको थियो । कस्तो खालको आदेश हो एकदम कडाईका साथ अनि एकजना मर्यादापालकले भन्नुभयो ।सशस्त्रका सायद त्यो शसस्त्रका भनेका मन्त्रीज्यूका सुरक्षागार्ड होलान कि तपाईं गाडीभित्र बसिदिनुहोस्, कि छायाँभित्र बसिदिनुहोस् भनेर मर्यादापालक भन्यो अनि शसस्त्रको मान्छेले के भन्यो भने म गाडी भित्र बसौं या छायाँभित्र बसौ या उभिएर बसौं मेरो कुरा हो नी ह तिमी यहाँ पनी बस्नहुन्न भने म गैहाल्छु भनेर भन्यो, कस्तो खालको हामी निर्देशन दिन्छौ ? यसलाई पनि हामिले ख्याल गर्नुपर्‍यो सायद चाहेर माननीयहरूले पिएका नाममा पिएका जस्ता भए पिए भएनन् पिएका जस्ता भए । आजसम्म हामिले एउटा परिचयपत्र बनाउन सकेका छैनौं । किन बनाउन सकेनौं भन्दाखेरी सहिगर्ने मान्छे छैन अरे । यहाँ पनि होला त हामिले हरेक कुराहरू माथिबाट सिकेर ल्याउने हो भने एउटा संसद सुविधा शाखा हुनु पर्छ कि पर्दैन ? सांसद सुविधा शाखा भयो भने त्यसको प्रमुख ले नै त्यो सहि गरीदिने हो । सुविधा प्राप्त के-के गर्ने हो उस्ले रेर्कड गर्ने हो। अनि पिए आउँदा खेरी पनी त्यो पिए ले पनि त्यहीं माननीयलाई सहयोग गर्ला भनेर पिए पठाउने हो । त्यहाँ सम्मपनि उ आउन नपाउने हो भने कस्तो खालको निर्देशन हो । यो कुरामा तपाईं हामिले सोच्नुपर्छ कि पर्दैन। हामिले भन्यौ हामिले यसलाई स्मार्ट सिटि बनाउछौं, डिजिटाईज बनाउछौं तर सडक बनाउदै छौं । अपाङ्गमैत्री हैन अपाङ्गहरू यहाँ आउँदाखेरी हामिले यत्रो खर्च गरेर यहाँ बनाईसकेपछि मलाई त लागेको थियो यहाँ भित्रपनी हामिले अपाङ्गमैत्री बनाउने छौं। त्यो हामिले बनाएनौ अपाङ्गमैत्री हामी रेष्टरुम भन्नुस या वाथरुमहरू अपाङ्गमैत्री बनाउन सकेनौं। अरु हाम्रा जस्ता जिल्ला मेरो हुम्लामा नबनाउनुहोस अफ्ठ्यारो छ। अरु सम्भव भएका जिल्लामा सुर्खेतमा त बनाउन सकिन्छ नि अपाङ्गमैत्री भनेर एउटा चाही पेटीहरू राख्न सक्दैनौ त्यो पनी हामीहरू गरिरहेकाछैनौं । त्यसकारणले सबैले सोच्नुपर्ने कुरामा हामि त्यसरी जानुपर्छ भन्ने मलाई लाग्दछ । अब अर्कोकुरा के आएको छ भने कुनैपनी कार्यक्रम भएका छैनन् । अस्ति एउटा मैले लडाई देखे, उपभोक्ता समिति बनाउने या नबनाउने उपभोक्ता समिति बनाईसकेपछि कसले के गर्ने ? आज सुनिदै छ,म दैलेखको मैले भन्नै पर्छ, मलाई यो र उसँग छैन म जुन गाउँपालिका मा पुगे माननीयजीहरू गएर जो जानुभएको छ उहाँलाई थाहाहोला यो ५-६ जना मान्छेहरू मैले भनेकालाई उपभोक्ता समितिमा राख्ने । अनि यहि हो हामि सत्ता पक्षको धर्म, यहि हो प्रतिपक्षको धर्म, माननीयहरू भनेको त के हो भने उपभोक्ता समिति बनाउँदाखेरी हामिले दिएको जिम्मेवारी सबैलाई जम्मा गरेर, वडालाई बोलाएर वडाको अधिकार हो कि, नगरपालिकाको अधिकार हो कि,गाउँपालिकाको अधिकार हो कि तिनका अधिकारहरू छन् । उपभोक्ता समिति बनायौ कि बनाएनौ उपभोग गर्ने सबै मान्छेहरूलाई हामिले राख्यौ कि राखेनौ भनेर जानुपर्ने हामि सांसदहरू मैले भेटे चार जना मेरै मान्छे राख्ने,

अर्काले भेटे उसैका राख्ने । त्यसले हाम्रो प्रदेशको इज्जतमा कहाँ के ल्याउछ आज हामिलाई सबैले भ्रष्टको नामले जोडिरहेका छन्। माननीय भनेका भ्रष्ट हुन्, मन्त्री भनेका भ्रष्ट हुन्, स्थानीय निकायका मान्छे भ्रष्ट हुन्, हेर्नुहोस् पहाडि जिल्लाका सबैले अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षले सुर्खेतमा जग्गा किनिरहेका छन्। एकैचोटि कहाँबाट आयो। त्यो मनिटरिङ्ग गर्ने काम हाम्रो हो कि हैन यस्तो अवस्थामा पनी सरकार संवेदनशील हुदैन भने अरु हामिले जानु कहाँ छ । कहाँ जाने हो। त्यो एउटै मैले अस्तिपनी भनेको थिएँ कि के भनेको थिएँभने सायद हामि नै अन्त र पहिला होउला भनेको थिएँ ।त्यहीं चिन्ता आजपनी त्यहीं देखियो कि एकदिन सारेर हुन्थ्यो होला कि,एकदिन अगाडि गरेर हुन्थ्यो होला कुनैपनी दुईजना मन्त्रीहरू वाध्यात्मक परिस्थितिले बसिरहनुभएको छ । सायद संसद हुँदाखेरी मन्त्रीको आवश्यक्ता नपर्ने भएको भए त्यो पनी उहाँहरू बस्नुहुन्नथ्यो । अरुबेला हामिले भनेका छैनौं कयौ आवाजहरू उठिरहेका छन्। मन्त्रीहरूले आफूले काम पर्दाखेरी उनिहरूले गर्ने के हो त अरुलाई पनी जिम्मेवारी दिइन्छ तर सधैं त्यहीं भन्ने यो संसदलाई हेप्ने, हामी हेपिने अनि सायद होला किनकी बहुमत छ । बहुमत भएकाले अल्पमत ले जे भनेकोमा जाने हो भने सायद भोलीका दिनले कसैलाई पनि राम्रो गर्दैन । हामि त्यसरी जाउ हामि त्यसरी बढौ यहिबाट भने मैले कुरा निकाले कि, सरकारले मर्यादा पालकहरूको पैसा किन दिएन? ईन्सेन्टिभ दिने कुराहरूमा किन दिएन ? काम गर्न गारो भयो भनेर हामिले यहाँ आवाज उठायौ । कुनैपनी जवाफ आएन के सोचे यिनीहरू कराउछन्, उफ्रिन्छन्, भन्छन् यस्तै सबै यहि हो यहि सदनबाट भन्यौ कि लेखा समितिले गरेको त्यत्रो निर्णयहरू आजसम्म किन कार्यान्वयन भएन ? कि भन्दिनु पर्‍यो यो चाही अख्तियारमा गएको छ छानविन भएको छ किनकि हाम्रो बोल्ने बाटो हुदैन किनकि अख्तियारमा गएको छ उस्ले छानविन गर्दै छ कि भन्दिनु पर्‍यो सरकारले छानविन गर्दै छ । त्यसकारणले यसको जवाफ नआएको हामिले यहाँबाट मन्त्री उभिएर जवाफ मागिसकेपछि त्यसका उत्तरहरू दिनु सरकारको दायित्व हो की हैन । यहाँ मैले अस्तिपनि भने, फेरीपनि म दोहर्‍याउन चाहन्छु । कि अस्ति मिसअन्डरस्टयाडिङ्ग भयो । यहाँ के भयो भने सार्वजनिक लेखा उपसमितिले रिर्पोट बुझायो सार्वजनिक लेखा समितिले बुझायो । आज उनिहरू पनी चुपलागेका छन् । कतै यिनीहरूपनी लोभलालचमा फसेकी भनेर जनताहरूबोल्न थाले,किनकि सरकारले त्यसको निक्यौंल नगरेको हुनाले, अनि मन्त्रीज्यूहरूले भने म फेरि दोहोर्‍याएर भन्छु, किनकि मैले अस्तिपनि भनेको थिएँ यो वैज्ञानिक भएन र त्यसै हावाका कुरा गरियो। यो हावाका कुरा हो भने हावैसँग बगाईदिनु पर्‍यो पानी हो भने पानीसँग बगाइदिनु पर्‍यो सत्य हो भने त्यो सदनमा बोलेकोकुराहरूको कुनै जवाफ आउदैन भने हामिले सरकार छ या छैन भन्ने थाहा छैन । यी कुराहरूलाई पनी जानुपर्छ भन्ने म राख्न चाहन्छु । त्यसकारण म सरकारलाई पनी र यी प्रदेशलाई पनी आज सम्म लाजमर्दो भयो । प्रदेशमा राम्रोसँग एउटा कर्मचारी ल्याउन नसक्ने । कोहीपनी मान्छेहरू आएनन् हामी आज लोकसेवाको

कुरा गर्दै छौं । भन्ने गरेका छौं कि लोकसेवामा हामि यस्ता मान्छे ल्याउँछौं । यहि ठाउँका पनी धेरै लोकसेवामा मान्छेहरू छन् । जुन मान्छेहरू भोली यहाँ आउन चादैनन् किनकि ईन्सेन्टीभको कुनै व्यवस्था छैन । हुम्ला जस्ता, डोल्पा जस्ता, रुकुम जस्ता त्यस्ता ठाउँमा कामगर्नुपर्‍यो भने सल्यानको पनी माथिल्लो माथिल्लो सायद अलिकति सहज भएको जिल्ला भनेकोसुर्खेत होला वास्तवमा दैलेखलाई हेर्ने हो भने मोटर बाटो नपुगेको थियो भने हुम्ला भन्दा कम कठिन छैनत्यो पनी त्यो ठाउँमा जानको लागि कर्मचारी पठाउनकोलागि हामिले ईन्सेन्टीभको व्यवस्था गर्नुपर्छ कि पर्दैन, यिनलाई ईन्सेन्टीभको व्यवस्था गरेर काममा दलाउने हो नी यो सदनमा आज मैले कसैको बदख्याई गर्न खोजेको हैन । हामिले एउटा अधिकृतलाई निमित्त भन्न नसकेर यो सदनको गरीमामय सदनलाई हामिले चलाउनु परिरहेको छ । अस्ति मैले यत्रो कुरा निकालीसकेपछि मलाई विश्वास थियो सरकारले पक्कैपनी यहाँ जवाफ दिन्छ यो कारण ले भएन र केहीपनी नगरेर यसलाई यो साधारण माननीय भनेका केहीपनी हैनन् सरकार त हाम्रो हातमा कलम छ हाम्रो कलम ले जे-जे गर्छ त्यहीं हुन्छ भन्ने र अर्को कुरा उहाँ सुनिएको छ सरकार ले आफूले गर्न नसकिएका कुराहरूमा चाही प्रतिपक्षले गर्न दिएन भनेर चाही उम्कन पाइन्छ । कुन चाँही कुरा कुनचाही विकास प्रतिपक्षले रोकेको छ । हामिले त सधै साथ दिएका छौं । सायद हामि यस्ता प्रतिपक्ष हौं सरकार सवल रहोस्, संसदको इज्जत रहोस्, कर्णाली प्रदेशका माननीयहरू प्रत्येकको इज्जत रहोस्, प्रत्येक मन्त्रीको इज्जत रहोस् भन्ने हामि त्यो चाहन्थ्यौ तर आज त्यो अवस्थामा नगएर हामी सबै व्यक्तिको कुरामा जाने हो भने हाम्रो यो प्रदेशको न हाम्रो इज्जत रहने छ न सरकारको इज्जत रहने छ । यो कुरालाई साच्चै जीवनशाहीले भन्यो भन्दै गर्छनी भन्ने हो भने सायद अब पनी यही कुरामा गयो भने फेरी हाम्रो धैर्यताको बाँध टुट्न सक्छ । त्यो बेलाको अवस्था अर्कै हुनसक्छ । यो कुरा चाँहि म सम्माननीय सभामुख मार्फत् सिङ्गो सदनलाई अनुरोध गर्दै म यहाँबाट विदा हुन्छु धन्यवाद जय नेपाल

**माननीय सभामुखः** अब माननीय श्री गुलाव जंग शाह

**माननीय श्री गुलाव जंग शाहः**माननीय सभामुखज्यू, आज हामीहरू हिउँदे अधिवेशनको अन्त्यको संघारमा छौं मलाई लाग्दछ । यो प्रदेश संसद चलेको पनी करीब-करीब २०७४ हामी मंसिरमा निर्वाचित भै सकेपछि करिव-करिव एक-डेढ वर्षको अवधिमा आज हाम्रो यो हिउँदे अधिवेशनको अन्त्यतिर छौं । सम्भवत हिउँदे अधिवेशन भन्दै गर्दा यो संक्रमणकालिन अवस्थामा संघीय व्यवस्था चल्दैगर्दा मैले सुरुमा भन्ने पर्छ । भर्खरै मात्रै यो प्रदेशमा पनी, यो प्रदेशमा विभिन्न समयमा चाहे त्यो २०७१ सालको बाढीले होस्, चाहे त्यो भर्खरै मात्रै असिना-पानी, हावाहुरी, बतासले गरेको क्षति होस्, त्यस्लाई जनताले अनुभूति गर्नेगरी जनताले महशुस गर्नेगरी कर्णाली प्रदेश सरकारले राहातको व्यवस्था गरेकोमा म मेरो दलको तर्फबाट कर्णाली प्रदेश सरकारलाई आभार प्रकट गर्न चाहन्छु । यसै सन्दर्भमा हामिहरू मैले अघि नै भने हिउँदे अधिवेशन अर्थात विधेयक

अधिवेशनको अन्त्यमा आज हामिहरू उभिएका छौं । हामिले वास्तवमा पछाडितिर फर्केर हेर्ने हो भने विधेयक अधिवेशन हो । यो विधेयक अधिवेशनमा कतिपय हाम्रा प्राविधिक कारणहरू छन् । केन्द्रीय सरकारले कानून निर्माण गर्नमा ढिलाई गर्दा केन्द्रीय कानूनसँग नबाझिने गरी हामिले कानून निर्माण गर्नुपर्ने वाध्यात्मक अवस्था पनी छ । तथापी हामीले यो विधेयक अधिवेशनमा कति र कस्ता खालका विधेयक पास गर्न सक्यौं हामिले पछाडि फर्केर हेर्दा एउटा सबै माननीय सदस्य ज्यूहरू संसद हामि यो अधिवेशनको समीक्षात्मक अवस्थामा छौं । हामीले संघीयताको सुरुवाति जगमा अहिले संघीयता लागु गर्ने अवस्थामा, २०७२ को संविधानलाई कार्यान्वयन गर्ने सवालमा हामि प्रारम्भिक चरणमा छौं । सुरु-सुरु मा २०४६ पछि मलाई याद छ स्वर्गीय गणेशमानले भन्ने गर्नुहुन्थ्यो शिशु प्रजातन्त्र, वास्तवमा हामि अहिले संघीयताको सुरुवातमा छौं । यानेकि नौलो अभ्यासमा छौं, हामी केन्द्रिकृत शासन प्रणालीमा अड्कीयका मनस्थितिमा रहेका हामि सबै नेपाली जनताहरू हामिले अहिले नौलो अभ्यास सुरुवाती चरणमा छौं । हामिलेनौलो अभ्यासको अर्थ कतिपय प्राविधिक कारणहरू छन् केन्द्रमा संसदले कानून निर्माण नगर्दा प्रदेशमा केन्द्रीय कानूनसँग नबाझिनेगरी निर्माण गर्नु पर्नै अवस्था छ । ति कारण ले पनी हाम्रा कतिपय कामहरू ढिलासुस्ति हुन गएका छन्। तथापी हामिले महशुस गर्न सक्छौं हामीलाई थाहा छ । एउटा केन्द्रिकृत शासन ७ वटा प्रदेशस्तरको सरकारमा हामि विभक्त छ । वर्षौ देखि केन्द्रिकृत शासन व्यवस्थामा रहेका हामि नेपाली जनता अब हामि प्रदेश तहको सरकार प्रदेश तहको संसदको अभ्यास मा पनि छौं । कतिपय सरकारले कार्यान्वयन गर्ने तहमा कतिपय सरकारले जनताका पक्षमा अवाजलाई बुलन्द गर्ने सवालमा हो हिजो हामिले भन्ने गरेका थियौं । संविधान सभाको निर्वाचन पछि, संविधान जारी पछी, सिहंदरवारलाई हामिले गाउँ-गाउँसम्म हामिले पुऱ्याउनेछौं । हामिले भन्यौ अलि बढ्तै भन्यौ कि जस्तो मलाई लाग्छ । यो संक्रमणकालिन अवस्थामा आईपर्ने चुनौतिको बारेमा नेतृत्वले ख्याल गर्नुपर्छ सिहंदरवार गाउँगाउँमा आउँछ सिहं दरवारको कानून गाउँगाउँमा जनताले प्राप्त गर्न सक्छन् भन्ने हामिले भनेकौ हो तर सिहंदरवार गाउँगाउँमा लैजाने सन्दर्भमा, सरकार सञ्चालनका विधिमा संसदमा कानून निर्माण गर्ने सवालमा, प्रविधिक चुनौति कति हुँदा रैछन् भन्नेकुरा हामिले प्राक्टिकल्ली बस्तुगत ढंगले हामिले भोग्दै छौं । हो म भन्न चाहन्छु सरकारलाई बधाई आभार प्रकट गर्न चाहन्छु तर सरकारलाईम अनुरोध गर्न पनी चाहन्छु। हामिले वाढीपिडितको नाममा व्यक्तिलाई राहातको व्यवस्थापन गऱ्यौं, भर्खरै मात्रै आएको असिनापानी, हावाहुरीले जनतालाई राहात हुनेगरी हामिले त्यो पनी व्यवस्थापन गऱ्यौं तर मसरकारलाई अनुरोध गर्न चाहन्छु, सभामुखज्यु मार्फत् कि यसमा फेरी कहि कतै गाउँगाउँमा अलि रकमको दुरूपयोग भयोकि भन्ने खालको आवाज नउठोस यसमा सरकार सतर्क रहोस्, म अनुरोध गर्न चाहन्छु । वास्तवमा यो कुरालाई समयमै सरकारले महशुस गऱ्यो भने पक्कैपनी भोलीका दिनमा आलोचनात्मक टिप्पणी नआउन भन्ने कुरा अनुरोध गर्न चाहन्छु । मैले

फेरी पनी दोदोऱ्याएर भन्न चाहन्छु । यो अधिवेशनलाई अन्त्य गर्दै गर्दा, यो विधेयक अधिवेशनलाई अन्त्य गर्दै गर्दा, हाम्रा सामु अब बजेट अधिवेशन पनि छ । कतिपय यो हिउँदे अधिवेशनलाई अन्त्य गर्दै गर्दा सरकारले बजेट कति कार्यान्वयन गर्न सक्यो ? सरकारको पक्षबाट पनी मूल्याङ्कनको विषय छ । हो चुनौतिहरू छन् थिएँ, हामिले कार्यविधि बनाउने सवालमा समस्या रहेहोला, कर्मचारी समायोजनको सन्दर्भमा समस्या रहेहोला, अहिलेपनि साच्चै हेर्नुभयो भनेपछी कतिपय थुप्रै कर्मचारीहरूकेन्द्रमा दरबन्दी रहेर, यहाँ भएका  कर्मचारी साथीहरू पनि गई सके, हामि राजनैतिक पार्टिका कार्यकर्ता राजनितिक पार्टिका जनप्रतिनिधि ले हामि एक्लै केही गर्न सक्दैनौ । स्थायी सरकार र जनप्रतिनिधिले नै वास्तवमा विकास होस् या विधेयक होस्, कार्यान्वयनको पाटोमा लैजानुपर्ने हुन्छ, कतिपय हाम्रा चुनौतिहरू यस मानेमा पनि छन्, हामिले समस्या थुप्रै देख्न सक्छौं तर समस्या समाधान गर्ने सन्दर्भमा बस्तुगत ढंगबाट, बस्तुगत तहबाट हामिले हेर्यौ भनेपछी त्यो नजर ले त्यो चस्माले हेर्यौ भनेपछी अफ्ठ्याराहरू धेरै छन्, एउटा कहावत छ अंग्रेजीमा It is is esiear  then done यो गर्न भन्दा भन्न सजिलो छ तर गर्न ग्राहो छ । गर्न यस मानेमा ग्राह्रो छ कि वास्तवमा सरकारले कामगर्ने मनसाय हुँदापनी, हामी संसदले विधेयक धेरै भन्दा धेरै संख्यात्मक रूपमा पास गर्दा पनी तर हामी विधेयक पास गर्न सक्ने अवस्थामा छैनौं। यस मानेमा कतिपय प्रविधिक कारणहरू भन्न चाहन्छु । यसै अवका दिनमा पानी पर्न भन्दा पहिला बादल उडिरहँदा छाताको वर्षादको जोहो गर्न सकियो भने पानीले भिझाउदैन भन्ने कुरा हामि सबैले जिम्मेवारी व्यक्तिले अनुभूति गरौं । त्यो ढंगले प्रस्तुत होउ भन्ने राख्न चाहन्छु । सभामुख महोदय, तर पनी फेरीपनी म भन्न चाहन्छु अब यो अधिवेशनलाई विदाई गर्दै गर्दा, यो अधिवेशनलाई अन्त्य गर्दा, आगामी आउने बजेटमा चाहे सरकारले ल्याउने बजेटको सन्दर्भमा होस् २०७५/०७६ को बजेट कुन हदसम्म हामिले कार्यान्वयन गर्न सक्यौं ? अब आउने २०७६/०७७ को बजेटमा हामीले कस्ता-कस्ता खालका योजना गराउँदा कार्यान्वयन गर्न सकिदो रहेछ, कुन खालको बजेट विनियोजित गर्दा अलि व्यवहारिक, अलि जनपक्षीय, अलि कार्यान्वयन गर्नमा सजिलो हुने रहेछ त्यो कुरा सरकारले बेलैमा चाहे त्यो प्रि बजेटको क्रममा छलफल गरिने कुराहरू हुन् । चाहे त्यो माननीय जीहरू यो अधिवेशन सकिएपछि गाउँ-गाउँमा गएर सरकारले गरेका राम्रा कामका पक्षमा सर्मथन गर्न सवालमा होस या आगामी बजेटमा समावेश गर्नुपर्ने बजेटमा माग गर्ने सवालमा होस हामि आफैंले त्यस ढंङगमा त्यस क्षेत्रमा, त्यस बाटोमा ओरेन्टेट भएर लाग्यौं भनेपछि मलाई लाग्छ समयमै हामिले ठीक कुराको व्यवस्थापन गर्न सक्छौं भन्ने कुरा यहाँ म राख्न चाहन्छु।  सभामुख महोदय मैले खासगरी आज यो अधिवेशनलाई अन्त्य गर्दै गर्दा अत्यन्त गम्भिरतापूर्वक हामि सबैले जहाँ छौं । हामिहरू जुन ठाउँमा उभिएर हामिले विश्लेषण, छलफल सहभागी हुने छौं ।

जिम्मेवारीका साथ उपस्थित हुन सकेउ भनेपछी मलाई लाग्छ आगामी दिनमा यी कुराको यो पाटाको समीक्षा आगामी अधिवेशनले गर्ने छ भन्ने कुरा राख्न चाहन्छु। खासगरी आज हामिले करिब-करिब ५ वटा विधेयक यो अधिवेशनमा पास गर्न सक्यौं,हुन्त समय अवधिका कारण यो लामो समय नहुन सक्छ । ५ वटा संख्यात्मक रूपमा मात्रै विधेयक गणना नगरिकन त्यो हामिले पास गरेका विधेयकहरू कति जनतामा व्यवहारिकता उतार्न सकिन्छ, कति जनतामा कार्यान्वयन गराउन सकिन्छ । त्यो कुरालाई पनि ख्याल गरेर आगामी दिनमा पनी माननीय मन्त्रीज्यूहरूले ल्याउने बजेट होस्, चाहे त्यो पेश गर्ने विधेयकको सन्दर्भमा पनी हामी सबै जिम्मेवारीका साथ प्रस्तुत हु भन्ने कुरा राख्न चाहन्छु । आज खासगरी जनताले ठूलो अपेक्षा र आशा हामि प्रति गर्नुभएको छ । हामी वास्तवमा जननिर्वाचित जनप्रतिनिधि जनताप्रति उत्तरदायी भएर हेर्ने हो भने हाम्रो दायित्व र कर्तव्य र भूमिका जहिले पनी जनपक्षीय हुनु पर्छ । चाहे त्यो माननीयको रूपबाट होस, चाहे त्यो माननीय मन्त्रीको रूपबाट होस हामिले आ-आफ्नो ठाउँमा उभिएर जनपक्षीय ढंगले हामी वबालत पक्षकर्ता भयो भनेपछी म फेरी पनी राख्न चाहन्छु । यो सरकारमा माननीय सदस्यहरूको बीचमा त्यो खालको विभेद रहे सत्तापक्ष चाहे प्रतिपक्षको बीचमा रहने छैन भन्ने कुरा राख्न चाहन्छु । समस्या मैले देखेको मात्रै नहुन सक्छ समस्या देखाउने पक्षबाट पनी अर्को पक्षबाट पनी समस्या देखियो र बुझियो भने समाधानको पाटोहुन सक्छ भन्ने कुरा राख्दै मलाई समय दिनुभएकोमा धन्यवाद दिँदै विदा हुन चाहन्छु धन्यवाद् ।

**माननीय सभामुखः** माननीय सदस्यहरू कर्णाली प्रदेश सभाको हिउँदे अधिवेशनको अवधिमा १३ वटा बैठक बसी कर्णाली प्रदेश सभा सचिवालय सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५, कर्णाली प्रदेश सार्वजनिक प्रसारण सम्बन्धमा कानुनी व्यवस्था गर्न बनेको विधेयक, २०७५, कर्णाली प्रदेश सहकारी विधेयक, २०७५, कर्णाली प्रदेशमा शुशासन प्रत्याभूति गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ र लोक सेवा आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ पारित गर्नुका साथै अन्य महत्वपूर्ण निर्णयहरू गरियो चालु अधिवेशन अवधिमा विभिन्न माननीय सदस्यहरू द्धारा सार्वजनिक महत्वका विविध विषयमा महत्वपूर्ण विचारहरू प्रस्तुत गर्नुभई प्रदेश सरकारको ध्यानाकर्षण गराउने कार्य समेत गरियो। सभाकोसञ्चालनमा तथा मार्ग दर्शनमा महत्वपूर्ण सहयोग पुर्याउनुहुने माननीय प्रदेश प्रमुख ज्यू, प्रदेश सरकारका मुख्यमन्त्री ज्यू, प्रदेश सरकारका माननीय मन्त्री ज्यूहरू, प्रदेश

सभामा प्रतिनिधित्व गर्ने राजनितिक दलका नेता ज्यूहरू, माननीय सदस्यज्यूहरू, प्रदेश सरकारका प्रमुख सचिव लगायत मन्त्रालयका सचिवज्यूहरू, प्रदेश सभा सचिवालयका सम्पूर्ण कर्मचारीहरू, सुरक्षा निकाय तथा मर्यादापालकहरू, सञ्चारकर्मी लगायत सम्पूर्ण महानुभावहरूमा हार्दिक आभार सहित कृतज्ञता व्यक्त गर्दछु । माननीय सदस्यहरू प्रदेश प्रमुखको कार्यालयबाट प्रदेश सभाको हिउँदे अधिवेशन अन्त्यसम्बन्धी पत्र प्राप्त हुन आएको छ । सो पत्र को व्यहोरा म बाचन गर्दछु ।

मितिः २०७५/१२/२७

विषयःप्रदेश सभाको चालु हिउँदे अधिवेशन अन्त्य गर्ने सम्बन्धमा ।

श्री प्रदेश सभा सचिवालय
कर्णाली प्रदेश, सुर्खेत।

प्रस्तुत विषयमा माननीय मुख्यमन्त्री महेन्द्र बहादुर शाहीज्यूबाट पत्र संख्या २०७५/०७६ च.नं. ५४ मिति २०७५/१२/२७ को पत्रद्वारा कर्णाली प्रदेश सभाको चालु हिउँदे अधिवेशनको अन्त्य गर्न कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूमा सिफारीस भई आएकाले नेपालको संविधानको धारा १८३ को उपधारा २ बमोजिम मिति २०७५ चैत्र २७ गते बुधवार रातको १२:०० बजेबाट कर्णाली प्रदेश सभाको चालु हिउँदे अधिवेशन अन्त्य गर्न प्रदेश प्रमुखज्यूको निर्देशनानुसार जानकारीका लागि अनुरोध छ ।

आज्ञाले देवि प्रसाद पौडेल
निमित्त सचिव

माननीय सदस्यहरू प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त पत्र अनुसार प्रदेश सभाको हिउँदे अधिवेशन २०७५ चैत्र २७ गतेको रातको १२:०० बजेबाट अन्त्य भएको घोषणा गर्दछु।